बिडीएलग्रन्थ

# बुद्धजीवनी

## मूलग्रन्थ-१


लेखक/संकलक/अनुवादक

खेन्पो बसन्त कुमार गुरुङ
कल्याणमित्र डीबी गुरुङ

# सारानुबाद

पाली, संस्कृत, हिन्दी, संभोटा र
अंग्रेजी भाषाबाट सारानुबाद ।

खेन्पो बसन्त कुमार गुरुङ
कल्याणमित्र डीबी गुरुङ

“सबै मान्छेमा चेतना छ
त्यसैमा बुद्ध बसेको छ”

# समर्पण

बुद्धजीवनी मूलग्रन्थ-१
सम्पूर्ण गुरुङ समुदायलाई
समर्पण गर्न चाहन्छौं ।
लेखकद्वय ।

# पुन्यानुमोदन

बुद्धजीवनी मूलग्रन्थ– १
सम्पूर्ण मानव समुदायलाई
पुण्यानुमोदन गर्न चाहन्छौं ।
लेखकद्वय

# अनुमति

बुद्धजीवनीको मूल पाण्डुलिपिलाई
बुद्धिजम डिजीटल लाइब्रेरीमा डिजीटल
पुस्तकको रुपमा प्रकाशन गर्न
अनुमति प्रदान गर्दछौँ ।

लेखक/संकलक/अनुवादक
खेन्पो बसन्त कुमार गुरुङ
कल्याणमित्र डीबी गुरुङ

मासाचुसेट, अमेरिका
अक्टोबर १, २०२४

**प्रकाशकः**
बुद्धिजम डिजिटल लाइब्रेरी
मासाचुसेट, अमेरिका

**लेखक/संकलक/अनुवादकः**
खेन्पो बसन्त कुमार गुरुङ
कल्याणमित्र डीबी गुरुङ

**सर्वाधिकार** ©ः लेखकद्वयमा सुरक्षित

**बजार ब्यवस्थापनः**
सुरेन्द्र गुरुङ, आनन्द गुरुङ, ज्योति गुरुङ
पद्मा गुरुङ, जानकी गुरुङ र एलिना गुरुङ

**बुद्धजीवनीको लागि इप्रकाशकः**
www.buddhismlibrary.org
२५६८औं बुद्ध जयन्ति, २०८१

**प्रथम संस्करणः** ३००० प्रति
निःशुल्क बितरण

**लेआउटः** सुरेन्द्र महर्जन

**मुद्रणः** कानुङ प्रिन्टिङ्ग प्रेस
बागबजार, काठमाडौं, नेपाल
फोनः ९८५१०५१४१६

# मेरो दुई शब्द



आजको २१औं शताब्दीमा आइपुग्दा बर्मा, श्रीलंका र थाइल्याण्ड यी देशहरूमा थेरावाद सम्प्रदायको बलियो जग बसेको छ। यी देशहरूमा अहिले पनि त्यसरीनै बौध्द धर्मको अध्ययन र अभ्यास जारी छ। त्यसै गरी एशिया महाद्बीपमा नेपाल, भारत तिब्बत, भुटान, चीन, मंगोलिया कोरिया र जापानमा महायानको महापण्डितहरूबाट यो सम्प्रदायको बिस्तार हुन गयो।

हाम्रो देशमा भगवान बुद्धले प्रतिपादन गर्नु भएको शिक्षालाई अंगीकार गरी आफ्नो संस्कृतिलाई धर्ममा मिश्रण गरी एकरुपता दिने कार्य भयो । यसले नेपालीहरूको गौरब बढाएको छ ।

यस पुस्तकभित्र बुद्ध, बोधिसत्व, देवदेवी, महापण्डित सिद्ध गुरुवरहरूले रचेका र अनुवादकको पाठहरूलाई पनि समावेश गरी एउटा फूलमाला गास्ने जमर्को गरेको छौं । हरेक पूजापाठ प्रार्थना, मन्त्र, जप, मंगलचरण बिधिबाट प्राप्त हुने पुन्यलाभहरू पनि अचिन्त्य वा अपार छन् । जसको व्याख्या गर्न सकिँदैन ।

तिब्बती धर्म पनि महायान सम्प्रदायको एउटा अभिन्न अंग हो । तिब्बतमा आठौं शताब्दीदेखि बौद्ध धर्म तीव्र गतिमा फैलिएर जान थाल्यो । राजा ठ्रिसोङ दुईछेन, गुरु पद्मसम्भव, शान्तरक्षित जस्ता युग पुरुषहरूको अथक प्रयास अनि अमूल्य योगदान र महत्त्वको बेग्लै इतिहास छ । तिब्बत भोटमा बौद्ध धर्म स्थापित भए पछि त्यहाँबाट धेरै बिद्वानहरू भारतको विश्व प्रसिद्ध विश्वविद्यालयहरू नालन्दा, विक्रमशिला, ओदन्तपुरी र तक्षशिलामा आइ अध्ययन गरी संस्कृतदेखि तिब्बती भाषामा उल्था गरे । अहिले पनि तिब्बती धर्मगुरुहरूले ती धर्म ग्रन्थहरूलाई आफ्नो प्राणभन्दा प्यारो गरेर सुरक्षित राखेका छन् । ती पुस्तक भित्र बौद्ध धर्मका उपदेशहरू समावेश छन् । बाहिरी थेरावादको उपदेश, भित्री महायानको अनि गोप्य बज्रयानको

शिक्षा बहुजन हिताय बहुजन सुखायको परिप्रेक्ष्यबाट राखिएका छन् । सबैको लक्ष्य बुद्धत्व प्राप्त गर्नु हो ।

बौद्ध अनुयायी साधकहरूले बौद्ध ग्रन्थद्वारा कुनै पनि पूजापाठ जप शाधना, प्रार्थना र मन्त्र उच्चारण आदि गर्दा, यी तीन पवित्र बिचारहरू मनमा लिनु अति आवश्यक हुन्छ । पहिलो बोधिचित्त धारणा, दोस्रो मनको एकाग्रता तेस्रो बोधि परिणामना हो ।


मनुष्यको भाग्यले एकैखेप मात्र साथ दिन्छ । यदि कसैले पवित्र बिचारहरूको साथ धार्मिक कार्यहरू सम्पन्न गरे मुक्ति अनुकूल पुण्यमा परिणत हुन्छ ।

अन्तमा, २५६८औं बुद्ध जयन्तिको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना !

भवतु सर्वमंगलम् । बुद्धम् शरणम् गच्छामि ।

खेन्पो बसन्त कुमार गुरुङ (ज्ञान दोर्जे)
प्रमुख लामा कञ्चन व्योम कुसुमा, स्वर्णद्वीप गुम्बा, नेपाल ।
हाल बौद्ध समाज कोलोराडो, अमेरिका ।
२५६८औं बुद्धजयन्ति ।

# अनुवादकको भनाइ



नेपाल बुद्धभूमि भए तापनि शाक्यमुनि सिद्धार्थ गौतम बुद्धले प्रतिपादन गर्नु भएको मानव दर्शनलाई सबै नेपालीहरूले राम्ररी बुझ्ने अवसर पाए जस्तो लाग्दैन । यसको मूल कारण हो भाषा । भिक्षुहरूले पाली, संस्कृत र लामाहरूले संभोटामा पढ्छन् । यो भाषा सबै नेपालीहरूले बुझेका छन् होला त ? भाषा नै नबुझे पछि त, अर्थ न बर्थको गोबिन्द गाई भएन र ?

बुद्धको मूल शिक्षा भनेको 'अपोदीपभव' हो । अर्थात आफ्नो दीपक आफै हुनु हो । यसबाट के कुरा स्पष्ट हुन्छ भने, कुनै पनि काम वा बिषय बस्तुहरूको बारेमा पूर्ण जानकारी

नभइकना गरेको कर्मबाट कुनै फल प्राप्त हुन सक्दैन। यो कुरा कुनै दर्शन नभएर बस्तुवादको सिद्धान्तमा आधारित मुल्य र मान्यता हो।

अहिलेसम्म छिटपुट बाहेक पूर्ण रुपमा बुद्धबचन त्रिपिटक नेपाली भाषामा अनुवाद भैसकेको अवस्था छैन। यद्यापि बौद्ध विद्वानहरू र भिक्षुहरूले प्रयास गरिरहेको देखिन्छ। यसै क्रममा डिजीटल बुद्धिजम लाइब्रेरीको स्कालर समूहले पनि नेपाली भाषामा अनुवाद गर्ने प्रयास गरिरहेका छन्। यस प्रयासबाट बौद्ध दर्शनको साहित्य भण्डारमा एउटा इट्टा थपिने छ।

तितो सत्यमा भन्नु पर्दा, यो अनुवाद गर्ने काम भने जस्तोरी सजिलो काम चाहि होइन। यर्थातमा भन्नु पर्दा, बुद्धबचनको त्रिपिटक पनि एउटै भाषामा मात्र उपलब्ध हुन सक्ने अवस्था देखिएन। त्यसैले पाली, संस्कृत, हिन्दी, संभोटा र अंग्रेजी भाषाको माध्यामबाट नेपाली भाषामा सरलिकृत गर्ने प्रयास भैरहेको छ।

मेरो ब्यक्तिगत अनुभवमा भन्ने हो भने, यो अनुवादको प्रकृया पनि शब्दानुवाद, भावानुवाद र सारानुवाद गरी तीन अवस्थामा गर्न सकिदो रहेछ। यही क्रमलाई अध्ययन गर्दा, सारानुवाद समय अनुकुल देखिएकोले यसैलाई माध्याम गरेका छौं।

अनुवादको सिलसिलामा अर्को महत्त्वपूर्ण कुरा के अनुभूति भयो भने, अनुवादको भावभित्र आचार्यवाद हावि हुने कुरा नकार्न सकिदैन। यदि यसो भयो भने, बुद्धको मूल शिक्षाको प्रतिफल सर्वसाधरणसम्म पुग्दा घेरै पातलो हुन सक्ने

भएकोले मूल भावनालाई राम्रोसँग बुझ्नु पर्ने हुन्छ।

बुद्ध धर्मको चुरी कुरा बुझ्नका लागि बुद्धदर्शनको सार बुझ्नु पर्छ। बुद्धदर्शनको सार बुझ्नका लागि बुद्धजीवनी बुझ्नु अत्यन्तै आवश्यक हुन्छ। त्यसैले, मेरो अनुभवमा बुद्धलाई कसरी बुझ्यो ? त्यसैको जगमा बिभिन्न भाषामा रहेका बुद्धजीवनीलाई संकलन, अनुवाद र सम्पादन गरी नेपाली भाषामा सरलीकरण गर्ने प्रयास गरेका छौँ। यसलाई गुरुङ र अंग्रेजी भाषामा पनि अनुवाद गर्ने प्रयास भैरहेको छ।

यो ४६५ पानाको बुद्धजीवनी भनेको समुन्द्रबाट एक लोटा पानी निकालेको बराबर हो। तर, हामीहरूले राम्रोसँग बुझ्नु पर्ने कुरा के छ भने, समुन्द्रको सबै पानी पिउने लायक हुँदैन। त्यसैले, त्यसभित्र लुकेर रहेको अमृतजल अर्थात (Sweet water) खोज्ने हाम्रो प्रयास रहनेछ।

पाठकहरूलाई के अनुरोध गर्न चाहन्छु भने, बुद्धबचनको सार बुझ्नका लागि भाषालाई पनि राम्ररी केलाउन सक्नु पर्छ। कुन ग्रन्थ कुन भाषामा लेखिएको हो। यो कुरा स्पष्ट हुनुपर्छ।

दर्शन शास्त्रको सिद्धान्तले के भन्छ भने, सूत्र, मन्त्र र तन्त्रको साधना गर्दा, सबै कुरा सत प्रतिशत सही हुनुपर्छ। अन्यथ त्यो सूत्र, मन्त्र र तन्त्र शक्ति हिन हुन्छ। अर्थात यसले काम गर्दैन वा यसबाट कुनै पुण्य प्राप्त हुँदैन भन्ने अर्थमा बुझ्नु पर्छ। यो कुरा ध्रुब सत्य हो। यसमा कुनै छलफल गर्न आवश्यक छैन।

यहाँहरूलाई एउटा घटना स्मरण गराउन चाहन्छु। बिसं २०८० सालको फागुन २१ गते लमजुङ, बेसीशहर ७, “मनाङे

चौतारा आमा समूह भवन"मा "बुद्धिजम डिजीटल लाइब्रेरी"ले सामूहिक छलफल कार्यक्रम आयोजना गरेको थियो ।

त्यहाँ आमन्त्रित एकजना बरिष्ट लामा गुरुले मसँग भोट भाषामा सम्वाद गर्नु भयो ।

लामा गुरु, मलाई भोट भाषा आउँदैन । म त नेपाली हो नि । म भोटे होइन, मैले भने ।

लामा गुरुलाई अलि अप्ठेरो महशुस भएको मैले अनुभव गरे । तर नियमित कार्यक्रम सञ्चालन भैसकेको थियो । त्यसैले थप सम्वाद हुन सकेन ।

मेरो भनाइको तात्पर्य यहाँहरूले बुझ्फिसक्नु भए होला । हाम्रो समुदायमा के कुराको छाप परेको छ भने, रातो चिवर लाउनेहरू सबै भोटे लामा हुन् । तर रातो चिबर त बौद्ध भिक्षुहरूको संस्कार हो नि ! यो संस्कार सातौँ सताब्दीको मध्यतिर मात्र भोटमा प्रबेश भएको देखिन्छ ।

स्मरण राख्नुहोस्, भिक्षुहरूमा पनि दुई प्रकारको संस्कार छन् । श्रमनेर र कल्याणमित्र । श्रमनेर भनेको प्रवर्जित भएर बिहारमा बौद्धदर्शन अध्ययन गर्न जाने समूहलाई भन्छन् । कल्याणमित्र भनेको आचार्य स्तरसम्म बौद्धदर्शन अध्ययन गरिसके पछि अनुमोदनका लागि भिक्षुत्व ग्रहण गर्ने समुदायलाई भन्छन् । बुद्ध शासनमा पनि यस्ता भिक्षुहरू चारजना थिए । उनीहरूमा कौण्ड्य महाकाश्यप, सारिपुत्र र मौदगल्याण थिए ।

बैद्धमार्गीहरूले स्पष्ट रुपमा के बुझ्नु पर्छ भने, कल्याणमित्र बोधिसत्व र महासत्व भनेको कल्याणकारी मार्ग हो । अर्थात प्रज्ञाबाट निर्वाणमा जाने र निर्वाणबाट प्रज्ञामा फर्किने प्रकृया

हो । यो कुरा कुझ्नाका लागि प्रज्ञापारमितालाई बुझ्न आबश्यक हुन्छ । अनि मात्र यो कुरा स्पष्ट हुन्छ ।

शाक्यमुनि सद्धिार्थ गौतम बुद्धको जीवनीलाई सरसर्ति बुझ्दा तुषिता भुवनबाट महामाया देवीको गर्भमा प्रवेश, लुम्बिनी सालबागमा बोधिसत्वको रुपमा अवतारण, शाक्य कुलको राजकुमार, २९ वर्षमा प्रवर्जित, ३५ वर्षमा बुद्धत्व प्राप्त, पञ्च वर्गिय भिक्षुहरूलाई प्रथम पटक सारनाथमा चार आर्यसत्य पञ्चशील, अष्टमार्गको धर्मोपदेश, प्रतित्यसमुत्पादको स्थापना जम्बुद्वीपमा बुद्ध शासनको आरम्भ, उरुबेल काश्यापलाई धर्मोपदेश, मगद्धको राजा बिम्बिसरलाई प्रथम धर्मोपदेश, दानबीर अनाथपिण्डकलाई धर्मोपदेश, मातृभूमि प्रस्थान, शाक्य संघलाई धर्मोपदेश, शुद्धोधनको काजक्रिया, रुपवती अम्रपाली र अंगुलीमालालाई धर्मोपदेश, शाक्य परिवारका महिलाहरूलाई दीक्षा ईश्वरको अस्तित्व, अनित्यवाद, मगघको राजसभामा शास्त्रर्थ गर्दै, बौद्धिक बिशिष्टताको बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

उत्तरार्दमा तथागत बुद्धले सय दिन अगबै आफ्नो आयु सकिएको घोषणा, भिक्षु आनन्दलाई कुशी नगरतिर यात्रा गर्ने निर्देशन, अन्तमा पावामा चुन्द नामक उपासकले भोजन दान गरे । तथागत बुद्धको त्यही अन्तिम भोजन थियो । त्यसपछि बिस्तारै कुशी नगरको क्षेत्रमा प्रवेश गरे । कुशी नगरको सालबागमा बिशाल दुई साल बृक्षकोबीचमा बैशाख पूर्णिमाकै साँझ अन्तिम धर्मोपदेश गर्नु भयो । त्यस बखत बुद्धले “अपोदीपभव, संस्कारदर्पण बुद्धदर्शन” “सबै मान्छेमा चेतना छ,

त्यसैमा बुद्ध बसेको छ" यो बुद्धको अन्तिम गाथा थियो। सुभद्र बुद्ध शासनको अन्तिम भिक्षु थियो। तथागत बुद्ध रातको तेश्रो प्रहरमा समाधि ध्यानमा बस्नु भयो। त्यसपछि भिक्षु महासंघको उपस्थितिमा तथागतले महापरिनिर्वाण प्राप्त गर्नु भयो।

पावाका मल्ला राजाहरू बुद्धका अनुयायि थिए। बुद्धको महापरिनिर्वाणको जानकनारी पाए पछि, राजपरिवारको उपस्थितिमा बुद्धको पार्थिक शरीरलाई सात दिनसम्म पुष्पासनमा राखेर सर्वसाधरण सबैलाई प्रत्यक्ष दर्शन गर्ने अवसर प्राप्त भयो। त्यसपछि शास्त्रिय मान्यत अनुसार दाहसंस्कार गरियो। तथागत शाक्यमुनि गौतम बुद्धको अस्तु धातुलाई आठ भागमा बाँडेर आठवटा महास्तुपाको निमार्ण भयो।

अन्तमा, विद्वान बौद्धमार्गीहरूलाई बुद्धजीवनी कस्तो लाग्यो ? यस भन्दा पहिले पढेका बुद्ध जीवनी र यसमा के अन्तर पाउनु भयो ? विषय बस्तुमा अन्तर छ कि ? प्रस्तुतिमा ? तपाईँलाई मनमा लागेका कुराहरू मनखोलेर प्रतिकृयाको रुपमा सल्लाह र सुझावहरू लेख्नु होला। विद्वान पाठकहरूको उत्कृष्ट सल्लाह र सुझावहरू अगामि संस्कारणमा परिमार्जन गरिनेछ।

कल्याणमित्र डीबी गुरुङ, अमेरिका
dhirgurung2020@gmail.com
www.buddhismlibrary.org
२५६८औँ बुद्धजयन्ति।

# नमो रत्न त्रयाय



सुख र हितको स्रोत भगवान बुद्धको शासन हो। हाल अमेरिका निवासी खेन्पो बसन्त गुरुङ र कल्याणमित्र डीबी गुरुङले तयार गरेको बुद्धजीवनी नेपाली भाषाबाट प्रकाशन हुन गइरहेको छ।

नेपाली बौद्ध साहित्यको फाँटमा यस प्रकारको प्रशंसनिय कार्य गरेकोमा लेखकद्वयलाई मेरो तरफबाट र त्रियान धर्म सेन्टरको तरफबाट साधुवाद दिन चाहन्छु। सर्व कल्याण भवतु।

खेन्पो बागिन्द्रशिल
संस्थापक
त्रियान धर्म सेन्टर, काठमाडौं, नेपाल।
२५६८औं बुद्धजयन्ति।

# शुभकामना



नेपालको कपिलबस्तुमा शाक्य कुलमा जन्मनु भएको शिद्धार्थ गौतमले भारतको बौद्धगयामा बोधि ज्ञान प्राप्त गर्नुभै गौतम बुद्ध बन्नु भयो। आफुले अनुभव प्राप्त गरेको चार आर्य सत्यको ज्ञान सारनाथको मृग्दय बनमा पन्च बर्गिया भिक्षुहरूलाई प्रथम पटक देशना गर्नु भएको धर्म यतिबेला विश्वभर फैलिदै गएको छ।

प्रमाणमा आधारित बैज्ञानिक बुद्ध धर्म पाली भाषाबाट सुरुभै संस्कृत भाषामा समेत लेखिएको त्रिपिटक तिब्बती

भाषामा अनुवाद गरी तिब्बतमा बिकास भएको महायानी बुद्ध धर्मको सूत्रमा उल्लेख भए अनुसार बुद्ध दर्शनहरूलाई चरा चुरुङ्ग लयायतका विश्वका सबै भाषामा अनुवाद गरी सर्वप्राँणीको कल्याण र मोक्ष मार्ग दर्शाइ पुण्य लाभ गर्न सकिने कुरा बुद्ध भगवान स्वयंले बताउनु भएको छ।

पाली, संस्कृत, हिन्दी, संभोटा र अंग्रेजी भाषामा रहेको बुद्ध दर्शनलाई सबै नेपालीहरूले बुझ्न सजिलो होस् भन्ने हेतुले नेपाली भाषामा पूजापाठ र सूत्रहरूको टिका सहित सरलिकरण गर्ने खेन्पो बसन्त कुमार गुरुङ र कल्याणमित्र डीबी गुरुङको प्रयास सह्रायिन छ। वहाँहरूको सफलताको लागि शुभकामना दिन चाहन्छु!

२५६८औं बुद्ध जयन्तिको पावन अवसरमा देश र बिदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा बिडीएल प्रकाशन परिवारको सुस्वास्थ्य सुख, शान्ति, उत्तरोत्तर प्रगति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। भवतु सर्वमंगलम्। बुद्धम् शरणम् गच्छमि।

धुर्ब बहादुर गुरुङ
अ.प्रा. इन्सपेक्टर, सिङ्गापुर पुलिस
अभियान्ता गुरुङ बुद्धिजम
२५६८औं बुद्धजयन्ति।

# शुभकामना



बुद्धजीवनी नामक पवित्र ग्रन्थ-१, बौद्धमार्गीहरूको लागि मार्ग दर्शन गर्न सफल होस् भन्ने हेतुले बिडीएल समूहले पहिलो पटक प्रकाशन गर्ने प्रयास गरेका छौं । यस ग्रन्थको माध्यमबाट बौद्धमार्गीहरूले गौतम बुद्धको बारेमा धेरथोर जानकारी प्राप्त गर्न सजिलो होस् ।

तमू छौँजधौँले २०५२ साल पुल्चोकमा गुरुङको "मूल धर्म कुल धर्म र पहिचान धर्म बौद्ध धर्म" भनी घोषणा गरेका थिए। त्यसैको आधार बिन्दुमा "बुद्धजीवनी" उभिएको छ। यसैको सेरोफेरोमा रहेर त्रिरत्न शरण गमण, पञ्चशीलको पालना गरी अष्टमार्गको आधारमा मौलिक संस्कारहरूलाई समय अनुकुल छोटो, मिठो र सजिलो तरिकाले संस्कारहरू गरेमा सबै गुरुङहरूको लागि सहज हुन सक्ने बिश्वास गर्न सकिन्छ।

बुद्धिजम डिजिटल लाईब्रेरीले प्रकाशन गर्न लागेको "बुद्धजीवनी" नामक पवित्र ग्रन्थ : १ ले सबै बौद्धमार्गीहरूको लागि मार्ग दर्शन गर्न सफल होउन्। धन्यवाद।

डा. कुमार गुरुङ, अध्यक्ष
(PhD, MS, MCEC, LLB.)
अन्तर्राष्ट्रिय गुरुङ बुद्धिजम परिषद् (ICGB)
ओमाह, नेब्रस्का, अमेरिका।
अक्टोबर ०५, २०२४

BUDDHISM DIGITAL LIBRARY 2567

**Buddhism Digital Library (BDL) Inc., USA**

4500 19th St Lot 422 Boulder CO 80304 USA
Ph: 303 642 6439. contactbdl2567@gmail.com

# प्रकाशकको मन्तब्य

नेपाल बुद्धभूमि भए पनि बत्तिमुनि आँध्येरो भनेझैं बजारको पुस्तक पसलहरुमा सरल नेपाली भाषामा प्रकाशन भएका “बुद्धबचन त्रिपिटक” छिटपुट बाहेक पूर्ण रुपमा बजारमा उपलब्ध हुन सक्ने अवस्था देखिएन। त्यसैले बुद्धिजम डिजीटल लाइब्रेर (बिडीएल) इन्कले बौद्ध बिद्वानहरुलाई संयोजन गरी, मूल पाली, संस्कृत, हिन्दी, संभोटा र अंग्रेजी भाषाको पिटकहरुलाई आधार मानी नेपाली सरल भाषामा अनुवाद, संकलन र सम्पादन गरी प्रकाशन गर्ने परिकल्पना आज पुरा भएको हामीले महशुस गरेकाछौं। हामीले सारानुवाद गरेका पिटकहरु यही पुस्तकको पछाडि सुची राखेका छौं।

अनुवादको सिलसिलमा के कुराको अनुभूति भयो भने, अनुवाद तीन किसिमबाट गर्न सकिदो रहेछ। जसमा शब्दानुवाद, भावानुवाद र सारानुवाद हुँदोरहेछ। अहिले हामी २१औं शताब्दीको समयको गतिलाई पछ्याउँदै सारानुवादलाई मार्गदर्शन गरेका छौं। यस प्रकाशनबाट नेपाली बौद्धदर्शनको साहित्य भण्डारमा एउटा इट्टा थपिने छ भन्ने कुरामा बिश्वस्त छौं। भवतु सर्वमंगलम्। बुद्धम् शरणम् गच्छामि।

कल्याणमित्र डीबी गुरुङ
संस्थापक
बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इन्क, अमेरिका।
www.duddhismlibrary.org
२५६८औं बुद्धजयन्ति।
अक्टोबर ०१, २०२४

# विषय सूची

१. रानी महामाया देवीकी सपनाः ............................१
२. लुम्बिनीमा बोधिसत्वको अवतारः ....................१०
३. शाक्यमुनि गौतमको बाल्यकालः .....................१६
४. शाक्यमुनि गौतमको गुरुकुल प्रबेशः....................२५
५. शाक्यमुनि गौतमको स्वयंबर समरोहः .................२८
६. गौतमको शाक्य संघमा दीक्षन्तः.......................३०
७. शाक्य संघमा संकटकाल घोषणाः ....................३४
८. शाक्यमुनि गौतमले गृहत्यागः ........................४०
९. शाक्यमुनि गौतमले बुद्धत्वको खोजीः ................४५
१०. शाक्यमुनि गौतमले बुद्धत्व प्राप्तः....................५७
११. गौतम बुद्धद्वारा प्रथम धर्मानुमोदनः ...................६२
१२. पञ्चबर्गिय भिक्षुहरूलाई धर्मोपदेशः ................७१
१३. अष्टमार्गको अर्थ र परिभाषाः .......................७५
१४. पञ्चशीलको मुल्य र मान्यताहरूः ...................८२
१५. प्रतित्यसमुत्पादको मौलिक सिद्धान्तः ..............८९
१६. जम्बुद्वीपमा बुद्ध युगको आरम्भः ..................१०१

१७. मगधराज बिम्बिसाारलाई धर्मोपदेशः ..............११२
१८. दानबीर अनाथपिण्डकलाई धर्मोपदेशः .............१२२
१९. तथागत बुद्ध मातृभूमि प्रस्थानः ...................१३२
२०. बुद्धबंशको संक्षिप्त परिचयः...................... १४७
२१. रुपवती अम्रपालीलाई धर्मोपदेशः ................ १५८
२२. हत्यरा अंगुलिमालालाई धर्मोपदेशः ...............१६४
२३. ईश्वरको अस्तित्व कहाँ छ ?.......................१७५
२४. बौद्धदर्शनमा अनित्यवाद के हो ? ................ १८५
२५. मगघको राजसभामा शास्त्रार्थः .................. २००
२६. तथागत बुद्धको बौद्धिक बिशिष्टताः .............. २१३
२७. तथागत बुद्धको शारीरिक बिशेषताः ...............२२९
२८. तथागत बुद्धको महापरिनिर्वाणः ................... २३३
२९. तथागत बुद्धको प्रमुख धर्मपालहरूः............... २४४
३०. पवित्र बौद्ध तिर्थस्थलहरूः ....................... २८२
३१. तथागत र अपोदीपभवः ........................... २८९
३२. बुद्धबचन त्रिपिटक के हो ? .......................३०६
३३. सूत्र, मन्त्र, तन्त्र र साधनाः ...................... ३०९
३४. (१) आह्वान सूत्र र पुण्यानुमोदनः ................ ३११

३५. (२) अष्टमंगल द्रव्यार्पण सूत्रः ..................... ३१५
३६. (३) दीर्घायु सूत्र (आयुपूजा)ः ..................... ३१९
३७. (४) रत्नसह सूत्र (ह्यौंपूजा)ः ..................... ३२५
३८. (५) मंगल सूत्र (यात्रा साइत)ः ..................... ३३२
३९. (६) बिबाह सूत्र (कन्यदान)ः ..................... ३३७
४०. (७) दान सूत्र भूमिपूजाः ..................... ३४१
४१. (८) भेडी पालन सूत्रः ..................... ३४५
४२. (९) पापदेशना परित्राण सूत्रः ..................... ३४९
४३. (१०) सर्वदुर्गीति परित्राण सूत्रः ..................... ३५५
४४. (११) निर्वाण शून्य परित्राण सूत्रः ..................... ३५९
४५. (१२) अभय गुह्यमन्त्र धारणी सूत्रः ..................... ३६३
४६. (१३) आर्य अपरिमिता आयुर्ज्ञान सूत्रः ..................... ३६७
४७. (१४) प्रज्ञापारमिता धारणी सूत्रः ..................... ३८१
४८. (१५) बुद्धक्षेत्र सुखवती भूवन धारणी सूत्रः ..................... ३८९
४९. (१६) कुबेरपति धनदेव जम्भल धारणी सूत्रः ..................... ३९६
५०. (१७) मेघ बर्साउने धारणी सूत्रः ..................... ४०२
५१. (१८) अन्नाबाली सुरक्षा धारणी सूत्रः ..................... ४१५
५२. (१९) असिना तर्काउने धारणी सूत्रः ..................... ४२२

५३. (२०) आर्य शक्रदेव बिजय धारणी सूत्रः ......... ४२८
५४. (२१) बालक सर्वग्रह शान्ति धारणी सूत्रः ........ ४३२
५५. (२२) महाजन्त्र बिजय धारणी सूत्रः ..............४३६
५६. (२३) बज्रडाकिनी सर्वग्रह शान्ति धारणी सूत्रः ... ४३९
५७. (२४) आर्य तारा स्तोत्र धारणी सूत्रः.............४४८
५८. (२५) षडान्तराभव धारणी सूत्रः ................ ४५१
५९. (२६) बादबिवाद शान्त धारणी सूत्रः.............४५४
६०. (२७) अन्तराभवको परित्राणः .................. ४५७
६१. (२८) शून्यताको परित्राणः.........................४६१
६२. दैनिक प्रार्थना पूजापाठ प्रणिधानः .................४६३
६३. पाली-संस्कृत-नेपाली शब्दार्थः .................. ४७९

# बुद्धजीवनी

## १. रानी महामाया देवीको सपनाः

'महाराजको जय होस् !'

शाक्य राजदरबारको एकजना मर्याद पालक सैनिक जवान निर्धारित पोशकमा अनुशासनको पालन गर्दै ढोकाबाट फिका रंगको हलुंगो पर्दा चिरेर भित्र छिरे ।

'के खबर छ ?' राजाले हातको इशारा गर्दै सोधे ।

'कुलगुरु बाचस्पति प्रतिक्षमा हुनुहुन्छ,' सेवकले भने ।

'वहाँलाई स्वागत छ,' महाराजले आदेश दिए ।

'सैनिक जवान आफ्नो कर्त्तव्यमा फर्किए ।'

त्यस बखत कपिलबस्तुमा शाक्य कुलको सूर्यवंशी महाप्रतापी राजा शुद्धोधन शासन गर्दथे । उनको द्यौतोधन शुक्लोधन शाक्योधन र अमितोधन नामक चार भाइहरू थिए । द्यौतोधन महामन्त्री, शुक्लोधन सेनापति, शाक्यधन र अमितोधन महासेनानी थिए । सपरिवारबाटै राज्य सञ्चालन भैरहेको थियो । कुनै कुराको कमि थिएन ।

महाभारतको युद्ध पछि भारत वर्ष धेरै राज्यमा बिभाजन भैसकेको यर्थातता इतिहास साक्षी छ । स-साना राज्यमा

बिभाजित राज्यका राजा, महाराजाहरू र धर्माधिकारीहरू ब्राह्मण गुरुहरूको आदेश अनुसार शासन गर्दथे । त्यसैले, धर्मको नाउँमा भैरहेको एकाधिकार, सामान्तिवाद, अराजकता, असमानता लुटपाट, हत्या, हिंसा, आतंक, सामाजिक शोसन र पाखण्डिपन चारैतिर फैलिरहेको थियो । यसैमा छलफल भैरहेको थियो ।

अज भन्दा २६०० वर्ष अगाडि उत्तर भारतको मगध र बैशाली राज्यको छिमेकमा शाक्य वंशको कपिलबस्तु नाम गरेको स्वतन्त्र 'संघ' राज्य थियो । त्यस समयको कपिलबस्तु राज्य हाल नेपालको प्रदेश नं ५ मा अवस्थित छ । यो क्षेत्र बौद्धमार्गीहरूको तिर्थस्थल पबित्र 'पुण्यभूमि' लुम्बिनीको नामबाट प्रख्यात छ । विश्वभरका बौद्ध धर्माबलम्बिहरूले लुम्बिनी बिकास क्षेत्र भित्र आ-आफ्नो मौलिक संस्कृति अनुसार राष्ट्रिय पहिचानका लागि विशेष कलात्मक बौद्ध गुम्बा र स्तुपाहरू निमार्ण गरेका छन् । तत्काल निर्माण भैरहेका अवस्थालाई हेर्दा, 'पुण्यभूमि'को प्रतिबिम्ब स्पष्ट झल्किन्छ ।

राजा शुद्धोधनले देवदह गाउँबाट महामाया र प्रजापती नाम गरेकी दुई दिदीबहिनीहरू बिबाह गरेका थिए । लामो समयसम्म पनि सन्तान भएको थिएन । सायद, यसै सिलसिलामा उनले कुलगुरुसँग सन्तानका लागि परामर्श गर्न बोलाएका थिए ।

'मर्याद पालककोसाथमा कुलगुरु कक्षमा प्रवेश गरे ।'

'राजा शुद्धोधनले कुलगुरुको हार्दिक स्वागत गरे ।'

'कुलगुरुले पनि आफ्नो स्थान ग्रहण गरे।' चारैतिर दृष्टि घुमाएर हेरे, अनि चुपचाप बसे। दरबारको बिधान अनुसार उपयुक्त समय कुर्नु पर्ने हुन्छ।

कुलगुरुको आसय बुझे पछि, यो हाम्रो पारिवारिक छलफल हो। बिबाह भएको लामो समय भैसक्यो। तर कुनै पनि रानीबाट सन्तान हुन सकेन। सन्तानको लागि परामर्श दिनुहोस्। यस विषयमा सबै भाइहरूको पनि सहमती हुन आवश्यक भएकोले एकान्त बस्नु आवश्यक छैन, राजा शुद्धोधनले अप्ठेरो नमानिकन स्पष्टसँग आफ्नो कुरा भने।

कुलगुरुले केही समय चुपचाप मौन धारणा गरे। उनले लामालामा दाडि मुसार्दै भने, 'हे राजन, तपाइँ कत्ति पनि बिचलित नहुनु होस्। तत्कालै यस्तो शुभयोग आउँदै छ। जब



सूर्य उत्तरायणमा प्रवेश गर्ने छ, तब चन्द्रमा कर्क लग्नमा हुनेछ। शुक्र मीन राशीमा र पुनरवसु नक्षेत्र हुनेछ। यो त्यही नक्षेत्र हो, जुन नक्षेत्रमा काश्यप कुद्धको जन्म भएको थियो। यो योगमा पुत्र लाभको अमेष्टि यज्ञ गर्नले प्रतापी पुत्रलाभ हुनेछ गुरुले भविष्यवाणी गर्यो।

कुलगुरुको परामर्श अनुसार तोकिएको नक्षेत्रमा आवश्यक तैयारी गरी, शाक्य राजदरबारमा पुत्र लाभको अमेष्टि यज्ञ सम्पन्न भयो। यज्ञको प्रसाद ग्रहण गरे पछि बिश्राम भयो। रातको मध्य प्रहारमा महामाया देवीले सपनामा यस्तो देख्यो। "चार जना देवदूतहरू आएर उनको खाटलाई उचालेर देवलोगमा लगे।" उनलाई 'मनोकामना देवताल'मा नुहाइ दिए पछि पुष्पासानमा राखे। पुण्यभूमि 'तुषिता भुवन'मा निबास गरेको 'श्वेतकेतु बोधिसत्व' सेतो हात्तिको रुपमा आएर महामाया देवीलाई तीन पटक परिक्रमा गरी निबेदन गरे।

'हे रानी महामाया देवी,' म तुषिता भुवनको 'श्वेतकेतु बोधिसत्व' हुँ। मैले 'बुद्ध अवतार' लिने समय भैसक्यो। यो अवतारको लागि मनुष्य योनी उत्कृष्ट हुने भएकोले म तिम्रो कोखबाट शाक्य कुलमा जन्म लिन चाहन्छु। तिमीलाई यो कुरा स्वीकार छ ? भनी बिनम्र अनुरोध गरे।

'रानी महामाया देवीले मौन सहमति दिइन्।'

महामायाको सहमति पछि श्वेतकेतु बोधिसत्वले सूँडमा सेतो कमलको फूल समातेर शुष्म अवस्थाबाट रानी महामाया देवीको दाहिने कोखबाट गर्भमा प्रवेश गरे । गर्भमा प्रवेश हुनासाथ शयन कक्षामा दिव्य प्रकाश छायो । त्यही प्रकाशको ज्योतीसँगै रानी महामाया देवी झसँग भएर बिउझियो । त्यस समय उनलाई परम् आनन्दको अनुभूति भैरहेको थियो । भोली पल्ट बिहान राजा जागे पछि रानीले, सपनामा देखेको कुरा बृतान्त गरी सुनाए ।

'अति सुखद् ! अति सुन्दर !' राजा हर्षले गदगद भए !

भोली पल्ट बिहान राजा शुद्धोधनले राज्यको विद्वान पण्डितहरू सहित राजसभा बोलायो । राजसभामा राति महामाया देवीले देखेको सपनाको कुरा बृतान्त दोहोऱ्यायो ।

पुज्यनीय कुलगुरु र विद्वान पण्डितहरू, महामाया देवीको सपनाको परिणाम के हुन्छ ? राजसभामा सोधे ।

कुलगुरुले भन्यो, यो सपना अत्यन्तै शुभ छ ! सेतो हात्तीको साथमा कमलको फूल गर्भमा प्रवेश हुनुको अर्थ हो, कुनै 'दिव्यात्मा'को अवतार हुने संकेत छ । यो योगमा जन्म हुने महापुरुष सर्वअर्थसिद्ध, महायोद्ध र चक्रवर्ती राजा हुनेछ । बधाई छ सरकार ! भन्दै जय ! जयकार गरे ! त्यही समय कुलगुरुले शंखघोष पनि गरे । हल्का भुकम्पकोसाथमा सुगन्धित पुष्प बृष्टि

पनि भयो। दरबारमा हर्षोल्लासमय बातावरण छायो! दरबारको घटनामा नगरवासीले पनि खुसियाली मनाए।

सेनापति शुक्लोधनको महानाम र अनुरुद्ध नाम गरेका दुई छोराहरू थिए। अमितोधनको आनन्द नामक छोरा थियो। दिदी अमिताको देवदत्त नामक छोरा थिए। देवदत्त उनीहरूमा सबभन्दा जेठो थिए। उनी दरबारमा पुल्पुलिएर हुर्किएको थियो।

त्यस समयको शाक्य संघको बिधानमा जेष्टताको क्रम अनुसार शाक्यहरू पालैपालो राजा हुने गर्दथे। यदि राजाबाट कुनै सन्तान भएन भने, राजाको दिदीबहिनीहरू र भाइहरूबाट जन्मिएको जेष्ट छोरा नै युवराज हुने शाक्य कुलको परम्परा रहिआएको थियो।

अमिता राजा शुद्धोधनको दिदी थिइन। उनलाई राजदरबारको आन्तरिक सुरक्षाको जिम्म दिइएको थियो। कुमार देवदत्त अमिताको छोरा थिए। उनी हुर्किसकेको थियो। राजा शुद्धोधनबाट कुनै सन्तान नभए उनको छोरा देवदत्त नै शाक्य वंशमा युवराज हुने निश्चित थियो। तर पुत्रलाभको अमेष्टि यज्ञको कारण रानी महामाया देवीबाट सन्तान हुने लगभग निश्चित भैसकेको थियो। यही चिन्तबाट उनी अत्यन्तै ग्रसित थिइन्। उनको लागि पलपल भारी भैरहेको थियो। समय र परिस्थिति मिलाएर एकदिन रानी महामायाको विशिष्ट भोजन

खीरमा कालविष मिलाएर गर्भ नष्ट गर्ने योजना पनि बनाए । तर परिस्थितिले साथ नदिँदा सफल हुन सकेन । असफल भए पछि पर्दाफास भयो । राजा शुद्धोधनको राजदरबारमा रडाको मच्चियर भाँडभैलो भयो । एक आपसमा तानातान, भनाभन र शंका उपशंको शीत युद्धनै आरम्भ भयो ।

दरबारको मारी भन्ने भान्सेरीले यस घटनाको पर्दाफास गरे पछि शुद्धोधन अत्यन्तै चिन्तित भए । उनी कुनै पनि कुराको निर्णय गर्न नसक्ने अवस्थामा पुग्यो । यस्तो बिकराल अवस्थामा आफ्ना हितौसीहरूसँग परामर्श गर्नु बाहेक अन्य उपाए सुझेन । त्यसैले, कुलगुरु र महामन्त्रीसँग परामर्श गर्नका लागि तत्कालै दरबारमा बोलाए ।

'महामन्त्री र कुलगुरु बिषेश कक्षामा उपस्थित भए ।'
'दरवार भित्रै विष काण्डा,' के यो सत्य हो ?
'सत्य हो महाराज,' महामन्त्रीले नरम स्वरमा भन्यो ।
'राजा शुद्धोधन एक छिन अन्कनायो ... ।'

अनुशासित रुपमा पालेको दाही मुसार्दै फेरी एक छिन घोरियो । त्यसपछि महामन्त्री र कुलगुरुको मुखमा पालैपालो नजर घुमाए । उनको ठुलठुलो आँखामा प्रतिशोधको अग्नि बलिरहेको आभास हुन्थ्यो । त्यसैले महामन्त्री कोचमा चुपचाप बसिरहेको थियो ।

मेरो बिरुद्धमा यति घातक षड्यान्त्र कस्ले गर्न सक्दछ ? बिरोधीहरूको पहुँच दरबारसम्म कसरी आउन सक्दछ ? अर्थात दरबार भित्रका कुनै पनि मानिसले प्रमुख भुमिका नखेलिकन यो षड्यान्त्र हुनै सक्दैन । यसबाट के कुराको पुष्टि हुन्छ भने, भित्रकै कुनै मानिसलाई स्वर्ण मुद्रको प्रलोभन दिएर यो निच कार्यमा सहभागी गराउन सक्दछ । राजदरबार भित्र त यो हालत छ भने जनपथमा सर्वसाधरण मानिसको हालत कस्तो होला ? सत्ताको मात र मोहमा मानिसले जे पनि गर्न सक्दछ ? विष काण्डले यही सन्देश दिन्छ । महामन्त्री, दरबारमा कडा निगरानी राख्नु राजाबाट ठाडो आदेश भयो । तर, कुलगुरु भने मौन बसे । उनलाई गुप्तचरहरूबाट यो कुराको सूचना प्राप्त भैसकेको थियो । तर, ठोस् सबुत प्रमाण सहित पुष्टि भैसकेको थिएन । त्यसैले उनी उचित समयको प्रतिक्षमा थिए । दरवार र तरवार एउटै हुन्छन् । त्यसैले प्रत्येक कदममा सतर्ककता अपनाउन आवश्यक हुन्छ । यही कुरामा उनी सचेत थियो ।

दरबारको विष काण्डा पछि, राजाको ठाडो आदेश अनुसार महामन्त्रीले निगरानी बढाउन थाले । एक काम दुई पन्थ भनेझै निगरानीको निउमा आफ्नो स्वार्थ सिद्ध गर्न थाले । निजि स्वार्थका लागि शासकहरू दमनकारी हुन थाले पछि शासनको आयु आफै पतन हुँदै जान्छ । शाक्य दरबारको लक्षण पनि यस्तै थियो ।

त्यस बेलाको दरबार तरवारमा अडिने भएकोले तरवारको शक्तिमै चलखेल हुने गर्दथ्यो । त्यसैले शाक्य दरबारका शक्ति केन्द्रहरूमा उदाउँदै आएका आफ्ना बिपक्षीहरू माथि पक्षपात दमन र बिभेद गर्ने कार्य चरम् चुलीमा पुग्यो । यसको प्रतिफल दरबारका भारदारहरूमा अन्तर्द्वन्द्वका कारण आ-आफ्ना अस्तित्व बचाउनका लागि गुट उपगुटमा बिभाजन हुन थाले । अस्तित्व बचाउनका लागि यही मात्र अस्त्र बाँकी थियो । त्यसैले सबै भारदारहरू आ-आफ्नो दुनो सोच्याउन ब्यस्त थिए । एउटा समूहबाट अर्को समूहमा सहकार्य र सहअस्तित्वको ठाउँमा सशंकित रहन्थे । पानी बाराबारसम्मको अवस्था थियो । बिनासकाले बिपरित बुद्धि भनेझैं, पानी भित्रको धारहरू एक आपसमा टकराउँदै अर्थहिन अवस्थामा मिस्सिन्थे ।

## २. लुम्बिनीमा बोधिसत्वको अवतारः

दिन, हप्ता र महिना गर्दै समय बित्दै गयो । त्यस समयको सामाजिक परम्परा अनुसार प्रथम पटक बालकको जन्म माइतीमा गराउने परम्परागत संस्कार रहेकोले रानी महामाया देवीको गर्भ दश महिना पुग्न लागे पछि, माइत जाने इच्छा प्रकट गरिन् । राजाले सबै बन्दोवस्त मिलाई दिए पछि सहयोगीहरू र मजबुत सुरक्षा घेरामा आफ्नो माइत देवदह गइन् । बाटोमा जाँदै गर्दा कपिलबस्तु र देवदह गाउँकोबीचमा अवस्थित लुम्बिनी साल बागमा रानीले एकछिन बिश्राम गर्ने इच्छा प्रकट गरिन् । रानीको इच्छा बमोजिक एकछिन बिश्राम गर्ने ब्यवस्था मिलाइयो ।

त्यस समय लुम्बिनीको सालबाग अत्यन्तै मनमोहक देखिन्थ्यो । मन्द गतिको हावा सरर चलिरहेको थियो । हावाको बेगसँगसँगै पात पतिङ्गरहरू आपसमा लुकामारी खेल्दै मस्तसँग हल्लिरहेका थिए । स-साना चरा चुरुङ्गीहरू पनि चिरबिर चिरबिर गर्दै अ-आफ्नै संसारमा रमाइरहेका थिए । बसन्त ऋतुको दिन भए तापनि सूर्यको तापक्रम सरद ऋतुकै हराहरीमा अत्यन्तै मधुरो थियो । लगभग दिन ढल्किसकेको थियो । तर, अबको केही क्षणमा लुम्बिनी सालबागमा 'दिव्यात्माले अवतार'

लिने कुरा सूर्यदेवलाई पूर्व जानकारी थियो । त्यही क्षण हेर्नका लागि उनी व्याकुल थिए । उनी स्वयं समय भएर पनि समय उनको बशमा थिएन । उनको लागि पनि प्रतिक्षा बाहेक अरु उपाए थिएन । तर, प्रतिक्षाको घडी कति चोटिलो, पेचिलो र असहज हुन्छ भन्ने कुरा प्रतिक्षकले मात्र सही अनुमान लगाउन सक्छ। फेरी पनि उनी प्रतिक्षामै थिए। उनी मात्र हैन देवलोकको देवताहरू मात्र नभएर ब्रह्मा, विष्णु र महेश्वर समेत लुम्बिनी सालबागको 'दिव्यदृष्य' हेर्न आफ्नो आसन छाडेर हातमा फूलपाती लिएर प्रार्थन गर्दै प्रतिक्षा गरिरहेका थिए। लुम्बिनीमा अदुभूत उत्सव हुनेवाला थियो । धर्तीमा यस्तो अद्भूत घटना बिरलै हुने गर्दछ। यो घटना पनि एक काल पछि भएको थियो ।

रानी महामाया देवी सालाबागमा प्रवेश गरी केही समय बिश्राम गरिन । बिश्राम गर्दै गर्दा, उनलाई प्रसावको वेदना भयो । प्रसावको समयमा भुइमा नबसेर उनले साल बागको एउटा हाँगा समातिन। रानीको अवस्था बुझ्े पछि सेविकाहरूले कपडाले छेकिन। त्यही अवस्थामा ६२३ इसा पूर्वमा लुम्बिनी सालबागमा बैसाख पुर्णिमाको दिन, रानी महामाया देवीको कोखबाट 'बोधिसत्व'ले अवतार लियो । देवगणले पनि पारीजातको सुगन्धित पुष्प बृष्टि गरी लुम्बिनी सालबागलाई पवित्र गरी आफ्नो कर्तब्यको पालन गरे । 'दिव्यात्मा'को जन्म भएको पावन अवसरमा देवलोकमा समेत उत्सव मनाएर हर्ष र

उल्लासले बिभोर भए ! सबैले देवताहरूले पनि अब बुद्धबचन सुन्न पाउने कुरामा ढुक्क भए ।

बोधिसत्वले पृथ्बीमा अवतरण गर्ने बित्तिकै सात पाइला टेके । तर, आठौं पाइला भने कसैले पनि देखेन । किनभने आठौं पाइला उनको आधिनमा थियो । उनको प्रत्येक पाइलामा कमल उत्पन्न भयो । अन्तिम पाइलामा चारै दिशातिर फर्केर दाहिने हातको चोर औंला ठड्याएर संसारलाई सांकेतिक भाषामा भन्यो । यो संकेत अपोदीपभव भन्ने थियो ।



यसको अर्थ थियो, प्रथम पाइला पवित्र भूमि लुम्बिनीलाई मोक्ष प्रदान गर्न टेकेको हुन् । दोश्रो पाइला माता र पिता, जसका कारण उनले धर्तीमा जन्म लिने अवसर प्राप्त गर्यो । तेश्रो पाइलाको संकेत त्रिकाल, चौथो पाइलाको चार आर्य सत्य,

पाँचौँ पाइलाको पञ्चशील, छैठौँ पाइलाको छैठौँ भाग्य, सातौँ पाइलाको सप्त ऋषी, आठौं पाइलाको अर्थ अष्टमार्ग र एउटा औंला ठडाएको अर्थ मैले बुद्धत्व प्राप्त गरेर देवता र मानव सहितको कल्याण गर्ने छु भन्ने गुढ संकेत थियो । तर, भरखरै मात्र आमाको गर्भबाट जन्मिएको बालकको यस्तो असाधरण गतिबिधि देखेर सबै अश्चर्यमा परे । कसैले पनि केही भन्न र अडकाल गर्न सकेन । तर, सबैको मनमा भने एउटा अचम्मको कौतुहलले बास जमायो । अब के हुन्छ ? कसैलाई पनि थाहा थिएन ?

कुलगुरुलाई यो गुड रहस्यको बारेमा उनको असाधारण साधनाले पूर्व सूचना दिइसकेको थियो । रानी महामाया देवीको साथमा देवदह जाने उनको प्रवल इच्छा भए तापनि पदिय मर्यादा र नैतिक आचरणले खुलेर भन्न सकेन । त्यसैले, आफ्नो साधनाको बलले सालबागमा भैरहेको दिव्य गतिबिधिलाई सयन कक्षाबाटै नियालेर हेरिरहे । यसरी, दिव्य दृष्यको दर्शन लिए पछि शाक्य कुलको 'दिव्यात्मा,' महामाया देवी र पवित्र सालबागलाई बन्दना गरी, दिव्य दर्शनको सफलतामा खुशी व्यक्त गरे ।

कपिलबस्तुको शाक्य दरबार नयाँ ध्वज, पटाका र नौरंगी फूलहरूले अन्तपुर जस्तै सजिएको थियो । प्रात कालको समय भएकोले, सूर्य पनि उकालो गतिमा थियो । तै पनि आज शाक्य दरबारमा केके हुँदै छ भनि नजिकबाट चिहाउँदै यात्रा निरन्तर

गरिरहेको थियो । त्यही सजिएको मण्डपमा शाक्य कुलको परम्परा अनुसार पाँचौं दिनमा बालकको नामाकरणका लागि दरबारियाहरू, भारदारहरू, प्रबुद्धवर्गहरू र महापण्डितहरूको भेला भएका थिए । नामाकरणको लागि राज्यका आठ जना महापण्डितहरूले तयार गरेको जन्म कुण्डली अनुसार 'सर्व+अर्थ+सिद्ध' 'सिद्धार्थ' सबैसिद्ध हुने र गौतम थर भएकोले शाक्यमुनि सिद्धार्थ गौतम नाम घोषणा गरियो ।

महाराज ! सिद्धार्थको कुण्डली अनुसार चक्रवर्ती राजा हुने वा सन्यास लिए 'बुद्धत्व' प्राप्त गर्न सक्ने योग भएको सातै जना पण्डितहरूले एकै स्वरमा घोषणा गरे । तर सबभन्दा कन्छो पण्डित कोण्ड्यले भने सिद्धार्थले सन्यास नै लिएर 'बुद्धत्व' प्राप्त गर्ने छन्, ठोकुवा गरेर भने । तर उनी विद्वान भए तापनि कन्छो भएकोले त्यस समय उनको कुरामा कसैले पनि खासै महत्त्व दिएन । गुरुकुल परम्परामा रहेको संस्कार सबैले स्वीकारे ।

शाक्यमुनि गौतम जन्मिएको सातौं दिनमा रानी महामया देवीको दुःखत निधन भयो । उनले देह त्याग गर्ने समयमा राजा शुद्धोधनको उपस्थितिमा आफ्नी सहोदार बहिनी प्रजापतिलाई यसो भनिन्, 'हे, प्रजापती,' मैले दिव्यात्माको बुद्ध अवतार दिएर पारमिता पार गरी सकेँ । अब मेरो देह त्याग गर्ने समय भैसक्यो । किनभने मेरो मूल उद्देश्य भनेको 'दिव्यात्मा'को अवतरण गर्नु थियो । सो कार्य पूर्ण भयो । अब यो संसारिक र दरबारको सुख सयल र भौतिक सुबिधा त क्षणिक मात्र हो । अब मैले साथमा

लिएर जाने भनेको त पुण्य मात्र हो। अब मेरोमा कुनै तृष्णा पनि बाँकी छैन। सबै त्यागिसकेँ। शाक्यमुनि गौतमको पालन पोषण तिमी आफैले गर्नु भनि बहिनीलाई बचनबद्ध गराए।

'तपाइँको बचन पालन गर्ने छु,' प्रजापतिले भनिन्।

'यति सम्वाद भए पछि उनले देह त्याग गरिन।'

केही दिन अधिसम्म हर्ष र उल्लासमय बातावरणमा रमाएको शाक्य राजदरबार एकाएक शोकमा डुबे। प्राकृतिको अकट्य नियम कसले पो परिवर्तन गर्न सक्छ र ? फेरी, मानव जीवनको अन्तिम सत्य नै मुत्यु हो। तर, चेतनशील मानिसहरूले यो सत्य कुरा किन स्विकार्न सक्दैनन् ? यसको बास्तविक रहस्य कहाँ लुकेको छ ? यावत कुराहरू दश दिन अधि मात्र बुद्ध अवतार लिएका 'दिव्यात्मा'को मन भित्र उथल पुथल भैरहेको थियो। तर प्राकृतिको नियममा बाँधिएको हुँदा, उनले आफ्नो बाँणीबाट यावत कुराहरू बाचन हुन सक्दैनथे। समयको गतिलाई पर्खनु बाहेक उनीसँग पनि कुनै बिकल्प थिएन। यहीनिर मानव बिकास क्रमले अर्ध विराम लगाएको थियो। त्यसैले उनी चुपचाप बसे। राजकुमारको पालन, पोषण र सेवा प्रजापतीले गरिन्। उनी शाक्य कुलको उत्तराधिकारी भएकोले सेवा र सत्कारमा कुनै कमि थिएन। पछि प्रजापतिबाट पनि सन्तान भए। उनको नाम आनन्द गौतम राखियो।

## ३. शाक्यमुनि गौतमको बाल्यकालः

'गडङ गुडुङ गरेर एक्कासी मेघ गर्ज भयो ।'

प्राकृतिमा अचानक परिवर्तन हुनमा कुनै न कुनै अर्थ लुकेको हुन्छ । सौर्य मण्डलको प्रभावमा प्राकृति चलयमान हुन्छ। यही चलयमान गतिको रंग र तरंग भित्र श्रृष्टिको बिधान बाँधिएको हुन्छ । यही बिधानको सूत्र अनुसार ब्रह्माण्डको चरित्र निर्माण भएको हुन्छ। यही अवस्थालाई नजिकबाट बुझ्न सक्ने ऋषिलाई त्रिकालदर्शी भन्दछन् ।

त्रिकालदर्शीहरूमा मनको वेगसँग हिँडन सक्ने ऋद्धि बल हुन्छन् । त्यही बलमा उनीहरू एक ठाउँबाट अर्को ठाउँमा सजिलै आउन र जान सक्छन् । हिमालय श्रंखलाहरूमा स्वाच्छ एवं शान्त वातावरण हुने भएकाले साधनाका लागि योगीहरू, ऋषिहरू एवं ध्यानिहरू यस्तै स्थानहरूको चयन गर्न रुचाउँछन् ।

'एकदिन अपरान्ह एक्कासी आकास वाणी भयो ।'

'बुद्ध अवतार भयो ... भयो ... भयो ... भयो ...'

त्रिकालदर्शी आशिक ऋषी शुद्धोधनका पिता सिंह हुनका कुलगुरु थिए। यजमानको देहन्त भए पछि उनी हिमालय

पर्वतमा ध्यान गर्न गए। एक्कासी आकास वाणी भएको सुने ! के यो सत्य हो ? भनी ध्यान दृष्टिले हेर्दा, कपिलबस्तु राज्यको लुम्बिनी शालबागमा 'बुद्ध अवतार' भएको थाहा पाए। आफ्नो यजमानीको कुलमा 'बुद्ध अवतार' भएको थाहा पाएर हर्षले गदगद हुँदै झटपट कपिलबस्तु झरे।

'महराजको जय होस् !'

मर्याद पालक निर्धारित पोशकमा अनुशासनको पालन गर्दै ढोकाबाट रेशमी पर्दा चिरेर भित्र छिरे।

'के खबर छ ?' राजाले संकेत गरे।
'आशिक ऋषि ... मूल ढोकामा ... ऋषि ...'

आस्था र श्रद्धाको परिभाषा पनि अचम्मको हुँदोरहेछ। यसलाई शब्दले पूर्णरुपमा व्यख्या गर्न सकिदैन! आशिक ऋषिको नाम सुन्ने बित्तिकै मर्याद पालकको वाक्य पुरा हुन नपाउँदै महाराज जुरुक्क उठेर आफै मूल ढोकातिर हुत्तारिएर दौडिए।

'मर्याद पालक राजाको चरित्र हेरिरहेको थियो।'

त्रिकालदर्शी आशिक ऋषिको स्वागत सत्कारमा शुद्धोधन आफै हुत्तिएर मुल ढोका पुगे। उनलाई उच्च सम्मान गर्दै दरबारको कुलपरम्परा अनुसार पाउ पुण्य गराइ विशेष कक्षामा आसन ग्रहण गर्न अनुरोध भयो।

'हिमालदेखि अचानक झर्नुको कारण,' राजाले सोधे।

'हे, राजन,' भविष्यवाणी अनुसार शाक्य कुलमा जन्म भएको 'शिशु,' जसलाई महापण्डितहरूले शाक्यमुनि सिद्धार्थ गौतम नामाकरण गरेको छ, उनको दर्शन गर्न चाहन्छु, ऋषिले भने ।

'आशिकको कुरा सुनेर महाराज दुबिधामा परे ।'

'भरखर जन्मिएको बालकलाई ऋषि ? दर्शन ? ...'

'महाराज शुद्धोधन नराम्रोसँग झस्किए ।'

'आफु झस्किएको उनलाई यादै भएन ।'

'ऋषिले महाराजको मनसाय बुझेर चुपचाप बसे ।'

'राजा र ऋषि चुपचाप बसेकाले सबै चुपचाप भए ।'

राजदरबारको विशेष कक्षामा महाराज र आशिक ऋषि दुबैको अवस्थाले त्यहाँ कसैले पनि मुख खोल्ने शाहस गरेन । कक्षामा सजाइएका कलाकृतिहरू पनि मौनताका साक्षी बसेका थिए । सबै बस्तुहरू एकदमैसँग चुपचाप थिए ।

'महाराजको जयहोस् !'

मर्याद पालकले सन्देश दिन नभ्याउदै महामन्त्री पनि उनी सँगै भित्रै छिरे । महाराजलाई दर्शन गरी चारैतिर नजर घुमाए पछि एउटा खालि कोचमा टुसुक्क बसे । उनी दरबार भित्रको बिभिन्न घटनाहरूसँग प्रत्यक्ष्य वा अप्रत्यक्ष्य रुपमा साक्षी रहेकाले महाराजको सामुन्ने बस्न असहज महसुस भैरहेको थियो । बनको बाघले खायो कि खाएन ? मनको बाघले खायो

भनेझैं, यो उनको मन भित्रको त्रास मात्र थियो । किनभने राज्यको प्रत्येक गतिबिधिहरू उनको व्यक्तिगत स्वार्थमा केन्द्रित रहेको थियो । उनको शासन नमान्नेहरूले कठोर सजाय भोग्नु पर्ने अवस्था थियो ।

रानी महामाया देवीले विषेश कक्षामा तत्काल भैरहेको आपसी बार्तलपको बारेमा सबै कुराहरू सयन कक्षाबाट ध्यान पूर्वक सुनिरहेकी थिइन् । महाराजको असमन्जस्यता र ऋषिको कौतुहल दुबै एकसाथ पुर्ति गर्नका लागि सिद्धार्थ गौतमलाई सावधानी पूर्वक विशेष कक्षामा लैजान उनका सहयोगी उत्कलीलाई अह्राइन् ।

उत्कली अत्यन्तै होशियार र इमन्दारी थिइन् । उनलाई महामाया देवीले बिबाहको समयमा माइतबाट दाइजोमा लयाएको सहयोगी थिइन् । सिद्धार्थ लिएर उनी विशेष कक्षामा देखा पर्न आइन् ।

बैसाख पूर्णिमाको दिनमा लुम्बिनी शालबागमा शाक्य कुमारको रुपमा जन्मिएको 'बुद्ध अवतार' सिद्धार्थ गौतमको अनुहारको वरिपरी दिव्य प्रकाश फैलिरहेको आशिक ऋषिले स्पष्टसँग देखे । यो प्रकाश किन फैलिन्छ भन्ने कुरा पनि उनलाई राम्ररी थाहा थियो ।

'ओहो ..... साधु ! साधु !! साधु !!!'

मैले सुनेको आकाश वाणी सत्य प्रमाणित भयो । 'म भाग्यमाणी रहेछु ।' आज मैले दिव्यात्माको दर्शन गर्ने सौभाग्य पाए भनेर बालकको चरणमा शिर झुकाए ।

यसरी शिर झुकाउँदा बालकको दुबै खुट्टा ऋषिको महाजटामा अल्झिए । उत्कलीले जटाबाट खुट्टा झिक्न पनि सकेन । ऋषिले झटपट तान्न पनि सकेन । एक छिन बडो असहज परिस्थिति सृजना भयो । त्यसबखत कसैले पनि केही बोल्ने साहस गरेन ।



त्यही बेला, देवलोकका देवताहरू पनि बुद्ध अवतारको बाल लिला हेरेर आनन्दित भैरहेका थिए । त्यही समय मेघ गर्जनकासाथ हल्का भुकम्प सहित शंखघोष भयो । देवलोकबाट पारीजात नामक पुष्पबृष्टि गरी देवता र मानव सहितको शास्ता

भनेर परिचित हुने सिद्धार्थको बाललिला हेरेर देव, यक्ष, गन्दर्भ किन्नर, नाग, गरुड र अष्टबर्गहरू सबैले आनन्द मनाए ! जय जयकारको शंखघोष भयो !

यसरी, जटामा अल्भिएको खुट्टा निस्किए पछि ऋषिले सन्तोषको सास फेर्दै भने, 'हे बुद्ध अवतारको रुपमा देखिएको महामानव,' तपाइँको दर्शन पाएर म धन्य भए ! तर, मेरो शरीर पुरानो यन्त्रझै जिर्न भैसकेको छ। अब मेरो जीवन केही दिन मात्र बाँकी छ। 'बुद्धवाणी' सुन्न र धर्मचक्र प्रवर्धन भएको मैले देख्न नपाउने भए भनेर मनमनै बिलाप गरी आँसु झारेर रोए !

'हे महामुनि,' यो पावन अवसरमा तपाइँ किन दुःखी हुनु भएको हो ? तत्काल कुनै अनिष्ट हुने अवस्था देख्नु भयो कि कसो हो ? शुद्धोधनले सशंकित हुँदै सोधे।

'हे, राजन,' यो दिव्यात्मालाई कसैले केही हानी नोक्सानी गर्न सक्दैन । उनको सुरक्षाका लागि हजार जिब्रो भएको मुचलिन्द नाग खटिएका छन्। अब म शारीरिक रुपमा अत्यन्तै निर्वल भैसके। यो बालकले बुद्धत्व प्राप्त गरेर संसारमा प्रथम पटक मानव कल्याणका लागि उत्कृष्ट 'धर्मचक्र' प्रर्वद्धन गर्ने छन्। संसारमा उनी 'बुद्ध'को नामबाट प्रख्यात हुने छन्। उनको ज्ञानबाट अन्धकार, अविश्वास र अहंकारमा रुमलिएका मानव जातीको मुक्ति हुने छन्। तर, उनको 'अमृत बचन' मैले श्रवन गर्न नपाउने भएकाले म रोएको हुँ, ऋषिले भने।

आशिक ऋषिले आफ्नो अवस्थाको बिचार गर्दै, राजा शुद्धोधनको मनोभाव अनुसार अर्शिबचन दिइ पुनः हिमालय तर्फ फर्किए। उनको भविष्यवाणी अनुसार ठीक तीन साता पछि उनले देह त्याग गरे।

गृष्म ऋतुको प्रचण्ड गर्मीको समय थियो। कपिलबस्तु राज्यको शाक्य कुलको परम्परा अनुसार अषाढ १५ को दिन राजाले रोपाइँका लागि हालो जोत्ने परम्परा रहेकाले, खेतमा रोपाइँको लागि विशेष चहलपहल थियो।

राजाले जोत्ने हलगोरुमा विशेष प्रकारले सिँगारिएको थियो। खेतमा कुल मिलाएर अठाह्र हलगोरु एकसाथ नारिएको थियो। कुलगुरुले जुराएको साइत अनुसार राजाले हलो चलाउन आरम्भ गरे। साथमा नारिएका सबैले एकसाथ हलो चलाए। अठाह्र हलगोरु एकसाथ चलाउँदा खेतको वातावरण एकदमै उत्साहित भएर एक प्रकारको रमाइलो मेलाझैं देखिएको थियो। दरबारका भारदारहरू पनि राजाको हलगोरुको अगाडि पछाडि अवस्था अनुसार सेवा प्रदान गर्न तछाड मछाड गरिरहेका थिए। प्रतिस्पर्ध गर्ने यो राम्रो अवसर पनि थियो।

प्रत्येक भारदारहरू राजाको नजिक हुन, प्रिय हुन र राजाको नजरमा राम्रो हुनका लागि मरिमिटिरहेका थिए। त्यस बखतको दरबारिया चलनमा यस्तै परम्परा र संस्कार थियो। ज्यानभरी हिलो लागेकाले के राजा, के प्रजा, सबैमा हिलो, सबैमा समान। सबैले एकसाथ असार १५को हिले उत्सव

मनाइरहेका थिए । यो हिले उत्सवबाट त्यस समयको कृषि उत्पादनको महत्त्व स्पष्ट हुन्थ्यो । असार १५को विशेष रोपाइँ हेर्नका लागि नगरवासीहरूको चारैतिर भीडभाड थियो । त्यो दिन राज्यको तर्फबाट विशेष मिष्ठान पनि खेतमै व्यवस्था मिलाइएको थियो । कोही रमाइलो हेर्न त कोही खानपानमा व्यस्त थिए । राजकुमारलाई सेविका हरूले एउटा रुखको छहरी मुनी राख्ने व्यवस्था मिलाएको थियो । रोपाइँको अत्यन्तै रमाइलो बातावरणले सेविकाहरूको ध्यान आकर्षण गर्यो । एक पछि अर्को गर्दै, सबै सेविकाहरू रोपाइँमा सामेल हुन गए । उत्कली भन्ने सेविकालाई होस आए पछि अत्तिएर हतार गर्दै, राजकुमारलाई हेर्न आए ।

'बालक बिशाल नाग माथि ध्यानमा बसिरहेको देखे ।' ओहो ! ... के अचम्म देखियो ?' के म होसमा छु ? आफैले आफ्नो गाला चिमोटे, अनि बालकलाई राखेको पाटुकी अर्थात धरोहारमा हेरे । सिद्धार्थ त्यही पाटुकी भित्र खेलिरहेको देखे । तर सर्वसाधरणले उनलाई खटाई माथि ध्यानमा बसिरहेको देखे । राजकुमार गौतमको बालक कालमा यस प्रकारका असाधारण धटनाहरू अनगिन्ति थिए । फेरि पनि बेलुकी राजदरबार फर्किए पछि घटनाको बारेमा सहयोगी उत्कलीले रानी प्रजापतीलाई भनिन् । प्रजापतीले राजालाई घटनाको बृतान्त सुनाए ।

यसरी श्वेतकेतु बोधिसत्वले रानी महामायाको गर्भमा प्रवेश भएको दिनदेखि तुषिता भूवनमा निवास गर्ने हजार

जिब्रो भएको मुचलिन्द नाग बोधिसत्वको अंगरक्षकको रुपमा खटिएका थिए। बालक प्रति विशेष स्नेह राख्नेले मात्र उनलाई देख्न सक्दथे। त्यसैले, उत्कलीले पनि प्रथम पटक यो दृष्य देख्ने सौभाग्य प्राप्त गरेकी थिइन्।

रानी प्रजापतीको कुरा सुने पछि राजा शुद्धोधनलाई अत्यन्तै छटपटि हुन थाल्यो। उनको राज्यभिशेषको समयमा पनि दरबार भित्र थुप्रै षड्यान्त्रहरू भएका थिए। जटिल समय र परिस्थितिको साम्ना गरी उनी पनि राजा भएका थिए। यस बाहेक रानी महामाया देवीको सपना, लुम्बिनी शालबागको घटना, सातौँ दिनमा महामाया देवीले देहत्याग, ऋषिको भविष्यवाणी, रोपाइँको घटना र दरबार भित्रका अनेक प्रकारका दृष्यहरूले राजनीतिक माहौल बिल्कुलै बदलिएको थियो।

# ४. शाक्यमुनि गौतमको गुरुकुल प्रबेशः

समय बित्दै गयो। राजकुमार शाक्यमुनि सिद्धार्थ गौतमले आठ वर्ष पुरा गरे पछि गुरुकुलको परम्परा अनुसार उनको नामाकरण गरेका आठ जना महापण्डितहरू नै उनका प्रथम आचार्य भए। त्यसपछि व्याकरण, वेद, उपनिषद र दर्शन शास्त्रमा पारंगत भएका उदिच्च देशको आचार्य सब्बमितसँग शिक्षा लिए । यसपछि कपिलबस्तुमा अवस्थित ऋषि भारद्धाजको आश्रममा चित्त एकाग्रताको लागि ध्यान र साधनाको शिक्षा प्राप्त गर्यो। भारद्धाज चर्चित आलार कालामको उत्कृष्ट शिष्य थियो। उनको सरल स्वभाव, प्रेरणा, करुणा र लगनशीलताबाट प्राप्त उत्कृष्ट योग्यता र क्षमताको सबै आचार्यहरूले प्रशंसा गर्दथे।

यसैगरी, घोडाडौड, धनुषविद्या, मल्लयुद्ध, युद्धनीति, रणनीति अर्थनीति, राजनीति र अनेकौं कला कौशलमा पनि निपुनता प्राप्त गरे। उनको असाधारण योग्यता र क्षमता देखेर सबै गुरुहरू गौरविन्त हुन्थे । तर, कुमार देवदत्त भने इर्ष्याले जल्दथे । कुमार देवदत्त फुपू अमिताको छोरा उमेरमा पनि ७ वर्ष पाका थिए।

राजकुमार शाक्यमुनि सिद्धार्थ गौतम स्वावलम्बि थिए । स्वयम् खेतमा काम गर्दथे । मिहिनेत र पसिनाबाट कमाइ गर्ने उनको स्वभाव थियो ।

एकदिन रुखको छहरी मुनि थकाइ मार्दै गर्दा, आकासबाट एउटा पानी हाँस अचानक उसको सामुन्ने झर्यो । हाँसलाई के भएछ भनी हेर्दा, तीर लागेको देख्यो । यो निर्दोषलाई कसले तीर हानेछ ? भन्दै घाउमा मलम पट्टि लगाइ पानी पिलाए । उसलाई न्यानो दिनका लागि आफ्नो चादर भित्र छातीमा टाँसेर राखे ।

‘एकछिन पछि हस्यङ पस्यङ गर्दै देवदत्त आइपुगे ।’



मैले उड्दै गरेको पानी हाँसलाई तीर हानेको थिए । तीर लागेको छ । मेरो तीर अचुक कसरी हुन सक्छ ? यही कही कतै आसपासमै झरेको होला तिमीले देख्यो कि ? राजकुमार शाक्यमुनि गौतमलाई सोध्यो ?

यही मेरो नजिकै खसेको थियो। तीर लागेको रहेछ। मैले तीर झिकेर घाउमा मलम पट्टि लगाइ दिए। पानी पिउन दिए। बिस्तारै सञ्चो हुँदै छ, सिद्धार्थले भन्यो।

'खोइ कहाँ छ ?' देवदत्तले सोध्यो।

'यही मेरो चादर भित्र छ,' भन्दै घायल हाँस देखाए।

'यो मेरो सिकार हो, मलाई देउ,' देवदत्तले भन्यो।

'राजकुमार सिद्धार्थले इन्कार गर्दै,' प्राण घात गर्ने वा मार्नेलाई भन्दा, जीवन दान दिने मानिसलाई उसको बडि अधिकार हुन्छ शाक्यमुनि गौतमले भन्यो।


'दुबै जनाकोबीचमा भनाभन र हात हलाहल भयो।'

भोली पल्ट, झगडा कपिलबस्तुको अदालतमा पुग्यो। अदालतले राजकुमार गौतमको पक्षमा फैसला दियो। यसको परिणाम, फुपूको छोरा देवदत्त कटु आलोचक र बैरी बन्यो। शाक्यमुनि सिद्धार्थ गौतम बाल्यकाल र युवा अवस्थामा पनि न्याय प्रेमी, समाज सुधारक र करुणामयी स्वभावको थियो।

शाक्यमुनि सिद्धार्थ गौतमको प्रतिभा असाधारण थियो। उनको सामुन्ने कुनै पनि प्रतिद्धन्ति टिक्न सक्दैनथे। उनी प्रत्येक बिघामा मेहनतका साथ खरो उत्रन्थे। यसरी उनले बिभिन्न विषयहरूमा पारंगत प्राप्त गरी गुरुकुलको परम्परा अनुसार शिक्षा हासिल गर्यो। चारैतिर उनको प्रशंसा थियो। मानो गौतमनै शाक्यकुल वा शाक्यकुलनै गौतम थिए।

# ५. शाक्यमुनि गौतमको स्वयंबर समरोहः

त्यस समय देवदह गाउँको आचार्य डण्डपानीको छोरी यशोधरा देवी सौन्दर्यमा प्रख्यात थिइन् । १६ वर्षको उमेरमा उनैसँग बिबाह गर्ने कुरा चल्यो । तर, कुमार देवदत्तको मनमा अदालतको फैसला ताजै थियो । त्यसैले, बिबाहको प्रस्तावमा पनि नियोजित षड्यान्त्र भयो । बिबाहको लागि युद्ध कलाको प्रदर्शन गरी उत्कृष्ट हुनेले यशोधरा देवीसँग बिबाह गर्ने र त्यही ब्यक्ति मात्र शाक्य कुलको युवराज घोषणा हुन सक्ने कुमार देवदत्तले सिद्धार्थ गौतमसँग प्रस्ताव राख्यो ।



'राजकुमारले पनि उनको प्रस्ताव स्विकार गर्यो ।'

कुमार देवदत्त र शाक्य संघको प्रस्ताव अनुसार घोडादौड युद्धकला, धनुषविद्या र मल्लयुद्धको प्रतियोगिता भयो । प्रत्येक क्षेत्रमा भेदभाव र नियोजित षड्यान्त्र रचिएको भए तापनि देवदत्तले सिद्धार्थ गौतमसँग हार स्विकार गर्नु पर्यो । अन्तत् राजकुमार सिद्धार्थ गौतमले यशोधरा देवीसँग बिबाह गरे । पूर्व शर्त अनुसार युवराज पनि घोषणा भयो । उनले १० वर्षसम्म निरन्तर राज्यको सेवा गर्यो । २८ वर्षको उमेरमा प्रथम पुत्र राहुलको जन्म भयो ।

राजा शुद्धोधनले राजकुमार गौतमको सुख सयलका लागि रम्य, सुरम्य र शुभ नामक तीनवटा विशेष किसिमका सुविधा सम्पन्न महलहरू बनाएका थिए । सारथी छन्न र विश्वासि पात्राहरू सहित ऋतु अनुसार उनी त्यही निवास गर्न थाले । राजकुमार सुख सयल र भोग बिलासमा लिप्त होस् भन्नका लागि अन्तपुर भवनमा सुन्दरीहरूको एकसा एक व्यवस्था मिलाइएको थियो । तर, सुन्दरीहरूको सुन्दरता, काम र वास्ना प्रति उनको कुनै आकर्षण भएन !

शाक्यमुनि सिद्धार्थ गौतमको पूर्व जुनिमा श्वेतकेतु बोधिसत्व भएको कुरा उनलाई राम्ररी जानकारी थियो । उनको उद्देश्य के हो ? भन्ने विषयमा पनि उनी सचेत थिए । तर, मानव योनिमा जन्म लिएको हुनाले उनले त्यही आचरण अनुरुप कर्म गर्नु पर्ने उनको दायित्व थियो । उनी त्यही दायित्वलाई पूर्ण रुपमा निभाउने सिलसिलामा प्रयत्नरत थियो ।

## ६. गौतमको शाक्य संघमा दीक्षन्तः

शाक्य वंशको राज्य व्यवस्था संघको नियम अनुसार चल्दथ्यो । २० वर्ष उमेर पुगेका कुमारहरू संघमा दीक्षा लिनु पर्दथ्यो । त्यही नियम अनुसार सिद्धार्थको दीक्षान्त समरोहका लागि शाक्य सभासदहरू संघको संस्थागरमा राजसभा बस्यो । कुलगुरुले सभामा राजकुमार सिद्धार्थलाई दीक्षान्तका लागि प्रस्ताव गरे ।

शाक्य संघको नियम अनुसार संस्थागरको प्रमुख सेनापति हुन्थ्यो । राजकुमार सिद्धार्थ गौतमको उमेर २० वर्ष पुगिसकेको छ । नियम अनुसार उनलाई दीक्षान्त गरी संघको सदस्य घोषणा गर्नु पर्छ । प्रस्तावमा कसैको बिमति भए स्पष्ट भन्न सक्नु हुन्छ सेनापतिले भन्यो ।

दोस्रो पटक र तेस्रो पटक पनि त्यही कुरा दोहोरायो । अन्तिम पटकमा पनि कसैले बिरोध गरेन । दीक्षान्त प्रस्तावलाई तीन पटक दोहोराएर पास गर्नु पर्ने संघको नियम थियो । त्यही नियम अनुसार प्रस्ताव पास भए पछि आजदेखि शाक्यमुनि सिद्धार्थ गौतम शाक्य संघको बैधानिक सदस्य भएको सेनापतिले घोषणा गर्यो । उपस्थित सबैले ताली पिटेर स्वागत गर्यो ।

सेनापतिको घोषणा पछि कुलगुरु बाचस्पतिले शाक्य कुमार शाक्यमुनि सिद्धार्थ गौतमलाई आफ्नो स्थानबाट उठेर दीक्षान्तको सपथ लिनु भन्यो। कुलगुरुले भने बमोजिम उनले साथसाथमा दोहराएर मन र बचनले सपथ लिए।

१. म सिद्धार्थ गौतम आजको मितिदेखि मन, बचन र कर्मले निष्ठा पूर्वक शाक्यहरूको स्वार्थको रक्षा गर्नेछु।
२. शाक्य संघको सभामा नियमित उपस्थित हुनेछु।
३. भय र पक्षपात रहित भएर शाक्यहरूको प्रत्येक गुण र दोष छुट्ट्याउने छु।
४. कसैले मलाई दोष दियो भने पनि क्रोध गर्ने छैन। दोषी ठहर भएमा आफ्नो दोष स्विकार गर्नेछु।



५. मैले व्यभिचार, चोरी, हत्या र भुठो साक्षी दिएमा संघको सदस्यबाट निस्काषण हुनेछ।

मलाई संघको नियमको बारेमा जानकारी गराउनु भएकोमा कुलगुरु बाचस्पति प्रति कृतार्थ छु। म तपाइँहरूलाई विश्वास दिलाउन चाहन्छु कि, उपरोक्त नियमहरूको पूर्णरुपमा पालना गर्ने प्रयास गर्नेछु, भनि शाक्य संघको बिधि बिधान अनुसार उनले सपथ लिए।

यसरी शाक्यमुनि सिद्धार्थ गौतमले बैधानिक रुपमा शाक्य संघमा दीक्षान्त लिएर संघको सदस्यता ग्रहण गरे पछि युवराजको हैसियतले सामाजिक समानता र शोसन रहित समाजको परिकल्पना गर्दै निष्ठा पूर्वक आठ वर्षसम्म मन, बचन र कर्मले संघको उत्कृष्ट सेवा गर्यो।



यसरी सेवा गर्ने क्रममा कपिलबस्तु राज्यको सिमा सुरक्षाका साथै सम्पूर्ण गाउँ र नगरको भ्रमण गरी सर्वसाधरण

जनमानसको इच्छा, आकांक्ष, चाहना र आवश्यकता अनुसारको बिकास योजना तयार गर्ने क्रममा सक्रिया रहे। यिनै कारणहरूले गर्दा, युवराज शाक्यमुनि सिद्धार्थ गौतम जनमानसमा अत्यन्तै लोकप्रिया थिए । उनी जहाँ पुग्थे त्यही जनसमुदायको भिड लाग्थ्यो। मानो युवराज शाक्यमुनि गौतम नै कपिलबस्तु थियो। वा कपिलबस्तु नै शाक्यमुनि गौतम थियो।

## ७. शाक्य संघमा संकटकाल घोषणाः

गृष्म ऋतुमा रोपाइँको समय थियो । रोहिणी नदीको पानीको बाँडफाँडको सवालमा शाक्य र कोलियाहरूबीच मतभेद भयो। दुबै पक्षमा हातापात भएर कैयौं किसानहरू घायल पनि भए । यस बिबादलाई सुल्झाउनका लागि सेनापतिले विशेष अधिवेशन बोलायो र कोलिया बिरुद्ध युद्ध गर्ने प्रस्ताव गर्यो। यदि कसैलाई प्रस्तावमा बिरोध भए आफ्नो मन्तव्य दिन सक्दछ, सेनापतिले स्पष्ट शब्दमा भन्यो।

'म यो प्रस्तावको बिरोध गर्दछु,' युवराजले भन्यो।

'किन, के कारणमा बिरोध ?' सेनापतिले सोध्यो।

किनभने, कोलियाहरूसँग युद्ध गरेर एक पटक समाधान खोज्न सकिन्छ। तर, यसबाट सधैंका लागि वैरभाव समाप्त हुँदैन । आजको कमजोर कोलियाहरू भोली बलवान हुन सक्दछ । आपसमा द्वन्द्व भए पछि जनधनको क्षति हुन्छ । रगतको खोलो बग्छ। यस्तो अवस्थाबाट समृद्ध कपिलबस्तुको पतन हुने निश्चित छ। त्यसैले, युद्ध आरम्भ गर्नु भन्दा पहिले एक पटक कोलियाहरूसँग पनि शान्ति संझौताको प्रस्ताव गर्नु उपयुक्त हुन्छ। उनीहरूको सुझाव के हुन्छ ? त्यही अनुसारको

रणनीति तयार गर्न उपयुक्त हुन्छ, गौतमको सुझाव तार्किक एवं सान्दर्भिक थियो । त्यसैले कोलियाहरूसँग युद्ध वा शान्ति संझौता कुन चाहि प्रस्ताव उपयुक्त हुन्छ भनी शाक्य संघमा मतदान भयो । मतदानमा युद्धको पक्षमा बहुमत देखियो । सेनापतिको प्रस्तावको बिरुद्धमा कसैले पनि मतदान गर्ने साहस गरेन ।

भोली पल्टा फेरी संघको अधिवेशन बस्यो । कोलियाहरू बिरुद्ध युद्ध गर्नका लागि २० देखि ५० वर्षसम्मका पुरुष शाक्यहरू र शाक्य सर्मथक मित्र शाक्तिहरूलाई अनिवार्य सैनिक सेवामा सामेल हुनका लागि संघमा मतदान गर्न सेनापतिले प्रस्ताब गर्यो । संघमा मतदान भयो ।

युवराज गौतमले त्यस प्रस्तावको पनि बिरोध गर्दै बिपक्षमा मतदान गर्न अपील गर्यो । राजकुमार गौतमले थप तर्क दिँदै भन्यो, 'म यो अनिवार्य सैनिक सेवाको फेरी पनि शसक्त रुपमा बिरोध गर्दछु ।' किनभने, यो प्रस्ताव शाक्यहरूको दीर्घकालिन हितमा छैन ।

त्यसैले, म यो सेवामा सहभागी हुँदैन । दीक्षान्तको समयमा मैले लिएको सपथको पनि पूर्ण स्मरण छ । त्यो सपथ शाक्यहरूको हित, समाजिक समृद्धि र कपिलबस्तु राज्यको सुरक्षाको सवालमा थियो । कसैको बिरुद्धमा युद्धको लागि थिएन । युद्ध अन्तिम बिकल्प हो । युद्ध भए पछि हाम्रो राज्य पूर्णरुपमा बिभाजन हुन्छ । रक्तपात हुन्छ । जनधनको ठुलो

क्षति हुन्छ। युद्धमा बीरगति प्राप्त गरेका सैनिकहरूको आश्रित परिवारका लागि भरण पोषण गर्ने जिम्म राज्यको हुन्छ। त्यो अत्यन्तै बोझिलो हुनेछ । त्यसैले त्यो भन्दा पहिले अन्य मार्गहरूको पनि उपयोग गर्न अनिवार्य देखिन्छ। यो अवस्था कोशल नरेशको जानकारीमा पुगे पछि संधीया अधिकारमा पनि कटौती हुन सक्ने चेतवनी दियो।

हिजोसम्म उनको पक्षमा मत दिएका समर्थकहरूले पनि सेनापतिको बिरुद्ध मतदान गर्दा, हुन सक्ने भयबाह परिस्थितिको कारण मौन समर्थन दिए। परिणाम, युवराज अल्पमतमा परे।

शाक्य संधको सेनापति युवराज शाक्यमुनि सिद्धार्थ गौतमको असाधारण प्रतिभासँग अत्यन्तै भयभित थिए । युवराजको उर्लिदो प्रतिभाको सामुन्ने सेनापति दिउसोको तारा जस्तै थिए । त्यसैले आफुलाई अनुकुल हुने उपयुक्त समय मिलाएर युवराजलाई नराम्रोसँग पतन गराउने उनको नियोजित षड्यान्त्र थियो । उनी लामो समयदेखि उपयुक्त समयको पर्खाइमा थिए। आजको समय सेनापतिलाई उपयुक्त लागेको हुँदा, यसैको फायदा उठाउदै युवराज गौतमले संघको नियम, दीक्षान्तको सपथ र अधिवेशनको बहुमतको अवहेलना गर्यो भन्दै, अभियोग लगाए। उनको आदेशको अगाडि कसैले पनि केही बोल्ने साहस गरेन । राज्य शक्तिले ब्यक्तिलाई कसरी दमन गर्छ भन्ने कुरा यो घटनाबाट स्पष्ट हुन्छ। त्यसैले उनलाई पाँचवटा बिकल्प मध्ये एउटा रोज्नका लागि चेतवनी दिन्छु,

सेनापतिले ठाडो आदेश दियो ।

१. अनिवार्य सैनिक सेवामा सहभागी ।

२. फाँसीको सजय ।

३. देश त्याग ।

४. परिवारलाई सामाजिक बहिस्कार ।

५. सम्पत्तिको सर्वस्वहरण ।

युवराज शाक्यमुनि सिद्धार्थ गौतमले शाक्य संघको नियम बिपरित आचरण गरेको हुनले उनको बिरुद्ध यो पाँचवटा बुँदामा 'पक्ष र बिपक्ष'मा मतदान गर्न संघलाई अनुरोध गर्यो । संघले बहुमत दियो । अब गौतमका लागि बिकल्प रोज्नु बाहेक अरु मार्ग बाँकी थिएन ।

युवराज गौतमले शाक्य संघलाई सम्बोधन गर्दै भने, 'हे शाक्य संघका प्रमुख सेनापतिज्यू,' मान्यजन गुरुवरहरू र सभासदहरू, शाक्य संघले सर्वसम्मतबाट पारित गरेका प्रस्तावमा मेरो कुनै संका छैन । बिकल्प नं १ बाट उत्पन्न भएको समस्याको मूल जड म हो । मेरो कारणबाट परिवारलाई कुनै नोक्सानी र अपमान भएको सहन गर्न सक्दैन । त्यसैले, बिकल्प २ र ३ मा मतदान होस्, सिद्धार्थले शाक्य संघलाई अनुरोध गर्यो ।

युवराज गौतमको अनुरोधमा बिकल्प नं २ र ३ मा मतदान भयो । बिकल्प नं ३ मा बहुमत देखिएकोले गौतमले 'देश त्याग' गर्ने अनिवार्य सर्त भयो ।

'हे शाक्य संघ,' म लामो समयदेखि यही चिन्तामा थिए कि भोग बिलासमा असक्त भएका मानिसले संसारिक त्याग कसरी गर्ने ? तर, आज शाक्य संघमा शक्ति संघर्ष र आपसी मतभेदका कारण मेरो चेतना खुल्यो। अब मेरो सही मार्ग प्रशस्त भएको छ। यस अर्थमा शाक्य संघलाई धन्यवाद दिन चाहन्छु। साथै संघलाई बिश्वास दिलाउन चाहन्छु कि बिकल्प नं ३ अनुसार एक हप्ता भित्र देश त्याग गर्ने छु। तर, मैले कपिलबस्तु राज्यको सीमाना पार नगरेसम्म कोलिया बिरुद्ध युद्धको घोषणा नहोस् । किनभने मेरो मतको कारणले शाक्य संघलाई कुनै बाधा नहोस गौतमले तार्किक रुपमा अनुरोध गर्यो ।

युवराज गौतमको तर्क सर्वमान्य छ, सेनापतिले भन्यो र शाक्य संघले पनि त्यही अनुसार अनुमोदन गर्यो । यसरी कपिलबस्तु राज्यको संघमा अहंकारी राजनीतिक तनाव व्यक्तिगत स्वार्थ र राज्य शक्तिको दुरुपयोगको कारण बिशेष अधिवेशन दुःखद् मोडमा समाप्त भयो। यहीबाट शाक्य राज्यको पतन आरम्भ हुन्छ।

युवराज गौतमको यस प्रकारको अप्रत्यसित निर्णयबाट राजा शुद्धोधन, यशोधरा, कुलगुरु उनका सहयोगीहरू र कपिलबस्तुवासी अत्यन्तै दुःखी भए। तर, यस घटनाबाट कुमार देवदत्त र उनका मतियारहरू भने सर्व शक्तिमान भएर उदाए।

अब कुमार देवदत्त बाहेक शाक्य कुलमा युवराज हुने अरु उम्मेदवार कोही पनि थिएन। युवराज गौतमलाई नियोजित

ढंगबाट देश त्याग गर्न बाध्य बनाउने षड्यान्त्रमा सफल भएकोमा कुमार देवदत्त, सेनापति र उनका मतियारीहरूले राज्यमा धुमधामसँग खुसियाली मनाएर उत्साहित भए ।



अब शाक्य संघमा उनका बिरोधिहरू कोही थिएन । एकलौटी शासन र दमन शाक्य कुलले उपहार पाएका थिए । प्रजा बाहेक नागरिकहरू कोही पनि थिएनन् । युवराज सिद्धार्थ गौतमको पराजयमा सम्पूर्ण कपिलबस्तुवासी अत्यन्तै दुःखि थिए। दमनकारी शासन ब्यवस्थामा दुःख पनि ब्यक्त गर्न नपाइने कस्तो शास्ति थियो । टोल टोलमा सुरागीहरूको बिगबिगी थियो ।

## ८. शाक्यमुनि गौतमले गृहत्यागः

उपरोक्त घटनाक्रमले युवराज गौतमले देश त्याग गर्ने सवालमा प्रवज्य ग्रहण गर्ने बाहेक अरु कुनै बिकल्प थिएन। त्यसैले, माता, पिता, कुलगुरु, यशोधरा सबैलाई सान्तवना दिए। प्रिय यशोधराले केही अप्ठेरो पार्ने पो हो कि, भन्ने मनमा शंक थियो। तर, उल्टै राहुलको पालन पोषणमा तपाइँले कत्ति पनि चिन्त लिनु पर्दैन। तपाइँको मूल उद्देश्य नै 'बुद्धत्व' प्राप्त गर्नु हो। 'बुद्धत्व' प्राप्त गरे पछि सत्यको 'अमृत बचन' सुनाउन दरबारमा वापस आउने बचन दिनु होस्, यशोधराले मन दह्रो गरी भनिन र लामो साँस फेरिन्।

'हे यशो,' तिम्रो बचन पुरा हुनेछ। यो संसारमा मानिस मरे पछि उनको सम्पत्तिको उत्तराधिकारी हुने धेरै हुन्छन्। तर पुण्यको उत्तराधिकारी पाउन कठिन छ। म त्यसैको खोजिमा जाँदैछु, सिद्धार्थले भने।

यसरी, शाक्य संघ र परिवारजनको उपस्थितिमा असाड पूर्णिमाको दिन २९ वर्षको उमेरमा कपिलबस्तुमा अवस्थित ऋषि भारद्धाजको आश्रममा युवराज गौतमले स्वेच्छाले महाप्रवज्यबाट भिक्षुत्व ग्रहण गर्यो। यो समाचार आसपासका

राज्यहरूमा जंगलको आगोझैं रातौरात फैलियो । जनपथका प्रत्येक सडक र टोलमा स्त्री, पुरुष युवा, युवती, बृद्ध सबैको मुखमा महाप्रवज्य ! महाप्रवज्य ! महाप्रवज्य ! गुन्जियो ।






युवराज शाक्यमुनि सिद्धार्थ गौतमले महाप्रवज्य लिनको कारणमा फरक फरक मतहरू पनि छन् । त्यस मध्ये धार्मिक मतले के भन्छन भने, दिनदुखी, असक्त, रोगी, बृद्ध र मुर्दा देखेर बैराग्य उत्पन्न भयो । त्यसैको कारणमा रातको समयमा राहुललाई एक नजर हेरी सन्यास लिएका हुन पनि भन्दछन् । महाप्रबज्यमा यो पनि एउटा कारण हुन सक्दछ । तर, 'शाक्य संघको इतिहास'ले उपरोक्त घटनाक्रमको स्पष्ट रुपमा साक्षी दिएको छ कि महाप्रवज्यको मूल कारणमा 'देश त्याग' गर्ने बाध्यात्मक अवस्थाले शान्तिको खोजिलाई तर्कसंगत

हुनकासाथै बलियो आधार दिन्छ।

शाक्यमुनि सिद्धाथ गौतमले १० वर्षसम्म युवराजको पदभार निभाएका थिए। यस दौरान कपिलबस्तुको सीमाना भित्र रहेका प्रत्येक टोल, नगर र बस्तीको सामाजिक, राजनीतिक, आर्थिक र भौगोलिक अवस्थाको पूर्णरुपमा जानकारी लिएका थिए। यस दौरान उनले कुनै दिन दुखी, असक्त, रोगी, बृद्ध र मुर्दा नदेखेकै हुन त ? यसबारेमा कुनै जानकारी नभएकै हो त ? यो कुरा कसैले मान्ने वा नमान्ने अलग हो। तर, यसमा कुनै बलियो तर्क छैन। मानव योनीमा जन्म लिएका 'श्वेतकेतु बोधिसत्व'लाई आफ्नो जन्मको उद्देश्यको बारेमा पूर्ण जानकारी थियो। तर सामाजिक मुल्य र मान्यताको आधारमा हुन सक्ने घटनाक्रम हरूलाई ऐतिहासिक साक्षी दिनु बाहेक उनीसँग अन्य बिकल्प थिएन। त्यसैले, शाक्य कुलमा चक्रवर्ती राजा भएर एक पुस्ता शासन गर्नु भन्दा 'बुद्धत्व' प्राप्त गरेर, सम्पूर्ण मानव जातिको कल्याण गर्न परम् आवश्यक ठानेर महाप्रवज्य लिनु भयो। यस बारेमा शाक्यमुनि सिद्धार्थ गौतम पूर्णरुपमा सचेत थिए।

यसरी सिद्धार्थ गौतमले महाप्रवज्य लिए पछि पहेलो कपडामा खालि खुट्टा आश्रमबाट प्रस्थान गर्न थाले। उपस्थित जनसमुदायले आश्रु धारा बगाउदै गौतमको जय ! जयकार

गरे ! सारथी छन्नले उनको प्रिया घोडा कन्थकलाई तयार गरे। छन्नको आग्रहमा कन्थकमा सवार भएर बिस्तारै अनोमा नदीतिर प्रस्थान गरे।

साँझ पख कपिलबस्तुको अन्तिम सीमाना अनोमा नदीको किनारमा पुगे पछि कन्थकलाई लिएर घर फर्कन छन्नलाई अनुरोध गरे।

छन्नले नाना प्रकारका बिलाप गरेर आश्रु धारा बगाउदै भने– 'यो बिधिको बिडम्बना पनि कस्तो ?' ऐश्वर्यको नाउँमा दरिद्रता समृद्धिको नाउँमा भिक्षाटन, राजमहलको नाउँमा बनबास ! यो बैराग्य भन्ने जीवन पनि कस्तो अचम्मको हो ? युवराजले यस्तो कठिन जिवन किन रोजे ? यस्तो घना जंगलमा कहाँ जाने ? के खाने ? के पिउने ? कहाँ बस्ने ? सारथी छन्नले आफ्नो मनको भाव पोख्दै बिरहमा चुर्लुम्म डुबेका थिए। उनलाई के राम्रो के नराम्रो ? कर्तव्यको पथबाट उनी बिलिन भैसकेका थिए। सिद्धार्थले उनको बास्तबिक अवस्था बुझे पछि केही नबोली उनको काँधमा एक दुई पटक थप्थपाए। आफ्नो तरवारले कपाल मुन्डन गरे। त्यसपछि मातृभूमिको माटोलाई एक पटक ढोग गरी, एक मुट्ठी माटो चिबरमा पोको पारेर अनोमा नदी पार गरी कपिलबस्तुको अन्तिम सीमाना पार गरे।



यही नदीबाट युवराज शाक्यमुनि सिद्धार्थ गौतमको बास्तविक प्रवज्य यात्रा आरम्भ हुन्छ। यही यात्राको जगमा टेकेर उनले बुद्धत्वको खोजि गर्नेछ। खोजि कार्य कसरी हुन्छ ? अगामी अध्यायमा राम्रोरी बुझ्न सकिन्छ।

## ९. शाक्यमुनि गौतमले बुद्धत्वको खोजीः

राजदरबारको सुख शैलमा हुर्किएको सिद्धार्थ गौतमले खालि खुट्ट पैदल यात्रा गर्नु पर्यो । प्रथम दिनको पैदल यात्रा कति पिडादायक भए होला ? शब्दहरूमा बर्णन गर्न सकिन्न ? तर उनको प्रतिज्ञा र उद्देश्य प्राप्तिको मार्गमा यो पिडा साधरण जस्तै थियो। उनीसँग आत्मबल थियो। त्यसैको जगमा अनोमा नदी तरे पछि, मगध राज्यतिर बड्यो। मगध राज्यको राजघानी राजगृह थियो। राजगृह समृद्ध भएकाले प्रख्यात दार्शनिकहरू र पण्डितहरूको जमात त्यस वरिपरी जमघट भैरहन्थ्यो।

बाटोमा बिशाल गंगा नदी तरेर मगध प्रवेश गर्यो। बाटोमा जाँदै गर्दा, 'साकी, पद्म र रैवत' नामक ब्राह्मनहरूको आश्रममा बस्दै गयो । सबैले उनलाई स्वागत एवं सत्कार गरे । दिउसो बाटोमा हिँड्दै गर्दा पनि बटुवाहरूले आदार सत्कार गर्दथ्यो । तर, उनको अबिराल यात्रामा आदार सत्कारको खासै महत्त्व थिएन। उनको लक्ष्य थियो बुद्धत्वको खोजि र प्राप्त गर्ने ।

कपिलबस्तुदेखि राजगृह नगर लगभग ६५० किलो मिटरको दुरीमा थियो । यति लामो कठिन पैदल यात्रा पछि, पाण्डव पर्वतको सुन्दर बनबागमा पुगे। पाण्डव पर्वत पाँचवटा

पर्वतले घेरिएको रमणिय बनबाग थियो। त्यहाँ मौसम अनुसारको कन्दमूल र फलफूलहरू प्रशस्त मात्रमा प्राप्त हुन सक्ने भएकाले त्यही घाँटीमा घाँसफुसको सानो कुटी बनाएर बिश्राम गरे।

भोली पल्ट बिहानै राजगृह नगरमा भिक्षाटनका लागि गए। सिद्धार्थ गौतमको शारीरिक बनावट, चालढाल हिँडाइ, बोलाइ शिष्ट भाषा, करुणा र असाधारण स्वभाव देखेर सबै बटुवाहरू आश्चर्य मान्दथे। यस्तो महातेजस्वि साधु नगरमा प्रथम पटक देखिएकोले बटुवाहरूले पछ्याउन थाले। राजदरबारको अगाडि मानिसहरूको भीडभाड देखिएकाले, मगध नरेश बिम्विसारले दरबारको सुरक्षा प्रमुखलाई यसको कारण सोधे ?

महाराज, यो महातेजस्वि साधु कपिलबस्तुको शाक्य राजकुमार शाक्यमुनि सिद्धार्थ गौतम हुन्। जस्को नामाकरणको समयमा पण्डितहरूले चक्रवर्ती राजा हुने वा सन्यास लिए 'बुद्धत्व' प्राप्त गर्ने भविष्यवाणी गरेका थिए। कोलिया र शाक्यहरूबीच आपसी द्वन्द्वका कारण प्रवर्जित भएका हुन्। गुप्तचरबाट प्राप्त सूचना अनुसार पाण्डव घाँटीमा कुटी बनाएर बसेको जानकारी प्राप्त भएको छ। आज बिहान मात्र प्रथम पटक भिक्षाटनका लागि राजगृह नगर आएका हुन्, सुरक्षा प्रमुखले भन्यो।

'साधु ! साधु !! साधु !!!' महाराज उत्तेजित भए।

गुप्तचरहरूलाई उनको निगरानी राख्नु भन्नु । तत्कालै पाण्डव पर्वततिर प्रस्थान गर्न सानो दलबलको व्यवस्था गर, राजाबाट आदेश भयो ।

आदेश अनुसार पाण्डव पर्वततिर प्रस्थान गरे ।

'गौतमले बिहान प्राप्त गरेको भिक्षा पात्रमा हेरे ।'

के यो त्यही खाना हो ? जो साधारण मानिसहरूले खान्छन् ? आफैले आफुलाई सोधे ? केही समय आधिसम्म म युवराज थिए । अब म साधारण सन्यासी हुँ । मैले भिक्षामा जे प्राप्त हुन्छ त्यही ग्रहण गर्नु पर्छ, मनमनै सौँचे र भोजन ग्रहण गर्न थाले ।

भोजनमा खासै स्वाद नभएकोले राजदरबारको राजभोगको स्मरण भयो । खाउँ कि नखाउँ भन्ने दुबिधमा थिए । तर गौतमलाई प्रचण्ड भोकले आक्रमण गरिसकेको थियो । भोजन भन्दा भोक मिठो । त्यसैले, भोजन ग्रहण गरिरहेको थियो । ठीक त्यही समय पाण्डव पर्वतको शिखरमा महराज बिम्बिसार पनि राजकीय सम्मानकासाथ उकालो हिँड्दै आइपुगे ।

गौतमलाई उनी महाराज बिम्बिसार हुन भन्ने जानकारी थिएन । फेरी पनि राजगृहको क्षेत्रमा राजकीय सम्मानकासाथ आएको हुनाले उनी राजा श्रेनिय बिम्बिसारनै हुन् भन्ने शाक्यमुनि गौतमको ठम्याइ थियो ।

मगध नरेश, बिम्बिसार गौतमको नजिकै गएर सन्यासी हरूलाई गर्नु पर्ने राजमर्यादि प्रकट गर्दै यसो भने, 'हे सन्यासधारी गौतम, तिम्रो कुलसँग मेरो घनिष्ट सम्बन्ध छ। तिम्रो बारेमा जे सुनेको थिए, आज त्यही अवस्थामा देखे। यो अवस्था देखेर म अत्यन्तै दुःखि छु। तिम्रो असाधारण प्रतिभाका कारण शाक्य संध भयभित भएका थिए। सेनापतिले सबै सैनिक अधिकारीहरू र शाक्य कुमारहरूलाई यति धेरै उत्तेजित गरिदिएका थिए कि उनीहरूले सही र गलत के हो ? छुट्याउन सकेनन् ! तिमी यही परिस्थितिको शिकार भएको हो। यदि यो सत्य हो भने, तिम्रो बिपक्षीहरूलाई मेरो सैनिक बलले तत्कालै कुल्चिन सक्दछ। शाक्य कुल बिपरित युद्ध न गर्ने तिम्रो मनसाय हो भने, मगधको आधा राज्यमा तिम्रो अधिकार दिन्छु। यौवन अवस्थामा कामको भोग, मध्यमा ऐश्वर्य र बृद्ध अवस्थामा धर्म धारण गरेर मोक्ष प्राप्त गर। यही जीवनको लक्ष हो, बिम्बिसारले भन्यो।

'हे कुलभूषण करुणामय मगधाधिपति,' प्रतिकुल अवस्थामा पनि तपाइँले म प्रति देखाउनु भएको सहनुभूति एउटा असल मित्रको कर्तव्य भएको ठानेको छु। यो सहनुभूति प्रति म कृतार्थ छु। तर, म शान्तिको खोजिमा प्रवर्जित भएको हुँ। यो दुःखको संसारबाट छुटकारा पाउन सक्ने उपायहरूको खोजिमा छु। अब मेरो मन तृष्णा, काम विषय, ऐश्वर्य, भोग र वास्ना प्रति कुनै आकर्षण छैन गौतमले भन्यो।


गौतमको दृढ निश्चय देखे पछि, आफ्नो उद्देश्य प्राप्त भए पछि उपदेश दिन राजगृह आउने बचन माँगे।

गौतमले सहमति जनाए पछि बिम्बिसार दरबार फर्किए। बाटोमा फर्किँदै गर्दा, राजा श्रेनिय बिम्बिसारको मनमा अनेकौ तर्क बितर्कहरू खेल्न थाले। शाक्य कुलमा जन्मिएको नामाकरणको समय चक्रवर्ती राजा हुने वा सन्यास लिए सर्वज्ञ बुद्ध हुने, दरबारमा हुर्किएको, सुख शैलमा रमाएको राजकुमार संघको मतदानमा अल्पमत, प्रवज्य लिएर सन्यासी भेषमा, खालि खुट्टा भिक्षामा जिविका आदि आदि दृष्यहरू उनको दिमागमा फिल्मि दृष्यझै घुमिरहेको थियो। एक्कासी रथ रोकिए पछि मनको तरंग पनि टुट्यो। त्यस समय उनको रथ दरबारको ढोकाको सामुन्ने खडा थियो। गह्लुंगो मन लिएर रथबाट ओर्लिए पछि बिचित्रको संसारमा के देख्न र सुन्नु पर्ने हो ? टाउको हल्लाउदै गह्लुगो मन लिएर द्वारतिर लम्किए।

समयको हरेक काल खण्डमा एकएक विषयको प्रतिष्ठा चर्चाको चुलिमा पुग्दछ। त्यस समय सन्यास लिने प्रतिष्ठाको विषय थियो। त्यसैले, गौतमको नामाकरणको समय आठ जना पण्डितहरूको समुहमा कौण्ड्य पनि थिए। उनी कान्छो पण्डित भए तापनि गौतमले सन्यास ग्रहण गरेर 'बुद्धत्व' प्राप्त गर्ने छन् भनि ठोकुवा गरेका थिए। त्यसै बिश्वासमा सन्यास लिएर उनलाई खोजि गर्दै आए। उनीसँग अश्वजित, बाष्प, महानाम र भद्रिक पनि थिए। पाण्डव पर्वतको घाँटीमा उनीहरूको भेट भयो। भेटभए पछि आपसमा भलाकुसारी भयो। सिद्धार्थले गृह त्याग गरे पछि राज्यमा शान्तिको पक्षमा नागरिक आन्दोलन भयो। परिणाम, शाक्य र कोलियाबीच शान्ति संझौता भएको सुखद समाचार सुनाए।

'मित्र हो, यो मेरो जीत हो !' गौतमले भन्यो ।

'हामीलाई मित्र भन्नको अर्थ स्पष्टसँग बुझेन नि ?,' भिक्षु कौण्डयले कुरा चपाउदै भन्यो ।



'हे मित्र कौण्ड्य,' केही समय अधि म युवराज थिए । तपाइँहरू विद्वान पण्डित । अब मैले पनि प्रवज्य ग्रहण गरी सन्यास धारण गरिसके । जहाँसम्म मैले बुझे अनुसार मित्र भनेको स्वार्थ रहित अवस्थामा एउटाले आर्काको मर्म र भावना बुझेर आपसी सहयोगको आदान प्रदान गर्नुनै मित्रको परिभाषा हो । सत्य कुरो भन्नु पर्दा, अब तपाइँ र मेरोमा के अन्तर छ र ? यसमा संकोच मान्नु पर्ने कुरा के छ ? यदि केही अन्तर छ भने, त्यो हो शारीरिक आकारमा । अथवा आचरण र बैचारिक दृढतामा । आखिर हामी सबैको लक्ष्य त एउटै हो, गौतमले भन्यो ।

'गौतमको कुरामा सबैले हाँमा हाँ मिलाए।' तर, मलाई त मित्र भन्न अप्ठेरो लाग्यो, कौण्ड्यले भन्यो।


'उप्रान्त के भन्न रुचाउनु हुन्छ त ?' उनले सोध्यो।

'आयुस्मान भन्न चाहन्छु,' कौण्ड्यले भन्यो।

पण्डित कौन्ड्य उनको गुरुकुलको आठौं कान्छा गुरु थिए। त्यसैले, उनको कुरा नकार्न सकेन। उनी चुपचाप बसे। त्यस पछि उनीहरूबीच मित्र र आयुस्मानको नातामा सँगसँगै ज्ञानको खोजि गर्न थाले।

त्यस समय आलार कालाम नामक योगी सांख्य दार्शनमा प्रख्यात थिए। उनैको आश्रम खोज्दै गए। यसरी जाँदै गर्दा बाटोमा भुगु ऋषिको आश्रममा पसे। त्यहाँ उनले प्रथम पटक सन्यासीहरूको योग, तपस्य, साधना र समाधिको बारेमा जानकारी पाए। त्यसपछि डुल्दै, चाहर्दे आलार कालामको आश्रम खोज्दै बैशाली पुगे। त्यहाँ उनले आलार कालाम र उद्दक रामपुत्तसँग सांख्य दर्शन, ध्यान र समाधि मार्गको अध्ययन गरे। त्यसपछि राजर्षि नैंगरीको आश्रम खोज्दै गया पुग्यो। उनको आश्रम उरुवेलको नेरन्जना नदीको किनारमा भएकोले शान्त बातावरण थियो। त्यही ध्यान र साधना गर्न थाल्यो। उनको साथमा कलिबस्तुबाट आएका पञ्च बर्गिय भिक्षुहरू पनि थिए।

गौतमले गृहत्याग गरे पछि बुद्धत्व प्राप्त गर्नु भन्दा पहिले ६ वर्षसम्म महातपस्य गर्यो । धेरै गुरुहरूको आश्रममा गएर उनको सेवा गरे । जुनजुन गुरुहरूले जेजे जस्तो जस्तो प्रकारको तपस्य र साधना गर्नु भन्यो, एकदमै निष्ठा र बिधिबिधान अनुसार गर्यो । एक पछि अर्को साधना गर्यो । तर, अहंकार तृप्त भएन ! अर्थात दुःखको संसार समाप्त भएन ! तपाइँले जेजे गर्नु भन्यो मैले निष्ठा पूर्वक सबै साधना गर्यो । तर, अहंकार तृप्त भएन ! उनले गरेको साधना एकदमै अपूर्व थियो । कुनै पनि गुरुले तिमीले ठिकठिकसँग साधना गरेन । त्यसैले तृप्त हुन सकेन भनेर भन्न सक्ने कुनै पनि अवस्था थिएन ।




आलोकाँचो गुरुहरू त सबै गौतमको निष्ठा पूर्वक साधना र आचरण देखेर परपर भाग्न थाल्दथे । अन्तमा, गुरुले क्षमा माग्यो र भन्यो, अब तपाइँ अर्को कुनै नयाँ गुरुलाई खोज्नु

भनेर भन्यो । गौतमको असाधारण प्रतिभाको कारण यही क्रम प्रायः जसो आश्रममा भयो । यही आचरणका कारण सन्यासी जगतमा गौतम अत्यन्तै प्रख्यात भए ।

यसरी गुरुको आश्रम खोज्दै जाने क्रममा एउटा नयाँ आश्रममा पुगे । त्यहाँ गुरुले भन्यो, 'हेर गौतम,' ध्यान गर्ने र मन्त्र पढने समयमा बाँदरको स्मरण गर्नु हुँदैन । अब समस्य के थियो भने, ध्यानको समयमा जति उपाय गर्यो त्यतिनै बाँदरको स्मरण बढदै जान्छ । बाँदरको स्मरण बढदै गए पछि ध्यान स्थिर हुँदैन । स्थिर नभए पछि चित्त शान्त हुँदैन । शान्त नभए पछि केको लागि ध्यानमा बसेको हो ? त्यो कुरा स्पष्टसँग प्रतिविम्ब हुन सक्दैन । प्रतिविम्बित नभए पछि सही र गलत मार्गको बास्तविक अवस्थाको जानकारी हुन सक्दैन । त्यस बेलाका गुरुहरूको आश्रममा नयाँ श्रमनेरहरूको लागि यस प्रकारको अस्वभाविक शर्तहरू बाँधिएको हुन्थ्यो । जुन शर्तहरूको पालना केवल महासंकल्पवान व्यक्तिले बाहेक सर्वसाधरणको लागि सम्भाव थिएन । गौतम महासंकल्पवान व्यक्ति थियो । सब दाउमा लगाउन जान्दथ्यो । क्षेत्रिय थियो । उनी कुनै व्यापारी थिएन । नाफा नोक्सानको धन्दा गरेर मन्दीरमा घन्टी बजाएर वा रामराम हरिकिर्तन गरेर सत्यको ज्ञान पाइहाले ठिकै छ, नपाए केही छैन भन्ने अवस्थामा थिएन । उनले सबै खोज्यो । तर चिताए अनुसारको ज्ञान प्राप्त हुन सकेन । उनी यही चिन्तामा अल्मलिरहेको थियो ।

एकदिन एउटा गुरुले भन्यो । दिन प्रतिदिन भोजन कम गर्दै जानु । जुन दिन भोजनमा एउटा मात्र चलमको दाना रहन्छ त्यो दिन ज्ञान प्राप्त हुन्छ । गौतमले त्यही अनुसार भोजन कम गर्दै गयो । छ महिनमा एउटा चामलको दाना मात्र भोजन भयो । ज्ञान त प्राप्त भएन । तर, शरीर पूर्णतय बिनास भयो । शरीरमा हाड्डी र छाला मात्र बाँकी रह्यो । उरुवेलको नेरन्जना नदी तरेर भिक्षाटनमा जानु पर्ने थियो । त्यो दिन सानो नदी पनि तर्न सकेन, बाटैमा ढल्यो । एउटा घाँसको जरालाई समात्यो । त्यो पनि समात्न सकेन ! हात खुट्टा फतक्क गल्यो तब सिद्धार्थको चेतना खुल्यो । मलाई यो के भयो ? भवसागर तर्ने इरादाले सन्यास लिएको हुँ ! तर, आज यो सानो नदी पनि तर्न सकेन ? एक छिन त्यही बिलुप्त अवस्थामा लडिरहे ! तत्काल केही गर्ने ताकतै भएन ।



यो घटना उरुवेलको नेरन्जना नदीको किनारमा भएको थियो । यस घटना पछि गौतमको पूर्ण रुपमा चेतना खुल्यो । आफुले चिताए अनुसारको ज्ञान प्राप्त गर्नका लागि सर्वप्रथम शरीर बिज्ञानको नियमित प्रकृयालाई पालन गर्न आवश्यक महशुस भयो । भौतिक शरीरनै छैन भने ज्ञान प्राप्त कसरी गर्ने ? त्यसैले सन्तुलित भोजन गर्न थाले ।

यसरी गौतमले नियमित भोजन गर्न थाले पछि लामो समयदेखि उनको सत्सँगमा रहेका पञ्चबर्गिय भिक्षुहरूले मनमा सौँच्यो कि, अब यो गौतमले उपवासको महासंकल्प ब्रत तोड्यो । उपवास तोडे पछि पथभ्रष्ट र पतित हुन्छ । अब यो महानरक बास हुन्छ । यसले परम् ज्ञान प्राप्त गर्न सक्दैन । यसको सत्सँगमा बसेर कुनै ज्ञानको लाभ हुँदैन भनि त्यागेर गए ।

गृहत्याग गरिसकेका भिक्षुहरूमा पनि कस्तो कुण्ठा हुँदोरहेछ भन्ने कुरा पञ्चबर्गिय भिक्षुहरूको कथाबाट स्पष्ट हुन्छ । अर्थात उनको निजि स्वार्थ पुर्तिका लागि मित्रको पनि त्याग गर्न सक्दोरहेछ भन्ने कुराको प्रमाण यहाँ देखिन आयो । भन्न खोजेको कुरा के हो भने त्यस बखत गौतमको शारीरिक अवस्था अत्यन्तै नाजुक थियो । हाड र छाला मात्र बााकी थियो । उनी उठेर कतै भिक्षामा जान सक्ने अवस्थामा पनि थिएन । जीवन र मृत्युको दोसाँधमा थियो । न ध्यान न तपस्या ।

किल्कुलै एकोहोरो साधनामा लिन थियो । त्यसबेला उनको कसैसँग केही लिनु दिनु थिएन । दुनियासँग कुनै पनि सम्बन्ध थिएन । बस् एकोहोरो ध्यान र साधनामा लिन थियो ।

श्रृष्टिकर्तले पनि मानिसको मनभित्र कस्तो स्वभाव हालिदिए होला । अरुको तमासा हेर्न रुचाउने ? अरुको पिडामा आनन्द आउने ? त्यसबेला गौतमको अवस्था अत्यन्तै नाजुक थियो । उनको उद्दार गर्नु पर्ने ठाउँमा त्याग गर्यो ? यस अर्थमा भन्नु पर्दा, मुक्तिका लागि सन्यास लिएका सन्यासीहरूको मान पनि कति कठोर हुँदोरहेछ ? तपस्विहरूको मन र ढुंगामाटोमा केही फरक देखिएन ! तितो सत्यमा भन्नु पर्दा, तपस्विहरूको मनमा करुणा उत्पन्न नभए पछि तृष्णाको त्याग हुँदैन । तृष्णाको त्याग नभए पछि बोधिचित्त उत्पन्न हुँदैन । यो कुरा पञ्च बर्गिय भिक्षुहरूले स्पष्टसँग प्रमाणित गर्यो । भिक्षुहरूकै अवस्था यस्तो थियो भने अरुको अवस्था कस्तो हुने ? यहीनिर पञ्च बर्गिय भिक्षुहरू चुकेको देखिन्छ । यो कुरामा सिद्धपुरुषहरू सचेत रहनु पर्ने अवस्था देखिन्छ ।

## १०. शाक्यमुनि गौतमले बुद्धत्व प्राप्तः

उरुवेलको पूर्व क्षेत्रमा अवस्थित एउटा बस्तिमा सेनानी नामक सम्पन्न गृहस्थि थिए। उनको सुजाता नाम गरेकी छोरी थिइन । उनले पुत्र लाभका लागि पिपलको भाकल गरेकी थिइन। उनी प्रत्येक दिन प्रातकाल एउटा बिशाल पिपल बृक्षको फेदमा पूजा गर्न जाने थिइन। पूर्णिमाको चर्तुदशीको प्रात पूजा गर्न जाँदा, त्यही पूजा स्थलमा साक्षत भगवानको रुपमा शान्त मुद्रामा उनले भिक्षु ध्यानमा बसिरहेको देखे।



'ओहो ! मेरो कस्तो अहो भाग्य !' मेरो पूजा स्थलमा साक्षत भगवान पो ध्यानमा बस्नु भएको रहेछ । अब मेरो मनोकामना पूर्ण हुन्छ भन्ठानेर भिक्षुलाई पूजा गरी स्वर्ण पात्रमा खीरदान गरी मनोकामनाको लागि बन्दना गरिन् ।

'गौतमले पनि सुजाताको खीर ग्रहण गरे ।'

एक छिन पछि नेरन्जना नदीमा गएर स्नान गरे पछि सुजाताले दान गरेकी खीर भोजन गरे । यदि मैले सत्य मार्ग अबलम्वन गरेको छु र बुद्धत्व प्राप्त गर्न सक्ने अवस्था छ भने यो स्वर्ण-पात्र नदीको बिपरित धारमा बग्नु भनी नदीमा फालिदिए । हेर्दाहेर्दै पात्र बिपरित धारमा बग्यो । यो उनको लागि शुभ लक्षण थियो ।

'ओहो ! आश्चर्य ! साधु ! साधु !! साधु !!!'



मेरो मार्ग र संकल्पमा कुनै संदेह छैन भनी जल देवीलाई नमन गरी फर्किए । आउँदा आउँदै बाटोमा घाँसीले घाँस दान गरे । त्यही घाँसको मुठा ओछ्याएर पिपलको रुख मुनि पद्मासन लगाएर संकल्प गरे ।

प्राकृतिको नियम अनुसार प्रकृतिको अवस्था उत्पति हुन्छ ।


अर्थात नियमित वा असाधारण कुनै पनि अवस्था को घटना वा परिघटनाहरू घटित हुनु भन्दा पूर्व घटनाको प्रकृति अनुसार लक्षण वा बिलक्षण अवस्थाका संकेतहरू देखा पर्दछन् । उदाहरणको लागि भुकम्पको कम्पन, आँधीको कालो बादल, मेघको गर्जन, प्रलयको भूमारी, धनुषको टंकार, युद्धको घोषणा प्रशावको पिडा, ऋतुको परिवर्तन, परीक्षाको अध्ययन, शान्तिको प्रस्ताव, सम्बन्धको प्रेम बचन, प्रकाशको तेज र ज्ञानको उदय आदि । उपरोक्त अवस्थामा घटना र प्रकृति अनुसारको संकेत प्रत्यक्ष रुपमा अनुभाव हुन्छ । उनलाई पनि बिल्कुलै त्यही भयो । जो प्रकृतिमा हुने गर्छ ।

शाक्यमुनि गौतम पिपलको रुख मुनि घास ओछ्याएर पद्मासनमा बसे पछि संकल्प गर्यो कि, यो मेरो शरीरको हाड र छाला मात्र बाँकी रहे पनि बुद्धत्व प्राप्त नगरी यो आसनबाट उठ्ने छैन, भनि ध्यानमा बसे ।

उनको मूल उद्देश्य सत्यको खोजीमा थियो । तर उनलाई अचानक उकुस मुकुस भएर असहय पिडा भयो । शारीरिक पिडाको कारण न त ध्यान, न पद, न परमात्मा । चित्त एकदमै बिलुप्त भयो ! किनभने चित्तको मूल उद्देश्य नै, यो पाए हुन्थ्यो । त्यो पाए हुन्थ्यो भन्ने हुन्छ । महत्त्वकांक्ष नै चित्तको आत्मा हो । तर, त्यस समय पिडाको कारण उनको मनमा कुनै महत्त्वकांक्ष थिएन । सत्यको वासना पनि छुट्यो । सम्पूर्ण भावले सबै वासनालाई त्याग दियो । बिल्कुलै शुन्य अवस्थामा

पुग्यो । प्राकृतिको नियम अनुसार पनि एउटा अवस्थाबाट अर्को अवस्थामा पुग्नका लागि बिल्कुलै शून्य अवस्थामा पुग्न अनिवार्य हुन्छ । शून्यताबाट मात्र नविन जीवनको अनुभूति हुन्छ । शाक्यमुनि सिद्धार्थ गौतमलाई पनि त्यही भयो ।

गौतमको जब आँखा खुल्यो, तब आकासमा अन्तिम तारा डुब्नेवाला थियो । अन्तिम तारा डुब्दा डुब्दै उनको अन्तरात्माबाटा ज्ञानको ज्योती उदए भएर आयो ! संसारलाई प्रकाशित गर्न सक्ने 'पूर्वानुस्मृति, व्युत्पति र प्रतित्यसमुत्पाद' सहितको भूत, बर्तमान र भविष्यलाई देख्न सक्ने त्रिकालदर्शी 'बुद्धचक्षु' सहितको 'बुद्धत्व' प्राप्त भयो ! तर, यो स्वयं भयो ! यो अद्‍भूत घटना हुने बेलामा त्यहाँ न कुनै गुरुहरू थिए । न त कुनै आचार्य उपाध्याय र पञ्च बर्गिय भिक्षुहरू नै थिए ।



त्यसैले, 'मारा' अर्थात काल स्वयं त्यहाँ आएर, 'हे शाक्यमुनि गौतम,' तिमीले 'बुद्धत्व' प्राप्त गर्ने समयमा त्यहाँ कोही पनि मानिस थिएन ? यसको साक्षी को छ ? भनेर प्रश्न गर्दा, "स्वयं काल, बोधिबृक्ष, तारामण्डल र यो पवित्र बुद्धभूमि साक्षि छ," भन्यो । बुद्धको उत्तर सुने पछि 'बुद्धम शरणम् गच्छामि' भनी बुद्धलाई प्रथम पटक बन्दना गर्दै काल पनि त्यहाँबाट फर्किए । यसरी शाक्यमुनि गौतमले बैसाख पूर्णिमाको रात पिपलको रुख मुनी 'बुद्धत्व' प्राप्त गरे । शाक्यमुनि सिद्धार्थ गौतमले पिपलको रुख मुनि बोधि प्राप्त गरेको हुनाले पिपलको रुख पनि बोधिबृक्षको नामबाट परिचित भए ।

यो कुरा त्रिलोकमा पनि जंगलको आगो झैं फैलियो । त्रिलोकपति ब्रह्मा, विष्णु र महेश्वर सहित देव, असुर, यक्ष गन्दर्भ, किन्नर, नाग, गरुडा, अष्टबर्ग आदि सबैले पुष्पान्जली अर्पण गर्दै जय ! जयकार गरे ! त्यसै बखत देवेन्द्रले देव मनुष्यानो शास्ता भगवती भनी शंख घोष गरे ।

यसरी शाक्यमुनि सिद्धार्थ गौतमले बैसाख पूर्णिमाको रातमा गयाको पिपलको रुख मुनि 'बुद्धत्व' प्राप्त गरेको सुखद समाचार सम्पूर्ण ब्रह्माण्डले जानकारी पाए । यो सुखद अवस्था लामो कालखण्ड पछि भएको थियो । अर्थात लामो कालखण्ड पछि यो धर्तिले बुद्ध प्राप्त गर्यो ।

## ११. गौतम बुद्धद्वारा प्रथम धर्मानुमोदनः

यसरी गयामा शाक्यमुनि गौतमले बैसाख पूर्णिमाको रातमा पिपलको बृक्ष मुनि सत्यको 'बोध' गरे पछि आफ्नो लक्ष्य प्राप्त भएकोमा सन्तुष्ट हुनुभयो । यहाँनिर पाठकहरूले बुझ्नु पर्ने कुरा के छ भने, 'बोध' गर्नु भनेको लामो समय खोज, अध्ययन अनुसन्धान, ध्यान, योग र साधनाको अभ्यास गरेर स्वयम् आफैले जानेर बुझेर अनुभव हुनु वा गर्नु हो । आँधेरोदेखि उज्यालोको अनुभव हुनु हो। अर्थात आँखा खुल्नु हो। दृष्टि बिहिनलाई उत्कृष्ट चिकित्स हुनु हो। यहाँनिर बुझ्नु पर्ने कुरा के छ भने भौतिक आँखाले आफ्नो अगाडि रहेका र भएका भौतिक बस्तुहरूको बारेमा मात्र जानकारी प्राप्त गर्न सकिन्छ। तर, 'बोध' हुने व्यक्तिले भित्र र बाहिरा दुबै बस्तुको एकसाथ अनुभव गर्न सकिन्छ। 'बोध' हुनुको विशेषता भनेकै यही हो । यो शब्द सुन्नुमा जति सजिलो लाग्छ, साधनामा त्यतिकै अप्ठेरो र अपत्यरिलो पनि छ । त्यसैले, शाक्यमुनि गौतमलाई 'बोध' हुनका लागि ६ वर्षको समय लागेको थियो। उनले गयामा पिपलको रुखमुनि 'बोध' गरेको हुनाले पिपलको रुखलाई 'बोधि' बृक्षको नामबाटा परिचित भए।

प्राणी शास्त्रको सिद्धान्त अनुसार मानिस जन्मिए पछि प्रत्येक मानिस भित्र आ-आफ्नै वंश परम्परा र पारिवारिक संस्कार अनुसार बिकास भएको मौलिक मन हुन्छ। जसलाई 'चित्त' पनि भन्दछ। मन भित्र 'म' र चेतनाको दुईवटा अवस्था हुन्छन् । जस्लाई सकारात्मक र नकारात्मक भन्न सकिन्छ । बास्तवमा 'म' भनेको अहंकार हो । जस्मा राग, द्वेष, माया, मोह, तृष्णा काम, वास्ना विषय, भोग र आकांक्षाले प्रमुख स्थान लिएको हुन्छ। यसैका कारण मनस्थिर र तृप्त हुँदैन। तृप्त नभए पछि शान्ति हुँदैन । शान्ति नभए पछि खुसि हुँदैन । खुसि नभए पछि आनन्दको अनुभूति हुँदैन। यिनै कारणबाट चेतनाको बिकास हुँदैन। किनभने, 'चेतना' भित्र शुष्म अवस्थामा ज्ञानको दियो अविराल बलिरहेको हुन्छ। यही दीयोलाई हामी 'चेतना' भन्दछौं ।

गौतम बुद्धले अहंकार माथि बिजय प्राप्त गरे पछि 'चेतना' भित्र शुष्म अवस्थामा रहेको ज्ञानको दियोलाई प्रकाशित गर्न सफल हुनु भएको थियो । यही प्रकाशबाट परम् सत्यको 'बोध' गर्नु भएको थियो। त्यो सत्यमा "पूर्वानुस्मृति, व्युत्पति प्रतित्यसमुत्पाद" र त्रिकाल बुझ्न सक्ने 'बोधिचक्षु' सहितको 'बोधित्व' थियो।

यो पूर्वानुस्मृति भनेको सन्धि शब्द हो। 'पूर्व+अनुस्मृति' अर्थात पूर्व भन्नाले यस जन्म भन्दा पहिलेका गतिविधिहरूको

जानकारी हो। बुद्धले यसलाई बिर्य, बीज वा बिउ भन्नु भएको छ। किनभने, कुनै पनि 'बिर्य, बीज वा बिउ'को अवस्थामा आउनु भन्दा पहिले नै उसले भोग गर्नु पर्ने सम्पूर्ण क्रिया र प्रकृया समाप्त गरिसकेको हुन्छ। त्यसपछि मात्र त्यो बस्तुको अस्तित्व बिउको रुपमा रहन्छ। बुद्धले यसलाई 'पूर्वानुस्मृति' भन्नु भएको छ। पूर्वानुस्मृतिको उपदेशमा बुद्धले हजार जातकको देशना गर्नु भएको थियो। अर्थात हजार जातक भनेको जातजातिहरूको हजार योनि हो। प्रत्येक योनिमा चरित्र र स्वभाव अनुसार प्राँणिहरूको उद्धार गर्नु भएको थियो। उनको यही जातकलाई महाजातक भनिन्छ। उनको अन्तिम जातक बेसन्तर थियो।

व्युत्पति भनेको पनि सन्धि शब्द हो। 'व्यु+उत्पति' अर्थात उत्पतिको नियम हो। कुनै जीव वा बस्तुको उत्पति हुनका लागि निश्चित नियम निर्धारित हुन्छ।



जस्तैः दुईवटा ठोस बस्तुको टकरावबाटा तेस्रो ध्वनि उत्पन्न हुन्छ। एउटा जीवको उत्पति वा अवस्था लिनका लागि स्त्री र पुरुषको सम्भोगबाट बिर्यको मिश्रण हुन आवश्यक हुन्छ। दुई भिन्न खालका बस्तु अर्थात


सुक्रकिट र डिम्बको मिलनबाटा तेस्रो बस्तुको रुपमा नयाँ भ्रूँणको सृष्टि हुन्छ। एउटा बीज वा बिउलाई माटोमा मिलाए पछि निश्चित समयमा बिरुवाको रुपमा उत्पन्न भएर आउँछ। यो सबै खालको बिउले नयाँ अवस्थाको बिकास गर्नका लागि ठिक समय, सन्तुलित अहरा, मलिलो माटो मल, औषधि, उपचार, आवश्यक हावापानी, सूर्यको प्रकाश, सही ब्यवस्थापन, स्वामित्व आदि उपलब्ध हुन आवश्यक हुन्छन् । अनि मात्र उत्पतिले सही रुप धारणा गर्न संभाव हुन्छ। यो प्रकृयालाई 'व्युत्पति' भन्नु भएको छ । प्रतित्यसमुत्पाद भनेको पाली भाषाबाट बिकास भएको संस्कृत शब्द हो। यो पनि सन्धि शब्द नै हो। 'प्रतित्य+समुत्पाद' अर्थात 'प्रतित्य' भन्नाले हेतुवाद र 'समुत्पाद' भन्नाले त्यसबाट उत्पन्न हुने बिभिन्न खालका राम्रा र नराम्रा परिणामहरू हुन्। कार्यकारण सिद्धान्त हुन्। कारण र परिणाममा आधारित सूत्र हुन्। जबसम्म कारण पत्त लगाउन सक्दैन। तबसम्म समस्याको समाधानका लागि उपयुक्त मार्ग प्राप्त हुँदैन। बुद्धदर्शनको मूल सूत्र भनेको यही हो।

१. यो भवसागर दुःखले भरिएको छ। (दुःख सत्य)
२. दुःखको कारण र समुदाय छन्। (समुदाय सत्य)
३. दुःखबाट अलग हुन सक्ने उपाए छ। (उपाए सत्य)
४. दुःखबाट मुक्ति हुन सक्ने अवस्था र मार्ग छ। (मार्ग सत्य)

अर्थात निर्वाण प्राप्त गर्न सक्दछ। यसलाई 'चार आर्य सत्य' भन्छन् । चार आर्य सत्यको दोस्रो बुँदामा दुःखको कारण र यसका समुदाय भन्नु भएको छ। यसको बास्तविक अवस्थालाई 'दुवादश' भन्नु भएको छ। यसलाई श्रृंखलावद्ध तरिकाले उदाहरण दिनु भएको छ।

जस्तैः जरामरण, जाती, भव, उपदान, तृष्णा, वेदना, स्पर्ष षडायतन, नामरुप, बिज्ञान, संस्कार र अविद्या। यी श्रृंखलाहरू एक पछि अर्को कारणमा आश्रित हुँदै अविद्यामा समाप्त हुन्छन्। यो अवस्था परम् अतिक्रमण वा अन्तिम अवस्था हो। यही अतिक्रमणबाट अन्धकार सुरु हुन्छ। अन्धकार भनेको निराकार हो। जहाँ कुनै आकार प्रकारको अनुभव हुँदैन। शुन्यको अवस्था हुन्छ। यो बास्तविक समाधिको अवस्था हो। जरामरणको बन्धनबाट मुक्त हुने अवस्थालाई निर्वाण भन्दछ।

चार आर्य सत्यको बास्तविकतालाई जान्नका लागि 'अष्टमार्ग'को सिद्धान्तलाई बुझ्नु आवश्यक हुन्छ। निर्वान प्राप्त गर्नका लागि ती मार्गहरू उत्तम हुन्। जस्तैः सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाणी, सम्यक कर्म, सम्यक जिविका, सम्यक व्यायम, सम्यक स्मृति र सम्यक समाधि हुन्। त्यसैले, धर्ममा बैराग्य श्रेष्ठ। सत्यमा चारआर्य श्रेष्ठ। मार्गमा अष्टमार्ग श्रेष्ठ। शीलमा पञ्चशील श्रेष्ठ। भावनामा करुणा श्रेष्ठ। प्राणीमा मनुष्य श्रेष्ठ र मनुष्यमा चक्षु समान 'बुद्ध' श्रेष्ठ। यो अत्यन्तै उत्कृष्ट सूत्र छ। यसलाई मनन गर्न सके उपयुक्त हुनेछ।



अब हामीले साधरण भाषामा बुझ्नु पर्ने कुरा के छ भने 'बुद्धचक्षु' भनेको सम्यक दृष्टि हो । सम्यक दृष्टि भनेको पक्षपात र भेदभाव रहितको चक्षु समानको दृष्टि हो । दृष्टिमा ब्राह्मणबाद, हिन्दुबाद, मुस्लिमबाद, इसाइबाद, पुरतनबाद समाजबाद, जिन्दाबाद, मुर्दाबाद वा कुनै जात, जाति, समुह, मत र सम्प्रदायको रंग र प्रभाव रहनु हुँदैन । बिल्कुलै सफा, स्पष्ट र नाङ्गो हुनुपर्छ ।

जस्तैः ऐनामा हेर्दा, यदि ऐना सफा छ भने, हाम्रो प्रतिविम्ब स्पष्ट रुपमा देखिन्छ । यदि ऐनामा कुनै दाग लागेको छ । धुलो लागेको छ वा कुनै रंग लागेको छ भने हाम्रो प्रतिविम्ब स्पष्ट हुँदैन । दृष्टिमा कुनै खोट छ भने त्यो दृष्टिले बास्तविकतालाई देख्न सक्दैन ।

उदाहरणको लागि तपाइँले हरियो चश्म लगाएको छ भने सम्पूर्ण बस्तुलाई हरियो देख्नु हुन्छ। एवं प्रकार व्यक्तिको दृष्टि कास्तो छ ? उसले त्यही अनुसारको रंग र ढंग प्रत्येक बस्तुमा देख्दछ। त्यसैले, बुद्धले भन्नु भएको छ, सम्यक दृष्टिले मात्र सत्यलाई देख्न सक्दछ। यही कारण बुद्धले सम्यक दृष्टिलाई 'चक्षु' भन्नु भएको हो। यसलाई साधनाबाट अभ्यास गरेर अनुभव गर्न सकिन्छ। गौतमले गयामा बुद्धत्व प्राप्त गरे पछि चार हप्त मौनब्रत र तीन हप्ता धर्म अनुमोदन गर्नु भयो। एक स्थानमा एक हप्ताको साधना गर्नु भयो। त्यसैले, बौद्ध साहित्यमा ४९ दिनलाई अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। किनभने गौतम बुद्धले ज्ञान प्राप्त गरे पछि सात स्थानमा सात हप्तासम्म आफुले प्राप्त गरेको ज्ञानको बारेमा मनमनै अनुमोदन गर्नु भयो। अनुमोदन भनेको त्यसको सही तरिकाले व्याख्या र विश्लेषण गरी मसिनो सँग छिमोल्नु वा कसी लगाउनु हो। यसरी मनमनै छिमोलेको हुनाले यो ४९ दिन अर्थात सात हप्तालाई अत्यन्तै गुड अवस्था मानिन्छ। अर्थात एउटा अवस्थाबाट अर्को अवस्थामा जाने संक्रमणकाल वा शून्यता हो। यसलाई अंग्रेजीमा (State of Intermediate) भन्दछ।

त्यसपछि, बुद्धले प्रथम पटक कसलाई धर्मोपदेश दिन सकिन्छ भनि 'बुद्धचक्षु'बाट हेर्दा, उनले सुरुका दिनहरूमा ध्यान, तपस्य र साधना गरेका आश्रमका गुरुहरू सबै दिवंगत भैसकेको थाहा पाए। पञ्च बर्गिय भिक्षुहरूले पथभ्रष्ट र पतित भए भनि त्यागेर गए पनि उनीहरू लामो समयसम्म मेरो संत्सँगमा रह्यो।

त्यसैले पञ्च बर्गिय भिक्षुहरूलाई नै प्रथम पटक धर्मोपदेश दिन उपयुक्त हुने ठानेर उरुबेलदेखि सारनाथतिर चाहर्दै गए।


सारनाथतिर जाँदै गर्दा, बाटोमा एकजना उपक आजिवक भेट्यो। उनी आजिवक सम्प्रदायका भिक्षु थिए। उनले बुद्धको स्वभाव देखेर आश्चर्य मान्दै सोध्यो ?

'हे श्रमनेर,' तपाइँको इन्द्रियहरू अत्यन्तै परिशुद्ध निर्मल र शान्तमय बातावरणमा देखिन्छ। तपाइँ कुन उद्देश्यले प्रवर्जित हुनु भएको हो ? कुन धर्ममा आस्थ राख्नु हुन्छ ? तपाइँको गुरु आचार्य, उपाध्याय र शास्त को हुन् ? मलाई पनि बताउनु होस् । म पनि ज्ञानको खोजिमा छु। अहिलेसम्म सही गुरु भेटेको छैन उपक आजिवकले सोध्यो।

'म कुनै धर्ममा आस्थ राख्दैन,' बुद्धले भन्यो।

'किन राख्नु हुन्न ?' उपकले पुनः सोध्यो।

मेरो कुनै गुरु, आचार्य, उपाध्याय र शास्त पनि छैनन् । यसको अर्थ यो होइन कि म कुनै गुरुहरूमा रहेन ? म धेरै आश्रमहरूमा गए। धेरै गुरुहरू, आचार्यहरू उपाध्यायहरू र शास्तहरूको सत्सँग गरेँ। तर, उनीहरूसँग केही पनि पाएन ! जब मैले पाए, तब म एक्लै थिए। मैले आफ्नै अनुभवबाट यस्तो अदभूत ज्ञान अर्थात



सर्वज्ञान स्वरुप 'बुद्धत्व' प्राप्त गरेको छु। अब केही पनि खोज्न र बुझ्न आवश्य छैन। मैले जान्नु पर्ने सबै जानी सके। बुझ्नु पर्ने पनि सबै बुझिसकेँ। यहाँसम्म कि तृष्णाको मूल भावलाईनै मिटाइ सकेँ। सन्यास मात्र होइन, परम् सन्यासलाई पनि त्यागी सकेँ। अब मेरो मनमा कुनै प्रकारको वास्ना बाँकी छैन। बिल्कुल समुद्र जस्तै समतल, निश्चल र निर्मल भावको करुणा उदय भएको छ, बुद्धले भन्यो। त्यसै बखत बुद्धको शिरमण्डल वरिपरी दिव्य प्रकाशको ज्योति देखेर उपक अजिवक सपेराको बिनामा साँप लट्ठिएझै लट्ठियो ! उनले तत्काल केही पनि भन्न सकेन।

मैले जसरी प्राप्त गरे, तिमिले पनि प्राप्त गर्न सक्छ।
"सबै मान्छेमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ।"

त्यो चेतना तिमीमा पनि छ। मैले प्राप्त गरेको बुद्धत्वको सार न शास्त्रमा, न शब्दमा, न त सिद्धान्तमा यो त तिम्रो चेतनामा बसेको छ। तिमी मन्दिर हो। त्यही भित्र परमात्मले बास गरेको छ। त्यसैलाई चिन र जगाउनु पर्छ। त्यहीबाट अदभूत बुद्धत्वको उदय हुन्छ। मैले प्राप्त गरेको सत्य यही हो बुद्धले दोहोरायो।

उपक आजिवक श्रमनेर भएकोले बुद्धको तार्किक कुराको मूल सार राम्रोसँग बुझ्न सकेन। हुन पनि पहिलो पटक सुन्ने मानिसले यो कुराको अर्थ सजिलैसँग बुझ्न सक्दैन। त्यसैले उनी अल्मलमा परेर केही भन्न सकेन। बुद्धले टाउको हल्लाए। उनी अलमलमा परेको बुझे पछि सारनाथतिर लम्किए।

# १२. पञ्चबर्गिय भिक्षुहरूलाई धर्मोपदेशः

बाटोमा उपक आजिवकसँग सम्वाद भए पछि पञ्च बर्गिय भिक्षुहरूको खोजि गर्दै गए । सारनाथ जाँदै गर्दाको बाटोमा पाँचै जना भिक्षुहरू रुखमुनि बसिरहेको देखेर उनी पनि सरासर त्यतैतिर गए ।

भिक्षुहरूले सिद्धार्थ गौतम आएको देखेर यो पथभ्रष्ट र पतित गौतमलाई नमस्कार गर्न हुँदैन । यसलाई कुनै सेवा सत्कार र आदार गर्नु आवश्यक छैन ।




यो गौतम हाम्रो लागि केही उपयोगी छैन, भनेर देखे नदेखेको जस्तो गरी सबै घोप्टो परेर बसिरहे ।

'सिद्धार्थ गौतम उनीहरूको नजिकै गएर उभिए ।'

'हे पञ्च बर्गिय भिक्षु हो,' यतातिर फर्केर मलाई एकचोटी त हेर ? म त्यही गौतम होइन । जसलाई तिमीहरूले पथभ्रष्ट र पतित भनेर त्यागेर आएको थियो । आज कोही आएको छ । मेरो वाणीमा विश्वास गर गौतमले मधुर स्वरमा भन्यो ।

पञ्च बर्गिय भिक्षुहरू मध्ये पण्डित कौन्ड्य उमेरले मात्र होइन, अनुभाव, साधना र ज्ञानमा पनि पाको थियो । शाक्यमुनि सिद्धार्थ गौतमको नामाकरणको समयमा आठ जना महापण्डितहरू मध्ये उनी पनि एक थिए। गौतमको कुण्डलीको बारेमा उनलाई राम्रोजानकारी थियो।



'हे गौतम,' हामीहरूलाई क्षमा गर। हामीहरूले त सोंचेको थियौं कि पथभ्रष्ट एवं पतित गौतम आएको छ। तर, अहिले हामी देखिरहेका छौं कि तिमी प्रकाशित भैसकेका रहेछौं। तिम्रो मुख मण्डलको वरिपरी दिव्य प्रकाशक प्रकाशित भएको छ, भिक्षु कौन्ड्यले भन्यो।

त्यसैले त तिमीहरूलाई नै प्रथम पटक धर्मोपदेश गर्नका लागि यति टाढाबाट खोज्दै आएको हुँ। जब तिमीहरूले मलाई त्यागेर आयौं, तब मैले यो अद्‌भूत 'बुद्धत्व' प्राप्त गरेको हुँ।

मैले पाउनु पर्ने सबै पाइसकेको छु । जान्नु पर्ने र बुझ्नु पर्ने पनि सबै बुझिसकेको छु। समग्रमा भन्नु पर्दा, सबै ज्ञान प्राप्त गरिसकेको छु। मैले प्राप्त गरेको ज्ञानको सार न त कुनै शास्त्रमा, न शब्दमा न त सिद्धान्तमा आधारित छ। यो त तिम्रो चेतनामा बसेको छ । तिमी मन्दिर हो । त्यहाँ भित्र परमात्मले बास गरेको छ। "सबै मानिसमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ।" त्यसैलाई जगाउनु पर्छ । त्यहीबाट ज्ञानको ज्योति प्रकाशित हुन्छ। प्रत्येक मानिसमा बुद्धत्व प्राप्त गर्न सक्ने क्षमता छ। यो देशना सारनाथको ऋषि पतन मृग्दय बनमा भएको थियो। बुद्ध शासनमा यो प्रथम ऐतिहासिक धर्मोपादेशलाई प्रथम धर्म देशना सूत्र पनि भन्दछ।

'हे भिक्षुगण,' यो भव सागर अर्थात संसार दुःखले भरिएको छ। दुःखको कारण र समुदाय छन्। दुःखबाट अलग हुन सक्ने उपाय छ। दुःखबाट मुक्ति हुन सक्ने अवस्था र मार्ग छ। अर्थात निर्वान प्राप्त गर्न सक्दछ। यसलाई 'चार आर्य सत्य' भन्दछन्।

चार आर्य सत्यको बास्तविक चुरीलाई जान्नका लागि 'अष्टमार्ग'को सिद्धान्तलाई बुझ्नु आवश्यक हुन्छ । निर्वाण प्राप्त गर्नका लागि ती मार्गहरू उत्तम मार्ग हुन।

जस्तैः सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाणी, सम्यक कर्म, सम्यक जिविका, सम्यक व्यायम, सम्यक स्मृति र सम्यक समाधि हुन्।


त्यसैले, धर्ममा बैराग्य श्रेष्ठ, सत्यमा चार आर्य श्रेष्ठ मार्गमा अष्टमार्ग श्रेष्ठ, शीलमा पञ्चशील श्रेष्ठ, भावनामा

करुणा श्रेष्ठ प्राणीमा मनुष्य श्रेष्ठ र मनुष्यमा चक्षु समान 'बुद्ध' श्रेष्ठ । यो अत्यन्तै उत्कृष्ट सूत्र छ । यसलाई मनन गर्न जरुरी छ । धर्मोपदेश सुन्ने बित्तिकै कौण्ड्यको चेतना खुल्यो र भन्यो, 'हे सर्वज्ञानी बुद्ध,' मलाई तिम्रो भिक्षु बनाउ भन्दै उनको चरणमा घोप्टिए र "बुद्धम् शरणम् गच्छामि भन्दै शरणमा गए ।

'बुद्धले तथास्तु भनि अभिशेष दिए ।'

'भिक्षु कौण्डयमा बोध गर्न सक्ने असाधारण शाक्ति थियो । तर, कसरी बोध गर्ने भन्ने बारेमा उनी अल्मलिरहेको थियो । यस बखत बुद्धको प्रथम प्रबचन सुने पछि उनको चेतना खुल्यो । उनले श्रोतापतिफल प्राप्त गर्यो । त्यसैले उनी बुद्ध शासनको प्रथम अहर्त बने ।







भिक्षु कौण्ड्यको अवस्था देखे पछि बाँकी चार जना पनि बुद्धको शरणमा आए । त्यसपछि बुद्धले अष्टमार्ग र यसको बिशेषताको बारेमा धर्म देशना गरे ।

# १३. अष्टमार्गको अर्थ र परिभाषाः

**१. सम्यक दृष्टिः**



सम्यक दृष्टि भनेको पक्षपात र भेदभाव रहितको चक्षु समानको दृष्टि हो। दृष्टिमा हिन्दुवाद, मुस्लिमवाद इसाइवाद, पुरतनवाद, समाजवाद, जिन्दावाद, मुर्दावाद र कुनै जात, जाती, समुह वा सम्प्रदायको रंग र प्रभाव रहनु हुँदैन। बिल्कुल निश्चल, सफा, स्पष्ट र नांगो हुनुपर्छ। अर्थात कुनै पनि वादबाट अलगै रहन सक्नु पर्छ।

जस्तैः ऐनामा हेर्दा, यदि ऐना सफा छ भने, प्रतिविम्ब स्पष्ट रुपमा देखिन्छ। यदि ऐनामा कुनै दाग लागेको छ, धुलो लागेको छ वा कुनै रंग लागेको छ भने, हाम्रो प्रतिविम्ब स्पष्ट हुँदैन। अर्थात दृष्टिमा कुनै खोट छ भने त्यो दृष्टिले बास्तविकतालाई स्पष्टसँग देख्न सक्दैन।

उदाहरणको लागि तपाइँले हरियो चश्म लगाएको छ भने सम्पूर्ण बस्तुलाई हरियो देख्नु हुन्छ। एवं प्रकार व्यक्तिको दृष्टि कास्तो छ ? उसले त्यही अनुसारको रंग र ढंग प्रत्येक बस्तुमा देख्दछ। त्यसैले, बुद्धले भन्नु भएको छ, सम्यक दृष्टिले मात्र सत्यलाई देख्न सक्दछ। यसैलाई बुद्धचक्षु भन्नु भएको छ।

२. **सम्यक संकल्पः**

सम्यक संकल्प भनेको सही निर्णय हो। यदि तपाइँले कुनै संकल्प गर्नु हुन्छ भने, त्यो संकल्प कुनै लहडको कारण हुनुहुँदैन। कसैले पनि कुनै संकल्प गर्दछ भने, त्यो संकल्पको बारेमा राम्रोसँग बोध हुनु आवश्यक छ। उदाहरणको लागि एउटा मानिसले जटिल परिस्थितिको कारण प्रवज्य लियो। पहेलो चीवर पनि धारणा गर्यो। तर, चीवर अनुसारको आचरण गर्न सफल भएन भने प्रवज्यको संकल्प पूर्ण हुँदैन। किनभने, उनले राग द्वेष, माया, मोह, तृष्णा, काम र वास्नालाई त्याग्न सकेन भने भिक्षुको जीवन पथभ्रष्ट र पतित हुन्छ। आचरण बिपरित काम भए पछि ज्युउदै नरकबास हुन्छ। त्यसैले, बुद्धले

भन्नु भएको छ, सम्यक संकल्पले मात्र मानव जीवनमा सही मार्ग दर्शन हुन सक्दछ । तर तपाईँको संकल्प सही अर्थमा हुनुपर्छ ।

**३. सम्यक बाणीः**

सम्यक बाणी भेनेको बुद्धबचन हो । बुद्धबचन भनेको सत्यबचन हो। सत्यबचन भनेको उपयुक्त समयमा सही मानिसका लागि अर्थपूर्ण कुरा भन्नु हो । यसो हुन सक्यो भने बचनको महत्त्व हुन्छ। अर्थात कुनै पनि मानिसको बचन सही भएन वा आवश्यक भन्दा ज्यादा बोल्ने बानी भयो भने, त्यो अवस्थाले धेरै किसिमको समस्याहरूलाई निम्त्याउन सक्दछ । किनभने बचनमा शब्दको प्रयोग हुन्छ र शब्दमा प्राण हुन्छ। आवेगको अवस्थामा प्राण वायुद्वारा अनुचित वा कटु शब्दको प्रयोग हुन गयो भने, श्रोताको चित्त दुख्छ। त्यसबाट आपसमा मनमुटाव हुन सक्छ । यो अवस्थाले सीमा नाँघे पछि सम्बन्धमा फाटो आउनुका साथै बिच्छेद समेत हुन सक्दछ। त्यसैले, बुद्धले भन्नु भएको छ, सम्यक वाणीबाट मात्र बचनको समस्याबाट मुक्त हुन सक्दछ।

**४. सम्यक कर्मः**

सम्यक कर्म भनेको उचित कर्म हो। सही समयमा उचित कर्म गर्न वा हुन सकेन भने त्यसबाट मनग्या लाभ हुन सक्दैन। उदाहरणको लागि कृषकहरूले ऋतु अनुकुल खेती गरेन भने

उत्पाद कम हुन्छ। ब्यापारीहरूले समय अनुकुल बस्तु बजारको प्रबर्धन गर्न सकेन भने चाहे जस्तोरी मुनाफा कमाउन सक्दैन। उद्योगपतिले बजारको मांग अनुसार उत्पादन गर्न सकेन भने बजार नियन्त्रण गर्न सक्दैन। यसैगरी उपासक उपासिकाहरूले पनि शील बिपरित कर्म गर्यो भने, साधनाबाट उपलब्धि प्राप्त हुँदैन। अर्थात मानव जीवनमा गरिने वा गर्नु पर्ने प्रत्येक कर्मको एउटा निश्चित परिधि तोकिएको हुन्छ। त्यही अनुसार कर्म गर्न वा हुन सकेमा मात्र उपलब्धि प्राप्त हुन सक्छ।

त्यसैले, बुद्धले भन्नु भएको छ, सम्यक कर्मबाट गरिएको पूजापाठ, प्रार्थना, परित्राण, प्रणिधानबाट आत्मा सन्तुष्टि प्राप्त हुन्छ। आत्म सन्तुष्टिबाट मन स्थिर हुन्छ। स्थिर मनले गरेका प्रत्येक कर्महरू सफलताको कोटीमा पुग्न सक्दछ। यसबाट बोधिचित्त उत्पन्न हुन्छ। बोधिचित्तले समयको गतिलाई नियल्न सक्छ। यसैको जगमा बसेर बृत्तिबिकास हुँदै सम्पन्नता प्राप्त हुन सक्ने प्रबल सम्भावना रहन्छ।

**५. सम्यक जिबिका:**

सम्यक जिबिका भनेको आदर्श जीवनको मूल आधार हो। यसबाट हाम्रो समाजलाई मार्ग दर्शन प्राप्त हुन्छ। भवसागरमा जीउने कला धेरै प्रकारका हुन्छन्। प्रत्येक योनीको अलग अलग जीवन, रंग, स्वभाव र सामर्थ हुन्छन्। त्यही अनुसार उनको जीवन संस्कार हुन्छन्।

उदाहरणको लागि बाघ र मौरीको जीवन पद्धतिलाई तुलना गरेर हेर्नुहोस् । मौरीको तुलनामा बाघ शारीरिक रुपमा ठुलो र धेरै शक्तिशाली पनि हुन्छ। तर, उपयोगिताको दृष्टिकोणबाट हेर्ने हो भने, मौरी धेरै उत्कृष्ट र शान्तसँग जिविका चलाउने हुन्छन् । यसले उत्पादन गरेको महमा हजार प्रकारका जटिबुटीहरूको मिश्रण रहने हुनाले बैद्यहरूले गुणकारी औषधीको रुपमा प्रयोग गर्दछन् । त्यसैले, बुद्धले भन्नु भएको छ, मौरीको जीवन पद्धति सम्यक जिविकाको प्रेरणा हो । यसबाट मानव जातिले सामुदायिक रुपमा कसरी सहकार्य गर्न सकिन्छ भन्ने शिक्षा लिनु पर्छ ।

६. **सम्यक व्यायम:**

सम्यक व्यायम भनेको सन्तुलित अभ्यास हो । कुनै पनि कामको अभ्यास गर्दा, न त छिटो न त ढिलो । बिल्कुल मध्यमा हुन आवश्यक छ। छिटोछिटो गरिने कुनै पनि कामको अभ्यासले शारीरिक शक्तिको नाश गर्छ । एकदमै ढिलोसँग गरेको कामबाट पनि उपलब्धि प्राप्त हुन सक्दैन। मध्यम व्यायम गरेर शेष हुन आएको उर्जालाई सही ठाउँमा, सही समयमा, सही कामको लागि उपयोग गर्न सकेमा मनग्य उपलब्धि प्राप्त गर्न सकिन्छ । त्यसैले बुद्धले भन्नु भएको छ, सम्यक व्यायमबाट सञ्चित उर्जाहरू उपयुत्त ठाउँमा लगानि हुनुपर्छ ।

### ७. सम्यक स्मृतिः

सम्यक स्मृति भनेको पूर्णरुपमा होसमा रहनु वा कुनै पनि काम पूर्ण स्मरणका साथमा गर्नु हो । अर्थात स्मृति भनेको चेतनाको शुष्म दियो हो । कुनै पनि काम गर्ने समयमा सचेत भएर काम गर्नु हो । यसरी प्रत्येक अवस्थामा सचेत भएर उठ्ने बस्ने, खाने, पिउने, बोल्ने पढ्ने, हिँड्ने, हाँस्ने र काम गर्ने बानी बसिसके पछि निन्द्रको अवस्थामा पनि एउटा शुष्मा जागरणको धारा अटुट रुपमा सचेत भैरहेको हुन्छ । किनभने, निन्द्र शरीरमा हुन्छ । तर, चैतन्य भित्रको ज्योति अटुट रुपमा बलीरहेको हुन्छ । त्यसैले, बुद्धले भन्नु भएको छ, सम्यक स्मृतिको सही अर्थमा अभ्यास हुन सकेमा जीवनले अमूल परिवर्तन गर्न सक्ने सम्भावना रहन्छ । चैतन्यको दीयो बाल्न सक्नु पर्छ । यसका लागि ध्यान र भावनालाई नियमित रुपमा साधना गरिरहनु पर्छ । यही मात्र अचुक मार्ग हो ।

### ८. सम्यक समाधिः

सम्यक समाधि भनेको पूर्ण रुपमा ध्यानमा लिन हुनु हो । बिज्ञानको सिद्धान्त अनुसार शरीरमा भौतिक र अध्यात्मिक गरी दुईवटा मार्गहरू हुन्छन् । भौतिक शरीरको जगमा बसेर गरेका ध्यान र साधनाद्वारा नै चेतनाको बिकास हुन्छ । सम्यक स्मृतिमा भनेझै उठ्ने, बस्ने, खाने, पिउने, बोल्ने, पढ्ने, हिँड्ने, हाँस्ने र काम गर्ने बानी बसिसके पछि निन्द्रको अवस्थामा पनि एउटा शुष्मा जागरणको धारा अटुट रुपमा सचेत भैरहेको हुन्छ ।

त्यही चैतन्यको ज्योतिमा मनको भावलाई लिन गराइ शरीरबाट बिश्राम लिनु हो । जीवनमा पूर्ण बिराम दिनु हो । यहीबाट नविन मार्ग आरम्भ हुन्छ। यो क्रियालाई बुद्धले सम्यक समाधि, निर्वाण वा शून्यको अवस्था भन्नु भएको छ। शून्य भनेको खाली, खोक्रो भौतिक रुप नभएको, भावशून्य, ज्ञानशून्य, स्थिर, निराकार हो।

अष्टमार्गलाई अभ्यास गर्नका लागि न्यूनतम अवस्थामा पञ्चशीललाई पालन गर्न आवश्यक हुन्छ। यहाँनिर बुझ्नु पर्ने कुरा के छ भने, शील भनेको शीक्षा हो। शिक्षा भनेको चेतना हो । त्यसैले अष्टमार्गको सही ढंगले अभ्यास गर्नका लागि पञ्चशीलको आवश्यक हुन्छ। बौद्ध धर्मको चुरी कुरा बुझ्नका लागि सबै उपासक र उपासिकाहरूले शील र मार्गलाई दोहराई तेहराई पढ्नु पर्छ। यसो हुन सक्यो भने, दर्शनका सबै कुराहरू स्पष्ट हुँदै जान्छ। बुद्धदर्शनको वास्तविक स्वाद पाइसके पछि जीवनमा अमूल परिवर्तन हुनेछ। बौद्धमार्गीहरू के कुरामा स्पष्ट हुनुपर्छ भने, बौद्धदर्शको गहिरोसँग अध्यान गरे पछि चेतना खुल्छ। यसले कम्तिमा पनि २५ वर्ष अगाडिसम्म हेर्न सक्नु हुन्छ । अर्थात २५ वर्ष अगाडिको काम तपाइँले आजै गर्न सक्नु हुन्छ। बुद्ध धर्मको बिशेषता भनेको यही हो।

# १४. पञ्चशीलको मुल्य र मान्यताहरूः

**१. हिंसा नगर्नुः**

हिंसा भनेको बिना कारण कसैको हत्या, बध, पिडा दिने अपमान गर्ने वा हानी नोक्सानी पुऱ्याउने काम हो । तर, आत्म सम्मानको सवालमा गरिने प्रतिरक्षात्मक द्वन्द्वबाट भएका गम्भीर घट्नहरूलाई दुःखत संयोग भन्न सकिन्छ। यस बाहेक पनि समाजमा अन्य थुप्रै प्रकारका हिंसाहरू हुन्छन्। जस्तैः नेत्र, बचन भावना, कर्म र स्पर्शबाट पनि हिंसाहरू भएका हुन्छन् ।

उदाहरणको लागिः कुनै पुरुषले अपरिचित युवतीलाई एकोहोरो हेर्दै, उनको अंग प्रत्याङ्गको बोरमा कल्पना गर्दै मनमा कुराहरू खेलायो भने, सचेत अवस्थामा पनि भावनात्मक हिंसा भएको मानिन्छ। यो अवस्था पुरुष महिला दुबैलाई लागु हुन्छ।

यसैगरी अत्यन्तै तुच्छ र अश्लिल शब्दको प्रयोग गर्दा पनि सबभन्दा पहिले आफुले आफ्नै मुखबाट शब्दहरू निकाल्नु पर्ने हुन्छ । त्यसैले, बचन हिंसाको प्रभाव सर्वप्रथम कर्तालाई हुन्छ । त्यसपछि लक्षित व्यक्तिलाई हुने भएकाले, बचनको प्रयोगमा अत्यन्तै सावधान रहन आवश्यक हुन्छ। आवेगमा कुनै

हिंसा हुन गएमा, पश्चताप गर्नु राम्रो अवस्था हो। अहिंसकबाट अंगुलिमाला बनेको मानिस बुद्धको संगतले गर्दा, हिंसाको कर्म त्यगी आत्म शुद्धि गर्ने मार्ग अवलम्बन गरे।

२. **झुट नबोल्नुः**

झुट नबोल्नु भनेको सत्य बोल्नु हो। सत्य त तबै मात्र बोल्न सकिन्छ, जब उसलाई सत्य र असत्यको ज्ञान हुन्छ। सत्यको ज्ञान तब मात्र हुन्छ, जब उसले सत्यको सत्सँग गरेको हुन्छ। त्यसैले सत्य बोल्न गाह्रो हुन्छ।

उदाहरणका लागिः सधै सत्य बोलिरहने मानिसलाई कहिले कही झुट बोल्न पर्यो भने, बडो असहज परिस्थिति श्रृजना हुन्छ। त्यसैगरी, सधै झुट बोलिरहने मानिसलाई कहिले कही सत्य बोल्न पर्यो भने पनि असहज परिस्थिति श्रृजना हुन्छ। बडो उकुसमुकुस भएर के गरौँ ? कसो गरौँको अवस्था हुन्छ। यस्तो परिस्थितिमा झुटमाथि झुट बोल्दै जाने अवस्था हुन सक्दछ। एकदिन यो भेद, खुल्दै गए पछि सामाजिक सम्बन्ध, मान र प्रतिष्ठमा चोट लाग्न सक्दछ। यसले प्रतिशोधको भावना निम्त्याउछँ। त्यसैले जे जानेको छ, त्यति मात्र बोल्नु उचित हुनेछ। छोटो र अर्थपुर्ण हुने गरी बोल्नु सबैको लागि हितकार हुनेछ। अन्यथा तपाइँको बोलिले आफैलाई पतन गराउने छ।

### ३. **चोरी नगर्नुः**

चोरी नगर्नु भनेको अर्काको स्वामित्वमा रहेको कुनै पनि बस्तुलाई उनको स्वीकृति नलिई प्राप्त नगर्नु भनेको हो । कुनै पनि समाजमा बिकृति र बिसंगतीहरू तिब्र गतिमा मौलाइरहेका हुन्छन् । अधिकांश अवस्थामा अशिक्षा र गरीविका कारण निम्न स्तरमा जिविका चलाउन बाध्य हुन्छन् । पर्याप्त स्रोत नभए पछि जिविकाको लागि सानो तिनो बस्तुको चोरी गर्न आरम्भ हुन्छ। यो अवस्था क्रमैसँग बृद्धि भएर सामुहिक चोरी, लुटपाट, डकैती फिरौती आदि हुन थाले पछि एकदिन कानुनी परिधीले पछ्याउन सक्दछ। त्यस समय या त मुडभेड होला वा हातकडी लाग्ला ? यदि कुनै कारणवस कानुनी परिधीबाट उम्कन सफल भए पनि देखावटी सुख र सयलमा मनमा शान्ति हुँदैन । मनमा शान्ति नभए पछि परम् आनन्द प्राप्त हुँदैन । आनन्द नभए पछि जीवन नरक बन्दछ। त्यसैले, नरकिय जीवन जिउनु भन्दा, चोरी नगर्नु उत्तम् । यसमा सावधान हुनुहोस् ।


### ४. **परस्त्री गमन नगर्नुः**

परस्त्री गमन नगर्नु भनेको, धेरै स्त्रीसँग शारीरिक सम्बन्ध नगर्नु भन्ने मनसाय हो । हुन त परम्परागत हिमाली समाजमा 'बहुपति' प्रथा र नेपाली समाजमा 'बहुबिबाह' प्रथा नभएको पनि होइन । यद्यपि, बिद्यमान अवस्थामा महिलाहरूको

सामाजिक अधिकारको सवालमा नेपालको कानुनले पनि यो प्रथालाई खारेज गरेको छ। परस्त्री गमनको सवालमा बिभिन्न व्यक्ति र अवस्थाको आ-आफ्नै अनुभव भए तापनि प्रायः जसो घटनाको सवालमा, जब घटनाहरूको क्रमिक रुपमा भेद खुल्दै जान्छन्। आपसमा मतभेद र असन्तुष्टिका श्रंखलाहरू उत्पन्न हुँदै जान्छन्। सम्बन्धमा चिसोपन पनि हुन सक्दछ। परस्त्री गमनको मूल परिणाम भनेकै यही हो।

परस्त्री गमनको चर्चा र परिर्चचाहरू अल्पविकसित मुलुक हरूमा अधिक मात्रमा गरिन्छ। तर, बिकसित राष्ट्रका सभ्य समाजमा परस्त्री र परपुरुषकोबीचमा समान रुपमा अवगमन हुने अवस्था रहेको पाइन्छ। हुन त शरीर बिज्ञानको नियम अनुसार स्त्री र पुरुषकोबीचमा शारीरिक सम्बन्ध हुनु कुनै अनौठो होइन ? यद्यपि, यही सम्बन्धका कारणबाट समाजमा बिभिन्न खालका समस्याहरू उत्पन्न हुने गर्दछन्। पशुपंक्षिमा पनि सन्तानका लागि सम्भोग आवश्यक हुन्छन्। उनीहरू ॠतु अनुसार चल्दछन्। तर मानव समाजमा रतिक्रिडाको अवस्थामा बिकास भएको अनुभव हुन्छ। काम र वासनाबाट कहिल्यै तृप्त हुँदैन। बजारमा सामान्य किनमेल गरेझै आपसी समझदारीमा प्रस्ताव र सम्झौता हुँदै जान्छ। तर, अबिश्वासको बीचमा दुरी बढना थाले पछि नकारात्मक परिणम देखिन्छ। २१औं

सताब्दीको “एकल आमा र एकल पिता” यसैका परिणाम हुन् ।



आजका सभ्य र समृद्ध समाज यही पिडाबाट ग्रसित छन् । सुखि छन् तर खुशि छैनन् । खुशि छन् तर सुखि छैनन् । यो कस्तो बिडम्वना हो ? आजको सभ्य र समृद्धि समाजको परिभाषा यही हो त ? यसैका लागि सभ्य र समृद्धि भएको हो त ? बास्तवमा सुखि र खुशि रहनाका लागि आपसी सम्बन्ध महत्त्वपूर्ण हुन्छ । तर यो सबै कुराहरू तबै मात्र सम्भाव हुन्छ । जब एकले अर्कोलाई अन्तरात्माबाट चिन्न र बुझ्न सक्दछ । अर्थात मेरो लोग्ने वा सहपाठीबाट म पूर्ण रुपमा सुरक्षित छु भन्ने कुरा स्वास्नी मानिसले पनि अनुभव गर्न सक्नु पर्छ । एउटालाई दुख्दा अर्कोले प्रत्यक्ष अनुभव गर्न सक्नु पर्छ । अनि मात्र भावनात्मक एकता हुन सक्दछ । एकले अर्कोलाई सम्मान

र सुरक्षा दिन सक्नु पर्छ । स्वार्थलाई त्याग्न सक्नु पर्छ । अनि मात्र त्यो मानिस महान बन्न सक्दछ ।

**५. मादक पदार्थ सेवन नगर्नु:**

मादक पदार्थ भनेको मद लाग्ने कुनै पनि पेया पदार्थ हो । साधरण नेपाली भाषामा मादक पदार्थलाई रक्सी भन्दछ। सबैले बुझ्ने भाषामा मद खाए पछि मातिन्छ । माते पछि चेतनाको अवस्थालाई एकोहोरो बनाउछ । एकोहोरो चेतनाले रुप, रंग जाति, वर्ण, भेद, भातृत्व र मैतृत्वको पहिचान गर्न सक्दैन। कुन बेला कस्तो क्रिया गर्ने हो ? यो कल्पना पनि गर्न सकिदैन ।

त्यसैले, प्रत्येक धर्मले मादक पदार्थलाई प्रतिवन्ध गरेको छ । प्रतिवन्धको अर्थ यो होइन कि मद खाने बित्तिकै मृत्यु भैहाल्छ ? तर, यसको परिणाम भयंकार डरलाग्दो हुन्छ। यसले पैसा र चेतना दुबैको बिनास गर्छ। यति मात्र होइन, समाजिक सम्मान र प्रतिष्ठामा पनि आँच आउन सक्दछ।

तपाइँ यो कुरा मान्नुहोस् वा नमान्नुहोस्, तपाइँको निजी कुरा हो । तर, हाम्रो समुदायको अनुभवले प्रमाणित गरिसकेको के हो भने, प्रत्येक जाँड्यह पतिको श्रीमतीले घरपरिवार चलाउन फलामको च्युरा नै चपाउनु पर्छ। यो कुरा ध्रुब सत्य हो। तर कतिपय शिक्षित महिलाहरूले आफ्नो पतिको कमिकमजोरीलाई उदांगो गर्न चाहदैनन् । यहीनिर हाम्रो सभ्य समाज चुकेको जस्तो लाग्छ । यो तितो सत्यलाई स्वीकार

गर्दै, सुधारको उपाएहरू खोज्नेतर्फ उन्मुख हुनु पर्ने देखिन्छ। किनभने सामाजिक सुधारका लागि त्यस भित्र अदेखा रुपमा रहेका बिकृति र बिसँगतिहरूलाई निर्मुल पार्ने प्रयास भैरहनु पर्छ।

त्यसैले, सचेत मानिसले एक दुई पेगसम्म सेवन गर्दा उपयुक्त भए पनि अत्याधिक सेवनले आफ्नो मान, सम्मान, पद, प्रतिष्ठा परिवार र समाजलाई समेत हानिकारक हुन्छ। उपरोक्त चारैवटा शीलहरूको पूर्णरुपमा पालना गर्दै आए तापनि मादक पदार्थ सेवन गरेपछि तपाइँको चेतना शून्य हुन्छ। चेतना शून्य भए पछि पशु समान हुन्छ। तपाइँले आफन्तहरूसँग अमानविय ब्यवहार गर्नु हुन्छ। यसले तपाइँको सबै शिलहरू पूर्णरुपमा बिनास गरिदिन्छ। अर्थात मदिरापनको परिणाम हाम्रो बिनास हो। बौद्धमार्गीहरू यस कुरामा सचेत रहने प्रयास गर्नुहोला।

## १५. प्रतित्यसमुत्पादको मौलिक सिद्धान्तः

शाक्यमुनि गौतमले 'बुद्धत्व' प्राप्त गरे पछि सर्वप्रथम पञ्चबर्गिय भिक्षुहरूलाई सारनाथमा धर्मोपदेश गरे । त्यसपछि जम्बुद्वीप अर्थात उत्तरी भारत खण्डमा प्रचलित दार्शनिक मतहरूको शुष्म अध्ययन गर्न थाले। त्यस समय कपिल मुनिद्वारा प्रतिपादित सांख्य दर्शन अत्यन्तै लोकप्रिय थियो । जड प्रकृति र चेतना पुरुषलाई सृष्टिको मूल कारणमा 'सत्व, रज र तम' गुण मान्ने त्यो दर्शनको मत थियो । त्यसपछि वेद र पुराण जस्मा समाजलाई 'ब्राह्मण क्षेत्री, वैश्य र शुद्र' गरी चार भागमा बाँडिएको थियो। त्यसपछि उपनिषद, वैदिक वाङ्मयको एउटा हिस्सा थियो । उपनिषदको मूल भावना 'ब्रह्मा नै सत्य' हो । आत्म र ब्रह्मा एउटै हो। यसलाई ब्राह्मणी दर्शन भनिन्थ्यो । यस बाहेक पनि जम्बुद्वीपमा थुप्रै मतहरू प्रचलनमा थिए।

१. अक्रियावादको संस्थापक पूर्णकाश्यप थियो । उनको मतमा कर्मको आत्ममा कुनै प्रभाव हुँदैन भन्ने मान्यता रहेको थियो।

२. नियतिवादको संस्थापक मक्खली गौसाल थियो। उनको मतमा घटना घट्छ । तर, घटना स्वेच्छले घटित हुँदैन भन्ने मान्यता रहेको थियो।

३. उच्छेदवादको संस्थापक केशकम्बल थियो । उनको मतमा स्वर्ग, नर्क, यज्ञ र होम आदिमा केही पनि छैन । यो सबै नाशवान हो भन्ने मान्यता रहेको थियो ।

४. अन्योन्यवादको संस्थापक पकुध कच्चायन थियो । उनको मतमा सात तत्वबाट प्राणीको सृष्टि हुन्छ । जस्तैः पृथ्वी, जल तेज, वायु, सुख, दुःख र आत्म । प्रत्येक तत्व आपसमा स्वतन्त्र छ भन्ने मान्यता रहेको थियो ।

५. विक्षेपवादको संस्थापक सञ्जय बेलट्ठिपुत्र थियो । उनको मत सन्देहवादमा आधारित थियो ।

६. चातुर्य मंसबरवादको संस्थापक महावीर थियो । उनको मतमा पूर्व जन्मको परिणाम, हिंसा, चोरी, झुटो कर्म र ब्रह्मचर्य ब्रत पालन गर्नु पर्ने मान्यता रहेको थियो । यस बाहेक पनि थुपै सानातिना स्थानीय मतहरू थिए । सबै मतहरूको शुष्म अध्ययन गरे पछि कपिल मुनिको सांख्य दर्शन र चातुर्य मंसबरवादका केही अंशलाई स्वीकार गरी बाँकी सबै दर्शन र मतहरू मानव कल्याणका लागि उपयोगी नभएको बुद्धले ठहर गरे ।

मेरो जन्म हुनु भन्दा पहिल नै ब्रह्माण्डमा जीवको उत्पति र मानव सभ्यताको बिकास चरम चुलीमा पुगिसकेको थियो । यो संसारको सृष्टि र जीवको उत्पति ईश्वरको कारणबाट भयो वा प्राकृतिक नियम अनुसार भयो ? सबै बस्तुहरू अस्तित्वमा छन् । अस्तित्वमा आइसकेका बस्तुहरू माथि विश्लेषण गर्नु

भन्दा त्यसका गुण, बिशेषता, हेतु र कारण बारे जान्न आवश्यक ठाने । हिन्दु मत अनुसार त्रेता युगको रामायण, द्धापर युगको महाभारत युद्धको इतिहासलाई नियालेर हेर्दा, मानव सभ्यताको बिकास कति उचाइमा थियो भन्ने कुरा प्रस्ट रुपमा बुझ्न सकिन्छ । यस पछिका ग्रिक सभ्यता, इजिप्ट सभ्यता, सिन्दु घाँटीको सभ्यता, द्राविड सभ्यता, गंगा उपत्यकाको सभ्यता नेपाल उपत्यकाको सभ्यतामा उत्राव चढाव कसरी भएको थियो ? कुन अवस्थामा थियो भन्ने कुराको स्पष्ट साक्षी दिन्छ ।

आज भन्दा २६०० सय वर्ष अगाडिको सामाजिक संरचना पूर्णरुपमा सामान्तिवाद, एकाधिकारवाद, शोषण दमन र अन्धकारको युगमा थियो । राजा, महाराजा, ब्राह्मण, पण्डित धनीमानीहरूको एकछत्र शासन चल्दथ्यो । उनीहरूको शासन नमाने शारीरिक यातना सहित मृत्यु दण्डको अधिकारी हुन्थ्यो । अज्ञानताका कारण अन्धकारमा रुमलिएको समाजमा धर्मोपदेश बाटै सामाजिक रुपान्तरणका लागि अभियान चाल्ने अठोट गर्नु भयो । यो उनको महासंकल्प थियो ।

उपरोक्त दर्शन र मतहरूमा मानव कल्याणका लागि खासै बिश्वसिलो आधार र प्रत्यक्ष अनुभव गर्न सकिने ठोस आधारहरू नदेखिएकाले 'प्रतित्यसमुत्पाद'को सिद्धान्तलाई प्रतिपादन गर्नु भयो । 'प्रतित्यसमुत्पाद' संस्कृत भाषा हो । पाली भाषामा 'पटिच्चसमुप्पाद' नेपाली भाषामा भवचक्र, भवसागर अंग्रेजीमा Dependent of Origination or Wheel of life आदि भन्दछन् । जुनसुकै भाषामा जेसुकै नामबाट उच्चारण

गरिए पनि यसको मूल सिद्धान्त भनेको 'हेतुवाद' हो। 'कारण र परिणम,' हो। Cause & efect हो।

तथागत बुद्धले प्रतिपादन गर्नु भएको बुद्ध धर्मलाई धारणा गर्नु भन्दा पहिले 'प्रतित्यसमुत्पाद'को मूल सिद्धान्तलाई बुझ्न आवश्यक हुन्छ। जबसम्म यसको मूल सिद्धान्तको बारेमा जानकारी हुँदैन, तबसम्म बुद्ध धर्मको चुरी बुझ्न सकिँदैन। नबुझ्े पछि शंक उपशंक उब्जिन्छ। शंक उपशंकको उचित ढंगले समाधान हुन सकेन भने, मूल बाटोमा हुँदाहुँदै पनि आस्थवान उपासक र उपासिकहरू बास्तविक घरातलबाट अलगिन सक्दछ।







यो 'प्रतित्यसमुत्पाद' शब्द 'प्रतित्य+समुत्पाद' गरी दुईवटा शब्दहरूबाट सन्धि गरिएको छ। 'प्रतित्य' भन्नाले हेतु वा कारण

र 'समुत्पाद' भन्नाले त्यसबाट उत्पन्न हुने बिभिन्न खालका परिणामहरू भन्ने भावार्थलाई बुझ्नु पर्दछ। 'प्रतित्यसमुत्पाद'को सिद्धान्त मूल आधार वा नाभि स्थान हो। यहीबाट बुद्धदर्शन आरम्भ हुन्छ।

यसका लागि सर्वप्रथम 'कार्यकारण सिद्धान्त'लाई बुझ्न जरुरी छ। किनभने प्रत्येक कार्य गर्नका लागि वा हुनका लागि कुनै न कुनै कारण आवश्य हुन्छ। बिना कारण कुनै पनि कार्य, घटना निर्माण, उत्पादन वा उत्पन्न हुन सक्दैन। उदाहरणको लागि एउटा माटोको घैटोलाई लिउ। घैटोलाई तयार पारिएको माटो र चक्काको सहयताबाट कुमालले निर्माण गर्दछ। यस अर्थमा हेर्दा, कुमाल बिना माटोको घैटो निमार्ण हुन सक्दैन। त्यसैले 'माटोको घैटो कार्य र कुमाल कारण'को रुपमा रहेको छ। यस प्रकृयालाई हेर्दा, कारण बिना कार्य संभाव हुँदैन। यो कुरा सत्य हो। यसलाई अनुभवद्वारा हेर्नु पर्छ।



यस अर्थमा हेर्दा, यहाँनिर दुईवटा कारणहरू देखिएका छन् । एउटा उपदान कारण र अर्को निमित्त कारण । निमित्त कारण भनेको निमार्ण गर्ने शाक्ति हो, जस्ले बस्तुको निमार्ण गर्दछ । उपदान भनेको त्यो बस्तु हो जसबाट बस्तुको निमार्ण हुन्छ । अब हामीले बुझ्नु पर्ने कुरा के छ भने, उपदान भनेको कच्चा पदार्थहरूको समुह हुन् । जस्तैः माटो, सहयोगी साधन, पानी र घुमाउने चक्काको सामग्रि आदि । निमित्त कारण भनेको कुमाल हो जस्ले घैटोको निमार्ण गर्दछ ।

बुद्धले चार आर्य सत्यको दोस्रो बुँदामा 'दुःख, दुःखको कारण र यिनको समुदाय' भन्नु भएको छ । वहाँले यसलाई 'कार्यकारण सिद्धान्त'को आधारमा व्याख्या गर्नु भएको छ । यो सिद्धान्त १२ वटा अवस्थाहरूमा आधारित रहेका छन् । जसलाई 'दुवादश निदान' भन्दछन् ।

बुद्धदर्शनको मेरुदण्डको रुपमा स्थापित प्रतित्यसमुत्पादको सम्पूर्ण क्रिया र प्रकृयाहरू 'कार्यकारण सिद्धान्त'मा आधारित हुन्छन् । प्रतित्यसमुत्पादको उत्पति 'द्वितीय आर्य सत्य'बाट आरम्भ हुन्छ । द्वितीय आर्य सत्य भनेको दुःखको कारण र यिनको समुदायहरू हुन् । यी समुदायहरू १२ वटा अवस्थाहरूमा उत्पन्न भएका छन् । एउटा अवस्थामा उत्पन्न भएका कारण अर्को अवस्थामा आश्रित हुन्छन् । माथि नै उल्लेख गरिसकेको छ कि 'प्रतित्यसमुत्पाद' सन्धि शब्द हो । 'प्रतित्य+समुत्पाद' ।

'प्रतित्य'को अर्थ 'हेतुवाद' अर्थात एउटा बस्तुको अपेक्षा वा इच्छा गर्दा, दोस्रो अवस्थाको 'समुत्पाद' वा उत्पन्न हुन्छ। यो 'कार्यकारण सिद्धान्त'को मूल प्रकृया हो । यहीबाट बुद्धदर्शन आरम्भ हुन्छ। बौद्धमार्गीहरूले यो कुरा कहिल्यै बिर्सनु हुँदैन।

उदाहरणको लागि एउटा दियोलाई लिउ। एउटा कोठामा दियो बले पछि मात्र त्यसबाट प्रकाश उत्पन्न हुन्छ । अर्थात 'दियोबाट प्रकाश' । यो प्रकृयालाई हेर्दा दियोलाई कारण र प्रकाशलाई कार्यको रुपमा स्पष्ट बुझ्न सकिन्छ। अर्थात एउटा बस्तुको जगमा रहेर अर्को बस्तुले अस्तित्व वा उत्पति प्राप्त गर्दछन्। यसलाई आश्रित वा आधारित सिद्धान्त पनि भन्दछ। यसबाट के प्रमाणित हुन्छ भने, एउटा बस्तुको उत्पति गर्नका लागि अर्को बस्तुको आधार आवश्यक हुन्छ । सिद्धान्तत् यसबाट के कुराको पुष्टि हुन्छ भने, कुनै पनि कार्य 'आकास्मिक वा स्वतन्त्र' रुपमा उत्पन्न हुन सक्दैन। सबै कारणहरू परतन्त्र छन् । त्यसैले, बुद्ध धर्मको महत्त्वपूर्ण ग्रन्थहरू जस्तैः धम्मपद प्रज्ञापारमिता, अनिश्वरवाद, अनित्यवाद, आनन्तवाद, क्षणिक वाद, दीर्घ निकाय, मझ्झिम निकाय, संयुक्त निकाए, अंगुत्तर निकाय, खुद्धक निकाय, अभिधर्म पिटक र बिनय पिटक आदि यिनै सिद्धान्तमा आधारित रहेका छन् ।

दियोबाट प्रकाशको उदाहरण माथि नै दिइसकेको छ। तर दियो बाल्नका लागि एउटा दियो मात्र पर्याप्त हुँदैन। यसका

लागि प्याला, तेल, बात्ति, बाल्नका लागि माचिस दियो बल्न सक्ने उपयुक्त बातावरण, पर्यप्त अक्सिजन हावा नचल्ने र वर्ष नहुने आदि बातावरणमा दियो बाल्न सकिन्छ । अनि मात्र दियोबाट प्रकाश उत्पन्न हुन्छ ।



उपरोक्त समुहमा भएका एउटा पनि बस्तु ठिक समयमा उपलब्ध हुन सकेन भने, प्रकाशले अस्तित्व लिन सक्दैन । प्यालामा तेलको मात्र समाप्त भयो भने वा बात्ति सकियो भने वा उपयुक्त बातावरण भएन भने पनि प्रकाशको अस्तित्व स्वत समाप्त हुन्छ । यसबाट के कुराको ज्ञान हुन्छ भने, प्रकाशको अस्तित्व उनको सहयोगी सामग्रिहरूको मात्रा र सन्तुलन माथि निर्भर रहन्छ । यसैलाई आश्रित सिद्धान्त भनिन्छ ।

बुद्धले चार आर्य सत्यको विषयमा भनिसक्नु भएको छ कि यो भवसागर दुःखले भरिएको छ । दुःखको कारण र समुह छन् । दुःखबाट छुटकारा पाउने उपाय छ । दुःखबाट मुक्ति हुन

सक्ने अवस्था र मार्ग छन् । अर्थात निर्वाण प्राप्त गर्न सकिन्छ । यसलाई चार आर्यसत्य भन्दछन् । चार आर्यसत्यको बास्तविक अवस्थालाई 'दुवादश निदान'को श्रृंखलावद्ध तरिकाले उदाहरण दिनु भएको छ । जस्तैः जरामरण, जाती, भव, उपदान, तृष्णा वेदना, स्पर्ष षडायतन, नामरुप, विज्ञान संस्कार र अविद्या हुन् । यी श्रृंखलाहरू एक पछि अर्कोमा आश्रित हुन्छन् ।

१. **जरामरण**–

जरामरणको अर्थ बृद्ध अवस्था हो । किनभने मानिस जन्म लिन्छ । कर्म गर्छ । भोग गर्छ र मानव शरीर जरजर भएर समाप्त हुने अवस्थामा पुग्दछ । यही हो दुःखका कारण र समुह । चाहे त्यो रोगको कारणमा होस् । शोक, भोग र बिलासको कारण होस् । अथवा बृद्ध अवस्थाका कारणबाट होस् । सबैको जगमा एउटै कारण छ । त्यो हो 'दुःख' । (दुःख सत्य) ।

२. **जाति**–

जातिको अर्थ जन्म हो । जरामरणको कारणबाट जन्म हुन्छ । मानिसको जन्म भए पछि परिवार अनुसारको संस्कार हुन्छ । क्रमिक रुपमा शारीरिक बिकासका साथसाथै मानसिक बिकास पनि हुँदै जान्छ । अवस्था अनुसारको आवश्यकता परिपुर्ति गर्न भव, आकांक्षाको चाहना तिब्र रुपमा बढ्दै जान्छ । यस्तो चाहनाहरू मानविय स्वभाव हुन् । जातिको सवालमा पनि यही क्रम जारी रहन्छ ।

३. **भव**–

भवको अर्थ इच्छा गर्नु हो । जातिको कारणबाट भव प्रकट हुन्छ। मानिसको जन्म भए पछि क्रमिक रुपमा शारीरिक बिकासका साथसाथै मानसिक बिकास पनि हुँदै जान्छ। त्यही अवस्थाको परिपुर्ति गर्नका लागि भव प्रकट हुनु, इच्छा गर्नु वा हुनु स्वभाविक प्रकृति हो ।

४. **उपदान**–

उपदानको अर्थ बस्तु प्रतिको मोह हो । भवको कारण उपदान हुन्छ। मानिस प्राणिहरूमा श्रेष्ठतम् हो। उनलाई बस्तुको गुण महत्त्व र स्वभावको बारेमा जानकारी हुन्छ। त्यसैले, उत्कृष्ट बस्तु प्रति मोह प्रकट हुनु मानविय स्वभाव हो ।

५. **तृष्णा**–

तृष्णाको अर्थ काम र वास्ना प्रति आसक्ति हो। उपदानको कारण तृष्णा पैदा हुन्छ । तृष्णाको आत्म नै अहंकार हो । अहंकारले यो पाए हुन्थ्यो। त्यो पाए हुन्थ्यो। यसो गर्छु। त्यसो गर्छु । सबै राम्रो बस्तु मेरो हुनुपर्छ । सबैले मलाई सेवा गरोस् आदि तृष्णाको अहंकार हो ।

६. **वेदना**–

वेदनाको अर्थ इन्द्रियहरूको अनुभव हो। तृष्णाको कारण वेदना उत्पन्न हुन्छ। तृष्णाको आत्म नै अहंकार हो। त्यसैले इन्द्रियहरूले प्रत्येक बस्तुको अनुभव गर्न चाहन्छन् । जस्तैः आँखाले हेरेर कानले सुनेर, नाकले सुँघेर, जिब्रोले स्वादको र छालाले स्पर्षबाट अनुभव गर्ने आदि वेदनाका मुख्या अवस्थाहरू हुन् ।

**७. स्पर्ष–**

स्पर्षको अर्थ इन्द्रियको विषयहरूसँग संयोग हुने अवस्था हो । बेदनाको कारण स्पर्ष भाव प्रकट हुन्छ । माथि बेदनामा उल्लेख गरिए झैं आँखाले दृश्यको विषयसँग । कानले श्रवण शक्तिसँग । नाकले सुगन्ध र दुर्गन्धको विषयसँग । जिब्रोले स्वादसँग संयोग गर्ने स्पर्षको बिशेषता हुन् ।

**८. षडायतन–**

षडायतनको अर्थ पाँच इन्द्रियहरूको केन्द्र मन हो । स्पर्षको कारण षडायतनको अवस्था सिर्जना हुन्छ । माथि स्पर्षमा उल्लेख गरिए झैं इन्द्रियहरूले विषयसँग संयोग गर्दछन् । ती सबै इन्द्रियहरूको केन्द्र मन हो । यहीबाट सबै इन्द्रियहरू सञ्चालन हुन्छन् । त्यसैले, मन शुद्ध हुनुपर्छ । शुद्ध मनबाट मात्र इन्द्रिय हरूको शुद्धिकरण हुन सक्छ ।

**९. नामरुप–**

नामरुपको अर्थ भौतिक शरीर हो । षडायतनको कारण मन युक्त भौतिक शरीरको अस्तित्व रहन्छ । भौतिक शरीरको बिकासका साथसाथै मानसिक अवस्थाको पनि बिकास हुन्छ । बिकासको पूर्णभोग सकिए पछि बिनास हुन्छ । यही प्राकृतिको नियम हो ।

**१०. बिज्ञान–**

बिज्ञानको अर्थ चेतना हो । नामरुपको कारण बिज्ञानको बिकास हुन्छ । माथि नामरुपमा उल्लेख भएझै, भौतिक र मानसिक अवस्थाको बिकास नै बिज्ञान हो । बिज्ञानको आत्मनै चेतना हो । जहाँबाट सम्पूर्ण ज्ञानको दियो अविराल बल्दछ ।

**११. संस्कार–**

संस्कारको अर्थ जन्म र कर्म हो । बिज्ञानको कारण संस्कारको बिकास हुन्छ अर्थात जन्म हुन्छ। कर्म गर्छ। भोग गर्छ । मृत्यु हुन्छ । यही प्रकृया संस्कारको प्रकृति हो । यो निरन्तर चलिरहन्छन्। यसैलाई सनातन भनिन्छ।

**१२. अविद्या–**

अविद्याको अर्थ अज्ञान हो। संस्कारको कारण अविद्याको अवस्था हुन्छ। किनभने उपरोक्त ११ वटा श्रृंखलाहरू एक पछि अर्को गर्दै अविद्यामा आएर समाप्त हुन्छ । अर्थात दियोबाट भैरहेको प्रकाश अविद्यामा समाप्त हुन्छ । यो अवस्था परम् अतिक्रमण हो। अतिक्रमणबाट अन्धकार सुरु हुन्छ। अन्धकार भनेको निराकार हो । जहाँ कुनै आकार प्रकारको अनुभव हुँदैन। अर्थात बिलकुलै शून्यको अवस्था हुन्छ। यो बास्तविक समाधिको अवस्था हो। जहाँबाट निर्वाणपद प्राप्त गर्न सकिन्छ। निर्वाण भनेको जरामरणको अवस्थाबाट अलग हुनु हो। अर्थात फेरीफेरी जन्म नलिनु हो । जन्म नलिए पछि कर्म हुँदैन । कर्म नभए पछि दुःख नै हुँदैन। प्रतित्यसमुत्पादको आधारभूत मुल्य र मान्यताहरू यही हो। यसैलाई राम्रोसँग बुझ्ने प्रयास गर्नु पर्छ। यसलाई राम्रोरी बुझ्के पछि मात्र बुद्धदर्शन बुझ्न सजिलो हुन्छ।

## १६. जम्बुद्वीपमा बुद्ध युगको आरम्भः

उपरोत्त दर्शन र मतहरूको शुष्म अध्ययन गरे पछि संसारिक दुःखबाट मुक्त हुन सक्ने, चार आर्यसत्य अष्टमार्ग, पञ्चशील र शीलमार्गको आधारमा 'प्रतित्यसमुत्पाद'को सिद्धान्तलाई स्थापना गरे । यो सिद्धान्त प्राकृतिक सन्तुलन, मानव कल्याण, समानता र शोसन रहित समाजको स्थापनाका लागि महाअभियान थियो। यहीबाट बुद्ध युगको आरम्भ हुन्छ। यस आरम्भलाई भिक्षु संघको महाअभियान पनि भन्दछन्। यस महाअभियानमा सर्वप्रथम सारनाथको ऋषि पतन मृग्दयबनमा पञ्च बर्गिय भिक्षुहरूलाई बिधिवत दीक्षा गराई भिक्षु संघको उद्घोष गर्नु भयो। यहीबाट जम्बुद्वीपमा बुद्धयुग आरम्भ हुन्छ।

त्यस समय बनारसमा यश नाम गरेको समृद्ध गृहपति पुत्र थियो । उनको धेरै सेवकहरू र सम्पत्ति थिए । सुरा सुन्दरी र मनोरञ्जनमा डुबिरहने उनको जीवन शैली थियो । बिलाषित जीवनबाट एकदिन बिरक्त भए पछि उनले गृह त्याग गरे। बस्तीमा यताउति भौतारिँदै मृग्दयबनमा आइ पुगे । त्यहाँ बुद्धको उपदेश सुने पछि जीवनको बास्तविक्ता बुझ्रेर दीक्षा लिए। दीक्षान्तको क्रममा यश छैठौं भिक्षु थियो । भोलि पल्ट यशलाई खोज्दै

उनको पिता पनि त्यही आइ पुगे। भिक्षुहरूको समुह देखेर उनी पनि नजिकै आए। यहाँ तपाइँहरूले मेरो पुत्र यशलाई देख्नु भयो कि, बुद्धलाई सोधे।

'तपाइँको पुत्र यही कही हुन सक्छ,' बुद्धले भन्यो।



सबै भिक्षुहरूलाई नियलेर हेरे पछि समुहमा उनको पुत्र यशलाई पनि देखे। पुत्र यशलाई घर फर्कन अनुरोध गरे। तर, संघमा दीक्षा लिइसकेकाले यशले फर्कन मानेन। अन्तत, भिक्षु संघलाई भोजन दानका लागि निमन्त्रणा दिइ उनको पिता घर फर्किए।

भोलि पल्ट बिहान बुद्ध सहित भिक्षुसंघ यशको पिताको निमन्त्रणामा भोजन दानमा गए। भोजन दान पछि गृहपतिलाई

उपदेश दिए। उपदेश सुनेर गृहपति सहित उपस्थित सबै बुद्धको शरणमा आए। यस घटनाबाट प्रभावित भएर यशका अरु चार साथीहरू बिमल, पूर्णजित राम र गम्पतिले पनि दीक्षा लिए पछि तत्काल संघको संख्या दश जना पुग्यो।

त्यस समय बनारसमा काश्यप नामको एक प्रसिद्ध परिवार थियो। उनको परिवारमा पूर्ण काश्यप, नदी काश्यप र गया काश्यप गरी तीन दाजुभाइ थिए। उनीहरू शिक्षित र धार्मिक प्रबृतिका थिए। पूर्ण काश्यपले सन्यास लिएर गया स्थित फाल्गु नदीको किनारमा आश्रम बनाए। उनले लामोलामो जटा पालेका हुनाले उनलाई जटिल पनि भन्दथे। उनी अग्नि पूजाद्वारा यज्ञ, होम, हवन आदि गर्ने भएकाले उनको मतलाई 'अग्निहोत्रि' मत भन्दथे। उनको प्रख्याति चारैतिर फैलियो। त्यही प्रख्यातिका कारण पूर्णबाट उरुवेल काश्यपको नामबाट परिचित भए। उनको पाँचसय जटिल शिष्यहरू थिए। दाजुको प्रख्याति सुनेर नदी काश्यप र गया काश्यप पनि सन्यास लिएर फाल्गु नदीको तल्लो किनारमा दुबैले अलग अलग आश्रम बनाए। नदी काश्यपको तीनसय र गया काश्यपको दुईसय जटिल शिष्यहरू थिए। दुबै भाइले दाजुकै मत अनुसार आश्रम चलाएका थिए।

बुद्धले पनि उरुवेल काश्यपको प्रख्याति सुनेको थियो। त्यसैले, उनलाई उपदेश दिन फाल्गु नदीतिर गए। आश्रममा

उनलाई भेटे पछि एक रात अग्निशालामा बस्नका लागि बुद्धले अनुमति मागे ।



यो 'अग्निशाला'मा केहि दिनदेखि 'मुचलिन्द' नाम गरेको एउटा जंगली नाग बसेको छ। यो नाग अग्निहोत्रिको बिरोधी हो। यसले यहाँ धेरै बिनास गरेको छ। यहाँ बस्ने अनुमति दिन सकिदैन, काश्यपले भने ।

बुद्ध त्रिकालदर्शी थिए । कुनै पनि नयाँ ठाउँमा उपदेश दिन जानु भन्दा पहिले त्यहाँका बस्तु स्थिति र बास्तविकतालाई 'चक्षु'द्वारा राम्ररी निरीक्षण गर्दथे । उनी उपयुक्त समय मिलाएर काश्यपलाई उपदेश दिन चाहन्थे। यो रहस्य काश्यपलाई थाहा थिएन । 'मुचलिन्द' नाग मेरो असल मित्र हुन् । उनले मेरो अहित गर्दैन। उनी मेरा कल्याणमित्र हुन, बुद्धले भन्यो ।

'तपाइँलाई जे इच्छा छ,' त्यही गर्नु भनि असन्तोष प्रकट गर्दै बडबडाउदै कुटीतिर गए।

उरुवेल काश्यप त्यस समयका चर्चित जटाधारी सन्यसी थिए। उनले पनि बुद्धको बारेमा छोटो समयमा धेरै कुराहरू सुनेका थिए। बुद्धको बारेमा सुनेर उनी अश्चर्य मान्दथे। तैपनि बुद्धलाई एउटा चमत्कारी बाहेक अरु केही पनि हैन भनि सोच्दथे। आजको घटनाले झनै दुबिधामा पारी दिए। के गरौं ? कसो गरौं ? बडो जटिल परिस्थितिको आभास भयो। बिषक्त नाग राजाले बुद्धलाई डस्न किन बाँकी राखे होलन र ? मेरो आश्रममा अतिथिको हत्या ? यसले मेरो चरित्रमा दाग लाग्न सक्दछ ? आदि इत्यदि हुने नहुने कुराहरू मनमा खेलाउँदै थिए। शिष्यले प्रवचनको समय भयो गुरु भन्दै सूचना दिन आए।

काश्यपले त्यो बिहानको प्रवचनमा बिशेष गरी, 'बुद्ध र मुचलिन्द' नाग राजाकै घटनाको आधारमा गरे। प्रवचन सकिए पछि उरुवेल काश्यप केही शिष्यहरूका साथमा बुद्धको अवस्था हेर्नका लागि अग्निशालामा गए। त्यहाँको बास्तविक घटना देखेर काश्यप अश्चर्यमा परे !

मुचलिन्द भन्ने नागराज तुषिता भुवनमा श्वेत केतुको अंग रक्षक थिए। त्यसैले, लुम्बिनी शालबागमा श्वेतकेतु बोधिसत्वले जन्म लिए पछि उनकै सुरक्षमा खटिएका थिए। त्यस समय

तथागत बुद्धले नागराज मुचलिन्दलाई अग्निशालाको बारेमा उपदेश दिदै थिए। त्यसबेला मुचलिन्द नागराज बुद्धको अगाडि उभिएको थियो । बुद्धको शिरमण्डलमा दिव्य प्रकाश चारैतिर फैलिएको थियो । यो दृश्य देख्ने बित्तिकै उरुवेल काश्यपको चेतना खुल्यो ।




त्यहीबेला बुद्धको शरणमा गएर यसो भने– 'हे बुद्ध ! करुणामय सागर,' मेरो अज्ञानताका कारण मैले तपाइँको बास्तविक स्वरुपलाई चिन्न सकेन । बुद्ध एउटा चमत्कारी बाहेक अरु केही पनि हैन, भन्ने मेरो जुन भ्रमजाल थियो । त्यो अबदेखि पूर्ण रुपमा टुट्यो । मेरो चेतना खुल्यो । तपाइँले प्राप्त गर्नु भएको बुद्धत्वले मानव कल्याण मात्र होइन । सम्पूर्ण ब्रह्माण्डलाई कल्याण गर्नेछ । तपाइँ सन्यसी होइन भगवत हो । दशपार मीको तथगत हो । शास्त्र होइन देवताको पनि शास्ता हो । सम्पूर्ण ब्रह्माण्डलाई प्रकाशित गर्ने बुद्ध हो । मलाई यसैक्षण दीक्षा दिनुहोस् उनले भन्यो ।

तदानुसार काश्यपलाई दीक्षा दिए । उनका पाँचसय शिष्यहरूले पनि काश्यपसँग दीक्षा लिए । यस घटनाबाट प्रभावित भएर नदी काश्यप र गया काश्यपले पनि आफ्ना शिष्यहरू सहित भिक्षु महासंघमा दीक्षा लिए । काश्यप दाजुभाइको दीक्षाबाट भिक्षु संघले बिशाल रुप धारणा गर्यो । त्यसैले, बौद्ध साहित्यमा उरुवेल काश्यपलाई 'महाकाश्यप' भिक्षुसंघको मेरुदण्ड भनिन्छ । बुद्ध शासनमा भिक्षु कौण्ड्य पछिको उनी दोस्रो अहर्त हुन् । महाकाश्यपले ध्यान र साधनामा प्रख्यात थियो ।

त्यस समय राजगृहमा सञ्जय नामक उएटा परिब्रजक थियो । उनको दुईसय पचास शिष्यहरू थिए । शिष्यहरूमा अत्यन्तै तिक्ष्ण बुद्धि भएका 'सारिपुत्र र मौदगल्यान' नाम गरेका

युवकहरू पनि थिए । सञ्जयबाट पूर्ण शिक्षा प्राप्त गरे पनि उनीहरू सन्तुष्ट थिएन । दुबैले थप ज्ञानको खोजि गरिरहेका थिए । उनीहरू अत्यन्तै मिल्ने साथी थिए । त्यसैले, जसले पहिला सत्यको ज्ञान पाउछ, अर्कोलाई तत्कालै सुनाउनु पर्ने बाचा गरेका थिए ।

एकदिन पञ्चबर्गिय भिक्षुहरू मध्येको अश्वजित भन्ने भिक्षु राजगृहमा भिक्षाटन गर्दै थिए, सारिपुत्रले देख्यो ।



'ओहो, कस्तो शान्त भिक्षु ! निर्मल र अनुशासित !'

'हे साथी,' तपाइँ कुन धर्ममा आस्था राख्नु हुन्छ ? तपाइँको शास्ता को हुनुहुन्छ ? कृपय मलाई पनि बताइ दिनु हुन्छ कि ? किनभने म पनि खोजिरहेछु । तर, भने जस्तो मार्ग देखिरहेको छैन, सारिपुत्रले भन्यो ।

'सारिपुत्रको हावभाव,' अश्वजितले नियाल्यो ।

'हे साथी,' म भगवान बुद्धको संघमा दीक्षा लिएको छु। म नयाँ श्रमनेर भएकोले उनको धर्मको बारेमा बिस्तारसँग बताउन सक्दिन। तर, मैले बुझेको सार यस्तो हो भनी बुद्धबचनको सार सुनाए ।

बुद्धबचनको सार सुन्ने बित्तिकै तिक्ष्ण बुद्धि भएका सारिपुत्रलाई 'अमृतपान' गरे जस्तै शितल अनुभूति भयो । अश्वजितलाई बुद्धको शरणमा आउने बचन दिएर आश्रमतिर जाँदै गर्दा, बाटैमा मौदगल्यानसँग भेट भयो र भन्यो, 'हे साथी, आज मैले सत्यको अनुभव गरेँ !'

'के अनुभव गर्यो ?' मौदगल्यानले सोध्यो ।

तथागतको श्रमनेर अश्वजितसँग भएको कुराकानीको सार सुनाए । उनको सार सुने पछि 'मौदगल्यान'लाई पनि 'अमृतपान'को अनुभव भयो ।

'साथी, यो कस्तो सार हो ?' जस्को सार श्रवन गर्नले पनि अमृतपानको शितलताको अनुभव दिएको छ। तथागतको उपदेश सुने पछि त अहर्तनै प्राप्त हुन्छ होला ! अब ढिला नगरौँ। आश्रमबाट बिदा लिनका लागि गुरु र गुरुभाइहरूसँग पनि भेटना आवश्यक छ भन्दै, आश्रम पुगे। सबै गुरुभाइहरूसँग यो घटनाको बारेमा संक्षिप्त जानकारी गराए पछि, सबै गुरुभाइहरू आश्रम छाडेर पछि लाग्न तयार भए ।

आश्रमबाट बिदा हुनका लागि गुरुको सेवामा गए। गुरुले सारिपुत्र र मौदगल्यानलाई सम्पूर्ण आश्रम सुम्पे । तर, सारि पुत्रले बुद्धको शरणमा जाने निर्णय गरे पछि उनीसँगै दुईसय पचास शिष्यहरू पनि पछि लागे । यस घटनाबाट सञ्जय अत्यन्तै दुःखि भए। फेरी पनि उनले बुद्धलाई चिनेनन्। उनको अहंकारको पर्दा खुलेन। त्यही अहंकारले गर्दा तीन महिना पछि उनको मृत्य भयो।

तथागत बुद्ध उरुवेलबाट भिक्षु महासंघका साथमा राजगृहतिर आउँदै गर्दा, बाटोमा सारिपुत्र र मौदगल्यान सहित अढाइसय परिब्रजकहरू बुद्धको शरणमा आए।

बुद्धले सारिपुत्र र मौदगल्यानलाई दीक्षा दिए। उनीहरूले साथमा आएका परिब्रजकहरूलाई दीक्षा दिए। दीक्षा दिए पछि धर्मोपदेश दिए । प्रथम उपदेशमै 'सारिपुत्र र मौदगल्यान'ले अहर्त प्राप्त गरे। यसरी, भिक्षु महासंघमा अहर्त प्राप्त गर्नेहरूमा 'सारिपुत्र तेस्रो र मौदगलयान' चौथो स्थानमा रहे। त्यस समय भिक्षु महासंघको संख्या १२६५ जना भयो । यो संख्या एक महिना भित्रको थियो । त्यो दिनदेखि अहर्त 'कौण्ड्य, अहर्त महाकाश्यप, अहर्त सारिपुत्र र अहर्त मौदगल्यानलाई दीक्षा दिनसक्ने शील पनि दिए। उनी चार जना बुद्ध शासनको चार खम्बा थिए। जुन खम्बामा बुद्ध शासन अडिएको थियो। बौद्ध साहित्यमा उनीहरूलाई चार अहर्त भन्दछन्।

अहर्त कौण्ड्य बिनयमा, अहर्त महाकाश्याप ध्यान र साधनामा प्रख्यात थिए । यही ध्यान भन्ने शब्द जापान पुगे पछि उच्चारणमा अपभ्रंस भएर ज्यान भयो । ज्यानबाट जेन भयो । जापानको भिक्षुहरूलाई जेन मास्टर भन्दछन् । अर्थात बौद्धमार्गीहरूले कसरी बुझ्नु पर्छ भने बुद्धबचन भनेको तरलता हो । यसले प्राकृतिको आकार प्रकार, भूबनावट, जलवायु, सामाजिक संरचना, रहन सहन र आवश्यकता अनुसार रुप धारणा गर्छन् । किनभने बुद्धबचन भनेको सत्यबचन हो । सत्य भनेको समय हो । समय भनेको तत्कालिन आवश्यकता वा बर्तमान हो ।


यसैगरी अहर्त सारिपुत्र शिलमा प्रख्यात थिए । त्यसैले उनलाई महाप्रज्ञापारमितको आधार मानिन्छ । अहर्त मौदगल्यान समाधिमा प्रख्यात भएकाले उनलाई निर्वाण मार्ग पनि भनिन्छ । यसरी छोटो समयमै जम्बुदीपमा बुद्वयुगले सामाजिक परिवर्तनको जग बसाल्न सफल भए । महाक्रान्तिको शंखघोष भयो । समाजमा रुपान्तरण भयो । चेतनाको बिकास भयो । सबै मानिसहरू बुद्ध, धर्म र संघको शरणमा भए । उपासना गरे । श्रोतापतिफल प्राप्त गरेर अहर्तत्व प्राप्त गरे । सुखि जीवनको अनुभूति गरे ।

## १७. मगधराज बिम्बिसाारलाई धर्मोपदेशः

त्यस समय समृद्ध राजगृह नगर मगध राज्यको राजधानी थियो। श्रेणिय बिम्बिसार मगध राज्यको राजा थिए। तथागतले बुद्धत्व प्राप्त गरे पछि मगधराज बिम्बिसारलाई धर्मोपदेश दिन राजगृह आउने बचन दिएकोले सोही बचन अनुसार राजगृहको बेनुबनमा आएर बिश्राम गरे।

तथागत बेनुबनमा १२६५ भिक्षु महासंघका साथमा बिश्राम गरिरहेको कुरा मगधराजको कानमा पुगे। पूर्व तयारी बिनै लाखौं मगधीहरूको साथमा बेनुबन आए।


'तथागतलाई अभिबादन गरी साथमा बसे।'



'संघमा मगध वासीले उरुवेल काश्यपलाई पनि देखे ।' काश्यप त्यस समयका प्रख्यात अग्निहोत्रि थिए ।

यी दुई कुन चाहि कस्को अधिनता हो ? मगधवासीमा को के हो ? दुबिधा भैरहेको थियो ।


तथागत त्रिकालदर्शी थिए । सबैको मनोभावना बुझ्न सक्दथे । त्यहाँ उपस्थित मगधवासीहरूका मनसाय बुझे पछि त्यही अनुसार उपदेश गरे ।



'हे उरुबेलवासी,' तिमीले के देख्यो र के पायो ? जसको कारण 'अग्निहोत्रि' यज्ञको त्याग गर्यो ? बुद्धले भन्यो ।

उरुबेल महाकाश्यपले भन्यो, 'हे मगधवासी,' भगवान बुद्धको प्रथम उपदेशमै मेरो चेतना खुल्यो । वहाँले प्राप्त गर्नु भएको बुद्धत्वले मानव कल्याण मात्र होइन, सम्पूर्ण ब्रह्माण्डलाई कल्याण गर्नेछ । वहाँ सन्यसी होइन, भगवत हो । दश पारमीको तथागत हो । शास्त्र होइन देवताको पनि शास्ता हो । सम्पूर्ण ब्रह्माण्डलाई प्रकाशित गर्ने तथागत बुद्ध हो । बुद्धम् शरणम् गच्छामि भनि बन्दना गरे । यसबाट मगधवासीको सम्पूर्ण सन्देह समाप्त भयो ।

त्यसपछि तथागतले मगध नरेश श्रेणिय बिम्बिसारलाई सम्बोधन गर्दै भने, 'हे मगधाधिपति,' यो भवसागर अर्थात संसार दुःखले भरिएको छ। दुःखको कारण र समुदय छ। दुःखबाट अलग हुन सक्ने उपाए छ। दुःखबाट मुक्ति हुन सक्ने अवस्था छ। अर्थात निर्वाण प्राप्त गर्न सक्दछ। यसलाई 'चार आर्यसत्य' भन्दछन्। 'चार आर्यसत्य'को बास्तविकतालाई जान्नका लागि 'अष्टमार्ग'को सिद्धान्तलाई बुझ्नु आवश्यक हुन्छ। निर्वाण प्राप्त गर्नका लागि ती मार्गहरू उत्तम् मार्ग हुन। जस्तैः सम्यक दृष्टि सम्यक संकल्प, सम्यक वाणी, सम्यक कर्म, सम्यक जिविका सम्यक व्यायम, सम्यक स्मृति र सम्यक समाधि आदि हुन्। अष्टमार्गलाई सही ढंगबाट अभ्यास गर्न पञ्चशीलको आधार चाहिन्छ। पञ्चशीलको मूल भावनालाई बुझ्नका लागि चार आर्यसत्यलाई बुझ्नु पर्छ।



त्यसैले, धर्ममा बैराग्य श्रेष्ठ, सत्यमा चार आर्य श्रेष्ठ, मार्गमा अष्टमार्ग श्रेष्ठ, शीलमा पञ्चशील श्रेष्ठ, भावनामा करुणा श्रेष्ठ प्राणीमा मनुष्य श्रेष्ठ, मनुष्यमा बुद्ध श्रेष्ठ, राज्यमा राजा श्रेष्ठ। यो उत्कृष्ट सूत्र छ। यसलाई मनन गर्न जरुरी छ।

'हे राजन,' जसरी सेतो कपडाले मैलो छिटो समात्छ। त्यसरी नै पक्षपाती नीति र शासन प्रशासनको आयु पनि दीर्घकालिन हुन सक्दैन। त्यसैले, कुनै पनि राज्यमा राजा श्रेष्ठ भएकाले उनको नीति 'बहुजन हिताय बहुजन सुखाय'को आधारमा आधारित हुनुपर्छ। राज्यको सर्वोपरी बिकासका लागि राज्य भित्र रहेका विद्धानहरू, ब्राह्मणहरू, पण्डितहरू, साधुहरू, सन्यासीहरू र भिक्षुहरू सबैको सम्मान र सत्कार सहित उचित परामर्श लिन आवश्यक छ। बीर योद्धहरूको योगयता र क्षमताको पहिचान गरी परिचालन गर्ने। उद्यमीहरूको संरक्षण गरी उत्पादन बढाउने। राज्यमा रहेका प्राकृतिक स्रोत साधनको पहिचान गरी समुचित परिचालन गर्ने। ब्राह्मन, क्षेत्री, वैश्य र सुद्रको बिभाजन जातीको आधारमा नभइ योग्यता, क्षमता र प्रज्ञाको आधारमा गरिनु उचित हुन्छ। यसबाट शोसन रहित समाजको परिकल्पना गर्न सकिन्छ। यसबाट सामाजिक समृद्धि प्राप्त गर्नका लागि आधारशीला तयार हुन्छ।

तथागत बुद्धको उपदेश सुने पछि सबै सन्तुष्ट भए। मगध नरेशले आफ्नो स्थानबाट उठेर भने, 'तथागतको उपदेश सुनेर म

कृतार्थ भए।' आज मैले अमृत सेवन गरे। भगवान! मेरो जीवनमा पाँचवटा अभिलाशा थियो । जसमा राज्याभिशेष सम्यक सम्बुद्धको मेरो राज्यमा पदार्पण, उनको सेवा गर्ने, उपदेश सुन्ने र उनको धर्मलाई धारणा गर्ने। आज यो पाँचैवटा अभिलाशा पूर्ण भयो । आजदेखि बुद्ध, धर्म र संघको शरणमा जान्छु । मगध नरेशको यो बेनुबन आजदेखि संघको सेवामा अर्पण गर्न चाहन्छु। अब आउने पूर्णिमाको दिनमा भगवान सहित संघलाई भोजन दानमा निमन्त्रणा दिन चाहन्छु, राजाले घोषणा गर्यो।

मगध नरेशको निमन्त्रणालाई भगवानले स्विकार गर्नु भयो । यस प्रकार मगध नरेश बुद्धको प्रथम उपासक र रानी उपासिका बनिन् । यस घटनाबाट मगध राज्यमा बुद्ध धर्मको प्रथम जग बस्यो। मगध राज्यमा हजारौँ उपासक उपासिकाहरूले बुद्ध धर्मको उपासना लिए । यस प्रकृयाबाट बुद्धधर्मको जग बसाल्नमा ठुलो आधार बन्यो। यसैको जगमा बुद्धधर्म मौलायो।

पूर्व निर्धारित समय अनुसार पूर्णिमाको दिनमा राजा श्रेणिय बिम्बिसारको दरबारको प्राङ्गन बिबाहको मण्डप जस्तै सजि सजाउ थियो । निर्धारित समयमा भिक्षु महासंघ सहित तथागतको पदार्पण भयो। बिम्बिसारले आफ्नो औकात अनुसार तथागतको भव्य स्वागत गर्यो । चार जना अहर्त 'कौण्ड्य महाकाश्यप, सारिपुत्र र मौदगलयान' सहित तथागत बिशेष आसानमा बिराजमान हुनु भयो। भिक्षु महासंघले आ-

आफ्नो आसान ग्रहण गरे । तथागतले भोजन दान स्वीकार गरे पछि दानको महत्त्व र यसको फलको बारेमा उपदेश दिनु भयो ।

'हे राजन,' दानमा भुमि दान श्रेष्ठ छ । दान भनेको स्वर्थ रहित कल्याणकारी कार्यमा सहभागी हुनु हो । संसारका प्रत्येक जीव, जन्तु पशु, पंक्षी, दानव र मानव सबैलाई सुरक्षित स्थान चाहिन्छ । सुरक्षित स्थान त्यसैलाई भन्दछ, जहाँ आफुलाई सुरक्षित महशुस गर्दछन् । जसरी बेनुबनमा अवस्थित राजबागलाई भिक्षु महासंघको सेवामा अर्पण गर्नु भएको छ । भिक्षुहरू त्यस क्षेत्रमा स्वतन्त्र रुपमा निवास गर्न सक्छन् । मौसम अनुसारको फलफूलहरू प्राप्त गर्न सक्दछन् । यसबाट प्रमाणित हुन्छ कि भिक्षुहरूको लागि यो स्थान आश्रय स्थल हो । जहाँ स्वतन्त्र रुपमा आवत, जावत, आश्रम र बिश्राम गर्न सकिन्छ ।

हाम्रो भिक्षुहरू सबैले गृहत्याग गरिसकेकाले उनीहरू अनागरिक हुन् । उनीहरूका लागि आफ्नो र पराय कोही पनि हुँदैनन् । समुद्र जस्तै सबै समान हुन्छन् । सामान्य दृष्टिले हेर्दा समुद्र समतल देखिए तापनि सतह भित्र पानीको धारहरू तिब्र रुपमा गतिशील भैरहेका हुन्छन् । एउटा तेजिलो धार अर्को धारसँग ठोकीए पछि शान्त हुन्छन् । अन्तिम सतहमा पुगे पछि मात्र पानीको गति स्थिर हुन्छ । त्यसै अनुरुप भिक्षुहरू पनि साधारण जीवन शैलीमा ध्यान, भावना, चिन्तन, मनन, साधना शील र आर्य अष्टाङ्गिक मार्गद्वारा प्रज्ञाको उच्चतम कोटीसम्म पुग्न सक्दछन् । यसबाट अहर्तत्व प्राप्त गर्न सकिन्छ ।


अहर्तत्वको जगमा समाधि र समधिको जगमा निर्वाण प्राप्त गरी भव चक्रबाट मुक्त हुन सक्दछ। बुद्ध दर्शनको अन्तिम गन्तव्य भनेकै निर्वाया हो। निर्वाण भनेको शून्यताको अवस्था हो। बौद्धमार्गी उपासक र उपासिकाहरूले पनि स्रोतापति फल प्राप्त गर्न सक्दछन्। तर, आर्य अष्टाङगिक मार्गको बिपरित कार्य गरेमा समुद्रमा उठ्ने तुफान जस्तै काम, वास्ना, माया, मोहा र तृष्णामा जलेर आफै बिनास पनि हुन सक्दछ। बुद्ध शासनमा यस्ता भिक्षुहरू र उपासक र उपासिकाहरू प्रशस्त थिए।

तथागत बुद्ध यिनै बिषयमा केन्द्रित रहेर उपदेश गदै थिए। एकजना केश्री भन्ने राजगृहकी महिला काखीमा मृत बच्चा लिएर भाग्दै आए। बाटोमा सुरक्षा गार्डले उनलाई रोके। तर तथागतले छाडि दिनु भने।

त्यस समय राजगृहको क्षेत्रमा ब्राह्मणहरूको बर्चस्व थियो। बुद्धको उपदेश सत्यमा आधारित भएकाले छोटो समयमै जंगलको आगोभ्कै चारैतिर फैलिएको थियो। आफ्नो अस्तित्व शंकटमा पर्ने भएकोले, यो कुरा ब्राह्मणहरूलाई कत्ति पनि पचेको थिएन। त्यसैले, बुद्धको आगमानको अवसर छोपेर षड्यन्त्र रचे। त्यही समय शारदा गाउँको ब्राह्मण परिवारमा एउटा बालकको मृत्यु भएको थियो। ब्राह्मणहरूले त्यसैलाई हातियार बनाएर केश्रीको काँधमा बन्दुक राखेर बुद्धलाई हान्ने योजना बनाए। बुद्धले मृतकलाई पनि जीवन दिन सक्छ रे भन्ने भ्रम केश्रीको मनभरी छरिदिए। पुत्र शोकमा डुबेकी केश्रीलाई

षड्यन्त्रको बारेमा केही जानकारी थिएन । उनी भ्रमको शिकार भइन । मृतक बालकले जीवन दान पाउन सक्छ कि भन्ने झिनो आशा लिएर उनी भाग्दै राजदारबार आइन् ।

'उनी बुद्धको शरणमा आएर बिलाप गर्न थालिन् ।' 'हे बुद्ध,' एक साल अगाडि मेरो पतिको मृत्यु भयो । हिजो राति मेरो छोराको पनि मृत्यु भयो । अब म अनाथ भए । यदि तपाइँ साच्चै बुद्ध हो भने मेरो छोरालाई जिवित गरिदिनु, केश्रीले बिलाप गरिन । उनको बिलाप सुनेर बुद्ध सिहत भिक्षुसंघ पनि स्तब्घ भए ।



संसारिक नियम अनुसार जन्म र मृत्युको नियमित श्रृंखलामा भैरहने र हुन सक्ने अवस्थाहरूको बिचार गरी केश्रीको दर्दनायक मनोभावनालाई बुझेर भन्नु भयो–

'हे केश्री,' म तिम्रो मृत बच्चालाई जिवित बनाइ दिन सक्छु। यसका लागि गाउँमा गएर एक मुट्ठि तील माँगेर ल्याउ। तर स्मरण राख्नु, त्यो तील ल्याउने घरमा कहिलै कसैको पनि मृत्यु भएको हुनुहुँदैन, बुद्धले भन्यो।

शोकमा डुबेकी केश्रीले बिचारै नगरी आवेगमा दौडिन्दै गाउँमा पुगिन्। घरघरमा गएर एक मुट्ठि तील माँगिन। एक मुट्ठि तील दिन सबै तयार भए। तर, तील लिने समयमा, यो घरमा कहिलै कसैको मृत्यु भएको छ कि छैन भनेर सोधिन ? सबैको घरमा मृत्यु भएको खबर पाए। सबैको एउटै प्रश्न थियो मृत्युले कसलाई बाँकी राख्छन र ? आखिर, कालको गतिलाई कस्ले पो रोक्न सक्छ र ? उनले पुरै गाउँ घुमैं। तर, कसैको घरबाट पनि उनले चाहे जस्तो तील प्राप्त हुन सकेन। अन्तत दुःखि मन लिएर बुद्धको शरणमा आएर रुन थालिन।

'मैले भने जस्तो तील लिएर आयौं त ? बुद्धले सोधे।'

'भगवान, मैले पुरै गाउँ घुमैं।' तर, तपाइँले भने जस्तो तील पाउन सकिन ! यो संभाव रहेन छ ? म अज्ञानीले सत्य कुरा बुझ्न सकिन। मलाई यसै बखत दीक्षा दिनु होस्, भनिन्।

'हे केश्री,' यो कुरा मैले पहिलेनै भनेको भए तिमीले पत्याउने थिएन। तर, अब तिमी स्वयम्लाई यो सत्यको अनुभूति भयो। मानिसको जन्म भए पछि उनको मृत्यु अन्तिम सत्य हो। फरक यति मात्र हो कि कसैको अल्पायु कसैको

मध्यायु र कसैको दीर्घायु हुन्छन् । तर, मृत्यु त सत्य हो । पुत्र शोकको कारण तिमी बिच्छिप्त अवस्थमा पुगेको थियो । आँखा चिम्लेर शान्त भावबाट हेर त ? तिम्रो स्मृतिमा छोरा सधै जीवितै हुन्छ । तिमीले उनको प्रत्येक कृयकलापहरूलाई अनुभवद्वारा प्राप्त गर्न सक्नेछौ । यही अनुभवबाट सबै अनुभूति गर्ने हो । यो संसारमा कुनै पनि मानिस अजय र विजय छैन । कसैको पराजय पनि छैन । सानो र ठुलो पनि छैन । अजय र विजय त समुदायलाई देखाउने अहंकारीपनको खोक्रो अडम्बरी मात्र हो । सबै अनित्य हो । कुनै पनि बस्तु नित्य छैन । परतन्त्र र स्वतन्त्र पनि छैन । प्रतित्यसमुत्पाद भनेको यही हो । एउटा बस्तुको गुण र स्वभावमा अर्को बस्तुले अस्तित्व लिएको हुन्छ । अर्थात आश्रित रहन्छन् ।

साँचो अर्थमा बुझ्नु पर्ने कुरा के छ भने, बुद्ध भनेको सत्य हो । सत्य भनेको समय हो । समय भनेको बर्तमान हो । तर बर्तमान पनि एकनास हुँदैन । किनभने, बिहानको तापक्रम दिउसो हुँदैन । दिउसोको तापक्रम बेलुकि रहँदैन । यही हो अनित्यवाद भनेको ।

# १८. दानबीर अनाथपिण्डकलाई धर्मोपदेशः

मगधको छिमेकी राज्य कोसल जनपदको राजधानी श्रावस्ति थियो । त्यहाँ राजा प्रसेनजितको शासन थियो । अनाथपिण्डक राजा प्रसेनजितको प्रमुख 'खचान्जि' अर्थात अर्थप्रमुख थियो । जसलाई अहिलेको भाषामा अर्थ मन्त्री भनिन्छ । उनको पुरानो नाम 'सुदत्त' थियो । उनी दिन दुःखि र दरिद्रहरूलाई धेरै दान दिने गर्दथे । अनाथहरूलाई पिण्डदान दिने भएकोले उनको नाम दानबीर अनाथपिण्डक भनिएको हो ।

एकदिन उनी राजगृह गए । राजगृह उनको ससुराली थियो । त्यही उनको साला श्रेष्ठिकोमा बसे । श्रेष्ठि बिम्बिसारका प्रिय पात्र थिए । उनले राजदरबारको प्रांगनमा बिबाह मण्डप जस्तै धुमधामसँग सजिएको देखे ।

'यो के कारणमा तैयार गरिएको हो ?' सुदत्तले सोधे ।

'दरबारमा को आउँदै छ थाहा छैन ?' श्रेष्ठिले भने ।

'आहा, थाहा छैन ?' सुदत्तले भन्यो ।

राजगृहको बेनुबनमा तथागत बुद्ध भिक्षु महासंघ सहित पदार्पण भएको छ । अबको तेश्रो दिनमा हुने पूर्णिमाको दिनमा

तथागत सहित महासंघलाई भोजन दानमा निमन्त्रणा गरिएको छ। यो त्यसैको तैयारी हो, श्रेष्ठिले आदारसाथ भने।

राजा बिम्बिसरको दरबारमा यस्तो सिँगार पटार गरिएको भव्य मण्डपद्वारा स्वागतको तयारी देखेर तथागत बुद्धको दर्शन गर्ने उनको मनमा तिब्र अभिलाषा जाग्यो। बुद्धको दर्शन गर्न बेनुबनतिर प्रस्थान गरे।



बेनुबनमा तथागत बुद्धको दर्शन गरेर भने, 'हे तथागत,' म श्रावस्तिको अनाथपिण्डक राजा प्रसेनजितको प्रमुख खचान्जि हुँ। मसँग धेरै नोकर चाकर र धेरै स्वर्ण मुद्राहरू छन्। तर, मैले सत्मार्ग प्राप्त गर्न सकेको छैन, धर्मोपदेश दिन अनुरोध गरे।

अनाथपिण्डको निर्मल भावनाको भाव बुझ्दै, 'हे सुदत्त,' यो संसारमा को छ ? जसले हाम्रो निर्माण गर्दछ ? को छ यस्तो सर्वशक्तिमान जसले हामीलाई चलाउदछ ? के यहाँ कोही ईश्वर छ ? कोही सृष्टि कर्ता छ ? यदि ईश्वर वा निर्माणकर्ता छ भने सबै प्राणिहरूले उनले निर्धारण गरेको मार्गमा चुपचाप चल्नु पर्छ । जसरी कुमालले उनको इच्छ अनुसार माटोको भाँडोहरू तयार गर्दछन् । यदि यो संसार ईश्वरद्वारा निर्मित हो भने, त्यहाँ दुःख पाप र अप्ठेरो परिस्थितिहरू किन ? किनभने पवित्र र अपवित्र दुबैको रचना त उनैको देन हो नि ? यदि दुःख, पाप र अप्ठेरो परिस्थितिहरूको मूल श्रोत ईश्वरलाई न मान्ने हो भने त त्यो भन्दा अलग र स्वतन्त्र रुपमा अर्को कारण पनि मान्नु पर्ला नि ? यो दृष्टिकोणबाट हेर्दा, ईश्वर त सर्वशक्तिमान देखिँदैन ? अर्थात यो पनि भन्न सकिन्छ कि, ब्रह्माबाट सृष्टि उत्पन्न भयो ? ब्रह्मा पनि सृष्टिको कारण हुन सक्दैन । आत्म पनि हुन सक्दैन ? उपरोक्त कारणहरूबाट हेर्दा, ईश्वरको अस्तित्व भए पनि श्रृजनामा उनको खासै महत्त्वपूर्ण कारण देखिँदैन ।

उदाहरणका लागि जसरी बिउबाट बिरुवाको उत्पति हुन्छ। त्यसरी सबै बस्तुहरूको बिभिन्न अवस्थामा उत्पन्न हुन्छ। कुनै पनि बस्तुको उत्पतिमा 'हेतु वा कारण' हुन्छ । हामी आफैले गरेको कर्मले पनि राम्रो वा नराम्रो परिणामको जन्म दिन्छ । यो प्राकृतिको मौलिक सिद्धान्त हो । यसलाई प्रतित्यसमुत्पाद भन्दछ। यसको मौलिक सिद्धान्तलाई राम्ररी बुझ्न सक्नु पर्छ।

यो संसार 'प्रतित्यसमुत्पाद' अर्थात प्राकृतिको नियममा बाँधिएको हुन्छ। जस्तैः सुनबाट निर्मित गहना आनन्त कालसम्म सुनकै हुन्छ। सुनलाई माटोमा राखे पनि हजार वर्षसम्म गल्दैन। यही हो सुनको विशेषता।

तथागतको धर्मबाट अमोद प्रमोद हुनका लागि भिक्षुत्व नै ग्रहण गर्नु पर्ने बाध्यता छैन। गृहस्थमा बसेर पनि आर्य अष्टाङगिक मार्ग र पञ्चशीलको नियमलाई उपासन गर्न सके सुख, शान्ति र समृद्धि प्राप्त गरेर श्रेष्ठतम् जीवनबाट निर्वाण प्राप्त गर्न सकिन्छ। यसमा कुनै दुबिधा छैन।

अनाथपिण्डकले तथागतको बचन सुने पछि प्राण रहुन्जेल उपासक हुने बचन दिए। साथै श्रावस्तिमा बुद्ध सहित भिक्षु महासंघका लागि उपयुक्त बासस्थानको व्यवस्था गरेर भोजन दानका लागि निमन्त्रणा दिन आउने बचन दिदै बिदा भए। यो उनको जीवनमा महत्त्वपूर्ण बचन थियो। त्यसैले, उनको लागि हरपल अत्यन्तै महत्त्वपूर्ण थियो।

अनाथपिण्डकको जन्मको नाम 'सुद्धत' थियो। उनी श्रावस्तिको राजा प्रसेजितको खचान्जि अर्थात अर्थ प्रमुख थिए। उनको ठुलो व्यापार व्यवसाय थियो। व्यवसाय चलाउनका लागि धेरै नोकर चाकर र कारिन्दहरू थिए। उनले व्यवसायबाट धेरै स्वर्ण मुद्रा अर्जन गर्न सफल भएका थिए। उनी दिन दुःखि र दरिद्रहरूलाई धेरै दान दिने गर्दथे। त्यसैले, श्रावस्ति

र आसपासका राज्यहरूमा उनको नाम धनिमानीमा गनिन्थ्यो । उनले राजगृह नगरको छेउमा रहेको बेनुबनमा तथागत बुद्धसँग प्रथम पटक धर्म दीक्षा लिएको समयमा श्रावस्तिमा बुद्ध सहित भिक्षु महासंघलाई उपयुक्त बासस्थानको व्यवस्था गरेर भोजन दानका लागि निमन्त्रणा दिन आउने बचन दिदै बिदा भएकोले बचन निभाउन उनी व्यस्त थिए ।

तथागत बुद्ध सहित भिक्षु संघलाई उपयुक्त बिहार निर्माणका लागि राजा प्रसेनजितसँग श्रावस्तिमा अवस्थित आपको बगैंचा मागे । राजा प्रसेनजित बडा अहंकारी थियो । त्यसैले, तिम्रो स्वर्ण मुद्राले जति बगैंचा ढाक्न सक्छौ त्यति नै लिन सक्छ, प्रसेनजितले अहंकार प्रकट गर्दै भन्यो ।

दानी अनाथपिण्डकसँग अकूत संपत्ति थियो । त्यसैले, राजसँग भएको संझौता अनुसार बिशाल बगैंचालाई स्वर्ण मुद्राले ढाकिसके पछि, प्रसेनजितलाई सूचना दिए ।

'राजा प्रसेनजित स्वर्ण मुद्रा हेर्न घमण्डसाथ आए ।'


उनको मनमा लागेको थियो कि अनाथपिण्डकसँग यति ठुलो बगैंचाा ढाक्न सक्ने स्वर्ण मुद्रा कहाँबाट आउन सक्छ ? तर, जब उनी बगैंचाामा पुगे, उनको सम्पूर्ण आपको बगैंचा स्वर्ण मुद्राले ढाकिसकेको देखे । दानबीर अनाथपिण्डकको अथाह सम्पति र बुद्ध प्रति समर्पण भाव देखेर उनको अहंकार चक्नाचुर भयो ।

तिमीसँग यति धेरै स्वर्ण मुद्रा होला भनेर मैले कल्पना पनि गरेको थिएन ! मेरो राज्यको ढिकुटीमा पनि यति धेरै स्वर्ण मुद्रा सञ्चित छैन । दानी अनाथपिण्डकले मेरो खोक्रो अडम्बरीमा चेतनाको दियो बालिदियो । यसबाट म एक मुद्रा पनि लिन्न । भगवान बुद्ध र भिक्षु संघलाई उपयुक्त हुने महाबिहार निर्माणमा खर्च गर्नु । आवश्यक परेमा राज्यकोषबाट पनि सहयोग लिनु सक्नु हुन्छ, राजा प्रसेनजितले भन्यो । बुद्धको बारेमा अनेक तर्क बितर्कहरू मनमा खेलाउँदै दरबारतिर फर्किए ।

श्रावस्तिको सम्पूर्ण आप बगैंचा ढाक्न सक्ने स्वर्ण मुद्राबाट भगवान बुद्ध र भिक्षु महासंघलाई अनुकुल हुने किसिमले रात दिन खटेर बिहार निर्माण गर्न थाले । जसमा धर्मसभाका लागि बिशाल सभा भवन, बिपासना कक्षा, व्यायम कक्षा, आवास भवन अतिथि गृह, जलपान गृह, प्रतिक्षालय, बाचनलय, बुद्धका लागि गन्धकुटी, सहयोगीहरूको आवास भवन, पानीको कुवा शौचालय आवत जावतको लागि मार्ग र आवश्यक कार्य सम्पन्न भए पछि 'सप्तहव्यापि' भोजन दानका लागि निमन्त्रणा दिन स्वयं गए ।

दानी अनाथपिण्डकको निमन्त्रणा अनुसार असाड पूर्णिमाका दिन, तथागत बुद्ध र भिक्षु महासंघ सहित श्रावस्तिको महाबिहारमा पदार्पण गर्नु भयो । भिक्षु महासंघ सहित भगवान बुद्धलाई भव्य स्वागत गर्यो ।

महोत्सव हेर्नका लागि आसपासका नगरहरूबाट पनि मानिसहरू आएका थिए । हजारौं आस्थवान जनसमुदायको उपस्थितिमा भोजन दान स्वीकार गरी दानको नियम र यसबाट प्राप्त हुने पुण्यको बारेमा उपदेश दिन मण्डपमा उग्लिनु भयो । बुद्ध सहित ४ जना अहर्तहरूले बिशेष आसान ग्रहण गरे ।



बुद्धले उपदेशमा भन्यो, ‘हे महादानी अनाथपिण्डक,’ बुद्ध, धर्म र संघप्रतिको तिम्रो समर्पण भाव देखेर तुषिता भूवनका बोधीसत्वहरू पनि प्रसन्न छन् । हामीहरूले सपष्टसँग बुझ्नु पर्ने कुरा के छ भने, धर्ममा बैराग्य श्रेष्ठ । सत्यमा चार आर्य श्रेष्ठ । मार्गमा अष्टाङगिक मार्ग श्रेष्ठ । शीलमा पञ्चशील श्रेष्ठ । भिक्षुमा अहर्त श्रेष्ठ । स्रद्धामा उपासना श्रेष्ठ । पुण्यमा दान श्रेष्ठ । घातुमा स्वर्ण श्रेष्ठ छन् । जसरी माटो भित्र रहेका स्वर्ण धातुलाई शुद्ध बनाउनका लागि निश्चित प्रविधिको प्रयोग गरिन्छ । पूर्णरुपमा सुद्ध भएका सुन हजार वर्षसम्म माटोमा लुकेर बसे पनि, त्यसको गुणमा परिवर्तन हुँदैन । त्यसरी नै दानको सवालमा पनि निश्चित नियमहरू बाँधिएका हुन्छन् ।

जस्तैः भोजन दान चीवर दान, भिक्षा दान, बगैँचा दान आदि। तर, भिक्षु संघका लागि दानहरूमा बिहार दान सर्वश्रेष्ठ मानिन्छ। यसबाट भिक्षुहरूले ध्यान, साधना, उपासना र प्रज्ञाको बिकास गरी अहर्त मार्ग अबलम्वन गर्न सक्ने छन् । यो महाबिहार दानबाट बुद्ध धर्म र संघका लागि महत्त्वपूर्ण जग बसेको छ।


पूर्वजुनिमा अनाथपिण्डक कुबेरको खचान्जि थियो। त्यस बखत उनको नाम 'दरान' थियो । त्यस समय उनले सत्य कर्म गरेको प्रभावले यस पटक, मानव कल्याणका लागि उत्कृष्ट हुने बुद्ध धर्मको स्थापनाका लागि श्रावस्तिमा ब्राह्मण योनिमा जन्म लिएका हुन् । यो पूर्व जुनिको कथाले उनको चेतना खुल्नेछ। किनभने, अहर्तत्व प्राप्त गर्ने बित्तिकै कुन समय कस्तो योनिमा जन्म हुने हो ? स्वयम् जानकारी हुनेछ। उनको यो दोस्रो पारमिता हो। दश पारमिता पार गर्न सकेमा बोधि लाभ गर्ने छन् भनि पारमिताको देशना पनि गर्नु भयो। यो ऐतिहासिक 'सप्ताहव्यापि बौद्ध महोत्सव' बोधि साहित्यको पानामा स्वर्ण अक्षरमा लेखिने छ।

यसरी दानबीर अनाथपिण्डकले श्रावस्तिमा अषाढ पूर्णिमाका दिन लगातार तीन वर्षसम्म 'सप्ताहव्यापि' बौद्ध महोत्सव मनाए। असाड पूर्णिमादेखि भदौ पूर्णिमासम्मको तीन महिना भिक्षुहरूले वर्ष बास बस्नु पर्ने नियम हुन्छ। त्यही नियम अनुसार संघ सहित बुद्धले प्रथम वर्षबास त्यही बिताए। यसरी तथागत बुद्धले लगातार तीन वर्षसम्म वर्ष बास त्यही बिताए।

तथागत बुद्ध जेतवनको महोत्सवमा आएको खबर पाए पछि महाराजा प्रसेनजित रथमा सवार भएर बुद्ध भएको स्थानमा पुगे। आदार साथ हात जोडेर, 'यो मेरो राज्यको सौभाग्य हो भगवतले पदार्पण गर्नु भयो।

संसारिक सम्पत्ति अनित्य र नाशवान छ। तर, धर्मरुपी धन आनन्त छ, नाशवान हुँदैन। राजा हुँदा पनि संसारिक मानिस दुःखि रहन्छ। 'हे महाराज,' म संक्षेपमा धर्मोपदेश गर्छु। त्यसलाई ध्यान पूर्वक सुन।

हाम्रो राम्रो र नराम्रो कर्महरू छाँया जस्तै हाम्रै पछि लागिरहेको हुन्छन्। जीवनको महत्त्वपूर्ण विषय भनेकै मैत्रिभाव हो। प्रजालाई आफ्नै सन्तान सम्भनु पर्छ। बिना कारण कष्ट दिनु उचित हुँदैन। अरुलाई तुच्छ र आफुलाई महान सम्भने यो हाम्रो अभिमान हो।



यसले बिनास निम्त्याउछँ । राजकीय अभिमान भन्दा जनभावनालाई उचित स्थान दिन सक्नु पर्छ । मिठो कुरा र चाप्लुसी गर्ने राजाको प्रत्येक कुरामा हाँमा हाँ मिलाएर समर्थन गर्ने तिम्रा धुर्त र चाप्लुसी मन्त्रीहरूसँग सावधान रहनु ! यसबाट तिमीलाई क्षणिक सुख, शान्ति, मान, सम्मान प्राप्त भए पनि दीर्घकालिन लाभ हुँदैन । दीर्घकालिन राज्य ब्यवस्था अपनाउनका लागि "बहुजन हिताए, बुहजन सुखाए"को नीति अपनाउनु पर्छ । जनहितमा काम गर्नु पर्छ ।

यसका साथै तिम्रो राज्य भित्र निवास गर्ने विद्वान ब्राह्मणहरू भिक्षुहरू, आचार्यहरू, श्रमनेरहरू, कालिगढहरू, ब्यापारीहरू ब्यवसायिहरू र नागरिक आगुवाहरू सबैको सम्मान गर्दै उनीहरूलाई राज्य ब्यवस्थामा उचित स्थान दिनु पर्छ । उनीहरूको राय, सल्लाह र सुझावहरू पनि सुन्नु पर्छ । उचित सुझावहरूलाई राज्य ब्यवस्था सञ्चालनको लागि तय गरिने नीतिहरूमा समावेश गरिनु पर्छ भन्दै उपदेश दिए ।

## १९. तथागत बुद्ध मातृभूमि प्रस्थानः

तथागत बुद्धको मान, सम्मान, प्रतिष्ठा, प्रज्ञा, शील, समाधि र करुणको जगमा मनाइएको दश दिने महोत्सबको प्रभावबाट उत्पन्न भएको करुणाको तरंग जम्बुद्वीपमा सुगन्धझैं फैलिएको थियो । बुद्ध युवराज हुँदा सारथीको रुपमा रहेको छन्नको भाइ कालुदायि कपिलबस्तुबाट राजा शुद्धोधनको राजसन्देश लिएर राजगृह आइरहेको थियो ।

अहर्त कौण्ड्यले झन्डा देख्ने बित्तिकै कपिलबस्तुबाट कोही आउँदै गरेको हो जस्तो लाग्यो ।

'हाँ ??? ... यो त कालुदायि जस्तो देखिन्छ नि ?!'

'कौण्ड्य नजिकै गएर आपसमा भलाकुसारी गरे ।'

त्यसपछि उनी बुद्धको सामुन्ने गएर भने, 'हे करुणामयि लोकाधिपति,' म सारथी छन्नको भाइ कालुदायि हुँ । राजा शुद्धोधनको सन्देश लिएर आएको हुँ भनि एउटा सन्देश पत्र तथागतलाई दिए ।

'तथागतले सन्देश पत्र खोलेर बिस्तारै पढे ।'

त्यसमा लेखिएको थियो, 'हे गौतम, तिमी सर्वज्ञ बुद्ध

भैसकेको खबर मैले सुने ।' तर, मेरो स्वास्थ्य चिन्तजनक छ। जीवनको उत्तरार्द्धमा बुद्धबाट धर्म दीक्षाको इच्छा छ। सन्देश-पत्रमा लेखिएको थियो ।

कालुदायिले ल्याएको सन्देश-पत्र पढे पछि तथागत बुद्ध भिक्षु संघको सानो समुहका साथ मातृभूमि प्रस्थान गर्नु भयो। कालुदायि अगाडिनै गएर बुद्धको आगमान हुँदैछ भनी राजा शुद्धोधनलाई समाचार दिन गए।

बुद्ध दशौं दिनमा लुम्बिनी शालबाग पुगेर आफु जन्म भएको माटोलाई प्रणाम गरी दिवंगत माता महामायाको स्मरण गरे । त्यसपछि कपिलबस्तु नगरतिर गए । नगरमा प्रवेश गर्नु भन्दा पहिले, अतीतका बुद्धहरूले गृह नगरमा कसरी जिविका गरेका थिए भनि 'चक्षु'बाट हेर्दा, साधारण भिक्षाटन गरेको र बुद्धवंश अनुसार उनी २८औं बुद्ध भएको पनि पूर्वानुस्मृतिबाट जानकारी पाए। बुद्धहरूको नामावली यस प्रकार रहेका छन्।

१. आदिबुद्ध तन्हकर बुद्ध।
२. मेघन्कर बुद्ध, महासत्वको अवतार, जम्बुद्वीप।
३. दिपंकर बुद्ध, सिद्धसत्वको अवतार, जम्बुद्वीप।
४. बैरोचन बुद्ध। पञ्चबुद्ध १ (मध्यमा)
५. अक्षोभ्य बुद्ध। पञ्चबुद्ध २ (पूर्व दिशामा)
६. अमितभ बुद्ध। पञ्चबुद्ध ३ (पश्चिम दिशामा)
७. रत्नसंभव बुद्ध। पञ्चबुद्ध ४ (दक्षिण दिशामा)

८. अमोघसिद्धि बुद्ध । पञ्चबुद्ध ५ (उत्तर दिशामा)
९. सुमन बुद्ध, नागराजको अवतार जम्बुद्वीप ।
१०. रेवत बुद्ध, वेद ब्राह्मणको अवतार जम्बुद्वीप ।
११. शोभित बुद्ध, नागराज सुधमको अवतार्र, जम्बुद्वीप ।
१२. अनोमदर्शी बुद्ध, राजा यक्षको अवतार, जम्बुद्वीप ।
१३. पद्म बुद्ध, सिँहको अवतार, जम्बुद्वीप ।
१४. नारद बुद्ध, तपस्विको अवतार जम्बुद्वीप ।
१५. सुमेध बुद्ध, उत्तरोको अवतार, जम्बुद्वीप ।
१६. पियदर्शी बुद्ध, काश्यापको अवतार, जम्बुद्वीप ।
१७. अर्थदर्शी बुद्ध, शुसिनको अवतार जम्बुद्वीप ।
१८. धम्मदर्शी बुद्ध, इन्द्रको अवतार, जम्बुद्वीप ।
१९. सिद्धार्थ बुद्ध, मंगलको अवतार, जम्बुद्वीप ।
२०. तिस्य बुद्ध, राजा सुजातको अवतार, जम्बुद्वीप ।
२१. फुस्य बुद्ध, विजतको अवतार, जम्बुद्वीप ।
२२. बिपस्सि बुद्ध, राजा अतुलको अवतार जम्बुद्वीप ।
२३. सिखि बुद्ध, अरिन्मोको अवतार, लुम्बिनी क्षेत्र ।
२४. बेसम्भु बुद्ध, सद्धासनको अवतार, लुम्बिनी क्षेत्र ।
२५. क्रकुसन्ध बुद्ध, राजा खेमको अवतार, लुम्बिनी क्षेत्र ।
२६. कोनगमन बुद्ध, राजा पवद्धको अवतार, जम्बुद्वीप ।
२७. काश्याप बुद्ध, ज्योतिपालको अवतार, लुक्बिनी क्षेत्र ।
२८. शाक्यमुनि गौतम बुद्ध, श्वेतकेतुको अवतार, लुम्बीनी ।
२९. मैत्रेय बुद्ध, मित्रताको रुपमा भविष्यमा आउने, बुद्धभूमि ।

बुद्ध धर्ममा आस्था राख्ने आस्थावान उपासकहरू र उपासि काहरूले बुद्ध भनेको लुम्बिनी शालबागमा जन्मिएको सिद्धार्थ गौतमलाई मात्र भन्ठान्दछ। तर, बुद्ध भनेको कुनै नाम, जात जाति वा बस्तु नभएर ज्ञानबाट उत्पन्न हुने दिव्य प्रकाश बिशेषण र बर्तमान हुन्। आँधेरो माथि विजय प्राप्त गर्ने प्रकाश हुन्। ज्ञान, ज्योति र सम्पूर्ण मनलाई नियन्त्रण गर्ने चेतना हुन्। यही चेतनाबाट देवता र मानवलाई प्रकाशित हुने ज्ञानको ज्योति आरम्भ हुन्छ।

प्राय जसो उपासक, उपासिका र गृहस्तिहरूले 'बुद्ध, बौद्ध र बोधि' शब्दको शाब्दिक भेद थाहा नहुन पनि सक्दछ। त्यसैले यहाँनिर बुझ्नु पर्ने महत्त्वपूर्ण कुरा के छ भने बुद्ध भनेको तेलबाट बल्ने दियो भित्रको मूल दियोलाई बुझ्नु पर्दछ। बौद्ध भनेको त्यो दियोबाट प्रकाशित भएका ज्योति र बोधि भनेको प्रकाशको उज्यालो हो भन्ने कुरा बुझ्नु पर्छ। किनभने, यो तीनैबाट शब्दहरू अलग अलग भएर पनि एउटैमा समाहित हुने र एउटैमा समाहित भएर पनि अलग अलग अस्तित्वको रुपमा पनि स्वीकार्न सकिने प्राकृतिको मौलिक अवस्था हो।

जस्तैः दियो भन्नाले बात्ति भित्रको दियो हो। ज्योति भन्नाले दियोको तातो ताप हो। प्रकाश भनेको उज्यालो हो। यही कुरालाई सरलिकरण गर्न खोजिएको हो। किनभने, यो लेखको सार तपाइँले स्पष्टसँग बुझ्न सक्नु भएन भने, यो

कागजको थुप्रो मात्र हो। यदि तपाइँले राम्रोसँग बुझ्नु भयो भने, दर्शनको अमुल्य बुटि हो। यसबाट दुःख र अहंकारले भरिएको मानव जीवनको बास्तविकता जान्न सकिन्छ।

बुद्धदर्शन मूल पाली पिटकमा उल्लेख गरिएको बुद्ध वंशका क्रम अनुसार सिद्धार्थ गौतम २८औं बुद्ध हुन्। उपरोक्त सबै बुद्धहरूले पनि बुद्धत्व प्राप्त गरे। तर, त्यस समयका लागि बौद्ध दर्शन अत्यन्तै दुर्लभ थिए। यस्ता दुर्लभ तथा जटिल दर्शन बुझ्न सक्ने अवस्थाका मानिसहरू नभएका कारण काश्यपसम्मका बुद्धहरूले प्राप्त गरेका ज्ञानबाट मानव समाजलाई कुनै लाभ हुन सकेन। सिद्धार्थ गौतम बुद्धले यिनै समस्याहरूको मध्ये नजर राख्दै आफुले प्राप्त गरेका बोधिज्ञानलाई सरल ढंगबाट प्रतिपादन गरी सम्पूर्ण मानव कल्याणका लागि उपदेश दिनु भयो। यस प्रकृयाबाट हेर्दा, सही अर्थमा बुद्ध धर्म स्थापना भएको अवस्थालाई बुझ्नु पर्दछ।

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेर कपिलबस्तु फर्किंदै छ भन्ने कुरा जनपथमा फैलियो। नगरवासीहरू सबै काम छाडेर उनको भव्य स्वागतका लागि बाटोको दुबै किनारमा दिप प्रज्वलन गरी, नाना प्रकारका फूलमाला र अविर लिएर हर्ष र उल्लासमय बातावरणको प्रतिक्षामा थिए।

'भिक्षुहरू सहित बुद्ध नगरमा प्रवेश गरे।'



'नगरवासीहरूले स्वागतमा जय ! जयकार गरे !'

बुद्धले फूलमाला, अविर उत्सव अस्वीकार गर्दै, जय ! जयकार पनि नगर्न संकेत गरे । अतीतका बुद्धहरूको अनुसरण गर्दै, गृह नगरमा भिक्षाटन गरे । बुद्धको यो असाधारण आचरण देखेर कपिलबस्तु जनपथका सर्वसाधरणका साथै शाक्य कुलका राजकुमारहरू, मन्त्रीगण र राजा शुदोधन पनि आश्चर्यमा परे । जनपथमा भैरहेको गतिविधिहरूलाई राजा शुद्धोधन, रानी प्रजापति र यशोधराले पनि दरबारको खुला बरन्डाबाट प्रत्यक्ष देखे । यस्तो नचिताएको घटना देखे पछि यशोधरा देवी मन थाम्न नसकेर आफ्नो कक्षातिर गइन ।

'तथागतले दरबारमा प्रवेश गरे ।'

राजा शुद्धोधनको अगाडि गएर, 'हे राजन,' म तिम्रो छोरा थिएँ तर, अब बुद्ध भए । शाक्यबाट बुद्धवंशमा रुपान्तरित भइसकेँ । तपाइँको मनमा भएका इच्छा आकांक्ष र भौतिक बिलासित बस्तुहरूको मेरो निम्ति केही पनि आवश्यक छैन । भिक्षाटनबाट एक पेट भोजन गरीसकेँ । अब यशोधरा र राहुललाई हेर्न चाहन्छु भन्दै यशोको कक्षातिर गए ।



'यशोधरा आफ्नो कक्षामा रोइरहेकी थिइन ।'

'हे यशो,' म प्रकाशित भैसकेको छु । 'यो शुभ घडिमा शोक नगर,' के तिमिले ६ वर्ष अगाडि गरेको बचन बिर्सिसक्यो ? गौतम बुद्धले पुनः स्मरण गराउदै भन्यो ।

'हे नाथ,' मैले केही पनि बिर्सिएकी छैन । म एक स्त्री र माता पनि हुँ । प्राकृतिको नियम अनुसार पुरुष बिन स्त्रीको

जीवन मरुस्थल जस्तै सुक्खा हुन्छ। राहुल, पितासँग अर्शिवाद लिउ र आफ्नो अधिकार पनि माँग, यशोधराले नम्र भावमा भनिन् ।

अज्ञापालक बालकले आफ्नो पिताको चरणमा ढोगेर भने, 'हे 'पिताजी,' मलाई अर्शिवादका साथै मेरो अधिकार पनि दिनु होस्,' राहुलले भन्यो ।




'विद्धान पण्डित होस् ।' तिमीलाई विद्धानको अर्शिवाद अहिलेनै दिइ हाले । अधिकार भोलि दिन्छु। अरु केही भन्नु छ यशो, बुद्धले सोधे। यति भन्नु उनको कर्त्तव्य थियो। त्यही कुरा उनले दोहराएर शान्तवना दिने प्रयास गरे ।

'भोलिको भोजनमा निमन्त्रणा छ,' यशोले भनिन् ।

'भोजन दान स्वीकार छ,' बुद्धले भने र बिदा भए।

आफ्नो कुलको धरोहर फर्किएर आए पछि गृहस्था भएर बस्ने छ। राजपाठ धान्ने छ, भन्ने कुरा राजा शुद्धोधनको मनोकांक्षा थियो। जनपथवासीको चाहना पनि यही थियो। तर, परिस्थिति बिल्कुलै बिपरित भयो। के सौँचेको थियो ? के भयो ? परिस्थिति काबु भन्दा बाहिरा भए पछि राजा शुद्धोधन एक्लै बडबडायो। यो पुत्र मोह पनि कस्तो अचम्मको हुँदोरहेछ ? मेरो चेतना कहाँ गयो ? मैले किन सही ढंगले सोच्न सकिरहेको छैन ? यो श्रीपेच श्रीसम्पत्ति, नोकर, चाकर, राजकीय ऐश र आराम मलाई केही चाहिदैन। मलाई मेरो पुत्र सिद्धार्थ देउ ! बुद्ध देउ, बुद्ध भन्दै अचेत भए ! साथमा भएका रानी प्रजापतीको पनि बिहाल थियो ! सेवक र सेविकाहरू पनि रोए ! राजमहलका सबै बस्तुहरू चुपचाप मौन बसे। अबको परिस्थिति के हुन्छ ? सबै सशंकित थिए। कसैले केही भन्न सकेन !



भोलि पल्ट बिहान भिक्षुहरू सहित बुद्ध भोजन दानमा आउनु भयो। भोजन दान पछि राजा शुद्धोधनलाई सम्बोधन गर्दै भने 'हे राजन,' तपाइँ शाक्य वंशको राजा हुनुहुन्छ। तपाइँसँग शासनका लागि श्रीपेज, श्रीसम्पत्ति, अलिशान राजमहल, खेत बारी, बगैंचाा, मन्त्री, भारदार, नोकर, चाकर, जनपथ सबै थोक हुँदाहुँदै पनि किन दुःखि हुनुहुन्छ ? के कारणले दुःखि हुनुहुन्छ ? दुःखि हुनु पर्ने कारण के छ ? यही कारणको खोजि गर्न मैले सन्यास लिएको हुँ। यो भव सागरमा जब मानिसले जन्म लिन्छ जन्मको साथसाथमा पूर्व जुनिको भोग अनुसार कर्म पनि लिएर आएको हुन्छ। कुन योनिमा कहिले, कहाँ र कुन समयमा जन्म लिने भन्ने कुरा मानिसको इच्छा र अधिकारको कुरा हुँदैन। तर कस्तो मार्गबाट के कर्म गर्ने भन्ने कुरा उनको इच्छा शक्तिमा निर्भर रहन्छ। इच्छा शक्तिको सन्तुलन मिलाउनका लागि योग्यता, क्षमता, प्रज्ञा, शील, भावना, आचरणको शुद्धता र नैतिक बिकास परम् आवश्यक हुन्छ। अर्को कुरो, सबै मानव जातिले बुझ्नु पर्ने कुरा के छ भने, पूर्वजुनि भनेको बीज हो। बीजको कारणबाट मात्र कुनै पनि बस्तुले ऋतु अनुसार अस्तित्व लिन सक्ने अवस्था हुन्छ। अस्तित्वको समुचित बिकास हुनका लागि सन्तुलित बातावरणको आवश्यक हुन्छ। जस्तैः माटो, मल हावापानी, प्रकाश, आवश्यक श्रोत, साधन र बीजको प्रकृति अनुसारको ऋतु आदि। यो सबै बस्तुहरूको यथोचित सन्तुलनबाट मात्र बीजको उत्पति अस्तित्व र अवस्थाको बिकास संभाव रहन्छ। यही हो प्राकृतिको प्रकृति। यसैको जगमा प्रतित्यसमुत्पाद वा भवसागर चलेको हुन्छ।

आजको यो अवस्थामा तपाइँसँग जे जस्तो चल अचल उपभोग्य बस्तुहरू र सामाजिक सन्तुलनको अवस्थाहरू सबै 'कारण र परिणाम'मा आधारित छन् । अर्थात एउटा बस्तु अर्कोमा आश्रित रहेका हुन्छन् । एउटा बस्तुको कारणमा अर्को बस्तुको उत्पति हुन्छ। अर्थात प्रजाको आधारमा राजाको अस्तित्व रहन्छ। यस अर्थमा हेर्दा, कुनै पनि बस्तुहरू स्वतन्त्र छैनन् । सबै परतन्त्र छन् । यो सृष्टिको नियमलाई प्राकृतिले बाँधिएको हुन्छ। यसलाई प्रतित्यसमुत्पादको सिद्धान्त भन्छ। अहिलेसम्मको खोज र मेरो धर्मको सिद्धान्त पनि यही हो। यो सिद्धान्त बडो अचुक छ। यसलाई बिस्तारमा अभ्यास गरेर अनुभूति गर्नु पर्छ, बुद्धले भन्यो।


राजा शुद्धोधन र रानी प्रजापतीले उपदेश सुने पछि पुत्र मोह प्रतिको भ्रमजाल हट्यो। दुबैले सन्तोष प्रकट गरी 'बुद्धम् शरणम् गच्छामि' भन्दै बन्दना गरे।

उपदेश सकिए पछि बिदा हुनका लागि बुद्ध आसानबाट उठ्नु भयो। नाबालक राहुल बुद्धकै साथमा थियो। पिताजी, पिताजी मलाई मेरो अधिकार दिनु, नाबालक राहुलले दोहोराए।

कुमार राहुललाई मेरो सम्पूर्ण अधिकार सहित प्रवर्जित गराउ भनि अहर्त सारिपुत्रलाई अह्राउनु भयो।

सारिपुत्रले राहुललाई साथमा लिए। बुद्धले भोजन दानको समरोहबाट बिदा लिए। राजा शुद्धोधनका लागि यो अन्तिम क्षण थियो। बुद्धम् शरणम् गच्छामि भने।

तथागतको असाधारण आचरण देखेर शाक्य कुलको सदस्यहरू उकुस मुकुस भैरहेका थिए। उनको उपदेश सुन्नाका लागि संघले 'संस्थागार'मा व्यवस्था मिलाएका थिए। जहाँ उनले ६ वर्ष अगाडि देश त्याग गर्ने अन्तिम निर्णय गरेको थियो। शाक्य कुलका कुलगुरु, सेनापति, पण्डितहरू, विद्वानहरू, ब्राह्मणहरू राजकुमारहरू, मन्त्रीहरू सेनानायकहरू, भारदारहरू, धनपतिहरू र जनपथका सम्पूर्ण अधिकारीहरूको 'संस्थागार'मा खचाखच उपस्थिति थियो। निर्धारित समयमा भिक्षु संघ सहित बुद्धले आसान ग्रहण गर्नु भयो। संघमा नाबालक राहुल पनि भिक्षु संस्कारमा सामेल देखिए। यो दृष्यले शाक्य संघमा अन्योलको स्थिति पैदा भयो।



'हे कुलगुरु, पण्डितहरू, विद्वानहरू, ब्राह्मणहरू, मन्त्रीहरू

सेनापति, राजकुमारहरू, सेनानायकहरू, भारदारहरू, धनपतिहरू र जनपथका सम्पूर्ण अधिकारीहरू,' शाक्य संघको यो 'संस्थागार' त्यही स्थान हो, जहाँ मैले ६ वर्ष अगाडि देश त्याग गर्ने अन्तिम निर्णय गरेको थिए । आज यसै स्थानमा शाक्य संघलाई धर्मदीक्षा दिन पाउदा मलाई सन्तोष प्राप्त भएको छ ।


मैले देश त्याग गरे पछि शाक्य र कोलियाबीच शन्ति संझौता गरेर युद्धको बिनासबाट उम्कन सक्नु दुबै पक्षका लागि फलदायि साबित भएका छन् । यदि युद्ध भएको भए दुबै पक्षले भयंकरै डरलाग्दो, सोँच्नै नसक्ने अवस्थाको हानि नुक्सानि व्योहर्नु पर्ने हुन्थ्यो । कैयौँ सेनापतिहरू, सैनिकहरू, घोडा र हात्तिहरू मारिनुका साथै घायल हुन्थे । उनमा आश्रित परिवार हरूको अवस्था कस्तो हुन्थ्यो ? नागरिकहरू आतंकित र त्रासित बातावरणमा बाँच्न बाध्य हुन्थे ! जे होस्, युद्ध रोकियो ! यो उदारणीय कार्यका लागि शाक्य संघ र नागरिक समाज दुबैलाई धन्यवाद दिन चाहन्छु । युद्धको परिणाम कस्तो हुन्छ भन्ने कुरा हामीले अतीतको घटना क्रमहरूबाट पाठ लिन आवश्यक हुन्छ । उदाहरणका लागिः रामायण काण्डमा रावणको अहंकारको कारण भिषण युद्ध भयो । महाभारत प्रकरणमा पाँच पाण्डव र सय कौरबहरूको बीचमा युद्ध भयो । दुबै पक्षमा हजारौँ सैनिक मारिए । भारत वर्षको इतिहासमा समृद्धिको रुपमा स्थापित भएको हस्तिनापुरको सामाजिक, आर्थिक र भौतिक संरचनाहरूको बिनास भए । अन्तत, कृष्णको आडमा पाँच पाण्डवले विजय

प्राप्त गरे । सत्यवादी युधिष्ठिर हस्तिनापुरको महाराज भए । महाराजलाई कुनै कुराको भौतिक सुख सुविधाको कमि थिएन । तर, उनलाई युद्धमा बीरगति प्राप्त गरेका रथी, महारथी, सैनिक जवान र उनमा आश्रित परिवारजनका हजारौं दुःखित आत्मको चित्कारले छाया जस्तै सधै पछ्याई रह्यो । यस परिणामबाट उनले बास्तविक रुपमा आत्मिय सुख, शान्ति र अमन चयन प्राप्त गर्न सकेन । त्यसैले, आफ्ना उत्तराधिकारीलाई राजपाठ सुम्पेर चारै भाइहरूका साथमा द्रौपती सहित कुकुरलाई साथमा लिएर स्वर्ग प्रस्थान गरेको कथन छ । यस प्रकार शाक्य संघलाई धर्मदीक्षा प्रदान गरी तथागत बुद्ध आश्रमतिर फर्किए ।

तेश्रो दिन प्रात सवेरै जनपथमा भिक्षाटनका लागि गए । नियमित भिक्षाटन सकिए पछि आश्रम फर्किए । आश्रममा शाक्य कुलका राजकुमारहरू अनुरुद्ध, महानाम, भद्रिय, आनन्द, भृगु किम्बिल र उपाली नाइ पनि उपस्थित थिए । उनीहरू सबैले प्रवर्जित भएर संघमा सामेल हुने इच्छा प्रकट गरे । भगवान बुद्धले सर्वप्रथम उपाली नाइलाई र त्यसपछि सबै राजकुमार हरूलाई पनि क्रमैसँग प्रवज्य दिए । यस प्रकार राहुल सहित ६ जना शाक्य राजकुमारहरूले स्वेच्छाले तेस्रो दिनमा प्रवज्य लिए । चौथो दिन पनि तथागत जनपथमा भिक्षाटनका लागि गए । बीचबाटोमा जाँदै गर्दा, राजा शुद्धोधनको मानसिक अवस्था चिन्त जनक भएको खबर भए पछि उनी सिधै दरबारतिर गए ।

'शुद्धोधनले शयन कक्षबाटै बुद्धलाई प्रणाम गरे ।'

'तथास्तु,' आत्मले चीरशान्ति पावस्, बुद्धले अर्शिवाद दियो । तत्क्षणै राजा शुद्धोधनले देह त्याग गरे ।



तथागत बुद्धले शाक्य कुलको बंश परम्परा अनुसार राजपिता शुद्धोधनको दाह संस्कार गरी पुत्र धर्मको पनि पूर्णरुपमा पालन गरे । उनले बुद्धत्व प्राप्त गरे पनि शुद्धोधनको छोरा थिए । आफ्नो कुल परम्परामा चलि आएको रीति रिवाज अनुसार छोरोले गर्नु पर्ने सबै कर्त्तव्य पालन र संस्कार गरे पछि मात्र दशौं दिनमा भिक्षुहरू सहित मातृभूमिबाट राजगृहतिर प्रस्थान गरे ।

# २०. बुद्धबंशको संक्षिप्त परिचयः

१. **तन्हकर बुद्ध आदिबुद्ध हुन् ।**

२. **मेघन्कर दितीय ध्यानी बुद्ध हुन् ।**

३. **दिपंकर बुद्ध–**

बुद्धबंश अनुसार दिपंकर तेस्रो बुद्ध हुन् । उनको जन्म रम्यवती नगरमा भएको थियो । उनको पिताको नाम सुदेव र माताको नाम सुमेधा थियो । उनी क्षेत्रिय कुलको थियो । उनको हंस, क्रोञ्च र मयूर नामक तीनवटा बैभवशाली सम्पन्न प्रासादहरू थिए । उनले लामो समयसम्म गृहस्त धर्मको पालना गरे । उनको रानीको नाम पद्मा थियो । उनको बृषभ स्कन्ध नामक पुत्र थिए । उनले पनि बृद्ध, रोगी, मृत र सन्यासीलाई देखे पछि बैराग्य जाग्यो । त्यसैकै कारणले सन्यास लिएका हुन् । उनले दश महिनासम्म शिरीषको रुखमुनि तपस्या गरेर बुद्धत्व प्राप्त गरे । उनको तिष्य, सुमंगल, स्वागत, नन्द र सुनन्द नामक उपस्थकहरू थिए ।

४. **बैरोचन बुद्ध–**

बुद्धबंश अनुसार बैरोचन चौथो बुद्ध हुन् । पञ्चबुद्धमा प्रथम हुन् । उनी ध्यानी बुद्ध हुन् । उनको दिशा मध्यमा वर्ण

सेतो, मुद्रा धर्मचक्र, प्रतिक चक्र, मुर्तरुप सर्वभौमिकता, उग्ररुप मुर्खता, वाहन माकुरा, अध्यात्मिक पुत्र मञ्जुश्री, पत्नी श्वेततारा र तत्व रुप हुन् ।

**५. अक्षोभ्य बुद्ध–**

बुद्धबंश अनुसार अक्षोभ्य पाचौं बुद्ध हुन् । पञ्चबुद्धमा दोश्रो र ध्यानी बुद्ध हुन् । उनको दिशा पूर्व, वर्ण निलो, मुद्रा भूमिस्पर्ष प्रतिक बज्र, मुर्तरुप परिपक्कता, उग्ररुप क्रोध, वाहन हात्ति, आध्यात्मिक पुत्र बज्रपानी, पत्नी लोचना र तत्व बिज्ञान हुन् ।

**६. अभितभ बुद्ध–**

बुद्धबंश अनुसार अमितभ छैठौँ बुद्ध हुन् । पञ्चबुद्धमा तेश्रो हुन् । उनी ध्यानी बुद्ध हुन् । उनको दिशा पश्चिम, वर्ण रातो, मुद्रा ध्यान, प्रतिक कमल, मुर्तरुप ज्योति उग्ररुप अहितकार, वाहन मयूर, आध्यात्मिक पुत्र अवलोकितेश्वर पत्नी पाण्डरा तत्वसंज्ञ हुन् ।

**७. रत्नसंभव बुद्ध–**

बुद्धबंश अनुसार रत्नसंभव सातौं बुद्ध हुन् । पञ्चबुद्धमा चौथो हुन् । उनी ध्यानी बुद्ध हुन् । उनको दिशा दक्षिण, वर्ण पहेलो, मुद्रा, प्रतिक रत्न, मुर्तरुप करुणा, उग्ररुप इच्छा, वाहन सिँह, आध्यत्मिक पुत्र रत्नपाणी, पत्नी मामकी र तत्व वेदना हुन् ।

## ८. अमोघसिद्धि बुद्ध–

बुद्धबंश अनुसार अमोघसिद्धि आठौं बुद्ध हुन् । पञ्चबुद्धमा पाचौं हुन् । उनी ध्यानी बुद्ध हुन् । उनको दिशा उत्तर, वर्ण हरियो, मुद्रा अभय, प्रतिक विश्वबज्र, मुर्तरुप निर्भयता, उग्ररुप डाह, वाहन गरुड, अध्यात्मिक पुत्र विश्वपाणी पत्नी हरितारा र तत्व संस्कार हुन् ।

## ९. सुमन बुद्ध–

बुद्धबंश अनुसार सुमन नवौं बुद्ध हुन् । उनी नाग राजाको अवतार थिए । उनको जन्म मेखलपुर नगरमा भएको थियो । उनको पिताको नाम सुद्धत्त क्षेत्रिय र माताको नाम सिरिमा थिइन । उनको चन्द्र, सुचन्द्र र अवंतस नामक तीनवटा प्रासादहरू थिए । अवंतसिका नामक रानी र पुत्रको नाम अनुपम थियो । उनले पनि बृद्ध, रोगी, मृत शरीर आदि निमित्त कारणहरू देखेर प्रर्वजित भएको थियो । उनले दश महिनासम्म तपस्या गरेर बोधि लाभ गरेका थिए । उनको शरण, अमित उदय सोणा नामक उपस्थकहरू थिए ।

## १०. रेवत बुद्ध–

बुद्धबंश अनुसार रेवत दशौं बुद्ध हुन् । उनी वेद ब्राह्मणको अवतार थियो । उनको जन्म सुन्धानवती नगरमा भएको थियो । उनको पिताको नाम बिपुल क्षेत्रिय र माताको नाम बिपुली थियो । उनको सुदर्शन, रत्नार्ध र आवेड नामक तीनवटा प्रासादहरू थिए । उनको पत्नीको नाम सुर्दशना र बरुण नामक पुत्र थिए । उनले गृह त्याग गरी सात महिनासम्म कठोर तपस्या

गरी बोधि लाभ गरे । उनको बरुण, ब्रह्मदेव, कञ्जर भद्रा, सुभद्रा, सिरिमा र यशवती नामक उपस्थकहरू थिए ।

**११. शोभित बुद्ध–**

बुद्धबंश अनुसार शोभित एघारौं बुद्ध हुन् । उनी रामवतिको अवतार थियो । जन्म सुधर्म नगरमा भएको थियो । उनको पिता सुधर्म क्षेत्रिय र माता सुधर्मा थिइन । उनको कुमुद, मालिन र पद्मा नामक तीवटा प्रासाहरू थिए । पत्नीको नाम मणिला र पुत्रको नाम सिँह थियो । उनले गृह त्याग गरी एक हप्तासम्म तपस्या गरी बोधि लाभ गर्नु भयो । उनको असभ सुनेत्र, अनोम, सुदत्त, नकुला, सुजाता, रम्या, नकुला र चित्ता नामक उपस्थकहरू थिए ।

**१२. अनोमादर्सी बुद्ध–**

बुद्धबंश अनुसार अनोमादर्सी बाह्रौं बुद्ध हुन् । उनी राजा यक्षको अवतार थिए । उनको जन्म चन्द्रवती नगरमा भएको थियो । उनको पिताको नाम यशस्वि र माताको नाम यशोधरा थिइन् । उनको श्री, उपश्री र बृद्ध नामक तीनवटा प्रासादहरू थिए । उनको पत्नीको नाम सिरिमा र पुत्रको नाम उपवाण थियो । उनले गृहत्याग गरी दश महिना तपस्या गरी बोधि लाभ गरे । उनको निसभ, अनोभ, निचारी, सुन्दरी र सुमना नामक उपस्थकहरू थिए ।

**१३. पद्म बुद्ध–**

बुद्धबंश अनुसार पद्म वा पेमा तेह्रौं बुद्ध हुन । उनी सिँहको अवतार थियो । उनको पिताको नाम असम र माताको नाम

असमा थिइन् । उनको जन्म हिमाली क्षेत्रमा भएको थियो । उनको नन्द, वसु र यश नामक तीनवटा प्रासादहरू थिए । उनको पत्नीको नाम उत्तरा र पुत्रको नाम रम्य थियो । उनले गृह त्याग गरी आठ महिनासम्म तपस्या गरी बोधि लाभ गरे । उनको शाल, उपशाल, अरुण, बरुण, राधा र सुराधा नामक उपस्थकहरू थिए ।

१४. **नारद बुद्ध–**

बुद्धबंश अनुसार नारद चौधौँ बुद्ध हुन् । उनी तपस्वि धनराजको अवतार हुन् । उनको जन्म धन्यवती नगरमा भएको थियो । उनको पिताको नाम सुवेद र माताको नाम अनोमा थियो । उनको जित, बिजित र अभिराम नामक तीनवटा प्रासादहरू थिए । पत्निको नाम बिजेतसेना र पुत्रको नाम नन्दोत्तर थियो । उनले गृह त्याग गरी सप्ताह तपस्या गरे पछि बोधि लाभ गरे । उनको उनको भद्रशाल, जितभित्र, उदगरेन्द्र, बृषभ इन्दवरी, वण्डी, उत्तरा र फाल्गुनी नामक उपस्थकहरू थिए ।

१५. **सुमेध बुद्ध–**

बुद्धबंश अनुसार सुमेध पन्ध्रौँ बुद्ध हुन् । उनी उत्तरोको अवतार हुन् । उनको जन्म सुर्दशन नगरमा भएको थियो । उनको पिताको नाम सुद्धत्त र माताको नाम सुद्धता थियो । उनको सुचन्द्र, कञ्चन र श्रीबृद्धि नामक तीनवटा प्रासादहरू थिए । उनको पत्नीको नाम सुमना र पुत्रको नाम पुनर्बसु थियो । उनले गृह त्याग गरी पाँच महिना तपस्या गरी बोधि लाभ गरे । उनको शरण, सर्वकर्म, उरुबेल, रामा, सुरमा, यशस्वी, यशोधरा र सिरिमा नामक उपस्थकहरू थिए ।

**१६. पियदर्सी बुद्ध–**

बुद्धबंश अनुसार पियदर्सी सोह्रौं बुद्ध हुन् । उनी ब्राह्मण काश्यापको अवतार हुन् । उनको जन्म सुधन्य नगरमा भएको थियो । उनको पिताको नाम सुदत्त र माताको नाम चन्द्रा थिइन । उनको कमल, बिमल र निर्मल नामक तीनवटा प्रासादहरू थिए । पत्नीको नाम बिमला र पुत्रको नाम कञ्चनबेड थियो । उनले गृह त्याग गरी तपस्या गरी बोधि लाभ गरे । उनको पालित, करण, बरण, सुर्दशन, सर्वदर्शी, शोभित सुजाता, कृपा, रमा र धर्मदा नामक उपस्थकहरू थिए ।

**१७. अर्थदर्सी बुद्ध–**

बुद्धबंश अनुसार अर्थदर्सी सत्रौं बुद्ध हुन् । उनी राजा शुसिनको अवतार थिए । उनको जन्म शोभन नगरमा भएको थियो । उनको पिता राजा सागर र माता सुर्दशना थिइन् । उनको अमरगिरी, सुगिरी र बाहन नामक तीनवटा प्रासादहरू थिए । उनको पत्निको नाम बिशाखा र पुत्रको नाम शैल थियो । उनले गृह त्याग गरी आठ महिनासम्म तपस्या गरी बोधि लाभ गरे । उनको शान्त, उपशान्त, अभय, नकुल, नरषभ, मकिला र सुनन्दी नामक उपस्थकहरू थिए ।

**१८. धम्मदर्सी बुद्ध–**

बुद्धबंश अनुसार धम्मदर्सी अठाह्रौं बुद्ध हुन् । उनी इन्द्रको अवतार हुन् । उनको जन्म शरण नगरमा भएको थियो । उनको पिताको नाम राजा शरण र माताको नाम सुनन्द थिइन् । उनको अरज, बिरज र सुर्दशन नामक तीन प्रासादहरू थिए । उनको

पत्नीको नाम बिचिकोली र पुत्रको नाम पुण्यवर्धन थिए। उनले गृह त्याग गरी सप्ताह तपस्या गरी बोधि लाभ गरे। उनको पद्म, पुण्यदेव, सुभद्र, कटिसह, क्षेमा र सत्यनामा नामक उपस्थकहरू थिए।

## १९. **सिद्धार्थ बुद्ध–**

बुद्धबंश अनुसार सिद्धार्थ उन्नाइसौं बुद्ध हुन्। उनी मंगलको अवतार थिए। उनको जन्म बैभर नगरमा भएको थियो। उनको पिताको नाम उदयन र माताको नाम सुस्पर्षा थियो। उनको कोकनद, कोक र सुत्पल नामक तीनवटा प्रासादहरू थिए। उनको पत्नीको नाम सौमनस्या र पुत्रको नाम अनुपम थियो। उनले गृह त्याग गरी दश महिनासम्म तपस्या गरी बोधि लाभ गरे। उनको सम्बल, सुमित्र, रेवत, प्रधान, शिव नरमा र सुरमा नामक उपस्थकहरू थिए।

## २०. **तिस्स बुद्ध–**

बुद्धबंश अनुसार तिस्य बिसौं बुद्ध हुन्। उनी राजा सुजातको अवतार थिए। उनको जन्म क्षेमक नगरमा भएको थियो। उनको पिताको नाम जनसन्ध र माताको नाम पद्मा थिइन्। उनको नारिशय, नरर्षभ र गुहाशैल नामक तीनवटा प्रासादहरू थिए। उनको पत्नीको नाम सुभद्रा र पुत्रको नाम आनन्द थियो। उनले गृह त्याग गरी आठ माहिनासम्म तपस्या गरी बोधि लाभ गरे। उनको ब्रह्मादेव, उदय, शम्बल र सिरिया नामक उपस्थकहरू थिए।

२१. **फुस्स बुद्ध–**

बुद्धबंश अनुसार फुस्स एक्काइसौं बुद्ध हुन् । उनी बिजतको अवतार थिए। उनको जन्म काशिका नगरमा भएको थियो । उनको पिताको नाम राजा जयसेन र माताको नाम सिरिमा थिइन् । उनको गरुड, पक्षहंस र सुवर्णभार नामक तीनवटा प्रासादहरू थिए। उनको रानीको नाम कुशा गौतमी र पुत्र अनुपम थियो। उनले गृह त्याग गरी छ महिनासम्म तपस्या गरी बोधि लाभ गर्नु भयो । उनको धर्मसेन, सुरक्षित, सभिय धनञ्जय र बिशाखा नामक उपस्थकहरू थिए।

२२. **बिपस्सि बुद्ध–**

बुद्धबंश अनुसार बिपस्सि बाइसौं बुद्ध हुन् । उनी राजा अतुलको अवतार थिए। उनको जन्म बन्धुमती नगरमा भएको थियो। उनको पिताको नाम बन्धुमान र माताको नाम बन्धुमती देवी थिइन् । उनको नन्द, सुनन्द र सिरिमा नामक तीनवटा प्रासादहरू थिए। उनको रानीको नाम सुर्दशना र समबृत्त स्कन्ध पुत्र थियो । उनले गृह त्याग गरी आठ महिनासम्म तपस्या गरी बोधि लाभ गरे। उनको खण्ड, अशोक, चन्द्रा चन्द्रमित्ता, सिरिमा र उत्तरा नामक उपस्थकहरू थिए।

२३. **सिखि बुद्ध–**

बुद्धबंश अनुसार सिखि तोइसौं बुद्ध हुन्। उनी अरिन्मोको अवतार हुन् । उनको जन्म अरुणवती नगरमा भएको थियो । उनको पिताको नाम अरुण र माताको नाम प्रभावती थिइन् । उनको सुचन्द्रक, गिरी र बृषभ नामक तीनवटा प्रासादहरू थिए।

उनको रानीको नाम सर्वकामा र पुत्रको नाम अतुल थियो । उनले गृह त्याग गरी आठ महिनासम्म तपस्या गरी बोधि लाभ गरे । उनको अभियु, स्वयम्भु, पद्मा, सखिला चित्रा, सुगुप्ता, श्रीबृद्ध र नन्द नामक उपस्थकहरू थिए ।

२४. **बेसम्भु बुद्ध–**

बुद्धबंश अनुसार बेसम्भु/भेषम्भु/बिसम्भु चौबिसौँ बुद्ध हुन् । उनी सद्धसन ब्राह्मणको अवतार थियो । उनको जन्म अनोमा नगरमा भएको थियो । उनको पिताको नाम सुप्रतित र माताको नाम यशस्वी थिइन् । उनको रुचि सुरुचि र श्रीबर्चन नामक तीनवटा प्रासादहरू थिए । उनको रानीको नाम सुचित्र थिइन् । उनले गृह त्याग गरी छ महिनासम्म तपस्या गरी बोधि लाभ गरे । उनको श्रोण, उत्तर, राम, सुराम, स्वास्तिक रम्या, गौमती र सिरिमा नामक उापस्थकहरू थिए ।

२५. **क्रकुसन्ध बुद्ध–**

बुद्धबंश अनुसार क्रकुसन्ध पच्चिसौँ बुद्ध हुन् । उनी राजा खेमको अवतार थिए । उनको जन्म क्षेमवती नगरमा भएको थियो । उनको पिताको नाम अग्निदत्त ब्राह्मण र माताको नाम बिशाखा थिइन् । उनको काम, कामबर्ग र कामशुद्धि नामक तीनवटा प्रासादहरू थिए । रानीको नाम रोचिनी थिइन् । उनले गृह त्याग गरी आठ महिनासम्म तपस्या गरी बोधि लाभ गरे । उनको बिधुर, सञ्जीब, अच्युत, सुमन, श्यमा र चम्पा नामक उपस्थकहरू थिए ।

२६. **कोनगमन बुद्ध–**

बुद्धबंश अनुसार कोनगमन छब्बिसौं बुद्ध हुन् । उनी राजा पवद्धको अवतार थिए । उनको पिताको नाम यज्ञदत्त र माताको नाम उत्तरा थियो । उनको जन्म शोभवती नगरमा भएको थियो । उनको तुषित, सन्तुषित र सुन्तुष्ट नामक तीनवटा प्रासादहरू थिए । उनको रानीको नाम रुचिगात्रा र सर्ववह पुत्र थियो । उनले गृह त्याग गरी छ महिनासम्म तपस्या गरी बोधि लाभ गरे । उनको भुयस, स्वस्ती, समुन्द्र, कायस्त कमल, सोमदेव, उत्तरा र रसमा नामक उपस्थहरू थिए ।

२७. **काश्यप बुद्ध–**

बुद्धबंश अनुसार काश्यप सत्ताइसौं बुद्ध थिए । उनी ज्योतिपालको अवतार थिए । उनको पिताको नाम ब्रह्मदत्त ब्राह्मण र माता धनवती थिइन् । उनको जन्म बाराणसी नगरमा भएको थियो । उनको हंस, यश र श्रीनन्द नामक तीन प्रासादहरू थिए । उनको सुनन्दा नामक रानी र बिजितसेन पुत्र थिए । उनले गृह त्याग गरी तपस्या गरी बोधि लाभ गरे । उनको बोधिबृक्षको नाम न्यग्रोध थियो । उनको तिष्य, भारद्धाज, अनिल उरुबेल, सर्वमित्र, मंगल, सुमंगल, भटिकार, गुप्सेन, चित्रसेन भद्रा, सुभद्रा र रेशमी नामक उपस्थकहरू थिए ।

२८. **गौतम बुद्ध–**

बुद्धबंश अनुसार शाक्यमुनि सिद्धार्थ गौतम अट्ठाइसौं बुद्ध हुन् । यो बुद्धजीवनी उनैलाई अर्पण गर्दछु ।

२९. **मैत्रि बुद्ध–**

बुद्धबंश अनुसार भविष्यमा आउने उनन्तिसौं बुद्धलाई मैत्रि बुद्ध भनिनेछ । एकजना बुद्धको आयुलाई एक कल्प मानिएको हुन्छ। एक कल्प भनेको हजार वर्ष हुन्छ। तर गौतम बुद्धको आयु पाँच कल्प भनेको छ। अर्थात ५ हजार वर्ष हो। अहिले २,६४८ वर्ष भयो । अब २,३५२ वर्ष गौतम बुद्धको शासनकाल बाँकी रहेको छ। उनको शासनकाल समाप्त भए पछि मात्र मैत्रि बुद्धको अवतरण हुनेछ।

बौद्धमार्गी साथीहरूलाई के कुरा स्मरण गराउन चाहन्छु भने २,३५२ (दुई हजार तिन सय बाउन्न) वर्ष पछि अवतरण हुने मैत्रि बुद्धको प्रतिमा अहिले नै बजारमा उपलब्ध भैरहेको देखिन्छ ? मैत्रि बुद्ध जन्मिएकै छैन ? यसको प्रतिमा कसरी बन्यो ? यस्तो कपोल कल्पित र भ्रमक कुराहरूमा सम्पूर्ण बौद्धमार्गीहरू सचेत रहनु पर्छ। यस्ता भ्रमित कुराहरू बौद्धदर्शनले स्वीकार गर्दैन।

# २१. रुपवती अम्रपालीलाई धर्मोपदेशः

बैशाली राज्यको चर्चित रुपवती नगरबधु अम्रपालीको बारेमा विद्वानहरूको आ-आफ्नै तर्कहरू छन् । अम्रपालीको जन्म कहाँ र कसरी भयो ? यी रहस्यहरू अझै गर्वमै छन् । तर, बैशाली गण राज्यको मेहत नामक माली, पाली भाषामा आमको बगैंचालाई अम्रबाग भन्दछन । त्यहाँबाट आउँदै गर्दा, आमको रुख मुनि एउटी कन्या रोइरहेकी अवस्थामा देखे । उनको सन्तान नभएको हुनाले, घरमा ल्याएर पालन पोशन गरे । अम्र बागमा पाएर मालीले पालित गरेको हुनाले उनको नाम अम्रपाली रहन गएको भन्ने भनाइ बौद्ध साहित्यमा उल्लेख गरेको पाइन्छ ।

अम्रपाली रुपकी रानी थिइन् । किशोरी अवस्थमै नृत्य र सँगीत कलामा चर्चित भइन् । उनको नृत्य र सौन्दर्य देखेर बैशाली गण राज्यको ठुलाबडा, धनपति, व्यापरी ब्यबसयि, राजा, महाराज र मन्त्रीगण सबै मन्त्रमुग्ध भएकाले उनलाई बिबाह गर्न तछाड मछाड भए । यसबाट राज्यको सर्वभौम र अखण्डता खलल हुन सक्ने भएकाले राजसभा बस्यो । राजसभामा सर्वसम्मतबाट उनलाई बैशाली राज्यको राज नर्तकी

र जनपदका नगर बधु घोषण गरे । नगर बधुको सुविधाका लागि अलिसान भवन, स्वर्ण मुद्रा, बगैंचाा नौकर चाकर, सुरक्षा र सुविधा सम्पन्न दुई घोडे बग्गि पनि प्रदान गरियो । यस प्रकार अम्रपाली प्रसिद्धि र समृद्धिको चरम् शिखरमा पुगिन् । छोटो समयमै उनको प्रसिद्धिले आसपासका छिमेकी राज्यहरूमा पनि धाक जमाउन सफल भइन् ।

यो खबर श्रावस्तीको राजा बिम्बिसारको कानमा पनि पुग्यो । राजा बिम्बिसारले उनको प्रसिद्धि हेर्नका लागि उज्जेनका बिनवादक आमोदको रुपमा भेष बदलेर गएका थिए । तर, उनको अकल्पनिय सौन्दर्य, नृत्य, गीत, संगित र सेवाले बिम्बिसरलाई एक हप्तासम्म कैद बनाएर राखे । यसरी, कैयौं राजा, महाराजा र धनपतिहरू समय समयमा उनको कैदी हुन रुचाउँदथे । राजा महाराजा र धनपतिहरूसँगको सुखद संगत, सुख, सयल, ऐश्वर्य भोग, बिलास, गीत, संगित, नृत्य र बिलासित जीवनको उनले प्रत्यक्ष अनुभव गरेकी थिइन् ।

नगर बधुकै सवालमा बैशाली र श्रावस्तीकोबीचमा मनमुटाव भयो । यस घटनाको बारेमा बैशाली राज्यको राजालाई जानकारी प्राप्त भए पछि, आफ्नो बिरोधीलाई आश्रय दिएर गोप्य सूचनाको जानकारी दिएको आरोपमा उनलाई राजसभामा बोलाए राजद्रोहीको कठोर सजाय दिने प्रस्ताव भयो । तर, राजाले उनलाई एक पटकलाई सफाइ दिने अवसर पनि दियो ।

'हे महाराज,' यो बैशालीको सम्मानित राजसभामा उपस्थित रहनु भएका अधिकांश भारदारहरूलाई मैले कुनै न कुनै समय र अवस्थामा मनोरञ्जन गराएकी छु । किनभने, यसैको लागि मलाई बाध्यात्मक अवस्थामा नगर बधु बनाइएको थियो । यही कारणमा मेरा माता पिताले आत्म हत्या गर्यो । म पनि तपाइँहरू जस्तै सामाजिक प्राणी हुँ । व्यक्तिगत परिवारको चाहना थियो । त्यसैले राजकुमार बिम्बिसारसँग प्रेम गर्न पुगे । प्रेम गर्नु भन्दा पहिले, मलाई उनको परिचय थाहा थिएन । तैपनि मैले उनलाई बैशालीको कुनै पनि गोप्य सूचना दिएर राजद्रोहीको काम गरेकी छैन । अर्को कुरा तथागत बुद्धले भन्नु भएको छ, भय र हिंसालाई त्यागे पछि, सत्यको उजागार हुन्छ । त्यसैले, मैले सत्य बोलेको हुँ । तैपनि भारदारहरूको सिफारिस अनुसार सजाय दिन चाहनु हुन्छ भने पनि मलाई मन्जुरी छ । यदि तपाइँले कुनै सजय दिनु भएन भने, अब म बुद्धको शरणमा जान्छु, आफ्नो सफाइमा अम्रपालीले एकदमै दृढताकासाथ भन्यो ।

यस दौरान उनको एक पुत्र जन्मिए । तर, पुत्रको पिता बन्ने प्रस्ताव कसैले पनि स्विकार गरेनन् । यस घटनाले उनको अन्तरात्ममा गहिरो चोट लायो । संसारबाट बिरक्त भइन् । एक्लो महशुस पनि गरिन् । तै पनि उनीसँग समृद्धि र सहनशिलता दुबै थिए । जिउन सक्ने कला सिक्नका लागि उनको नाम जिवक राखे । आठ वर्षको उमेरमा काशीको वैद्य गुरुकुलमा पठाए ।

श्रावस्तीमा बुद्धको प्रभाव बढदै गए पछि उनी बुद्धको संगतमा पुगे । बुद्धको बिद्धताको बारेमा सुने पछि बुद्ध सहित संघलाई भोजन दानका लागि निमन्त्रणा दिए ।

‘तथागत बुद्धले पनि मौन सहमति दियो’
‘तर, भिक्षुहरूले असन्तोष प्रकट गरे ।’
‘असन्तोष हुनका कारण,’ बुद्धले सोधे ?
‘अम्रपाली नामुद बेश्य हो,’ एकजना भिक्षुले भन्यो ।

अम्रपाली बेश्य हो भन्ने कुरा मलाई पनि जानकारी छ । त्यति मात्र होइन, अम्रपालीको पूर्वजुनीको कथा पनि थाहा छ । उनी किन बेश्य बन्यो ? कसले बेश्य बनायो ? कस्का लागि बेश्य बन्यो ? बेश्य हुनमा के रहस्य थियो ? यो श्राप हो कि बरदान हो ? उनको इच्छा थियो वा थिएन ? बुद्धले प्रश्नै प्रश्नको पोका भिक्षुहरू समक्ष राखि दिए । तथागत बुद्धको कुरा सुनेर भिक्षुहरू सबै मौन भए ।





'हे भिक्षुगण,' अम्रपाली किन नगर बधु भए ? उनको पूर्व जुनी, बिगत र बर्तमानलाई राम्रोसँग सुन । अनि मात्र भोजन दानमा जाने वा नजाने आफै निर्णय गर्नु । भोजन दानमा सबै भिक्षुहरू अनिवार्य जानै पर्छ भन्ने बाध्यात्मक अवस्था छैन । तै पनि कुनै विषय वा बस्तुलाई अस्वीकार गर्नु भन्दा पहिला त्यसको गुण र दोषलाई राम्रोसँग केलाएर हेर्नु पर्छ । बिद्यमान अवस्था पनि यस्तै घटनासँग सम्वन्धित छ, बुद्धले उपदेश गरे ।

बिद्यमान अवस्थमा चर्चित अम्रपालीको कथा अनुसार, पूर्व जुनीमा सुन्दी नामक अप्सरा श्रवन भन्ने ऋषिको तपस्या भङ्ग गर्न आएकी थिइन् । तपस्या भङ्ग भए पछि, उनीहरूमा प्रेम बस्यो । अन्तत, सुन्दीले एउटी कन्यको जन्म दिइन् । त्यसपछि मेरो लक्ष्य पुरा भयो । अब मलाई जाने आज्ञ दिनुहोस् भनेर ऋषिलाई नमन गरी स्वर्ग प्रस्थान गरिन् । अब ऋषिलाई बडो झन्जड आइलाग्यो ! कन्यालाई साथमा लिएर भिक्षाटनमा कसरी

जाने ? कन्यालाई आमको रुखको फेदमा छाडेर भिक्षाटनमा गए। फर्केर आउँदा कन्या नदेखे पछि, श्रवन ऋषि बौलाए। मेरो कन्या जो कोहिले लगे पनि उनको भलो होस्। मेरी सुन्दी जस्तै चर्चित नर्तकी र रुपवती होस्। उनको सौन्दर्यको प्रभावबाट सबै प्रभावित हुन्। यो वरदान श्राप बनोस्। श्रापबाट बैराग्य प्राप्त भएर सुगति प्राप्त होस्, श्रवण ऋषिले बरदान र श्राप एकैसाथ लपेटर गोलमटोल गरिदिए।

बर्तमानमा मानिसहरूको जो अवस्था छ। जस्तैः कीर्ति प्रभाव ऐश्वर्य, धन, निर्धन, ज्ञानी, अज्ञानी, रुप, कुरुप, नृत्य, संगित तर्क चेतना र बिवेक जे जास्तो प्रभाव देखिएको छ, त्यो उनको पूर्व जुनीको अप्रत्यक्ष प्रभाव हुन्छ। यसलाई मैले व्युत्पतिको बिउ भनेको हुँ। जस्तो खालको बिउ छ, त्यसैको लक्षण लिएर उम्रिन्छ। त्यही स्वभाव अनुसार फल पनि लाग्छ।


अंगुलिमाला जस्तो हत्यारा अहिंसक हुन सक्छ भने अम्रपालीमा पनि परिवर्तन हुन सक्ने प्रशस्त सम्भावनाहरू देखिन्छ। उनमा नृत्य र संगितको उत्कृष्ट चेतना छ। नृत्य र संगितको चेतनामा साधनाको शक्ति हुन्छ। यही शक्तिबाट उनले चेतनाको दियो बाल्न सक्दछ। त्यही दियोको जगमा बसेर श्रोतापति फल प्राप्त गरी अहर्त प्राप्त गर्न सक्दछ। यसमा कुनै शंका नगर्नु।

तथागतको उपदेश सुने पछि भिक्षुहरू भोजन दानमा गए। भोजन ग्रहण गरेर उपदेश दिए। अम्रपालीले आफुले अर्जन गरेको अम्रपाली महल भिक्षु महासंघलाई दान दियो। सातौ दिनमा जिवक सहित प्रबर्जित भएर संघमा प्रवेश गरिन्।

## २२. हत्यरा अंगुलिमालालाई धर्मोपदेशः

'एकदिन तथागतले चक्षुबाट यस्तो देख्नु भयो ... ।'

तथागत श्रावस्तीको जेतवानमा ध्यानमा बसिरहनु भएको थियो । उनको वरपर भिक्षुहरू पनि थिए । अचानक उठेर पख पख, म आउँदै छु भन्दै, घना जंगलतिर प्रवेश गर्नु भयो । साथमा आनन्द लगाएत अन्य भिक्षुहरू पनि गए ।



हत्यरा अंगुलिमालाको नाम बौद्ध साहित्यमा प्रख्यात छ। उनको बारेमा बौद्ध साहित्यमा बिभिन्न तर्क बितर्क रहेका छन्। बौद्ध विद्वानहरूले आ-आफ्नै तर्कहरू प्रस्तुत गरेका छन्। पूर्वानुस्मृति सूत्रको आधारमा बुद्धले हजार जातक देशना गर्नु भएको छ। त्यस मध्ये कर्म जातक पनि हो। तर, जातकले त्यति ख्याति कमाउन सकेन।

अब प्रश्न आउँछ, जातक भनेको के हो ? जातकको महत्त्व के छ ? यसले के भन्छ ? यो किन महत्त्व छ ? आजसम्म पनि धेरै बौद्धमार्गीहरूले जातक साहित्यको बास्तविक स्वाद पाउन सकेका छैनन्। जातक भनेको जात जातिहरूको पूर्व जन्मको कर्म, भोग र मरणको अवस्था हो। तथागत बुद्धले प्राप्त गर्नु भएको बोधि ज्ञान मध्येमा पूर्वानुस्मृति प्रथम पद हो भने, जातक साहित्य अन्तिम पद हो। अर्थात साधारण भाषामा बुझ्नु पर्ने कुरा के छ भने, पूर्वानुस्मृति भनेको पूर्व जन्मका कथा र व्यथाहरू हुन्। पूर्व जन्मका कथाहरूलाई 'चक्षु' मार्फत मात्र देख्न सकिन्छ। अहर्तहरू बाहेक श्रमनेरहरू र सर्वसाधारण मानिसहरूले यो अवस्थाको बारेमा देख्न बुझ्न र अनुभव गर्न सक्दैनन्। त्यसैले यो साहित्यको महत्त्व र बिशेषताको बारेमा बुद्ध आफैले प्रकाशमा नल्याएको अनुमान गर्न सकिन्छ। बौद्ध साहित्यमा यसलाई अव्याकृत सूत्र पनि भनिन्छ।

बीच जातक साहित्य अनुसार अहिंसकको जन्म कुण्डली अनुसार बास्तविक घटनाक्रममा यस्तो बर्णन गरेको पाइन्छ । कौशल राज्यको राजा प्रसेनजितको राजदरबारमा राम प्रसाद नामक आदर्शवादी ब्राह्मण पुरोहित थियो । जीवनको उत्तरार्दमा उनको पुत्र लाभ भयो । राजगुरुले जन्म कुण्डली तयार गरेर हेर्दा, उनको कुण्डलीमा सैकडौं मानिसहरूको हत्या गर्न सक्ने आतंककारी चरित्रको योग देखिएको भविष्यवाणी गरे । त्यसैले उनको नाम अहिंसक राखियो ।

त्यस समय कौशल राज्यमा पन्नराम भन्ने गुरुको आश्रम थियो । आठ वर्षको उमेरमा त्यही प्रवेश गरे । आश्रममा मारुति लाल, बष्प, राज, धनपाल, मिष्ठ, बरुण श्रीकृष्ण, चन्द्र र अहिंसक गरी दश जनाको समुह थियो । उनका समकालीन साथीहरू सबै धनपतिका छोराहरू थिए । अहिंसक निम्न परिवारका थिए । तर तिक्ष्ण बुद्धि भएकोले त्यस समूहको प्रत्येक गतिविधिमा अग्र पत्तिंमा हुन्थे । गुरुकुलको अनुशासनमा पनि खरो उत्रिएको हुनाले उनी प्रति गुरुमाताको पनि विशेष कृपा थियो । यसैले सहपाठीहरू उनी प्रति इर्ष्याले जल्दथे ।

राजा प्रसेनजितको एकलौटी छोरी थिए । उनको नाम माया थियो । एकदिन उनी सिकार खेल्न जंगल गए । त्यस बखत अहिंसक गुरु भाइहरूसँग जंगलमा दाउरा खोज्न गएका थिए । त्यसै समय एउटा घायल सिहँले मानिसहरू माथि

अचानक आक्रमण गरिरहेको देख्यो । गुरुभाइहरू सबै ज्यान जोगाउन रुखमा चढे । तर, अहिंसक मानिसहरूको सहयोगका लागि जाँदा घायल सिँहले आक्रमण गर्यो । उनी बलवान, चतुर र मल्ल युद्धमा पनि निपुन भएकाले सिँहलाई परास्त गर्न सफल भए । तर सिँहको पञ्चले उनलाई गम्भीर चोट लागेको थियो । त्यसैले राजकुमारी मायाले उनको बहादुरीको प्रशंसा गर्दै शिविरमा लगेर उचित उपचार गरे । उपचारको दौरान राजकुमारी माया अहिंसकको बीरता प्रति मोहित भए । तर, अहिंसकलाई यो कुरा थाहा थिएन । केही दिन उपचार गरेर पुनः आश्रम फर्किए ।

अहिंसक आश्रममा अनुपस्थित भए पछि उनको बारेमा राम्रा नराम्रा, चर्चाहरू भए । सेनापतिका पुत्र धनपाल उनको विशेष प्रतिद्धन्ति थिए । उनैसँग गुरुले अहिंसकको बारेमा सोधे । मेरो प्रतिद्धन्तिलाई समाप्त पार्ने उत्तम अवसर यही हो भनि कपोल कलिपत आरोप लगाउँदै, यदि अभय दान दिनुहुन्छ भने मात्र केही भन्न सकिन्छ धनपालले भन्यो ।

'अभय दान दिए,' सत्या कुरा भन गुरुले भन्यो ।

'अहिंसकको गुरुमातासँग अनुचित ... यौन ... सम्बन्ध ...'

अहिंसक प्रति गुरुमाताको विशेष कृपा भएको सत्य कुरा गुरु पन्नरामलाई पनि थाहा थियो । अहिंसकको जन्म कुण्डलीको बारेमा पनि राम्रो ज्ञान थियो । यसैको आधारमा

धनपालको कुराले थप बल दियो । अनुचित शब्दको उच्चारणले गुरु पन्नरामको चिसो रगत उम्लेर आयो । उनी बौलाएर बिवेक शून्य भयो । बिबेक शून्य भए पछि मानिस पशुत्वमा झर्छ ।

अहिंसक आश्रम फर्किए पछि गुरु भाइहरूसँग छलफल भयो । यस दौरान धनपाल र अहिंसकको बीचमा चर्काचर्की भएर हातापात भयो । यसै हातापातमा धनपालको मृत्यु भयो । यही घटनाले गर्दा, उनलाई तुरुन्तै आश्रम छाड्ने आदेश भयो । तर अहिंसकले गुरुदक्षिणा नदिइ आश्रम नछाड्ने अडान लिए पछि एक हजार मानिसको अंगुलिको माला लिएर गुरुदक्षिणा दिन आउनु गुरुले भन्यो ।

अर्को कुरो, यस घटनामा हत्यारा सावित भए पछि उनलाई सेनाले खोज्न थाल्यो । आश्रम त्यागेर उनी लुक्दै छिप्दै घर गए । घरमा पिताले पनि तिरस्कार गरे । जीवनमा अप्रत्यशित घटनाका कारण उनी समाजबाट तिरस्कृत भएको महशुस भयो । मनभरी तिरस्कारको उपहास लिएर उनी सिधै जंगल पसे । यो भन्दा अर्को बिकल्प उनीसँग थिएन । उनले त्यही गरे ।

श्रावस्तीको घना जंगलमा आश्रय लिए पछि गुरु दक्षिणाको बचन र सामाजिक तिरस्कारको बदला लिने उद्देश्यले आसपासका गाउँका मानिसहरू जो जंगलको बाटो हुँदै आउने जाने गर्थे, उनीहरूको हत्या गरी कान्छी औंला काटी माला बनाउथे । यस्तो कुकृत्यबाट आसपासको गाउँ नगरमा

आतंक फैलिएको थियो। त्यसैले उनको नाम अंगुलिमाला रहन गएको भन्ने बौद्ध साहित्य मा पाइन्छ। घट्नको बारेमा बुद्धलाई जानकारी थियो।

बाटोमा जाँदै गर्दा, गोठाला र खेतालाहरू भेटे। उनीहरूले तथागतलाई नमस्कार गर्दै भने, जुन दिशातिर तपाइँ जाँदै हुनुहुन्छ, त्यो क्षेत्र डाँकु अंगुलीमालाको हो। त्यो क्षेत्रको मानिसहरू धेरै जसो डाँकुबाटै मारिए। बचेकाहरू पनि सबै त्यहाँबाट बिस्तापित भइसकेका छन्। त्यतातिर नजानु होस्, गाउँवासीले आग्रह गरे। तर तथागत केही नबोलीकन निरन्तर बढदै गयो।



बाटोमा बिशाल सेना सहित राजा प्रसेनजित पनि भेट भयो।

राजा प्रसेनजितले बुद्धको चरणमा ढोगे पछि भने तथागत यस्तो घना जंगलतिर आउनुको कारण सोधे ?

'सेना सहित तपाइँ किन नि ?' बुद्धले प्रतिप्रश्न गरे ।

यस क्षेत्रको घना जंगलमा डाँकु अंगुलिमालाले आतंक मच्चाइ रहेको खबर छ । उनलाई तह लगाउन सेना सहित आएको हुँ, प्रसेनजितले भन्यो ।

एउटा डाँकुलाई तह लागाउनका लागि यति धेरै सेना ? तपाइँ दरबार फर्कनु होस् । म तह लगाएर आउँछु, बुद्धले भन्यो । उनका साथमा गएका भिक्षुहरूलाई पनि फर्कन आदेश दिए र निर्धारित दिशातिर अगाडि बडनु भयो । बुद्धको कठोर निर्णय के अर्थमा किन र कसरी भयो ? कसैले पनि केही भन्न सकेन, सबै अलमलमा परे । भिक्षु आनन्दले तत्काल केही सौंच्न सकेन । कन्चट तातेर आयो । त्यसै अवक्क भएर बसे ।

'केही समय पछि बुद्ध जंगलको मध्य भागमा पुगे ।'

'पछाडिबाट पख, पख,' भन्ने आवाज बुद्धले सुन्यो ।

आज यो साधु कालको मुखमा आफै आएको छ । यो बडो सुनौलो अवसर छ । यसको हत्या पछि मेरो मालामा हजार जनाको अंगुलि हुनेछ । यसबाट मेरो गुरु दक्षिणाको बचन पूर्ण हुनेछ, भन्दै बुद्धको पछि दौडिन्दै आए । जति दौडिए पनि बुद्धलाई भेट्टाउन सकेन ! डाकु अंगुलिमाला बुद्धको पछाडि

दौडिन्दै गर्दा लखरन्न भए पछि, पख, पख, रोक, रोक भन्दै कराउँदै आए।

'हे अहिंसक,' म त रोकिसकेको छु। अब तिमी रोकिनु पर्छ। तिम्रो हत्या हिंसाको मार्ग रोकिनु पर्छ। यदि तिमीले मेरो कुरा सुन्यौ भने, तिमीले पनि शान्ति प्राप्त गरेर निर्वाण प्राप्त गर्न सक्दछ, बुद्धले भन्यो।



अहिंसक शब्द सुन्ने बित्तिकै उनको मनमा अचम्मको तरंग फैलियो। तर, उनले आफ्नो मन काबुमा राख्दै शान्ति पथ ? निर्वाण ? यो के भन्दै छौ तिमीले ? तिमी को हौं ? मेरो नाम सुनेर सबै भयभित हुन्छन्। के तिमीलाई म देखेर भय लाग्दैन ? उनले पुनः भन्यो।

'हे अहिंसक,' म गौतम बुद्ध हुँ । तिमीलाईनै उद्धार गर्न यहाँसम्म आएको हुँ । फेरि तिमीसँग केको भय ? मैले देखिरहेको छु, तिमी आफै भयमा छौं । जो हत्या तिमीले गर्दै आएका छौं त्यसैको कारण भय र चित्कार प्रतिबिम्बित भएर तिमीतिर फर्किएर आउँछन् । त्यसैको तिमीलाई भय छ । त्यसैबाट आतंकित छ । अशान्त छ । अब हिंसाको मार्ग त्याग । आजदेखि तिमी त्यही अहिंसक हो, जो पहिले थियो । म सत्य भन्दै छु । त्यसै बखत डाँकु अंगुलिमालालाई शितलता प्रदान गर्ने दिव्य दर्शन गरायो । आफ्नो पुरानो अहिंसक नामबाट लामो समय पछि कसैले बोलाएकोले अंगुलिमाला आफै पनि नराम्रोरी झस्कियो । तर उनलाई यादै भएन ।

बुद्धको दिव्य दर्शन भए पछि अंगुलिमालाको चेतना खुल्यो । आफुले गरेको अपराधको कारण हिनता बोध भयो । पश्यताप गर्दै, आफ्नो अंगुलिको माला बुद्धको चरणमा फाल्यो । यदि यो सत्य हो भने, अब मैले के गर्न उपयुक्त हुन्छ ? अहिंसकले नरम स्वरमा बिस्तारै भन्यो ।

अब, हत्या, हिंसा र प्रतिशोधको मार्गलाई त्यागेर शान्तिको मार्गमा जाने । घृणाको मार्ग त्यागेर प्रेमको मार्गमा जाने । यही मार्गबाट मात्र तिमीले निर्वाण प्राप्त गर्न सक्दछ, बुद्धले भन्यो र जेतवनतिर फर्कियो ।

बुद्धको दिव्य दर्शन पछि बुद्धम् शरणम् गच्छामि । धर्मम् शरणम् गच्छामि । संघम् शरणम् गच्छामि भन्दै श्रावस्ती नगरतिर

गए। नगरमा उनलाई देख्ने बित्तिकै नगरवासीहरू भयभित हुँदै भागाभाग भए। अहिंसक नगरको बीच भागमा उभिए भने, 'हे नगरवासी हो,' म अहिंसक थिए। तर, परिस्थितिले अंगुलिमाला बनायो। अब पुनः अहिंसक भइसकेँ। नगरवासीहरू समक्षा क्षमा याचना गर्न चाहन्छु। हत्याबाट पश्चतापमा घृणाबाट प्रेममा र हिंसाबाट शान्तिको मार्गमा जान चाहन्छु। त्यसैले, मेरो अतीतका कारणमा नगर वासीहरूले जे जस्तो सजय दिन चाहनु हुन्छ ? स्वीकार छ, अहिंसकले अनुरोध गर्यो।

यसरी, मानव हत्यमा उत्रिएको अंगुलिमाला पुनः अहिंसक बनेर अहर्त बने। उनले निर्वाण प्राप्त गरे पछि श्रावस्तीको महाउपासक अनाथपिण्डकले उनकै महल अगाडि अंगुलिमालाको स्मरणमा बिशाल स्तुपा निर्माण गरे। त्यो अवशेष अंगुलिमाला गुफाबाट चर्चित छ।

यसबाट के शिक्षा प्राप्त हुन्छ भने, उत्कृष्ट गुण भएको मानिसहरूको अप्रत्यक्ष रुपमा धेरै प्रतिद्धन्दिहरू हुन्छन्। समय र परिस्थितिले साथ नदिए पछि सबै बिपरित धारमा हुन्छन्। बुद्ध स्वयमसँग यस्तो अप्रिय घटना भएको थियो। सबै मानिसलाई आफ्नो अस्तित्वको सवाल हुन्छ। पहिचानको सवाल हुन्छ। बैचारिक संधर्ष हुन्छ। तर्क बिर्तक हुन्छ। प्राज्ञिक छलफल हुन्छ। विषय बस्तु माथि अध्ययन र अनुसन्धान हुन्छ। अवस्था अनुसार योजना बनाइन्छ। जंगली जनवारहरूको अवस्थालाई

पनि शुष्म रुपमा अध्ययन गरी हेर्नु होस् त ? आफुलाई खतरा महशुस भयो भने ज्यानको बाजि लगाएर पनि प्रतिकार गर्न खोज्दछ। अथवा धावा गर्दछ। परिणाम जे सुकै होस्। प्राकृतिको मौलिक सिद्धान्त अनुसार, यस्तो संकटकालिन अवस्थामा प्रतिकार बाहेक सामाजिक मुल्य र मान्यताको कुनै अर्थ रहँदैन। अहिंसकसँग पनि यही भएको थियो । जुन कुरा बुद्धले बाहेक अरुले यसको मार्मिक गहिराइलाई बुझ्न सकेनन्। बुद्धले यसको कारण बुझ्यो । उपचार गर्यो । परिणाम पनि उत्कृष्ट देखियो । डाकु अंगुलिमाला अहिंसक बन्यो । अहिंसकको कथा बौद्ध साहित्यमा सुनौलो अक्षरले लेखियो ।


राम्रोसँग बुझ्ने प्रयास गर्नुहोस् त, रामले रावणलाई मारे । कृष्णले कंशलाई मारे । तर, गौतम बुद्धले अंगुलीमालालाई रुपान्तरण गराए । हत्याराबाट अहिंसक बनाए । अहिंसकबाट भिक्षु बनाए । भिक्षुबाट अहर्त बने । यसबाट के कुराको सिद्ध हुन्छ भने, प्रत्येक मानिसमा गुण र अबगुणहरू बराबर हुन्छन् । तटस्त गुण एक प्रतिशत मात्र हुन्छन्। त्यही एक प्रतिशत तटस्त गुण कतातिर रहन्छ ? त्यतैतिरको गुणमा बहुमत देखिन्छ । यसलाई अलिकति गहिरिएर अभ्यास गर्नु पर्ने हुन्छ।

## २३. ईश्वरको अस्तित्व कहाँ छ ?

ईश्वरवादीहरू भन्छन्, ब्रह्माण्डको सृष्टि ईश्वरले गरेका हुन् । तर, यहीनिर प्रश्न के उठ्छ भने, ईश्वर कहाँ छन् ? कस्तो छन् ? कस्तो रुपरंगमा छन् ? उनको आकार प्रकार कस्तो छन् ? उनको अस्तित्व कहाँ छन् ? आजसम्म कसैले ईश्वर देखेको छ वा छैन ? यो प्रमाण कसैले दिन सकेको छैन ? यो प्रश्नको उत्तरमा प्रख्यात विद्वान र दार्शनिकहरू पनि सबै मौन बसेका छन् ! अध्यात्मवादका गुरुहरूलाई यस्तो खालको प्रश्न सोध्ने हो भने, सायद मुर्ख, हठि, अहंकारी, महत्त्वकांक्षी र पागलनै भन्ठान्ने छन् । त्यस बाहेक अर्को उत्तम बिकल्प पनि छैन होला । यदि भएको भए त, विद्वानहरूले पक्कै पनि उपयोग गरेर हेर्ने थियो होला । किनभने विद्वानहरूको मुख्या काम नै प्रयोग र उपयोग गरे अनुभूति गर्नु हो ।

ब्रह्माण्डको प्रत्येक बस्तुको सृष्टि ईश्वरले गरेका हुन् भने सृष्टिको कारण पनि ईश्वरनै हुन् । यसमा बिबाद गर्नु पर्ने कारणनै छैन । किनभने कुनै पनि बस्तुको उत्पति हुन्छ भने त्यसको कारण पनि हुन्छ । बस्तुको उत्पति भए पछि, त्यसको स्वभाव अनुसार गुण, अवगुण, साधारण र श्रेष्ठताको बिशेषता पनि

हुन्छन् । यो प्राकृतिको मौलिक गुण वा Cosmology अर्थात ब्रह्माण्डबिज्ञानको साधरण सिद्धान्त हो । यसमा आश्चर्य मान्नु पर्ने कुनै कारण छैन ।



नेपाली बृहत् शब्दकोषमा हेर्ने हो भने, ईश्वरको परिभाषा यस प्रकार भएको पाइन्छ । ईश्वर– ना० सम्पूर्ण विश्व, ब्रह्माण्ड वा सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने, मानिएका परम् पुरुष वा परमात्माका रुपमा पुजिने सर्व प्रधान सत्ता, भगवान परमेश्वर, अधिपति र ऐश्वर्यशालीको अर्थमा व्यख्या गरिएको छ । यदि ईश्वर ऐश्वर्यशाली हो भने यसको प्रत्यक्ष अनुभव कति जनाले गरेका छन् ? अहिलेसम्म कति जनाले ईश्वरलाई भेटेका छन् ? कति जनाले देखेका छन् ? के तपाइँले ईश्वरलाई देख्नु भएको छ ? छातिमा हात

रखेर सत्य कुरा भन्नु होस् त ? सत्य कुरा भन्नालाई अप्ठेरो मान्नु पर्ने किन ? छ भने छ। छैन भने छैन। हो भने हो। होइन भने होइन भन्न सक्न पर्यो नि ?

प्राकृतिक स्वरुपमा देखिएका सम्पूर्ण सृष्टिहरू ईश्वरद्वारा रचिएका हुन भने, रचना कर्ता पनि ईश्वरनै हुन् । यदि रचना कर्ता ईश्वरनै हुन् भने, गुण वा दोष दुबैको भागिदार पनि ईश्वरनै हुनुपर्छ । तर, ईश्वरले स्वर्ग, नर्क र मुक्तिको प्रलोभन देखाएर संसारिकलाई दुविधामा पारेका छन् । स्वर्गलाई मात्र स्वीकार गर्ने हो भने, नरकको भागिदार को हुने ? अर्थात दोषिको भागिदार को हुने ? किनभने एउटा दाम्पतिले सन्तान जन्माए पछि गुण वा दोष दुबैको भागिदार उनीहरूनै हुनुपर्छ । त्यो सन्तानको लागि ईश्वर नै उनको माता र पिता हुन । परिवार नै प्रथम स्कुल हुन् । सहयोगी सदस्यहरू देवताका स्वरुप हुन् । तर उपरोक्त प्रसँगमा दोष स्वीकार गर्न ईश्वर तयार देखिँदैन । के यो सत्य हो ? यदि सत्य हो भने, ईश्वरको अस्तित्व कहाँ छ त ? सृष्टि मात्र गर्ने ? उत्तरदायित्वबाट पंक्षिएर बस्ने ? राम्रा गुण हरूको श्रेय आफुले लिने र नराम्रा गुणहरू अरुकै टाउकोमा थुपारिदिने कस्तो नियति हो ईश्वरको ? उपरोक्त भनाइसँग तपाइँको सहमति भए पनि नभए पनि बास्तविक यथार्थता यही हो । अहिलेसम्म यसरी नै चलिआएका छन् ।

उपरोक्त अवस्थाहरूलाई राम्रोसँग केलाएर हेर्दा, तथागत शाक्यमुनि सिद्धार्थ गौतम बुद्ध अनिश्वरवादी हुन् । ईश्वरको


बिरोधी हुन् भन्ने आचार्यहरूको संख्या पनि कम थिएनन् । बास्तवमा यो कुरा सत्य होइन । किनभने उनी स्वयं 'तुषिता भुवनको स्वेतकेतु बोधि सत्वको अवतार' हुन् । उनलाई ईश्वरको अस्तित्व कहाँ छ ? वा छैन भन्ने कुरा स्पष्ट थाहा थियो । साँचो अर्थमा भन्नु पर्दा, स्वर्ग र नर्कको कुरा साधरण मानिसहरूले प्रत्यक्ष अनुभूति गर्न सक्दैनन् । त्यसैले मानविय मुल्य र मान्यताको आधारमा सनातनदेखि चलि आएको सामजिक कुरीति र कुसंस्कारहरूमा रुमलिएका मानव समाजलाई दुःखबाट मुक्ति गर्नाका लागि मानव योनीमा जन्म लिनु भएको थियो ।

यो कुरा स्पष्ट हो । बौद्ध सहित्यले यसैको पुष्टि गर्छ ।

साचो अर्थमा भन्नु पर्दा, ईश्वरको अस्तित्व छ वा छैन भन्ने विषयमा स्पष्ट हुनका लागि सर्वप्रथम 'कार्यकारण सिद्धान्त'लाई बुझ्न जरुरी छ । किनभने प्रत्येक कार्य गर्नाका लागि वा हुनका लागि कुनै न कुनै कारण आवश्य हुन्छ । बिना कारण कुनै पनि कार्य, घटना, निर्माण उत्पादन वा उत्पन्न हुन सक्दैन ।

उदाहरणको लागि एउटा माटोको घैटोलाई लिउ । माटोको घैटोलाई तयार पारिएको माटो, चक्का, पानी र चक्कको गतिको सहयताबाट कुमालले निर्माण गर्दछन् । यस अर्थमा हेर्दा, कुमाल बिना माटोको घैटो निर्माण हुन सक्दैन । त्यसैले, 'माटोको घैटो

कार्य र कुमाल कारण'को रुपमा रहेका हुन्छन् । यस प्रकृयालाई हेर्दा, 'कारण बिना कार्य' संभाव हुँदैन भन्ने प्रष्ट हुन्छ ।



यस अर्थमा हेर्दा, यहाँनिर दुईवटा कारणहरू देखिएका छन् । एउटा उपदान कारण र अर्को निमित्त कारण । निमित्त कारण भनेको निमार्ण गर्ने शाक्ति हो, जसले बस्तुको निर्माण गर्दछ । उपदान भनेको त्यो बस्तु हो, जसबाट बस्तुको निर्माण हुन्छ । अब हामीले बुझ्नु पर्ने कुरा के छ भने, उपदान भनेको कच्च पदार्थहरूको समूह हुन् । जस्तैः माटो, सहयोगी साधन, पानी र घुमाउने चक्काको सामग्रिहरू र बातावरण आदि । निमित्त कारण भनेको कुमाल हो, जस्ले घैटोको निर्माण गर्दछ ।

बुद्धले चार आर्य सत्यको दोस्रो बुँदामा 'दुःखको कारण र यिनको समुदाय' भन्नु भएको छ । यसलाई 'कार्यकारण सिद्धान्त'को आधारमा व्याख्या गर्नु भएको छ । यो सिद्धान्त १२

वटा अवस्थाहरूमा आधारित रहेका छन् । जसलाई 'दुवादश निदान' भन्दछन् ।

बुद्ध दर्शनको मेरुदण्ड भनेको दुवादश निदान हो । यसलाई 'प्रतित्यसमुत्पाद' भन्दछ । यसको सम्पूर्ण क्रिया र प्रकृया 'कार्यकारण सिद्धान्त'मा आधारित हुन्छन् । 'प्रतित्यसमुत्पाद'को उत्पति 'द्वितीय आर्य सत्य'बाट आरम्भ हुन्छ । द्वितीय आर्य सत्य भनेको दुःखको कारण र यिनको समुदाय हुन् । यी समुदायहरू १२ वटा अवस्थाहरूमा उत्पन्न भएका छन् । एउटा अवस्थामा उत्पन्न भएका कारण अर्को अवस्थामा क्रमश आश्रित हुँदै जान्छन् । यसलाई आश्रित सिद्धान्त पनि भन्दछन् ।


यो प्रतित्यसमुत्पाद सन्धि शब्द हो । 'प्रतित्य+समुत्पाद' । 'प्रतित्य'को अर्थ 'हेतुवाद' अर्थात एउटा बस्तुको अपेक्षा वा इच्छा गर्दा, दोस्रो अवस्थाको 'समुत्पाद' वा उत्पन्न हुन्छ । कार्यकारण सिद्धान्तको प्रकृया प्राकृतिक स्वभाव अनुसार आश्रित हुन्छन् ।

उदाहरणको लागि एउटा दियोलाई लिउ । एउटा कोठामा दियो बले पछि मात्र त्यसबाट प्रकाश उत्पन्न हुन्छ । अर्थात 'दियोबाट प्रकाश' । यो प्रकृयालाई हेर्दा दियोलाई कारण र प्रकाशलाई कार्यको रुपमा स्पष्टसँग बुझ्न सकिन्छ । अर्थात एउटा बस्तुको जगमा रहेर अर्को बस्तुले अस्तित्व वा उत्पति प्राप्त गर्दछन् । यसलाई आश्रित वा आधारित सिद्धान्त पनि भन्दछन् । यसबाट के प्रमाणित हुन्छ भने, एउटा बस्तुको उत्पति गर्नका लागि अर्को बस्तुको आधार आवश्यक हुन्छ । अर्थात कुनै पनि कार्य आकस्मिक वा स्वतन्त्र रुपमा उत्पन्न हुन सक्दैन । सबै कारणहरू परतन्त्र हुन्छन् ।

दियोबाट प्रकाशको उदाहरण माथि नै दिइसकेको छ । तर दियो बाल्नका लागि एउटा दियो मात्र पर्यप्त हुँदैन । यसका लागि प्याला, तेल, बात्ति, बाल्नका लागि माचिस, दियो बल्न सक्ने उपयुक्त बातावरण, पर्यप्त अक्सिजन, हावा नचल्ने र वर्ष नहुने आदि बातावरणमा दियो बाल्न सकिन्छ । अनि मात्र दियोबाट प्रकाश उत्पन्न हुन्छ । उपरोक्त समुहमा भएका एउटा पनि बस्तु ठिक समयमा उपलब्ध हुन सकेन भने प्रकाशले अस्तित्व लिन सक्दैन । प्यालामा तेलको मात्र समाप्त भयो भने वा बात्ति सकियो भने वा उपयुक्त बातावरण भएन भने पनि प्रकाशको अस्तित्व स्वत समाप्त हुन्छ । यसबाट के कुराको ज्ञान हुन्छ भने, प्रकाशको सम्पूर्ण अस्तित्व सामग्रिहरूको सन्तुलन माथि निर्भर रहन्छन् ।

बुद्धले चार आर्य सत्यको विषयमा भनिसक्नु भएको छ कि यो भवसागर दुःखले भरिएको छ । दुःखको कारण र समुह छ । दुःखबाट छुटकारा पाउने उपाय छ । दुःखबाट मुक्ति हुन सक्ने अवस्था र मार्ग छ । अर्थात निर्वाण प्राप्त गर्न सकिन्छ । यसलाई चार आर्यसत्य भन्दछ । चार आर्यसत्यको बास्तविक अवस्थालाई 'दुवादश निदान'को श्रंखलावद्ध तरिकाले उदाहरण दिनु भएको छ । जस्तैः जरामरण, जाति, भव, उपदान, तृष्णा, वेदना, स्पर्ष षडायतन, नामरुप, बिज्ञान, संस्कार र अविद्या । यी श्रृंखलाहरू एक पछि अर्को कारणमा आश्रित हुँदै अविद्यामा समाप्त हुन्छ ।

अर्थात दियोबाट भैरहेको प्रकाश अविद्यामा समाप्त हुन्छ । यो अवस्था परम् अतिक्रमण हो । अतिक्रमणबाट अन्धकार सुरु हुन्छ। अन्धकार भनेको निराकार हो। जहाँ कुनै आकार प्रकारको अनुभव हुँदैन । अर्थात बिल्कुलै शून्यको अवस्था हुन्छ। यो बास्तविक समाधिको अवस्था हो। जहाँबाट 'निर्वाणपद प्राप्त गर्न सकिन्छ । निर्वाण भनेको जरामरणको अवस्थाबाट अलग हुनु हो। अथार्त पुनः जन्म नलिनु हो।



अर्को अर्थमा बुद्धले हाम्रो मानव शरीर, ज्ञान र बिज्ञानको उत्कृष्ट संयोग भन्नु भएको छ। अर्थात शरीर बिज्ञान हो भने चेतनालाई ज्ञान भन्नु भएको छ। यो सत्यलाई अध्यात्मवाद र भौतिकवादले पनि स्वीकार गरेका छन् । शारीरिक बिकासको साथसाथै चेतनाको पनि बिकास हुँदै जाने बिज्ञानको आधार भूत नियम हो। 'प्रतित्यसमुत्पाद' भनेको यही हो।

बुद्धले प्राप्त गरेको ज्ञानको सार न त कुनै शास्त्रमा न शब्दमा, न त सिद्धान्तमा आधारित छ। यो त मानव चेतनामा बसेको छ। चेतना भनेको मन्दिर हो, त्यहाँ भित्र परमात्मले बास गरेको छ। त्यसैलाई जगाउनु पर्छ। त्यहीबाट ज्ञानको ज्योति प्रकाशित हुन्छ। प्रत्येक मानिसमा बुद्धत्व प्राप्त गर्न सक्ने क्षमता छ। त्यसैले बुद्धले भन्नु भएको छ, यदि ईश्वर कही कतै छ भने त्यही चेतना भित्र छ। त्यही उनको अस्तित्व हो। त्यही हाम्रो ईश्वर हो। जसले हामीलाई आदेश दिनुकासाथै भरोसा, आस्था कर्म, ज्ञान, प्रज्ञा, प्रेम, करुणा, माया, मोहा, तृष्णा, घृणा अहंकारको प्रेरणा दिएर एकलौटी शासन गर्न चाहन्छन्।

सबै मान्छेमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ। यो भनाइमा तपाइँको सहमति छ ? यदि छ भने तपाइले ईश्वरको अस्तित्वको बारेमा स्पष्टसँग बुझ्नु भयो भन्ने कुराको अर्थ सिद्ध हुन्छ। यो सूत्रले तपाइँलाई धार्मिकताको मार्ग देखाउँछ। धार्मिकताबाट निर्वाणपद प्राप्त हुन्छ। यही पद जीवनको अन्तिम लक्ष हो।

स्मरण गर्नु होस् त, हाम्रो चेतनाले गरेको एकलौटी शासनको प्रतिफल सकारात्मक वा नकारात्मक कस्तो अवस्थामा छ ? शुष्म रुपमा गहिरिएर हेर्ने हो भने, यो कुराको हामी आफैले प्रत्यक्ष अनुभव गर्न सक्दछौं। यसका लागि शान्तसँग अभ्यास्त हुन जरुरी हुन्छ। साधनाद्वारा अभ्यास गरेर हेर्नु होस्। कुनै पनि अभ्यास र साधना असम्भाव छैन।

त्यसैले, बुद्धले ४५ वर्षको दौरान बारम्बार दोहोऱ्याउनु भएको छ कि धर्ममा बैराग्य श्रेष्ठ छ। सत्यमा चार आर्य श्रेष्ठ छ। मार्गमा अष्टमार्ग श्रेष्ठ छ। शीलमा पञ्चशील श्रेष्ठ छ। प्राणिमा मनुष्य श्रेष्ठ र मनुष्यामा बुद्ध श्रेष्ठ भन्नु भएको छ। किनभने मनुष्यमा स्मरण गर्न सक्ने चेतना छ। चेतना भित्र ज्ञान र बिज्ञानको संयोजन छ। बिज्ञान छैन भने चेतनाको पनि कुनै अस्तित्व हुँदैन। तर, ज्ञान बिनाको बिज्ञान पनि अन्धो र लंगडो हुन्छ। त्यसैले, ज्ञान र बिज्ञानबाट अविष्कार हुन्छ। अविष्कारले सामजिक समृद्धिको अभिबृद्धि गरेको हुन्छ। पूर्विय दर्शनको आधारमा पाश्चात्य मुलुकका विद्वानहरूले प्रयोगशालामा प्रयोग गरेर सिद्ध गरिदिए। उदाहरणको लागि तथागतले गुण र स्वभावको सूत्रमा उपदेश गरे अनुसार "स्वर्ण, राजो र तम" गुणलाई Neutron, Proton and Electron को रुपमा प्रयोग गरी अबिस्कारक अल्बर्ट आइन्सटाइनले अटम बमको अबिस्कार गरे। यसको परिक्षण जापानको हिरोसिमा र नाकासोकिमा भयो। यसबाट के कुराको स्पष्ट हुन्छ भने, पूर्बिय दर्शनको आधारमा पाश्चात्य मुलुकका अबिस्कारकहरूले नगदीमा परिणत गरेका छन्। २१औं शताब्दीको बिज्ञानले यही विषयमा निरन्तर अध्ययन र अनुसन्धान गर्दै आएका छन्। यही प्रकृयाबाट सभ्य मानव समाजले निरन्तर बृत्ति बिकास गर्दै आएका छन्।

# २४. बौद्धदर्शनमा अनित्यवाद के हो ?



तथागत बुद्धले अनित्यवादलाई यसरी सरलीकर गर्नु भएको छ । अनित्यवाद भनेको हाम्रो मन भित्र क्षण क्षणमा च्यूत र व्युत भैरहने जीवन धाराको एउटा शुष्म प्रकृया हो । यो गहन प्रकृयालाई प्रत्येक बौद्धमार्गीहरूले राम्रोसँग जान्न र बुझ्न आवश्यक छ । माथिल्लो प्रसँगमा ईश्वरको अस्तित्व कहाँ छ ? शिर्षकमा छलफल भैसकेको छ कि प्रत्येक मानिस भित्र चेतनाको मन्दिर छ । त्यो मन्दिर भित्र 'म' भन्ने अहंकारको भावनाहरू च्युत र व्युत भैरहन्छन् । यो प्रकृया हरेक व्यक्तिमा


हुन्छ। तर यसको उपयोग कसरी गर्ने भन्ने कुरा व्यक्ति बिशेषमा भर पर्छ । स्पष्ट कुरा हाम्रो हृदयमा अनित्यले किन निवास गर्छ ? कसरी गर्छ ? यस बारेमा राम्रोरी जानकारी हुन आवश्य हुन्छ । किनभने त्यहीबाट मनको भवसागर आरम्भ हुन्छ । त्यहीबाट राम्रा, नराम्रा, असल, कमसल, विष र अमृत जस्ता विषय बस्तुको छिनछिनमा च्युत र ब्युत भैरहन्छन् । यो प्रकृया हरेक ब्यक्तिमा हुन्छ। तर, यसको प्रयोग कसरी गर्ने भन्ने कुरा ब्यक्ति बिशेषमा भर पर्ने हुन्छ। उदाहरणको लागि बुद्धबचनको मूल ग्रन्थ भनेको धम्मपद हो । धम्म भनेको सत्य हो । सत्य भनेको समय हो। समय भनेको पद हो। यसै सन्दर्भमा धम्मपदको प्रथम गाथा मै बुद्धले भन्नु भएको छ–

मनोपुब्बंगमा धम्मा, मनोसेठा मनोमय
मनसा चे पदुटेन, भासति वा करोति वा
ततोनं दुक्खमन्वेति, चक्कं व वहतो पदं ॥१॥

अर्थात मन नै सबै प्रबृतिहरूको प्रधान हो । सबै कुरा मनबाटै उत्पन्न हुन्छ । यदि कसैले दुषित मनले केही कुरा बोल्छ, भन्छ वा कुकर्म गर्छ भने त्यस्तालाई लडियाको पाङ्ग्राले गोरुको खुट्टालाई पछ्याए झैं दुःखले सधै अनुसरण गरिरहन्छ।

हाम्रो मानव जीवनको बिकासक्रमलाई सरसर्ती हेर्दा आमाको गर्भशयबाट भ्रुणको अवस्थाबाट निरन्तर रुपमा बिकास हुँदै आएको हुन्छ। प्रत्येक क्षणमा कण काणको बिकास हुँदै

आउँछ। २७० दिनदेखि ३०० दिनमा मानिसको जन्म हुन्छ। त्यसपछि क्रमश शारीरिक बिकास हुँदै जान्छ। एक वर्ष वर्षको अवस्था पाँच वर्षमा रहँदैन। पाँच वर्षको अवस्था दश वर्षमा रहँदैन। यसरी क्रमिक रुपमा बीस, चालिस, साठी, आस्सी र सय वर्षको उमेरसम्म हाम्रो शारीरिक अवस्थाको बिकासमा एक रुपता रहँदैन। यही हो अनित्यवाद भनेको। यसै अनुरुप मनको अवस्थामा पनि एक रुपता रहँदैन। नाबालक, बालक, किशोर युवा, बयस्क, प्रौढ, बृद्ध र असक्त आदि। प्राकृतिको नियम अनुसार मानविय स्वभाव र मस्तिष्कको बिकासका साथसाथै अवस्थाको कृयाकलपमा पनि फरक हुँदै आउँछ। किनभने प्रत्येक समय र अवस्थाको कृयाकलपले एक पछि अर्को अनुभव थप्दै ल्याउँछ। समयको गतिसँगै कार्य कुशलता र अनुभवको सँगालो पनि बढदै जान्छ। यही अनुभवको जगमा एक पछि अर्को थपिदै जान्छ। अनि पाको हुँदै जान्छ।




हाम्रो जीवनमा कुनै पनि काम स्थिर रहन सक्दैन । समयको माँग र आवश्यकता अनुसार परिवर्तन भैरहन्छ। नित्य रहन सक्दैन । यसरी, निरन्तर रुपमा परिवर्तन भैरहने प्रकृयाले बिचारलाई पनि बदल्दै ल्याउँछ। यसैलाई अनित्यवाद भन्दछन्।



हाम्रो शरीरमा पाँच ज्ञानेन्द्रियहरू छन् । आँखा, नाक, कान जिब्रो र छाला। प्रत्येक इन्द्रियहरूले अलग अलग कार्य गर्दछन् । आँखको काम दृश्य हेर्ने। नाकको काम बास्न सुग्ने। कानको काम ध्वानी सुन्ने। जिब्रोको काम स्वाद लिने। छालाको काम स्पर्ष गर्ने । प्रत्येक इन्द्रियहरूको अलग अलग कार्य भए तापनि सबैको केन्द्रबिन्दु भनेको मन हो। तर, तत्कालको लागि निर्णय भने मस्तिष्कले एकलौटी गर्छ।

उदाहरणको लागि, आँखाले कुनै बस्तु वा दृष्य देखे पछि त्यसको रंग, ढंग, अवस्था राम्रो वा नराम्रो कस्तो छ ?

आँखाले मस्तिष्कलाई सूचना पठाउँछ। उसले आफ्नो निर्णय गर्दछ। त्यसको प्रभाव मनमा पुग्दछ। मनले आफु अनुकुल भए सकारात्मक र प्रतिकुल भए नकारात्मक प्रतिकृया दिन्छ। यसबाट के कुराको स्पष्ट हुन्छ भने अनुभवको अवस्था 'दृष्टि मस्तिष्क र मन'को त्रिकोणात्मक बिधिबाट सञ्चालन भएको हुन्छ। यो शरीर बिज्ञानको अत्यन्तै शुष्म सूत्र हो।



यसैगरी, नाकले कुनै सुगन्ध वा दुर्गन्ध आएको अनुभव गरे पछि मस्तिष्कलाई सूचना गर्दछ। त्यसैको आधारमा सुगन्ध भए खुशिसाथ स्वीकार गर्ने, दुर्गन्ध भए हातले नाक थुन्न पुग्दछ। मनले नकारात्मक भएको प्रतिकृया दिन्छ। कानको काम पनि ध्वनिलाई शुष्म रुपमा प्राप्त गरेर सुन्ने हो। सुने पछि मस्तिष्कलाई सूचना दिन्छ। मनले सुखद कुरा भए खुशी ब्याक्त गर्छ। दुःखद् भए शोक, अप्रिय भए क्रोध व्यक्त गर्छ। जिब्रोको

काम स्वाद लिनु हो । स्वादबाट मिठो, नमिठो, अमिलो, पिरो र टर्रौको अनुभव मस्तिष्कलाई भन्छ । उसले मानलाई संकेत दिन्छ। मनले त्यही अनुसारको प्रतिकृया दिन्छ। छालाको काम पनि स्पर्ष गरेर तातो, चिसो, खस्रो, मसिनो आदिको अनुभव गर्ने हो । बिपरित लिङ्गमा स्पर्ष भए उत्तेजनाको भाव प्रकट हुन्छ ।


यसबाट मनोभावनामा अशोभाविक तरंग उत्पन्न हुन्छ । जुन लिंगिय बिभेदको स्वभाविक आवस्था हो ।



यसबाट के कुराको पुष्टि हुन्छ भने, मानव शरीरको शक्ति सन्तुलन गर्ने मुख्य केन्द्र 'मन' हो । जहाँ 'म' भन्ने अदृष्य शाक्तिरुप निवास गर्दछ । मनलाई भावना वा भवसागर पनि भन्दछ । तर, यो अदृष्य 'मन' कहाँ छ ? आजसम्म कसैले पनि देखेको छ वा छैन ? यदि कसैले देखेको छ भने, यसको

परिभाषा के हो ? त्यसैले, ठ्याक्कै भन्न कठिन भए तापनि रक्त सञ्चारको केन्द्र 'मुटु' भएकाले 'मन' पनि त्यही भित्र हुनुपर्छ भन्ने हामीले साधरण अवस्थामा अनुमान गर्न सकिन्छ। त्यहाँ भित्र के छ ? के कस्तो कृया प्रकृया हुन्छन् ? यसलाई रम्रोसँग बुझ्न सकेमा यस माथि विजय प्राप्त गर्न सकिन्छ। किनभने पराजित 'मन' अनुशासित हुन्छ। अनुशासित 'मन'ले मार्ग दर्शन गर्न सक्दछ। 'मन'को परिधिलाई आत्म भन्दछ। त्यही 'मन' भित्र चेतनाको बास हुन्छ। त्यसैमा बुद्ध बसेको हुन्छ। त्यही हो ईश्वर। त्यही हो भगवान। यसमा शंका नगर्नु र भ्रममा नपर्नु।

हाम्रो 'मन'लाई राम्रोसँग नियालेर हेर्ने हो भने, त्यहाँ भित्र राग, द्वेष, माया, मोह, तृष्णा, घृणा, हिंसा, त्याग, प्रेम करुणा शील र चेतना गरी १२ वटा भिन्न भिन्नै मानविय गुणहरूले बास गरेका हुन्छन्। जस्तै–



१. **राग–**

साधारण भाषामा राग भन्नाले, कुनै बस्तु प्रति हुने अनुराग, झुकाउ, प्रेमभाव, अनुरक्ति, कुनै विषय प्रतिको मोह घृणा, तृष्णा, लोभ, लालसा, काम, वासना, उमङ्ग, आनन्द र हर्ष आदि भन्ने भावार्थ बुझिन्छ। यसबाट प्रभावित मानिसको स्वभाव अत्यन्तै सरल, तरल, निर्मल र एकोहोरोपनको हुन्छ। रागमा असन्तुलन भयो भने, त्यसबाट द्वेष उत्पन्न हुन्छ।

२. **द्वेष–**

द्वेष भन्नाले, डाह, इर्ष्या, निन्दा, दुस्मनी, शत्रुता, इबी घृणा, तृष्णा वा अहित चिताउने मानसिक प्रबृति भन्ने भावार्थ बुझाउछ। यसबाट प्रभावित मानिसको स्वभाव शंकालु हुन्छ। शंकालु स्वभावको जगमा माया उत्पन्न हुन्छ।

३. **माया–**

माया भन्नाले, प्रेम, अनुराग, ममता, भ्रम, मिथ्या धोका, छल, कपट, जादु, टुना, मुना, चटक, लिला, दाउपेच कूटनीति, आलौकिक, अदृष्य शक्ति, वा लिला भन्ने भावार्थ बुझिन्छ। यसबाट प्रभावित मानिसको स्वभाव अत्यन्तै चतुर महत्त्वकांक्षी, मृदुभाषी र मोहिनी स्वभावको हुन्छ। यसैमा मोह उत्पन्न हुन्छ।

४. **मोह–**

मोह भन्नाले, अज्ञान, अविद्या, निर्बुद्धि, आसक्ति, भ्रम त्रुटि, भय, चिन्ता, बेहोसी, मुर्छा वा मायाको बन्धन भन्ने भावार्थ बुझिन्छ। यसबाट प्रभावित मानिसको स्वभाव स्वार्थी हुन्छन्। यसबाट तृष्णा उत्पन्न हुन्छ।

**५. तृष्णा–**

तृष्णा भन्नाले, लोभ, लालस, इच्छा, चाहना, रुप काम, बास्ना, तिर्खा, आकांक्ष र अभिलाषा भन्ने भावार्थ बुझिन्छ। यसबाट प्रभावित मानिसको स्वभाव एकदमै अहंकारी हुन्छ। यही अहंकार तत्काल तृत्प हुन नसके पछि घृणा उत्पन्न हुन्छ।

**६. घृणा–**

घृणा भन्नाले, हेला, अपमान, निन्द, घिन, अरुचि सिक्सिको र अस्वभाविक चरित्र भन्ने भावार्थ बुझिन्छ। अरुलाई होच्याउने र घृणा गर्ने वा यसबाट प्रभावित मानिसको स्वभाव प्रतिगामी हुन्छन्। यसैको जगमा हिंसा उत्पन्न हुन्छ।

**७. हिंसा–**

हिंसा भन्नाले, कुनै पनि प्राणीको बिना कारण हत्या बध, पिडा, हानि, नोक्सानी, भय, आतंक, दुःख दिने, कुभलो गर्ने सताउने कार्य वा मनासय भन्ने बुझिन्छ। यसबाट प्रभावित मानिसको स्वभाव क्रुर एवं हिंसात्म हुन्छ। हिंसा गरेर व्युझिए पछि त्यागको भावना उत्पन्न हुन्छ। यसको प्रत्यक्ष प्रमान हत्यारा अंगुलिमालालाई लिन सकिन्छ हो।

**८. त्याग–**

त्याग भन्नाले, आफ्नो आधिकारमा रहेको कुनै पनि बस्तु, माया, प्रेम वा स्नेहलाई त्याग्ने कार्य वा सम्बन्ध बिच्छेद गर्ने काम वा दान दिने सन्यासी वा भिक्षुत्व ग्रहण गर्ने वा समाजका लागि त्याग, राष्ट्रका लागि त्याग आदि कार्यलाई भन्दछ। त्यागलाई त्यागिसके पछि प्रेम उत्पन्न हुन्छ।

९. **प्रेम–**


भन्नाले, स्त्री र पुरुषको परस्परमा हुने अनुराग प्रेम प्रीति, कृपा, दया, माया अथवा कुनै विषय, बस्तु वा व्यक्तिको स्वभाव, गुण प्रति मनमा उत्पन्न हुने अनुरागलाई प्रेम भन्दछ।

शब्दकोषमा लेखिएको प्रेमको परिभाषा यतिले मात्र पूर्ण हुँदैन । प्रेमको परिभाषालाई यहीनिर पूर्ण बिराम लगायो भने, प्रेम प्रतिको हाम्रो आस्था अधुरो हुन सक्छ । न्यायपूर्ण हुँदैन । प्रेममा पूर्णता दिइएन भने, यसबाट बियोग उत्पन्न हुन्छ। बियोगले शान्तिमा बाधा उत्पन्न गर्छ र परम् आनन्दको अनुभूति हुन सक्दैन। त्यसैले प्रेमको मौलिक स्वभाव र बिभिन्न अवस्थाहरूमा प्रकट हुने र गरिने अवस्थालाई राम्रोसँग बुझ्न आवश्यक हुन्छ। यसले स्वभाव अनुसारको आचरण गर्दछन् ।

उदाहरणको लागि आफ्नो राष्ट्र र मातृभूमि प्रतिको प्रेम समाज प्रतिको प्रेम, पूर्वज प्रतिको प्रेम, माता पिता प्रतिको प्रेम गुरु प्रतिको प्रेम, मावली प्रतिको प्रेम, स्त्री प्रतिको प्रेम, सन्तान प्रतिको प्रेम, भाइबन्धु प्रतिको प्रेम, दिदीबहिनीहरू प्रतिको प्रेम चेलीबेटीहरू प्रतिको प्रेम, इष्टमित्रहरू प्रतिको प्रेम, साथीहरू प्रतिको प्रेम, भान्सामा रहेका सामानहरू प्रतिको प्रेम, सर्वप्राँणीहरू प्रतिको प्रेम र प्राकृति प्रतिको प्रेम सबै प्रेमनै हुन् । तर, उपरोक्त प्रेमहरूमा अलग समय, अवस्था, तरिका, प्रणालि स्तर आवश्यकता र स्वभाव अनुसार प्रेम प्रकट गर्न जान्न सक्नु पर्ने हुन्छ।



उदाहरणको लागि, आफ्नो माता पिता, स्त्री र सन्तान सबैलाई प्रेम दिनु पर्छ । तर, माता पितालाई र स्त्रीलाई दिने प्रेमको स्वभावमा अन्तर हुन्छ । माता पितासँग चरण स्पर्ष गरेर प्रेम प्रकट गरिन्छ भने, स्त्रीलाई उनको मनोभाव बुझेर गरिन्छ । यसैगरी, आफ्ना सन्तानलाई नैतिक शिक्षा पौष्टिक खाना, सुख सुबिधा र सुरक्षा दिएर प्रेम प्रकट गरिन्छ । यसैगरी, सबै बस्तु र इष्टमित्रहरूलाई उनको स्तर, अवस्था र आवश्यकता बुझेर प्रेम प्रकट गर्नु उपयुक्त हुन्छ । तर, गरिब, निमुख, असाहय अनाथ र अपांगहरूलाई आवश्यकता अनुसार निःशर्त सेवा गरी उनीहरूसँगै आत्मियता साटेर प्रेम दिन सकिन्छ । बुद्धको मूल भाव करुणा हो । करुणाबाट प्रेम प्राप्त हुन्छ । यहीबाट नैतिक शिक्षाको आधार तयार हुन्छ ।



तथागतले पनि बुद्धत्व प्राप्त गर्नु भन्दा पहिले, माता पिताको प्रेम, परिवारिक प्रेम, स्त्री प्रेम, पुत्र प्रेम, बन्धु प्रेम र राष्ट्र प्रेम सबैको अनुभव गर्नु भएको थियो। त्यसैले जसरी रोग त्यागे पछि निरोगी हुन्छ र स्वस्थ्यको महत्त्व बुझिन्छ। त्यसैगरी बैर र घृणा त्यागे पछि बाँकी रहेको सबै अवस्था प्रेममा आफै परिणत हुन्छ। किनभने यो त स्वभाव हो। जस्तैः फूलको मूल उद्देश्यनै सुन्दरता दिनु हो। हावाको सहयोगबाट आफ्नो सुगन्ध फैलाउनु हो। उखुको गुण गुलियो हुनु हो। त्यसलाई काट्नोस् ठुन्काउनोस्, भाँच्नोस्, निर्चोनोस्, कोलमा पेल्नोस्, उमाल्नोस्, जुनसुकै अवस्थामा पनि उनको गुणमा परिवर्तन हुँदैन। किनभने गुलियो हुनु उनको मौलिक स्वभाव हो। यसकारण, तथागतले प्रेमलाई स्वभावको रुपमा व्याख्या गर्नु भएको छ। स्वभावबाट

करुणा उत्पन्न हुन्छ। यसबाट प्रेम र प्रेमबाट सुख शान्ति र परम् आनन्द प्राप्त हुन्छ।

१०. **करुणा**–

करुणा भनेको साधरणतय दया, माया र दयालु हुन् भन्ने अर्थमा बुझिन्छ । करुणा भनेको, दुःखमा रहेका मानिस वा प्राणीको बास्तबिक चित्कारलाई अनुभवबाट बुझेर उनको सेवा गरी अत्मियता गाँस्नु हो। यसबाट शील उत्पन्न हुन्छ।

११. **शील**–

बुद्ध दर्शनको पाली भाषामा शिक्षालाई शील भन्दछ । शीलबाट ज्ञान प्राप्त हुन्छ। ज्ञानबाट पारमिता र पारमिताबाट क्रमिक रुपमा समाधिमा जान सकिन्छ। तर नेपालीमा आचरण राम्रो बानीबेहोरा, चालचलन, चरित्र शील, स्वभाव आदि भनिन्छ। शीलको गहन अभ्यासबाट चेतना तरंगित हुन्छ।

१२. **चेतना**–

चेतना भनेको चैतन्य, ज्ञान, बुद्धि, बिवेक, होस स्मृति, पुर्वज्ञान आदिलाई भनिन्छ। यो चेतना पशु र पंक्षीहरूमा पनि हुन्छन् । तर, उनको चेतनामा बृत्तिबिकास हुँदैन । अर्थात के कारणमा के हुन्छ ? किन हुन्छ ? भन्ने कुराको बिभेद छुट्याउने क्षमता हुँदैन । कुनै प्राणीहरूमा भए तापनि शुष्म अवस्थामा हुन्छन् । मनुष्य प्राणीमा सर्वश्रेष्ठ हो । तर, मनुष्य श्रेष्ठ तबै मात्र सम्भाव हुन्छ, जब उनमा त्याग, प्रेम, करुणा र शीलको पर्याप्त अध्ययन र अभ्यास हुन्छ। तब मानिसले बोधि तत्वको

चुरीलाई बुझ्न सक्दछन् । यस्तो तत्वज्ञानको बारेमा राम्ररी बुझ्न सक्ने मानिस मात्र बुद्ध बन्ने सम्भावना रहन्छ ।

त्यसैले बुद्धले भन्नु भएको छ, प्रत्येक मानिसमा चेतना छ त्यसैमा बुद्ध बसेको छ। अर्थात बुद्ध गुम्ब र बिहारमा नभएर र चेतनामा बसेको छ। बास्तवमा गुम्बा, बिहार र मन्दिर भनेको त शान्तसँग बसेर बिपासनाको साधना गर्ने स्थान हो ।



तितो सत्यमा भन्ने हो भने, गुम्बा, बिहार, चैत्य, मठ मन्दिर भन्नुको अर्थ त खालि, रिक्त, शान्त वा शून्य, भावशून्या वा ज्ञानशून्य भन्ने अर्थमा बुझिन्छ । जहाँ शान्त हुन्छ, त्यहाँ ध्यान भावना र साधना गर्न उपयुक्त हुन्छ ।



साधरणतय मानिसहरूको बुझाइ के रहेको छ भने भगवानको दर्शन गर्न गुम्बा, बिहार, चैत्य मठ वा मन्दिरमा जानु पर्छ भन्ने बिश्वास रहेको पाइन्छ । त्यो पनि एउटा हिसावमा ठिकै हो । किनभने, गुम्बार, बिहार, चैत्य, मठ वा मन्दिरमा बुद्ध र बुद्धका अनुयायिहरूका प्रतिमाहरू स्थापना गरिएका हुन्छन् । ती प्रतिमाहरू भनेको शान्तिका प्रतिक हुन् । उनीहरूले राग, द्वेष, माया मोह, काम, वासना र तृष्णालाई त्यागेर परिनिर्वाण प्राप्त गरिसकेका हुन्छन् । त्यसैले उनीहरू परम् पुज्यनीय मानिन्छन् । पुज्यनीयहरू भगवान सरह हुन्छन् ।

पाली शब्दशास्त्र अनुसार 'भग' भनेको उन्नत, उत्कृष्ट बिशिष्ट, प्रधान, मुख्या, प्रज्ञावान, शीलवान वा त्यागीको रुपमा परिभाषित हुन्छ । 'वान' भनेको मार्ग हो । जीवन यापन गर्ने मार्ग । यसलाई कस्ले कस्तो मार्ग चयन गर्ने भन्ने बारेमा ब्यक्ति आफै उत्तरदायी हुन्छन् । किनभने, अभिभावक र गुरुहरूले त मार्गदर्शन मात्र गराउने हुन् । त्यो मार्गमा कसरी चल्ने ? भन्ने कुरा त ब्यक्ति आफैमा निर्भर रहन्छ ।

## २५. मगधको राजसभामा शास्त्रार्थः

तथागत गौतम बुद्धको प्रज्जवलित तर्कबाट प्रभावित भएर समकालिन दार्शनिकहरू सबै उनको संत्सँगमा आएर अहर्तत्व प्राप्त गरे । तर, केही अतीवादी सोँच भएका ब्राह्मणहरूको सानो समूहले आफ्नो अस्तित्वको रक्षा गर्नका लागि कुटिल चाल चालिरहे । यस कुटिल चालमा राजा अजात शत्रुलाई उचालेर हतियार बनाए ।

मगध राज्यको राजा अजात शत्रु, पितृ हत्या पछि सत्तामा आएका थिए । उनको कुलगुरु र आचार्य सोनदण्ड बुद्धको कटु अलोचक थिए । यो कुटिल चालमा उनको सुराकीको रुपमा भिक्षु देवदत्तको पनि सकृया सहभागिता थियो । देवदत्त बुद्धको फुपूको छोरो भए तापनि प्रत्येक पाइलामा बिरोधी थिए । भिक्षु देवदत्त शाक्य संघको कुशल योद्ध भएकोले महत्त्वकाङ्क्षी र हठी स्वभावको थियो । भिक्षु भए पछि पनि उनको स्वभावमा परिवर्तन भएन । भिक्षुको आचरण बिपरित काम गर्दै आए । तर, बुद्धको त्याग मौलिक आचरण, मानवियता, करुणा, प्रज्ञा, उपाए र प्रज्जवलित तर्कले उनको ख्याति जम्बुद्वीपमा फैलिए ।

यसैको प्रतिशोधका लागि भिक्षु महासंघको नेतृत्व र नियममा देवदत्तले प्रश्न उठायो । यसमा असफल भए पछि

भिक्षुसंघ टुक्राउने प्रयास गर्यो । भिक्षुसंघ टुक्राउन असफल भए पछि कुलगुरुसँग साठगाँठ गरेर अजात शत्रुको राज दरबारमा आचार्य सोनदण्डसँग शास्त्रार्थ गराउने । यदि सोनदण्ड परास्त भए, गणिका जो लामो समयदेखि बुद्धको गन्धकुटीमा नाटकिय रुपमा आवत जावत गर्न लगाएकी थिइन् । उनलाई राज सभामा उपस्थित गराइ गर्भवती भएको नाटक गराइ, स्त्रीको दर्दनायक बेदना सुनाएर बुद्धलाई बदनाम गराउने दुष्प्रयासको षड्यान्त्र रचिएको थियो । यस प्रकारको कपोल कल्पित षड्यान्त्रबाट तथागत बुद्धको चरित्र हत्या गरी मगधको सिमाबाट बाहिरा धपाउने उनीहरूको कुटिल योजना थियो । यही योजना अनुसार तथागत बुद्धलाई निमन्त्रणा पठाए ।

'बुद्धले निमन्त्रणा स्वीकार गर्यो ।'
'तर, भिक्षु आनन्दले शंका गर्यो ।'


'भिक्षु आनन्दको शंकामा सारिपुत्र,' मौदगल्यान, महाकाश्याप र कौण्ड्यले पनि एकै स्वरमा समर्थन जनाए ।

'आनन्द,' यो निमन्त्रणामा तिमीले शंका गर्यो । तिम्रो स्वभाव पनि शंकालु छ । त्यसैले शंका गर्नु तिम्रो स्वभाव हो । तर, चारै जना अहर्तहरूले पनि तिम्रो पक्षमा समर्थन दियो । यसको कारणमा तिम्रो दृष्टिकोण प्रष्ट गराउ तथागतले स्पष्ट भन्यो ।

'हे, तथागत,' मलाई शंका हुनुको कारणहरूमा सर्वप्रथम त देवदत्तको आचरण र उनको पछिल्लो गतिविधिले प्रष्ट गर्छ ।

त्यसपछि, गणिकाको संकस्पद आवत जावत, राजा अजात शत्रुको व्यवहार र कुलगुरुको नीतिलाई ढाल बनाएर आचार्य सोनदण्ड मार्फत तीर चलाउने देवदत्तको योजना हुन सक्ने मेरो अनुमान छ आनन्दले स्पष्ट भन्यो ।


आनन्द, आजको दिनमा हामीले अत्यन्तै महत्त्वपूर्ण बिचार गर्नु पर्ने समय आएको छ। त्यसैले, सारिपुत्र, मौदगल्यान महाकाश्याप र कौण्ड्यलाई एक साथ हुन सूचना दिएको हुँ । मलाई पूर्ण बिश्वास छ, तपाइँहरू चार जना अहर्तहरू भिक्षु महासंघको चार खम्बा हुन् । जसमा सम्पूर्ण भिक्षु महासंघको अस्तित्व अडिएको छ । आनन्द मेरो छाया हो । तिमी पाँच अहर्तहरू पञ्चशील हो। जसबाट सम्पूर्ण 'बुद्धबचन' सञ्चारित हुन्छ । यो सत्य कुरा मेरो पञ्चइन्द्रेयहरूलाई अवगत गराउन चाहन्छु। बुद्ध शासन यसैको जगमा टेकेको छ।



'हे, अहर्तगण,' बिगत केही समय यतादेखि भिक्षु देवदत्तको प्रत्येक गतिविधिलाई मैले चक्षुद्वारा नियालि रहेको छु। मलाई सबै कुराहरू थाहा छ। तर, पनि तपाइँहरूको शंका समाधानका लागि यो छलफल आवश्यक महशुस गरेको हुँ। मेरा भिक्षुहरूलाई के जानकारी गराउन चाहन्छु भने, शास्त्रार्थ भनेको तर्क युद्ध हो। भिक्षुहरूले तर्क गर्ने होइन, स्वयम् तर्क बन्नु पर्छ। तर, आजको यो तर्क युद्ध, बुद्ध शासनको प्रथम र अन्तिम हुनेछ। किनभने, अजात शत्रुको राजदरबार बाहेक सम्पूर्ण जम्बुद्वीपमा बुद्धको शाान्ति सन्देशले शितलता सञ्चार गरिसकेको छ।

आजको यो शास्त्रार्थबाट दरबार भित्रको आँधेरो कोठामा बस्न बाध्य भएका भारदारहरूलाई पनि नविन बिहानीको अनुभूति गराउने छ। त्यसैले, मैले यो निमन्त्रणा सरलताका साथ स्वीकार गरेको हुँ। ता कि उनीहरूलाई कुनै संकोच नहोस्। यो शास्त्रार्थमा देवदत्त सहित चार जना अहर्तहरू सहभागी हुने छन् बुद्धले स्पष्ट भन्यो।

बुद्धको उपदेश सुनिसके पछि भिक्षुहरूको सबै संका उपशंकाहरूको समाधान भयो। निर्धारित समयमा राजदरबार प्रवेश गरी तोकिएको स्थानमा आसन ग्रहण गरे। राजा अजात शत्रुको राजसभामा कुलगुरुले आचार्य सोनदण्ड र बुद्ध दुबैको स्वागत गर्दै भन्यो।



आज मगध राज्यको राजसभामा महाराज अजात शत्रुको उपस्थितिमा बन्दनिय तथागत बुद्ध र प्रख्यात आचार्य सोनदण्डकोबीचमा ऐतिहासिक शास्त्रार्थ हुँदैछ । यो छलफलबाट मानव समाजलाई नविन चेतनाको दिशा बोध हुनेछ, कुलगुरुले मन्तव्य राख्दै भन्यो । त्यही समय कुलगुरुको मन भित्र मडारिरहेको कालो बादलको संकेत र शास्त्रार्थमा हुन सक्ने बिषयमा पनि तथागतले 'चुक्षु'द्वारा स्पष्ट नियालि रहेका थिए । तर, यो कुरा कुलगुरुलाई थोरै भए पनि शंक उपशंका थिएन । त्यसैले उनलाई ढुक्क थियो ।

'शास्त्रार्थ छलफल गर्न राजाबाट आदेश भयो ।'

'शास्त्रार्थ छलफल आरम्भ भयो ।'

'तपाइँ उमेरमा म भन्दा सानो हुनुहुन्छ ।' त्यसैले, प्रश्न गर्ने अधिकार पनि तपाइँलाईनै दिन्छु । भन्नु होस्, कुन विषयमा चर्चा गर्ने हो ? आचार्यले तथागत बुद्धलाई भन्यो ।



'नमस्कार सोनदण्डजी,' के तपाइँ भन्न सक्नु हुन्छ कि एउटा असल ब्राह्मणमा केके गुण हुन आवश्यक छ ? तपाइँ चाहनु हुन्छ भने, वेद र उपनिषदको पनि उदाहरण दिन सक्नु हुन्छ बुद्धले सम्मान गर्दै नरम भावमा भन्यो ।

'हे भिक्षु गौतम,' पूर्ण रुपमा ब्राह्मण बन्नका लागि पाँच लक्षणहरू चाहिन्छ । सुन्दर रुप, मन्त्रोचरण एवं अनुष्ठानमा प्रविणता, सात पुस्तादेखि रगतको शुद्धता राम्रो ज्ञान र राम्रो कर्म हुन आवश्यक हुन्छ, सोनदण्डको सिधा उत्तर थियो ।

'अति उत्तम,' महाराजले पनि समर्थन दियो ।

यो पाँचवटा गुणहरूमा सर्वाधिक रुपमा कुनकुन गुण हुन आवश्यक छ ? यो गुणहरू मध्ये कुनै पनि गुणको आभावमा के उनी बास्तवमा असल ब्राह्मण हुन सक्दछ ? तथागत बुद्धले पुनः दोहराएर सोध्यो ।

अन्तको दुई गुणहरूमा राम्रो ज्ञान र राम्रो कर्म महत्त्वपूर्ण हुन्छ । सुन्दर रुप, मन्त्रोचरण एवं अनुष्ठानमा प्रविणता र सात पुस्तादेखि रगतमा शुद्धता त्यति आवश्यक छैन, सोनदण्डले स्पष्ट भन्यो । तर, बुद्धको प्रश्नले आचार्य सोनदण्डलाई दुविधामा पारि दिएको थियो । राजसभामा उपस्थित अन्य ब्राह्मणहरूले यसै विषयमा असन्तुष्टि जनाइरहेका थिए ।

'सभाका आदरणीय सभागणहरू,' यदि तपाइँहरू आचार्य सोनदण्डमा आस्था राख्नु हुन्छ भने, कृपय शान्त रहनु होस् । यदि तपाइँहरूको उनमा आस्था छ भने उनलाई आफ्नो बिचार प्रकट गर्न दिनुहोस् । यदि छैन भने, तपाइँहरू मध्ये जो कोहि पनि यो विषयलाई अगाडि बढाउन सक्नु हुन्छ । म तपाइँहरू सबैको प्रश्नको उत्तर दिने छु, बुद्धले भन्यो ।

'आदरणीय मित्रहरू,' हामी सबैको सामुन्ने मेरो सौतेला भाइ अंगत बसेको छ । अंगत रुपवान छ । उसको आचरण कुलिन र उत्कृष्ट छ । उनको बाहिरी सुन्दरता केवल भिक्षु गौतमसँग मात्र तुलना गर्न सकिन्छ । यो दुई परिवारको रगतको शुद्धता उनको शरीरमा बगिरहेको छ । वेदपाठको ज्ञानी छ । यो तीन गुण त उनमा छदैछ । तर, यदि बिचारको रुपमा हेर्ने हो भने, अंगत मदिरा सेवन गर्छ । हत्या गर्छ । बलत्कार गर्छ । जुवातास खेल्छ । झुट बोल्छ र चोरी पनि गर्छ भने उनको बाँकी गुणको मुल्य के रह्यो ? त्यसैले, मित्रहरू, पूर्ण ब्राह्मण बन्नका लागि सतकर्म र ज्ञाननै सर्वोपरि हो, आचार्य सोनदण्डले भन्यो ।

'यो दुई मध्येमा कुन चाहि सर्वोत्तम गुण हो ?' बुद्धले पुनः त्यही प्रश्न दोहोराउदै सोध्यो ।

सतकर्म र ज्ञान दुई भाग हुन सक्दैन । जस्तैः एउटा हातले अर्को हातलाई र एउटा खुट्टाले अर्को खुट्टालाई साथमा साथ दिदै जान्छ। त्यसै अनुरुप सतकर्म र ज्ञान एक दुसराको पुरक हुन्छन् । सतकर्मले हाम्रो बिवेकलाई प्रकाशमान गर्छ। बिवेकबाट गरिएको कर्मले धार्मिक बनाउछ। यहीनै जिवनको बास्तविक गुडमन्त्र हो, आचार्य सोनदण्डले ठोकेर भन्यो ।

'उत्तम ! अति उत्तम !' तपाइँको भरोसामा हामी उभिएको छ। बुद्ध, तपाइँ भन्नुहोस्, अब हाम्रो परम् विद्वानसँग के सोध्न चाहनु हुन्छ ? राजाले सोनदण्डको प्रशंसा गर्यो । राजाको प्रशंसामा सभागणहरूले पनि हाँमा हाँ मिलाएर नुन पानीको सोझो गरे । नुन पानीको सवालमा नैतिकताको खोक्रो अडम्बरीले राजदण्डको अगाडि आँखा चिम्लियो ।

'सत्य भन्यो सोनदण्डजी तपाइँले,' सतकर्म र ज्ञान जीवनको सवभन्दा मुल्यमान गुण हो। के तपाइँ बताउन सक्नु हुन्छ ? ज्ञान र सतकर्मलाई उच्चतम् कोटीमा कसरी बिकसित गर्न सकिन्छ ? बुद्धले तर्कपूर्ण ढंगले प्रश्न गर्यो। यही प्रश्नले आचार्य सोनदण्डलाई माथ खुलायो।

आचार्य सोनदण्ड एक छिन घोरिएर भन्यो, 'हे, करुणा निदान,' यस विषयमा तपाइँनै हाम्रो मार्ग दर्शन गर्नुहोस्। हामी त केवल सिद्धान्त जान्दछौं । तर, तपाइँ त बुद्ध बनेर परम् सत्यलाई प्राप्त गर्नु भएको छ।



'हे, परम् पुरुष,' तपाइँ नै भन्नुहोस्, सतकर्म र ज्ञानलाई उच्चतम् कोटीसम्म कसरी बिकास गर्न सकिन्छ ? आचार्य सोनदण्डले त्यसैलाई पुनः दोहोरायो ।

आत्म मुक्तिको तीन चरणहरू छन् । शीलाचार, ध्यान र ज्ञान । यदि हामी शीलको आचरण गर्छौं भने, ध्यान साधनामा बृद्धि हुन्छ । ध्यान साधनाबाट ज्ञानको उदय हुन्छ । यसबाट शीलको गहन आचरण गर्न सम्भाव हुन्छ । यसको माध्यामद्वारा काम विषय, वास्ना, क्रोध, मोह, माया, र तृष्णाबाट टाढा भयो भने आत्म मुक्ति, शान्ति र परम् आनन्द प्राप्त गर्न सक्दछ । यही हो परम् सत्यको बास्तविक स्वरुप, बुद्धले भन्यो ।

'हे, करुणानिधि,' मलाई आँधेरोबाट उज्यालोतिर ल्याउनु भयो । मलाई धर्म दीक्षा दिनुहोस् । बुद्धम् शरणम् गच्छामि भन्दै बुद्धको शरणमा आए । त्यो दिनदेखि आचार्य सोनदण्ड पनि तथागतको अनुयायी बने । सभागणहरू जो तथागत बुद्धको अनुयायीहरू थिए जय ! जयकार गरे ! बिरोधिहरूले असन्तुष्ट प्रकट गरे !

त्यसै समय बुद्धको गन्धकुटीमा बेलाबखत आवत जावत गरिरहने एउटी गणिका गर्भवति अवस्थामा बिना रोकटोक राजसभामा आइन् ।

‘उनलाई मर्याद पालक सैनिकहरूले रोक्यो ।’

‘तिमी को हो ? यहाँ किन आएकी,’ गुरुले सोध्यो ।

‘महाराज, यहाँ आउनलाई बिवस छु ।’ यो राजसभामा बुद्धसँग म केही प्रश्न सोध्न चाहन्छु, गणिकाले भनिन् ।

‘बुद्धलाई आपत्ति छैन भने सोध्न सक्छ,’ अजात शत्रुले भन्यो र जुंगा मुसारेर षड्यान्त्रको तमासा हेर्न थाल्यो ।


‘तथागतले मौन समर्थन दियो ... ।’

‘हे, गौतम, तपाइँ धर्मको धेरै कुरा गर्नु हुन्छ ।’ तपाइँको मानसम्मान पनि छ । तर, अब केही समयमै म आमा बन्नेवाली छु । बुद्धलाई यसको कुनै चिन्ता छैन । मैले बारम्बार निवेदन गर्दा पनि उनले कुनै सुनुवाइ गरेन । म शाहरा बिहिन भए महाराज ! मलाई न्याय दिलाई दिनु गणिकाले राजसभामा बिलाप गरेर बुद्धको अपमान गर्ने नियत गरिन् ।

‘ऐ, निर्लज स्त्री,’ यस प्रकारको लान्छाना लगाउन तिम्रो यत्रो ठुलो शाहस ! बुद्ध काम बासनाबाट धेरै टाढा छ देवदत्तले गुहीको आँसु झारेर सफाइ पेश गरे ।

‘भिक्षुहरूले देवदत्तको कुरामा कुनै प्रतिकृया गरेन !’

'हे पुत्री,' केवल दुई जनाले मात्र यो सत्य हो वा होइन भन्ने कुराको पुष्टि गर्न सक्दछ। त्यो हो तिमी र म, बुद्धले भन्यो र प्रतिकृया के हुन्छ पर्खिएर बसे ... ।



यतिकैमा एकजना सभासद जो बुद्धको अनुसाशित अनुयायी थियो। यो छाडा गणिकालाई समात्नु। यसको पेटको पाप कस्को हो ? चरित्र हत्या गर्ने मनसायले बुद्धको टाउकोमा पाप थोपार्न चाहन्छिन् जस्तो देखिन्छे भनेर राजसभाका सदस्यहरू गर्जिए पछि गणिका अलि भयभित भइन् !

मर्याद पालकहरूले उनको हावभाव बुझे पछि तुरुन्तै समातेर तानातान गर्दा, उनको पेटमा गर्भको रुपमा देखिने कपडाको नक्कली पोको भुइमा खस्यो । बुद्धलाई झुटो अभियोग लगाई चरित्र हत्या गर्न रचिएको देवदत्तको कुटिल षड्यान्त्रको राजसभामै पर्दाफास भयो ।

राजसभाका अतिथि एवं बन्दनिय बुद्धलाई अपमान गरेको अभियोगमा गणिकालाई जेल पठाउने राजाबाट आदेश भयो। यसरी, दुखद घटनाको दृष्टान्तमा अजात शत्रुको राजदरबारमा शास्त्रार्थ समाप्त भयो।



यस घटनाको केही समय पछि श्रावस्तीको बिहार नजिकै गणिकाको लास भेटियो। सार्वजनिक सूचना पछि भिक्षुहरूले उनको दाह संस्कार गरे। त्यसको पाँच दिनमा गिद्धकुट पवर्तबाट आउँदै गर्दा, बाटोमै देवदत्तले बुद्धलाई रुखको छलबाट तरवार प्रहार गरे तर, लागेन! एक छिन पछि गिद्धकुट पर्वतको डिलबाट बिशाल ढुंगा लडाए। त्यो ढुंगासँगै आफै पनि लड्दै त्यही ढुंगाले च्यापेर गहिरो चोट लाग्यो। यसरी, बुद्धको जीवन समाप्त गर्ने कार्यमा सम्पूर्ण प्रयास असफल भयो। त्यसैले,

बौद्ध साहित्यमा देवदत्तको चरित्र निन्दनिय रहेको छ। यो कुरा सबै बौद्धमार्गीहरूले थाहा पाउनु पर्छ। बुझ्नु पर्छ।

भिक्षु देवदत्तको जातक कथा अर्थात पूर्वजुनिको कथा बुद्धलाई राम्रोसँग जानकारी थियो। त्यसैले, देवदत्तबाट जे जति गल्तिहरू भए पनि त्यसलाई कुनै हालतमा वा बहनामा बुद्धले ठुलो इशु गर्दैन्थे। बुद्धको त्यही कमजोरीमा देवदत्तले बारम्बार प्रहार गर्ने कोसिश गर्यो। देवदत्तको पूर्ण जीवन बुद्धसँग प्रतिस्पर्ध गर्दैमा समाप्त भयो । बुद्धलाई मार्न खोज्ने कारणमै देवदत्तको मृत्यु लुकेको थियो । यो कुरासँग पनि बुद्ध एकदमै परिचित थियो। त्यसैले, उनलाई बारम्बार क्षमा दान दिने गर्यो !


अन्तमा, बुद्धलाई मार्नकै कारणमा प्राण त्यगेकाले बुद्धको महाकरुणाको प्रभावले देवदत्तले जातक प्राप्त गरे । जातक भनेको पुनर्जन्म हो। यसरी पुनर्जन्म हुँदा पूर्वानुस्मृतिको प्रभावले शील र साधनाको उपयोगबाट निर्वाण मार्ग प्राप्त गर्न सक्दछ। तर, कुन योनिमा जन्म लिने भन्ने अधिकार बोधिसत्वलाई बाहेक अरुलाई हुँदैन । तर, कस्तो कर्म र आचरण गर्ने भन्ने कुरा त्यो व्यक्तिमा निर्भर रहन्छ। मकै छरेर धानको चाहना गर्नु व्युत्पतिको सिद्धान्त बिपरित भएझै, शील, प्रज्ञा, ध्यान, भावना र साधनामा पनि त्यही कुरा लागु हुन्छ।

# २६. तथागत बुद्धको बौद्धिक बिशिष्टताः

तथागत बुद्धको युग आज भन्दा २६०० वर्ष पहिले थियो । उनको प्रभाव आजको उत्तरी भारतको भूभागमा रहेको थियो । जसलाई जम्बुद्वीप भनिन्थ्यो । त्यस समयको राजनीतिक प्रणाली सामाजिक अवस्था, न्यायिक व्यवस्था र जनमानसको सामाजिक चेतनाको स्तर कस्तो थियो होला ? त्यो समयको मार्मिकता २१औँ शताब्दीमा हामी कसैले पनि सजिलैसँग कल्पना समेत गर्न सक्दैनौँ । बास्तवमा यो अत्यन्तै अन्धकारको युग थियो भन्ने कुरामा दुई मत नहोला ।

त्यस समयको सामाजिक व्यवस्था अतिवादी चरित्र भएका ब्राह्मण समूहद्वारा सञ्चालित ब्राह्मणवादमा आधारित थियो । अर्थात वेदको आधारमा आधारित 'ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार बर्णमा बिभाजन थियो । यो बिभाजन कर्मको आधारमा नभएर जन्मको आधारमा थियो । ब्राह्मण कुलमा जन्मिएकाहरू जन्मैबाट ब्राह्मण हुन्थे । क्षेत्रीय कुलमा जन्मेकाहरू जन्मैबाट क्षेत्रीय हुन्थे । ब्राह्मण र क्षेत्रीसँग पानीसम्म चल्ने तर, भात नचल्ने, खेतिकिसान र व्यवसाय गरी खानेहरूलाई वैश्य र पानी नचल्ने तल्लो जातलाई शुद्र

भनिन्थ्यो । त्यस समयको सामाजिक व्यवस्था यसरीनै चलेको थियो । यसैको जगमा ब्राह्मणहरूले लामो समयसम्म शासन चलाएका थिए। बुद्ध शासन सुरु हुनु भन्दा पहिले नै यो ब्यबस्था चालु थियो ।



मानिस सामाजिक प्राणि भएकाले समूहमा मिलेर बस्दछन्। समूहको व्यवस्थापनका लागि प्रधानता छानिन्छ वा मानिन्छ। त्यसपछि, योग्यता र क्षमताको आधारमा धनी र गरीब गरी दुई बर्गमा बिभाजन भएका हुन्छन् । यो ‘बर्ग’ प्रणाली संसारको प्रत्येक समाज र समूहमा विद्यमान रहेको पाइन्छ। यो ‘बर्ग’को संयोजनबाट समाजको अर्थ र सामाजिक व्यवस्था चलेको

हुन्छ। स्मरण गर्नु होस्, यो दुई 'बर्ग'को बीचको दूरीमा रहेको निश्चित सिमालाई 'तरलता' भनिन्छ। तरलता भनेको 'अवसर र चुनौति' दुबै अवस्था हो। कुनै पनि मानिसले अवसरको सही उपयोग गर्न सकेमा गरीबबाट धनी पनि हुन सक्दछ। चुनौतिको सामना गर्न असफल हुनेहरू धनीबाट गरीब पनि हुन सक्दछ। सामाजिक 'तरलता'को बास्तविक अवस्था र प्रकृति पनि यही हो। यसैलाई बर्ग प्रणालि भनिन्छ।

तर, त्यस समयका अतिवादी ब्राह्मणहरूले तरलतालाई ठोस 'बर्ण'मा परिवर्तन गरेर, शुद्रले वैस्यसँग प्रतिस्पर्ध गर्न नपाउने वैस्यले क्षेत्रीयसँग प्रतिस्पर्ध गर्न नपाउने र क्षेत्रीयले ब्राह्मणसँग प्रतिस्पर्ध गर्न नपाउने ठोस 'बर्ण' व्यवस्था लागु गरिदिएका थिए। त्यसैको जगमा शासन ब्यवस्था चल्दथ्यो। शुद्रहरूले वेद पढ्न र श्रवन गर्नबाट निषेघ गरियो। महाभारत काण्डलाई हेर्ने हो भने, दानवीर कर्णको भाइलाई वेद श्रवन गरेको आरोपमा कानमा शिसा पगालेर हालिदियो! कति कठोर, निर्दयी र अमानविय शासन होला ? एउटा मानवले धर्म ग्रन्थको श्रवन गर्न नपाउने ? यस घटनाबाट प्रभावित भएर दानवीर कर्णले सामाजिक परिवर्तनको अभियान चाले। क्षेत्रीयसँग चुनौति दिन धनुष विद्या सिखे। हस्तिनापुरका राजकुमारहरूको दीक्षान्त समरोहमा अर्जुनलाई धनुष विद्यामा चुनौति दिन पुगे। तर, शुद्रले क्षेत्रीयलाई चुनौति दिन सक्दैन भन्दै आचार्य द्रोणाले हुँकार गरे। हस्तिनापुर प्रति कृतज्ञता प्रकट गरी नुनपानीको

आभार प्रकट गर्दै जागिरको जग बलियो पारे । ब्राह्मणवादको सूत्रनीति पनि यही थियो ।

राजकुमार दुर्योधन घमण्डि जरुर थियो । तर, योग्यता र क्षमताको सम्मान गर्दथ्यो । त्यसैले दीक्षान्त समरोहमा भन्यो राजकुमार अर्जुनलाई धनुष विद्यामा चुनौति दिन सक्ने यो युवक निश्चय पनि बीर योद्ध हुनुपर्छ । यदि क्षेत्रीयसँग चुनौति दिन क्षेत्रीय नै हुन आवश्यक छ भने उनलाई मित्रको सम्मान दिइ आफ्नो विशेष अधिकारमा रहेको कण देशको राजाको स्थान दिन्छु भनि, त्यही समय राज्याभिषेक गरे । दानको रुपमा प्राप्त गरेको राजाले अर्जुनसँग चुनौति दिन सक्दैन, द्रोणाचार्यले पुनः घोषणा गरे । यही प्रकरणबाट महाभारतको झिल्को सल्किन्छ । कुमार सकुनिले आवश्यक्ता अनुसार हावा दिँदै जान्छन् । समयको उत्राव चढावसँगै लक्षगृहमा पुगेर महाभारतको पहिलो आगो सल्किन्छ । महाभारतले नयाँ मोड लिन्छ ।

यसरी नै क्षेत्रीय र ब्राह्मणको अर्को प्रकरण हो, राजर्षि बिश्वमित्र र ब्रम्हार्षि गुरु वशिष्टबीचको आपसी द्वन्द्व । राजर्षि बिश्वमित्रले ब्रम्हार्षि गुरु वशिष्टको भन्दा उच्च कोटीको ज्ञान हासिल गरे तापनि ब्रह्मार्षिको उपाधी नपाए पछि नविन स्वर्गको निमार्ण गरे । यो एउटा ज्वालन्त उदाहरण मात्र थियो । पुरान वेद र उपनिषदको अध्ययन गर्ने हो भने, यस्ता कैयोन धट्ना हरूको

बारेमा जानकारी पाइन्छ । त्यस युगमा क्षेत्रीयको जतिसुकै योग्यता क्षमता भए तापनि ब्राह्मण सरह हुन नपाउने 'बर्ण' व्यवस्था थियो भने, वैश्य र शुद्रको त गिन्ति नै हुने थिएन ।

यसरी, जम्बुद्वीपको सामाजिक पद्धति र अवस्थाको शुष्म अध्ययन गरे पछि, यसबाट छुटकारा पाउनका लागि बुद्धले सामाजिक परिवर्तन आवश्यक ठाने । तर परिवर्तनका लागि चेतनाको बिकास अनिवार्य थियो । त्यसैले, बुद्धले बिभिन्न समयमा बिभिन्न प्रसँग र अर्थमा उपदेश दिदै महाअभियान आरम्भ गर्नु भयो ।

यो महाअभियानको तरंगबाट अतिबादी ब्राह्मणहरूले आफ्नो अस्तित्वमा संकट आउन सक्ने भएका कारण शाक्यमुनि गौतम बुद्धलाई महाक्रान्तिकारी भन्न थाल्यो । यस अर्थमा बिश्लेषण गरी हेर्दा, आतंकवादीहरूले जस्तै हतियार उठाएर वा नरसंहार गरेर मात्र क्रान्ति सम्पन्न हुन्छ भन्ने मान्यता हुँदैन । समाजिक परिवर्तनका लागि बैचारिक क्रान्ति सर्वोपरि हुन्छ । बैचारिक क्रान्ति भनेको अज्ञानता माथि ज्ञानको बिजय, आँधेरोमा उज्यालो दिनु र मनोवैज्ञानिक उपचारको बिधि तथागत बुद्धको गुण स्वभाव र उत्कृष्ट बिशिष्ठता थियो ।

अर्थात त्यस समयको सन्दर्भमा समाजिक परिवर्तनका लागि आधारशिला तयार गर्नु हो । हजारौं वर्षदेखि चलि आएको बिभेद र असमान व्यवस्थामा बाँधिएको सामाजिक


मुल्य र मान्यतालाई 'बर्ण'बाट 'बर्ग'मा परिवर्तन गर्नु थियो । यसका लागि समाजमा अछुत भनिने शुद्रहरूलाई भिक्षु संघमा प्रवर्जित गराएर 'बर्ण' व्यस्थाको जरा उखाल्ने अभियान चाल्नु भयो। जस्मा सर्वप्रथम उपाली, सोपक, सुप्पिय, सुमंगल, सुप्रबुद्ध आदि बोधि साहित्यमा अग्रस्थानमा लिइन्छ। यस बाहेक पनि बुद्ध शासनमा सयौँ शुद्रहरू प्रवर्जित भएका थिए।

यस बाहेक महिलाहरूलाई पनि संघमा प्रवज्य दिनु भयो। सर्वप्रथम उनकी सानी आमा रानी प्रजापती र यशोधरा देवीका साथमा अन्य शाक्य महिलाहरूलाई पनि प्रवज्य दिएर महिला र पुरुषकोबीचमा समानताको अधिकार दिनु भयो। यो अभियानबाट 'बर्ण' व्यस्वथामा आधारित अतिवादी ब्राह्मणहरूद्वारा सञ्चालित अतिवादी ब्राह्मण धर्मको जग नराम्रोसँग हल्लियो।

तथागत शाक्यमुनि गौतम बुद्धलाई उपासकहरू र उपासि काहरूले अत्यन्तै श्रद्धाकासाथ पूजा गर्दछन्। त्यसैले प्रत्येक आस्थवान बौद्धमार्गीहरूले उनको प्राज्ञिक बिशेषताको बारेमा पनि जानकारी हुन आवश्यक छ। उनको प्राज्ञिक बिशेषताको बारेमा भन्नु पर्दा, उनको प्राज्ञिक स्तर आफ्नै अनुभवबाट प्राप्त मौलिक एवं उच्च कोटीको थियो। उनले प्राप्त गरेको ज्ञान सत्यको आधारमा आधारित थियो। वेद, उपनिषद, पुरान र मनुष्मृतिको जस्तो अत्यन्तै परम्पारिक थिएन। उनको उपदेश

पूर्णरुपमा अनुभवमा आधारित थियो । प्रत्यक्ष रुपमा परीक्षण गर्न सक्ने बैज्ञानिक आधारमा थियो ।

गौतम बुद्धको बारेमा राम्रोसँग बुझ्नु पर्ने कुरा के छ भने उनी दार्शनिक होइन, दृष्टा थिए । दार्शनिक त्यो हो जसले सोच बिचार गर्दछ । दृष्टा त्यो हो, जसले स्वयं देख्छ । सोच बिचार गर्नाले मात्र दृष्टि प्राप्त हुँदैन । सोच बिचार गर्ने काम अज्ञातको काम पनि होइन । तर, जसको बारेमा जानकारीनै छैन, त्यसको बारेमा सोच्ने पनि कसरी ? सोच बिचार गर्ने काम त, ज्ञानको परिभ्रमण र सम्भावनाहरूलाई नापतौल गर्ने बाटोमात्र हो ।



यो विषयमा स्पष्ट हुन जरुरी छ कि, सत्य अज्ञात छ । यस्तै अज्ञात छ, जस्तैः अन्धोलाई प्रकाशको बारेमा अज्ञात छ । अन्धो मानिसले हजार चोटी सोचे पनि प्रकाशको बारेमा जान्न सक्दैन ? आँखाको चिकित्सा हुनुपर्छ । आँखा खुल्नु पर्छ । अन्धो, जबतक दृष्टा बन्दैन तबतक उनलाई बास्तविक सार हातमा लाग्दैन ।

पहिलो कुरा, बुद्धको बारेमा स्मरण राख्नु कि, उनको जोड दृष्टा बन्नेमा थियो। वहाँ स्वयं दृष्टा थिए। यो पनि चाहनु हुन्न कि मानिसहरू दर्शनको सागरमा चुर्लुम्म डुबोस्। किनभने दर्शनमा डुबेको कारण नै मानिसहरूले सही अर्थमा दृष्टि उपलब्ध गर्न सकेनन्। यो दर्शनको नकारात्मक पक्ष हो। यो कुरा मान्नोस वा नमान्नोस, यदि मानिसलाई प्रकाशको धारणा सजिलैसँग प्राप्त भयो भने आँखाको महंगो उपचार कस्ले गर्ने ? सस्तो र सजिलोसँग सिद्धान्त प्राप्त भयो भने, सत्यलाई कसले खोज्ने ? किनभने चिकित्सा कठिन र पिडादायक पनि छ। बुद्धले बारबार भन्नु भएको छ, म चिकित्सक हुँ। उनको सूत्रलाई सम्भनाका लागि याद राख्नु होस, बुद्ध कुनै सिद्धान्त र दर्शनको प्रतिपाद गरिरहनु भएको थिएन। वहाँ त उनीहरूलाई बोलाइरहनु भएको छ, जो अन्धो छन्। तर भित्रको प्रकाशलाई हेर्नका लागि इच्छुक छन्। जो मानिसहरू बुद्धको सत्सगंमा आए, उनीहरूलाई ध्यान तिर इंगित गरे। किनभने, ध्यानबाट मात्र भित्रको आँखा खुल्दछ। बिचारमा परिपूर्ण भएका मानिसहरू दृष्टिबिहिन हुन्छन्।

जब मानिसमा बिचार गहन हुँदै जान्छ, तब देख्नु असंभाव हुँदै जान्छ। मानिस फेरी त्यही देख्छ, जो उनको दृष्टिमा हुन्छ। जो बास्तविकता छ, त्यसलाई देख्न सक्दैन। जो बास्तविक रुपमा विद्यमान छ। त्यसलाई सही अवस्थामा हेर्ने हो भने, सबै दृष्टिहरूबाट मुक्त हुनुपर्छ। यो बिरोधाभाषलाई ध्यानमा राख्नु

आवश्यक छ । दृष्टि पाउनका लागि सबै दृष्टिहरूबाट मुक्त हुनुपर्छ। जसको कुनै दृष्टि छैन, दर्शनशास्त्र पनि छैन भने, उनैले मात्र विद्यमान अवस्थमा रहेका बास्तविकतालाई स्पष्ट रुपमा देख्न सक्दछन् ।

जो मानिसहरू बुद्धको सत्सगंमा आए, उनीहरूलाई ध्यानतिर इंगित गरे । किनभने, ध्यानबाट मात्र भित्रको आँखा खुल्दछ । किनभने बिचारमा परिपूर्ण भएका मानिसहरू दृष्टिबिहिन हुन्छन् बुद्धले भनेका छन् । अब हामीले बुझ्नु पर्ने कुरा के छ भने, ध्यान भावना वा बिपासना के हो ? यसबाट के फायदा हुन्छ ? भन्ने बारेमा पनि छोटो चर्चा गरौं ।

ध्यान, भावना वा बिपासनाको साधना गर्ने तरिकाहरू अनेकौं छन् । यसलाई तथागत बुद्धले प्रतिपादन गरेको होइन। उनले त सनातनदेखि चलिआएको उत्तम प्रणालिहरूलाई आफैले साधना गरी मानव जीवनलाई उपयुत्त हुनेलाई मात्र सर्वसाधरणलाई अभ्यासमा ल्याएका हुन् ।

बास्तवमा ध्यान वा बिपासना भनेको हाम्रो मन भित्र उत्पन्न हुने सुखद र दुःखत संवेदनाहरूलाई शुष्म रुपमा निरीक्षण गर्दै इन्द्रियहरूलाई नियन्त्रण गर्ने, मन एकाग्रह गर्ने, भरपर्दो साधना हो । बिपासना र समथालाई बिभिन्न तरिकाबाट अभ्यास गर्न सकिन्छ । जस्तैः आनापानसति, संवेदनोत्पति, कायनुपश्यना चित्तानुपश्यना आदि हुन् ।

दोस्रो कुरा, गौतम बुद्ध पारम्परिक होइन, मौलिक थियो । गौतम बुद्ध कुनै परम्पराको चर्चा परिर्चा गर्दैनथे । उनी यसो भन्नु हुन्न कि, अतीतको ऋषिहरूले यसो भन्नु भएको थियो । त्यसैले मान्नु पर्छ । वेदमा यस्तो लेखिएको छ त्यसैले मान्नु पर्छ । यो पनि भन्नु हुन्न कि म भन्छु, त्यसैले मान्नु पर्छ । उनी भन्दथे कि जबतक तिमी स्वयैले जान्दैन र अनुभव हुँदैन, तबतक मान्नु आवश्यक छैन । उधारो श्रद्धाबाट कुनै लाभ हुँदैन । यसलाई अजमाएर हेर्नु । यो कुरा ध्रुब सत्य हो ।

आफ्नो जीवनलाई खोजमा लगाउनु । जबसम्म तिमी स्वयैले जान्दैन र बुझ्दैन मान्ने कुरामा कत्ति पनि भरोसा नगर्नु । उधारोमा काम नगर्नु । अन्यथ मान्दा मान्दै जीवनको सम्पूर्ण उर्जा समाप्त हुनेछ । मान्दा मान्दै लाखौं मानिसहरू अस्तायो । उनले कहिल्यै पनि भनेन कि, म जो भन्छु, त्यो नै ठिक हो । त्यही अनुसार हुनुपर्छ । त्यही अनुसार मान्नु पर्छ । उनले यति मात्र भन्यो कि, मैले यस्तो देखेँ–

यसलाई परिकल्पनाको रुपमा लियो भने पनि पर्यप्त हुन्छ । परिकल्पनाको अर्थ हुन्छ हाइपोथेसिस् । जस्तो कि मैले भन्यो भित्र आउनु होस् । भवनमा दियो बलिरहेको छ । मान्नै पर्ने कुरा छैन कि, भवनमा दियो बलिरहेको छ । यसमा कुनै बिश्वास र श्रद्धा गर्नु पर्ने कुरा पनि छैन । भित्र आउनु होस्, दियो बलिरहेको छ, आफै हेर्नु । तिमी मान्दै आउ वा नमान्दै आउ,

दियो बलिरहेको छ। तिमीले नमानेर दियो बुझिहाल्ने र मानेर बलि हाल्ने होइन ? त्यसकारण, बुद्ध भन्नु हुन्थ्यो कि तिमी मेरो निमन्त्रणा मात्र स्वीकार गर। यो भवनमा दियो बलिरहेको छ भित्र आउ। यो तिम्रो आफ्नै अन्तरात्माको भवन हो। जहाँ तिमी आफैले भवसागरको बास्तबिकतालाई प्रत्यक्ष रुपमा देख्न सक्छ। देखे पछि मात्र अनुभव गर्न सकिन्छ।

यो भौतिक जगतमा भएका बस्तुहरूलाई जो हामीहरू सधै देख्छौं, त्यसलाई त मान्ने कुरै भएन। जस्तैः मानिस हट, बजार नगर, गाउँ, घर, रुख, खेत, जमिन, गाई, भैसी, भेडा, बाख्रा पहाड, नदी, नाला, चन्द्र, सूर्य, तारा र नक्षेत्र आदि आदि। हामीहरू त त्यो बस्तुलाई मात्र मान्छौं, जो हामीले देख्न सक्दैनौं। जस्तैः स्वर्ग, नर्ग, समाधि, निर्वाण र मोक्ष आदि। बुद्धले भन्नु भयो, मेरो कुरामा भरोसा गर्नु पर्ने आवश्यक छैन। तर, मेरो निमन्त्रणा स्वीकार गर्नु। विद्वानलाई त्यही काफी छ, तथागतको सबैलाई यही अनुरोध थियो।

एउटा बैज्ञानिक भन्नु हुन्छ, १०० डिग्रिको तापक्रममा पानी तताउनु। पानि बाफ भएर आफै उठछ। यो परिकल्पनालाई मान्नु वा नमान्नु केही फरक पर्दैन। आफै प्रयोग गरेर हेर। प्रयोग गरेर हेर्ने तरिका नै परिकल्पना हो। यस अर्थमा बुद्ध परम्पारिक होइन, मौलिक थिए। किनभने, बिचारको परम्परा हुन्छ। दृष्टिको मौलिकता हुन्छ। बिचार अतीतको हुन्छ। दृष्टि

बर्तमानमा हुन्छ। बिचार अरुको हुन्छ। दृष्टि आफ्नो हुन्छ। यो कुरा बुद्धले बारम्बार दोहोराएर स्पष्ट गराउने प्रयास गर्यो।

तेस्रो कुरा, गौतम बुद्ध शास्त्रिय होइन, पण्डित होइन बैज्ञानिक थिए। बुद्धले धर्मलाई प्रथम पटक बैज्ञानिक प्रतिष्ठ दिएर बिज्ञानको सिँहसनमा राख्नु भयो। यस भन्दा पहिले धर्म अन्धविश्वास थियो। बुद्धले यसलाई महत्त्वपूर्ण गरिमा दियो। धर्म त जीवनको सत्य हो। धर्म त साश्वात र सनातन हो। जब आँखा खुल्छ, तब यसलाई देख्न सकिन्छ। किनभने, यो धर्म त तिम्रो स्वभाव हो। तिमी भित्रै अविराल बगिरहेको छ। यसलाई खोज्नका लागि आकासतिर आँखा उठाउनु पर्ने आश्यक छैन। आफै भित्र खोज्नु पर्छ। यो तिमी र तिम्रो नियति हो। आचरण र स्वभाव हो। एकक्षण पनि यसबाट अलग भएको छैन। मात्र बिस्मरण भएको छ। बुद्धले त सिर्फ चेतनाको सिँडि कसरी निर्माण गर्न सकिन्छ ? त्यसैको बारेमा चर्चा गर्नु भयो।

त्यसैले, ज जसले बुद्धको संगत गर्नु भयो, उनीहरू सबैले उनको कुरालाई निर्वाद रुपमा स्वीकार गर्यो। यो अपूर्व क्रान्ति थियो। त्यसैले, प्रत्येक काल खण्डका आचर्यहरूले यही कुरालाई दोहोराउदै तेहराउदै आउनु भयो। आजको २१औं शताब्दीमा पनि त्यही कुरा सान्दर्भिक देखिन्छ।

गौतम बुद्ध मनुष्य जातिको इतिहासमा नीलको पत्थर थियो। नीलको पत्थरको अर्थ हुन्छ, मनुष्य जाति त्यो अवस्थामा

रहँदैन जहाँ थियो। सबै बदलिन्छ। परिवर्तन हुन्छ। रुपान्तरित हुन्छ। बुद्धले मनुष्य जातिको लागि एउटा नविन दृष्टि, सरल मार्ग मौलिक बिचार र नयाँ आकास खोलि दिनु भयो। बुद्धको साथ धर्ममा अन्धविश्वास रहेन। यो कदमले धर्मको क्षेत्रमा ठुलो फड्को मार्यो। यही कुराको परिवर्तनका लागि सामाजिक क्रान्ति थियो। यसैले बुद्धको क्रान्तिमा बिशिष्ठता थप्यो।


नास्तिकहरू भन्ने गर्दछन् कि शंका उपशंकहरू छन्। तर बुद्ध भन्नु हुन्छ, शंका र उपशंकहरूबाटै त खोज र अनुसन्धान शुरु हुन्छ। त्यसैले, शंकालाई न त्याग्नु। मानिसको साथमा जति बिशाल दृष्टि हुन्छ, सबैको अनुभाव गर्न चाहन्छन्। सिर्फ छुद्र दृष्टिको मानिसले मात्र काट्न खोज्दछ। छुद्र दृष्टिको मानिसहरूले भन्छन् कि शंका होइन श्रद्धा चाहिन्छ। शंकालाई काट्नु पर्छ भन्छन्। यहीनिर कुरा बट्टारिएको छ। किनभने, शंका पनि त जीवन कै अभिन्न अंग हो। यसलाई काट्यो भने अपांग हुन सक्दछ। त्यसैले शंकाको रपान्तरण गर्नु पर्छ, खण्डन होइन। शंकालाई श्रद्धामा रुपान्तरण गर्न सक्ने नविन प्रकृयालाई खोज्नु पर्छ। यस्तो हुन पर्यो कि, हामीहरूसँग भएको नराम्रो बस्तुहरू पनि अमुल्य हिरा मोतीमा परिवर्तन हुन सकोस्। रुपान्तरण हुन सकोस्। यसबाट जीवनमा सुगन्धको कमल फुल्न सकोस्।

उपरोक्त भनाइबाट नास्तिकहरूलाई पनि ढोका खुल्यो। किनभने नास्तिकहरू भन्छन्, यो सास्वात छैन। बुद्धले भन्नु

भयो यो सास्वात छ वा छैन यसको कुरा छोड्नु होस् । तपाइँको साथमा जे जति छ, त्यसैबाट सास्वातको दर्शन भयो भने फेरी मान्ने वा नमान्नेको कुरै हुँदैन । तिमी स्वयैले अनुभव गर्नेछौ ।

यस अर्थमा हेर्दा, बुद्धले नास्तिकहरूलाई पनि धार्मिक बनाउने महत्त्वकांक्षी कार्य पुरा गर्नु भयो । अर्थात बुद्ध दर्शनको गहिराइलाई राम्रोसँग बुझ्न सक्ने सबै आचार्यहरू नास्तिक थिए । किनभने नास्तिकहरूको केन्द्र बिन्दु भनेको शून्यवाद हो । त्यही शून्यताबाट नविन मार्ग आरम्भ हुन्छ । बुद्धदर्शनको सम्पूर्ण केन्द्र नै शून्यवाद हो । यहीबाट सम्पूर्ण सृष्टि आरम्भ हुन्छ ।

साधारणतय साधु सन्यासीहरूको संगतमा जड, हठी रुढि, अल्पज्ञानी र अहंकारीहरू नै बढि आकर्षण हुने गर्दछन् । तर बुद्धको संगतमा जो मानिसहरू आकर्षित भए, उनीहरू बडो बुद्धिमानी थिए । उनले मनुष्य जातिको उत्कृष्ट र श्रेष्ठतम् सम्भावनाहरूको आकर्षण गर्यो । त्यसैले, बुद्धको संगतमा चैतन्यका नामी विद्वानहरूको जमघट भयो । यस्तो मानिसहरू थिए, जो धर्मलाई अन्य कुनै तरिकाले मान्नै सक्दैनथ्यो । उनको साथमा प्रज्जवलित तर्क थियो । बुद्धको पछि यति धेरै दर्शन शास्त्रको सूत्रपात भयो कि इतिहासमा कुनै पनि मानिसको पछि हुन सकेन । यो कुरा घाम जस्तै सत्य हो ।



चौथो कुरा, बुद्ध अतीवादी होइन, अत्यन्तै व्यवहारिक थिए । उनले सबभन्दा बढि उचाइ लियो । तर, यथार्तको जमिनलाई कहिल्यै छोडेन । जरा जमिनमै जमाएर राख्यो । बुद्धले एउटा चैत्य बनायो । जसमा जग पनि छ शिखर पनि छ । चैत्यमा यर्थातको स्वर्ण गजुर पनि छ । किनभने जसको खुट्टा जमिनमा राम्रोसँग टेकेको हुन्छ, उसले सजिलैसँग उचाइलाई छुन सक्दछ । जस्तैः रुखको जरा जमिनमा राम्रोसँग फैलिएको छ भने, त्यो रुखले राम्रो उचाइ लिन सक्दछ । उचाइ लिइसके पछि ऋतु पनि आउँछ । फूल पनि फुल्छ । फूल फुले पछि स्वभाव अनुसार फल पनि फल्छ । यो उनको प्रकृति हो । ऋतु अनुसार भएरै छाड्छ । यो त प्रकृति हो ।

पाँचौ कुरा, बुद्ध रुढिवादी होइन, पूर्ण रुपमा मानव बादी थिए। जस्तैः सिद्धान्त मानिसको लागि हो, मानिस सिद्धान्तका लागि होइन। सिद्धान्तको अर्थ हो, मानिसको सेवामा समर्पित हुनु। मौलिक रुपले उनको ध्यान मानिसको कल्याणमा थियो। मानिस परम्, चरम् र मापदण्ड थियो। सबै कुरा मानिसका लागि उपयोग गरेर हेर्नु हुन्थ्यो। त्यसैले तथागत बुद्ध दार्शनिक होइन अधूनिक बैज्ञानिक थिए।

त्यसैले, उनले भनेका सबै सूत्रहरू बैज्ञानिक मान्यतामा आधारित रहेका छन्। यसलाई प्रत्येक दृष्टिकोणबाट प्रमाणित गर्न सकिन्छ। तुलना गर्न सकिन्छ। बिभिन्न तरिकाले नाप्न र तौल्न सकिन्छ। बुद्ध दर्शनमा लेखिएका कुनै पनि कुराहरू तथ्यहिन, भ्रमक र कपोल कल्पित लागेमा सतप्रतिशत त्यो बुद्धदर्शन होइन। यसमा कुनै शंका गर्नु पर्ने गुन्जाइस छैन। तर अनुवादको क्रममा आचार्यवाद हावि हुन्छ, भन्ने कुरा राम्रोसँग हेक्का राख्नु होला। भन्न खोजेको कुरा के हो भने, त्यो आचार्य कुन मतको हो ? कुन स्कुलबाट दीक्षान्त भएका हुन्। किनभने सनातनदेखि चलिआएको प्रत्येक मतमा आचार्यवादको बलियो प्रभाव रहेका हुन्छन्। त्यसैले बुद्ध दर्शनलाई ‘प्रतित्यसमुत्पाद’ (Cosmology) भनिएको हो। जो पूर्णरुपमा प्राकृतिक र मौलिक छन्। प्राकृतिक र मौलिक भन्नुनै आचार्यवाद हुन्।

## २७. तथागत बुद्धको शारीरिक बिशेषताः

आदरणीय बौद्धमार्गी उपासकहरू तथा उपासिकाहरू, यस अध्यायमा तथागत शाक्यमुनि सिद्धार्थ गौतम बुद्धको बारेमा हामीले गरेको अध्ययन, अनुसन्धान र प्राप्त भएको जानकारी अनुसार उनको शारीरिक बनावटको बारेमा चर्चा गर्नेछौ । हामीले चर्चा गरेको बिषय बस्तुहरूमा रहेका कमिकमजोरीलाई विद्वान पाठकहरूको उत्कृष्ट राय, प्रतिकृया, सल्लाह र सुझाव अनुसार अगामी अंकहरूमा थपघट गर्दै जाने कुरा यहाँहरूलाई बिश्वास दिलाउन चाहन्छु ।

यो ग्रन्थ बुद्धजीवनी भएकोले बुद्धको जन्मदेखि मृत्यसम्मका घटनाक्रमहरूलाई क्रमिक रुपमा समावेश गर्ने प्रयास भैरहेको छ । किनभने बुद्ध धर्ममा आस्था राख्ने सबै बौद्धमार्गीहरूले बुद्धको जीवनी, उनको प्राज्ञिक एवं बौद्धिक बिशिष्टता र शारीरिक बनावटको बारेमा साधरण जानकारी राख्न आवश्यक हुन्छ ।

त्यसैले यस अध्यायमा बुद्धको कपाल, आँखा, कान, नाक दाँत हात र खुट्टामा के कस्तो चिन्हरू अंकित रहेका छन् । यस बारेमा बिस्तारमा चर्चा गर्नेछौं ।

बुद्धको कपाल, आँखा, नाक, कान र छातिको भागलाई राम्रो सँग नियलेर हेर्नुहोस् त ? बुद्धको अवस्थामा साधरण

मानिसको भन्दा कस्तो फरक देख्नु हुन्छ ? उनको कानले घाँटी छोएको हुन्छ। यो अवस्था असाधरण हो।



शाक्यमुनि गौतम बुद्धको टाउकोमा फलामको बाक्लो हेलमेट लगाएको जस्तो देखिन्छ । यो हेलमेट माथि सानोसानो गोलो आकारमा चुच्चो परेको धारिलो काँडा पनि देखिन्छ। यस्तो अवस्था के हो ? के कारणले भएको हो ? यस बारेमा संक्षिप्त रुपमा जानकारी गराइने छ।

शाक्यमुनि गौतमले बैसाख पूर्णिमाको् दिन भिक्षुत्व ग्रहण गरी गृह त्याग गरे। उनले कपिलबस्तु राज्यको अन्तिम सीमानामा रहेको अनोमा नदीको किनारमा कपाल मुण्डन गरेका थिए। बुद्धबंशको अट्ठकथाले के भन्छ भने, त्यस पछि बुद्धले कहिले पनि कपाल मुण्डन गरेनन्। उनले बुद्धगयामा बोधि लाभ गरे पछि शितलताको लागि शिरमा १०८ शेलकिराहरूले अलौकिक रुपमा बास गरेका हुन भन्ने भनाइ रहेको छ। शेलकिरा भन्नाले एक किसिमको चिप्लेकिरा जस्तो हुन्छ। जस्को आकार सानो शंखकिरा जस्तो देखिन्छ। यो किरा अक्सर गर्मी याममा बढि देखिन्छ। गर्मी याममा यसलाई शिरमा राख्यो भने, शितलता

प्रदान गर्छ भन्ने सामाजिक मान्यता पनि रहेको छ। सम्भावत यही शंख किरालाई शितलताको लागि बुद्धले उपयोग गरेको हुन सक्ने बलियो सम्भावना रहेको पाइन्छ। उनको शिरमा शंखाकिरा कसरी आयो ? यस बारेमा त्रिपिटकमा कही कतै केही उल्लेख भएको पाइँदैन।

दोश्रो कुरा, बुद्धको कान साधारण मानिसहरूको कान भन्दा धेरै लामो देखिन्छ। शास्त्रमा महामानवहरूको कान औसत रुपमा लामै हुन्छन् भन्ने कुरा उल्लेख भएको पाइन्छ। तर, यतिका धेरै लामो कानको आवश्यकता किन पर्यो ? अर्थात लामो कानमा केही बिशेष्ता लुकेको पो हुन्छ कि ? अर्थात कलाकारहरूले यसलाई बिशेष पहिचानको रुपमा लामो पो बनाएका हुन कि ? यस बारेमा पनि त्रिपिटकमा केही उल्लेख भएको पाइँदैन।

तथागत गौतम बुद्धको दाँत ३२ बत्तिसवटा थियो भन्ने कुरा बुद्धबंशको दन्तधातु कथाले स्पष्ट रुपमा उल्लेख गरेको छ। मानव समुदायमा के भन्ने गरेको पाइन्छ भने ३२वटा दाँता भएको मानिले जे बोले पनि पुग्छ वा प्राप्त हुन्छ भन्ने भन्ने श्रृति परम्परा रहेको पाइन्छ।

भौतिकवादी सिद्धान्तको आधारमा बिकास भएको दन्त शास्त्रले पनि मानवको दन्तहरू २८ देखि ३० वटासम्म हुन्छन्। तर, कसै कसैको मात्र ३२ वटा हुन्छन्। यो अवस्था एकदमै बिरलै मात्रमा हुन्छन् भनेका छन्। त्यसैले बुद्धको वाणिमा स्पष्तता मृदुभाषी दूरदर्शीता रहेको थियो। तथागत बुद्धले बोले पछि अचुक नै हुन्थ्यो।

गौतम बुद्धको आँखामा शान्ति थियो। नाकमा आनापाना सतिको बिपासना ध्यान थियो । ओठमा करुणाको मुस्काण थियो । अर्थात समग्र रुपमा बुद्धको मुहारमा शितलताको चन्द्रमा थियो । त्यसैले हत्यरा अंगुलिमालाले पनि बुद्धलाई प्रहार गर्न सकेन। अन्तमा बुद्धको शरणमा आएर अहर्तत्व प्राप्त गरे। उनी अहिंसकबाट क्रुर हत्यारा बने। तथागतको दर्शन पछि हत्याराबाट पुनः अहिंसक बने। रुपान्तरण भनेको यही हो।





शाक्यमुनि सिद्धार्थ गौतम बुद्धको पैतला बिशेष आकारमा ठुलो थियो । उनको पाउमा असाधरण चिन्ह थियो । दाहिने पौतलामा दाहिने शंखको चिन्ह र बाया पैतलमा कमलको चिन्ह सहित महाप्रज्ञापारमिता थियो । त्यसैले उनले एक पटक सुने पछि नबिर्सने र उनको पाउले टेकेको भूमिमा शान्ति र समृद्धि हुन्छ भन्ने कुरा त्रिपिटकको खुद्दक निकायको अट्ठकथामा उल्लेख भएको पाइन्छ।

## २८. तथागत बुद्धको महापरिनिर्वाणः

'तथागतले बैशालीमा बिहार गरिरहँदा, यसो भने'
'भिक्षु आनन्द ...' तथागत एकछिन मौन बसे ।

तथागतले तत्काल केही नभने पछि आनन्दले तथागतको मुहारमा पुलुक्क हेरे । उनको मुहारमा प्रकाशको किरणहरू छिनछिनमा उदाउने र अस्ताउने भैरहेको थियो । हर्ष र बिस्मतका संकेतहरू पनि एकैसाथ आउने र जाने भैरहेको थियो । यस्तो अवस्था पहिलो पटक देखिएकोले आनन्द एकदमै दुबिधामा परे । तत्काल केही भन्न सकेनन् ।

'आनन्द, तिमीले के सोँचिरहेको छ,' बुद्धले सोध्यो ।
'भन्ते ... भन्ते ...' आनन्द फेरी चुप भयो ... ।

'हे आनन्द,' यो भव सागरमा उत्पन्न भएका सबै प्राणीहरू र बस्तुहरू अनित्य छन् । यसमा तिमी र म पनि हो । आज बिहान सबेरै म साधना सकेर बसिरहेको अवस्थामा स्वयं काल आएर मेरो भोगको काल समाप्त भयो भनेर स्पष्ट संकेत दिन आए । मैले उनलाई सय दिनको समय माँगेको छु । अर्थात अब मेरो भोग सय दिन मात्र बाँकी छ, तथागतले भन्यो ।

'तथागतको कुरा सुनेर भिक्षु आनन्द दुःखि भए ।'

'हे आनन्द,' मेरो कुरा सुनेर दुःखि हुनु पर्ने कुनै कारण छैन। किनभने, तिमी पनि त अनित्य छौं। मानिसको जन्म भए पछि एकदिन मृत्यु हुने त शास्वत सत्य हो। यसमा कसैको दुई मत हुनै सक्दैन। हाँ, फरक यति मात्र हो कि, अल्पायु, मध्यायु र दीर्घायु। को कहाँ कहिले, कस्तो अवस्थामा कसरी उनको मृत्यु हुन्छ ? त्यो उनको कर्म भोगले निर्धारण गर्दछ। यसको ज्वालन्त उदाहरण भिक्षु देवदत्त हुन्। उनले युवा अवस्थादेखि मुत्यु हुने समयसम्म मसँग प्रतिशोध साँध्न खोजे। तर, मैले उनलाई सधै करुणा दिए ! करुणाको साथमा प्रेम, प्रज्ञा र त्याग पनि दिए। तर, उनले त्यसलाई चिन्न सकेन ! तीन दशक भिक्षुको उपासना गरेर पनि अहर्त प्राप्त गर्न सकेन ! उनले प्राप्त गरेको मार्गमा नयाँ जातक हुने छन्। त्यो जातकमा स्मृति र प्रज्ञाको अवस्था कस्तो रहन्छ ? त्यसैमा उनको जातकले स्वरुप लिने छन्।

मनोपुब्बंगमा धम्मा, मनोसेठा मनोमय  
मनसा चे पदुटेन, भासति वा करोति वा  
ततोनं दुक्खमन्वेति, चक्कं व वहतो पदं ॥१॥

अर्थात मन नै सबै प्रबृतिहरूको प्रधान हो। सबै कुरा मनबाटै उत्पन्न हुन्छ। यदि कसैले दुषित मनले केही कुरा बोल्छ, भन्छ वा कुकर्म गर्छ भने त्यस्तालाई लडियाको पाङ्ग्राले गोरुको खुट्टालाई पछ्याए भैं दुःखले सधै अनुसरण गरिरहन्छ।

जातकको कुरा साधरण मानिसका लागि जटिल विषय हो। यो जटिल विषय तत्वज्ञान भन्दा धेरै पर छ। सबैले बुझ्न सक्दैनन्। त्यसैले, दुःखि हुन्छन्। जसरी अहिले तिमी दुःखि

भएको छ। तिमीले त अहर्त प्राप्त गरिसकेको छ। किन दुःखि हुन्छौं ? केही दिन अगाडि तिमीले सोधेको प्रश्नहरू पुनः स्मरण गराउन चाहन्छु। यो प्रश्न अत्यन्तै महत्त्वपूर्ण छ।

'त्यो दिन मैले यसो भनेको थिए ... ।'
'ईश्वर छ, ईश्वर छैन, ईश्वर छ वा छैन थाहा छैन ।'
इतिहासदेखि बर्तमानसम्म चलिआएका सबै धार्मिक सम्प्र-

दायहरूले आ-आफ्नै मत अनुसार सिद्धान्त प्रकट गरेका छन् । त्यही मतको प्रभाव समाज र समूहमा जिवित रहेका छन् । मैले ईश्वरको अस्तित्व कहाँ छ ? भनेर पटक पटक ठाउँ ठाउँमा उपदेश दिइसकेको छु । तर, पनि मानिसहरूले त्यही प्रश्न पुनः दोहोऱ्याउन चाहन्छन् । किनभने, मानिसको मन यति कोमल र मुलयम हुन्छ कि एक पटक बसिसकेको छाप पुनः मिटाउन कठिन हुन्छ । तुरुन्तै परिवर्तन सक्दैन । यही छापको नाम हो आस्था र विश्वास । यो हतपत परिवर्तन हुँदैन । भए पनि लामो समय लाग्छ। आफैलाई रुपान्तरण गर्न समय लाग्छ। यो मानविय स्वभाव हो ।

मैले प्रतिपादन गरेको बुद्ध धर्मले अरुको मतलाई त्यागेर बुद्ध धर्मलाई अपनाउ भनेको छैन । आस्थालाई नमान भनेको छैन । तर, जुन मतमा आस्था राखिन्छ त्यो मतको बारेमा राम्रोसँग जानेर, बुझेर, सुनेर, चिन्तन, मनन र बिश्लेषण गरेर मात्र स्वीकार गर्नु भनेको हो । किनभने पहेलो रंगको सबै बस्तुहरू सुन हुन सक्दैन । यदि त्यो बस्तुमा सुनको कणहरू छन् भने पनि त्यसलाई केलाएर खारेर मात्र शुद्ध सुन बनाउन सकिन्छ।

विद्यमान समाजमा पनि 'ईश्वर छ, ईश्वर छैन, ईश्वर छ वा छैन थाहा छैन ।' यही दुबिधाभास तर्क बितर्कमा सम्पूर्ण समाज अल्मलिएका छन् । अन्धबिश्वासमा जकडिएका समाजलाई चिकित्सा गर्नु पर्छ ।

त्यसैले, 'अपोदिपाभव' अर्थात आफ्नो दिपक आफै बन्नु । कसैमा पनि आँखा चिम्लेर भरोसा नगर्नु । आज म छु तिमी मेरो साथमा छ । तर, सय दिन पछि म हुँदैन । अझै पनि केही शंकाहरू छन् भने, सोध्ने समय छ । अब मैले निर्वाण प्रशस्त गरिसकेको छु । अब, त्यो ग्रहण गर्नु पर्छ, बुद्धले उपदेश दिए ।

'यो निर्वाण भनेको के हो ?' आनन्दले दोहोरायो ।



यो निर्वाण भनेको जिवित अवस्थामा हुँदै सम्पूर्ण भाव र क्लेशबाट मुक्त हुनु हो । अर्थात क्लेश वा तृष्णाबाट मुक्त

भए पछि मात्र मन शान्त हुन्छ । शान्त भए पछि स्थिर हुन्छ । मनस्थिर भए पछि ध्यान मार्ग प्रशस्त हुन्छ । ध्यान मार्ग प्रशस्त भए पछि समाधिमा जान सरल हुन्छ । त्यही सरल मार्गबाट महापरिनिर्वाण प्राप्त गर्ने छन् । अहर्त, बोधिसत्व, महासत्व कल्याणमित्र र कम्तिमा पनि श्रोतापति फल प्राप्त गरेका उपासक, उपासिकाहरूले पनि परिनिर्वाण प्राप्त गर्न सक्नेछन् । यसैगरी, गृहस्तिहरूको हकमा भने शील पालना गरेको तर निर्वाण मार्ग प्रशस्त गरी नसकेका अवस्थामा स्मृति सहित देहत्याग गर्न सकेमा कम्तिमा पनि तीन जातक पार गरे पछि प्रत्येक जातकमा एक एकवटा पारमिता पार गर्न सकेमा परिनिर्वाण प्राप्त गर्न सक्ने छन् । तर, बुद्धहरूले भने महापरिनिर्वाण प्राप्त गर्ने छन् । म भन्दा पहिलेका बुद्धहरूले पनि महापरिनिर्वाण प्राप्त गरेका थिए । भविष्यको मैत्री बुद्धले पनि महापरिनिर्वाण प्राप्त गर्ने छन् ।

'आनन्द,' यो मेरो भौतिक शरीर पुरानो यन्त्रझै जरजर भैसकेको छ । यसलाई त्याग्ने लायक भैसकेको छ । भिक्षु महासंघलाई कुशी नगरतिर प्रस्थान गर्न सूचना गर्नु । भोलिदेखि हाम्रो यात्रा त्यतैतिर उन्मुख रहनेछ, बुद्धले बिस्तारै भन्यो । एकछिन पछि लामो साँस तान्यो अनि ध्यानमा लिन हुनु भयो ।

तथागत बुद्धले सय दिन पछि देह त्याग गर्ने घोषणाको सूचना जम्बुद्वीपमा जंगलको आगोझै चारैतिर फैलियो । कुशी

नगरतिर सोजिदै यात्रा गरिरहँदा बाटोमा उनका आफन्त, प्रियजन यशोधरा, सानी आमा प्रजापतिलाई पनि भेटिन। लामो यात्रामा भण्ड गाउँ, हट्टी, भोग नगर आदि पार गरी पावामा बिश्राम गरे। पावामा चुन्द नामक उपासकले भोजन दान गरे। तथागतको जीवनमा त्यही अन्तिम भोजा थियो। त्यसपछि बिस्तारै कुशी नगरको क्षेत्रमा प्रवेश गरे। कुशी नगरको शालबागमा बिशाल दुई शाला बृक्षको बीचमा बैसाख पूर्णिमाकै साँझ अन्तिम धर्मोपदेश गर्नु भयो। त्यस बखत तथागत बुद्धले "अपोदीपभव संस्कारदर्पण, बुद्धदर्शन।" "सबै मान्छेमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ।" यो बुद्धको अन्तिम बचन थियो। सुभद्र बुद्धशासनको अन्तिम भिक्षु थियो। रातको तेश्रो प्रहरमा भिक्षु महासंघको उपस्थितिमा तथागत बुद्धले महापरिनिर्वाण प्राप्त गर्नु भयो।

तथागत बुद्धले कुशी नगरमा महापरिनिर्वाण प्राप्त गरेको सूचना जम्बुद्वीपमा जंगलको आगोझै फैलियो। भिक्षु महासंघ शोकमा चुर्लुम्म डुबेको थियो। फेरी पनि तथागतको लागि रात दिन प्रार्थना भैरहेको थियो।

शोकमा डुबेको कारण बुद्धको दाह संस्कार कसरी गर्ने भन्ने विषयमा आनन्दलाई केही सुझेको थिएन। त्यसै अल्मलिरहेको थियो। त्यस बखतका अहर्तहरूमा सारिपुत्र मौदगल्यान, कौण्ड्य राहुल आदिले देह त्याग गरिसकेको

थियो । त्यही समय रात दिन लगातार हिँडेर अहर्त महाकाश्यप टुप्लुप्क आइ पुगे ।

अहर्त महाकाश्यप भिक्षु महासंधको मूल आधार थियो । उनी आए पछि मात्र आनन्दको होस खुल्यो ।

महाकाश्यपको परामर्श अनुसार तीन जना भिक्षुहरूलाई कुशी नगरको मल्ल राजालाई तथागतले महापरिनिर्वाण प्राप्त गरेको सूचना दिन पठाए । मल्ला राजपरिवार बुद्धको प्रिय उपासक उपासिकाहरू थिए ।

'तात्कालै मल्ला राजपरिवारहरू आइ पुगे ।'


मल्ला राजपरिवारले तथागत बुद्धलाई आदर सहित बन्दना गरे पछि, उनको दाह संस्कार कसरी गर्ने भन्ने बिषयमा भिक्षु आनन्द र महाकाश्यपसँग परामर्श गरे ।



'आनन्द र महाकाश्यप आपसमा हेराहेर गरे ।'

'यसमा तपाइँहरूको के राय छ ?' राजाले सोध्यो ।

भिक्षु आनन्दले केही भन्न खोजेको थियो । तर अभिभावक बिहिन भएको अवस्थाले गर्दा, अब के हुन्छ ? के गर्ने ? कसो गर्ने ? उनको ओँठ मात्र हल्लियो, वाक्य फुटेन । 'अपोदीपभव' यसको परिभाषा, आवश्यकता र आभाव यस समयमा महशुस भयो । तर अबेर भैसकेको थियो ।



महाकाश्यप अहर्त मात्र होइन, त्रिकालदर्शी पनि भएकोले सबैको मनोभाव बुझ्दथे । आनन्दको पिडा बुझे पछि, तथागत महामानव हुन् । उनले धर्मको सही व्याख्या गरी एउटा नविन बिचारको सही अर्थमा जग बसालेका छन् । उनको उपदेशले मानव मात्र हैन देवताको पनि कल्यान गरेका छन् । उनी भगवत हैन शास्त हुन् । यस्तो दुर्लभ महामानवको दाह संस्कार राजपरिवारको निर्णय अनुसार गरेमा उपयुक्त होला, भिक्षु महाकाश्यपले आफ्नो सुझाव दियो । उनको सुझाव तर्कसंगत थियो । त्यसैले त्यही अनुसार कार्य सम्पादन भयो ।

महाकाश्यपको सुझाव अनुसार, मल्ला राजाले तथागत बुद्धको पार्थिक शरीरलाई पुष्पासनमा राखेर सैनिक सुरक्षा घेरामा सात दिनसम्म सर्वसाधरण सबैले दर्शन गर्न सक्ने व्यवस्था मिलाए । आठौं दिनको मध्यान्नमा आनन्द र महाकाश्यपले दाग बत्ति दिए । यसै दौरान, मगध नरेश अजात शत्रु, बैशालीको लिच्छिबी राजप्रतिनिधि, कपिलबस्तुको शाक्य प्रतिनिधि, बज्जिया प्रतिनिधि, पावाको प्रतिनिधि सबै त्यहाँ उपस्थित भए ।

त्यहाँ उपस्थित सबै प्रतिनिधिहरूले आदर सहित बुद्धम् शरणम् गच्छामि । धर्मम् शरणम् गच्छामि । शंघम् शरणम् गच्छामि भनी बन्दना गरे । सबै प्रतिनिधिले 'अस्तु धातु'मा आफ्नो अधिकार भएको जिकीर गर्यो । आपसमा हानाहन हुन सक्ने अवस्था श्रृजना भएर परिस्थिति बडो तनावपूर्ण भयो । कसैले पनि कसैको नसुन्ने अवस्था भयो ।

'यही अवस्थामा द्रोण नामक ब्राह्मणले भन्यो ।'

'हे, प्रजापालक क्षेत्रीय महावीर,' तपाइँहरू सबै बुद्धको उपासक हुनुहुन्छ । फेरी यो तनाव किन ? हामी सबैलाई ज्ञान भएकै कुरा हो कि, तथागत बुद्ध शान्तिको अग्रदूत हुन् । हुन त मैले बुद्धको महासंघमा दीक्ष पनि लिएको छैन । तथापि, मैले उनको धर्मलाई राम्रोसँग बुझेको छु । उनको धर्म भित्र अमृतको रस छ । यस्तो प्रेम, शान्ति र करुणाले भरिएको महामानवको 'अस्तुधातु'को लागि फेरी आपसमा युद्ध किन ? अशान्ति किन ? तपाइँहरूलाई केही आपत्ति छैन भने, यस सम्बन्धमा म एउटा प्रस्ताव राख्न चाहन्छु, विद्वान ब्राह्मणले अनुरोध गर्यो ।

तथागत बुद्ध हामी सबैको हृदयमा बसेको छ। त्यसैले उनको 'अस्तुधातु' मगध, बैशाली, लिच्छिबी, शाक्य, बज्जिया, पावाको मल्ला र कुशी नगरको प्रतिनिधिहरू सबैमा बराबर भाग बाँडिने छ। यहाँहरूलाई कुनै अपत्ति नभएमा द्रोणले पनि एक भाग लिने छ। यस कार्यबाट तथागत प्रति हामी सबैको नैतिक जिम्मेवार भएको ठहर हुनेछ। साथै, सबै राजा महाराजाहरूले आ-आफ्नो राज्यमा बुद्धको 'अस्तुधातु' राखि महाचैत्य निर्माण गर्न सकेमा यसबाट सर्वसाधरणका लागि दैनिक पूजापाठ गर्न पनि सहज हुन सक्ने छ, द्रोण ब्राह्मणले बास्ताविक कुरा अनुरोध गर्यो।

उनको प्रस्ताव तर्क संगत भएकोले, सबै सहमत भए। त्यही सहमति अनुसार बुद्धको 'अस्तुधातु' आठ भागमा बराबर बिभाजन गरियो। द्रोणको परामर्श अनुसार सबै राज्यहरूमा महाचैत्य निर्माण गरियो। यी सबै चैत्यहरू अष्टमहाचैत्यको नामबाट प्रख्यात भए। अष्टमहाचैत्यको वर्णन पाली पिटकमा उल्लेख गरिएको छ।

यसरी, तथागत बुद्धले २९ वर्षको उमेरमा प्रवर्जित भइ, ३५ वर्षको उमेरमा बोधि लाभ गर्नु भयो। बोधि लाभ गरे पछि ४५ वर्षसम्म बिभिन्न स्थान र अवस्थामा धर्मोपदेश गरी ८० वर्षको उमेरमा बैसाख पूर्णिमाकै दिन कुशी नगरको पवित्र शालबागमा दुई शालबृक्षबीच बैसाख पूर्णिमाको दिन महापरिनिर्वाण प्राप्त

गर्नु भयो । यसरी उनको जन्म, बुद्धत्व प्राप्त र महापरिनिर्वाण सबै पूर्णिमाकै दिनमा भएकोले बौद्ध संसारमा यो दिन अत्यन्तै महत्त्व र पवित्र मानिन्छ । बौद्ध जगतमा आ-आफ्नो मौलिक परम्परा अनुसार यस पावन दिनलाई 'बुद्धजयन्ति'को नामबाट धुमधामका साथ पूजापाठ गरी मनाइन्छ । ॐ बोधि मंगलम् ।

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

बुद्धम् शरणम् गच्छामि ।
धर्मम् शरणम् गच्छामि ।
संघम शरणम् गच्छामि ।

एच बुद्ध अतीत च एच बुद्ध अनागत
पचुपन्न च ये बुद्ध अहं बन्दामी सब्बद ॥

एच धम्म अतीत च एच धम्म अनागत
पचुपन्न च ये धम्म अहं बन्दामी सब्बद ॥

एच संघ अतीत च एच संघ अनागत
पचुपन्न च ये संघ अहं बन्दामी सब्बद ॥

इतिपिसो भगवा अरहम् विद्याचरणा सम्पन्नो सुगदो लोकबिदो अनुत्तरो पुरीसद्धामा सारथी शास्त देव मनुसानो बुद्ध भगवति ।

नमो तस्स भगवतो अहर्तो सम्मा सम्बुद्धस्स ।
भवतु सर्वमंगलम् ।

# २९. तथागत बुद्धको प्रमुख धर्मपालहरूः

तथागत गौतम बुद्धको शासनमा जो कसैले पनि प्रबज्य लिन सक्थे । जातपातको कुनै प्रतिबन्ध थिएन । बुद्ध धर्ममा प्रबज्य लिन चाहेमा यसको बिधान अत्यन्तै सरल थियो । त्यो बिधानको बारेमा भन्नु पर्दा–

१. गृह त्याग गर्नु पर्ने ।
२. कपाल मुन्डन गर्नु पर्ने ।
३. पहेलो चीबर धारणा गर्नु पर्ने ।
४. भिक्षको लागि पात्र ग्रहण गर्नु पर्ने ।
५. बुद्धम् शरणम् गच्छामि । धर्मम् शरणम् गच्छामि । संघम् शरणम् गच्छामि भनेर शरण गमन गरे पछि प्रबज्यको प्रथम चरण समाप्त हुन्छ ।

बुद्धले भिक्षुसंघमा प्रबज्य लिएका भिक्षुहरूलाई एक वर्षसम्म श्रमनेर, त्यसपछि भन्ते, श्रोतापतिफल र ऋद्धिवल वा ज्ञान प्राप्त गरिसकेका निष्ठवान भिक्षुहरूलाई अहर्त वा कल्याणमित्र वा धर्मपाल भन्दथे । उनीहरूलाई आफु सरह स्थान ग्रहण गर्न सक्ने अधिकार पनि थिए ।

धर्मपाल भनेको बिना प्रलोभन जुनसुकै अवस्थामा पनि धर्मको सही अर्थमा पालन गर्ने वा गर्न लगाउने वा यस प्रकारको सामर्थ भएका ब्यक्ति वा भिक्षुहरूलाई भन्न सकिन्छ । त्यस समय त्यस्ता भिक्षुहरूको संख्या बाह्रजना थिए । उनीहरूलाई बुद्धले धर्मपाल भन्दथे । प्रत्येक धर्मपालहरूको पनि धर्मपाल हुने गर्दथे । त्यस मध्ये सबै भन्दा धेरै धर्मपालहरू अहर्त आनन्दको थियो ।

यसरी बुद्ध शासनमा प्रबज्य लिने भिक्षुहरूको अन्तिम लक्ष्य भनेको अहर्तत्व प्राप्त गर्नु थियो । अहर्तत्व प्राप्त गरे पछि मात्र आफ्नो जीवनको संकल्प कसरी पूर्ण गर्न सकिन्छ भन्ने कुराको बारेमा आफै निर्णय गर्न सकिन्छ । यही हो 'अपोदीपभव' भनेको । अर्थात आफ्नो खुट्टामा आफै उभिने । आफ्नो मनलाई पूर्ण रुपमा बिजय गर्ने । किनभने पराजित मन अनुशासित हुन्छ । अनुशासित मनले सजिलैसँग साधना गर्न सक्छ । साधनामा पारंगत भए पछि प्रज्ञावान हुन्छ । प्रज्ञाको प्रभावले निर्वाण मार्ग सजिलैसँग अवलम्बन गर्न सकिन्छ । बुद्ध धर्मको अन्तिम लक्ष भनेकै निर्वाण हो । निर्वाण भनेको शून्यता हो । शून्यता भनेको भवसागरमा प्रबेश नगर्नु हो ।

तथागत गौतम बुद्धले महापरिनिर्वाण लिने समयमा भिक्षु महासंघको संख्या बत्तिस हजारको हराहरीमा थियो भन्ने कुरा त्रिपिटकको खुद्दक निकायको बुद्धबंश अट्ठकथामा

उल्लेख गरिएको छ। त्यसमध्ये एक दर्जन अहर्तहरू थिए। तिनै अहर्तहरूलाई धर्मपालका रुपमा अधिकार प्रदान गरेका थिए। त्यो अधिकारमा प्रबज्य दिन सक्ने, समूहलाई ब्यवस्थापन गर्ने र धर्मलाई सही अर्थमा पालन गर्नु पर्ने तीनवटा बिनय बाँधिएका थिए। तथागत बुद्धको धर्मपालहरूको संक्षिप्त परिचय यस प्रकार रहेका छन्।

**१. धर्मपाल कौण्ड्य–**

भिक्षु कौण्ड्य बुद्ध शासनमा प्रथम अहर्त थियो। उनको जन्म कपिलबस्तु राज्यको रातन ग्रममा ब्राह्मण परिवारमा भएको थियो। उनको पिताको नाम संजिव र माताको नाम कमली थिए। उनले कपिलबस्तु राज्यमा अवस्थित आचार्य भारद्धाज ब्राह्मणको आश्रमबाट वेदपाठ र ज्योतिष बिघामा पारंगत भएकोले उनको गुरुको सिफारिसमा शाक्य राजपरिषदको सदस्यमा नियुक्ति पाएका थिए।

शक्य राजपरिवारको संस्कार अनुसार छैठौं दिनमा राजकुमार शाक्यमुनि गौतमको नामाकरण भयो। त्यस समयमा आठजना महापण्डितहरूको समूहमा उनले पनि सहभागी हुने अवसर पाएको थियो। राजकुमार गौतमको जन्म कुण्डली अनुसार चक्रवर्ती राजा हुने वा प्रवर्जित भएर बुद्धत्व प्राप्त गर्ने भन्ने कुरा घोषणा भएको थियो। तर, उनले भने प्रवर्जित भएर बुद्धत्व नै प्राप्त गर्ने छन् भनेर ठोकुवा गरेको थियो। तर, सबभन्दा कान्छो पण्डित भएकोले उनको कुरामा खासै महत्त्व दिएन।

राजकुमार शाक्यमुनि गौतमले २९ वर्षको उमेरमा प्रवर्जित भएर गृह त्याग गरी बुद्धत्वको खोजिमा गएको हुनाले उनको जन्म कुण्डलि कै आधारमा उनलाई खोज्दै जाँदा, मगध राज्यको क्षेत्रमा अवस्थित पाण्डव पर्बतको घाँटीमा भेट भयो । उनीसँग अश्वजित, बाष्प, महानाम र भद्रिक पनि थिए । उनीहरूले सँगसँगै बुद्धत्वको खोजि गर्न थाले । उनी बुद्ध शासनको प्रथम अहर्त भए ।

२. **धर्मपाल महाकाश्यप–**

भिक्षु महाकाश्यप बुद्ध शासनमा दोश्रो अहर्त थियो । एक समय बनारसमा काश्यप नामको एक प्रसिद्ध परिवार थियो । उनको परिवारमा पूर्ण काश्यप, नदी काश्यप र गया काश्यप गरी तीन दाजुभाइ थिए । उनीहरू शिक्षित र धार्मिक प्रबृतिका थिए । पूर्ण काश्यपले सन्यास लिएर गया स्थित फाल्गु नदीको किनारमा आश्रम बनाए । उनले लामोलामो जटा पालेका हुनाले उनलाई जटाधारी वा जटिल पनि भन्दथे । उनी अग्नि पूजाद्वारा यज्ञ, होम, हवन आदि गर्ने भएकाले उनको मतलाई 'अग्निहोत्रि' मत भन्दथे ।

यही कारणबाट उनको प्रख्याति चारैतिर फैलियो । त्यही प्रख्यातिका कारण पूर्णबाट उरुवेल काश्यपको नामबाट परिचित भए । उनको पाँचसय जटिल शिष्यहरू थिए । दाजुको प्रख्याति सुनेर नदी काश्यप र गया काश्यप पनि सन्यास लिएर फाल्गु नदीको तल्लो किनारमा दुबैले अलग अलग आश्रम बनाए । नदी काश्यपको तीनसय र गया काश्यपको दुईसय

जटिल शिष्यहरू थिए। दुबै भाइले दाजुकै मत अनुसार आश्रम चलाएका थिए।

बुद्धले पनि उरुवेल काश्यपको प्रख्याति सुनेको थियो। त्यसैले उनलाई उपदेश दिन फाल्गु नदीतिर गए। उनलाई भेटे पछि एक रात अग्निशालामा बस्नका लागि बुद्धले अनुमति मागे।

यो 'अग्निशाला'मा केहि दिनदेखि 'मुचलिन्द' नामक एउटा जंगली नाग बसेको छ। यो नाग अग्निहोत्रिको बिरोधी हो। यसले यहाँ धेरै बिनास गरेको छ। यहाँ बस्ने अनुमति दिन सकिदैन, काश्यपले भने।

बुद्ध त्रिकालदर्शी थिए। कुनै पनि नयाँ ठाउँमा उपदेश दिन जानु भन्दा पहिले त्यहाँका बस्तु स्थिति र बास्तविकतालाई 'चक्षु'द्वारा राम्ररी निरीक्षण गर्दथे। उनी उपयुक्त समय मिलाएर काश्यपलाई उपदेश दिन चाहन्थे। यो रहस्य काश्यपलाई थाहा थिएन। 'मुचलिन्द' नाग मेरो असल मित्र हुन्। उनले मेरो अहित गर्दैन। उनी मेरा कल्याणमित्र हुन, बुद्धले भन्यो।

'तपाईँलाई जे इच्छा छ,' त्यही गर्नु काश्यपले असन्तोष प्रकट गर्दै बडबडाउँदै कुटीतिर गए।

उरुवेल काश्यप त्यस समयका चर्चित जटाधारी सन्यसी थिए। उनले पनि बुद्धको बारेमा छोटो समयमा धेरै कुराहरू सुनेका थिए। बुद्धको बारेमा सुनेर उनी अश्चर्य मान्दथे। तैपनि बुद्धलाई एउटा चमत्कारी बाहेक अरु केही पनि हैन

भनि सोच्दथे। आजको घटनाले झनै दुबिधामा पारी दिए। के गरौं ? कसो गरौं ? बडो जटिल परिस्थितिको आभास भयो। बिषक्त नाग राजाले बुद्धलाई डस्न किन बाँकी राखे होलन र ? मेरो आश्रममा अतिथिको हत्या ? यसले मेरो चरित्रमा दाग लाग्न सक्दछ ? आदि इत्यदि हुने नहुने कुराहरू मनमा खेलाउँदै थिए। शिष्यले प्रवचनको समय भयो गुरु भन्दै सूचना दिन आए। रात बितेको उनलाई यादै भएन !

काश्यपले त्यो बिहानको प्रवचनमा बिशेष गरी, 'बुद्ध र मुचलिन्द' नाग राजाकै घटनाको आधारमा गरे। प्रवचन सकिए पछि उरुवेल काश्यप केही शिष्यहरूका साथमा बुद्धको अवस्था हेर्नका लागि अग्निशालामा गए।

त्यहाँको बास्तविक घटना देखेर काश्यप अश्चर्यमा परे !



मुचलिन्द भन्ने नाग राजा तुषिता भुवनमा श्वेत केतुको अंग रक्षक थिए । त्यसैले, लुम्बिनी शालबागमा श्वेतकेतु बोधिसत्वले जन्म लिए पछि उनकै सुरक्षमा खटिएका थिए । नाग राजाको बिशाल शरीर माथि बुद्धले पद्मासन जमाए ध्यानमा बसेका थिए । बुद्धको शिरमण्डलमा दिव्य प्रकाश चारैतिर फैलिएको थियो । यो दृश्य देख्ने बित्तिकै उरुवेल काश्यपको चेतना खुल्यो ।



त्यहीबेला बुद्धको शरणमा गएर यसो भने, 'हे बुद्ध ! करुणामय सागर,' मेरो अज्ञानताका कारण मैले तपाइँको बास्तविक स्वरुपलाई चिन्न सकेन । बुद्ध एउटा चमत्कारी बाहेक अरु केही पनि हैन, भन्ने मेरो जुन भ्रमजाल थियो । त्यो अबदेखि पूर्ण रुपमा टुट्यो । मेरो चेतना खुल्यो । तपाइँले

प्राप्त गर्नु भएको बुद्धत्वले मानव कल्याण मात्र होइन। सम्पूर्ण ब्रह्माण्डलाई कल्याण गर्नेछ। तपाइँ सन्यसी होइन भगवत हो। दशपारमीको तथगत हो। शास्त्र होइन देवताको पनि शास्ता हो। सम्पूर्ण ब्रह्माण्डलाई प्रकाशित गर्ने बुद्ध हो। मलाई यसैक्षण दीक्षा दिनु महाकाश्यपले भन्यो।

बुद्धले उनलाई दीक्षा दिए। काश्यपले उनको पाँचसय जटिलहरूलाई दीक्षा गराए। यो घटनालाई थाहा पाए पछि उनका दुबै भाइहरू पनि बुद्धको शरणमा आए। यस घटनाले गर्दा बुद्धको भिक्षु संघको संख्या १०१० जना भए। तथागत बुद्धले त्यस दिनदेखि भिक्षु संघलाई महासंघ र काश्यपलाई पनि महाकाश्य भनि सम्बोद्धन गर्यो। बुद्ध शासनमा महाकाश्यप दोश्रो अहर्त थिए। उनी भिक्षु महासंघका मेरुदण्ड थिए।

### ३. धर्मपाल सारिपुत्र–

भिक्षु सारिपुत्र बुद्ध शासनमा तेश्रो अहर्त थियो। उनी तिक्ष्ण बुद्धि भएकाले बुद्धले गरेका धर्मदेशनालाई एकै पटकमा बुझ्न सक्दथे। त्यही देशनालाई कुनै ठाउँमा पुनः देशना गर्नु पर्दा, हुबहु गर्न सक्ने भएकोले उनलाई श्रोतापन्न कल्याणमित्र पनि भन्दथे। त्यसैले बुद्धबचन त्रिपिटकमा उनलाई बुद्ध शासनको धर्म सेनापति र महाप्रज्ञापारमिता पनि भन्छन्।


एक समय तथागत बुद्ध राजगृहको कालन्तकाको बाँसघारीमा धर्मदेशना गरिहनु भएको थियो। त्यही समयमा

अहर्त सारिपुत्र के कारणले गर्दा तिक्ष्ण बुद्धिको प्रज्ञावान हुन भयो ? भनेर भिक्षुहरूले प्रश्न गर्दा, भिक्षुहरूको प्रश्नमा बुद्धले यसो भन्नु भयो–

'हे भिक्षुगण,' कुनै समयमा एउटा पहाडमा ब्राह्मणको एउटा छोरा र एउटा छोरी थिए। छोराको नाम सुर्प र छोरीको नाम सुर्पिका थिइन्। माता र पिताको मृत्यु पछि बहिनी एउटा धनपनि ब्राह्मणसँग बिबाह भए। दाइ चाहि एकान्त ठाउँमा गएर साधना गरी बसे। लामो समय साधना गरे पछि प्रत्येक यानको अहर्तत्व र ऋद्धिज्ञान प्राप्त गरे। त्यसपछि आकाश मार्गबाट उडेर बहिनीको गाउँमा पुगे।

बहिनी पनि आफ्नो दाजुको आगमनमा खुशि भइन्। दाजुलाई भोजन दान गरेर उपदेश सुनिन्। उनको दाजुको लागि नयाँ चीबर सिलाउँदै गर्दा, उनको मनमा एउटा भाव उत्पन्न भइन्। दाजुसँग प्रार्थना गर्दै भनिन्। मेरो अर्को जुनिमा चाकु जस्तो तिक्ष्ण बुद्धि भएको, सियो जस्तो गम्भिर र धागो जस्तो कहीँ नछेक्ने प्रज्ञावान होस्। बुद्धको शिष्य माध्ये प्रज्ञामा अग्रता प्राप्त गर्न सकम्, भनि संकल्प गरिन्।

'हे भिक्षुगण,' त्यही ब्राह्मणी पुत्री सुर्पिका अहिलेको सारिपुत्र हुन्। उनले पूर्व जुनिमा गरेको सुकर्म र साधनाको फलले गर्दा सारिपुत्र तिक्ष्ण बुद्धिको प्रज्ञावान भएको हो भनेर सारिपुत्रको पूर्व जुनिको कथा सुनाए।



'हे भिक्षुगण,' सारिपुत्र उच्च कुलमा नजन्मेर मध्यम बर्गीय ब्राह्मण कुलमा किन जन्मियो भन्ने सवालमा बुद्ध भन्नु हुन्छ पहिले एक समय सारिपुत्र राजा महामतिको पुत्र भएर जन्मिदा भिक्षु बन्ने इच्छा थियो। तर महाराजले श्रद्धा सहित कुसल कर्म गरे पनि राजाबाट भिक्षु हुने अनुमति भएन। राज्याभिशेष गरी युवराज घोषण गरे।

एकदिन हात्तिमा सवार भएर बाटोमा जाँदै गर्दा, एक बृद्धलाई देखेर करुणाभावले भन्यो, म अभागी राजकाजमा बाँधिएकाले स्वतन्त्र गुमाए। तिमीलाई केही बन्धन छैन। फेरी किन धर्म गर्दैनौं भनेर सोधे।

'हे युवराज,' म यति धेरै गरिब छु कि भिक्षुका लागि चीवर र पात्र किन्न पनि सक्दैन, बृद्धले जवावमा भने।

युवराजले यो कुरा सुने पछि बृद्धलाई आवश्यक सामानहरू किन्नका लागि प्रशस्त दान दिए।

उनी भिक्षु भएर अहर्तत्व प्राप्त गरे। अहर्तत्व प्राप्त गरे पछि ऋद्धिबल प्राप्त हुन्छन्। ऋद्धिबल प्राप्त गरे पछि आकाश मार्गबाट आवत जावत गर्न सकिन्छ। उनले पनि आकाश मार्गबाटै दरबारमा गएर युवराजलाई धर्मदेशना गरे।

युवराजले बृद्धको यो अवस्था देखेपछि श्रद्धवान हुँदै भन्यो कुलिन बर्गमा पनि धर्म अभ्यास गर्न बाधक हुँदौ रहेछ। गरीब बर्गमा पनि धर्म अभ्यास गर्न बाधक हुँदो रहेछ। त्यसैले मध्यम बर्गमा जन्म होस् भनि संकल्प गरेको हुँदा, अहिले मध्यम बर्गको ब्राह्मण कुलमा जन्मिएको हो, भनेर बुद्धले देशना गर्नु भयो। अहर्त सारिपुत्रको पूर्वजन्मको कथा समाप्त भयो।

**४. धर्मपाल मौदगल्यान–**

भिक्षु मौदगल्यान बुद्ध शासनमा चौथो अहर्त थिए। उनको जन्म बनारसको ब्राह्मणी ग्राममा भएको थियो। उनको पिताको नाम पण्डित पासन र माताको नाम केशरी थिइन्। उनको साधरण शिक्षा घरमै भयो। त्यसपछि सन्यास लिएर ज्ञानको खोजिमा निस्कियो। यसरी ज्ञानको खोजि गर्दै आश्रम चहर्दै हिडने क्रममा सारिपुत्रसँग भेट भयो।

सारिपुत्र अत्यन्तै तिक्ष्ण बुद्धिको थियो। उनैसँग मित्रता भयो। एकदिन उनीहरूले आपसमा बाचा पनि गरे कि जसले

पहिले ज्ञान प्राप्त गर्छ उसले अर्कोलाई तुरन्तै भन्नु पर्ने छ। मौद्धगल्याणले पनि सारिपुत्रको संगतले गर्दा, अहर्तत्व प्राप्त गरे।

एकदिन पञ्चबर्गिय भिक्षुहरू मध्येको अश्वजित भन्ने भिक्षु राजगृहमा भिक्षाटन गर्दै थिए, सारिपुत्रले देख्यो।

'ओहो, कस्तो शान्त भिक्षु ! निर्मल र अनुशासित !'

'हे साथी,' तपाइँ कुन धर्ममा आस्था राख्नु हुन्छ ? तपाइँको शास्ता को हुनुहुन्छ ? कृपय मलाई पनि बताइ दिनु हुन्छ कि ? किनभने म पनि खोजिरहेछु। तर, भने जस्तो मार्ग देखिरहेको छैन, सारिपुत्रले भन्यो।

'सारिपुत्रको हावभाव,' अश्वजितले नियाल्यो।

'हे साथी,' म तथागत बुद्धको संघमा दीक्षा लिएको छु। म नयाँ श्रमनेर भएकोले उनको धर्मको बारेमा बिस्तारसँग बताउँन सक्दिन। तर, मैले बुझेको सार यस्तो हो भनी बुद्धबचनको सार उनलाई सुनाए।

बुद्धबचनको सार सुन्ने बित्तिकै तिक्ष्ण बुद्धि भएका सारिपुत्रलाई 'अमृतपान' गरे जस्तै शितल अनुभूति भयो। अश्वजितलाई बुद्धको शरणमा आउने बचन दिएर आश्रमतिर जाँदै गर्दा, बाटैमा मौदगल्यानसँग भेट भयो र भन्यो, 'हे साथी, आज मैले सत्यको अनुभव गरेँ !'

'के अनुभव गर्यौ ?' मौदगल्यानले सोध्यो ।

तथागतको श्रमनेर अश्वजितसँग भएको कुराकानीको सार सुनाए । उनको सार सुन्ने बित्तिकै 'मौदगल्यान'लाई पनि 'अमृतपान'को अनुभव भयो ।

'हे साथी, यो कस्तो सार हो ?' जसको सार श्रवन गर्नले पनि अमृतपानको शितलताको अनुभव दिएको छ। तथागतको उपदेश सुने पछि त अहर्त नै प्राप्त हुन्छ होला ! अब ढिला नगरौं। आश्रमबाट बिदा लिनका लागि गुरु र गुरुभाइहरूसँग पनि भेटना आवश्यक छ भन्दै, आश्रम पुगे । सबै गुरुभाइहरूसँग यो घटनाको बारेमा संक्षिप्त जानकारी गराए पछि, सबै गुरुभाइहरू आश्रम छाडेर पछि लाग्न तयार भए ।

आश्रमबाट बिदा हुनका लागि गुरुको सेवामा गए। गुरुले सारिपुत्र र मौदगल्यानलाई आश्रम सुम्पे । तर सारिपुत्रले बुद्धको शरणमा जाने निर्णय गरे पछि, उनी सँगै दुईसय पचास शिष्यहरू पनि पछि लागे । यस घटनाबाट सञ्जय अत्यन्तै दुःखित भए । तर पनि उनले बुद्धलाई चिन्न सकेन ।

तथागत बुद्ध उरुवेलबाट भिक्षु महासंघका साथमा राजगृहतिर आउँदै गर्दा, बाटोमा सारिपुत्र र मौदगल्यान सहित अढाइसय परिब्रजकहरू बुद्धको शरणमा आए ।

बुद्धले सारिपुत्र र मौदगल्यानलाई दीक्षा दिए। उनीहरूले साथमा आएका परिब्रजकहरूलाई दीक्षा दिए। दीक्षा दिए पछि धर्मोपदेश दिए। प्रथम उपदेशमै 'सारिपुत्र र मौदगल्यान'ले अहर्त प्राप्त गरे। यसरी, भिक्षु महासंघमा अहर्त प्राप्त गर्नेहरूमा 'सारि पुत्र तेस्रो र मौदगलयान' चौथो स्थानमा रहे। त्यस समय भिक्षु महासंघको संख्या १२६५ जना भयो। यो संख्या एक महिना भित्रको थियो। त्यो दिनदेखि अहर्त 'कौण्ड्य, अहर्त महाकाश्यप अहर्त सारिपुत्र र अहर्त मौदगल्यानलाई दीक्षा दिनसक्ने शील पनि दिए। उनी चार जना बुद्ध शासनको चार खम्बा थिए। जुन खम्बामा बुद्ध शासन अडिएको थियो। त्यसैले कुनै पनि अवस्थमा जटिल निर्णयहरू गर्नु परेमा तथागतले उनीहरूलाई साथमा राखेर मात्र निर्णय गर्दथे।

**५. धर्मपाल आनन्द–**

भिक्षु आनन्द बुद्ध शासनमा पाचौँ अहर्त थिए। उनी तथागत बुद्धको प्रमुख उपास्थक थियो। उनले ३५ वर्षसम्म प्रमुख उपास्थकको रुपमा मन, बचन र कर्मले बुद्धको सेवा गर्यो। त्यसैले उनलाई 'छायाबुद्ध' पनि भन्छन्। किनभने, तथागत बुद्धको उपदेशलाई नजिकबाट धेरै श्रवाण गर्ने अवसर पाएका भिक्षु आनन्द मात्र हुन्। त्यसैले उनलाई प्रज्ञापारमिता पनि भन्दछन्। किनभने बुद्धदर्शनको मूल सार प्रज्ञापारमितामा अडिएको छ। अर्थात 'प्रज्ञा' भनेको ज्ञान र 'पारमिता' भनेको जननी हो। अर्थात ज्ञानको जननी वा आमा हो।

भिक्षु अहर्त आनन्द गौतम प्रज्ञावान, शिलवान, विनयवान अनुशासित, गम्भिर र अत्यन्तै भाबुक थियो। सानो भन्दा सानो कुराहरूलाई पनि अत्यन्तै भम्भिर ढंगले लिने गर्थ्यो। सरल ढंगले बुझ्नु हुन्थ्यो। त्यसैले कुनै पनि भिक्षु वा अनुयायिहरूको मनोबिज्ञानलाई सहज तरिकाले बुझ्ने सामार्थ राख्नु हुन्थ्यो।

उनको जन्म कपिलबस्तु राज्यको शाक्य कुलमा भएको थियो। उनको पिता राजा शुद्धोधन र माता रानी प्रजापति हुन्। शाक्यमुनि सिद्धार्थ गौतमको उमेर सात वर्षको हुँदा उनी जन्मेको हुन्। उनको न्वारनको नाम नन्दन गौतम थियो। प्रवर्जित भए पछि मात्र आनन्द उपनामबाट परिचित भए।

केही बौद्ध आचार्यहरूको भनाइमा आनन्द भनेको उनको काकाको छोरा हुन् भन्ने भनाइ पनि रहेको छ। तर यो सत्य होइन। नन्दन गौतमनै आनन्द उपनामबाट परिचित भए।

अहर्त आनन्दको संक्षिप्त परिचयसँग कपिलबस्तु राज्यमा शासन गरेका शाक्य राजपरिवारमा भएको राजनीतिक एवं सामाजिक उथल पुथलको घटनाक्रमहरूलाई जोडनु पर्ने हुन्छ। किनभने, राजा शुद्धोधनको शेष पछि उनको अधिकार जेठो छोरामा जाने थियो। तर शाक्यामुनि गौतमले गृह त्याग गरिसकेकोले उनको अधिकार भाइ राजकुमार नन्दन गौतममा जानु पर्ने थियो। तर, शाक्य राजपरिवारको आन्तरिक बिधान अनुसार शाक्य राजपरिवारमा जो उमेरले जेठो हुन्छन् राजगद्धिको अधिकार पनि उसैलाई हुने भएकोले राजकुमार देवदत्तलाई

युवराज घोषणा गरे। तर, देवदत्तको बिरुद्धमा नागरिक आन्दोलन शुरु भयो। आन्दोलनले दरबारलाई चेतवानी दियो।

यसरी शाक्य राजपरिवारको शासन सत्ता र नागरिक अन्दोलनको प्रभावले गर्दा, राजकुमार नन्दन गौतमले पनि प्रबज्य ग्रहण गरी बुद्धको शरणमा गए। आफ्नो छोरा नन्दन गौतमले पनि प्रबज्य ग्रहण गरिसकेकाले रानी प्रजापति, यशोधराका साथमा दर्जनौं शाक्य महिलहरूले पनि प्रबज्य ग्रहण गरी बुद्धको शरणमा गए। यसरी सबैजना तथागत बुद्धको पछि लागेकाले शाक्य राजपरिवारको शासन काल आफै समाप्त भए।

६. **धर्मपाल राहुल–**

भिक्षु राहुल बुद्ध शासनमा छैठौँ अहर्त थियो। उनी शाक्यमुनि बुद्धको सुपुत्र थियो। जब बुद्ध मातृभूमि प्रस्थान गरे। त्यही समय उनलाई बुद्धको सम्पूर्ण अधिकार सहित प्रवर्जित गराएको थियो। यसरी प्रबर्जित हुने समयमा उनको उमेर सात वर्षको थियो।

उनले युवा अवस्था मै अहर्तत्व प्राप्त गरे। उनले ४२ वर्षको उमेमा परिनिर्वाण प्राप्त गरे। उनको दाह संस्कार र पितकृार्य सबै राहुल माता यशोधरा प्रजापति अहर्त आनन्द, अहर्त कौण्ड्य, अहर्त सारिपुत्र अहर्त महाकाश्यप अहर्त मौद्धगल्याण र भिक्षु महासंघ सहित श्रावस्तिमा तथागत बुद्ध आफैले गरेको थियो। त्यस समय बुद्धले सर्वसंस्कार परिशुद्ध

धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानाये गौतम परिवारे स्वाहा भनेर धर्मदेशना गर्नु भएको थियो । यो मन्त्र आर्य अपारमिता आर्युज्ञान महायान सूत्रमा उल्लेख भएको छ ।

**७. धर्मपाल राहुलमाता–**

भिक्षुणी यशोधरा देवी बुद्ध शासनमा सातौ अहर्त थिइन् । उनको जन्म कपिलबस्तु राज्यको देवदह ग्राममा कुलिन ब्राह्मण परिवारमा भएकी थिइन् । उनको पिता आचार्य डण्डपानी ब्राह्मण र माताको नाम सुशिला थिइन् ।

यशोधरा देवी शील, स्वभाव र शौन्दर्यमा असाधारण थिइन् । त्यसैको कारणमा चर्चाको शिखरमा पुगिन् । उनको १६ वर्षको उमेरमा राजकुमार शाक्यमुनि सिद्धार्थ गौतमसँग बिबाह भयो । बिबाहको तेह्र वर्ष पछि राहुल गौतमको जन्म भयो । राहुलको जन्म हुने बित्तिकै राजनीतिक तनावका कारण उनको पिताले गृह त्याग गरे । छ वर्षको महातपस्या पछि बुद्धत्व प्राप्त गरे ।

राजपिता शुद्धोघनको स्वास्थ कमजोर भए पछि, राहुलको पिता मातृभूमि आए । नाबालक राहुललाई पनि दीक्षा दिए । राजपिताको दाह संस्कार र शाक्य कुल परम्परा अनुसार पिण्डकार्य सके पछि राहुललाई पनि सँगै लगे ।

यसरी समयको क्रमसँगै शाक्य राजदरबारमा आफ्नो भन्ने कोही नभएको महशुस भए पछि बिरक्त भएर उनी पनि

प्रबर्जित भइ बुद्धको शरणमा गए । उनी छोटो समयमै अहर्त बनिन् ।

**८. धर्मपाल अनाथपिण्डक–**

महाउपासक अनाथपिण्डक बुद्ध शासनमा आठौँ अहर्त थियो। उनको जन्म श्रावस्तीमा भएको थियो। उनको न्वारनको नाम सुदत्त थियो । उनको पिताको नाम सुमन र माताको नाम सती देवी थिइन् ।

उनको पिता श्रावस्तीको राजपरिषदको सदस्य थियो । पिताको निधन पछि उनी सदस्य भए। राजपरिषदको कामबाट सुदत्तको उन्नति, प्रगति र समृद्धि हुँदै राज्यको खचान्जि हुन पुगे। खचान्जिलाई अहिलेको भाषामा अर्थ मन्त्री भनिन्छ। उनी दिन दुःखि र दरिद्रहरूलाई धेरै दान दिने गर्दथे । अनाथहरूलाई दैनिक रुपमा पिण्डदान दिने भएकोले उनको नाम दानबीर अनाथपिण्डक भनिएको हो ।

बेनुबनमा तथागत बुद्ध आएको खबर पाए पछि उनको दर्शन गए । 'हे तथागत बुद्ध,' म श्रावस्तीको अनाथपिण्डक राजा प्रसेन जितको प्रमुख खचान्जि हुँ। मसँग धेरै नोकर चाकर र धेरै स्वर्ण मुद्राहरू छन् । तर, मैले सत्मार्ग प्राप्त गर्न सकेको छैन, धर्मोपदेश दिन अनुरोध गरे ।

अनाथपिण्डकले तथागतको बचन सुने पछि प्राण रहुन्जेल उपासक हुने बचन दिए । साथै श्रावस्तीमा बुद्ध सहित भिक्षु

महासंघका लागि उपयुक्त बासस्थानको व्यवस्था गरेर भोजन दानका लागि निमन्त्रणा दिन आउने बचन दिदै बिदा भए। यो उनको जीवनमा महत्त्वपूर्ण बचन थियो। त्यसैले, उनको लागि हरपल अत्यन्तै महत्त्वपूर्ण थियो।

अनाथपिण्डकको श्रावास्तीमा ठुलो व्यापार व्यवसाय थियो । व्यवसाय चलाउनका लागि धेरै नोकर चाकर र कारिन्दहरू थिए। उनले व्यवसायबाट धेरै स्वर्ण मुद्रा अर्जन गर्न सफल भएका थिए। उनी दिन दुःखि र दरिद्रहरूलाई धेरै दान दिने गर्दथे। त्यसैले, श्रावस्ति र आसपासका राज्यहरूमा उनी धनिमानीहरूमा गनिन्थ्यो। दानमा उनी अग्रस्थानमा थियो।

तथागत बुद्ध सहित भिक्षु संघलाई उपयुक्त बिहार निर्माणका लागि राजा प्रसेनजितसँग श्रावस्तिमा आपको बगैँचा मागे। राजा प्रसेनजित बडा अहंकारी थियो। त्यसैले, तिम्रो स्वर्ण मुद्राले जति बगैँचा ढाक्न सक्छौ त्यति नै लिन सक्छ, राजा प्रसेनजितले अहंकार प्रकट गर्यो।

दानी अनाथपिण्डकसँग अकूत संपत्ति थियो। त्यसैले राजसँग भएको संझौता अनुसार उनको बिशाल बगैँचालाई स्वर्ण मुद्राले ढाकिसके पछि, प्रसेनजितलाई सूचना दिए।

'राजा प्रसेनजित स्वर्ण मुद्रा हेर्न घमण्डसाथ आए।'

उनको मनमा लागेको थियो कि अनाथपिण्डकसँग यति ठुलो बगैँचाा ढाक्न सक्ने स्वर्ण मुद्रा कहाँबाट आउन सक्छ ?

तर, जब उनी बगैँचाामा पुगे, उनको सम्पूर्ण आपको बगैँचा स्वर्ण मुद्राले ढाकिसकेको देखे । दानबीर अनाथपिण्डकको अथाह सम्पति र तथागत बुद्ध प्रतिको समर्पण भाव देखेर उनको खोक्रो अहंकार चक्नाचुर भयो ।



तिमीसँग यति धेरै स्वर्ण मुद्रा होला भनेर मैले कल्पना पनि गरेको थिएन ! मेरो राज्यको ढिकुटीमा पनि यति धेरै स्वर्ण मुद्रा सञ्चित छैन । दानी अनाथपिण्डकले मेरो खोक्रो अडम्बरीमा चेतनाको दियो बालिदियो । यसबाट म एक मुद्रा पनि लिन्न । भगवान बुद्ध र भिक्षु संघलाई उपयुक्त हुने महाबिहार निर्माणमा खर्च गर्नु । आवश्यक परेमा राज्यकोषबाट पनि सहयोग लिनु सक्नु हुन्छ, राजा प्रसेनजितले भन्यो । बुद्धको बारेमा अनेक तर्क बितर्कहरू मनमा खेलाउँदै दरबार फर्किए ।



श्रावस्तीको सम्पूर्ण आँपको बगैँचा ढाक्न सक्ने स्वर्ण मुद्राबाट

भगवान बुद्ध र भिक्षु महासंघलाई अनुकुल हुने किसिमले रात दिन खटेर बिहार निर्माण गर्न थाले । जसमा धर्मसभाका लागि बिशाल सभा भवन, बिपासना कक्षा, व्यायम कक्षा, आवास भवन अतिथि गृह, जलपान गृह, प्रतिक्षालय, बाचनलय, भगवान बुद्धका लागि गन्धकुटी सहयोगीहरूको आवास भवन, पानीको कुवा शौचालय, आवत जावतको लागि मार्ग र आवश्यक कार्य सम्पन्न भए पछि, 'सप्तहव्यापि' भोजन दानका लागि निमन्त्रणा दिन स्वयं गए । दानी अनाथपिण्डकको निमन्त्रणा अनुसार असाड पूर्णिमाको दिन, तथागत बुद्ध भिक्षु महासंघ सहित श्रावस्तीको महाबिहारमा पदार्पण गर्नु भयो । भिक्षु महासंघ सहित भगवान बुद्धलाई भव्य स्वागत गर्यो ।

महोत्सव हेर्नका लागि आसपासका नगरहरूबाट पनि मानिसहरू आएका थिए । हजारौं आस्थवान जनसमुदायको उपस्थितिमा भोजन दान स्वीकार गरी दानको नियम र यसबाट प्राप्त हुने पुण्यको बारेमा उपदेश दिन मण्डपमा उग्लिनु भयो । तथागत बुद्ध सहित ४ जना अहर्तहरूले बिशेष आसान ग्रहण गरे ।

बुद्धले उपदेशमा भन्यो, 'हे महादानी अनाथपिण्डक,' बुद्ध, धर्म र संघप्रतिको तिम्रो समर्पण भाव देखेर तुषिता भूवनका बोधीसत्वहरू पनि प्रसन्न छन् । हामीहरूले सपष्टसँग बुझ्नु पर्ने कुरा के छ भने, धर्ममा बैराग्य श्रेष्ठ । सत्यमा चार आर्य

श्रेष्ठ । मार्गमा अष्टाङगिक मार्ग श्रेष्ठ । शीलमा पञ्चशील श्रेष्ठ । भिक्षुमा अहर्त श्रेष्ठ । स्रद्धामा उपासना श्रेष्ठ । पुण्यमा दान श्रेष्ठ । घातुमा स्वर्ण श्रेष्ठ छन् । जसरी माटो भित्र रहेको स्वर्ण धातुलाई शुद्ध बनाउनका लागि निश्चित प्रविधिको प्रयोग गरिन्छ । पूर्णरुपमा सुद्ध भएका सुन हजार वर्षसम्म माटोमा लुकेर बसे पनि, त्यसको गुणमा परिवर्तन हुँदैन । त्यसरी नै दानको सवालमा पनि निश्चित नियमहरू बाँधिएका हुन्छन् । जस्तैः भोजन दान चीवर दान, भिक्षा दान, बगैँचा दान आदि । तर, भिक्षु संघका लागि दानहरूमा बिहार दान सर्वश्रेष्ठ मानिन्छ। यसबाट भिक्षुहरूले ध्यान, साधना उपासना र प्रज्ञाको बिकास गरी अहर्त मार्ग अबलम्वन गर्न सक्ने छन् । यो महाबिहार दानबाट बुद्ध धर्म र संघका लागि महत्त्वपूर्ण जग बसेको छ ।

पूर्वजुनिमा अनाथपिण्डक कुबेरको खचान्जि थियो । त्यस बखत उनको नाम 'दरान' थियो । त्यस समय उनले सत्य कर्म गरेको प्रभावले यस पटक, मानव कल्याणका लागि उत्कृष्ट हुने बुद्ध धर्मको स्थापनाका लागि श्रावस्तीमा ब्राह्मण योनिमा जन्म लिएका हुन् । यो पूर्वजुनिको कथाले उनको चेतना खुल्नेछ । किनभने, अहर्तत्व प्राप्त गर्ने बित्तिकै कुन समय कस्तो योनिमा जन्म हुने हो ? स्वयम् जानकारी हुनेछ । उनको यो दोस्रो पारमिता हो । दश पारमिता पार गर्न सकेमा बोधि लाभ गर्ने छन् भनि पारमिताको देशना गर्नु भयो । यो 'सप्ताहव्यापि बौद्ध महोत्सव' बोधि साहित्यमा स्वर्ण अक्षरमा लेखिने छ ।

यसरी दानबीर अनाथपिण्डकले श्रावस्तीमा अषाढ पूर्णिमाका दिन लगातार तीन वर्षसम्म 'सप्ताहव्यापि' बौद्ध महोत्सव मनाए। असाड पूर्णिमादेखि भदौ पूर्णिमासम्मको तीन महिना भिक्षुहरूले वर्ष बास बस्नु पर्ने नियम हुन्छ। त्यही नियम अनुसार संघ सहित बुद्धले प्रथम वर्षबास त्यही बिताए। यसरी तथागत बुद्धले लगातार तीन वर्षसम्म वर्ष बास त्यही बिताए।

९. **धर्मपाल अम्रपाली**–

भिक्षुणी अम्रपाली बुद्ध शासनमा नवौं अहर्त थिइन्। उनको बारेमा विद्वानहरूको आ-आफ्नै तर्कहरू छन्। अम्रपालीको जन्म कहाँ र कसरी भयो ? यी रहस्यहरू अझै गर्वमै छन्। तर, बैशाली गण राज्यको मेहत नामक माली पाली भाषामा आमको बगैँचालाई अम्रबाग भन्दछनबाट आउँदै गर्दा आमको रुख मुनि एउटी कन्या रोइरहेकी अवस्थामा देखे। उनको सन्तान नभएको हुनाले, घरमा ल्याएर पालन पोशन गरे। अम्र बागमा पाएर मालीले पालित गरेको हुनाले उनको नाम अम्रपाली रहेको भन्ने भनाइ बौद्ध साहित्यमा उल्लेख गरेको पाइन्छ।

अम्रपाली रुपकी रानी थिइन्। किशोरी अवस्थमै नृत्य र सँगीत कलामा चर्चित भइन्। उनको नृत्य र सौन्दर्य देखेर बैशाली गण राज्यको ठुलाबडा, धनपति, व्यापरी, ब्यबसयि, राजा महाराज र मन्त्रीगण सबै मन्त्रमुग्ध भएकाले उनलाई बिबाह गर्न तछाड मछाड भए। यसबाट राज्यको सर्वभौम र अखण्डता खलल हुन सक्ने भएकाले राजसभा बस्यो।

राजसभामा सर्वसम्मतबाट उनलाई बैशाली राज्यको राज नर्तकी र जनपदका नगर बधु घोषणा गरे। नगर बधुको सुविधाका लागि अलिसान भवन, स्वर्ण मुद्रा, बगैँचाा नौकर, चाकर, सुरक्षा र सुविधा सम्पन्न दुई घोडे बग्गि पनि प्रदान गरियो। यस प्रकार अम्रपाली प्रसिद्धि र समृद्धिको चरम् शिखरमा पुगिन्। छोटो समयमै उनको प्रसिद्धिले आसपासका छिमेकी राज्यहरूमा पनि धाक जमाउन सफल भइन्।

यो खबर राजा बिम्बिसारको कानमा पनि पुग्यो। राजा बिम्बिसारले उनको प्रसिद्धि हेर्नका लागि उज्जेनका बिनवादक आमोदको रुपमा भेष बदलेर गएका थिए। तर, उनको अकल्पनिय सौन्दर्य, नृत्य, गीत, संगित र सेवाले बिम्बिसरलाई एक हप्तासम्म कैद बनाएर राखे। यसरी, कैयौं राजा, महाराजा र धनपतिहरू समय समयमा उनको कैदी हुन रुचाउँदथे। राजा महाराजा र धनपतिहरूसँगको सुखद संगत, सुख, सयल, ऐश्वर्य भोग बिलास, गीत, संगित, नृत्य र बिलासित जीवनको उनले प्रत्यक्ष अनुभव गरेकी थिइन्।

नगर बधुकै सवालमा बैशाली र श्रावस्तीकोबीचमा मनमुटाव भयो। यस घटनाको बारेमा बैशाली राज्यको राजालाई जानकारी प्राप्त भए पछि, आफ्नो बिरोधीलाई आश्रय दिएर गोप्य सूचनाको जानकारी दिएको आरोपमा उनलाई राजसभामा

बोलाए राजद्रोहीको कठोर सजाय दिने प्रस्ताव भयो । तर, राजाले उनलाई एक पटकलाई सफाइ दिने अवसर पनि दियो ।

महाराज, यो बैशालीको सम्मानित राजसभामा उपस्थित रहनु भएका अधिकांश भारदारहरूलाई मैले कुनै न कुनै समय र अवस्थामा मनोरञ्जन गराएकी छु । किनभने, यसैको लागि मलाई बाध्यात्मक अवस्थामा नगर बधु बनाइएको थियो । यही कारणमा मेरा माता पिताले आत्म हत्या गर्यो । म पनि तपाईँहरू जस्तै सामाजिक प्राणी हुँ । व्यक्तिगत परिवारको चाहना थियो । त्यसैले राजकुमार बिम्बिसारसँग प्रेम गर्न पुगे । प्रेम गर्नु भन्दा पहिले, मलाई उनको परिचय थाहा थिएन । तैपनि मैले उनलाई बैशालीको कुनै पनि गोप्य सूचना दिएर राजद्रोहीको काम गरेकी छैन । अर्को कुरा तथागत बुद्धले भन्नु भएको छ, भय र हिंसालाई त्यागे पछि, सत्यको उजागार हुन्छ । त्यसैले, मैले सत्य बोलेको हुँ । तैपनि भारदारहरूको सिफारिस अनुसार सजाय दिन चाहनु हुन्छ भने पनि मलाई मन्जुरी छ । यदि तपाईँले कुनै सजय दिनु भएन भने, अब म बुद्धको शरणमा जान्छु, आफ्नो सफाइमा अम्रपालीले एकदमै दृढताकासाथ भन्यो । बुद्धको नाम सुन्ने बित्तिकै राजसभामा सबै सदस्यहरू मौन बस्यो ।

यस दौरान उनको एक पुत्र जन्मिए । तर, पुत्रको पिता बन्ने प्रस्ताव कसैले पनि स्वीकार गरेनन् । यस घटनाले उनको अन्तरात्मामा गहिरो चोट लायो । संसारबाट बिरक्त भइन् ।

एक्लो महशुस गरिन् । तै पनि उनीसँग समृद्धि र सहनशिलता दुबै थिए। जिउन सक्ने कला सिक्नका लागि उनको नाम जिवक राखे। आठ वर्षको उमेरमा काशी बैद्य गुरुकुलमा पठाए। उनले राम्रो सँग अध्ययन गरी बैद्यराज भए । उनी आफ्नो कालको चर्चित बैद्यराज थियो ।


श्रावस्तीमा बुद्धको प्रभाव बढदै गए पछि उनी बुद्धको संगतमा पुगे । बुद्धको बिद्धताको बारेमा सुने पछि बुद्ध सहित संघलाई भोजन दानका लागि निमन्त्रणा दिए।

'तथागत बुद्धले पनि मौन सहमति दियो'
'तर, भिक्षुहरूले असन्तोष प्रकट गरे ।'
'असन्तोष हुनका कारण,' बुद्धले सोधे ?
'अम्रपाली नामुद बेश्य हो,' एकजना भिक्षुले भन्यो ।

अम्रपाली बेश्य हो भन्ने कुरा मलाई पनि जानकारी छ। त्यति मात्र होइन, अम्रपालीको पूर्व जुनीको कथा पनि थाहा छ । उनी किन बेश्य बन्यो ? कसले बेश्य बनायो ? कस्का लागि बेश्य बन्यो ? बेश्य हुनमा के रहस्य थियो ? यो श्राप हो कि बरदान हो ? उनको इच्छा थियो वा थिएन ? बुद्धले प्रश्नै प्रश्नको पोका भिक्षुहरू समक्ष राखि दियो। बुद्धको कुरा सुनेर भिक्षुहरू सबै मौन भए। कसैले पनि जवाब दिन सकेन।

'हे भिक्षुगण,' अम्रपाली किन नगर बधु भए ? उनको पूर्व जुनी, बिगत र बर्तमानलाई राम्रोसँग सुन । अनि मात्र भोजन

दानमा जाने वा नजाने आफै निर्णय गर्नु । भोजन दानमा सबै भिक्षुहरू अनिवार्य जानै पर्छ भन्ने बाध्यात्मक अवस्था छैन । तै पनि कुनै विषय वा बस्तुलाई अस्विकार गर्नु भन्दा पहिला त्यसको गुण र दोषलाई राम्रोसँग केलाएर हेर्नु पर्छ । बिद्यमान अवस्था पनि यस्तै घटनासँग सम्वन्धित छ, बुद्धले उपदेश गरे ।



बिद्यमान अवस्थमा चर्चित अम्रपालीको कथा अनुसार पूर्व जुनीमा सुन्दी नामक अप्सरा श्रवन भन्ने ऋषिको तपस्या भङ्ग गर्न आएकी थिइन् । तपस्या भङ्ग भए पछि उनीहरूमा प्रेम बस्यो । अन्तत, सुन्दीले एउटी कन्यको जन्म दिइन् । मेरो लक्ष्य पुरा भयो । अब मलाई जाने आज्ञ दिनुहोस् भनेर ऋषिलाई नमन गरी स्वर्ग प्रस्थान गरिन् । अब ऋषिलाई बडो झन्जड आइलाग्यो ! कन्यालाई साथमा लिएर भिक्षाटनमा कसरी

जाने ? ऋषिले कन्यालाई आमको रुखको फेदमा छाडेर भिक्षाटनमा गए। फर्केर आउँदा कन्या नदेखे पछि, श्रवन ऋषि बौलाए। मेरो कन्या जो कोहिले लगे पनि उनको भलो होस् । मेरी सुन्दी जस्तै चर्चित नर्तकी र रुपवती होस्। उनको सौन्दर्यको प्रभावबाट सबै प्रभावित हुन् । यो वरदान श्राप बनोस्। श्रापबाट बैराग्य प्राप्त भएर सुगति प्राप्त होस्, ऋषिले बरदान र श्राप एकैसाथ दिए।



बर्तमानमा मानिसहरूको जो अवस्था छ। जस्तैः कीर्ति प्रभाव ऐश्वर्य, धन, निर्धन, ज्ञानी, अज्ञानी, रुप, कुरुप नृत्य, संगित, तर्क चेतना र बिवेक जे जास्तो प्रभाव देखिएको छ, त्यो उनको पूर्व जुनीको अप्रत्यक्ष प्रभाव रहेको हुन्छ। यसलाई मैले व्युत्पतिको बिउ भनेको हुँ। जस्तो खालको बिउ छ, त्यसैको लक्षण लिएर उम्रिन्छ। त्यही स्वभाव अनुसार फल पनि लाग्छ।

अंगुलिमाला जस्तो हत्यारा अहिंसक हुन सक्छ भने अम्रपाली मा पनि परिवर्तन हुन सक्ने प्रशस्त सम्भावनाहरू देखिन्छ। उनमा नृत्य र संगितको उत्कृष्ट चेतना छ। नृत्य र संगितको चेतनामा साधनाको शक्ति हुन्छ। यही शक्तिबाट उनले चेतनाको दियो बाल्न सक्दछ। त्यही दियोको जगमा

बसेर श्रोतापति फल प्राप्त गरी अहर्त प्राप्त गर्न सक्दछ। यसमा कुनै शंका नगर्नु।

तथागतको उपदेश सुने पछि भिक्षुहरू भोजन दानमा गए। भोजन ग्रहण गरेर अम्रपालीलाई उपदेश दिए। अम्रपालीले आफुले अर्जन गरेको बिशाल अम्रपाली महल भिक्षु महासंघलाई दान दियो। सातौ दिनमा जिवक सहित प्रबर्जित भएर भिक्षुणी संघमा प्रवेश गरिन। उनको नाम अग्रस्थानमा लिइन्छ।

**१०. धर्मपाल अहिंसक–**

भिक्षु अहिंसक बुद्ध शासनमा दशौं अहर्त थियो। उनको जन्म कौशल राज्यमा भएको थियो। उनको पिताको नाम रमानन्द र माताको नाम कापिला थिइन्। उनको पिता रमानन्द कौशल राज्यमा राजकीय कर्मचारी थियो। राजगुरुले तयार गरेको जन्म कुण्डलीमा सैकडौं मानिसहरूको हत्या गर्न सक्ने, आतंककारी चरित्रको योग देखिएको भविष्यवाणी गरेको थियो। त्यसैले, उनको नाम अहिंसक राखियो।

त्यस समय कौशल राज्यमा पन्नराम भन्ने गुरुको आश्रम थियो। आठ वर्षको उमेरमा त्यही गुरुकुलमा प्रवेश गरे। आश्रममा मारुति, लाल, बष्प, राज, धनपाल, मिष्ठ, बरुण श्रीकृष्ण, चन्द्र र अहिंसक गरी दश जनाको समुह थियो। उनका समकालीन साथीहरू सबै धनपतिका छोराहरू थिए। अहिंसक निम्न परिवारका थिए। तर, तिक्ष्ण बुद्धि भएकोले त्यस समूहको प्रत्येक गतिविधिमा अग्र पत्तिंमा हुन्थे। गुरुकुलको अनुशासनमा

पनि खरो उत्रिएको हुनाले उनी प्रति गुरुमाताको पनि विशेष कृपा पात्र थियो। यसैले सहपाठीहरू इर्ष्याले जल्दथे।

राजा प्रसेनजितको एकलौटी छोरी थियो। उनको नाम माया थियो। एकदिन उनी सिकार खेल्न जंगल गए। त्यस बखत अहिंसक गुरु भाइहरूसँग जंगलमा दाउरा खोज्न गएका थिए। त्यसै समय एउटा घायल सिहँले मानिसहरू माथि अचानक आक्रमण गरिरहेको देख्यो। गुरुभाइहरू सबै ज्यान जोगाउन रुखमा चढे। तर, अहिंसक मानिसहरूको सहयोगका लागि जाँदा घायल सिँहले आक्रमण गर्यो। उनी बलवान, चतुर र मल्ल युद्धमा पनि निपुन भएकाले सिँहलाई परास्त गर्न सफल भए। तर सिँहको पञ्चले उनलाई गम्भीर चोट लागेको थियो। त्यसैले राजकुमारी मायाले उनको बहादुरीको प्रशंसा गर्दै शिविरमा लगेर उचित उपचार गरिन्। उपचारको दौरान राजकुमारी माया अहिंसकको बीरता प्रति मोहित भए। तर, अहिंसकलाई यो कुरा थाहा थिएन। केही दिन उपचार गरेर पुनः आश्रम फर्किए।

अहिंसक आश्रममा अनुपस्थित भए पछि उनको बारेमा राम्रा नराम्रा, चर्चाहरू भए। सेनापतिका पुत्र धनपाल उनको विशेष प्रतिद्धन्ति थियो। उनैसँग गुरुले अहिंसकको बारेमा सोधे। मेरो प्रतिद्धन्तिलाई समाप्त पार्ने उत्तम अवसर यही हो भनि कपोल कलिपत आरोप लगाउँदै, यदि अभय दान दिनुहुन्छ भने मात्र केही भन्न सकिन्छ धनपालले भन्यो।

‘अभय दान दिए,’ सत्या कुरा भन गुरुले भन्यो ।
‘अहिंसकको गुरुमातासँग अनुचित ... यौन ... सम्बन्ध ...’

हिंसक प्रति गुरुमाताको विशेष कृपा भएको सत्य कुरा गुरु पन्नरामलाई पनि थाहा थियो । अहिंसकको जन्म कुण्डलीको बारेमा पनि राम्रो ज्ञान थियो । यसैको आधारमा धनपालको कुराले थप बल दियो । अनुचित शब्दको उच्चारणले गुरु पन्नरामको चिसो रगत उम्लेर आयो । उनी बौलाएर बिवेक शुन्य भयो । बिबेक शुन्य भए पछि मानिस पशुत्वमा झर्छ ।

अहिंसक आश्रम फर्किए पछि गुरु भाइहरूसँग छलफल भयो । यस दौरान धनपाल र अहिंसकको बीचमा चर्काचर्की भएर हातापात भयो । यसै हातापातमा धनपालको मृत्यु भयो । यही घटनाले गर्दा, उनलाई तुरुन्तै आश्रम छाड्ने आदेश भयो । तर अहिंसकले गुरुदक्षिणा नदिइ आश्रम नछाड्ने अडान लिए पछि एक हजार मानिसको अंगुलिको माला लिएर गुरुदक्षिणा दिन आउनु गुरुले भन्यो ।

अर्को कुरो, यस घटनामा हत्यारा सावित भए पछि उनलाई सेनाले खोज्न थाल्यो । आश्रम त्यागेर उनी लुक्दै छिप्दै घर गए । घरमा पिताले पनि तिरस्कार गरे । जीवनमा अप्रत्यशित घटनाका कारण उनी समाजबाट तिरस्कृत भएको महशुस भयो । मनभरी तिरस्कार र उपहास लिएर उनी सिधै जंगल पसे ।

श्रावस्तीको घना जंगलमा आश्रय लिए पछि गुरु दक्षिणाको बचन र सामाजिक तिरस्कारको बदला लिने

उद्देश्यले आसपासका गाउँका मानिसहरू जो जंगलको बाटो हुँदै आउने जाने गर्थे, उनीहरूको हत्या गरी कान्छी औँला काटी माला बनाउथे। यस्तो कुकृत्यबाट आसपासको गाउँ र नगरमा आतंक फैलिएको थियो। त्यसैले उनको नाम अंगुलिमाला रहन गएको भन्ने बौद्ध साहित्यमा पाइन्छ। घट्नको बारेमा बुद्धलाई जानकारी थियो।

बाटोमा जाँदै गर्दा, गोठाला र खेतालाहरू भेटे। उनीहरूले तथागतलाई नमस्कार गर्दै भने, जुन दिशातिर तपाइँ जाँदै हुनुहुन्छ, त्यो क्षेत्र डाँकु अंगुलीमालाको हो। त्यो क्षेत्रको मानिसहरू धेरै जसो डाँकुबाटै मारिए। बचेकाहरू सबै त्यहाँबाट बिस्तापित भइसकेका छन्। त्यतातिर नजानु होस्, गाउँवासीले आग्रह गरे। तर तथागत केही नबोलीकन निरन्तर बढदै गयो। बाटोमा सेना सहित राजा प्रसेनजितसँग पनि भेट भयो।

राजा प्रसेनजितले बुद्धको चरणमा ढोगे पछि भने तथागत यस्तो घना जंगलतिर आउनुको कारण सोधे ?

'सेना सहित तपाइँ किन नि ?' बुद्धले प्रतिप्रश्न गरे।

यस क्षेत्रको घना जंगलमा डाँकु अंगुलिमालाले आतंक मच्चाइ रहेको छ। उनलाई तह लगाउन सेना सहित आएको हुँ, प्रसेनजितले भन्यो।

एउटा डाँकुलाई तह लागाउनका लागि यति धेरै सेना ? तपाइँ दरबार फर्कनु होस्। म तह लगाएर आउँछु, बुद्धले भन्यो।

उनका साथमा गएका भिक्षुहरूलाई पनि फर्कन आदेश दिए र निर्धारित दिशातिर अगाडि बडनु भयो। बुद्धको कठोर निर्णय के अर्थमा किन र कसरी भयो ? कसैले पनि केही भन्न सकेन, सबै अलमलमा परे । भिक्षु आनन्दले तत्काल केही सौँच्न सकेन। कन्चट तातेर आयो। त्यसै अवक्क भएर बसे।

'केही समय पछि बुद्ध जंगलको मध्य भागमा पुगे।'

'पछाडिबाट पख, पख,' भन्ने आवाज बुद्धले सुन्यो।

आज यो साधु कालको मुखमा आफै आएको छ। यो बडो सुनौलो अवसर छ। यसको हत्या पछि मेरो मालामा हजार जनाको अंगुलि हुनेछ। यसबाट मेरो गुरु दक्षिणाको बचन पूर्ण हुनेछ, भन्दै बुद्धको पछि दौडिन्दै आए । जति दौडिए पनि बुद्धलाई भेट्टाउन सकेन ! डाकु अंगुलिमाला बुद्धको पछाडि दौडिन्दै गर्दा लखरन्न भए पछि, पख, पख, रोक, रोक भन्दै कराउँदै आए।

'हे अहिंसक,' म त रोकिसकेको छु। अब तिमी रोकिनु पर्छ। तिम्रो हत्या हिंसाको मार्ग रोकिनु पर्छ। यदि तिमीले मेरो कुरा सुन्यौ भने, तिमीले पनि शान्ति प्राप्त गरेर निर्वाण प्राप्त गर्न सक्दछ, बुद्धले भन्यो।

अहिंसक शब्द सुन्ने बित्तिकै उनको मनमा अचम्मको तरंग फैलियो । तर, उनले आफ्नो मन काबुमा राख्दै शान्ति पथ ? निर्वाण ? यो के भन्दै छौ तिमीले ? तिमी को हौं ?

मेरो नाम सुनेर सबै भयभित हुन्छन् । के तिमीलाई म देखेर भय लाग्दैन ? उनले पुनः भन्यो ।

'हे अहिंसक,' म गौतम बुद्ध हुँ । तिमीलाईनै उद्दार गर्न यहाँसम्म आएको हुँ । फेरि तिमीसँग केको भय ? मैले देखिरहेको छु, तिमी आफै भयमा छौं । जो हत्या तिमीले गर्दै आएका छौं त्यसैको कारण भय र चित्कार प्रतिबिम्बित भएर तिमीतिर फर्किएर आउँछन् । त्यसैको तिमीलाई भय छ । त्यसैबाट आतंकित छ । अशान्त छ । अब हिंसाको मार्ग त्याग । आजदेखि तिमी त्यही अहिंसक हो, जो पहिले थियो । म सत्य भन्दै छु । त्यसै बखत डाँकु अंगुलिमालालाई शितलता प्रदान गर्ने दिव्य दर्शन गरायो । आफ्नो पुरानो अहिंसक नामबाट लामो समय पछि कसैले बोलाएकोले अंगुलिमाला आफै पनि नराम्रोरी झस्कियो । तर उनलाई यादै भएन ।

बुद्धको दिव्य दर्शन भए पछि अंगुलिमालाको चेतना खुल्यो । आफुले गरेको अपराधको कारण हिनता बोध भयो । पश्यताप गर्दै, अंगुलिको माला बुद्धको चरणमा फाल्यो । यदि यो सत्य हो भने, अब मैले के गर्नु पर्छ ? अहिंसकले नरमसँग भन्यो ।

अब, हत्या, हिंसा र प्रतिशोधको मार्गलाई त्यागेर शान्तिको मार्गमा जाने । घृणाको मार्ग त्यागेर प्रेमको मार्गमा जाने । यही मार्गबाट मात्र तिमीले निर्वाण प्राप्त गर्न सक्दछ, बुद्धले भन्यो र जेतवनतिर फर्कियो ।

बुद्धको दिव्य दर्शन पछि बुद्धम् शरणम् गच्छामि । धर्मम् शरणम् गच्छामि । संघम् शरणम् गच्छामि भन्दै श्रावस्ति नगरतिर गए । नगरमा उनलाई देख्ने बित्तिकै नगरवासीहरू भयभित हुँदै भागाभाग भए ।

अहिंसक नगरको बीच भागमा उभिए भने, 'हे नगरवासी हो,' म अहिंसक थिए । तर, परिस्थितिले अंगुलिमाला बनायो । अब पुनः अहिंसक भइसकेँ । नगरवासीहरू समक्षा क्षमा याचना गर्न चाहन्छु । हत्याबाट पश्चतापमा, घृणाबाट प्रेममा र हिंसाबाट शान्तिको मार्गमा जान चाहन्छु । त्यसैले, मेरो अतीतका कारणमा नगर वासीहरूले जे जस्तो सजय दिन चाहनु हुन्छ ? मलाई स्वीकार छ, अहिंसकले नम्र भएर अनुरोध गर्यो ।

यसरी, मानव हत्यमा उत्रिएको अंगुलिमाला पुनः अहिंसक बनेर अहर्त बने । उनले निर्वान प्राप्त गरे पछि श्रावस्तिको महाउपासक अनाथपिण्डकले उनकै महल अगाडि अंगुलिमालाको स्मरणमा बिशाल स्तुपा निर्माण गरे । त्यो अवशेष अंगुलिमाला गुफाबाट चर्चित छ ।

यसबाट के शिक्षा प्राप्त हुन्छ भने, उत्कृष्ट गुण भएको मानिसहरूको अप्रत्यक्ष रुपमा धेरै प्रतिद्धन्दिहरू हुन्छन् । समय र परिस्थितिले साथ नदिए पछि सबै बिपरित धारमा हुन्छन् । बुद्ध स्वयमसँग यस्तो अप्रिय घटना भएको थियो । सबै मानिसलाई आफ्नो अस्तित्वको सवाल हुन्छ । पहिचानको सवाल हुन्छ । बैचारिक संधर्ष हुन्छ । तर्क बिर्तक हुन्छ । प्राज्ञिक छलफल

हुन्छ। विषय बस्तु माथि अध्ययन र अनुसन्धान हुन्छ। अवस्था अनुसार योजना बनाइन्छ। जंगली जनवारहरूको अवस्थालाई पनि शुष्म रुपमा अध्ययन गरी हेर्नु होस् त ? आफुलाई खतरा महशुस भयो भने ज्यानको बाजि लगाएर पनि प्रतिकार गर्न खोज्दछन् । अथवा धावा गर्दछन् । परिणाम जे सुकै होस्। प्राकृतिको मौलिक सिद्धान्त अनुसार, यस्तो संकटकालिन अवस्थामा प्रतिकार बाहेक सामाजिक मुल्य र मान्यताको कुनै अर्थ रहँदैन। अहिंसकसँग पनि यही भएको थियो। जुन कुरा बुद्धले बाहेक अरुले यसको मार्मिक गहिराइलाई बुझ्न सकेनन्। बुद्धले यसको कारण बुझ्यो। उपचार गर्यो। परिणाम पनि उत्कृष्ट देखियो । डाकु अंगुलिमाला अहिंसक बन्यो । अहिंसकको जातककथा बौद्ध साहित्यमा सुनौलो अक्षरले लेखियो।

राम्रोसँग बुझ्ने प्रयास गर्नुहोस् त, रामले रावणलाई मारे। कृष्णले कंशलाई मारे । तर, गौतम बुद्धले अंगुलीमालालाई रुपान्तरण गराए। हत्याराबाट अहिंसक बनाए। अहिंसकबाट भिक्षु बनाए। भिक्षुबाट अहर्त बने। अहर्तबाट धर्मपाल बने। कसरी रुपान्तरण भयो ? यसबाट के कुराको सिद्ध हुन्छ भने प्रत्येक मानिसमा गुण र अबगुणहरू बराबर हुन्छन् । तटस्त गुण एक प्रतिशत मात्र हुन्छन्। त्यही एक प्रतिशत तटस्त गुण कतातिर रहन्छ ? त्यतैतिरको गुणमा बहुमत देखिन्छ। यसलाई अलिकति गहिरिएर अभ्यास गर्नु होस् त ? तपाइँ स्वयंले पनि अनुभव गर्न सक्नु हुनेछ । तपाइँ यो अभ्यासमा सफल हुनु

भयो भने जीवनमा अमूल परिवर्तन हुनेछ । रुपान्तरण हुनेछ । कायापलट हुनेछ । यो कुरा घाम जतिकै सत्य छ ।

११. **धर्मपाल सुजाता–**

श्रोतापन्न सुजाता बुद्ध शासनमा एघारौँ अहर्त थिइन् । उनको जन्म बुद्धगयामा भएकी थिइन् । उनको पिताको नाम रेवत ब्राह्मण र माताको नाम रेवती थिइन् । उनले पुत्र लाभको लागि बोधि बृक्षलाई भाकल गरेकी थिइन् । एकदिन सबेरै पूजा गर्न आउँदा, पिपलको रुख मुनि एकजना भिक्षु ध्यानमा बसिरहेको देखे ।

अहो, म कस्तो भाग्यमानि रहेछु । मेरो पूजा स्थलमा साक्षेत भगवान पो बसिरहनु भएको रहेछ भन्ठानेर श्रद्धाकोसाथ पूजा गरी स्वर्ण पात्रमा खीर दान गरिन् ।

उनी भिक्षु शाक्यमुनि गौतम थियो । उनले पनि खीर दान स्वीकार गरे । अपरान्ह भन्दा पहिले नेरन्जना नदीमा स्नान गरी खीर ग्रहण गरे । शाक्यमुनि गौतमले खीर ग्रहण गरेको कुरा पञ्च बर्गिय भिक्षुहरूले थाहा पाए पछि उनलाई त्यागेर गए । त्यही रातमा गौतमले बुद्धत्व प्राप्त गरेको हुन् ।

सुजाताको मनोकामना पूर्ण भए पछि उनी बुद्धको संगतमा आए । बुद्धको सत्सँग गरे पछि उनी श्रोतापन्न भइन् । त्यसपछि अहर्त बनिन् । उनको योग्यता र क्षमताको मुल्याङ्कण गरी बुद्धले उनलाई धर्मपाल घोषणा गरे ।

१२. **धर्मपाल उपाली–**

भिक्षु उपाली बुद्ध शासनमा बाह्रौं अहर्त थियो । उनको जन्म कपिलबस्तु राज्यको भुगत ग्राममा भएको थियो । उनको पिता जिवराज र माताको नाम सुमी थिइन् । उनको पिताले शाक्य राजपरिवारमा नाईको जागिर पाएको थियो । पछि पिताको ठाउँमा उपालीले काम पाए । गौतम बुद्ध मातृभूमि आएको अवसरमा उपालीले प्रबज्य लियो ।

१३. **धर्मपाल बज्रपानि– यक्षको सेनापति ।**

१४. **धर्मपाल खडकापानि– गन्दर्भको सेनापति ।**

१५. **धर्मपाल बज्रसत्व– यक्षको सेनापति ।**

१६. **धर्मपाल धनदेव कुबेर– यक्षपति ।**

१७. **धर्मपाल बज्रकेतु– यक्षपति ।**

१८. **धर्मपाल मुचलिन्द– नागराज ।**

१९. **धर्मपाल गणपति– गरुडराज ।**

२०. **धर्मपाल महासत्व– गन्दर्भपति ।**

२१. **धर्मपाल रुद्रमती– किन्नरपति ।**

२२. **धर्मपाल चरुमती– किन्नरपति ।**

२३. **धर्मपाल रेवती– नागरानी ।**

२४. **धर्मपाल बिषमती– नागरानी ।**

२५. **धर्मपाल ह्याङ्गृब– आश्वराज ।**

# ३०. पवित्र बौद्ध तिर्थस्थलहरूः

भगवान शाक्यमुनि गौतम बुद्धको जीवनीसँग सम्बन्धित जन्म, वोधिलाभ, धर्मप्रर्वतन र महापरिनिर्वाण जस्ता घटना हरूलाई अतिमहत्त्वका साथ लिने गरिन्छ। यी चार घटना घटेको तिथिहरूमा भगवान बुद्धको स्मरणमा पूजापाठ गर्नु, उक्त स्थानहरूको दर्शन र भ्रमण गर्नाले पुन्यलाभ गर्न सकिन्छ भन्ने बिश्वास रहेको छ।

यसबारेमा बुद्ध स्वंमले वहाँको महापरिनिर्वाण हुने अन्तिम अवस्थामा आनन्दले भगवानको महापरिनिर्वाण पश्चात कस्को साहारा लिने भनि भगवानलाई सोध्नु हुँदा, माथिका चार घटना घटेका स्थानहरू लुम्बिनी, बौद्धगया, सारनाथ र कुशिनगरको दर्शन गर्नु। म त्यहाँ हुनेछु भन्नु भएको थियो। सोहि अनुसार प्रत्येक बौद्धमार्गीहरूले जिवनमा एक पटक मात्र भए पनि यो चार स्थानहरूको दर्शन गरी बुद्धज्ञान प्राप्त गर्दा जीवन सार्थक हुनेछ। साथै पवित्र चार धामको प्रत्यक्ष दर्शन गरे पछि वा बुद्धबचन त्रिपिटकको ग्रन्थहरू बाचन गरे पछि वा कुनै पनि पिटक छाप्नका लागि दान गर्नु हुने सहयोगी दाताहरू वा

उपासक र उपासिकाहरू बुद्धक्षेत्र सुखवतीको हकदार हुने छन् । फेरिपनि मृत्यु हुनु भन्दा पहिला नै गर्नु पर्ने र चाहनु हुने उत्कृष्ट कर्महरू बाँकी राख्नु हुँदैन । मृत्यु पश्चात गर्नु पर्ने दाह संस्कार र पिन्डकर्महरू उत्तराधिकारीहरूको कर्तब्य र दायितव हुन् ।

१. **लुम्बिनी**ः

कपिलबस्तुको राजा शुद्धोधनको रानी महामायादेबी आफ्नो माइती देवदह जाने क्रममा सुन्दर लुम्बिनी साल बगैंचाामा बैशाख पूर्णिमाको दिन ६२३ इशापूर्व शाक्यमुनि गौतमको जन्म भएको थियो । त्यसैले यस स्थानलाई बुद्ध जन्मभूमि लुम्बिनी भन्दछ । यहाँ लुम्बिनी साल बगैंचा महामाया विहार शाक्यमुनिको शिला, अशोक पिलर, पोखरी र बिभिन्न देशका बौद्ध संस्कृति झल्किने गरी निर्माण गरिएका बौद्ध स्तुपाहरू, गुम्बाहरू बिश्वशान्तिदीप लुम्बिनी बौद्ध विश्वविद्यालय आदि रहेका छन् ।

२. **बुद्धगया**ः

आदिम कालमा गया नामक गाउँमा सुजाता नामक महिला थियो । उनले पुत्र लाभको लागि पिपलको रुखमा भाकल गरेकी थिइन् । एक बिहना पूजा गर्न जाँदा त्यहाँ भिक्षु देखे । उनलाई देवता सम्झि सुनको पात्रमा खीर चढाए । खीर ग्रहण गरे पछि आहार त्यागेर गरेको तपस्याबाट जीर्ण भएको

शरीरमा उर्जा संचार भयो। त्यसपश्चात मध्यमार्गी बाटो अपनाइ गरिएको ध्यान र साधना मार्फत बैशाख पूर्णिमाकै रात बुद्धत्व प्राप्त गर्नु भएको स्थान बुद्धगया हो । त्यहाँ महादेवी विहार, देशतिल विहार ८० फिट आग्लो बुद्धको मुर्ति, नेरन्जना नदी, डुंगेस्वरी पर्वत र सुजाता महल आदि रहेका छन् ।

३. **सारनाथः**

तथागत बुद्धले आफ्नो मातृभूमि कपिलबस्तुबाट प्रबर्जित भएर आएका पञ्च बर्गिय भिक्षुहरूलाई यदि मैले बुद्धत्व प्राप्त गर्न सके भने, सर्वप्रथम तपाइँहरू पाँच जनालाई धर्मदेशना गर्ने छु भनि, संकल्प गरेका थिए। त्यही अनुरुप देवताहरूको आग्रह र अनुरोधमा पहिला आफुलाई छाडि गएका पन्च बर्गिया भिक्षुहरूलाई आफुले प्राप्त गरेको बुद्धज्ञान सुनाउनु भै प्रथम पटक धर्मचक्र प्रर्वद्धन गर्नु भएको पवित्र स्थान हो सारनाथ । यहाँ मृगदयबन, अशोक स्तम्भ, गन्धकुटी विहार, धर्म स्तुपा चौखण्डि स्तुपा र वस्तु संग्रहलय रहेका छन् ।

४. **कुशिनगरः**

तथागत बुद्धले ८० वर्षको उमेरमा कुशिनगर स्थित साल बागमा महापरिनिर्वाण प्राप्त गर्नु भएको थियो । त्यस बखत तथागत बुद्धले "अपोदीपभव संस्कारदर्पण बुद्धदर्शन । सबै मान्छेमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ," भन्नु भएको थियो।

तथागत गौतम बुद्धको यो अन्तिम बचन थियो । त्यसपछि प्रथम ध्यान, द्वितीय ध्यान, तृतीय ध्यान, चतुर्थ ध्यान हुँदै महासमाधिमा प्रवेश गर्नु भयो । त्यहीबाट महापरिनिर्वाण प्राप्त गर्नु भयो । त्यो स्थानलाई कुशिनगर भन्दछ । त्यहाँ महापरिर्निर्वाण स्थल, साल बगैंचा, रामाभार स्तुपा, चन्द्रमनि विहार र वस्तु संग्रहलय आदि छन् ।

**५. अम्रपाली:**

भगवान बुद्धले रुपवती अम्रपालीको भोजन दान ग्रहण गरी धर्मोपदेश गर्नु भयो । त्यही धर्मोपदेशबाट प्रभावित भएर बैशाली नगरको बिशाल अम्रपाली भवन भिक्षु महासंघलाई दान गरी सातौं दिनमा भिक्षुणी बनेर संघको सेवामा लागे ।

उनले छोटो समयमै अहर्तत्व प्राप्त गरिन् । बुद्ध शासनमा उनी दशौ अहर्त थिइन् । तथागत बुद्धले सय दिनको भाका राखि आयु त्याग गरी महापरिनिर्वाणको लागि कुशिनगर तर्फ यसै स्थानबट प्रस्थान गर्नुभएको पवित्र स्थल हो । यहाँ भगवान बुद्धको अस्तिधातुबाट निर्माण भएको स्तुपा, अशोक स्तम्भ, आम्रबन र वस्तु संग्रहलय रहेका छन् ।

**६. स्र्वणसिक्का:**

दानबीर अनाथपिण्डकले स्वर्ण सिक्का बिच्छ्याएर खरिद गरेको बगैंचाामा बनाइएको जेतवन बिहारमा बुद्धले जिवनको लामो समय ध्यान र साधना गर्नु भयो । उनले अंगुलीमालालाई

उपदेश, बुद्ध जन्मेको सातौँ दिनमा दिवंगत हुनुभएकी आमा महामाया देवीलाई धर्म देशना गर्न देवलोक जानु भएको पवित्र तिर्थस्थल हो। यहाँ जेतवन विहार आनन्द बोधिबृक्ष, थाईलैण्ड बौद्ध विहार, अंगुलिमाला गुफा अनाथपिण्डक दानस्थाल आदि रहेका छन्।

७. **शंकाशी**:

तथागत बुद्धको शासन कालमा ब्रह्मा, बिष्णु, महेश, देवेन्द्र यक्ष, गन्दर्ध, किन्नर, नाग, गरुड, अष्टबर्गहरू र थुप्रै देवी देवताहरू पृथ्वीमा एकसाथ अवतरण भइ तथागतको धर्मोपदेश सुनेको पवित्र स्थान शंकाशी हो। यो स्थान श्रावस्ती नजिकै रहेको छ।

८. **नमोबुद्ध**:

आदिम कालमा बोधिसत्व पनौतीको राजकुमार छँदा पाँच डमरुहरू (बाघको बच्चालाई डमरु भन्दछ)का बिरामी बघेनीलाई आफ्नो साँप्रको मासु काटेर दान गरेको स्थान नमोबुद्ध हो भन्ने बिश्वास गरिन्छ। पछि तुषित भुवनबाट सेतो हात्तीको रुपमा रानी महामाया देवीको कोखमा प्रवेश गर्नु भइ, राजकुमार शाक्यमुनि गौतमको रुपमा प्रबर्जित भइ, बुद्धत्व लाभ गरे पछि ती डमरुहरू को थिए भनि चक्षुबाट हेर्दा, बधेनी प्रजापति गौतमी र पाँच डमरुहरू पन्चबर्गिय भिक्षुहरूको रुपमा बुद्धको सेवक बन्न पुगे भन्ने कथा महाजातकमा स्पष्ट उल्लेख भएको पाइन्छ।

९. **अष्टमहाचैत्यः**

तथागत बुद्धको महापरिनिर्वाण भए पछि उनको पार्थिक शरीरलाई अग्नि प्रज्जवलित गरी बाँकी शेष रहन आएको धातुलाई आठ भागमा बाँडि चैत्यहरू निर्माण गरिएको हुँदा, यिनै आठवटा चैत्यहरूलाई 'अष्टमहाचैत्य' भनिएको हो। यी अष्टमहाचैत्यहरू कहाँ कहाँ निर्माण गरिएका छन् भन्ने बारेमा संक्षिप्त जानकारी गराउने प्रयास रहेको छ।

१. मगध राज्यका राजा अजात शत्रुले आफ्नो राजधानी राजगृहमा बिशाल चैत्य निर्माण गरी तथागत शाक्यमुनि गौतम बुद्धप्रति श्रद्धा चढाएका थिए।
२. द्रोण नामक वेदपाठी ब्राह्मणले रामग्राममा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।
३. पावाको मल्ला राजाले आफ्नो नगरमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।
४. बैशालीका राजा प्रसेनजितले श्रावस्तीमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।
५. कपिलबस्तुको शाक्यहरूले पनि लुम्बिनीमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।



६. गन्धारको राजाले पनि अल्लकप्पमा बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।
७. नागपुरको ब्रह्मादत्त नामक उपासकले बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।
८. कलिङ्गका राजपरिवारका सदस्यहरूले पनि बिशाल चैत्य निर्माण गरी बुद्धप्रति श्रद्धा चढाएका थिए।

यसरी बिभिन्न राज्य र समयमा राजा महाराजाहरू र उपासकहरूद्वारा निर्माण गरिएका 'अष्टमहाचैत्य'हरूको बास्तविक अवस्थाहरूको बारेमा जानकारी लिने प्रयास भैरहेको छ। जान कारीहरू प्राप्त भए पछि अगामि संस्करणमा समावेश गरिनेछ।

## ३१. तथागत र अपोदीपभवः

यस् परिच्छेदमा तथागत र अपोदीपभव भनेको के हो ? यो भनाइले के संकेत गर्छ ? तथागत र अपोदीपभवलाई अलग अलग संकेत गर्छ वा एउटै हो भन्ने कुराको पुष्टि गर्छ, यस बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गर्ने छु ।

"सबै मान्छेमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ ।" यो भनाईको परिवेशमा छलफल गर्ने प्रयास हुनेछ । किनभने यो कुरा हाम्रो जीवनसँग प्रत्यक्ष रुपमा सम्बन्ध रहेको हुन्छ । फरक यति मात्र हो कि यसलाई यहाँहरूले कसरी बुझ्नु भएको छ ? अर्थात हामीहरूले कसरी बुझ्ने ? कस्तो खालको परिभाषा भयो भने, अधिकांश मानिसहरूले सजिलैसँग बुझ्न सकिन्छ ? यो परिच्छेद यसैको सेरोफेरोमा केन्द्रीत रहने छ ।

भाषाविद्हरूको भनाइलाई सापट लिने हो भने, भाषा भनेको एक आपसमा बिचारहरूको आदान प्रदान गर्ने प्रमुख माध्याम् हुन् । त्यसैले चाहे बोलेर होस् वा लेखेर भाषा एकदमै सरल हुनुपर्छ । सरल भए पछि सबैले बुझ्न सकिन्छ । बुझ्नेपछि मात्र के राम्रो के नराम्रो भन्ने विषयमा सही निर्णय गर्न सकिन्छ । कुनै पनि विषयमा निर्णय सही भयो भने मात्र, त्यसको परिणाम पनि उत्कृष्छ हुन्छ ।

त्यही अनुरुप तपाइँले मान्दै आएको धर्मको बारेमा पनि तपाइँ आफै स्पष्ट हुनुपर्छ। फलना गुरुले भने अनुसार गरेको हुँ। फलना आचार्यले भने अनुसार गरेको हुँ, भनेर आचार्यहरूको नाम लिएर उधारो श्रद्धामा अल्मलिनु हुँदैन। किनभने, यो श्रद्धा भनेको हाम्रो हृदयको अत्यन्तै कोमल भागमा निवास गरेको हुन्छ। यो अत्यन्तै कोमल भएकोले, यसले सानो प्रहार पनि थेग्न सक्दैन। थेग्न नसके पछि सकारात्मक प्रतिकृया आउँदैन। त्यसैले यसको मूल आसय बुझेर काम गर्न बुद्धिमानि हुन्छ।

यो भवसागरमा श्रद्धा गर्दागर्दै लाखौं मानिसहरू डुबे। किनभने उनीहरूले उधारो श्रद्धा गरेका थिए। त्यसैले परिणाम पनि उधारै पाए। जे रोप्यो त्यस्तै फल पायो। मकै छरेर धान उम्रिदैन। प्राकृतिको नियम पनि यही हो। अर्थात तथागत भनेकै अपोदीपभव हो। अपोदीपभव भनेकै तथागत हो। समग्रमा यसैलाई बुद्ध भन्दछ।

अर्थात "सबै मान्छेमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ।" यो भनाइसँग तपाइँ सहमत हुनुहुन्छ ? तपाइँको सहमति वा असहमति भन्दा पनि हाम्रो मानव जीवनको बास्तविक धरातल यही हो। यहीबाट अपोदीपभवको आरम्भ हुन्छ। यो शब्द पाली भाषाबाट बिकास भएको संस्कृत शब्द हो। अपो+दीप+भव= अपोदीपभव। अर्थात अपो= आफु, दीप= दीपक, भव= हुनु। आफ्नो दीपक आफै हुनु। आफ्नो दीपक

आफै प्रज्वालन गर्नु । 'अहंबुद्धास्मि' । मेरो लागि बुद्ध भनेको मै हो । अर्थात आफुसँग भएको शीप, उर्जा, कला, कौशल र ज्ञानलाई सही ठाउँमा, सही समयमा उपयोग गर्नु हो । यसको लागि एकजना कल्याणमित्रको आवश्यक हुन्छ । जसले बिना स्वार्थ तपाईँलाई मार्गदर्शन गर्न सकोस् । यसो हुन सक्यो भने तपाइँको जीवनमा अमूल परिवर्तन हुनेछ । उन्नति, प्रगति र समृद्धिको मार्गचित्र कोरिने छ ।

किनभने प्रत्येक मानिसमा बेग्ला बेग्लै गुण र स्वभाव हुन्छन् । त्यो गुणहरूको स्वभावलाई मसिनोसँग केलाएर हेर्न सक्नु पर्छ । समयको गति र सनातनलाई चिन्न सक्नु पर्छ । दश वर्ष अगाडि तपाइँको गाउँ वा नगरको अवस्था के थियो ? अहिले के छ ? किन र कसरी यो परिवर्तन भैरहेको छ ? दश वर्ष पछि के कस्तो परिवर्तन हुन सक्दछ ? यही समयको गतिलाई मसिनो ढंगले लेखाजोखा गरेर अड्काल गर्नुहोस् त । यो परिवर्तनको जगमा तपाइँले थुप्रै कारणहरू देख्नु हुनेछ । तर, त्यसको प्रमुख कारण के हो ? त्यसलाई पहिचान गरेर पक्ष्याउन सक्यो भने त्यही भित्र समृद्धिको मार्गचित्र पाउनु हुनेछ । यसैको जगमा तपाइँले रुपान्तरणको अनुभूति गर्नु हुनेछ ।

जसरी खेतको शत्रु झार भने झैं समाजको शत्रु ब्यभिचार र मानिसको शत्रु अहंकार हो । त्यसलाई त्यागे पछि प्रेम र करुणा मात्र बाँकी रहन्छन् । करुणाले बोधिचित्त उत्पन्न गराउँछ ।

बोधिचित्त प्राप्त भए पछि निःस्वार्थ सेवको भाव उत्पन्न हुन्छ। यसबाट पुण्य प्राप्त हुन सक्ने सम्भावना रहन्छ। भिक्षुसँग पुण्य र गुहस्तिसँग द्रब्य सञ्चित भएन भने, आपतकालिन अवस्थाबाट उम्किन सक्दैन।

यो 'अपोदीपभव' भन्ने शब्द बौद्धमार्गीहरूको लागि अत्यन्तै मौलिक एवं महत्त्वपूर्ण हो। तर, आजभोली बिरानो भैसकेको छ। किनभने यो शब्दको प्रयोग बिरलै मात्रमा हुने गर्दछन्। यसको मुल्य र मान्यतालाई राम्रोसँग बुझ्केकाहरूले पनि यसलाई प्रयोग गर्न खासै रुचाउदैनन्। यसो हुनुमा यहाँभित्र केही कारणहरू रहेका छन्। मैले जाने बुझ्केसम्मको अनुभावलाई साझा गर्दा बोधिचित्त वा श्रोतापन्न प्राप्त भैसकेका भिक्षुहरूको लक्ष्य भनेको अहर्त मार्ग हो। अर्थात निःस्वार्थ भावमा काम गर्नु पर्ने हुन्छ। तर, आजभोलिका भिक्षुहरू, आचार्यहरू, लामाहरू सबै बिलासित बस्तुहरूको उपभोगी भैसकेका छन्। मैले ब्यक्तिगत रुपमा कसैलाई पनि यो अक्षेप लगाउन खोजेको सत्प्रतिशत होइन। तर, बुद्ध धर्मको विद्यमान अवस्थालाई नियलेर हेर्दा, स्वर्ण बजारमा राखिएको अभूषण जस्तो आभास हुन्छ। जसलाई सर्वसाधरणले ग्रहण गर्न सक्दैन।

त्यसैले तथागत बुद्धले बहुजन हिताय, बहुजन सुखाय भन्नु भएको थियो। कुनै पनि राज्य ब्यवस्थ जनहितमा भएन भने त्यो ब्यवस्था दीर्घकालिन हुँदैन भनेर राजा महाराजाहरूलाई

धर्मोपदेश गरेका कुराहरू बौद्ध साहित्यहरू साक्षी छन् । तर, आजका दिनमा बुद्धको आमुल्य उपदेशहरू त्रिपिटकमा मात्र सिमित छन् ।

उपरोक्त भनाइहरू केही हदसम्म पाश्च्यत्य मुलुकहरूमा प्रयोग भएको देखिए तापनि अल्पबिकसित मुलुकहरूमा ब्यवसयिकरण भएको अनुभूति हुन्छ । यस बिषयमा बौद्ध विद्वानहरूले समयमै बिचार पुराउन सकेन भने आचार्यवादको प्रभावले गर्दा बुद्धदर्शनको मूल धरातल कमजोर हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन ।

अपोदीपभव शब्दलाई अंग्रेजीमा Awakening, Awareness Consciousness, Enlightened आदि भन्दछन् । बुद्ध स्वयम् पनि ‘अपोदीपभव’ हुन् । उनी स्वयम् Enlightened हन् । उनले बुद्धत्व प्राप्त गर्ने समयमा त्यहाँ कुनै पनि आचार्यहरू वा भिक्षुहरू थिएनन् । त्यसैले काल आएर, ‘हे गौतम’ तिमीले बुद्धत्व प्राप्त गरेको समयमा तिम्रो आसपासमा कोही पनि थिएन । यसको साक्षी को छ ? भनेर सोध्दा, स्वयम् काल यो बुद्धभूमि बोधिबृक्ष र मैले प्राप्त गरेको दिब्य ज्ञान साक्षी छ भने पछि कालले पनि प्रथम पटक बुद्धम् शरणम् गच्छामि भनेर प्रथम पटक दर्शन गरेर फर्किए । काल स्वयं यो घटनाको साछी छ ।

यो काम त तबै मात्र गर्न सकिन्छ, जोसँग पर्यप्त अनुभव हुन्छ । पर्यप्त अनुभव बिना आफ्नो खुट्टामा उभिन सक्दैन । यो कुरामा तपाइँ सहमत हुनुहुन्छ ? यदि सहमत हुनुहुन्छ भने यसको आशायलाई राम्रोसँग बुझ्ने प्रयास गर्नु होस् । तपाइँसँग पनि चेतना छ । त्यो चेतना मन भित्र छ । त्यसैमा बुद्ध बसेको छ । अर्थात ध्यान र साधनाबाट त्यसैलाई जगाउन सक्यो भने, ज्ञानको ज्योति स्वयं प्रज्वलित भएर आउँछ । बुद्धले पनि त्यही गर्नु भएको थियो । अपोदीपभवलाई प्रत्येक बुद्ध पनि भन्दछ । प्रत्येक बुद्ध भनेको आर्यअवलोकितेश्वरको बिभिन्न स्वरुप हो ।

यहाँनिर स्पष्टसँग बुझ्नु पर्ने कुरा के छ भने बौद्धमार्गीहरूले दीक्षा लिनका लागि दुईवटा मार्गहरू छन् । प्रथम मार्ग भनेको ज्ञान प्राप्तिको लागि श्रमनेर बन्नु । अर्थात भिक्षु वा लामा बनेर गुरुपरम्परा अनुसार शिक्षा ग्रहण गर्नु । दोश्रो मार्ग भनेको स्वयम् अध्ययन गरेर दर्शनको सार बुझिसके पछि 'अपोदीपभव' हुनु ।

मैले चीबर लगाउदा पनि कुनै भिक्षुहरू र आचार्यहरू उपस्थित थिएनन् । यसको मतलब यो होइन कि, मेरो कुनै आचार्यहरू नै थिएनन् ? मैले जीवन कालमा थुप्रै गुरुहरू, लमहरू, लामाहरू आनीहरू, आचार्यहरू, प्राचार्यहरू, भिक्षुहरू, कल्याणमित्रहरू योगीहरू, महात्माहरू, बिज्ञ र प्राज्ञहरूसँग पनि सत्सँग गरेको छु । मेरो परिवारमा पनि पाँच पुस्तादेखि लम वा लामाहरू थिए । मेरो पिताजी पनि लमगुरु थियो । उनैसँग

मैले १२ वर्षको उमेरमा गृहस्ति लमको प्रबज्य लिएको थियो। बिपासना केन्द्रहरूमा ध्यान साधना पनि गरेको छु।

उप्रान्त कल्याणकारी काम गर्नका लागि सम्यक संकल्प गरेर कल्याणमित्र मतको चयन गरेको छु। यो मत अत्यन्तै सरल र सजिलो छ। तर, यसको आचार संहिता, मुल्य र मान्यताहरू अत्यन्तै गम्भिर छन्। यसले कुनै शील पालन गर्नु पर्दैन। तर कल्याणमित्रहरू स्वयम् शीलको प्रतिबिम्ब बन्नु पर्छ। यो कुरा कति गम्भिर र कठोर छ ? यहाँहरू आफै मनन् गर्नु होला।

विद्वान मित्रहरूलाई के स्मरण गराउँन चाहन्छु भने बौद्धदर्शन भनेको महासागर हो। यसको प्रारम्भिक बिन्दु देखिए पनि अन्तिम बिन्दु भेट्टाउन कठिन छ। यदि कुनै बौद्धमार्गीहरूले बुद्ध धर्मको आडमा 'स्वर्ग र नर्क'को कथा सुनाएर भ्रमको खेति गर्न खोज्यो भने, यो कुरा सही होइन। बुद्धबचनले स्वर्ग र नर्कको कुरा स्वीकार गर्दैन। कर्मकाण्ड र ईश्वको अस्तित्व पनि स्वीकार गर्दैन। किनभने यो दुवै अवस्थाहरू बिज्ञान सम्मत छैनन्।

बुद्धदर्शनमा चार आर्यसत्य, पञ्चशील, अष्टमार्ग, अष्टशील प्रज्ञापारमिता, दशपारमिता र प्रतित्यसमुत्पादको सार हुनुपर्छ। उपरोक्त मध्ये कुनै पनि सार देखिएन भने, त्यो बुद्धदर्शन होइन। यसमा कसैले पनि दुबिधा गर्नु पर्दैन।

मैले जीवनभर बुद्धदर्शनको स्वाध्ययन गरेपछि समय अनुकुल काल्याणमित्र मार्ग चयन गरेको हुँ । यो मत तपाइँलाई कस्तो लाग्छ ? यो कुरा तपाइँको बिबेकमा भर पर्ने हुन्छ । कल्याणमित्र मतले बिज्ञान सम्मत कुरालाई मात्र स्वीकार गर्छ । अर्थात जीवन संस्कारलाई स्वीकार गर्छन् तर कर्मकाण्ड होइन ।

बुद्धकालिन अवस्थालाई राम्रोसँग नियलेर हेर्ने हो भने त्यस बखतका भिक्षुहरूलाई भन्ते वा भदन्त भन्ने चलन थियो । त्यस बखत भिक्षु संघमा दुई किसिमका भिक्षुहरू थिए । एउटा ज्ञानको खोजिमा दीक्षा लिनेहरू र अर्को ज्ञान प्राप्त भैसकेको तर अनुमोदन हुन बाँकि रहेकाहरूले पनि दीक्षा लिएका थिए । तथागत बुद्धले उनीहरूलाई अहर्त, अरहत, श्रोतापन्न कल्याणमित्र र धर्मपाल भन्दथे । उनीहरूलाई भिक्षु महासंघमा बिशेष जिम्मेवारी प्रदान गरिएको हुन्थ्यो ।

यसरी जिम्मेवारी दिनेहरूमा, सारिपुत्रलाई धर्म सेनापतिमा मौदगल्यानलाई करुणामा, महाकाश्यपलाई ध्यानमा कौन्ड्र्यालाई चक्षुमा, आनन्दलाई निष्ठामा, राहुललाई बिर्यवानमा यशोधरालाई उपासनामा, अम्रपालीलाई बिपासनामा, अहिंसकलाई तिक्ष्णबुद्धिमा, अनाथपिंडकलाई दानमा, बिम्बिसारलाई दृष्टिकोणमा र उपाली र सुजातालाई श्रोतापन्नमा बिशेष स्थान रहेका थिए ।

उनीहरू बुद्धशासनका बिशेष धर्मपाल पनि थिए । धर्मपालको अर्थ हो, धर्मको पालन गर्नु । कुनै पनि अवस्थामा धर्मको पालन गर्ने । धर्मको पालन गर्ने नै उनीहरूको जीवनचर्य थियो । प्रत्येक धर्मपालको पनि धर्मपालहरू हुन्छन् ।

उपरोक्त १२ जना भिक्षुहरू बुद्धशासनका मूल आधार थिए । उनीहरूले ऋद्धिबल प्राप्त गरेका थिए । बुद्धलाई कुनै अप्ठेरो महशुस भएमा, कुन बिषयमा छलफल गर्नु पर्ने हो, त्यही बिधाका अहर्तहरूलाई बोलाएर छलफल गर्नु हुन्थ्यो । त्यसैले उनीहरूलाई १२ धर्मपाल भन्दथे ।

गौतम बुद्धलाई उपासकहरू र उपासिकाहरूले अत्यन्तै श्रद्धाकासाथ पूजा गर्दछन् । त्यसैले, प्रत्येक आस्थावानहरूले उनको प्राज्ञिक बिशेषताको बारेमा पनि जानकारी हुन आवश्यक छ । उनको प्राज्ञिक बिशेषताको बारेमा भन्नु पर्दा, उनको प्राज्ञिक स्तर आफ्नै अनुभवबाट प्राप्त मौलिक एवं उच्च कोटीको थियो । उनले प्राप्त गरेको ज्ञान सत्यको आधारमा आधारित थियो । वेद, उपनिषद पुरान र मनुष्मृतिको जस्तो अत्यन्तै परम्पारिक थिएन । उनको उपदेश अनुभवमा आधारित थियो । प्रत्यक्ष परीक्षण गर्न सक्ने बैज्ञानिक आधारमा स्थापित थियो ।

गौतम बुद्धको बारेमा राम्रोसँग बुझ्नु पर्ने कुरा के छ भने उनी दार्शनिक होइन, दृष्टा थिए । दार्शनिक त्यो हो जसले सोच बिचार गर्दछ । दृष्टा त्यो हो, जसले स्वयं देख्छ । सोच बिचार

गर्नाले मात्र दृष्टि प्राप्त हुँदैन । सोच बिचार गर्ने काम अज्ञातको काम पनि होइन । तर, जसको बारेमा जानकारी नै छैन । त्यसको बारेमा सोच्ने पनि कसरी ? सोच बिचार गर्ने काम त, ज्ञानको परिभ्रमण गरी सम्भावनाहरूलाई अध्ययन गर्ने, बुझ्ने र नापतौल गर्ने एउटा बाटो मात्र हो ।

यो बिषयमा स्पष्ट हुन जरुरी छ कि, सत्य अज्ञात छ । यस्तै अज्ञात छ, जस्तैः अन्धोलाई प्रकाशको बारेमा अज्ञात छ । अन्धो मानिसले हजार चोटी सोचे पनि प्रकाशको बारेमा जान्न सक्दैन ? आँखाको चिकित्सा हुनुपर्छ । आँखा खुल्नु पर्छ । अन्धो, जबतक दृष्टा बन्दैन तबतक उनलाई बास्तविक सार हातमा लाग्दैन ।

पहिलो कुरा, बुद्धको बारेमा स्मरण राख्नु कि, उनको जोड दृष्टा बन्नेमा थियो । वहाँ स्वयं दृष्टा थिए । यो पनि चाहनु हुन्न कि, मानिसहरू दर्शनको सागरमा चुर्लुम्म डुबोस् । किनभने दर्शनमा डुबेको कारण नै मानिसहरूले सही अर्थमा दृष्टि उपलब्ध गर्न सकेनन् । यो दर्शनको नकारात्मक पक्ष हो । यो कुरा मान्नोस् वा नमान्नोस्, यदि मानिसलाई प्रकाशको धारणा सजिलैसँग प्राप्त भयो भने आँखाको महंगो उपचार कस्ले गर्ने ? सस्तो र सजिलोसँग सिद्धान्त प्राप्त भयो भने, सत्यलाई कसले खोज्ने ? किनभने चिकित्सा कठिन र पिडादायक पनि छ । बुद्धले बारबार भन्नु भएको छ, म चिकित्सक हुँ । उनको सूत्रलाई सम्झनका लागि याद राख्नु होस, बुद्धले कुनै दर्शनको

प्रतिपादन गरिरहनु भएको थिएन। वहाँ त उनीहरूलाई बोलाइरहनु भएको थियो जो अन्धो थिए। तर, भित्रको प्रकाशलाई हेर्नका लागि इच्छुक थिए। जो मानिसहरू बुद्धको सत्सगंमा आए, उनीहरूलाई ध्यानतिर इंगित गरे। किनभने, ध्यानबाट मात्र भित्रको आँखा खुल्दछ। किनभने बिचारमा परिपूर्ण भएका मानिसहरू दृष्टि बिहिन हुन्छन्। अर्थात कुनै एउटा दर्शनमा डुबिसकेको मानिसले, अर्को दर्शन पचाउन सक्दैन। यो कुरा घाम जस्तै सत्य हो।

जब मानिसमा बिचार गहन हुँदै जान्छ, तब देख्नु असंभाव हुँदै जान्छन्। मानिस फेरी त्यही देख्छ, जो उनको दृष्टिमा हुन्छ। जो बास्तविकता छ, त्यसलाई देख्न सक्दैन। जो बास्तविक रुपमा विद्यमान छ। त्यसलाई सही अवस्थामा हेर्ने हो भने, सबै दृष्टिहरूबाट मुक्त हुनु पर्दछ।

दोस्रो कुरा, गौतम बुद्ध पारम्परिक होइन, मौलिक थिए। गौतम बुद्ध कुनै परम्पराको चर्चा परिचर्चा गर्दैन्थे। उनी यसो भन्नु हुन्न कि, अतीतको ऋषिहरूले यसो भन्नु भएको थियो। त्यसैले मान्नु पर्छ। वेदमा यस्तो लेखिएको छ त्यसैले मान्नु पर्छ। यो पनि भन्नु हुन्न कि म भन्छु, त्यसैले मान्नु पर्छ। उनी भन्दथे कि जबतक तिमी स्वयैले जान्दैन र अनुभव हुँदैन, तबतक मान्नु आवश्यक छैन। उधारो श्रद्धाबाट कुनै लाभ हुँदैन। यो कुरा ध्रुब सत्य हो।

एउटा बैज्ञानिक भन्नु हुन्छ, १०० डिग्रिको तापक्रममा पानी तताउनु । पानि बाफ भएर आफै उड्छ । यो परिकल्पनालाई मान्नु वा नमान्नु केही फरक पर्दैन । आफै प्रयोग गरेर हेर । प्रयोग गरेर हेर्ने तरिकानै परिकल्पना हो । बुद्धले जीवनको प्रत्येक अवस्थालाई यसरीनै प्रयोगात्मक रुपमा प्रयोग गरेर अनुभाव गर्नु भएको थियो । यस अर्थमा बुद्ध परम्पारिक होइन, मौलिक थिए । किनभने, बिचारको परम्परा हुन्छ । दृष्टिको मौलिकता हुन्छ । बिचार अतीतको हुन्छ । दृष्टि बर्तमान हुन्छ । बिचार अरुको हुन्छ । दृष्टि आफ्नो हुन्छ । यो कुरा बुद्धले बारम्बार दोहोराएर स्पष्ट गराउने प्रयास गर्नु भयो ।

तेस्रो कुरा, गौतम बुद्ध शास्त्रिय होइन, पण्डित होइन बैज्ञानिक थिए । बुद्धले धर्मलाई प्रथम पटक बैज्ञानिक प्रतिष्ठ दिएर बिज्ञानको सिँहसनमा राख्नु भयो । यस भन्दा पहिले धर्म अन्धविश्वास थियो । बुद्धले यसलाई महत्त्वपूर्ण गरिमा दियो । धर्म त जीवनको सत्य हो । धर्म त साश्वात र सनातन हो । जब आँखा खुल्छ, तब यसलाई देख्न सकिन्छ । किनभने, यो धर्म त तिम्रो स्वभाव हो । तिमी भित्रै अविराल बगिरहेको छ । यसलाई खोज्नका लागि आकासतिर आँखा उठाउनु पर्ने आश्यक छैन । आफै भित्र खोज्नु पर्छ । यो तिमी र तिम्रो नियति हो । स्वभाव हो । एकक्षण पनि यसबाट अलग भएको छैन । मात्र बिस्मरण भएको छ । बुद्धले त सिर्फ चेतनाको सिँडि कसरी निर्माण गर्न सकिन्छ ? त्यसैको बारेमा चर्चा गर्नु भयो ।

गौतम बुद्ध मनुष्य जातिको इतिहासमा नीलको पत्थर थियो। नीलको पत्थरको अर्थ हुन्छ, मनुष्य जाति त्यो अवस्थामा रहँदैन जहाँ थियो। सबै बदलिन्छ। परिवर्तन हुन्छ। रुपान्तरित हुन्छ। बुद्धले मनुष्य जातिको लागि एउटा नविन दृष्टि, सरल मार्ग, मौलिक बिचार र नयाँ आकास पनि खोलि दिनु भयो। बुद्धको साथ धर्ममा अन्धविश्वास रहेन। यो कदमले धर्मको क्षेत्रमा ठुलो फड्को मार्यो। यसैको परिवर्तनका लागि सामाजिक क्रान्ति थियो। बुद्धको क्रान्ति अद्भूत थियो।

नास्तिकहरू भन्ने गर्दछन् कि शंका उपशंकहरू छन्। तर बुद्ध भन्नु हुन्छ, शंका र उपशंकहरूबाटै त खोज र अनुसन्धान शुरु हुन्छ। त्यसैले, शंकालाई न त्याग्नु। मानिसको साथमा जति बिशाल दृष्टि हुन्छ, सबैको अनुभाव गर्न चाहन्छन्। सिर्फ छुद्र दृष्टिको मानिसले मात्र काट्न खोज्छ। छुद्र दृष्टिको मानिसहरूले भन्छन् कि, शंका होइन श्रद्धा चाहिन्छ। शंकालाई काट्नु पर्छ भन्छन्। यहीनिर कुरा बट्टारिएको छ। किनभने, शंका पनि त जीवनकै अभिन्न अंग हो। यसलाई काट्यो भने अपांग हुन सक्दछ। त्यसैले शंकाको रपान्तरण गर्नु पर्छ, खण्डन होइन। रुपान्तरण गर्न सक्ने नविन प्रकृयालाई खोज्नु पर्छ।

उपरोक्त भनाइबाट नास्तिकहरूलाई पनि ढोका खुल्यो। किनभने नास्तिकहरू भन्छन्, यो सास्वात छैन। बुद्धले भन्नु भयो यो सास्वात छ वा छैन यसको कुरा छोड्नु होस्। तपाइँको

साथमा जे जति छ, त्यसैबाट सास्वातको दर्शन भयो भने, फेरी मान्ने वा नमान्नेको कुरै हुँदैन । तिमी स्वयैले अनुभव गर्नेछौ ।

यस अर्थमा हेर्दा, बुद्धले नास्तिकहरूलाई पनि धार्मिक बनाउने महत्त्वकांक्षी कार्य पुरा गर्नु भयो । अर्थात बुद्ध दर्शनको गहिराइलाई राम्रोसँग बुझ्न सक्ने सबै आचार्यहरू नास्तिक नै थिए । किनभने नास्तिकहरूको केन्द्र बिन्दु भनेको शून्यवाद हो । त्यही शून्यताबाट पुनः नविन मार्ग आरम्भ हुन्छ । अनि भवसागरमा बृत्तिबिकासको काम क्रमश थपिदै जान्छन् ।

बुद्धले मनुष्य जातिको उत्कृष्ट र श्रेष्ठतम् सम्भावनाहरूको आकर्षण गर्यो । त्यसैले, बुद्धको संगतमा चैतन्यका नामी विद्वानहरूको जमघट भयो । यस्तो मानिसहरू थिए, जो धर्मलाई अन्य कुनै तरिकाले मान्नै सक्दैनथ्यो । उनको साथमा प्रज्जवलित तर्क थियो । बुद्धको पछि यति धेरै दर्शन शास्त्रको सूत्रपात भयो कि इतिहासमा कुनै पनि मानिसको पछि हुन सकेन । यो अभूतपूर्व थियो ।

चौथो कुरा, बुद्ध अतीवादी होइन, अत्यन्तै व्यवहारिक थिए । उनले सबभन्दा बढि उचाइ लियो । तर यथार्तको जमिनलाई कहिल्यै छोडेन । जरा जमिनमै जमाएर राख्यो । बुद्धले एउटा चैत्य बनायो । जसमा जग पनि छ, शिखर पनि छ । चैत्यमा यर्थातको स्वर्ण गजुर पनि छ । किनभने जसको खुट्टा जमिनमा राम्रोसँग टेकेको हुन्छ, उसले सजिलैसँग उचाईलाई छुन सक्छ ।

जस्तैः रुखको जरा जमिनमा राम्रोसँग फैलिएको छ भने, त्यो रुखले राम्रो उचाई लिन सक्छ। उचाई लिइसके पछि ऋतु पनि आउँछ। फूल पनि फुल्छ। फूल फुले पछि स्वभाव अनुसार फल पनि फल्दछ। यो उनको प्रकृति हो। ऋतु अनुसार हुन्छ।

पाँचौ कुरा, बुद्ध रुढिवादी होइन, मानवबादी थिए। जस्तैः सिद्धान्त मानिसको लागि हो, मानिस सिद्धान्तका लागि होइन। सिद्धान्तको अर्थ हो, मानिसको सेवामा समर्पित हुनु। मौलिक रुपले उनको ध्यान मानिसको कल्याणमा थियो। मानिस परम् चरम् र मापदण्ड थियो। सबै कुरा मानिसका लागि उपयोग गरेर हेर्नु हुन्थ्यो। केही कुरामा पनि असुबिधा नहोउन्।

बुद्ध दार्शनिक होइन, बैज्ञानिक थिए। त्यसैले, उनले भनेका सबै सूत्रहरू बैज्ञानिक मान्यतामा आधारित रहेका छन्। यसलाई प्रत्येक दृष्टिकोणबाट प्रमाणित गर्न सकिन्छ। तुलना गर्न सकिन्छ। बिभिन्न तरिकाले नाप्न र तौल्न सकिन्छ। त्यसैले बुद्ध दर्शनलाई प्रतित्यसमुत्पाद भनिएको हो। जो पूर्णरुपमा प्राकृतिक र मौलिक छन्। बुद्धले भन्नु भएको छ कि, सबै मान्छेमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ। यो कुरा सारनाथतिर जाँदै गर्दा बाटोमा उपक नामक आजिवकसँगको सम्वाद हो। अर्थात सबैको मनभित्र मन्दिर छ, त्यसैमा बुद्ध बसेको छ। भनाइको मतलब, मनभित्रको 'म' भन्ने अहंकारलाई चिन्नु पर्छ। त्यसलाई सन्तुलनमा राख्न सक्यो भने, त्यहीबाट ज्ञानको ज्योति उदय हुन्छ। तथागतले त्यसैलाई प्रत्येक बुद्ध भन्नुभएको छ।

**अ पो दी प भ व**

मेरो मुर्ति पूजा नगुर्न ।
म कुनै चमन्कारी होइन ।
मसँग कुनै उम्मिद नगर्नु ।
आफ्नो दीपक आफै हुनु ।
तिमीले पैदा गरेको दुःख
आफैले समाधान गर्नु पर्छ ।
जुन बाटो मैले खोजेको हो
त्यसलाई बताउन सक्छु ।
त्यो बाटोमा तिमी आफै हिँड्नु पर्छ ।
म मुक्तिदाता होइन, मर्गादाता हुँ ।
- तथागत गौतमबुद्ध ।

एक महिना अगाडि एउटा जूम मिटिङमा एकजना साथीले कर्मकाण्ड र जीवन संस्कारको अभ्यासमा के अन्तर छ भनेर जिज्ञस राख्नु भएको थियो ।

मैले स्पष्टसँग भने, घुमाउरो पाराले कुरा गर्नु पर्ने आवश्यक छैन । बृहत छलफल गर्नु पर्ने कुरा नै के छ र ? कर्मकाण्ड भनेको अतीत र जीवन संस्कार भनेको बर्तमान हो । अब हामीले "अतीत र बर्तमान" कुन चाहि चयन गर्ने ? कुन चाहि पद्धतिको अभ्यास गर्दा, उपयुक्त हुन्छ ? कुन चाहि पद्धति छोटो, मिठो सरल र भरपर्दो हुन्छ ? सांस्कृतिक हिसावले सम्पन्न होस् । तर आर्थिक हिसाबले लचिलो होस् । यसो भयो भने सबैले सजिलैसँग अभ्यास गर्न सकिन्छ ।

यस अर्थमा भन्नु पर्दा, हाम्रो लागि हामी आफैले चयन गर्नु पर्छ । यही हो 'अपोदीपभव' भनेको । कसैको भर नपरिकन आफ्नो खुट्टामा आफै उभिनु हो । आफ्नो लागि के राम्रो के नराम्रो भन्ने बिषयमा आफैले निर्णय गर्न सक्नु हो । बौद्धमार्गीहरूमा हुनु पर्ने गुण र बिशेषता भनेकै यही त हो नि ।

आदरणीय बौद्धमार्गी साथीहरूलाई के कुराको स्मरण गराउन चाहन्छु भने, एउटा कल्याणमित्र पद छ । अर्को कल्याणमित्र मत छ । तपाईंले कुन रोज्ने हो ? यो तपाइँको ब्यक्तिगत रुचिमा भर पर्ने कुरा हो । यदि तपाईंले पद रोज्नु भयो भने, ढिलोछिटो गन्तब्यमा पुग्न सकिन्छ । तर मत रोज्नु भयो भने, भवसागरमा भौतारिने सम्भावना रहन्छ । त्यसैले मत र पदको अन्तर बस्तुलाई बुझेर सचेत रहनु होला ।

# ३२. बुद्धबचन त्रिपिटक के हो ?

बुद्धबचन त्रिपिटक के हो ? यस बारेमा सबै बौमार्गीहरू जानकार हुनुपर्छ । कुनै पनि अबौद्धले बुद्धबचन त्रिपिटक भनेको के हो भनेर सोधेको खन्डमा, खै के हो ? के हो ? भनेर टाउको कन्याएर ङिच दाँत देखाउने काम बौद्धमार्गीहरूको लागि लज्जको बिषय हुन्छ । त्यसैले सबै बौद्धमार्गीहरूको जानकारीको लागि यस परिच्छेदमा संक्षिप्त जानकारी गराउने प्रयास गरिएको छ।

कुनै पनि अबौद्धले "बुद्धबचन त्रिपिटक" भनेको के हो भनेर सोधेको खन्डमा, कमसे कम दश मिनेटसम्म खरर भन्न सक्नु पर्छ। उनलाई जानकारी दिन सक्नु पर्छ। यो काम प्रत्येक बौद्धमार्गीहरूको दायित्व हो । तपाइँले यति काम गर्यो भने बुद्ध धर्म प्रति एउटा गृहस्तिको निष्ठा पूर्ण भएको मानिनेछ। तर तपाइँले मात्र यति गरेर पुग्दैन। तपाइँको आफ्नो परिवार छरछिमेक, इष्टमित्र, नातागोता कुलकुम्बहरू सबैलाई यस बारेमा जानकारी गराउनु पर्छ। अनि मात्र तपाइँको बुद्ध धर्म प्रतिको निष्ठा र कर्तब्य पूर्ण भएको मानिने छ। हामीहरू बौद्धमार्गी भएकोमा गर्भ महशुस हुनुपर्छ ! ॐ बोधि मंगलम् !

अब हामीले बुझ्नु पर्ने कुरा के छ भने, 'बुद्धबचन' भनेको सत्यबचन हो। सत्यबचन भनेको समय सापेक्ष हो। 'त्रिपिटक' भनेको तीनवटा पिटक हो । जसमा सूत्र पिटक, अभिधम्म पिटक र बिनय पिटक रहेका छन् । सूत्र पिटकमा चारवटा निकायहरू छन् । निकाय भनेको खण्ड, ग्रन्थ वा भलुम् हो । जसलाई दीर्घ निकाय, संयुक्त निकाय, अंगुत्तर निकाय, मझ्झिम निकाय र खुद्दक निकाय भन्छन् ।

सूत्र पिटकमा एक हजार सूत्रहरू रहेका छन्। त्यस मध्ये ८० वटा उत्कृष्ट सूहरूलाई सूत्रसंग्रहमा सँग्रहित गरिएको छ। ती सूत्रहरू दैनिक जीवनमा अभ्यास गर्न उपयुक्त हुने देखिन्छ।

१. **सूत्रपिटकमाः** दीर्धनिकाय, मझ्झिम निकाय, संयुक्त निकाय अंगुत्तर निकाय र खुद्दक निकाय रहेका छन्। खुद्दक निकायमा खुद्दकपाठपाली, धम्मपद, उदान, इतिबुत्तका, सुत्तनिपात बिमानबत्थु, पेतबत्थु, थेरगाथा, थेरीगाथा, जातककथा महानिद्देस चुल्लनिद्देस, पटिसम्भिदामग्ग, बुद्धजीवनी र चरियपिटक आदि रहेका छन् ।
२. **अभिधम्मपिटकमाः** धम्मसँगाणिपाली, बिभंगपाली, धातुकथा पाली, पुग्गलपञ्चत्तिपाली, कथाबत्थुपाली यमकपाली र पठानपाली आदि रहेका छन् ।
३. **बिनयपिटकमाः** पारजिकापाली, पचित्तियपाली, महाबग्गपाली चुल्लबग्गपाली, परिवारपाली रहेका छन् ।

४. बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इन्कले मूल पाली संस्कृत, हिन्दी, संभोटा र अंग्रेजी भाषाबाटा बिडीएल स्कालर समूहले सरल नेपाली भाषामा सारानुवाद गरेको बिडीएलग्रन्थहरू निम्न अनुसार रहेका छन् । यो सबै ग्रन्थहरू बिडीएलको आधिकारीक वेभसाइमा पनि उपलब्ध रहेका छन् । फुर्सद मिलाएर फोन मार्फत हेर्न सक्नु हुनेछ।

१. बिडीएलग्रन्थ बुद्धजीवनी मूलग्रन्थः १
२. बिडीएलग्रन्थ धम्मपद मूलग्रन्थः २
३. बिडीएलग्रन्थ दैनिक पूजा प्रार्थना मूलग्रन्थः ३
४. बिडीएलग्रन्थ सूत्रसंग्रह मूलग्रन्थः ४
५. बिडीएलग्रन्थ प्रज्ञापारमिता मूलग्रन्थः ५
६. बिडीएलग्रन्थ गुरुङ बुद्धिजम मूलग्रन्थः ६
७. बिडीएलग्रन्थ पुनर्जन्म बौद्ध साहित्य मूलग्रन्थः ७
८. बिडीएलग्रन्थ जातकसंग्रह ग्रन्थः १
९. बिडीएलग्रन्थ जातकसंग्रह ग्रन्थः २
१०. बिडीएलग्रन्थ बौद्ध जातक संग्रह मूलग्रन्थः १०
११. बिडीएलग्रन्थ बिडीएल परिचय मूलग्रन्थः ११
१२. बिडीएलग्रन्थ पाली-संस्कृत-नेपाली शब्दकोषः १२

उपरोक्त ग्रन्थहरू क्रमश प्रकाशन हुँदैछ। कुनचाहिँ ग्रन्थ कुन ठाउँमा उपलब्ध छ भन्ने कुरा वेभसाइटमा सर्च गरेर जानकारी लिन सक्नु हुनेछ। www.buddhismlibrary.org

## ३३. सूत्र, मन्त्र, तन्त्र र साधनाः

बुद्धबचनको मूल ग्रन्थ भनेको त्रिपिटक हुन् । त्रिपिटक भनेको तीनवटा पिटकहरूको सँगालो हुन् । जसमा सूत्र पिटक, अभिधम्म पिटक र विनय पिटक गरी तीनवटा पिटकहरू समावेस गरिएका छन् । यसलाई बुद्धबचन त्रिरत्न र त्रिपिटक पनि भन्छन् ।

त्रिपिटकमा सर्वप्रथम सूत्र पिटकलाई लिइन्छ । अब हामीले बुझ्नु पर्ने कुरा के छ भने, सूत्र भनेको के हो ? साधारण बोलिचालि भाषामा भन्नु पर्दा, सूत्र भनेको माला हो । अर्थात थुप्रै थुंगाहरूको संग्रह हो ।

तथागत गौतम बुद्धले बुद्धत्व प्राप्त गरेपछि ४५ वर्षसम्म निरन्तर रुपमा धर्म देशना गर्नु भयो । यसरी धर्म देशना गर्दा एक पटकमा पन्ध मिनेट भन्दा बढि समय देशना गर्नु भएन । अरु भिक्षुहरूलाई पनि यही समयलाई मापदण्ड गर्न निर्देशन थियो । किनभने, एकै पटकमा लामो समय धर्म देशना भयो भने श्रावकहरू, उपासक र उपासिकाहरूले राम्ररी बुझ्न सक्दैन । बुझ्न नसके पछि त्यो धर्म देशनाको कुनै अर्थ हुँदैन । त्यो अर्थमा छोटो हुनुपर्छ भन्ने मान्यता रहेको हो ।

तथागत बुद्धले एउटै विषयमा बिभिन्न समय र स्थानमा बिभिन्न ब्यक्तिलाई फरक फरक प्रसँगमा त्यही विषयमा धर्म देशना गर्नु भएको थियो । त्यही धर्म देशनालाई संकलन गरी मसिनोसँग केलाएर एउटै मालामा उनिएको हुनाले, त्यसलाई सूत्र भनिएको हो । अर्को अर्थमा बुझ्ने हो भने, सूत्र भनेको फर्मुला वा चाबि वा माला हो। जसको माध्यामबाट बुद्धदर्शनको महत्त्वपूर्ण देशनाहरूलाई सजिलैसँग बुझ्न सकिन्छ।

सूत्र पिटकमा पाचवटा निकायहरू छन् । निकाय भनेको खण्ड ग्रन्थ वा भलुम् हो। जसलाई दीर्घ निकाय, संयुक्त निकाय अंगुत्तर निकाय, मझिभ्रम निकाय र खुद्दक निकाय भन्दछन् । सूत्रपिटकमा एक हजार सूत्रहरू समावेस गरिएको थियो भन्ने कुराहरू सुन्नमा आएको छ। तर, अहिलेसम्म पाँचसय सूत्रहरू मात्र प्रचलनमा आएको देखिन्छ। बाँकी सूत्रहरू कुन अवस्थामा छन् ? त्यसको अध्ययन र अनुसन्धान हुन आवश्यक छ।

यसैगरी अभिधम्म पिटक र विनय पिटकलाई अर्को ग्रन्थमा बिस्तरसँग अनुवाद गर्ने निरन्तर प्रयास गरिने छ। यस अध्यायमा सूत्र, मन्त्र, तन्त्र र साधना के हो ? यसलाई कसरी साधना गर्न सकिन्छ ? भन्ने बिषयमा संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

उदाहरणका लागि यहाँ २९ वटा सूत्रलाई प्रस्तुत गरिएको छ। यसमा सूत्र, मन्त्र, तन्त्र र साधना पनि रहेका छन्। यसलाई बुझ्ने प्रयास गर्नु होला।

## ३४. (१) आह्वान सूत्र र पुण्यानुमोदनः

सर्वप्रथम आसन ग्रहण गर्ने । त्यसपछि मन, बचन र चित्त शुद गरी म ........ आजको यो ....... पूजा सम्पन्न नभइन्जेसम्म आसनबाट उठ्ने छैन भनि संकल्प गर्ने ।

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । ॐ पितृदेव नमः ... । मातृदेव नमः ...। कुलदेव नमः ... । इष्टदेव नमः ... । सूर्यदेव नमः । सिद्धिदेव नमः । आयुदेव नमः । रत्नदेव नमः । ह्योँदेव नमः (त्यो ठाउँको ठेगाना भन्ने)को आसपासमा रम्नेबस्ने सिल्दो नाल्दो साक्षी थानेमाने देवीदेउता देउराली भयारी नागनागिनी ल्हल्हु यक्ष गन्दर्भ किन्नर अष्टलोकपाल देवपित्र इष्टमित्र साथीभाइ कुलकुटुम्ब छरछिमेक सबैलाई नमः । सम्पूर्ण बुद्ध र बोधिसत्वहरूलाई नमः आजको यो ..... पूजा संस्कारमा उपरोक्त सम्पूर्ण कुलकुटुम्ब, देवीदेवताहरू बुद्ध र बोधिसत्वहरू सबैलाई आह्वान गर्दछु । आह्वान गर्दछु ।। आह्वान गर्दछु ।।।

नमो तस्स भगवतो अहर्तो सम्मा सम्बुद्धस्स । बुद्धम् शरणम् गच्छामि । धर्मम् शरणम् गच्छामि । संघम शरणम्

गच्छामि । म हिंसा गर्दिन । म झुट बोल्दिन । म चोरी गर्दिन । म ब्यभिचार गर्दिन । म मादक सेवन गर्दिन । नमो तस्स भगवतो अहर्तो सम्मा सम्बुद्धस्स ।

इतिपिसो भगवा अरहम् विद्याचरणा सम्पन्नो सुगदो लोकबिदो अनुत्तरो पुरी सद्धामा सारथी शास्त देव मनुसानो बुद्ध भगवति ।

नमोतस्स भगवतो अहर्तो सम्मासंबुद्धस्स ।

ऊँ नमो भगवते अपरिमिता आयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक संबुद्ध तद्याथ ऊँ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ऊँ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये ... परिवारे स्वाहा । भनेर मूल कर्ताको नाम किटान साथ भन्नु पर्छ ।

ऊँ महमाया दशपारमी नमः । ऊँ अहर्त कौन्ड्य नमः । ऊँ अहर्त महाकाश्यप नमः । ऊँ अहर्त सारिपुत्र नमः । ऊँ अहर्त मौदगल्यान नमः । ऊँ अहर्त आनन्द नमः । ऊँ अहर्त राहुल नमः । ऊँ अहर्त अनाथपिण्डक नमः । ऊँ अहर्त यशोधरा नमः । ऊँ अहर्त अम्रपाली नमः । ऊँ अहर्त सुजाता नमः । ऊँ अहर्त अहिंसक नमः । ऊँ अहर्त उपाली नमः । ऊँ सर्वबोधिसत्व नमः । ऊँ सर्वमहासत्व नमः । ऊँ सर्वमहागुरु नमः । ऊँ सर्वकल्याणमित्र नमः । ऊँ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । उपरोक्त देवी, देवता, यक्ष, गन्दर्भ

किन्नर, अष्टबर्ग, अहर्त, धर्मपाल, बोधिसत्वहरू र बुद्धहरू सबैलाई आजको यो ..... संस्कारमा आह्वान गर्दछु। आह्वान गर्दछु ॥ आह्वान गर्दछु ॥।

***

अब तपाइँले एकसरो पूजापाठमा आह्वान गरिसके पछि पुन्य अनुमोदन गर्नु पर्ने हुन्छ। पुन्यानुमोदन गर्दा, छोटो, मिठो तरिकाले यसरी गर्न सकिन्छ।

ऊँ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा। ऊँ पितृदेव नमः ...। मातृदेव नमः ...। कुलदेव नमः ...। इष्टदेव नमः ...। सूर्यदेव नमः। सिद्धिदेव नमः। आयुदेव नमः। रत्नदेव नमः। ह्यौँदेव नमः (त्यो ठाउँको ठेगाना भन्ने)को आसपासमा रम्नेबस्ने सिल्दो नाल्दो साक्षी थानेमाने देवीदेउता देउराली भयारी नागनागिनी ल्हल्हु यक्ष गन्दर्भ किन्नर अष्टबर्ग देवपित्र इष्टमित्र साथीभाइ कुलकुटुम्ब छरछिमेक सबैलाई नमः। सम्पूर्ण बुद्ध र बोधिसत्वहरूलाई नमः उपरोक्त कुलकुटुम्ब, देवी, देवताहरू, यक्ष, गन्दर्भ, नाग नागिनी बुद्ध र बोधिसत्वहरू सबैलाई आजको यो ..... पूजा संस्कारको पुन्यानुमोदन गरिदिन हुन अनुरोध गर्दछु। अनुरोध गर्दछु ॥ अनुरोध गर्दछु ॥।

आजको यो ... पूजा संस्कारबाट प्राप्त भएको पुन्यको प्रभावले, आजको यजमान ..... को परिवार सहित मंगल होस् । सुखद होस् । धनधान्य प्राप्त होस् । श्रीबृद्धि होस् । ऐश्वर्य प्राप्त होस् । दीर्घायु होस् । मनोकमना प्राप्त होस् । सम्पूर्ण कुलकुटुम्ब इष्टमित्र, साथीभाइ र छरछिमेकी सबैको मंगल होस् । सम्पूर्ण मानव र प्राणिहरूको पनि कल्याण होस् । रोग ब्याग र महामारी सबै हरण होस् । दुष्टात्महरूको बिनास होस् । अनिकाल भन्ने नामै नहोस् । सहकाल चीरथाइ रहोस् । ब्रम्हाण्डमा बातावरण सन्तुलन होस् । प्राकृतिक प्रकोप शान्त रहोस् ।

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । ॐ भवतु सर्व मंगलम् ।

# ३५. (२) अष्टमंगल द्रव्यार्पण सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

मंगल स्वस्ति भवतु । आज यहाँ सम्पूर्ण जम्बुद्वीपका अलंकार सम्पूर्ण जगतको इच्छाहरूको स्रोत, जम्बुद्धरुपी बृक्षहरूको आश्रयको आधार, भद्र गुणहरूद्वारा अलंकृत बोधिबृक्ष, समस्त देवता र मनुष्यको पुण्यको एक मात्र सर्वश्रेष्ठ पूजाबृक्ष बज्रासन छ । बुद्धले जुन माङ्गलिक द्रव्यहरूलाई अधिष्ठित गर्नु भयो। त्यसै अनुरुप म बाचक ..... यो अष्टमंगल द्रब्यार्पण सूत्र पाठ गर्छु ।

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई गुह्याधिपति बज्रपाणिले सेतो सर्स्युँ चढाउँदा, त्यसलाई बुद्धले माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भयो । त्यसको प्रभाले गर्दा आजको यो ..... संस्कारमा सेतो सर्स्युँबाट मङ्गल होस् ।

सेतो सर्स्युँ बज्रकुलको हो । यसले सबै ठाउँमा सम्पूर्ण बिघ्नहरूलाई बाँकी नराखी नाश गर्छ । प्रताप र गुणमा पराकाष्ठ भएको त्यो माङ्गलिक द्रव्यले सबै बिघ्नहरू शान्त होउन् ॥१॥

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई ब्राह्मण कुन्धलीले दुबो चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भयो । त्यसको प्रभावले आजको यो ..... संस्कारमा दुबो द्रव्यद्वारा मङ्गल होस् । दुबोले आयुलाई बढाउँछ । ॥२॥

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई पृथ्वी देवीले सिन्दुर चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भयो । त्यसको प्रभावले आजको यो ..... संस्कारमा सिन्दुरद्वारा मङ्गलं होस् । रातो सिन्दुर बशीकरण स्वभावको छ । अशेष धर्महरूलाई बशमा राखेर धर्मराजले यसको मङ्गलद्वारा राज्यस्थिर गरुन् ॥३॥

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई ऐरावत हात्तीले गोरोचन चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भयो । त्यसको प्रभावले आजको यो ..... संस्कारमा गोरोचन द्रव्यद्वारा मङ्गल होस् । गोरोचन त्रिविष नाशक रोगहरूको उत्तम औषधि हो । धर्मधातुको साक्षात्कार गरेर क्लेशका पिडाहरूलाई मेटाइदिने यसको मङ्गलले यहाँ दुःख शान्त होस् ॥४॥

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई गृहधिपति भद्रपालले दही चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भयो । त्यसको प्रभावले आजको यो ..... संस्कारमा दही द्रव्यद्वारा मङ्गल होस् । दही सबको सार हो । उत्तम ज्ञानको साक्षात्कार गरेर समस्त गुण भएको त्यसबाट पनि त्रिविष शान्त होस् ।।५।।

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई रुपकी देवी प्रभाधरीले आदर्श चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भयो । त्यसको प्रभावले आजको यो ..... संस्कारमा आदर्श द्रव्यद्वारा मङ्गल होस् । आदर्श ज्ञान महासागर श्रेष्ठ सागरहरूमा बिशुद्ध भएर धर्महरूको निर्बाधि रुपमा उपभोग गर्नेवाला छ। त्यसबाट पनि आवरण शोधित होउन् ।।६।।

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई बृक्ष देवीले बेलको फल चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भयो । त्यसको प्रभावले आजको यो ..... संस्कारमा बेलको फलद्वारा मङ्गल होस् । त्यो मङ्गलले सर्वसिद्ध होउन् ।।७।।

अतीतमा सम्यक सम्बुद्ध शाक्यमुनिलाई देवराज इन्द्रले सेतो दाहिने शंख चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भयो। त्यसको प्रभावले आजको यो ..... संस्कारमा दाहिने शंखद्वारा मङ्गल होस्। शंखधर्म नादलाई ध्वानित पारेर ज्ञानसागरमा शोधित गरेर सम्पूर्ण धर्महरूको प्रदर्शक हुन्छन्। त्यो मङ्गलद्वारा शव्दाभिषेक प्राप्त होस् ॥८॥

तथागत शाक्यमुनि गौतक बुद्धको जीवनीसँग सम्बन्धित बिभिन्न घटना क्रमहरूका यी आठ द्रव्यहरूलाई अधिष्ठित गरेर अभिषेक, उपदेश, पूजापाठ, बिबाह र शुभ साइतहरूमा यी द्रव्यहरू चढाउँने बौद्ध संस्कारमा चलन रहेका छन्। यसलाई बाचकले समय अनुकुल मिलाएर बाचन गर्नु होला।

## ३६. (३) दीर्घायु सूत्र (आयुपूजा):

ऊँ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैबेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

***बुद्ध र बोधिसत्वहरूमा बन्दना ।***

आर्य पञ्चकुल माता पितामा बन्दना । आयु धारणा गर्नेहरूमा बन्दना । आयु आकृष्ट गरेर ल्याउनेहरूमा बन्दना । आयुका दूतीहरू र आसंख्य पुनः निर्मितहरूमा बन्दना । त्यसपछि भगवान बज्रपाणि सर्वत्र अपरिमिता आयु व्यापक उद्भव नामक समाधि ध्यानमा बिराजमान हुनु भयो । त्यसपछि आयु पुण्ये र ज्ञान संभार असिम प्रवर्द्धन नामक सबै तथागतहरूको सार भएको यो धारणी बताउनु भयो ।

**ऊँ आयु पुण्येपुण्ये महापुण्ये आयु पुण्येज्ञान सम्भारो पचगरिणि स्वाहा । ऊँ अमृते अमृते तोदभवरे अमृते संभवे अमृते विक्रान्ते गगने सर्वकर्म क्लेस क्षयं करिणी स्वाहा । ऊँ रत्नेरत्ने महारत्ने रत्नेसंभवे रत्नेकरण रत्नेमाला विशुद्वय सर्वपापं हुँ त्रत् फट् । जः हुँ बँ होः भगवान च छ र एह्येहि समयस्त्वं समय हुँ । प्रति ज ज हुँ ऊँ अमोघ प्रतिहत फट् स्वाहा ।**

सबै तथागतको सार सोही विद्यामन्त्रको काय वाक चित्त बज्रबाट उत्पन्न भएको **ऊँ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान संभारो पचिते स्वाहा। ऊँ तिङ स्वाहा।** उपसार मन्त्र **ऊँ त्रं स्वाहा।** सारलाई सम्यक रुपमा प्रेरित गर्ने मन्त्र **ऊँ त्रं स्वाहा।** परम् सार **ऊँ ह्रीः स्वाहा।** गुह्य मन्त्र भगवान अमितयुस नाथको स्तुती। भगवान अमितयुस नाथ आकास समान काय भएका बिशुद्ध परम् काय, बज्रसमता कायमा बन्दना। बिशुद्ध परम् वाक निस्प्रन्च अक्षर बिहिन भइ शब्दलाई त्यागेका निष्प्रपञ्च वाकमा बन्दना। बिशुद्ध चित्त, श्रेष्ठ चित्त, बिकल्प त्यागेका राग मुक्त ज्ञाता शून्य चित्तमा बन्दना। **ऊँ भ्रुं बज्रआयुषे स्वाहा।**

कलशलाई माता लोचनीको भावना गरी यो मन्त्रलाई जप गर्ने। **ऊँ रुरु स्फुरु ज्वल सिद्धि लोचनी स्वाहा।**

गौरी बर्णमा प्रकाश उदाएको, हातमा अमृत कलश लिएकी आयुकी नायिका, प्रवाह बृद्धि गरेकी श्री र तेज फैलाउ। भगवान बैरोचन अमितयुस चक्र आदि मुद्राद्वारा दशै दिशा आकासको मार नष्ट गरी रोचन आयु प्रदान गरी प्राणको रक्षा गर। **ऊँ भ्रुँ बज्रआयुषे स्वाहा।**

भगवान बज्रसत्व अमितयुस बज्र आदि मुद्राद्वारा दशै दिशाका आकासको मार नष्ट गरेर, बज्रआयु प्रदान गरी प्राणको रक्षा गर। **ऊँ भ्रुँ बज्रआयुषे स्वाहा।**

भगवान रत्नसंभाव अमितयुस रत्न ज्वालादि मुद्राद्वारा दशौ दिशाका आकासको मार नष्ट गरेर, महारत्नको आयु प्रदान गरी प्राणको रक्षा गर। **ॐ भ्रुँ बज्रआयुषे स्वाहा।**

भगवान आनन्त ज्योति भएका अमितभ, पद्मादि मुद्राद्वारा दशौ दिशाका आकासको मार नष्ट गरेर, रोचन आयु प्रदान गरी प्राणको रक्षा गर। **ॐ भ्रुँ बज्रआयुषे स्वाहा।**

भगवान अमोघसिद्धि अमितयुस विश्व बज्रादि मुद्राद्वारा दशौ दिशाका आकासको मार नष्ट गरेर, अमोघ आयु प्रदान गरी प्राणको रक्षा गर। **ॐ भ्रुँ बज्रआयुषे स्वाहा।**

पञ्च सुगत अमितयुस दशौ दिशाका आकासको मार नष्ट गरी, मार र तीर्थिक सबै नष्ट गरी श्री र तेजको बृद्धि गर। पूर्व दिशाकी आयु घारणा गरेकी बज्रमहामाता बुद्ध लोचनी, रत्न स्फटिकको कलशमा बज्रआयुले भरेर शिर माथिबाट आयु अभिषेक स्थिर गर। **ॐ रुरु स्फुरु ज्वाल सिद्धि लोचनी स्वाहा।**

दक्षिण दिशाकी आयुधारी रत्नमाता मामकी वैडुर्य रत्न कलशमा बज्र आयुले भरेर, शिर माथिबाट आयु अभिषेक स्थिर गर। **ॐ शंकर शंकरे कुतने कुतने स्वाहा।**

पश्चिम दिशाकी आयुधारी पद्म महामाता पाण्डुरा रत्न पद्मरागको कलशमा बज्रआयुले भरेर, शिर माथिबाट आयु अभिषेक स्थिर गर। ॐ विकते विकते कतरय विदेय स्वाहा।

उत्तर दिशाकी आयुधारी सुकर्म माता समय तारा रत्न इन्द्रनीलको कलशमा बज्रआयुले भरेर, शिर माथिबाट आयु अभिषेक स्थिर गर । **ॐ तारे तुतारे तुरे स्वाहा ।**

आकाश धातुकी आयुधारी माता समन्त भद्री रत्न सुवर्ण कलशमा बज्रआयुले भरेर, शिरबाट आयु अभिषेक स्थिर गर । **ॐ सर्व कसत्वाम देवी महामरेशय स्वाहा ।**

पूर्व दिशाबाट आयु ल्याउने बज्रअंकुश देवी काय बर्ण सेतो भएर ज्योति उदाएकी, हातमा अंकुश लिएर गन्धर्वको हातबाट आयु लिएर आउ । दक्षिण दिशाबाट आयु ल्याउने धर्म देवी पाशय काय बर्ण नीलो ज्योति उदाएकी हातमा पाश लिएकी यमको हातबाट आयु लिएर आउ । पश्चिम दिशाबाट आयु ल्याउने धर्म देवी स्फोट काय बर्ण रातो ज्योति उदाएकी, हातमा स्फोट लिएकी, पश्चिम दिशाको नागहरूको हातबाट आयु लिएर आउ ।

उत्तर दिशाबाट आयु ल्याउने कर्म देवी घण्टी बजाउने काय बर्ण हरियो ज्योति उदाएकी, हातमा घण्टी लिएकी उत्तर दिशामा यक्षको हातबाट आयु लिएर आउ । **ॐ भ्रूँ बज्रआयुषे स्वाहा ।**

आयु माटोमा रहेको हो भने, महामाता बुद्ध लोचनीले आयु प्रदान गरी प्राणको रक्षा गर । आयु पानीमा रहेको हुँदा, महामाता मामकीले आयु प्रदान गरी प्राणको रक्षा गर । आयु

आगोमा रहेको हुँदा, महामाता पाण्डुरा वासीले आयु प्रदान गरी प्राणको रक्षा गर। आयु वायुमा रहेको हुँदा, समय ताराले आयु प्रदान गरी प्राणको रक्षा गर। आयु आकाशमा रहेको हुँदा, महामाता समन्त भद्रीले आयु प्रदान गरी प्राणको रक्षा गर। माटोको सार सुनमा समेटिन्छ। सुनमा आयुको सगुन हुन्छ। पानीको सार नुनमा समेटिन्छ। नुनमा आयुको सगुन रहन्छ। फलफूलको सार गुलियोमा समेटिन्छ। गुलियोमा आयुको सगुन रहन्छ। पोषणको सार घिउमा समेटिन्छ। घिउमा आयुको सगुन रहन्छ। अनाजको सार तिलमा समेटिन्छ। तीलमा आयुको सगुन रहन्छ। प्राणको सार अनाजमा समेटिन्छ। अनाजमा आयुको सगुन रहन्छ। **भ्रुँयु भ्रुँयु।** आयु लुकाउ आयु लुकाउ। धर्म धातुमा आयु लुकाउनले त्रिकालकै बुद्ध शत्रु भएर आए पनि केही गर्न सक्ने छैन।

यसरी धर्म धातुको आयुलाई सात मुद्राद्वारा मुद्रण गरिन्छ। पहिले धर्म धातुको मुद्रा। दोस्रो प्रज्ञोपायको मुद्रा। तेस्रो काय वाक चित्तको मुद्रा। चोथो चार ज्ञानको मुद्रा। पाँचौ पञ्चबुद्धको मुद्रा। छैठो ह्याङ्गृवको मुद्रा। सातौं सुनको खुर्पाको मुद्रा। यसरी सात मुद्राले मुद्रित गरिन्छ। शिरमा चन्द्र सूर्यको मण्डलमा भगवान बैरोचन मण्डल धारणा गरेको समन्तभद्र। उनको करुणा र अधिष्ठानले यो आयु सुप्रतिष्ठित होस्। **ॐ बुद्ध कलश अभिसिञ्च हुँ।**

निधारमा अर्धचन्द्र मण्डलमा भगवान बज्रसत्व मण्डलधारी बुद्ध लोचनीको करुणा र अधिष्ठानले यो आयु सुप्रतिष्ठित होस् । **ऊँ बज्र कलश अभिषिञ्च हुँ ।**

जिब्रोको अष्टपद्म पत्रमा भगवान रत्नसंभव मण्डल धारी मामकीको करुणा र अधिष्ठानले यो आयु सुप्रतिष्ठित होस् । **ऊँ रत्न कलश अभिषिञ्च त्रं ।**

नाभी विमान मण्डलमा भगवान अभितभ मण्डलधारी पाण्डुराको करुणा र अधिष्ठानले यो आयु सुप्रतिष्ठित होस् । **ऊँ पद्म कलश अभिषिञ्च ह्रीं ।**

पैताला भित्र त्रिकोणमा भगवान अमोघसिद्धि मण्डल धारी समय ताराको करुणा र अधिष्ठानले यो आयु सुप्रतिष्ठित होस् । **ऊँ कर्म कलश अभिषिञ्च अः ।**

आर्य अमितायुसको सार, दीर्घायु सूत्र (आयुपूजा) आयु अभिषेक नामक धारणी सूत्र समाप्त भयो ।

यो दीर्घायु सूत्र आयु थप्ने, रिपु लाउने, जन्म दिवस मनाउदा गर्भसुरक्षा, न्वारण, अन्नप्राशन, ब्रतबन्ध (क्षेवार) पुटपुटे गुन्यूचोली, घरपैचो आदि शुभ कार्यमा बाचन गर्दा गराउँदा उपयुक्त हुनेछ ।

ऊँ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैबेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

# ३७. (४) रत्नसह सूत्र (ह्यौँपूजा)ः

ऊँ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैबेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

*बुद्ध र बोधीसत्वहरूमा बन्दना ।*

एक समय मैले यस्तो सुने, उहिले देवलोकमा मणिदेव नाम गरेका देवपुत्र थियो । उनीसँग असिम सम्पत्तिको राशी थियो । कुनै बेला यदाकदा सम्पत्ति पनि नासियो । ढिकुटीहरू पनि खालि भैसकेकाले भगवानमा बिन्ति गरे ।

'हे भगवान,' सबै जान्नु हुने देवताको पनि देवता, मेरो सम्पत्ति सबै नष्ट भैसक्यो । टिकुटी खालि भैसक्यो । यसलाई पुनः प्राप्त गर्ने उपाय के छ भनि बिन्ति गरे ।

सम्पत्तिको द्वार सह लक्षण हो । त्यसको उपाय मैले बताउने छु । राम्रोरी सुनेर मनमा राख भनि आज्ञा भयो । राम्रो नक्षत्रमा धनी राजाबाट पाएको पाँच किसिमको अन्न, पाँच किसिमको औषधी, खाद्य र पेय पदार्थ जम्म गरी, दही, दूध, मादन, महा मास, घिउ, अमृत सहित राखेर, आफु स्वयं शाक्यमुनिको भावना गर्ने । हातमा गिद्धको प्वाँख राखेको बाणमा सेतो बस्त्र,

ऐना सानो यु भ्रुन्डाएर सेतो भ्रन्डाले हम्केर यो बाचन गर्ने । धर्मराज बुद्ध भगवान सबै धर्ममा अधिकारी धन सम्पत्ति बृद्धि गराएर फैलाउने आज मंगल सुखको संकेत सहमा आवोस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । धर्म विषय निस्वभावताको पुरा ज्ञान सहको प्रतिक ऐना । अपरिवर्तित को प्रतिक बज्र, सेतो भ्रण्डा हम्केर आह्वान गर्छु । आज मंगल सुखको संकेत सहमा आवोस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । क्रोधराज अमृत कुण्डली सहित समस्त नैवेदको राशमा अधिकार पाएका नैवेदको राशलाई बृद्धि गरेर फैलाउ । दही सहको प्रतिक हो । बज्र अपरिवर्तितको प्रतिक हो । सेतो भ्रण्डा हम्केर आह्वान गर्छु । आज मंगल सुखको संकेत सहमा आवोस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । नागराज जीमुत वरुण, समस्त फूलमा अधिकार पाएका नौ किसिमका अन्न बृद्धि गराएर फैलाउ । सहको प्रतिक जौ अपरिवर्तित प्रतिक बज्र, सेतो भ्रण्डा हम्केर आह्वान गर्छु । आज मंगल सुखको संकेत सहमा आवोस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । बस्तु भाउको आहाराको थुप्रो बृद्धि गरी फैलाउ । घिउ सहको प्रतिक हो । बज्र अपरिवर्तितको प्रतिक हो । सेतो झन्डा हम्केर आह्वान गर्छु । आज मंगल सुखको संकेत सहमा आवोस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको सह ल्याउ । बस्तु भाउको सह रक्षा गर । देवताको राजा आर्य जम्भल समस्त सम्पत्तिका आधिकारी नौ प्रकारको धन सम्पत्ति बृद्धि गरेर फैलाउ । सहको प्रतिक बिभिन्न पञ्चरत्न अपरिवर्तित सहको प्रतिक बज्र, सेतो झन्डाले हम्केर आह्वान गर्छु । आज मंगल सुखको संकेत सहमा आवोस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । बसुन्धरा देवी समस्त धनकी अधिपति नौ किसिमको चिताएको धन उत्पन्न गर्ने, समस्त सम्पत्तिका मूल सप्तरत्न अपरिवर्तित् सहको प्रतिक बज्र, सेतो झन्डाले हम्केर आह्वान गर्छु । आज मंगल सुखको संकेत सहमा आवोस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । धन सम्पत्ति पृथ्वीझैं अचल र स्थिर होस् । रुखझैं पोटिलो भइ बृद्धि होस् । आगोझैं प्रकाशित भइ प्रज्वालित होस् । फलामझैं दरोभइ कठोर होस् । पानीझैं निरन्तर दिगो होस् । महाभूतको

सह यहाँ आवोस् । **खुये पुष्टिं कुरुये स्वाहा। साखो ह्यौँखो।**

मानिसको सह ल्याउ। बस्तु भाउको सहको रक्षा गर। सह आकाशझैं उच्च होस् । चन्द्र सूर्यझैं प्रकाश होस् । इन्द्रेणीझैं चहकिलो होस् । ग्रह नक्षत्रझैं पोटिलो होस् । दक्षिणको बादलझैं घना होस् । सुमेरु पर्वझैं स्थिर होस् । पृथ्वी जस्तै मिलेको होस्। महाभूतको सह यहाँ आवोस्। **खुये पुष्टिं कुरुये स्वाहा। साखो ह्यौँखो।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । देवताका राजा महादेव सेतो गरुड, मानिसको सहको समागम समूहमा ल्याउ । जौको सहको समागम ढिकुटीमा ल्याउ । भेडाको सहको समागम भेडी गोठमा ल्याउ । बस्तु भाउको सहको समागम गोठमा ल्याउ । भोजनको सहको समागम अगेनामा ल्याउ । लुगाको सहको समागम लुगा झुन्ड्याउने स्थानमा ल्याउ। मदको सहको समागम घैँटोमा ल्याउ। खेतको सहको समागम गह्रा आलिमा ल्याउ । ॐ मणि ह्यौँखरा ङठी पङग्रेस्योले पञ्चम लक्षण लिएर आउ। **खुये पुष्टिं कुरुये स्वाहा। साखो ह्यौँखो।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । फैलिएर जाने चण्ड शत्रु नासक देव, धेरै बस्तु भाउको बहुसम हजार घोडा, लाख गाई, गोरु, भेडा, बाख्रा, धानको ढिकुटी सुनखानीको द्वार युको ढिकुटी, प्रमुख रुपमा त्रिरत्न सहित सबै

प्रकारको द्रव्य सह यहाँ आवोस् । सबै मंगल यहाँ आवोस् । सबै स्वास्ति यहाँ आवोस् । सबै पुण्य यहाँ आवोस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । समन्त भद्रको अधिष्ठान, अवलोकेश्वरको अनुकम्प बज्रपाणि को शक्ति र क्षमता, मञ्जुश्री कुमारको गुरु त्रिरत्नको अधिष्ठानले, यो सह परिपक्क भएर स्थिर रहोस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । पूर्व दिशाबाट द्रव्य र सह ल्याउ । चन्द्र सूर्य उदायझै आगमन होस् । दक्षिण दिशाबाट द्रव्य र सह ल्याउ । दक्षिणको घना बादलझै आगमन होस् । पश्चिम दिशाबाट द्रव्य र सह ल्याउ । पानीझै वर्षेर आगमन होस् । उत्तर दिशाबाट द्रव्य र सह ल्याउ । तुफानझै सर्वत्र रुपमा आगमन होस् । माथिको दिशाबाट द्रव्य र सह ल्याउ । सिमसिमे पानी वर्षेझै आगमन होस् । तलको दिशाबाट द्रव्य र सह ल्याउ । अन्न पाकेझै आगमन होस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको सह ल्याउ । बस्तु भाउको सहको रक्षा गर । रुख तत्व बृद्धि हुँदा, त्यसरीनै आगो बृद्धि हुनेछ । आगो बृद्धि हुँदा माटो बृद्धि हुनेछ । माटो बृद्धि हुँदा, फलाम बृद्धि हुनेछ । फलाम बृद्धि हुँदा, पानी बृद्धि हुनेछ । पानी बृद्धि हुँदा, रुख बृद्धि हुनेछ ।

यसरी, तत्व बृद्धि भएझैं मानिसको सह पनि बृद्धि होस् । तत्व मंगल भएझैं मानिसको सह पनि त्यसरीनै मंगल होस् । तत्व फैलिएर गएझैं मानिसको सह पनि त्यसरीनै फैलियोस् । जौको सह, धानको सह, लुगाको सह, जाँडको सह, भोजनको सह, बस्तु भाउको सह आवोस् । अन्नबाली, सुन, चाँदी हिरा, मोती, धन सम्पत्ति, बस्तु, भाउ, सबैको सह घरमा आवोस् । मनले सौँचेको र आँखाले देखेको प्राप्त होस् । सन्तानको बृद्धि होस् । श्रीबृद्धि होस् । मनोकामना पूर्ण होस् । सुख शान्ति होस् । दीर्घायु र मंगल होस् । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

मानिसको भोजनमा अमृतको वर्षा होस् । पृथ्वीमा अमृतको जमरा उम्रियोस् । मानिसले सह ल्याउदा मृगशिरा नक्षत्रमा ल्यावस् । मानिसको सहको रक्षा गर । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

बस्तु भाउको सह ल्याउदा, बेउ नक्षत्रमा ल्याउ । भेडाको सह ल्याउदा, पुण्य नक्षत्रमा ल्याउ । बाख्राको सह ल्याउदा, द्रोण नक्षत्रमा ल्याउ । नाग नागिनीले खेतको सह ल्याउदा, स्वाती नक्षत्रमा ल्याउ । गाई र भैसीको सह ल्याउदा, धनिष्ठा नक्षत्रमा ल्याउ । गौरीले धानको सह ल्याउदा, पूर्व फाल्गुणी नक्षत्रमा ल्याउ । पहेँलीले मदको सह ल्याउदा, भद्रा नक्षत्रमा ल्याउ । तीन भाइले सह ल्याउदा, भरुणी नक्षत्रमा ल्याउ । सम्पूर्ण द्रव्य सहको रक्षा गर । **खुये पुष्टिं कुरु स्वाहा । साखो ह्यौँखो ।**

आजको मेरो यजमान ..........लाई समुद्र जस्तै अपार सम्पत्ति प्राप्त होस् । पर्वतको श्रृंखला जस्तै बिशाल होस् । पानीझैं सलल बगोस् । चन्द्र सूर्यझैं उज्यालो होस् । नवौं मगंलको सह ल्याउ । बहादुरिको बहादुरिता पनि ल्याउ । फैलिने फैलावटको सह पनि ल्याउ । उग्रको उग्र सह पनि ल्याउ । गाई भैंसी, भेडा, बाख्रा, घोडाको सह पनि ल्याउ । श्रीसम्पत्तिको सह पनि ल्याउ । सुन चाँदीको सह पनि ल्याउ । मानिस र द्रव्यको सह लिएर आउ । रत्नजडित भाँडो जहाँ सह हालेर राखिन्छ, मुख बन्द गर । बन्द गर । बन्द गर । राम्रोरी छोपेर सुरक्षित ठाउँमा राख । **खुये पुष्टिं कुरुये स्वाहा । साखो ह्यौँखो ।**

भगवानले यति आज्ञा भए पछि देवपुत्रको ढिकुटी पुनः भरिएर आयो । देवपुत्रले भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे । रत्नसह सूत्र (ह्यौँपूजा) समाप्त भयो ।

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

यो ह्यौँपूजा मृत्यु र राक्षस योग नपरेमा पूर्णिमाको दिनमा गर्न सकिन्छ । अन्य योगहरूमा आनन्द, शुभ, श्रीवत्स, सिद्धि पद्मको दिनमा रोहिनी र मृगसिरा नक्षेत्र, सेतो र पहेलो चन्द्रमाको लग्न पारेर शुक्ल पक्षको बुघबार, बिहिबार शुक्रबारको दिनमा गर्न उत्तम हुनेछ ।

# ३८. (५) मंगल सूत्र (यात्रा साइत)ः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैबेतम सर्व परिकार महापञ्च अमृत स्वाहा ।

*बुद्ध र बोधिसत्वहरूमा बन्दना ।*

दुबै हातमा श्रीसम्पन्नताले बास गरोस् । सबै अंगमा समेत श्रीसम्पन्नता भएर रहोस् । व्यापारीले धनको खोजि गरिकन दशै दिशामा जानेहरू ठुलो लाभ गरी सुखि र आनन्दित होउन् । पूर्व दिशातिर जाँदा, त्यताकै नक्षत्रहरूले तिम्रो पालन गरुन् । कृतिका रोहिनी, मृगशिरा, आर्द्रा पुनरबसु, पुष्या र अश्लेष नाम गरेका सबै पूर्व दिशाका हुन् । ती सात नक्षत्रहरू लोकपाल भनी ख्याति छन् । तिनीहरूले तिम्रो पालन गर्ने छन् । तिनको अधिपति राजा चाहि युधिष्ठिर हुन् । ती सबै गन्दर्भका अधिपति हुन् ।

चन्द्र सूर्यले सरह पालन गरोस् । उसका धेरे पुत्रहरू छन् । विद्वान र महावली छन् । उनीहरूले तिमीलाई निरोगी पारेर मंगल गरी पालन गर्ने छन् । पूर्व पट्टीको भागमा आठवटी देवी कुमारीहरू छिन । जय, विजय सिद्धार्थी, अजिता, परमप्रिया

प्रियासेना, प्रियवती र प्रियवर्द्धनी छिन् । तिनीहरूले, तिमीलाई आरोग्य र मंगल गरी पालन गर्ने छन् ।

पूर्व दिशाको भागमा धरनधिर नामक स्तुपा छ । जीत शरण्य अहर्त मेधवी त्यहाँ बिराजमान छन् । उनले पनि आरोग्य र मंगल गरी पालन गर्ने छन् । त्यहाँ तिमी सुखि होस् । देवताले रक्षा गरुन् । पाप नगरी, धन लाभ गरी फर्कन पावस् ।

दक्षिण दिशातिर जानु पर्दा, त्यहाँ रहेका नक्षत्रहरूले तिमीलाई रक्षा गरुन् । मघा, पूर्वा फाल्गुणी, उत्तर फाल्गुणी, हस्ता, चित्र स्वाति र विशाखा सबै दक्षिण दिशाका हुन् । ती सातवटा नक्षत्रहरू दक्षिण दिशाका लोकपाल भनी ख्याति छन् । तिनीहरूले तिम्रो रक्षा गर्ने छन् । तिनीहरूको अधिपति राजा चाहि बिरुढक बताइएको छ । उनी सबै कुम्भाण्डका मालिक हुन । उनले यमबाट रक्षा गर्ने छन् । उनको धेरै पुत्रहरू छन् । विद्वान र महावली छन् । उनले मंगल गरी पालन गर्ने छन् । दक्षिण दिशामा आठ कुमारी देवी छन् । श्रीदेवी, यशोमती, यशलाभी यशोधरा, सुजागृता, प्रसेना, सुप्रबुद्ध र सुसिद्धा । तिनीहरूले आरोग्य र मंगल गरी पालन गर्ने छन् ।

दक्षिण दिशामा पद्म नामक स्तुपा छ । तेजले प्रज्वलित भएकाले सबै उज्यालो पार्छ । त्यसले तिमीलाई आरोग्य र मंगल गरी पालन गर्ने छन् । त्यहाँ सुखि होस् । देवताहरूको संरक्षणमा पाप नगरी धन लाभ गरी फर्कन सकोस् ।

पश्चिम दिशातिर जाँदा, पश्चिममा जोजो छन् ती नक्षत्रले तिमीलाई पालन गर्ने छन् । अनुराधा, ज्येष्ठा, मूल पूर्वषाडा उत्तरखाडा, श्रवण, अभिजित, यी सात नक्षत्रहरू पश्चिमका लोकपाल भनि ख्याति छन् । तिनीहरूले तिमीलाई रक्षा गर्ने छन् । तिनका राजा चाहि विरुपाक्ष भनिन्छ । उनी सम्पूर्ण नागका मालिक हुन् ।

वरुणले रक्षा गर्ने छन् । उनका धेरै पुत्रहरू छन् । विद्वान र महाबली छन् । उनले तिमीलाई आरोग्य र मंगल गरी पालन गर्ने छन् । पश्चिम दिशामा आठ कुमारी देवी रहेका छन् । कुण्डली, केशमिश्रा, कुण्डरिका, अरुणा, अभागीय एकार, ललिता कृष्णा र द्रौपदी । उनीहरूले तिमीलाई आरोग्य र मंगल गरी पालन गर्ने छन् । पश्चिम दिशामा पश्चिम नाक पर्वत छ । चन्द्र सूर्यले अस्ताउने समयमा पनि तिमीलाई धन दिने छन् । उनले पनि तिमीलाई आरोग्य र मंगल गरी पालन गर्ने छन् । त्यहाँ तिमी सुखि रहोस् । देवताहरूको संरक्षणमा पाप नगरी धन लाभ गरी फर्कन सकोस् ।

उत्तर दिशातिर जाँदा, त्यहाँ रहेका नक्षत्रहरूले तिमीलाई पालन गर्ने छन् । धनिष्ठा, शतभिषा, पूर्वभाद्र उत्तरभाद्र, रेवती अश्विन, भरुणी गरी सात नक्षत्रहरू उत्तरको लोकपाल भनी ख्याति छन् । उनीहरूले तिमीलाई संरक्षण गर्ने छन् । उनीहरूको मालिक चाहि कुबेर हुन् । तिनका धेरै पुत्रहरू छन् । विद्वान र

महाबली छन् । उनले तिमीलाई आरोग्य र मंगल गरी पालन गर्ने छन् । उत्तर दिशामा आठ कुमारी देवी छिन् । इलादेवी सुरादेवी, पृथ्वी पद्मवती आशा, श्रद्धा, हिरी र शिरी । उनीहरूले तिमीलाई मंगल गरी पालन गर्ने छन् । उत्तर दिशामा गन्धमादन पर्वत रहेको छ । यक्ष भूतहरूको स्थान हो । त्यसले पनि तिमीलाई आरोग्य र मंगल गरी पालन गर्ने छन् । त्यहाँ पनि तिमी सुखि होस् । देवताहरूको संरक्षणमा पाप नगरी धन लाभ गरी फर्कन सफल होस् ।

चारै दिशामा अट्ठाइसवटा नक्षत्रहरू र बत्तिस कुमारी देवीहरू छन् । आठ श्रमणहरू, आठ ब्राह्मणहरू र आठवटा पुरहरू छन् । शक्र सहित आठ देवताहरू छन् । उनीहरूले तिमीलाई संरक्षण दिने छन् । तिमी जाँदा पनि र फर्कदा पनि मंगल होस् । कुटुम्बलाई हेर्दा र कुटुम्बले हेर्दा पनि मंगल होस् । शक्र सहित यक्ष र अहर्तहरूका अनुकम्पले सबैमा मंगल भइ अमृतमय मंगल लाभ होस् । ब्रह्मा, बासुकि अनास्रव क्लेशमुक्त भएकाहरू, नाग र यक्षले रक्षा गरुन् । सय शरद समान आयुको पालन होस् । आर्य ललित बिस्तार सूत्रमा उल्लेखित व्यापारी त्रपुस भल्लिक भद्रिक मंगल सूत्र (यात्रा साइत) समाप्त भयो ।

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम सर्व परिकार महापञ्च अमृत स्वाहा ।

यात्रा साइत जुराउँदा, अपरझट भए आफ्नो जन्मबारको दिनमा मंगल सूत्रको पाठ गरेर साइत गर्दा पनि हुन्छ। आफु बसेको देश छाडेर टाढै जानु पर्ने अवस्थामा चन्द्रमा दाहिने वा सामुन्ने पारेर साइत गर्नु उत्तम् हुनेछ।

**चन्द्रफल–**

मेष, सिँह र धनु राशीमा चन्द्रमा पूर्व रहने छ।
बुष, कन्या र मकर राशीमा चन्द्रमा दक्षिण रहने छ।
मिथुन, तुल र कुम्भ राशीमा चन्द्रमा पश्चिम रहने छ।
कर्क, बृश्चिक र मीन राशीमा चन्द्रमा उत्तर रहने छ।

मेष, सिँह, बृश्चिक– रातो चन्द्रमा, बैरभाव हुने।
बृष, कर्क, तुल– सेता चन्द्रमा धनलाभ हुने।
मिथुन, धनु, मीन– पहेलो चन्द्रमा उत्तम् हुने।
कन्या, मकर, कुम्भ– कालो चन्द्रमा भृत्युको भय हुने।

उपरोक्त राशीहरूलाई पात्रोबाट मिलन गर्नु होला। शुभम्।

## ३९. (६) बिबाह सूत्र (कन्यदान)ः

ॐ अर्धम् पुष्पम् धूपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

**ॐ अहर्त सम्यक सम्बुद्धं नमस्तुभ्यं प्रियवादिनी विवाह भाग्यमारोग्यं पुत्रलाभं च देहि मे धान्यदेहि धनंदेहि पशुनं देहिन्द्रभामिनी यशोदेहि सुखंदेहि सर्वकार्यकारी भव ।** यस पछि दुलहीले स्वंवरको कलश हातमा लिई दुलहलाई तीन पटकसम्म परिक्रमा गर्ने ।

**ॐ देवेन्द्रणि नमस्तुभ्यं हरिततारा नमस्तुते । आवयोः प्रितिरतुलं त्वत्प्रसाद भवते। पाण्डवानं द्रुपदजा यथा सत्यं पतिब्रतं वायोरप्यञ्जनं देवीगाथा च्छाया विवहवसो शन्तनोश्च यथा गंगा चन्द्रस्यं रोहिनी यथा महामुणी बोधिसत्वस्य गौतमस्य यशोधरा यथा मुणिमुणि शाक्यमुनिस्य महामाया यथा । तद्याथ भवेयं सतंत त्वत्प्रसाद पुलोमजं सर्वदेवस्य मनुष्यो साक्षिनं मं मनसा कर्मण वाचा बृतोषं हि पतिर्मय । ॐ भद्रकर्णेभि आनोभद्रा स्वास्तिनं शक्त मंगल बुद्धं बोधिसत्वं लग्नं सुदिनं तदेवं तारावलं चन्द्रबलं सूर्यबलं विद्याबलं दैवबलं देवतारापते तेञ्धिंयुगं स्मरामि स्वाहा। बेहुल श्रीमान.............स्य .......गोत्रा/न्हँसस्य बेहुली**

**श्रीमती....... स्य .......गोत्रा/न्हँसस्य शुभलग्न शुभविवाह स्वयंवर समरोह समापनम् स्वाहा ।** यस पछि पूर्व पश्चिम फर्किएर बेहुला, बेहुली दुबैले आपसमा स्वंवरको माला र औठी बरण गर्ने । यति काम भए पछि स्वयंवरको एकसरो कामसमापन भयो । अब कन्यदानको सूत्र बचन गर्ने ।

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

यो गन्दर्भ बिबाह आज मात्र होइन । हिजोको जुनीमा पनि पटक पटक कुरा चलेको थियो । तर, लग्न नजुरेको हुनाले बिबाह हुन सकेन । आजको शुभ लग्नमा बिबाह भएर राम्रो भएको छ । तिमीहरू दुबैजनाको आयु संस्कार बराबर होस् । सुस्वास्थ होस् । सुख शान्ति होस् । दीर्घायु होस् । मंगल होस् । चिरिन्जिबी होस् । श्रीसम्पत्ति प्राप्त होस् । चाहे जति सन्तान होस् । सन्तानको उन्नति प्रगति होस् । धनवान, बलवान, बुद्धिवानका साथै मनले चिताएको र आँखाले देखेको प्राप्त होस् । ॐ **नमो भगवते अपरिमिता आयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव विशुद्धे महानये ... परिवारे स्वाहा ।**

यो मनुष्य लोकमा जन्मिए पछि सबै कर्म गर्नु पर्छ । यसरी कर्म गर्दा, समयबाट आउने दोष, कर्मबाट आउने दोष, जन्मबाट

आउने दोष, भोजनबाट आउने दोष, लुगा सिलाउँदा आउने दोष घर छाँउदा आउने दोष, मित लाउँदा आउने दोष, सम्पत्ति राख्दा आउने दोष, बस्तुभाउ पाल्दा आउने दोष, खेति किसान गर्दा आउने दोष, बाटोमा हिँड्दा आउने दोष, सन्तान हुर्काउँदा आउने दोष, घर व्यबाहर चलाउँदा आउने दोष, व्यापार व्यवसाय गर्दा आउने दोष र बिरमी हुँदा आउने दोष सबै प्रकारको अमंगलहरू यो फ्होलेले लिएर जाउन् भनि फ्होले फाल्नु पर्छ। फ्होले फाले पछि बिबाहको संस्कार समाप्त हुन्छ।

गुरुङ जातिको बिबाह संस्कारमा यो फ्होले भनेको अमंगल वा अशुभ हो। यसलाई राम्रोसँग मन्साएर पन्साएर फाल्नु पर्छ। यो फ्होले फाल्दा मूल ढोकाको साँधमा शुद्ध बनाइ तीन पटकसम्म तुरुक्क तुरुक्क गरेर जाँडको छोटो तर्पण दिन्छ। त्यस पछि भित्रबाट जाँडको पुङ र अगोल्टो फ्होले फाल्ने मानिसलाई दिन्छ। त्यो मानिसले सबै सामान लिएर दोबाटोमा गएर सिस्नुको जरामा राख्छ। त्यसपछि सिस्नुको बोटलाई तीन पटकसम्म तुरुक्क तुरुक्क गरेर जाँडको छोटो तर्पण दिदै भन्छन्। आज मिति .........मा गन्दर्भ बिबाह गरेको बेहुला ....... बेहुली ....... को बिबाह संस्कारमा कुनै दोष दोखालो वा अमंगल भएमा यो सिस्नुले पोलेर भष्म गर्नु भनी अगोल्टोले सिस्नुको बोटलाई तीन पटक हानेर फर्कन्छ। फर्केपछि उनीहरूलाई पनि सम्मान गरी बिदाइ गर्नु पर्छ। यसरी बिबाहको संस्कारलाई समापन गरिन्छ। तर, नेपाली

समुदायमा बिभिन्न जात जातिहरूको आ-आफ्नै संस्कारहरू हुन्छन् । त्यसैले संस्कारको हकमा मौलिक संस्कारलाई अपनाउदा उपयुक्त हुने देखिन्छ। तर सूत्रको हकमा भने यसलाई धारणा गर्दा राम्रो हुनेछ। ॐ **नमो भगवते अपरिमिता आयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्‌गते स्वभाव विशुद्धे महानये ... परिवारे स्वाहा।**

आज गन्दर्भ बिबाह भएको बेहुल बेहुलीको दाम्पत्य जीवन सुखमय होस्। चाहे जति सन्तान प्राप्त होस्। घनधान्य प्राप्त होस्। श्रीबृद्धि होस्। दीर्धायु होस्। मंगल होस्। मनले चिताएको प्राप्त होस्। ऊँ बोधि मंगलम्। ऊँ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा।

# ४०. (७) दान सूत्र भूमिपूजाः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा।

**ॐ अथकर्ता शुद्धासनं उपविश्यं धूपंदीपंनैवेतमं संकल्पं स्वाहा। ततैवं दध्यक्षतबलिं च तद्यात ततं उत्खातभूमं सर्वपान विकिरेतं। ततं उत्तरवृद्ध्य उपशील सहिता बलिदान मन्त्रस्तु। ततं उत्तरे क्षेत्रपालमावाह्य ततो वस्तु पुरुषं इति मन्त्रेण सम्पुज्य प्रार्थयेते। ॐ एतन्ते बोधिसत्व सर्वज्ञानं प्राहुर्बृस्पते बुद्धनं। तेनं यज्ञमव तेनं यज्ञापतिं तेनं मामव मनो जुर्तिजुषतामजस्य बृहस्पतिर्यज्ञमि तनोत्वरिष्ट यज्ञसमिमं तधातु विश्वेदेवस्य दयन्तमो भूमिशुद्धि दान प्रतिष्ठे पूजा स्वाहा।** ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा।

***बुद्ध र बोधिसत्वमा बन्दना।***

एक समय मैले यस्तो सुने– भगवान त्रायत्रिंस देव भुवनमा पारिजातको रुख मुनि हुनुहुन्थ्यो

'हे भगवान,' कस्तो व्यक्ति सुगतिमा जान्छ ? कस्तो कर्म गर्नाले, मानिसको दिन रात निरन्तर पुण्यको बृद्धि भएर जान्छ ? शक्रदेवले बिन्ति गर्यो ।

'हे शक्रदेव,' जसले श्रद्धाका साथ बगैँचाा बिहार, बन जंगल बनाउँछ, पूल बनाउँछ, डुँगा बनाउँछ, पानीको कुवा बनाउँछ र बिश्राम गर्ने चौतारा बनाउँछ, धर्मशाला बनउँछ, आवत जावत गर्ने मार्ग बनाउँछ, त्यसको पूजा सहित प्रतिष्ठा गर्छ, शील सम्पन्न छ, कन्जुस्यइ गर्दैन काम प्रति आसक्त नभएर, सधै प्राणीको हित गर्न तत्पर रहन्छ, त्यो व्यक्ति सुगतिमा जाने छन् । सुगतिमा जन्मने छन् । उसको दिन रात सधै पुण्य फैलिएर जाने छन् । तर, कन्जुस व्यक्ति सुगतिमा जाने छैन । त्यस्तो बालजनले दान गर्ने छैन । श्रद्धवान जसले दान दिएर अनुमोदन गर्छ, यस लोक र परलोकमा पनि सुखि रहन्छ ।

प्राकृतिको नियम अनुसार खेतको अवगुण भनेको झार हो । व्यक्तिको अवगुण भनेको लोभ हो । त्यसैले, रागबाट मुक्त भएमा उपयुक्त फल प्राप्त हुनेछ । जसले बुद्ध, धर्म र संघ धारणा गरी स्तुपा बनाउँनका लागि शीलवान पुरुष वा महिलालाई दान गर्छ उनको जन्म स्मृति सहित कुलिन परिवारमा हुनेछ । यसरी भवसागरमा भौतारिदा, उनले गरेका दान बाहेक अरु साथी हुने छैन । जसले वाण हानेर पुग्नेसम्मको भूमि दान गर्छ । उ देव लोकमा गएर सुगतिमा आनन्दित भएर रहने छ । जसले बिहारसम्मको भूमि दान गर्छ, उ पुरोहितमा जन्म लिइ कल्पौंसम्म सुगतिमा रहने छ ।

हे शक्रदेव, मठ र बिहारको लागि भूमि दान दिएमा पुण्य उत्पन्न भइ सुगतिमा कल्पौंसम्म आनन्दमा रहने छ। अन्न सहितको भूमि गोडेर खान दिएमा हजारौं कोटीसम्म उसको दुर्गति हुने छैन। जसले फलयुक्त भूमिको दान गर्छ, उसले अक्षय फल प्राप्त गर्ने छ।

जसले उखु र हरियो जौले सजिएको भूमि दान गर्छ, उनलाई देवताको परम् सुख बृद्धि हुनेछ। तलवार सिंहासन, छत्र, उत्तम घोडा, हात्ति, पुष्पयुक्त भूमि जसले दान गर्छ, उ शक्र पदको फल प्राप्त गरी मुक्त हुनेछ। जसले भूमि दान लिने छ वा दिने छ, दुबैले उपकार गरेको हुनेछ। दुबै सुगतिमा जाने छ।

हे शक्रदेव, जसरी पानीमा तीलको तेलको थोपा पानी माथि तैरेर व्यप्त हुन्छ, त्यसै गरी भूमि दानमा राम्ररी आश्रित भएमा पुण्य बृद्धि भएर जाने छ। जसरी दुहुना गाईको दूधले बाछाको पोषण हुन्छ, त्यसरीनै भूमि दान दिने मानिसहरू सौभाग्यवान र भूमिद्वारा पालन पोषण हुनेछ। दत्त चित्तले भूमि दान गर्नाले दही, ध्यू र दूधको धारा वर्षिएझै पुण्यबाट सन्तुष्ट हुनेछ। लोभबाट ग्रसित भएका मानिसले अकुशल कर्म गरेको हुन्छ। त्यो कर्मको फलले पिडा दिन्छ। तर, पश्चताप गरी, त्रिरत्नको बन्दना गरी संघलाई दान दिएमा सुगति जाने सम्भावना रहन्छ।

जसरी घाँसबाट खेतको परिक्षा गरिन्छ। माउबाट बाछाको परिक्षा गरिन्छ। घोडाको वंशबाट घोडाको परिक्षा गरिन्छ। आजिविकाबाट मानिसको शीलको परिक्षा गरिन्छ। भूमि दान बगैंचाा दान, स्वर्ण दान, मुद्रा दान, चीवर दान, भोजन दान आदिबाट बैंकमा राखेको धन जस्तै पुण्यको सञ्चय हुन्छ। त्यसैले, सबै मानव जातिले बुझ्नु पर्ने सत्य कुरा के छ भने कुशल कर्मको सत्य भनेको पुण्यको ढिकुटी हो। अकुशल कर्म र झुटो व्यबहार पापको दलदल हो। जहाँ डुबे पछि उद्धार हुने संभाव छैन। त्यसैले, कुशल र अकुशल कर्मको बारेमा समय हुँदै स्पष्ट जानकारी हुन परम् आवश्यक छ।

यसरी भगवानले भूमिपूजा र दान सूत्रको धर्मदेशना गरे पछि शक्रदेवले त्रिरत्नको बन्दना गरी देव, असुर मनुष्य, यक्ष, गन्दर्ध किन्नर, नाग, गरुडा, अष्टबर्ग आदि सबैले भगवानको बचनलाई अनुमोदन गरी, अभिनन्दन गरे। भूमिपूजा धारणी सूत्र समाप्त भयो। ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम्।

# ४१. (८) भेडी पालन सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा।

***बरदान उत्पादन गर्ने यक्षलाई बन्दना।***

भेडाको महाधिपति बिजय अपराजिताले जनावरको रक्षा गरुन्। रत्नकोष ढिकुटी महानिधिपति अक्षय सबै बृद्धि गर्ने जगतका पालक सागर भूमि उष्माधिपति आकाश चन्द्र सूर्य नक्षत्र अधिकार दात्री जसले यो अधिकार गर्छ। जयध्वज जगन्नाथ, धनाधिपति भेडा र श्रेष्ठ कुमार श्री दात्री भेडाका रक्षक **ॐ अपराजिता ज्वाला अमोघसिद्धि अ अ री री ली ली ए ए समय रत्नसिद्धि सिद्धिरत्न स्वभाव त्रं स्वाहा।**

यस धारणी राजका शक्ति अधिकार अधिष्ठानले खुट्टा तन्किने, लुलो हुने, सिमि नामक रोग, जंगली कुकुर र ब्वाँसोले बाटोमा लखेटाइले अन्योलमा परेका भेडा बाख्राहरूलाई रक्षा गर।

शत्रुले बशमा पार्नु, चोरले चोरी गर्नु, दुष्टको आक्रमण र सँग्रमबाट बिजय होस् । यो जित्ने उपायको अधिकार श्रेष्ठ यक्षबाट होस् । **ऊँ मं किलं मं ज्वाला स्वाहा ।**

सम्पति र बस्तु भाउको बृद्धि गर । प्राणीहरूको अधिकारको राम्ररी रक्षा गर । **ऊँ प्रति नभ नभ कित परि शरभ श्नतये स्वाहा ।** सम्पत्तिमा मेरो कामना छिटै सिद्ध गर । क्रोधराज र कामराजले रक्षा गर । बस्तु भाउ, चौपाय, भेडा, बाख्रा र सम्पत्तिहरूमा हानी हिंसात्मक ग्रह र दुष्ट चेतना भएकाहरू सबै शान्त भएर जावस् । **शान्तकारम् परम् धारणी ऊँ बज्रक्रोध दुहे राजभे हुँ फट् स्वाहा ।** क्रोधराज र कामराजले पशु, भेडा, बाख्रा माथि सम्पत्ति निधि दिशा, काल, अन्यत्र हेतु चोर, ब्वाँसो, राक्षसी, बाध चितुवा, भालु त्रेमवुक त्रिमुन्त दुष्टहरू सबै निवारण गर । **ऊँ अपराजिता रत्नआयुर्भिशित स्वाहा ।**

सम्पत्ति पशु, भेडा, बाख्रा, सुधन कोषाधिकारी धनी मान्छे, जसको कामनाहरू छन्, ती सबै छिट्टै सिद्ध होस् । यक्षराज समन्तेश्वर दुष्ट नासक सँग्रम विजयी, समस्त बस्तु भाउ बृद्धि गर्ने धनका देव, गंगा देवी, सुखि माता समस्त ब्रम्हचारी निधिपति, रत्न सुनौलो ज्योति, न्याउरी मुसाको कोष अपराजितामा बन्दना । मैले आशा गरेको अर्थ सबै तिमीले क्षण भरमै बिना रोकतोक सिद्ध गर । यक्ष अपराजिता बस्तु भाउ फैलिने भेडाको रोग निको पार्ने भेडी पालन धारणी सूत्र

समाप्त भयो। ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा।

**भेडाको रोग सबै शान्त पार्ने आर्य जंभलको धारणीः**

यस प्रकार **ॐ बज्रक्रोध रजये स्वाहा।** भेडाहरूको रक्षा गर। बुद्ध शाक्यमुनिले भेडाको रोग सबै निको पारिदेउ। खोक्ने रोग डराउने रोग, फोको उठने रोग आदि सबै निको पार्ने धारणी **तद्याथ ॐ बज्रजंभल मुग नेत्र त्रं स्वाहा। ॐ बज्र नमो रत्न त्रयाय स्वाहा। ॐ बज्र समय स्वाहा। ॐ बज्र तद्याथ स्वाहा। ॐ हल हल जुलु जुलु स्वाहा।** यी भेडाहरूको रक्षा गर। भेडाको रोगहरू सबै शान्त गर। धनको बरदान देउ। आर्य जंभल भेडाको रोग निको पार्ने धारणी समाप्त भयो। ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा।

**आर्य रेमन्त घोडा तथा पशु धारणी सूत्रः**

घोडाको सबै रोग शान्त गर्ने, त्रिरत्नमा बन्दना।

आर्य रेमन्त घोडाको देवता हुन्। सबै घोडाको रक्षा गर। घोडाको बिगार गर्ने बिध्नहरू सबै क्षणभरमै धुलो भएर जाने छन्। घोडाको सबै रोग शान्त हुनेछ। घोडाको आयु र प्राण बलियो हुने छन्। अन्य बाधकले छुने छैन। आकस्मत शत्रुले लुट्ने छैन। लुतो, फोका उठ्ने लुलो हुने, लंगडो हुने, हिनहिनाउने सबै रोग निको हुने छन्। यो बाहेक त्रिधातु संसारमा रक्षा गर्ने विद्या मन्त्र अरु छैन। **ॐ महाक्रोध रेमन्त हन हन हुँ फट् स्वाहा।**

आर्य ह्याङ्गृब राजाले चौपाया घोडाको सुरक्षा गर। **ॐ पद्मान्तकृत ह्याङ्गृब बज्रक्रोध हुँ फट् स्वाहा।**

त्यसपछि भगवानमा आजन्य सूर्य गर्भले गाथाद्वारा स्तुति गरे। उत्कृष्टका श्रीधरिनाथ मार्ग राजा सुखकार उत्कृष्ट शत्रुदेव सूर्य पुत्र तेजवानमा बन्दना। कमजोर जगतको हितार्थ, अनुकम्पद्वारा उद्धार गर्ने मार्गको शत्रु र भय निवारण गर। पुष्ट घोडाको बृद्धि गर्ने आधिकारिक मुनेन्द्र देवाधिदेव कुमार रेमन्तमा बन्दना। आक्रमक शत्रुबाट जित्ने मार्गको शत्रु र भयको निवारण गर। मलाई धनको बरदान देउ। भेडा बृद्धि धारणी आर्य जंभलस्य भेडा धन, घोडाको सबै रोग निको पार्ने धारणी मन्त्र समाप्त भयो। **ॐ आर्य रेमन्त स्वाहा।**

ॐ अर्घम् पुष्पम् धुब्बम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा।

# ४२. (९) पापदेशना परित्राण सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा।

*बुद्ध र बोधिसत्वहरूमा बन्दना।*

पूजा चढाएर पापदेशना गर्छु। सबै कुशल कर्मको अनुमोदन गर्छु। धर्म चक्र प्रवर्तन गर्न अध्येषणा गर्छु। परिनिर्वाण नभएर जीवित भइरहन याचना गर्छु। कुशल पुण्य कर्म महासंबोधिमा परिणामना गर्छु। तथागत अहर्त सम्यक सम्बुद्ध गगन श्री बिमल बिरज सुन्दरमा बन्दना। तथागत गुणकेतु प्रभापद्म कुसुम बैडुर्य रश्मिरत्न स्वरुप कायवानमा बन्दना। तथागत परम् गन्धोमत पुजिता सुल अलंकृत बिभूषित कायमा बन्दना। तथागत उष्णिष्तोष चुडस्य सूर्य रश्मि असिम चन्द्रप्रभा प्रणिधान अलंकारमा बन्दना। तथागत सुनिर्वाण महाव्युह धर्मधातु अभ्युद्गत वितरात रत्नसंभवमा बन्दना। तथागत चन्द्रबिम्ब कुमार अकृदीप चन्द्र कुसुम रत्नपद्म सुवर्ण छत्र आकाश समकाय बैरोचनमा बन्दना। तथागत दशदिक बिराजमान रश्मिप्रभा समन्त लोकधातु अवलोकितेश्वरमा बन्दना। तथागत सर्वबुद्ध व्युह सुप्रबुद्धमा बन्दना। तथागत बुद्धशय सिद्धिमा

बन्दना । तथागत बिमल चन्द्रकेतु राजकुसुम व्युहकारमा बन्दना। तथागत परम् रत्नकेतु कीर्तिवानमा बन्दना। तथागत अभय बिपश्विमा बन्दना। तथागत भयबिमुक्ति अच्छम्भिरोम हर्षविहिनमा बन्दना। तथागत सिँहनाद बिनासकमा बन्दना। तथागत सुवर्ण रश्मि तेजोराजमा बन्दना।

यी बुद्धहरूको नाम जो कोहिले अक्षरमा लेख्छ वा ग्रहण गरी पाठ गर्छ वा मनमा राखेर प्राणीहरूको हितका लागि परिणामना गर्छ, उसको सबै पापहरू शुद्ध भइ सुखवतीमा जन्म हुनेछ । सुखवतीमा रहनु भएको तथागत अभितभमा बन्दना। बुद्धभुवन काषय ध्वाजमा रहनु भएको तथागत बज्र सुग्रहमा बन्दना। बुद्धभुवन अबैवर्तिक चक्रप्रणादमा रहनु भएको तथागत पद्म सुपरिपूर्णमा बन्दना । बुद्धभुवन बिरजमा रहनु भएको तथागत धर्मध्वाजमा बन्दना । बुद्धभुवन भद्रलोकमा रहनु भएको तथागत सिँह निर्घोष राजमा बन्दना। बुद्धभुवन सुप्रभामा रहनु भएको तथागत बैरोचन राजमा बन्दना । बुद्धभुवन दुर्गीतिक्रममा रहनु भएको तथागत धर्म रश्मिकाय पद्म सुपरिपूर्णमा बन्दना। बुद्धभुवन साभरणमा रहनु भएको तथागत सर्वअभिज्ञ रश्मिमा बन्दना। बुद्धभवन आदर्श मण्डलमा रहुन भएको तथागत अक्षोभ्य रश्मिमा बन्दना। बुद्धभुवन पद्मश्रीमा रहनु भएको तथागत गर्भश्रीमा बन्दना । बुद्धभुवन उर्ध्वशुद्ध निवासमा रहनु भएको तथागत अहर्त सम्यक सम्बुद्ध सर्वदुर्गीति बिनाशक अग्रनिर्घोष तेजोरजमा बन्दना। यी नामहरू अवतंसक

सूत्रमा उल्लेखित छन् । बुद्ध शाक्यमुनि नाम गरेको तीस कोटिमा बन्दना । यी नामहरू एक पटक बाचन गर्नाले पूर्वजन्मको सम्पूर्ण पापहरू पनि क्षय भएर जानेछ ।

दिपंकर नामक सहस्र बुद्धमा बन्दना । यो नाम बाचन गर्नाले बत्ति बाल्दा, दुरुपयोग भएको पाप क्षय भएर जाने छ । सुप्रदीप्त बुद्धमा बन्दना । यो नाम बाचन गर्नाले बुबा आमा, गुरु र आचार्यलाई निन्दा गरेको पाप क्षय भएर जाने छ । तिष्य बुद्धमा बन्दना । यो नाम बाचन गर्नाले धर्मलाई दुरुपयोग गरेको भए सबै पाप क्षय भएर जाने छ । सालराज बुद्धमा बन्दना । यो नाम बाचन गर्नाले चोरी गरेको पाप क्षय भएर जाने छ । अग्रपद्म बुद्धमा बन्दना । यो नाम बाचन गर्नाले चैत्य स्तुपाको सम्पत्ति दुरपयोग गरेको पाप क्षय हुनेछ । कौन्ड्य नामक बुद्धहरूमा बन्दना । यो नाम बाचन गर्नाले खनजोतमा भएका पाप क्षय हुनेछ । काश्यप नामक बुद्धहरूमा बन्दना । कोटिबोटि बुद्ध हरूमा बन्दना । समन्त गुप्त नामक बुद्धहरूमा बन्दना । जम्बुविनित नामक बुद्धहरूमा बन्दना । कनकबर्ण बिमलप्रभा नामक बुद्धहरूमा बन्दना । इन्द्रध्वाजराज नामक बुद्धहरूमा बन्दना । अर्कगर्भ नामक बुद्धहरूमा बन्दना । शान्तकर बुद्धहरूमा बन्दना ।

श्रावक र बोधिसत्वहरूमा बन्दना । तथागत सम्यक सम्बुद्ध रत्नजिन कोषमा बन्दना । यो नाम बाचन गर्नाले बाहन

चढेको पाप क्षय हुनेछ। तथागत सम्यक सम्बुद्ध रत्न जिन कोष अग्निज्योति प्रकाशमा बन्दना। यो नाम बाचन गर्नाले संघको सम्पत्ति दुरुपयोग गरेको पाप क्षय हुनेछ। तथागत सम्यक सम्बुद्ध गन्ध कुसुम बशित बलराजमा बन्दना। यो नाम बाचन गर्नाले दुःशील पाप क्षय हुनेछ। तथागत सम्यक सम्बुद्ध बालुवाको संख्या समान नियत भएकामा बन्दना। यो नाम बाचन गर्नाले प्राणी हत्याको पाप क्षय हुनेछ। तथागत सम्यक सम्बुद्ध रत्नबज्र दृढबरि बिनित परबल प्रमर्दनिमा बन्दना। यो नाम बाचन गर्नाले बुद्धबचन पाठ गरे समान पुण्य हुनेछ। तथागत अहर्त सम्यक सम्बुद्ध तेजो बिनिश्चित बिक्रामिनमा बन्दना। यो नाम बाचन गर्नाले मिथ्याचारको पाप क्षय हुनेछ। तथागत अहर्त सम्यक सम्बुद्ध रत्नचन्द्रप्रभ शरण्य जितारी जिनमा बन्दना। यो नाम बाचन गर्नाले अबिची नर्कमा जन्मने पापक्षय हुनेछ। तथागत अहर्त सम्यक सम्बुद्ध रत्नशिखामा बन्दना। यो नाम एक पटक बाचन गर्दा, जुन प्राणीले सुन्छ, मनुष्य र देव लोकमा जन्म हुनेछ। तथागत अहर्त सम्यक सम्बुद्ध सिन सागर गणमा बन्दना। यो नाम बाचन गर्नाले शील त्रुटि र छलकपटको पाप क्षय भएर जाने छ। तथागत अहर्त सम्यक सम्बुद्ध आयु कलश धारणीहरूमा बन्दना। यो बाचन गर्नाले अकाल मृत्युको भयबाट मुक्त हुनेछ। अतित अनागत र बर्तमानका तथागत सम्यक सम्बुद्ध हरूमा बन्दना।

जगतको नाथ हुनु भएका बीर नागर्जुन, श्री बिमलमित्र पण्डित अतिश सद्गुरुमा बन्दना । पाप देशना '**सुनौलो छुरा**' नामक ज्ञानको हतियारले कलियुगको निर्दयी प्राणी बुद्धको मुर्ति धर्मको पुस्तक, स्तुपालाई दुरुपयोग गर्ने बुद्धको काय, वाक चित्तको प्रतिकलाई बिक्रि गर्दाको बेला भिक्षुले पुरोहितको काम गर्दाको बेला, तान्त्रिकले सह बोलाएको बेला, भाँक्रीले गुह्यमन्त्र प्रयोग गरेको बेला, कल्याणमित्रले सेनापतिको काम गरेको बेला धर्म ज्ञाताले रंगशाला गमन गरेको बेला, मठ मन्दिरमा महिलाले पुजारी भइ काम गरेको बेला, केटीले बेहुला खोजेको बेला भिक्षुले शील पालन नगरेको बेला, मन्त्रीले कसम खान मन पराएको बेला, पुरुषलाई हतियारद्वारा हत्या गरेको बेला, स्थवीरले अरुको सम्पत्ति खाएको बेला, आफुले प्राणी हत्या गरेको बेला, अनेक किसिमको दुष्कर्म आइलाग्दाको बेला, आफुले आफैलाई ढाँटेको बेला, मणिमन्त्रलाई गीत बनाएर गाएको बेला, माउ र बाछा साटेको बेला, अरुको सम्पत्ति लोभ गरेको बेला, योगी मुक्त भएको बहाना गरेको बेला, माना, पाथी र तराजुमा छलकपट गरेको बेला, गलत छाप लगाएर व्यापार गरेको बेला, चौकिदारले चमत्कारी गरेको बेला, परलोकलाई नमानेर यो लोकलाई मात्र मानेको बेला, यी परिणामहरू समयको कारणले नभइ दुष्कर्मका कारणले भएका हुन् । समय परिवर्तन नभएर मानिसको मानसिकता परिवर्तन भएको हो । बिपक्षिको सेना गण, रोग र अनिकाल फैलिएको बेला, अविची नर्कमा जन्मिने प्राणीहरू केहीले राम्रो कर्म पनि गर्न सक्ने भएकाले,

तिनीहरूको यो पापदेशना गर्ने निधि धर्मसँग भेट हुन सकोस् भनी आचार्य नागार्जुनले प्रणिधान गर्नु भयो ।

यो कलियुगमा पढेका केही कर्मठ व्यक्तिहरूले यो बाचन गरेमा सबै पापक्षय हुनेछ । यो धर्म जुन नगरमा रहन्छ, त्यहाँ सबै पापशोधन हुनेछ । यो धर्मलाई जगतका नाथ नागार्जुन गर्भले ल्हासाको मिगमाङ छालको सिँहको जस्तो चट्टान मुनि निधिको रुपमा लुकाएर राखि प्रणिधान गर्नु भएको थियो भनिन्छ । कलियुगमा दुष्ट मानिसहरू धेरै भएकाले, राम्रो कर्म गरेका निष्पक्ष, जगत हितार्थ पापी हरूको उद्धार गर्न सकोस् । यो ग्रन्थ गुम्बामा राखेमा संघमा शान्ति हुनेछ । औशी, पूर्णिमा, अष्टमी तिथिमा पाठ गर्न सकेमा महापञ्च पाप सबै क्षय हुनेछ । कुनै पनि लोकमा भौतरिनु पर्ने छैन । चौरासी हजार धर्म स्कन्धहरू महामुद्रा चित्त स्वरुप एउटैमा समेटिन्छ । परमार्थ चित्त स्वरुप अपरिवर्तित भएर अभिसम्बुद्ध हुनुनै बुद्धको आन्तिम आशय हो । परलोकमा फलको रुपमा बुद्ध सिद्ध भएर जावस् । पाप देशना '**सुनौलो छुरा**' नामक महायान सूत्र समाप्त भयो ।

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

# ४३. (१०) सर्वदुर्गीति परित्राण सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

***बुद्ध र बोधिसत्वहरूमा बन्दना ।***

एक समय सुधिर नामक देवपुत्र सुधर्म देवको सभामा आनन्द मनाइरहेको थियो । उनले यस्तो सुन्यो, 'हे देवपुत्र सुधिर,' अबको सात दिनमा तिम्रो मृत्यु हुनेछ। तिमी जम्बुद्वीपमा जन्मिने छ। त्यहाँ सात किसिमको नराम्रो गति भोग्ने छ। भोग गरिसके पछि नरकमा जन्मिने छ। कुनै बेला, मनुष्य भएर जन्मे पनि दरिद्र हुने छ, भनि सुने । त्यो शब्द सुनेर सुधिर अत्यन्तै दुःखि भए । भय, त्रास र आतंकको अवस्थामा हतार गरी देवराजकोमा पुगेर बृतान्त सुनाउदै बिन्ति गरे ।

सुधिरको कुरा सुने पछि देवराज आश्चर्य हुँदै, उनले कहाँ कहाँ कुनकुन जुनिमा केके भोग्नु पर्ने रहेछ भनि ध्यान दृष्टिले हेरे। यसरी हेर्दा, सुँगुर, कुकुर, स्याल, बाँदर सर्प, गिद्ध र कागको जन्म लिइ फोहोर मैला खानु पर्ने देखे। देवेन्द्रले यस्तो देखे पछि यसबाट मुक्त हुनका लागि तथागतको उपदेश सुन्दा, उपयुक्त हुने

देखेर त्यही साँझ धूप, दीप, पुष्प र अलंकारादि लिई तथागत भएको ठाउँमा गइ बन्दना गरी, तीन पटक परिक्रमा गरी देवेन्द्रले सुधिरको सात जुनिको बारेमा बृतान्त सुनाए।

देवेन्द्रको स्तुतिको प्रभावबाट तथागतको उष्णिषबाट एक किसिमको रश्मि उदायो। त्यो रश्मि दशै दिशाका लोक धातुमा आलोकित भएर फर्केर तथागतको मुखबाट पुनः भित्र पस्यो। त्यसपछि तथागतबाट आज्ञा भयो–

'हे देवेन्द्र,' यो उष्णिष बिजय नाम धारणी तथागतको शीरबाट अभिषेक प्रदान भएमा सम्पूर्ण दुर्गति शोधन हुनेछ। दुःख नाश हुनेछ। नरकको दुःख, तीर्यकको जन्म, प्रेत लोकको दुःखहरू परिशुद्ध हुनेछ। सुगतिको मार्गमा लाने छ। त्यसैले उष्णिष बिजय धारणीले सम्पूर्ण दुर्गति परिशोधन गर्छ। यो धारणी सुन्ने बित्तिकै दुःखको स्वभाव नष्ट गर्ने छ। परिशुद्ध चित्त भएको सन्तान लाभ हुनेछ। सम्पूर्ण जन्मको स्मृति हुनेछ। बुद्ध क्षेत्रमा गमन गर्ने छ। देवलोकमा गमन गर्ने छ। यो धारणीबाट आयु बृद्धि हुनेछ। काय, वाक र चित्त परिशुद्ध हुनेछ। सुखको अनुभूति हुनेछ। नित्य रुपमा आरक्षित हुनेछ। यो पाठ पढ्नाले नरक, तीर्यक, यमलोक र प्रेत भूमिका सबै प्राणीहरू बिनाश हुने छन्। उसलाई बुद्धभूमि र देवभूमिमा इच्छा अनुसार प्रवेश पाउने छन्। त्यसपछि देवेन्द्रले यो धारणी आज्ञा होस् भनि बुद्धलाई बिन्ति गरे।

नमो रत्न त्रयायः ऊँ नमो भगवते सर्व त्रैलोक्य प्रतिविशिष्टाय बुद्वयते नमः। तद्याथ ऊँ भ्रुँ भ्रुँ शोधय शोधय बिशोधय असम समन्त अवभास स्फरण गति गगन स्वभाव बिशुद्धे अभिषिञ्चतु मं सुगत वरबचन अमृत अभिषेकरै महामुद्रा मन्त्र पदे आहर आहर मं आयुसन्धारणी शोधय शोधय बिशोधय गगने स्वभाव बिशुद्धे उष्णिष विजय परिशुद्धे सहस्ररश्मि सञ्चोदिते सर्वतथागत अवलोकिनी षटपारमिता परिपुरणि सर्वतथागत माते दशभूमि प्रतिष्ठिते स्वाहा। सर्वतथागत हृदय अधिष्ठान अधिष्ठिते मुद्रेमुद्रे महामुद्रे बज्रकाय सहतन परिशुद्धे सर्वकर्म आवरण बिशुद्धे प्रति निवर्तय मं आयुर्विशुद्धे सर्वतथागत समय अधिष्ठान अधिष्ठिते स्वाहा। ऊँ मुनिमुनि महामुनि बिमुनि बिमुनि महाबिमुनि मतिमति महामति ममति सुमति तद्याथ भूतकोटि परिशुद्धे बिस्फुटे बुद्धेशुद्धे हेहे जयजय विजय विजय स्मर स्मर स्फर स्फर स्फरय स्फरय सर्वबुद्ध अधिष्ठान अधिष्ठिते शुद्धेशुद्धे बुद्धेबुद्धे बज्रेबज्रे महाबज्रे सुबज्रे बज्रगर्भे विजय गर्भे बज्रज्वाला गर्भे बज्रोद्‌भवे बज्र संभवे बज्रेबज्रिणि बज्रंभवतु मं शरीरं सर्व सत्वानाञ्च काय परिशुद्धि भवतु स्वाहा। ऊँ सदा मे सर्वगति परिशुद्धिश्च समन्तन मोचय मोचय अधिष्ठान अधिष्ठिते सर्वतथागतश्च मं समाश्व असयन्तु बुद्वय बुद्वय सिद्वय सिद्वय बोधय बोधय बिबोधय बिबोधय मोचय मोचय बिमोचय बिमोचय शोधय शोधय बिशोधय बिशोधय समन्त रश्मि परिशुद्धे सर्वतथागत हृदय अधिष्ठान अधिष्ठिते मुद्रेमुद्रे महामुद्रो महामुद्रा मन्त्र पदै स्वाहा।

'हे देवेन्द्र,' उष्णिष बिजय नाम धारणी यही हो । यो पाठ गर्नाले सम्पूर्ण दुर्गति परिशुद्ध हुन्छ । पाप कर्म र दुर्गति बिशुद्ध हुनेछ । सुगतिको मार्गमा गमन गराउने छ । सम्पूर्ण तथागतहरूको ज्ञानको प्रभावले प्राणीहरूलाई सुगतिमा पठाउने र दुर्गतिमा खस्नबाट रोक्ने छन् । दुःखको सागरबाट पार गर्नका लागि यो धारणी मन्त्र जम्बुद्वीपमा रहने छ ।

'हे देवेन्द्र,' यो गुह्य मन्त्रको धारणी तिमीलाई प्रदान गरेको छु । यसलाई धारणा गरेर देवपुत्र सुधिरलाई प्रकाश गर । बाचन गर र गराउ । जुन ठाउँमा यो धारणीको शुद्ध तरिकाले बाचन हुन्छ, सुन्छ, सुनाउँछ, ग्रन्थको छपाइ हुन्छ, पाठ गर्छ, पूजा गरी स्रद्धा चढाउँछ । त्यहाँका सबै प्राणीहरू परिशुद्ध भएर जाने छन् । यो धारणीलाई ध्वाजको टुप्पोमा राखि फहराएमा दुर्गतिको भय हुने छैन ।

यस प्रकार देवेन्द्रले देवपुत्र सुधिरलाई धारणीको ज्ञान गराए । उनले सात दिनसम्म निरन्तर पाठ गरे । यसरी पाठ गरी धारणीको प्रभावले दुर्गतिबाट मुक्त भए पछि यस्तो उद्‍गार गरे– 'अहो बुद्ध, अहो धर्म र महाधारणी !' यो कस्तो अद्‍भूत सूत्र हो ? कस्ते शक्तिशाली सूत्र हो ? एक पटक धारणा गर्ने बित्तिकै मलाई महाभयबाट मुक्त गर्यो भनि तथागतको बचनलाई अनुमोदन गरी अभिनन्दन गर्यो ।। सर्वदुर्गति परिशोधनि धारणी सूत्र समाप्त भयो ।

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

# ४४. (११) निर्वाण शून्य परित्राण सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

*बुद्ध र बोधिसत्वहरूमा बन्दना ।*

जसरी वर्ष याममा राम्रो बृक्षमा पात, फूल र फल झपक्क सप्रेता पनि अधिक जाडो याममा सिकुडिने, कक्रिने र खडेरीको तापमा हुरी बतासको बेला, क्षण भरमै नष्ट भएर गए जस्तै, कुनै पनि हालतमा नरहने संसारको मायाको प्रकृति र स्वभाव पनि यस्तै अनित्य हो । यसलाई राम्ररी बुझ्ने प्रयास गर ।

हामीले सामान्य प्रकृतिको स्वभावलाई त्यसरीनै बुझ्नु पर्छ । संझाउँदा, बुझाउँदा पनि नसुध्रिनेलाई लौरोले हिर्काउनु पर्छ । त्यसो गर्दा पनि सुध्रिएन भने, त्यो मानिस पशु समान सम्झनु पर्छ । बिचारै नगरिकन सुतेर बस्ने मानिसको लागि सूर्य ढोकामै उदाए पनि अर्थहीन हुनेछ । यो सत्य कल्याणमित्रले बाहेक अरुले अनुभव गर्न सक्दैन । यो कुरामा स्पष्ट हुनु होला ।

पहिलेदेखि कमाएको पुण्य सकिनै लागेको अवस्थामा आफैले आफुलाई जागरुक नगरे कसले गराउँल ? कुशल कर्मको आचरण गर्नुनै खेतमा खनजोत गरेर बिउ रोपे सरह हो । ऋतु अनुसार लगाएको खेति निर्धारित समयमा पाक्छ । एक

ठाउँमा पाप गरेर अर्को ठाउँमा गए पनि अन्तता पाप पाके पछि एकदिन धुरीबाट कराउँछ।

कुशल कर्म गर्नेहरू जहाँ गए पनि कुशलताको प्रभावले सुखि रहन्छ। त्यसैले, कुशल कर्म प्रति जागरुक रहनु। बुद्धभूमि, सुगति देव, मनुष्य, प्रेत, पशु र नरक लोक कुन चाहि रोज्ने हो ? आफैमा निर्भर रहन्छ। विष र अमृत कुन चाहि उत्तम हो ? आफैले जान्नु पर्छ। मुर्ख बुद्धि लिएर फलको आसक्तिमा भुक्कियो भने दुर्गति हुन्छ। आर्यहरू दुर्गति हुनु भन्दा समयमै सचेत हुनु राम्रो हो।

दुर्गतिमा पुगे पछि जति सुकै आफन्त र अधिकार भए पनि मृत्युको समयमा कोही पनि साथमा जाने छैनन्। त्यतिबेला तिमी शक्ति बिहिन हुनेछ। आफु स्वयं बिमार भएर ओछ्यानमा सुतिरहँदा, आफन्तहरू धेरैले घेरेर बसे पनि मृत्युको समयमा यमदूतले समातेको बखत, मृत्युको बेदना आफु एक्लैले भोग्नु पर्ने छ। त्यतिखेर आफन्त धेरै भएर पो के भयो र ? कल्याणमित्रले धर्मको सही अभ्यास नगरे, उ लक्ष्यहीन हुनेछ। धनीले दान नगरे, उ अरुको ढुकुटी कुरुवा सरह हुनेछ। विद्वानले अनुशासनको पालन नगरे, उ खोक्रो रुखभै हुनेछ। धेरै धन सम्पत्ति सञ्चित गरे पनि उनको शेष पछि अरुलेनै भोग चलन गर्ने छ। मौरीले साँचेको मह पनि अरुलेनै उपभोग गर्छन्। फेरी पनि मह सञ्चय गर्ने मौरीको मौलिक स्वभाव हो।

मानिसको जन्म कहाँ हुन्छ ? कुन कुलमा कहिले हुन्छ ? कसैलाई पनि थाहा हुँदैन। जन्म र मरण हाम्रो अनुकुल हुँदैन। आफ्नो शरीरलाई उदाहरण मानेर अरुलाई घात नपुराउ। पर्यप्त प्रयास र प्रकृया नपुराइकन तीलबाट पनि तेल कहाँ आउँछ र ? गहुँको बीउबाट जौ फल्दैन। कुशल कर्म गरे सम्पन्न हुनेछ। तर, अकुशल कर्मबाट पिडा हुनेछ। अल्छि मानिसहरू काल्पनिक कुरामा रमाउछन्। तर काल्पनिक विषयद्वारा मुक्ति हुँदैन।

जस्तैः रेशमी किरा चल्न चाहेर पनि आफैले बनाएको रेशमको डल्लोमा अल्भिनु पर्छ। जन्म र मृत्युबाट रक्षा गर्नमा बुद्ध श्रेष्ठ छ। दुःखबाट रक्षा गर्न धर्म श्रेष्ठ छ। भयबाट रक्षा गर्न संघ श्रेष्ठ छ। त्रिरत्नको अमृत पान गर। मद पान नगर। अन्तर जान्ने प्रयास गर।

बालक र तन्नेरीको सौँचाइमा फरक हुनेछ। तन्नेरी र युवाको सौँचाइमा फरक हुनेछ। युवा र प्रौडको सौँचाइमा फरक हुनेछ। प्रौड र बृद्धको सौँचाइमा फरक हुनेछ। त्यही हो अनुभव भनेको। तन्नेरीमा शारीरिक शक्ति बढि हुन्छ। प्रौढमा मानसकि शक्ति बढि हुन्छ। बृद्ध अवस्थामा शारीरिक एवं मानसिक दुबै अवस्था कमजोर हुन सक्छ। आज हो कि भोलि मृत्युको भरै हुँदैन। मानिसलाई सबै कुराको ज्ञान हुन सक्छ। तर, मृत्युको समय थाहा हुँदैन। मानवको सवभन्दा कमजोरी पक्षनै यही हो। यसलाई बुझ्ने प्रयास गर।

संसारको चक्र भनेको 'प्रतित्यसमुत्पाद' हो । कारण र परिणामको मूल बीज भनेको बिज्ञान हो । बिज्ञान भनेको शरीर हो । शरीर कमजोर भए पछि आत्मले पनि त्यागेर जान्छ । त्यसैले हजारौं मानिसले बोलाए पनि कानले सुन्ने छैन । जिवनभर कमाएको घन, सम्पत्ति, स्वास्नी, छोरा बुहारी, छोरी, ज्वाइ साथीभाइ, कुलकुटुम्ब र इष्टमित्रहरू सबैलाई त्याग्नु पर्नेछ ।

सय वर्ष धान्ने भोजन र कपडा भए पनि मर्ने बेला भोकै नाङ्गै जानु पर्ने छ । नाङ्गै जन्मियो, नाङ्गै मर्यो ! जन्मदखेरि तिमीले के लिएर आयो ? जे पायो यही पायो ? अखिर छाडेर गयो ? न तिम्रो थियो, न तिमीसँग गयो । जन्मिद पनि एक्लै थियो । मर्दा पनि एक्लै हुनेछ । अब जीवनको अन्तिम क्षणमा अहंकार र तिष्णा सबै त्यागेर कल्याणमित्रको खोजी गर ।

कल्याणमित्र भनेको माता पिता र गुरु समान हुन् । उनले स्वार्थ रहित भएर तिम्रो उद्धार गर्ने छ ।

अहर्त, श्रोतापन्न उपासक र उपासिकाहरू मृत्युको समयमा पनि सचेत हुने भएकाले निर्वाण मार्ग पहिल्याउने क्षमता राख्दछन् । तर, साधारण मानिसले निर्वाण मार्ग देख्न सक्दैन । यस्तो आपतको घडिमा कल्याणमित्रले मात्रले मात्र निर्वाणद्वार खोल्न सक्ने छ ।

उनीसँग भेटनाका लागि प्रज्ञापारमिताको सूत्र बाचन गर्नु । त्यहीबेला कल्याणमित्रसँग भेट्ने छ । उनले मात्र निर्वाण मार्ग देखाउन सक्ने छ । निर्वाण शून्य परित्राण सूत्र समाप्त भयो । ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

# ४५. (१२) अभय गुह्यमन्त्र धारणी सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

बुद्ध, बोधिसत्वहरू, आर्य श्रावकहरू, तथा प्रत्येक बुद्धमा बन्दना । त्रिरत्नमा बन्दना । दशै दिशाका तथागत अहर्त सम्यक सम्बुद्ध नामक अनन्त रुपमा व्याप्त, बिशुद्ध हृदय हुनु भएकाहरूमा बन्दना । बोधिसत्व, महासत्व, आर्य अवलोकितेश्वर, महाकरुणिक अभयदाता, सम्पूर्ण दरिद्रताबाट रक्षा गर्ने, भयबाट मुक्त गर्ने । महामारी रोग सबै प्रकारका अपकारहरू नास गर्ने । प्रतिकुल बिबाद, कलह बिभेद, भूत, बेताल, नराम्रो मरण, दुःस्वप्त सबैलाई शान्त गर्ने । सम्पूर्ण पाप, शोक, भोक र भयलाई निवारण गर्ने । देव, असुर, मनुष्य, यक्ष, गन्दर्ध, किन्नर, नाग, गरुड र महारोग सबै आकर्षित गर्ने । बिष, दादुरा, ठेउला, बिगार काखोर्द नामक कुमन्त्र, बेताल र अमंगलको सबै भय नाश गर्नेमा बन्दना । सम्पूर्ण बिगारलाई हटाउने, पाप हरण गर्ने, सम्पत्ति र अनाज बृद्धि गर्ने मेरो पुत्रहरू, पुत्रीहरू तथा सेविकाहरूले भरिपूर्ण गराउने यो प्रत्यंगिरा बताउँछु ।

एक समय सुर र असुरको सँग्राम हुँदा, शक्रदेव असुर हरूबाट हार खाए पछि लोकेन्द्रको सामु गएर बिन्ति गरे, 'हे लोकनाथ,' म असुरबाट पराजित भए। अब मैले पुनः बिजय कसरी प्राप्त गर्ने ? केही उपाय बताउनु होस् भनि बिलाप गरे। 'हे शक्रदेव,' अतीतमा लौकिक अवलोक्य नामक लोक धातुमा तथागत अर्हत सम्यक सम्बुद्ध लोकेश्वर प्रभा मार्फत चुडामणि नामक प्रत्यंगिरा ग्रहण गरेको थिए। जसले यो मन्त्र लेखेर शिरमा राख्छ वा बाचन गर्छ, उसको सबै भय हट्ने छ। गोप्यसँग अंगमा राखेमा युद्धमा जीत हुनेछ। दुःस्वप्न शान्त हुनेछ। स्त्रीले सन्तान जन्माउने छ। पुण्य र मंगल बृद्धि हुनेछ।

**तद्याथ ॐ जयकरी युद्धोत्तरणि बिचित्रमुखि सर्व मंगलम् धारणी जिमुते सहस्रभुजे सहस्रनेत्रे सहस्रशिरसे नानालंकार विभूषेते मणिकुण्डल सन्नह सन्नधे बिचित्र मौलिधारे चन्द्र सूर्य अतिरेके आकाश गगने चरिने मंगल शिरे जिमुते पवित्रकृत मंगल्ये भुरि मध्रिकरणे चुरुचुरु श्वेते पस्ते मुरुमुरु श्वेते अवनते हुरुहुरु पवित्र मुखि कुरुकुरु चन्द्रमुखि आदित्य बशवर्तिनि जंभनि मंगल धारणी स्तम्भनि सर्वविद्याधर माते मोहने अमोघपाश हस्ते सर्वभय बिमोचनि राजचौर अग्नि विष उदक भयप्रशमनि काखोर्द निवारणी स्वाहा। ॐ हिरिहिरि जयकरि वलकरि धनकरि तेजस्करि बिवाद प्रशमनि युद्ध निवारणी परचक्र प्रशमनि परसैन्य बिनाशनि युद्धोत्तरणी प्रभूत बेल मणिमणि महामणि मणिन्धारी त्रिलोक आलोककारी त्रिपुर नगर**

**विध्वांसनि परसैन्य बिद्रवनि सर्वकृत्यकर्म निसुदनि सर्वब्याधिनं प्रशमनि स्वाहा । ऊँ चिले मिले स्वाहा । चिलेमिले स्वाहा । चिलेमिले स्वाहा । मिलिमिलि स्वाहा । चिलिचिलि स्वाहा । चखिलि चखिलि स्वाहा। चन्द्र मिलिटिनि स्वाहा। उर्धकेषे पिङ्गले पिङ्गला क्षेदन्ते मुखि स्वाहा। ऊँ करकर चरचर सर सर सिरि सिरि सुरुसुरु मुञ्चमुञ्च मुञ्चपाय मुञ्चपाय प्रशमय प्रशमय युद्धोत्तरणि फट्। चित्त निर्मलकरी फट्। असुर निर्धतनि फट्। जयकरी फट्। प्रितिकरी फट्। सहस्र शिरसे फट्। सहस्रभुजे फट्। सहस्रनेत्रे फट्। सर्व विद्याधर धर नमस्कृते फट्। सर्वशत्रु नाशनि फट्। सर्वभय बिमोक्षणि फट्। परचक्र निवारणि फट्। परसैन्य बिद्रपणि फट्। सर्वकृत्य कर्म सुदनि फट्। सर्वव्याधी प्रशमणि फट् । सर्वग्रहोत सादनि फट् । रक्षरक्ष मं सर्वबुद्ध बोधिसत्वनं समन्त बित्रानं सोवस्तयकानं सपरिवारानं तेजसं मं शरीरं सर्वभयो पद्रवेभ्य सर्वयुद्धेभ्य सर्वग्रहेभ्यः सर्वव्याधिभ्यः सर्वदुस्कृतेभ्यः सर्वकृत्य काखोर्देभ्यः सर्वविषेभ्यः सर्वकाय वाक चित्त बिराधेभ्यश्च रक्षरक्ष मं स्वाहा।**

यो चुडामणि नाम प्रत्यंगिराले सबै कर्मवरण शोधन गर्छ। रोगहरू शान्त गर्छ। पुण्यहरूको सञ्चय गर्छ। बुद्ध तथा बोधिसत्वहरूले सम्यक रुपमा देशना गर्छ। लेखेर देशना गरेर पाठ गरेर धारण गर्नाले आफु र अरुको रक्षा गर्ने छ। स्नान गरी हवन गर्नाले महामारी रोग र सबै बिपदहरू शान्त पार्ने छ।

'हे आनन्द,' यो षडाक्षरी बिद्यामन्त्र सम्यक सम्बुद्ध चार लोकपाल र अठाइस यक्षका महासेनापतिले भनेका हुन् । यो मन्त्र धारण गर । **तद्याथ दन्तिले कन्तिले दण्डिमती मधुमती मरण्डि कोरण्डि द्राविति कोशरी छट्जे दुदुमनि केतुमनि चुदुन्धे कौटदन्ते तहुरे एननिगे हुतबहनि स्वाहा ।**

'हे आनन्द,' यो मन्त्रले टाउको, आँखा, कान, दाँत, नाक जिभ्रो, मुटु, पेट, ढाड, छाति, पिशाब फेर्ने अंगको रोग, पिँडालु खुट्टा, अंग प्रत्यंगको दुखाइ गर्भ रहँदाको दुखाइ, अपचको रोग सुनिने रोग, वायुबाट हुने रोग पित्तबाट हुने रोग, कफबाट हुने रोग, सन्निपातबाट भएको रोग, बिषम जरो, एकदिने, दुई दिने, तीन दिने, चार दिने, थोरै समयको लागि हुने जरो, दिनमा आउने जरो, रातमा आउने जरोले सताउदा, यो षडाक्षरी मन्त्र बाचन गर्नाले रक्षा गर्नेछ । स्वस्ति शान्त पार्नेछ ।

**तद्याथ अण्डरे पण्डरे करेते कयुरे भूतंगमे भूतग्रहे भूतप्रक्षिते भूतय स्मरयनि प्रियावनि तेजवत्ति यशोवति गिरिणिनि शरीणिनि स्वाहा ।**

मलाई सबै प्रकारका भय र अपवादबाट स्वसित होस् । भगवानले यति भने पछि आयुस्मान आनन्द देव, असुर मनुष्य, यक्ष, गन्दर्भ, किन्नार, नाग, गरुड, अष्टलोकपाल सहिले भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे । सर्वअभय गुह्यमन्त्र धारणी सूत्र समाप्त भयो । ॐ अर्घम् पुष्पम् धपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

# ४६. (१३) आर्य अपरिमिता आयुर्ज्ञान सूत्रः

ऊँ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

*बुद्ध तथा बोधिसत्वहरूमा बन्दना ।*

एक समय मैले यस्तो सुने– भगवान श्रावस्तीको जेतवमा बिराजमान भएको बेला अनाथपिण्डको आराम बैठकमा १२५० भिक्षुहरूको महासंघ, बोधिसत्व र महासत्वहरूको ठुलो समूह भेला भयो । त्यस सभामा भगवानले मञ्जुश्री कुमार भूतलाई आज्ञा गर्नु भयो, 'हे मञ्जुश्री,' यहाँबाट माथिल्लो उर्धव दिशामा अपरिमिता लोकधातु गुण संचय नाम गरेको एक भुवन छ । त्यस भुवनमा अपरिमिता आयुर्ज्ञान सुबिनिश्चित तेजोरज नामक तथागत अहर्त सम्यक संबुद्ध बिराजमान हुनुहुन्छ । वहाँ आयुको अधिपति भएकोले आयुबाट परिमुक्ति दिन भनी प्राणीहरूलाई धर्मोपदेश गर्नु भयो ।

जम्बुद्वीपको मनुष्यहरूको अआयु १०० वर्षको मात्र छ । त्यसमध्ये पनि धेरैजसोको अकालबाटै मृत्यु हुन्छ । जुन प्राणीले अपरिमिता आर्युज्ञान तथागतको सम्पूर्ण गुण वर्णन अष्टोत्तर

शतनान सूत्र धर्म पर्याय पुस्तक लेख्छन् छपाउँछन् र अष्टोत्तर शतनाम सूत्र ध्यान दिएर सुन्छन वा पाठ गर्छन् । धूप दीप माला आदिले पूजा गर्छन् । उनको आयु सकिए पनि सय वर्षले सम्पन्न हुनेछ । यसमा कुनै शंका नगर्नु ।

जुन प्राणीले अपरिमिता आयुर्ज्ञान सुबिनिश्चित तेजोरजको अष्टोत्तर शतनाम १०८ सूत्र श्रवण गर्छन् । ती प्राणीहरूको आयु वृद्धि हुनेछ । आफ्नो आयु क्रमैसित सिद्धिएर जाने बेला अष्टोत्तर शतनाम सूत्र धारणा गर्ने प्राणीहरूको आयु वृद्धि हुनेछ ।

त्यसकारण दीर्घायु हुने अभिलाषा राखी तथागत अपरिरिता आयुर्ज्ञान अष्टोत्तर शतनाम सूत्र श्रवण गर्ने वा पुस्तक लेख्ने वा छपाउँन लगाउने र पाठ गराउँनेहरू सौभाग्य गुणले युक्त हुने छन् । अष्टोत्तर शतनाम १०८ अक्षर युक्त धारणी सूत्र यस प्रकारको छ–

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

तथागतको अष्टोत्तर शतनाम सूत्र पुस्तक जस्ले लेख्छ लेख्न वा छपाउँन लगाई पुस्तक घरमा राखी पाठ गराउँछ ।

त्यसको क्षय भएको आयु पुरा सय वर्षको हुनेछ। यस लोकबाट परलोक हुनासाथ बुद्धभूवनमा जन्म हुनेछ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

त्यसै समय बुद्धभुवनमा ९९ कोटी बुद्धहरूले एकै भावले, एकै स्वरले, यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नु भयो।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

त्यसै समय बुद्धभुवनमा ८४ कोटी बुद्धहरूले एकै भावले, एकै स्वरले, यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नु भयो।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये

महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

त्यसै समय बुद्धभुवनमा ७७ कोटी बुद्धहरूले एकै भावले, एकै स्वरले, यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नु भयो ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अर्हते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

त्यसै समय बुद्धभुवनमा ६५ कोटी बुद्धहरूले एकै भावले, एकै स्वरले, यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नु भयो ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अर्हते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

त्यसै समय बुद्धभुवनमा ५५ कोटी बुद्धहरूले एकै भावले,

एकै स्वरले, यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नु भयो।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

त्यसै समय बुद्धभुवनमा ४५ कोटी बुद्धहरूले एकै भावले, एकै स्वरले, यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नु भयो।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

त्यसै समय बुद्धभुवनमा ३६ कोटी बुद्धहरूले एकै भावले, एकै स्वरले, यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नु भयो।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये

महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

त्यसै समय बुद्धभुवनमा २५ कोटी बुद्धहरूले एकै भावले, एकै स्वरले, यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नुभयो ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

त्यसै समय बुद्धभुवनमा १० कोटी बुद्धहरूले एकै भावले, एकै स्वरले, यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक आज्ञा गर्नु भयो ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

जसले यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ, लेखाउँछ छपाउँछ । उनीहरूको सकिइसकेको आयु पनि बृद्धि हुनेछ ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

जसले यो अपरिमिता आयुर्ज्ञान सुत्र पिटक लेख्छ लेखाउँछन् वा छपाउँछन्, ती प्राणीहरूले नरक, तिर्याक पशु, पंछीको जुनीमा र यमलोकमा जन्म लिनु पर्ने छैन । आठ अक्षणले युक्त जुनीमा कहिल्यै जन्म लिनु पर्ने छैन। जहाँ जन्मे पनि पूर्वनुस्मृति सहित जन्मिने छ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्यज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

जसले यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ लेखाउँछ वा छपाउँछ । उनीहरूलाई ८४ हजार धर्म स्कन्ध बुद्धबचन लेखाएको सरह हुनेछ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार

परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

जसले यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ लेखाउँछ वा छपाउँछ, उनीहरूलाई ८४ हजार धर्म स्कन्ध स्थापना गरी चीर स्थायी गराए सरह हुनेछ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध

धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

जसले यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ लेखाउँछ वा छपाउँछ। उनीहरूले गरेको सबै पाप नाश भएर जाने छन्।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

जसले अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ, लेखाउँछ वा छपाउँछ । उनीहरूको सुमेरु पर्वत समानको पाप स्कन्ध सम्पूर्ण नाश भएर जाने छन् ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

जसले अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ, लेखाउँछ वा छपाउँछ, उनीहरूलाई मार र मार जातिका, देवता किन्नर, यक्ष राक्षस आदिले नाश गर्न चिताए पनि नाश गर्न सक्ने छैनन् ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

जसले अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ, लेखाउँछ वा छपाउँछ, उनीहरूको मृत्यु हुने बेलामा ९९ कोटी बुद्धहरूले प्रत्यक्ष धर्मको व्याकरण भविष्यवाणी गर्ने छन् । हजार बुद्धहरूले हात उठाई रक्षा गर्ने छन् । बुद्ध भुवनबाट बुद्ध भुवनमा गमन गराउने छन् । यसमा कुनै शंका उपशंका नगर्नु ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

जसले अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ, लेखाउँछ वा छपाउँछ, उनीहरूलाई चतुर महाराजाहरूले जहाँ गए पनि रक्षा गर्ने छन् । गोप्य गरी राख्ने छन् ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

जसले अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ, लेखाउँछ वा छपाउँछ, उनीहरू सबै अमितभ बुद्धको लोकधातु सुखवती भुवनमा जन्मिने छन् ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

जुन स्थानमा यो सूत्र पिटकको पुस्तक लेखी स्थापना गरी राखेको छ । त्यो स्थानलाई पनि पूजा गर्न योग्य हुनेछ । तिर्याक जुनीमा जन्म लिएका चराचुरुङ्गी, बन्यजन्तु आदि जुन प्राणीको कानमा यो सूत्रको शब्द पर्छन्, ती सबै प्राणीहरूलाई पनि अनुत्तर सम्यक सम्बोधि लाभ भइ अभिसम्बुद्ध प्राप्त हुने छन् ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अर्हते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

जसले अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ, लेखाउँछ वा छपाउँछ, उनले कुलिन परिवारमा पुनर्जन्म लिने छ ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अर्हते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

जसले यो अपरिमिता आयुर्ज्ञान धर्म पर्यायको लागि एक कौडी मात्र दान गर्छ । त्यसले त्रिसहस्त्र महासहस्त्र लोकधातुमा सप्तरत्न दान दिए सरह हुनेछ ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

जसले यो धर्मको पूजा गर्छ र गराउँछ, त्यसले समस्त बुद्धबचनरुपी सम्पूर्ण धर्मलाई सगौरब पूजा गरेको सरह हुनेछ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

उदाहरणको लागि तथागत बिपस्सि, शिखि, बेसम्भु क्रकुच्छन्द, कनकमुनि, काश्यप, शाक्यमुनि बुद्धहरूमा सप्तरत्न सहित पूजा गरेको पुण्य स्कन्ध सारा यति छ भनी गणना सकिएला। तर, यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटकको पुण्य स्कन्ध सारा यति छ भनी गणना गर्न सकिंदैन।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

त्यसैगरी रत्नको राशीलाई पर्वतराज सुमेरु बराबर जम्मा गरी दान दिएको पुण्य स्कन्ध सारा गणना गर्न सकिएला। तर यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटकको पुण्य स्कन्ध सारा यति छ भनी गणना गर्न सकिदैन।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्यज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

यसैगरी चार महासागरको पानीको परिमाण थोपा थोपा गरी गणना गर्न सकिएला। तर यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटकको पुण्य स्कन्ध यति छ भनी गणना गर्न सकिंदैन।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा।

जसले यो अपरिमिता आयुर्ज्ञान सूत्र पिटक लेख्छ लेखाउँछ छपाउँछ वा सगौरब पूजा गर्छन्। उसले दश दिशाका सम्पूर्ण बुद्धभूमिमा बिराजमान समस्त तथागतहरूमा बन्दना र पूजा गरे समान हुनेछ।

ॐ नमो भगवते अपरिमिता अयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

भगवान प्रसन्न भइ यसरी आज्ञा गर्नु भयो–

'हे मञ्जुश्री,' कुमार लगायतका परिवार, देव, असुर, मनुष्य यक्ष, गन्धर्व, किन्नर, नाग, गरुड सहित लोकपाल खुशीभई भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे । आर्य आपारमिता आयुर्ज्ञान धारणी सूत्र समाप्त भयो । यो सूत्र विशेष गरी आयु सिद्धिएर प्राणान्त हुन लागेको व्यक्तिका निमित्त शुद्ध हृदयले पाठ गरिन्छ । यो अपरिमिता आयुको धारणीलाई अनुशंसा सहित दोहोराई तेहराई बताइएको सूत्र हो । यो सूत्रलाई दीर्घायु कामना, जन्म दिनको पावन अवसरमा, गम्भीर रोग लागेको बेला र संकटकालिन अवस्थामा पाठ गर्न उत्तम हुनेछ । ऊँ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

# ४७. (१४) प्रज्ञापारमिता धारणी सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्चामृत स्वाहा ।

***आर्य मन्जुश्रीमा बन्दना ।***

तथागतले चार परिषदलाई संप्रहर्षित पार्नुका लागि प्रज्ञापारमिताको सार आज्ञा भयो, परमानन्द, सम्मान र श्रद्धालाई अपनाएर, क्लेष आवरणलाई हटाएर, मल दुषणबाट टाढा पुगेका जगतको हितको लागि निश्चित भएर, प्रज्ञामा पारंगत भएका बोधिसत्वहरूले जुन आचरण गर्दछन्, त्यसलाई राम्रोसँग सुन ।

पहिलो अधिकारमा सर्वकार ज्ञाताको देशना ।

जम्बुद्वीपमा जति पनि जलधारा बग्दछन् । पुष्प फलयुक्त औषधी र जंगललाई उत्पादन गर्ने अनवतप्त तालको नागराजमा भर पर्छ । त्यो नागाधिपतिको शक्तिबाट भएको हो । बुद्धको श्रावकहरूले जति पनि धर्म देशना गर्छन्, युक्ति पूर्वक सुनाउछन् परम् आर्यको सुखकारक भइ त्यसको फल लाभ गर्छन् । ती सबै तथागतको शक्ति हो । बुद्धद्वारा जे जति धर्म देशना गर्नु भयो त्यसलाई श्रेष्ठ श्रवकद्वारा अभ्यास गरी साक्षत्कार गरेर सिके

अनुरुप सरल तरिकाले बताउँदै छु । जसमा प्रज्ञापारमिताको अभाव छ। त्यसमा बोधिसत्व र बोधि चित्तको अभाव रहन्छ।

जो सुनेर भ्रमित र त्रासिद हुँदैन, ती बोधिसत्वहरूले नै तथागतको प्रज्ञाको आचरण गरेको हुनेछ । न रुप, न बेदना, न संज्ञा, न चेतना, न संस्कार, जस्मा बिज्ञान मनको स्थान अणुसम्मको पनि रहेको हुँदैन। उ सबै धर्ममा नरहेर, नबसेर पनि आचरण गर्छ। आशक्ति नगरिकनै सुगतको बोधि लाभ गर्छ। जसरी मालाकार परिब्रजक ज्ञानको अभावमा शरीर बिनास गर्छ। जो बोधिसत्वले त्यस प्रकार धर्म बोध गर्छ, उ निर्वनमा नगइ प्रज्ञामा रहेको हुनेछ। अझै उसले प्रज्ञा के हो ? कस्को हो ? कहाँबाट आएको हो ? भनि बिचार गरी यो सबै धर्मको शून्यताको बोध गर्छन् ।

समय अनुसार उपनाम दिएर, हरेस् नखाएर नडराएरका बोधिसत्वहरू नै बोधिको नजिक हुने छन् । यदि नबुझिकन रुप संज्ञा, बेदना, संस्कार, बिज्ञान र स्कन्धमा ग्रह गरी आचरण गरेमा यो स्कन्धलाई शून्यता हो भनि बुझे पनि त्यो बोधिसत्व नियमितमा ग्रह गर्ने हुनेछ । न कि अनुत्पन्न धर्ममा बिश्वास गर्ने। जसले न रुप, न बेदना, न संज्ञा, न संस्कार र बिज्ञानमा नरही आचरण गर्छ, उनी प्रज्ञामा दृढ हुन्छ, बास्तवमा उनले सही साधना गरेको हुनेछ।

अनुत्पन्न धर्मप्रति मेधवि भएर परम् शान्त समाधिमा पुग्छ। जो बोधिसत्व यस प्रकार शान्त रहेको हुन्छ। उनलाई अतीतको बुद्धले भविष्यवाणी गरेको हुन्छ। त्यस बखत उनी समाधिबाट जागेको छु भनी आशक्त हुँदैन। उसले धर्मको स्वभावलाई राम्ररी जान्छ। यस प्रकारले चर्या गरेमा सुगतको प्रज्ञाको चर्या गरेको मानिन्छ।

जुन बोधिसत्वले छ वा छैन भनेर कल्पना गर्छ, वा यी दुबै अभाव धर्म हुन भनि जान्छ, उनी निःसरन मुक्त हुन्छ। जसले कुसंगत गरेर, अरुको भर पर्छ। त्यो काँचो माटोको भाँडोमा पानी राखे सरह हुनेछ।

जसले कल्याणमित्रको संगत गरी बिपाश्यनाले युक्त हुन्छ। उनी उत्कृष्ट बीज सरह हुनेछ। जो मानिस आशक्तिलाई त्यागेर बोधि प्राप्त गर्छ, उनलाई महासत्व भनिन्छ। महायान बोधि भनेको आकास समान खुला बिमान हो। श्रेष्ठ बिमान हो। जसमा सवार भएर सबै प्राणीहरू निर्वाणमा पुग्न सक्छ।

जस्तै मरेको मानिसको गति नभएको हुँदा, निर्वाण भनिएको हो। अर्थात निर्वाण भनेको शून्यता हो। शून्यता भनेको मृत अवस्था हो। जस्ले कुनै कुराको अनुभव गर्न सक्दैन। आत्म र प्राणीको परिकल्पना गर्ने बोधिसत्वले प्रज्ञापारमिताको श्रेष्ठ चर्या गरेको ठहर्दैन। तर, उत्पाद र अनुत्पाद दुबैको कल्पना नगर्नेहरू श्रेष्ठ चर्या गरेको मानिन्छ। उत्पाद र बिनासलाई त्यागेर, परम् ज्ञान लाभ गरेको हुने छ, त्यही हो, प्रज्ञापारमिता।

जो मानिस रुप, संज्ञा, वेदना, बिज्ञान र संस्कारमा आशक्ति गर्दैन, धर्ममा अवस्थित भएको हुन्छ, उनलेनै प्रज्ञापारमिताको श्रेष्ठ चर्या गरेको ठहर हुनेछ । जसले नित्य, अनित्य, सुख, दुःख प्रिय, अप्रिय, आत्म र अनात्मलाई बुझेका छन्, उनीहरूले प्रज्ञापारमिताको चर्या गरिरहेका हुने छन् । यी व्यक्तिहरू विषयमा डराउदैनन् । जिन पुत्र जो सत्यमा कुशल भएका, अनागामी सन्देह त्यागेका अहर्त र कल्याणमित्रको संगत पाएका अर्थात जो मानिस अभ्यास गर्नु नपर्ने अवस्थामा पुगेको हुन्छ । त्यसैले नै बास्तावमा अभ्यास गरिरहेको हुन्छ ।

लोकमा बिना बीउको बिरुवा हुँदैन । बिरुवा बिनाको रुख हुँदैन । रुखै नभए त्यहाँ हाँगा, बिँगा, पात, फूल र फल कहाँ हुन्छ र ? त्यसैगरी लोकमा पनि बोधिचित्त बिनाको बुद्ध हुँदैन । बुद्ध बिना श्रावक पनि हुँदैन । लोकमा सूर्योदय भए पछि मात्र प्राकृति र प्राणीहरू काम गर्न थाल्दछन् । बन जंगल नभए जलधारा हुँदैन । जलधारा नभए नदीनाला हुँदैन । नदीनाला नभए सागर हुँदैन । सागर नभए महासागर हुँदैन । महासागर नभए नाना प्रकारका रत्न र अभूषणहरू पनि हुँदैन । लोकमा ज्योति भएका जति पनि प्राणीहरू छन्, उनीहरूको ज्योति भन्दा सूर्यको ज्योति नै अधिक श्रेष्ठ छ । प्रकाश भएका सबै प्राणीहरूले सूर्यसँग दाँज्न मिल्दैन । त्यसैगरी दान, शील ध्यान र भावनाले युक्त भएर पुण्य संभार गरेका बोधिचित्त सँग श्रावकहरूले दाँज्न मिल्दैन ।

जसरी सहयोगी नभएका अन्धोहरू बाटो चिनदैनन् र गन्तव्यसम्म पुग्न सक्दैनन् । त्यसैगरी प्रज्ञा नभएका श्रावकहरू बोधिमा पुग्न सक्दैनन् । व्यापारीहरू रत्नद्वीपमा पुगेर व्यापार गर्दा, साँवा समेत गुमाइ पुनः फर्के जस्तो हुन भएन । रुपको शुद्धतानै फलको शुद्धता हो । फलको शुद्धता भएमा सर्वज्ञताको शुद्धता हुनेछ । यो जगत नाम र रुपको हिलोमा आशक्त छ । हावाले चक्र घुमाए सरह भवचक्रमा भौतारिरहेका छन् । तर विद्वान बोधिसत्वले आशक्तिबाट मुक्त भएर जाने छ । राहुबाट मुक्त भएको सूर्य पुनः चम्केको जस्तो देखिने छ । बलेको आगोले धाँस दाउरा, बन, जंगल सबै राख पारे जस्तै, सर्वधर्म स्वभाव शुद्धभइ परिशुद्ध गर्ने छ । जो बोधिसत्वले प्रज्ञापारमिताबाट हेर्दा कारक र सर्वधर्मलाई देख्दैन, उसले श्रेष्ठाचरण गरेको हुनेछ ।

धेरै टाढा एकान्त बाटोमा हिडेको मान्छेले, गोठाला रहेको राम्रो जंगल देख्यो भने, अब त गाउँ बस्तिहरू पनि नजिकै हुन सक्ने उसले ठान्दछ । त्यसरीनै बोधिको खोजि गर्दा, बुद्धको प्रज्ञापारमिता सुन्ने अवसर प्राप्त भयो भने उसले ढिलोछिटो बोधि प्राप्त गर्ने छ । समुन्द्र हेर्न जाने व्यक्तिले रुख, जंगल र पर्वत केही पनि नदेखिने भयो भने अब समुन्द्र नजिकै हुन सक्ने अनुमान लगाउछ । बसन्त ऋतुमा बोट बिरुवामा पात अधिक हुने छन् । हाँगा नलम्बिदै फुल र फल लाग्ने छन् । यो प्रज्ञापारमिता पनि जसको हातमा पुग्यो, छोटो समयमै बोधि लाभ गर्ने छ ।

जस्तैः गर्भवति महिलालाई व्यथा लाग्यो भने, अब प्रशवको समय भयो भनेर बुझिन्छ। संसारिक मनिसहरू फूलमा रमाउछन्। तर, बोधिलाई चिन्नेहरू जरालाई खोज्दछन्। हात्तिलाई भेटेर पनि हात्तिको पाइलाको चिन्ह खोजेझै प्रज्ञापारमितालाई सुनेर पनि अन्य सूत्रहरू खोज्नु भनेको दिउसै दियो बाल्नु सरह हो। उत्तम भोजन खाएर पनि कमसल भोजनको लोभ गर्नु हो। पारमितालाई प्राप्त गरे पछि पनि अहर्त भूमिको खोजि गर्नु हो।

सेवा, सत्कार र लाभ पाउने लालचमा धर्म त्यागेको पनि थाहा हुँदैन। संसारको दुर्लभ रत्नलाई सधै हानी हुने सम्भावना रहन्छ। बुद्धको श्रेष्ठ पारमिता पनि दुर्लभ भएको हुँदा, सधै बाधाहरू आउने हुन्छन्। धर्म सधै शून्यतामा रहने भएकोले यसलाई गहिरो साधनाबाट मात्र अनुभव गर्न सकिन्छ।

संसारिक प्राणीहरू विषय बस्तुमा आशक्ति गर्छन्। ग्रहमा रहेर पनि अन्धकारमा भौतारिन्छन्। बरबोधिमा लाग्नेहरूको लागि प्रकाश, दीप र ज्योति परम् शास्ता हो। जसरी पारमिताको लक्षण शून्यता हो। त्यसरीनै सबै धर्मको लक्षणलाई बुझ। सबै धर्म शून्यता र अनिमित्तता हुन भनि राम्ररी जानेर आचरण गर। भोकाएको प्राँणी भोजनको लागि इच्छुक हुन्छन्। आशक्त मानसिकता भएकाहरू सदा भौँतारि रहन्छन्। म र आत्म सम्यक होइन शून्य हो। श्रेष्ठ आचरण गर्ने बोधिसत्वले अन्धकारलाई हटाइ, समस्त जगत, अहर्त, प्रत्येक बुद्धको बोधि

जस्ता बहुचित्तलाई पनि शमन गर्ने छन् । राजाले राज्यको दिन दुःखिहरूलाई दान गरेझै विद्वान बोधिसत्वले पनि अमृत सरह धर्म दान दिने छन् । देव मनुष्यको प्रिय हुने छन् । कहिलेकहि श्रेष्ठ बोधिसत्वहरू पनि भ्रमको शिकार हुन्छन् । भ्रमको प्रभावद्वारा राग, द्वेष, माया र मोहामा पुनः आकर्षित भइ अकुसल कर्म गर्न पुग्छन् । त्यस बखत मार अति खुशि हुनेछ । यस्तो अवस्थामा उनी पारमिताबाट टाढा भइ पिचास सरह हुनेछ । यस्तो अवस्थामा उनले प्राप्त गरेको पुण्य क्षय भएर जानेछ ।

पंक्षीहरू आकासमा रहेर पनि खस्दैन । माछा पानीमा रहेर पनि डुब्दैन । परम् बोधिहरू शून्यतामा रहेर पनि निर्वाण हुँदैन । जो विद्वान शून्यतामा पारंगत हुन्छन् उनले धर्मको उत्तम कोष चिनेको हुन्छ । यो सबै काम विषय, अवस्थाको गुण र स्वभाव हुन् भन्ने जान्दछन् । यसैमा ब्रह्माण्डबिज्ञान चलेको हुन्छ ।

प्राकृतिको नियम अनुसार खेतको सत्रु झार हो । मानिसको शत्रु मन हो । मन भनेको बिज्ञानको केन्द्र हो । जहाँबाट ज्ञान र मनोबिज्ञान दुबैको उत्पन्न हुन्छन् । जसरी बोट बिरुवाहरू सबै माटोबाट उम्रिएझै, अज्ञानबाट ज्ञानको उदय हुन्छ । असुबिधाबाट सुबिधाको बृत्ति बिकास भएर आउँछ । साधरणबाट उत्कृष्टको पहिचान हुन्छ । कर्म क्षेत्रबाट श्रेष्ठताको पहिचान हुन्छ । सूर्यको प्रकाशले अन्धकार हटाएर स्वयम्भु प्राप्त गर्छ । हिलोमा कमल उम्रिएझै उत्कृष्ट ज्ञानको जननी

पनि प्रज्ञापारमिता हो । प्रज्ञापारमिताको मूल आधार भनेको प्रतित्यसमुत्पाद हो । त्यहीबाट हृदय सूत्रको उत्पति हुन्छ । हृदय सूत्रबाट डाइमण्ड र प्युरलैण्ड सूत्रको उत्पति हुन्छ । हृदय डाइमण्ड र प्युरलैण्ड सूत्रहरूमा उत्कृष्ट हुन् । जसको धारणीबाट बोधिचित्तको उत्पति हुन्छ । बोधिसत्वको तत्वज्ञानमा समुचित बिकास भएर प्रज्ञापारमिता स्थिर रहने छ ।

जस्तैः उखुको गुण गुलियो हुनु हो । चाहे त्यो टुक्राउ, ठुन्काउ पेल, निचोरा, थिचोरा, उमाल, पानीमा मिसाउ आखिर उनको गुण र स्वभाब गुलियो हुनु हो । धर्मको रस पनि त्यस्तै हो । प्रज्ञापारमितालाई पढेर, बुझेर, सुनेर वा सुनाएर श्रोतापन्न भैसके पछि जलैबुद्ध, थलैबुद्ध, आकास र पाताल सबै स्थानको कण कणमा सबैको मनमस्तिष्कमा बुद्धले बास गरेको पाउनु हुनेछ । फरक यति मात्र हो कि, तपाइँले कसरी हेर्नु हुन्छ ? कसरी बुझ्नु हुन्छ ? कसरी देख्नु हुन्छ ? कसरी अनुभव गर्नु हुन्छ ? आफ्नो अनुभवको व्याख्या र बिश्लेषण कसरी गर्नु हुन्छ ? यो कुरा तपाइँले मात्र बुझेर हुँदैन । तपाइँको परिवार, आफन्तहरू र कुलकुटुम्बहरूले पनि बुझ्न सक्ने सरल भाषामा बुझाउन सक्नु पर्छ । अनि मात्र तपाइँले प्रज्ञापारमिताको मूल भावलाई बुझेको ठहर हुनेछ । प्रज्ञापारमिता धारणी सूत्र समाप्त भयो । ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्चामृत स्वाहा ।

# ४८. (१५) बुद्धक्षेत्र सुखवती भूवन धारणी सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्चामृत स्वाहा ।

*बुद्ध र बोधिसत्वहरूमा बन्दना ।*

एक समय मैले यस्तो सुने– भगवान गङ्गातिरमा घुम्दा घुम्दै एउटा पोखरीको किनारमा पुग्नु भयो । त्यहाँ १२५० भिक्षुहरूको महासंघ तथा बोधिसत्वहरूको महासंघको साथमा बिराजमा हुनु भयो । त्यसपछि भगवानले भिक्षुहरूलाई आज्ञा भयो ।

यहाँबाट पश्चिम दिशातिर, सुखवती नामको लोकधातु छ । त्यहाँ सम्यक सम्बुद्ध बिराजमान हुनुहुन्छ । वहाँ तथागत अपरिमिता आयुर्ज्ञान हुनुहुन्छ । जसले वहाँको नाम बाचन गर्छ, उनको त्यहाँ जन्म हुन्छ । मृत्युको बेलामा दर्शन हुन्छ । भिक्षुहरूको संघ समेतलाई देख्ने छ । त्यहाँ गर्भवास भन्ने छैन । रत्नहरूको पद्मबाट महाऋद्धिबाट जन्म हुन्छ । खाने, लाउने र औषधि सहित चीवर, शयनासन, पिण्ड पात्र आदि मनले चिताउना साथ सबै प्राप्त हुन्छ । दशै दिशामा बिराजमान

बुद्धहरू सुखवती भूवनको प्रशंसा गर्छन् । त्यसरी अचिन्तनीय बुद्धहरू छन् । बुद्धको धर्म पनि अचिन्तनीय छन् । आर्य संघ अचिन्तनीय छन् । अचिन्तनीयहरूमा श्रद्धा गर्नाले फल पनि अचिन्तनीय पाउने छन् । बिशुद्ध भूवनमा जन्म हुने छन् ।

'हे भिक्षुहरू,' तथागत अहर्त सम्यक सम्बुद्ध अपरिमिता आयुर्ज्ञान सपरिवार बिस्तृत रुपमा दश हजार योजनमा फैलिएको छ । उनी क्षेत्रीय कूलमा जन्मेको हो । तथागत अहर्त सम्यक सम्बुद्ध अपरिमिता आयुर्ज्ञानको पिता चाँहि परम् कल्याणकारी चक्रवर्ति राजा थियो । वहाँको आमा चाँहि तेजस्वी क्षेत्रीय कुलकी भद्रापालीका थिइन् । तथागत अपरिमिता आयुर्ज्ञानको पुत्र चाहिँ चन्द्रप्रभ हुन् । सेवक चाहिँ बिमल उपस्थान हुन् । तथागत अपरिमिता आयुर्ज्ञानको प्रज्ञाले अग्रस्थान प्राप्त गरेका चाँहिँ भद्रकेतु हुन् । ऋद्धिले अग्रस्थान पाएको महावीर्यले युक्त भएका चाहिँ महाव्यूह भनी भनिन्छ । तथागत अपरिमिता आयुर्ज्ञानको मारको नाम चाहिँ पूजाको राजा भनिन्छ । देवदत्तको नाम चाहिँ प्रसन्न हो । तथागत अपरिमिता आयुर्ज्ञानको महाश्रावक संघमा संघायना गर्दा ६० हजार महाश्रावकहरू थिए ।

'हे भिक्षुहरू,' सम्पूर्ण प्राणीहरूले राम्ररी बिचार गरेर तथागत अपरिमिता आयुर्ज्ञानको नाम राम्ररी धारणा गरुन् । दश दिनसम्म मन बिचलन नगरी बुद्धानुस्मृति भावना गरी सुखवती लोक धातुमा बिराजमान हुनु भएका तथागत अपरिमिता

आयुर्ज्ञानलाई निरन्तर मनमा धारणा गर । अमर दुन्दुभिराज नामक यो धारणीलाई पनि नित्य जप पाठ गर । दिनमा तीन पल्ट, रातमा तीनपल्ट पञ्चाङ्ग बन्दना गर । सम्पूर्ण प्राणीहरूले तथागत अपरिमिता आयुर्ज्ञानको भावना गर्दा, दश दिनको समय पार भए पछि तथागत अपरिमिता आयुर्ज्ञानको दर्शन पाउने छ । दशौ दिशामा बिराजमान हुनु भएका सम्पूर्ण बुद्धहरूको पनि दर्शन हुने छ । जीवनमा कुशल मूलको परिणामना गर्नाले, मृत्युको बेलामा तथागतको दर्शन पाउनु हुनेछ । बुद्धक्षेत्र सुखवती भूवनमा जन्म हुने छ ।

'हे भिक्षुहरू,' अमर दुन्दुभिराज नामक धारणी के हो त भन्दा, **तद्याथ शबले अबले समाजले निर्देशे निर्जाते निरुक्ते निर्मुखे ज्वल परच्छेद नि सुखवती निर्देशे अमृते आयुर्गर्भे निर्ताटि अमृते आयुर्प्रसधनि निर्बुद्धि आकाश निर्देशे आकाश निर्जाते आकाश निर्कुशले आकाश निर्देशे आकाश अधिस्ठाने सुखवती अधिस्ठाने रुप निर्देशे चत्वारि धम्म प्रसाधने चत्वारि आर्यसत्य प्रसाधने चत्वारि मार्ग भावना प्रसाधने बलवीर्य प्रसाधने धम्म च्छेदने कुशले कुशले निर्देशे कुशल प्रतिस्ठाने बुद्ध कुशले बिशुद्ध प्रभास धम्म करणे निजर्ति निर्बुद्धे बिमले बिरजे रजसेन रसाग्रे रसाग्रे बले रसाग्रे अधिस्ठिते कुले प्रतिकुले बिकुले दन्ते सुदन्ते चित्ते सुप्रशान्त चित्ते सुप्रतिस्ठिते सुलेसुमुखी धम्म च धम्मे बलेञ्च बले अनुशवले बुद्ध आकाश गुणे बुद्ध आकाश निरगुणे अमृत दुन्दुभिस्वरे स्वाहा ।**

'हे भिक्षुहरू,' श्रद्धावान कुलपुत्र तथा कुलपुत्रीहरू, ज जसले अमर दुन्दुभिराजको धारणी पाठ गर्छ, उनीहरूले शुद्ध बस्त्र लगाएर चारै तिर शुद्ध पारि निर्मलभइ तथागत अपरिमिता आयुर्ज्ञानमा पुष्प, धूप आदिद्वारा पूजा गर्नु । बोधिको सार भएको पद्मको स्थान, बोधिबृक्ष सुसम्पन्न गर्न मनमा संभ्रनु । त्यस्तो श्रद्धा गर्नाले बुद्धक्षेत्र सुखवती भूवनमा जन्म हुने छ।

तथागत अपरिमिता आयुर्ज्ञानको बोधिबृक्ष द्रुमराज चाहिँ रत्नपद्म बिरोचन नामक बृक्ष पुष्प र फलले सुसम्पन्न छ। पद्मासन चाहिँ रत्नहरूले सिँगारिएको छ । वहाँको दाँयातिर बोधिसत्व अवलोकितेश्वर र बाँयातिर महाबलि बज्रपाणि हुनुहुन्छ। वहाँ असंख्य बोधिसत्वहरूद्वारा परिक्रमित भएर रहनु भएका छन् ।

'हे श्रद्धावान कुलपुत्र र कुलपुत्रीहरू,' ज जसले अधिमुक्ति र अत्यधिक श्रद्धा सहित भक्ति गर्ने छन्, तिनीहरू सुवर्णको मूल भूमिमा सप्तरत्नको शुद्ध महापद्ममा उपपादुक रुपमा ऋद्धिले युक्त भएर जन्म हुने छन्। श्रद्धावान उपासक तथा उपासिकाहरू, ज जसले भगवान तथागत अपरिमिता आयुर्ज्ञान सम्यक सम्बुद्धलाई भावना गर्छ, उनीहरूलाई आगोको भय हुने छैन । पानीको भय हुने छैन। विषको भय हुने छैन। शस्त्र अस्त्रको भय हुने छैन। यक्ष गन्दर्भ किन्नार र राक्षसको भय हुने छैन। नक्षेत्रहरूको भय हुने छैन। पहिलेको बिपाकहरू जे जति छन्, ती कुनै पनि बाँकि रहने छैन। अभय हुने छन्। भगवानले यसरी

आज्ञा भए पछि त्यहाँ भएका सम्पूर्ण परिषद् समेत देव, असुर मनुष्य, यक्ष, गन्धर्व, किन्नर, नाग, गरुड, अष्टबर्ग सहित सबैले भगवानको बचनलाई अनुमोदन गरी, अभिनन्दन गर्नु भयो । बुद्धक्षेत्र सुखवती भूवन धारणी सूत्र सम्पन्न भयो ।

ऊँ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्चामृत स्वाहा ।

अमितभ बुद्धको क्षेत्रमा आर्यहरू मात्र बिराजमान हुने भएकोले । मनुष्यलोक जस्तो हुँदैन । यस्तो शुद्धभूमि अमितभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ।।१।।

अमितभ बुद्धको क्षेत्रमा आर्यहरू आफ्नै शिरबाट प्रज्ञाको ज्योती प्रकट गर्ने भएकाले यो संसारमा जस्तो दिन र रात हुँदैन । यस्तो शुद्धभूमि अमितभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ।।२।।

अमितभ बुद्धको क्षेत्रमा रत्नहरूको भुमि भएकोले यो संसारमा जस्तो ढुङ्गा माटो हुँदैन । यस्तो शुद्धभूमि अमितभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ।।३।।

अमितभ बुद्धको क्षेत्रमा सुगन्धित बासना चल्ने भएकोले यो संसारमा जस्तो दुर्गन्ध हुँदैन । यस्तो शुद्धभूमि अमितभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ।।४।।

अमितभ बुद्धको क्षेत्रमा अलंकृत बोधिबृक्ष हुने भएकोले यो संसारमा जस्तो वृक्षहरू हुँदैन । यस्तो शुद्धभूमि अमितभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ॥५॥

अमितभ बुद्धको क्षेत्रमा समाधिको भोजन गर्ने भएकोले यो संसारमा जस्तो अनेक प्रकारको भोजन हुँदैन । यस्तो शुद्धभूमि अमितभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ॥६॥

अमितभ बुद्धको क्षेत्रमा सबै समानता हुने भएकोले यो संसारमा जस्तो सानो र ठुलो भन्ने हुँदैन । यस्तो शुद्धभूमि अमितभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ॥७॥

अमितभ बुद्धको क्षेत्रमा धर्मराज स्वयंले शासन गर्ने भएकोले यो संसारमा जस्तो ब्यवस्था हुँदैन । यस्तो शुद्धभूमि अमितभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ॥८॥

अमितभ बुद्धको क्षेत्रमा अमृतको वर्षा हुने भएकोले । यो संसारमा जस्तो साधरण पानी हुँदैन । यस्तो शुद्धभूमि अमितभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ॥९॥

अमितभ बुद्धको क्षेत्रमा तेज नै स्पष्ट आगो समान हुने भएकोले यो संसारको जस्तो आगो हुँदैन । यस्तो शुद्धभूमि अमितभ बुद्धको क्षेत्रमा जन्म हुन सकोस् ॥१०॥

अन्तिम संस्कार (पए)को पूजा गर्ने समयमा दश पारमीको यो परित्राण बाचन गर्न सकेमा बुद्धक्षेत्र सुखवती भूवनमा जन्म हुन पाउने छन्, भन्ने कुरा बौद्धमार्गीहरूमा अपार श्रद्धा रहेको पाइन्छ। बोधि मंगलम् । ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्चामृत स्वाहा ।

# ४९. (१६) कुबेरपति धनदेव जम्भल धारणी सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्चामृत स्वाहा ।

***आर्य कुबेरपति धनदेवता सपरिवारमा बन्दना ।***

एक समय मैले यस्तो सुने– भगवान राजगृहको गृद्धकुट पर्वतमा भिक्षु महासंघ, बोधिसत्वहरू र महाराज बैश्रवण धनदेवका सपरिवार सँगै बिराजमान हुनुहुन्थ्यो ।

त्यसबेला पृथ्वीदेवी दृढाले भगवानमा यस्तो बिन्ति गरिन् ।

'हे भगवान,' भिक्षुहरूलाई यस जम्बुद्वीपमा बहुजन हिताए, बहुजन सुखाएको लागि दुःख दरिद्रताको पीडाबाट मुक्त भएर धनी र सुखी हुने मनले चिताएको पुरा हुने सम्पत्ति र कुल सन्तानको बृद्धि भएर फैलिने जन्म जन्मान्तरसम्म धनीभई शक्तिवान र ऋद्धिवान हुनको लागि भगवानले तन्त्र बताउनुहोस्, भनि पृथ्वीदेवीले बिन्ति गरिन् ।

'हे पृथ्वीदेवी,' तिमीले सबै प्राणीहरूको हित र सुखको लागि सोधेकोमा साधुवाद । त्यसैले राम्ररी सुन । सर्वप्रथम आफ्नो अगाडी बैश्रमण पहेँलो वर्ण भएका, दाँया हातमा

रत्नदण्ड लिएका, बाँया हातमा पहेँलो न्याउरिमुसा धनले भरिएको नकुलको थैलो समातेको मणिरत्नको अलंकार लगाएको सिंहको आसनमा बसेको रानी मणिरत्न माला लगाएको कुबेरपति घनदेव काय नीलो बर्ण, दाँया हातमा बिजपुर (विमिरो) फल लिएको, बाँया हातमा धनले भरिएको न्याउरिमुसाको थैलो लिएको, बिविध बस्त्रले अलंकृत भएको उत्पलको माला बैकल्य रुपमा (जनै जस्तै गरी) अलंकृत भएकी रानी धनादिपति अष्टवसुदेव सपरिवारमा नमः ।

पशुदेव हरियो वर्ण बिविध रत्नले अलंकृत भएको, दाँया हातमा रत्नको बाटा घिउले भरिएको लिएको, बाँयामा स्फटिकको ठेकी दहिले भरिएको लिएको । त्यस प्रकार देवताहरूलाई प्रत्यक्ष ध्यान गरी, सुगन्ध जलले लेपन गरेको मण्डलमा फूलको कणिका छर्किने बिविध पूजाद्वारा पूजा गर्ने । त्यसपछि धनसम्पत्ति र पुण्यको बृद्धि गर्न यो धारणीको पाठ गर्ने ।

**नमो रत्नत्रयाय । नमो वैश्रवणाये महाराजय तद्याथ सिमि सिमि सुमुसुमु चन्तचन्त सरसर करकर किलिकिलि कुरुकुरु मुरुमुरु चुरचुरु सद्य अद्मनं निद्ध्यनं अद्ध्यनं चन्धधु स्वाहा । नमो वैश्रवणाये स्वाहा । नमो रत्न परिपुरये स्वाहा ।**

जसले यो धारणी पाठ गर्छ, उसलाई जन्म जन्मान्तरसम्म धन र सन्तानको श्रीबृद्धि हुनेछ । **नमो वैश्रवणाये स्वाहा । नमो आर्य कुबेरपति धनदेव जम्भलय स्वाहा । नमो नाग जम्भलय स्वाहा । नमो यक्ष जम्भलय स्वाहा । नमो रक्षस जम्भलय**

**स्वाहा । नमो सूर्य जम्भलय स्वाहा । नमो पूर्णचन्द्र जम्भलय स्वाहा । नमो स्रिति जम्भलय स्वाहा । धनमेधिति स्वाहा । मं वसुदेहि स्वाहा ।**

यो मन्त्रसारको पाठ गरेको प्रभावले भिक्षु वा कल्याणमिबत्रले धर्म बाचन गरेको घरमा धन, सम्पत्ति, सुन, चाँदी, हिरा, मोती रत्नमणि, हात्ति, घोडा गाई, भैसी, भेडा, बाख्रा, अन्नापानी, कुलकुटुम्ब, मानसम्मान र सामाजिक प्रतिष्ठा आदिले सम्पन्न होस् ।

उत्तर दिशाको रक्षक राजा बैश्रमणलाई प्रसाद प्रदान गर । आजको पूजाको कर्ता श्री ........... दानपतिलाई आर्य कुबेरपति धनदेव जम्भलले धन र पुण्य को बरदान देउ । जम्बुद्वीपको निधिको बरदान देउ । घोडाधिपति कुवेर, भेडाधिपति मणिभद्र, पूर्णभद्र आटवकपञ्चिका पिचिकुण्डली बस्तुभाउको देवता हरितदेवी बसुन्धरा, जम्भलादि अष्टमहादूत धनदेवगणमा चढाएको महाप्रसाद ग्रहण गर । आजको यो पूजाको यजमान श्री............... दानपतिलाई सबै जन्ममा पुण्य र धनको बरदान देउ । जम्बुद्वीपको निधिको बरदान देउ ।

'हे भदन्त,' मैले धन देवगणको भावना कसरी गर्ने भनि पृथ्वीदेवी आसनबाट उठेर बिन्ति गरिन् ।

'हे देवी,' धनदेवताको भावना गर्नाको लागि मण्डलको केन्द्रमा वैश्रमण काय वर्ण पहेंलो अक्षरबाट उत्पन्न भएको, वहाँको सम्मुख आर्य जम्भल काय वर्ण नीलो । दाँया हातमा

फल लिएको, बाँया हातमामा मणिले भरिएको न्याउरीमुसाको छालाको थैली लिएको पूर्वमा मुग्जीन जम्भल, दक्षिणमा पूर्णभद्र कलश लिएको पश्चिममा मणिभद्र मणि लिएको र उत्तरमा घोडाधिपति कुवेर तलवार लिएको हुन्छ । यति चार दिशान्तरमा संजय पहेँलो तलवार लिएको अटावक भाला लिएर धनको रक्षा गरेको हुन्छ । पञ्चिका पाण्डु वर्ण रत्नको कुटाघर लिएको, पिचिकुण्डली तलवार लिएर अपराधीलाई रोकेको ती सबै घोडामा सवार भएर सबै रत्नले विभुषित भएको अष्टमाताले आलिंगन गरेको, करोडौं यक्ष र धन देवताका परिषद्ले घेरिएका दाँया हातमा आ-आफ्नो अस्त्र उठाएका, बाँया हातले घोडाको लगाम समातेको अवस्थामा भावना गर । जम्भल माता बसुन्धरा काय वर्ण पहेँलो दाया हात बरमुद्रा, वाँयामा धानको बाला लिएकी रत्नालंकारले विभूषित भएकी, सुन्दर पोसाक, शान्त स्वभावमा मुस्कुराएकी माता चन्द्रप्रभा, सुदत्ता, आर्य गुप्तदेवी र सरस्वती लगायत सबैको काय वर्ण पिता जस्तै रत्नालंकारले विभूषित छिन् । सबैले दाँयापट्टि धानको बाला लिएकी बाँयाको हातले रत्नको माला लिएकी छिन् । सुन्दर पोशाक लगाएकी प्रत्यक पिताको देब्रेपट्टि प्रत्येक माता रहेको भावना गर । त्यसपछि आर्य सुवर्णप्रभास सुरेन्द्रराज यो राम्ररी पाठ गर । त्यसमा सुगन्धले लेपन गर । पुष्पकर्णिका छर्केर पाँच प्रकारको पूजा तयार पार । कडा रुपमा सिमाबन्ध गर । आफु राम्ररी स्नान गर । त्यसपछि धनदेवताका सपरिवार आव्हान गरी यो धारणी मन्त्रको शुद्धसँग पाठ गर ।

**नमो रत्नत्रयाय। नमो वैश्रमणाय स्वाहा। तद्याथ सिमि सिमि सुरुसुरु चन्तचन्त चरचर सरसर करकर किलिकिलि कुरुकुरु मुरुमुरु चुरुचुरु सद्य अद्मनं त्रिदद्य अद्यन्चत स्वाहा। नमो वैश्रमणय स्वाहा। नमो आर्य जम्भलय स्वाहा। नमो देव जम्भलय स्वाहा। नमो नाग जम्भलय स्वाहा। नमो यक्ष जम्भलय स्वाहा। नमो राक्षस जम्भलय स्वाहा। नमो सूर्य जम्भलय स्वाहा। नमो चन्द्र जम्भलय स्वाहा। वसुदेहि सत्यंअधिष्ठानं सम्पन्न धनदेव सपरिवार स्वाहा।**

यसपछि मध्य भागमा राजवैश्रमण माता पिता पहेँलो पूर्व जम्भल माता पिता नीलो, दक्षिणमा पूर्णभद्र माता पिता, पश्चिममा मणिभद्र माता पिता उत्तरमा घोडाधिपति कुवेर माता पिता, पूर्व दक्षिणान्तरमा भेडाका देवता संज्ञय माता पिता पहेँलो, दक्षिण पश्चिरमा धनका देवता अटावक माता पिता कालो, पश्चिम उत्तरान्तरमा पञ्चिका माता पिता खैरो, उत्तर पूर्वान्तरमा भेडाका देव पिचिकुण्डली माता पिता सेतो, फेरि मध्यमा धनदेवी हरियो अरु पनि महादेव धनका देवता, नाग धनका देवता, यक्ष धनका देवता राक्षस धनका देवता, ब्रह्मा धनका देवता, सूर्य चन्द्र धनका देवता ग्रह नक्षत्र धनका देवता, अष्टवर्ग धनका देवता, लोक र लोकोत्तर धनका देवता गणहरूद्वारा, आजको कर्ता श्री.................... लगायत सपरिवारको दरिद्रताको पीडा हटाएर धन, दौलत, अन्नपानी, सुन चाँदि,

हिरा, मोति रत्न मणि, मुगा वैडुर्य, पुण्डरीक, पद्मरागइन्द्रनील केकेर, तिरयक, कर्षपण, शिला हात्ति, घोडा, गाई, भैंसी, भेडा, बाख्रा सबै सामग्रीको ठुलो वर्षा गराउ।

त्रिरत्नलाई पूजा गर्ने सामाग्री धर्माचरणको लागि अनुकुल पुण्य धनको बरदान देउ। त्यसपछि भगवानले आज्ञा भयो। आर्य सुवर्ण प्रभास सुरेन्द्रराज यो पाठ गरी धन देवताको पूजा गरेमा सबै जन्म जन्मान्तरमा नरक पशुलोक र प्रेतलोकमा कहिल्यै जन्मने छैन। कहिल्यै पनि बेफुर्सादि चोलामा जन्मने छैन। जहाँ जन्मे पनि त्यसको स्मरण हुनेछ। आयु बृद्धि हुनेछ। पाप शोधन हुनेछ। मार कुलका राक्षस र पिशाचहरूले हानी गर्ने छैन। बुद्धक्षेत्रबाट बुद्धक्षेत्रमा गमन गर्न सक्नेछ। यो धारणी भएको स्थान समेत पूजा गर्ने योग्य हुनेछ। यो धारणीको श्रवण गर्ने सम्पूर्ण प्राणिहरू पनि मुक्त भएर अभिसंबुद्ध हुने छन्। उनीहरूले मनुष्यको चोला लिएमा राजकुलमा लिने छन्। मधुर वाणी हुने छन्। प्रज्ञावान र सिद्धिवान हुनेछ। कुलको बृद्धि हुनेछ। मनले चिताएको प्राप्त हुनेछ। भगवानले यति आज्ञा भए पछि देव, असुर, मनुष्य, यक्ष, गन्दर्भ, नाग, गरुड, अष्टबर्ग सहितले भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे। कुबेरपति धनदेव जम्भल धारणी सूत्र समाप्त भयो। ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्चामृत स्वाहा।

# ५०. (१७) मेघ बर्साउने धारणी सूत्रः

ॐ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महा पञ्च अमृत स्वाहा ।

*बुद्ध र बोधिसत्वहरूमा बन्दना ।*

एक समय मैले यस्तो सुनैं– भगवान नागराज नन्द र उपनन्दको बासस्थानमा मणिरत्न श्रीगर्भ महामेघ मण्डलको कुटागारमा भिक्षु महासंघ बोधिसत्वहरू साथै नागराजहरूको परिषदको भेला थियो । त्यसमा नागराजनन्द उपनन्द सागर अनवतप्त तेजस्वी वरुण तक्षक धृतराष्ट्र बासुकि मुचलिन्द ऐरावत मयुरपंखि नागराज श्रीतेजस्वी श्रीभद्र विद्युतमाला मणिचुण्ड रत्नधारि श्रीधर शीख प्रतिभास शीरइन्द्र धनुषी इन्द्रध्वाज इन्द्रस्तम्भ जम्भुध्वाज मंगलवान महामण्डल महाहस्तागमनि नक्षत्रवर्ण चन्द्रतेज बिमतिश्री चन्द्रदर्शन सुदर्शन सुदृढ मणिकण्ठ मेघोदय वर्षाधिर प्रमर्दिन बिमर्दनी बिस्फुर्जित महाफण गम्भीरघोष महाघोष बिशब्ददत्त उत्पल महाशुर इशाधर बिचित्रसेन महापाश एलपत्र समन्त आलोक कर्कषकर्ण शंख थर्कावान उपथर्कावान शंकर हस्तगामी महाहस्तगामी महागन्ध उड्यान अभुस लम्बुक किटवास कृष्ण इन्द्रसेन नर्कट उपनर्कट

शंखधारी द्रविड प्रसुन्दर हस्ती नासिक तिक्षण कपिल विद्युतज्वल महाविद्युतप्रभ बलदेव उदकबल सद्आवरण अमृतवान तीर्थिक वैडुर्य प्रभाकर सुवर्णपट सुवर्णप्रभास चन्द्रध्वाजप्रभ सूर्यप्रभ उदयन गौशीर स्वेत कृष्ण याम कुशलनय मेण्डक हंसतेज निमिन्धर धरणिधर सहस्रशिरा मणिचुँड अमोघदर्शन महामेघ भद्रसेन भूमिपाल मनुदत्त प्रदर्मन प्रियोदय मकर कुम्भीर मुख जम्भल शीघ्रक्षत्र पद्मक पुच्छखाला प्रलम्बक भैरव तेजसुन्दर पञ्चशीर बललीर रथजीत गुरु केतु महाशीरा पिंबिक बितर शीघ्रगामि त्रिशिर महातेज नर्कदत्त तर्सनी प्रभज्वाला सप्तशीर महाद्रोण प्रियदर्शी महाप्रचण्ड विमल तेजस्वी भद्रनेत्र महाउग्र अर्चिष्पुञ्ज चण्ड उग्रक्रोधी रत्ननीरदत्त उदकदत्त महामेघ इन्द्रप्रभ पादसेवन मेघचन्द्र मेघसागर पुष्पमहागन्ध कौमुदी सम्भव रत्नचक्षु महाकेतुध्वाज महामेघगर्भ हिमवत श्रीगर्भ मेघशुरा रात्रीधर उदकदत्त महाउदकदत्त अग्नितेजसम मेघेश्वरराज अक्रोध भुमिकलश श्रीजलधर मेघक्षेत्र अङ्गिरमुहार तेजस्वी मेघप्रकट अनन्त पादबन्ध सुन्दरभेष महाकाय भोगोदर शान्तशुर कनकवतिशुर परमवीर्य विषवान मधुरस्वर अमृतगर्भ महाप्रवर्षक बिचलगर्जन मृदंगनाद अमृतधारा आनन्दित गर्जनक वीरसेन नारायण नदीसागर नागराजबक्र आदि त्यहाँ भेला भएका थिए।

त्यसबेला नागराजहरूको सम्पूर्ण परिषद आसनबाट उठी उत्तरासँगलाई एकांशगरी दाहिने घुँडाले भुइँमा टेकेर भगवान जहाँ बिराजमान हुनुहुन्थ्यो त्यसतर्फ अञ्जलिबद्धभई गुरुप्रति

श्रद्धाका साथ ठुलो मान सत्कार गर्दै पुष्प धूप माला सुगन्ध लेपन चूर्ण बस्त्र छत्र ध्वाज पतङ्ग पटदम बाद्यवादन झयाम्टी ठुलो आकारको मुजुर गीत रत्नपुष्प मोतिको माला नाग पुष्प मोतिको जाली आदि बिभिन्न किसिमका सुन्दर सामग्रीहरू भगवानमा चढाएर परिक्रमा गरी एक छेउमा बसेर प्रणिधान गरे।

सागर समान काय, सागर समान लोकधातु सम्पूर्णका परमाणु समानका अणुले, सागर समान बुद्ध र बोधिसत्वको परिषद सबै सागर समान अनन्त लोकधातु सबै पृथ्वी, जल, अग्नि, वायु सबैमा रहेको परमाणुहरूको रुपमा देखिएको सबै परमाणुहरू भन्दा पनि प्रत्येक परमाणुमा पनि सागर समान कायिक मेघसागरको सबै गन्तिबाट पूर्ण पारभइ अतुलनीय भएको प्रत्येक शरीरमा पनि मेघको सागर समानका सबै दिशामा अभिमुखभइ अधिष्ठान गरी, बुद्ध र बोधिसत्व सबैमा पूजा गरे।

चन्द्र सूर्य सर्वनक्षेत्र परिवार मेघसागर नमः। भरिनेगरी अधिष्ठान गरेको बोधिसत्व मेघसागर नमः। आलोकित रत्नको वर्षा गरिदिने मेघसागर नमः। सर्वआलोकित गर्ने मणिराज मेघसागर नमः मोतिद्वारा बिभुषित कुटागार मेघसागर नमः। इन्द्रनीलबाट बनेको सिंहासन मेघसागर नमः। प्रज्ज्वलित पद्मगर्भयुक्त सिंहासन मेघसागर नमः। सर्वव्युह आलोकित बृक्ष मेघसागर नमः। मेघमालाको रुपमा सजाइएको बृक्ष मेघसागर नमः। सर्वभेधनिधिले युक्त भएको बृक्ष मेघसागर नमः। रत्नज्योति बिदर्शित मण्डलको बृक्ष मेघसागर नमः। चन्दनको

चूर्णको रुपमा दर्शाउने बृक्ष मेघसागर नमः । रत्नपद्मबाट बनेको सिंहासन मेघसागर नमः । शब्दरत्नबाट उद्भवभइ बनेको सिंहासन मेघसागर नमः । ज्योतिको मालाबाट बनेको सिंहासन मेघसागर नमः । मणिराज आलोकित सारयुक्त सिंहासन मेघसागर नमः । सर्वरत्नबाट बनेको सिंहासन मेघसागर नमः । मणिरत्न राजबाट बनेको सिंहासन मेघसागर नमः । रत्नमणिको डाँठबाट बनेको सिंहासन मेघसागर नमः । रत्नराजबाट बनेको प्रासाद मेघसागर नमः । पुष्पव्युह सम्पूर्णबाट बनेको चन्दुवा मेघसागर नमः । सर्वबस्त्रको ज्योति प्रस्फुटित मेघसागर नमः । रत्नप्रभासित भएको दीपको चन्दुवा मेघसागर नमः । तथागत बुद्ध र बोधिसत्वहरूको मेघसागर नमः ।

त्यस समय नागाधिपति छत्रानुपराज आफ्नो आसनबाट उठी एकांशगरी दाँया घुँडा भुइमा टेकी, जहाँ भगवान बिराजमान हुनुभएको थियो त्यसतर्फ अञ्जलीबद्ध भएर भगवानलाई यस्तो बिन्ति गरे । यदि सोधे बमोजिम उत्तर पाउने हो भने, तथागत सम्यक संबुद्धमा प्रश्न सोध्ने छु, बिन्ति गरे ।

'हे नागाधिपति,' जे जे सोध्न चाहन्छौ सोध । तिम्रो प्रश्नको उत्तर दिएर खुशि पार्ने छु, भने पछि नागाधिपति अनन्त सेवक मेघसागर व्यूहले यस्तो बिन्ति गरे ।

'हे भगवान,' नागहरूको समस्या समधान कसरी गर्न सकिएला ? समस्या समधान भयो भने, सबै नागहरू सुखले

युक्त हुने छन् । यस जम्बुद्वीपमा समय अनुकुल वर्षा हुने छन् । ढलेको घाँसपात र रुखहरू सबै औषधि हुने छन् । सबै प्रकारका अन्नहरू उत्पादन हुने छन् । जसले गर्दा, जम्बुद्वीपका मानिसहरू सुखी हुने छन्, भने ।

'हे नागाधिपति,' तिमीले संपूर्ण प्राणीको हित र सुखको लागि सोध्यौ । तथागतलाई यस्तो प्रश्न सोध्ने चित्त गरेकोमा साधुवाद ! तिमीलाई महत्त्वपूर्ण कुरा बताउने छु । राम्ररी सुनेर मनमा राख ।

'हे नागाधिपति,' मैत्री भावनामा रहेका देवता र मनुष्यलाई आगोले डढ्ने छैन । हतियारले छुने छैन । पानीले बगाउने छैन । विषले छुने छैन । परसैन्यले दबाउने छैन । सुख पूर्वक निदाउने छन् । सुख पूर्वक व्यूँझने छन् । आफ्नै पुण्यले पूर्ण रुपमा सुरक्षित हुनेछ । महापुण्यको तेजले तेजस्वी हुनेछ । देव सहित लोकले दबाउने छैन् । हेर्दा सुन्दर लाग्ने छ । आनन्दित हुनेछ । जगतमा कुनै बाधा हुने छैन । सबै दुःखको अन्त भएर प्रमुदित हुने छन् । यस धर्मलाई बोध गरेका मानिसहरू मरे पछि बुद्धक्षेत्रमा जन्मने छन् ।

'हे नागाधिपति,' त्यसैले सधै मैत्रीले युक्तभइ मन, बचन र शरीरलाई सन्तुलनमा राख्नु पर्छ । म अरुपनि सुख प्रदायक धारणीहरू बताउने छु राम्ररी सुन–

**तद्याथ धारणी उत्तारणी संप्रतिष्ठिते विजयवर्न सत्यप्रतिज्ञ ज्ञानवति उद्देपादनि विनामनि अभिषेचनि अभिव्यहार शुभवति अजिमतु एहिकुम्वलन वहहार क्लेशान धनपापं शोधय मार्गनं निरतिकं धर्मतं शुद्धलोकवि तिर्मिचस दु:ख शमन् सर्वबुद्ध अवलोकनं अधिष्ठिते प्रज्ञाज्ञानवि स्वाहा ।**

'हे नागाधिपति,' यो धारणी सर्वअर्थसिद्ध गर्ने मन्त्र हो । धर्मकायमा प्रविष्ट गर्ने हो । सबै बुद्धले अधिष्ठान गरिएको धारणी मन्त्र हो । यसलाई ग्रहण गरी बाचन गर र गराउ । अरु पनि मेघ कुलबाट उत्पन्नभइ अधिष्ठान भएको व्यूह तेजस्वी गर्भ निर्मितभइ आलोकित भएको ज्ञानकेतुको जलधारा युक्त मेघमण्डल, सुवर्ण प्रभ बैरोचनको केशको टुप्पोको एक अंशबाट उत्पन्न भएको थर र कुलको तथागतहरूको नाम ग्रहण गर्नु पर्छ । त्यसबाट सबै नागराज सहित नाग जातिको नाम, थर, वंश, उपबंश, जन्मस्थान, नागकन्या र सबै नाग सेवकको सम्पूर्ण दु:ख अन्त हुने छन् । सुख र आनन्दको भोग बिलास प्राप्त हुने छन् । नाग सम्राज्यको समृद्धि हुने छन् ।

**'हे नागाधिपति,' तथागतहरूको नाम यस प्रकार रहेका छन् । उनीहरूको नामोचरण गरी हवन गर्दा, उपयुक्त हुने छन् ।**

तथागत गर्भे बैरोचन महामेघ स्वाहा । तथागत नागगोत्रोत्पत्ति महामेघ स्वाहा । तथागत सहस्रजलधारी महामेघ स्वाहा । तथागत श्रीयुक्त तेजस्वी महामेघ स्वाहा । तथागत स्वर्ण रत्नसंभव महामेघ स्वाहा । तथागत अमित गगन महामेघ

स्वाहा । तथागत दीप प्रज्वलगण महामेघ स्वाहा । तथागत महावीर पराक्रम महामेघ स्वाहा । तथागत सुन्दर रुद्रमणि महामेघ स्वाहा । तथागत महाज्योति प्रभर महामेघ स्वाहा । तथागत मेघसिंह ध्वाज महामेघ स्वाहा । तथागत छत्रध्वाज प्रबर महामेघ स्वाहा । तथागत सुन्दर दृष्टि महामेघ स्वाहा । तथागत महामुनि व्याप्त महामेघ स्वाहा । तथागत शब्दघोष प्रनाद महामेघ स्वाहा । तथागत शीतलदय प्रमर्दनि महामेघ स्वाहा । तथागत सर्वगङ्गा जलधारा महामेघ स्वाहा । तथागत बलमेघ रुपवीर महामेघ स्वाहा । तथागत समन्त मेघदर्शन महामेघ स्वाहा । तथागत महावैपुल्य ध्वाज महामेघ स्वाहा । तथागत मेघ झरना महामेघ स्वाहा । तथागत मेघानुरुप सुघोष महामेघ स्वाहा । तथागत अग्रमेघ अनुरुप महामेघ स्वाहा । तथागत मेघानुरुप वस्त्रवासी महामेघ स्वाहा । तथागत मेघिय शस्यसंभव महामेघ स्वाहा । तथागत जितेन्द्र जिमुत महामेघ स्वाहा । तथागत त्रिरत्न बिपुलराज महामेघ स्वाहा । तथागत उत्पल महाकेतु महामेघ स्वाहा । तथागत रत्नधूपकाय महामेघ स्वाहा । तथागत आर्यधुम्रकेतु महामेघ स्वाहा । तथागत महारत्न मेघेश्वर महामेघ स्वाहा । तथागत रत्नप्रभाकर महामेघ स्वाहा । तथागत चित्तदत्त महापाल महामेघ स्वाहा । तथागत नुरुप महामणि महामेघ स्वाहा । तथागत मेघानुरुप प्रमर्दनि महामेघ स्वाहा । तथागत मेघ सरितज महामेघ स्वाहा । तथागत मेघ समाज महामेघ स्वाहा । तथागत अशनि प्रमर्दनि महामेघ स्वाहा । तथागत

आकाश घोष महामेघ स्वाहा। तथागत घोषपद्धत्त महामेघ स्वाहा। तथागत वर्षा उपादक महामेघ स्वाहा। तथागत सिद्ध तेजस्वीमान महामेघ स्वाहा। तथागत षड्रस सम्पन्न महामेघ स्वाहा। तथागत सर्वजल सिंचन महामेघ स्वाहा। तथागत पूर्णसागर महामेघ स्वाहा। तथागत अनन्त रुपराज महामेघ स्वाहा। तथागत मेघस्थान निवास महामेघ स्वाहा। तथागत मेघसमाज महामेघ स्वाहा। तथागत महामेघ गर्जन महामेघ स्वाहा। तथागत समन्त मेघवरण महामेघ स्वाहा। तथागत बायुमण्डल प्रमर्दनि महामेघ स्वाहा। तथागत महामेघ समूह महामेघ स्वाहा। तथागत महामेघ मण्डल महामेघ स्वाहा। **ॐ तथागत अहर्त सम्यक संबुद्ध प्रतिपन्न जंबुमेघ तेजस्वी श्रीप्रभाकर ज्योर्तिवान सर्वमहामेघ स्वाहा। सर्वतथागतये महामेघ उत्पन्न आह्वानये स्वाहा। ॐ अर्धम् पुष्पम् धूपम् दीपम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।**

'हे नागाधिपति,' तथागतका यी नामहरू उच्चारण गरी हवन गर्नाले महामेघ उत्पन्न हुनाका साथै नागहरूका सबै पीडा अन्त हुने छन्। सुख र आनन्दले सम्पन्न हुने छन्। यस जम्बुद्वीपमा समय अनुकुल वर्षा हुनेछ। घाँसपात र ढलेको रुखहरू सबै हुर्केर आउने छन्। घना हुने छन्। यसबाट सबै नागहरू सुरक्षित हुने छन्।

'हे भगवान,' भविष्यमा यस जम्बुद्वीपमा वर्षा नहुँदा, उक्त बताइएको सूत्र बाचन गरेमा मुसलधारे वर्षा होस् । भयावह, बिपत्ति उत्पन्न हुने कालमा, धर्ममा नलाग्नाले प्राणीहरू, महामारी रोग आएको समयमा, बिपद उत्पन्न हुने बेलामा, रोग र मृत्यु कालमा नराम्रो नक्षत्रको उपस्थिति रहेको कालमा, महामारी रोग, हिंसा र आपत्ति सबै शान्त पारिदिने त्यस प्रकारको धारणीको गुह्य मन्त्रको मूल सूत्रहरू बताइदिनु होस् । बुद्धको अधिष्ठानले अधिष्ठित गरिदिनु होस् । यसबाट सबै नागहरूलाई राम्ररी प्रेरित गर्न सकोस् । सबै देवताहरूलाई आनन्द पार्न सकोस् । सबै मारलाई बिनाश गर्न सकोस् । प्राणीहरू भयबाट मुक्त होस्, भनि नागाधिपतिले बिन्ति गरे ।

'हे नागाधिपति,' तिमीले सर्वप्राणीको हितको निम्ति, तथागतलाई बिन्ति गरेकोमा साधुवाद । सर्वसत्वार्थ, हित र सुखको लागि बुद्धहरू र बोधिसत्वहरूले अधिष्ठान गरी अनुमोदन गरेको धारणीलाई बताउँछु ।

त्यसले वर्षाको अभाव हुँदा पानी पार्ने छ । अधिक वर्षा भएमा रोकिदिने छ । मृत्युको आपत्तिलाई शान्त गर्ने छ । सबै देवतामा सुख पैदा गर्ने छन् । सबै मारलाई बिनाश गर्ने छन् । सबै प्राणीलाई सुखले सम्पन्न पार्ने छन् ।

**तद्याथ महाज्ञान अवभासनि श्रीतेजोलक्ष्मी विक्रम बज्रसहतने परं विराज निर्मल गुणकेतु सूर्यप्रभे विमलाङ्गयष्टि**

**भरभर संभर संभर दुदुँव हन्हन् महाप्रभे विद्युत महामोह अन्धकारे प्रज्ञाशुद्धे परिपूर्णमैत्रे मैत्रीवीरमण स्कन्ध मैत्रेय बुद्वये ज्वलज्वल ज्वालं बुद्वये बोध्यंग कुसुमे दशबले चतुर वैशारद्ये अष्टादश आवेणिक बुद्धधर्मे शुभमति पुण्येराशि शुक्लधर्म समन्विते गम्भिरे विरजस्के विमलो विशेष प्रवते निराप्रभे धर्मे सर्वलोक ज्येष्ठ परप्रवरे अनुत्तरे असँगे धरधर धिरिधिरि धुरुधुरु शान्तमते शान्तमते चरचर चिरिचिरि चुरुचुरु परं बुद्धानुष्मते महाप्रज्ञापारमिते स्वाहा ।**

तथागत बैरोचनमा बन्दना। बुद्ध र बोधिसत्वहरूमा बन्दना। यस जम्बुद्वीपमा वर्षा गराउनको लागि सम्पूर्ण नागहरूको सार पाठ गर । बुद्ध र बोधिसत्वहरूको सत्यले वर्षा गराउन बाधा गर्ने पाँच किसिमका बाधाहरू हटेर जाओस् । **तद्याथ सरसर सिरिसिरि सुरुसुरु नागानं जबजब जिबिजिबि जुबुजुबु चरचर चिरिचिरि चुरुचुरु बरबर बिरिबिरि बुरुबुरु मैत्रेय चित्तकरुणा चित्तप्रमुदित चित्तउपेक्षा चित्त भरभर भिरिभिरि भुरुभुरु घडघड घिडिघिडि घुडुघुडु तटतट तिटितिटि तुटुतुटु कलकल किलिकिलि कुलुकुलु रलरल रिलिरिलि रुलुरुलु घमघम घिमिघिमि घुमुघुमु स्वाहा। ॐ नरनर निरिनिरि नुरुनुरु स्वाहा। गटगट गिटिगिटि गुटुगुटु शरशर शिरिशिरि शुरुशुरु स्वाहा।** शक्रदेवको सत्यले यहाँ जम्बुद्वीपमा वर्षा गराउ। चतुर महाराजाको सत्यले यहाँ जम्बुद्वीपमा वर्षा गराउ । अष्टमहानागहरूको सत्यले यहाँ जम्बुद्वीपमा वर्षा गराउ । श्रोतापन्नहरूको सत्यले

यहाँ जम्बुद्वीपमा वर्षा गराउ । सकृदागामीहरूको सत्यले यहाँ जम्बुद्वीपमा वर्षा गराउ । अनागामीहरूको सत्यले यहाँ जम्बुद्वीपमा वर्षा गराउ । अहर्तहरूको सत्यले यहाँ जम्बुद्वीपमा वर्षा गराउ । प्रत्येक बुद्धको सत्यले यहाँ जम्बुद्वीपमा वर्षा गराउ । बुद्ध र बोधिसत्वहरूको सत्यले यहाँ जम्बुद्वीपमा वर्षा गराउ । तथागतहरूको सत्य र अधिष्ठानले यहाँ जम्बुद्वीपमा वर्षा गराउ । देवताहरूको सत्यले सबै आपद बिपदहरू शान्त भएर जावस् । यक्षहरूको सत्यले सम्पूर्ण प्राणीहरूको सुरक्षा होस् । गन्दर्भहरूको सत्यले सबै प्रकोप र बिपदहरू भष्म होस् । असुरहरूको सत्यले सबै नक्षत्रको दोष निवारण होस् । गरुडहरूको सत्यले सम्पूर्ण नागहरू सुरक्षित होस् । सबै नागहरूको सत्यले जम्बुद्वीपमा राम्रो वर्षा होस् । गरुड र नागको मैत्रिले यहाँ जम्बुद्वीपमा महावर्षा होस् । किन्नरहरूको सत्यले सम्पूर्ण पापहरू नष्ट होस् । ब्रह्माण्डमा सम्पूर्ण प्राणीहरू सुखि रहुन् । महारोगहरूको सत्यले निरन्तर वर्ष होस् । मानिसहरूको सत्यले मानव जातिको सुरक्षा होस् । पानी पार्ने पाँच प्रकारका बाधाहरूलाई पकडि राखा स्वाहा ।

**तद्याथ करकर किरिकिरि कुरुकुरु दरदर दिरिदिरि दुरुदुरु नटनट निटिनिटि नुटुनुटु मेघकाल मेघस्रोत मेघनाद मेघविश्राम मेघ मुकुट मेघमाली मेघविभूषणा मेघबहना मेघनिवासिनी मेघगर्भ मेघ जटाधारी मेघप्रभा मेघसेवीका मेघवैपुलवासी पूजार्थ मेघधारीस्य अनाज ल्याउने पर्वत कन्दरवासी नागमाता**

**भगवती स्वाहा। श्रीमद् महामेघ नक्षत्रवर्ण शीतल स्पर्श महाभय गोचारी महानाग विक्रीडिता भगवती स्वाहा । तथागतको अधिष्ठानद्वारा यस जम्बुद्वीपमा वर्षा गराइदेउ । ऊँ घरघर घिरिघिरि घुरुघुरु घिरिनि घुमघुम घुमरी नौशिर भएको महामेघमालि विद्युतगण मालिनी सर्वभुजं गंधरी मेघानुरुप वस्त्रधारिनी सर्वउग्र विषगोत्री स्वाहा । मेघव्यूह आरोहिनी मेघगर्जन नादगर्जन नागगण प्रेरित देवीमहामेघ मालिनी स्वाहा ।** सबै तथागतहरूको अधिष्ठानद्वारा यस जम्बुद्वीपमा आवश्यकता भए अनुसार वर्षा गराइदेउ ।

**ऊँ यरयर यिरियिरि युरुयुरु जरजर जिरिजिरि जुरुजुरु झरझर गुडुगुडु गडगड गिडिगिडि हरहर हिलिहिलि मुलुमुलु तलतल तिलितिलि तुलुतुलु हनहन दहदह पचपच गृण्हगृण्ह मर्दमर्द प्रमर्द प्रवर शविघ्यानं मैत्रेय ज्ञापयति स्वाहा। बुद्धे बुबुद्धे हरपापं सर्व सत्वानं अधिष्ठिय पुण्यम् सर्वबुद्धनं धरिनिधरे शुभमाते गुणाग्र प्रापणे महाज्ञानो लगे शुक्लधर्मे सद्यपतिज्ञे महायनधुष्ठि त्रैलोक ज्येष्ठी भगवती बुद्धमैत्री अपुरय सर्वक्षेत्रनी शुक्ले श्वेतं वरदरे पण्डरवासिनी धुधुरे धुधुरु शमशम शान्त मनसे स्वाहा।** त्रिकालका सर्व तथागतको सत्य र मैत्री चित्तले यस जम्बुद्वीपमा समयमै वर्षा गराउ ।

**ऊँ नागेनागे महानागे घोर मनसे नाग हृदय धुमाकुले उग्रो रोषे प्रचण्ड तेजे बिषोग्रे अषेविषे अहिघौरे कृष्ण पिंगले चञ्चले**

**लोलजिहे महाफणकरे कलापाशे रौद्रवासेनी डुडुम्वे घनघन शिकिनि कनकन गणगण महागण गणिपरपर पिरिपिरि पुरुपुरु विस्फुर्जनी भुरुभुरु महाभोगे मणिधरि फिरिफिरि फुरुफुरु फरफर वर्षा जलाम्वुदरे शम्वु शम्वु बततु टुममे धुंधुं धुंधुंवे मेघप्रभे मेघघहिनि ढकढक ढुढुम्वे घन घन शिकिनि कनकन गणगण महानागगणे निरात्रन्तु बज्रदरकरि महानाधिदय घुमघुम घुमप यास्तिका जांगिरि भुजंगमे विकट संकटे गोरि विस्फुर्जनि विजृम्भने स्वाहा।** बुद्ध र बोधिसत्वहरूको अधिष्ठान, सत्य एवं मैत्री चित्तले यस जम्बुद्वीपमा वर्षा गराइदेउ।

**नमः सर्वबुद्धेभ्यः सिद्वयन्तु मन्त्र पदानि स्वाहा ।** यदि ठुलो वर्षा गराउन चाहेमा खुला भएको पवित्र स्थानमा नीलो चन्दुवा टांग। नीलो झण्डा फहराउ। धर्म बाचकले स्नान गरी अष्टशीलमा रही शाकाहारी भोजन उत्तम हुनेछ। बाचकले पूर्वपट्टि मुखगरी तथागतहरूको बन्दना गर। यो आर्य मेघ बर्साउने धारणी सूत्रलाई अखण्ड रुपमा दिन रात पाठ गर। बली वा तोर्माहरू आफ्नो गुरुकुल परम्परा अनुसार राख्नु। त्यहाँ उपस्थित सबैले भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे। मेघ बर्साउने धारणी सूत्र समाप्त भयो। ॐ अर्घम् पुष्पम् धूपम् दीपम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

# ५१. (१८) अन्नाबाली सुरक्षा धारणी सूत्रः

ॐ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

*बुद्ध र बोधिसत्वहरूमा बन्दना ।*

एक समय मैले यस्तो सुने– तथागत बुद्ध योगदोर नामक महानगरमा बिराजमान हुनुहुन्थ्यो । तक्षक सहितको नाग परिषदको महासभामा नागगण देवता र मनुष्यको परिषदमा प्राणीहरूको परम् हित हुने, चिताएको र आशागरेको पूर्ण गरिदिने तथा कुशल हुने धर्मको देशना गर्नुभयो ।

त्यस नगरमा सम्पत्ति उपभोग्य बस्तु र धेरै द्रव्य सामग्रीहरूले सम्पन्न भएको, वेदांगमा पारंगत भएका विष्णुदत्त नामक सिद्ध ब्राह्मण थियो । ब्राम्हणको अनाज पाक्ने बेलामा पानी नपर्ने अनुकुल हुने मन्त्र अभिमानका साथ उच्चारण गरेर यस प्रकार मैले पानीको वर्षा गराई नागलाई आमन्त्रित गर्छु भने ।

उनले आगोमा हवन गर्ने तयारी गरेर तील, गहुँ, जौ, सर्स्युँ, घ्यू र नुन मिसाएर हवन गर्‍यो । त्यसपछि एउटा दुष्ट नागको आकृति बनाएर उसले फलामको किलमा मन्त्र जपेर

नागको शीरमा मन्त्रले छेडिदियो । त्यस नागको शीर फाटेकोले भयानक दुःख वेदना भोग्नु पऱ्यो । नाग पनि अत्यन्तै क्रोधितभई क्षणभर मै त्यहाँ आइ आफ्नो शरीरबाट चारैतिर व्याप्त हुने बेग उत्पन्न गरी उत्पाद मच्चाएकोले त्यस बिपतले गर्दा, ब्राम्हणको अन्नाबाली सखाप पारिदियो । अचानक ठुलो वर्षाको धार वर्षाइ दिएकोले ब्राह्मण अनाथ भए । ब्राह्मण अत्तिएर हवन कार्यलाई त्यागेर, शरण लिने आश्रयले तथागत भएको ठाउँमा गइ चरणमा बन्दना गरी, बिन्ति गरे ।

'हे भगवान,' रिसालु नागले मेरो प्राण लिन आँट्यो । म अनाथ भएँ । मलाई शरण दिनुहोस् भनि बिलाप गरे ।

'हे ब्राह्मण,' तिमी नडराउ । तिमीलाई शरण दिने छु । तिम्रो सहारा बन्ने छु, भन्नु भयो, तर चुपचाप बस्यो ।

'हे भगवान,' अवलोकन गर्नुहोस् । दुष्ट नागले अनाजलाई नष्ट पारिदिएका छन् । तथागत परिनिर्वाण भए पछि, भविष्यमा प्राणीहरूको आश्रय को हुने ? अनाज बचाउनको लागि, बिउ सुरक्षित रहन आवश्यक हुन्छ । यस्तो उपद्रव गर्ने दुष्ट नागलाई रोक्ने उपाय बताइदिनु होस्, यक्ष सेनापति बज्रपाणिले पनि बिन्ति गरे ।

'हे बज्रपाणि,' क्रोधी नागको क्रोध शान्त गर्ने अन्नाबाली सुरक्षा गर्ने हृदय नाम धारणी अतीतका तथागत अर्हत सम्यक सम्बुद्धले बताउनु भएको जो छ, मैले पनि त्यही अनुसार

बताउने छु। यस्तो बिपदहरू रोक्नको लागि वा अनाज सुरक्षित गर्नुको लागि आगोको राशीद्वारा सबै दिशातिर नागहरूलाई सीमा बाँध्नु पर्छ। अनाज, फलफूल सबैको रक्षा हुने छन्। दुष्ट नागहरूले हानि गर्न सक्ने छैन्। तिमीसँग मिल्न आउने छ, भनि तथागतले घारणीको सार यस प्रकार बताउनु भयो।

**ऊँ ज्वलज्वल गिरीवभनि दीप्तवेग महावदे भगवते महाचण्ड हृदय सलनी हुरुहुरु हरहर दहदह पचपच सर्वसस्य (अनाज) नाशय नागकुल वंशन धरधर प्रसर चण्डवेग महाबल पराक्रम स्फुरित रौद्र वक्त्र मथमथ प्रज्वल माला धारणी चण्ड वेगवती प्रपर विमन धारणी हुँहुँ बलवति वेगवती सरसर विसर विसर सरन्ति सर्वसद्रिस्यन नाम द्रिवनय द्रिपुय फट् स्वाहा। द्रसन्धारणी अपसर्वन्तु सर्वनाग सर्वभवानी वगत वेगपति हुँहुँ फट् स्वाहा। नाग विसरणि फट्। ज्वल मालिनि फट्। ज्वल मालिनि फट् फट् स्वाहा।**

भगवानले सम्पूर्ण नागहरू तथा दुष्टनागहरूको कुलमा यो विद्या बताउनकासाथ सबै नाग सपरिवारको टाउको दुःख्ने र शरीर सडेर पीप बगी दुर्गन्धित भएर जाने भयानक बिद्यामन्त्र बताउनु भयो।

'हे भगवान,' देव, असुर, मनुष्य, यक्ष, गन्दर्भ, किन्नार, गरुड सबैले नाग जातिलाई हेप्छन्, कुटछन्, बाँध्छन्, निष्कासन गर्छन्। त्यसबेला रिसाएका दुष्ट नागहरूले अनाज र फलफुलहरूलाई नष्ट पार्छन्। असिना बर्साउँछन्। बाफ, हुरी,

बतासले धेरै वर्षा गराउने वा नगराउने, प्रतिकूल समयमा ठुलो वर्षा गराइदिने गर्छन् ।

'हे भगवान,' उप्रान्त यो विद्याधरद्वारा मन्त्र बाचन गर्दा, मैत्री चित्तमा रहेर, मैत्रीको कवच लगाएर, मैत्रीको तरवार हातमा लिएर मैत्रीद्वारा नै सबै आपतलाई शान्त पारुन् । आज उप्रान्त, तथागतको सम्मुखमा रहेर हामी संकल्प गर्छौं कि, नाग परिवारले बिना कारण कुनै आक्रमण गर्ने छैन । यो धारणी मन्त्रको पूर्ण रुपमा पालन गर्ने छ । परित्राण गर्ने छ । धागो टांगिने छ । सीमा बाँधिने छ । मण्डलभूमि कोरिने छ । अनाज, फलफूल सबैको संरक्षण गर्ने छौं । परित्राण गर्ने छौं । चोर, कपटि, जंगली जनावर, चराहरूबाट पनि संरक्षण गर्ने छौं भनि बचन दिए ।

त्यसपछि भगवानले नागाधिपतिहरूलाई त्यस्तै काल्याणकारी कामहरू गर्दै जानु भनी साधुवाद दिनु भयो । तिमीहरूले जम्बुद्वीपको सुरक्षा गर । कुशल कर्म गर भनेर बताउनु पर्छ । कसैले अनाजलाई हानी पुऱ्याएमा, त्यसबेला विद्याधारले खेतको बीचमा गएर वा घरको छतमा गएर वा अग्लो ठाउँमा गएर चार कोणको मण्डल बनाएर चारै दिशामा पूर्ण कलश राखी । फूललाई मसिनो पारेर छर्कने ।

सातवटा घुमाउरो आकारको आकृति बनाउने । भातबाट सात वटा आकृति बनाएर सातपटक घुमाउने । प्रत्येक प्रतीमामा २१/२१ पल्ट धारणी मन्त्र जप्ने । भात र खीर मिसाएर दही

र दुध फलफूल राख्नु । चारै दिशामा घण्टि राख्नु । कमलको फूलको आकारको खाद्य पदार्थबाट बनाएको पहिलेको जस्तै ४ वटा तोर्मा राख्नु । मण्डलको बीच भागमा ठुलो कलश राख्नु । पञ्च गव्य, पानी र दुधले भरेर राख्नु । सर्स्यूँ र भुजा हाल्नु । मन्त्रलाई ६० पटक जप गर्नु । जप्ने स्थानमा चाहि ४ वटा खयरको किल तथा एउटा फलामको किल बनाउने । ती सबै आठ अंगुली लम्बाईको बनाउने । खैरो गाईको गोबरबाट ४ वटा नागको स्वरुप बनाई मण्डलको ४ कोणमा राख्ने । ती खयरका किलहरू पनि मुटुसम्म पस्ने गरी गाड्ने । मन्त्रलाई १०८ पटक जप गर्ने ।

पूर्व दिशामा सातशिरे नागलाई राख्ने । पश्चिम दिशामा आठ शिरे नागलाई राख्ने । दक्षिण दिशामा पाँचशिरे नागलाई राख्ने । उत्तर दिशामा तीन शिरे नागलाई राख्ने । मण्डलको बीच भागमा नौशिरे नागलाई राख्नु । प्रत्येक दिशामा एक एक गरी पाँचवटा धूपौरो राख्नु । सर्स्यूँ र भुजा मिसाएर २१ पल्ट जप गरी, चारै दिशामा छर्कने । यो धारणी लेखेर ध्वाजको टुप्पोमा झुण्डाइदिने । मण्डलको चारै दिशामा गाडिदिने । खेतको बिच भागमा पनि गाडिदिने । फुलबारीमा पनि गाडिदिने । त्यसलाई गाड्ना साथ तत्कालै चारै दिशामा महाअग्नीको पर्खालद्वारा सीमा बाँधिदिनु पर्छ । जबसम्म किललाई निकालिन्न तबसम्म सीमा बाँधिएको हुनुपर्छ । अनाज र फलफूल सबै राम्ररी सुरक्षित हुनेछ । सबै जातका प्राणी, जंगली जनावर र चराको

मुख बाँधिने छ। नष्ट गर्न सक्ने छैन। त्यो ठाउँमा हावा, बादल असिना, समय प्रतिकुल हावाले पनि नष्ट गर्न सक्ने छैन । नागले पनि नष्ट गर्न सक्ने छैन।

कलश भित्र रहेको पानीलाई पनि खेत, बाटिका, फुलबारीको चारैतिर छर्किदिने। सर्प, मुसा, न्याउरी मुसा, चरा चुरुंगी, भालु भ्यागुता, लामखुट्टे झिंगा, चराहरूले पनि हानी पुऱ्याउने छैन । सबै किराहरू हटेर जाने छन् । पुतली पनि उत्पन्न हुने छैन। उष्माबाट जन्मेको। उपपादुकबाट जन्मेको। अण्डाबाट जन्मेको सबै जीवले नोक्सान पुऱ्याउने छैन। हिलो र फूलबाट जन्मेका बिभिन्न प्रकारका जीवहरूले पनि किल्ला ननिकालुञ्जेलसम्म नोक्सान पुऱ्याउने छैन। सबै दोषहरू शान्त भएर जाने छन्। बालीनाली अनाज, फूल, फल सबै परिपूर्ण र स्वादिष्ट हुने छन्। बालुवामा २१ पल्ट जप गरेर बाली, फूल, पत्ता, रुखहरूमा छर्किदियो भने सबै किराहरू झर्ने छन्। खेतको चारै दिशामा शान्तिकर्म गरी जौ, गहुँ, तील, सर्स्यूँ, चामल र घ्यु मिसाएर हवन गऱ्यो भने बातावरण शान्त हुनेछ।

**नमो बुद्वय । ऊँ किलिमिलि चण्डे मेरिलि चण्डेचण्डे बन्धय स्वाहा।** त्यसपछि दोषप्रहाण नामक अगस्त महात्रृषिले यो धारणीलाई सुने पछि आसनबाट उठेर भगवानको चरण स्पर्श गरी यस्तो बिन्ति गरे।

'हे भगवान,' मैले नोक्सान पुऱ्याउने, हानी पुऱ्याउने मनसाय भएका विष धारण गरेका, फूल, अनाज, फल, बोट, जरोलाई

नष्ट गरिदिने जीवहरू सबैको मुख बाँधिदिन्छु । रोकिदिन्छु । खबरदारी गर्ने छु । यो धारणीको पाठ गर्ने छु, भनि बचन दिए ।

त्यसपछि महाऋषिहरूले भगवानको सम्मुखमा रही यसरी भने **नमो भगवते शाक्यराजये तथागतये नमो अगस्तये महाऋषिये तद्याथ क्षमिचुली चलचर होमिली बन्धनी नाशनि दहदह सुमुरी चसी सर्वदुष्टान बन्धनि तुण्ड बन्धनि सरसरणि क्षुक्षु मनिशुरी विसर सर हलीहुली हुतिहुति सरमणि सरन्तु सर्वपाप पानग क्षुधलि स्वाहा ।** महाऋषि अगस्तद्वारा भगवानको सम्मुखमा यो मन्त्रलाई उच्चारण गर्नासाथ नाग, यक्ष, गन्धर्भ, किन्नार, राक्षस, बिगार गर्ने मनसाय लिएका सबै घोप्टो परेर ढल्न पुगे ।

'हे भगवान,' हामीलाई ऋषिको श्राप लाग्यो । अब उप्रान्त जम्बुद्वीपको प्राणीहरूलाई हामीले हानी गर्ने छैनौं । अब उप्रान्त फल अनाज, फूल पत्तालाई नष्ट पार्ने छैनौं । त्यसपछि महाऋषिले बिधि बताए । पूर्वपट्टि मुख पारी रहेका ऋषिको विद्याको यो सारलाई मध्यम स्तरको अंखोरामा पानी भरेर १०८ पटक जप गरी चारै दिशामा छर्कनु । **ऊँ सरसर शपत पदम हृदय क्रोध अमुक वन्धय प्रणाचर सुमुरु चल स्वाहा ।** यो मन्त्र ७ पटक जप्नाले दुष्ट मन भएका प्राणीहरूलाई पीडित पार्ने छन् । त्यहाँ उपस्थित परिषद्‌ले भगवानको बचनलाई अनुभोदन गरी अभिनन्दन गरे । अन्नाबाली सुरक्षा धारणी सूत्र समाप्त भयो । ऊँ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्चामृत स्वाहा ।

## ५२. (१९) असिना तर्काउने धारणी सूत्रः

ॐ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । तथागत सर्बज्ञमा बन्दना ।

त्यसपछि ब्रह्मा, विष्णु, महादेव र चर्तुमहाराजले भगवानलाई तीन पटक परिक्रमा गरी बन्दना गरेर भने, 'हे तथागत,' हामीहरू जम्मा भएर दुष्ट नागहरूलाई हरण गर्ने, हुरी, बतास र असिना पार्ने बादललाई रोक्ने । फूल फल र अन्नलाई सम्पन्न गर्न असिना तर्काउने धारणी सूत्र बताउन गइरहेका छौं । तथागतले सवै प्राणीहरूको हितार्थ अधिष्ठान गर्नु होस् ।

'हे कुलपुत्रहरू,' मैले सबै प्राणीहरूको हितार्थ सम्पूर्ण आर्यहरूको सत्यको अधिष्ठान गरी सकेँ । तिमीहरूले बताउ भनी आज्ञा भयो । त्यसपछि ब्रह्मा विष्णु, महेश्वर र चतुर्महाराजले यो धारणी मन्त्र बाचन गरे ।

त्रिरत्नमा बन्दना । तथागत शाक्यमुनिमा बन्दना । तथागत अहर्त सम्यक सम्बुद्धमा बन्दना । महारौद्र बज्रधारमा बन्दना । अरुलाई दबाउन सक्ने शक्तिवानहरूमा बन्दना । त्रिलोक प्रमुखमा बन्दना । चतुर्महाराजमा बन्दना । **तद्याथ मथमथ प्रमथ ज्वलित विकृत बज्रजय महाबलेभ्योर वीर पराक्रम क्रोधराज प्रमभ**

**पुपुम प्रमश्वरे भोभो नागकन्या यसरमध प्रमधनधेन मुर्धानानं स्फोटयं हुँहुँ फट् स्वाहा । भरभर वर्णचक्र हाधनी भोवन नागेन्द्र मतिक्रमथ वर्णचक्रेण शिरचिन्तामणि हुँति हुँतिलि हुँ हुँ फट् स्वाहा। मुदुमुदु मुदान्तु सर्वदुष्टनं स्फोटय हृदय महेश्वर ज्वलित त्रिशुल धरधर हनहन हुँहुँ फट् स्वाहा। मुचमुचि दुदि पभपभे क्षणक्षणे चतुर्णान् महाराजनं ज्वलित शक्ति धरधर हुँ फट् स्वाहा। स्फुर विस्फुर चरबं चसर्व नाशय दुष्टं नागहृदय स्फोटय हुँहुँ फट् स्वाहा। दुष्टआशानि भुत्तमगश वीर्यज्वल भष्मं कुरु हुँहुँ फट् स्वाहा। समय मनुस्मरय हे नागाधिपति विचिन्तु भ्योभोय भोभो तु तितु हुँ हुँ फट् स्वाहा। बज्रअशनि नाशय हुँहुँ फट् स्वाहा। बज्रअशनि नाशय हुँहुँ फट् स्वाहा। सर्वनाग हृदयनि विस्फोट काल हुँ फट् स्वाहा। बुद्धविलोकिताये स्वाहा। ब्रह्मा विष्णु महेश्वरये त्रिशूल स्वाहा। चतुर्महाराज समधारये स्वाहा। विचगतिय फट् स्वाहा। ऊँ दिरि दिरि स्वाहा। ज्वालित बक्त्राय स्वाहा। जुतिजुति फट् स्वाहा।**

'हे तथागत,' हामीहरूलाई शरण दिनुहोस् । हामीलाई देवसहित लोकमा सबैले निन्दा गरेका छन् । हामी नागहरू अत्यन्तै क्रुर हुन पुग्यौं । भविष्यमा जम्बुद्वीपको प्राणीहरूलाई बिगार गर्ने छैन। मार्ने छैन। नराम्रो आँखाले समेत हेर्ने छैन भनी, नागराज सागर, नागराज छत्रानुरुप, नागराज महाशक्तिवान, महातेजवान महाक्रुर आदिले तथागतको चरणमा नमन गरी बन्दना गरे।

'हे तथागत,' उप्रान्त हामी नागहरूले फुल, फल, अनाज पात पतिङ्गर र हांगाहरू सबैको रक्षा गर्ने छौं । हुरी, बतास, आँधि र असिना सबै तर्काउने छौं । समय समयमा वर्षाको धारा पनि बर्षाउने छौं । आफ्नो इष्टदेवता र तथागतको समयलाई अनुसरण गर्ने छौं । सवै प्राणीको रक्षा गर्ने छौं । मनमा चिताएको परिपूर्ण गर्ने छौं । कसैलाई कनै किसिमको बिगार गर्ने छैनौं । यो विशेष गुणलाई उलङ्घन गरेमा हामीलाई सम्यक बोधि प्राप्त हुने छैन ।

**तद्याथ ऊँ तगिचगि घुलि घुलिमुलि शश गुगु शिति विरमति हयुहयु स्वाहा ।** ठुलो वर्षा हुनु वा नहुनु वा प्रतिकुल समयमा वर्षा हुनु, हुरी, बतास बादल, आँधी, असिना, चिसो बतास र प्रतिकुल समयको हुरी बतासले हन्दा वा चट्याङ्ले हान्दा, यो मन्त्रलाई लेखि घरको छानामा वा उच्च ठाउँमा वा पहाडमाथि भए पनि पूर्वपट्टि मुख पारेर ७ पटकसम्म ठुलो स्वरले जपेर सर्स्यूँमा ७ पटक जपेर माथितिर छर्किदियो भने, नागहरू टुक्राटुक्रा भएर जाने छन् ।

यो धारणीलाई घण्टी बजाएर २१ पल्ट जपेर, सर्स्यूँमा २१ पल्ट जपेर अति दृढताकासाथ छरेर सीमा बाँध्नु पर्छ । असिना तर्काउने धारणी मन्त्र १०८ पटक जपेर नागहरूलाई आह्वान गर । यो धारणीलाई एक पटक मात्र स्मरण गर्नाले पनि हुरी

बतास असिना र बादल बिस्तारै रोकिने छ। चट्याङ परे पनि पानी भएर झर्ने छ। जुन दिशातर्फ घुमाउछ, असिना त्यतैतिर सरेर जाने छ। बिहनीपख एकान्त ठाउँमा बसेर ३३ पटक यो मन्त्रलाई जप गरेमा हुरी, बतास, असिना, बादल समेत रोकिने छ। नागहरूले पनि कुनै हानी पुऱ्याउने छैन। सर्स्यूँमा मन्त्र जपेर चारै दिशामा छर्किदियो भने एक वर्षसम्म सीमा बाँधिने छ। हावा, हुरी र बादल पनि चल्ने छैन। आदेश दिएको सबै मानी रक्षा गर्ने छ। मन्त्रलाई २१ पल्ट जपेर घण्टि बजाएमा टाउको टुक्राटुक्रा भएर जमिनमा खस्ने छ। सवै आपत्तिको निवारण हुनेछ। बिधिपूर्वक पूजा गरेर स्तुति गर्दै स्पष्ट शब्दले पाठ गरी ४ दिशा, तल र माथि सर्स्युँ छर्किदिएमा असिना, हावा, हुरी र नागको बिगार बाँधिने छ। कुदृष्टि, अलक्षण, ग्रह, भूत पिशाच, यक्ष र राक्षस सबै बाँधिने छन्।

तथागतको शासनलाई हानी पुऱ्याउनेलाई घनावर्षा र घनघोर असिना वर्षाउने धारणीलाई बताउने छु। **तद्याथ एतेमेते प्रमेत्रित्र गोलेबोले बोयसे मोत्ते पद्ते खारत्ते खारणे गानागाने नागमुगने मोने प्रतिमोने कालिप्रकालि चण्डेमहाचण्डे प्रचण्डे बेगोसोन गोनमोहा प्रमोहा महामोटा प्रमोटा नाशनि प्रनाशनाधिपति बल्गाणि प्रबल्गाणि निद्याणि पानिठानि क्रोधनि प्रतिक्रोधनि हन्हन् बिहन बिहन सर्वदुष्ट प्रदुष्टं नाशये सर्वअभय प्रदै हुँ फट् स्वाहा।**

यो मन्त्रको उच्चारण गर्नाले सबै दिशामा कम्पन हुनेछ। राजीका नाम जडिबुटिलाई कालो तोरीमा मिसाएर नदी र पर्वतमा छर्कनु, वर्षा हुनेछ। नदी, समुद्र, कुवा, झरनामा, खुदो, मह दालचिनी, शक्खर, बिभिन्न किसिमका नाग औषधिलाई दुधमा, तीन पटक मन्त्र जपेर छर्कनु। त्यसो गर्नाले ठुलो असिनाको वर्षा हुनेछ। मनोजप गर्दै, बादललाई हेरेर नमस्कार गरी, जप गरेमा चिताए अनुसार घना असिनाको वर्षा हुनेछ। प्रज्ञावानले असिना बर्साउने र तर्काउने धारणीलाई धारणा गर। यो सूत्र अरुलाई प्रचार नगर। यो असाधारण मन्त्र हो। यसलाई प्रत्यक्ष नदेखिनेगरी लुकाएर राख। साधकले मन्त्रको गलत प्रयोग गरेमा परिणाम राम्रो हुने छैन।

यो अपराजिता उग्र धारणी मन्त्रको जप गर्नाले युद्ध वा बादबिवाद गर्ना जहाँ गए पनि सदा बिजय हुनेछ। यस मन्त्रलाई ध्वाजको टुप्पामा वा मूल ढोकाको शिरमा नदेखिने गरी झुन्डाएर राख्दा उपयुक्त हुनेछ। 'हे कुलपुत्र,' कुलपुत्री, भिक्षु, भिक्षुनी, श्रमण, श्रामणीका, आचार्य, कल्याणमित्र, उपासक र उपासिका जो कोहीले पनि तथागतको शासनलाई आपत्तिबाट रक्षा गर्नुको लागि यो धारणी मनमा राखी धारणा गर्ने प्रयास गर।

सय योजन परिमाणको चक्रवाल बाँधिने छ। रोग र बिगार गर्ने आसय लिएका परवादि शत्रुको बाधा व्यवधान सबै निवारण हुने छन्। अनाज फूल फल, रसिला पदार्थहरू

परिपक्क भएर उत्पादन बढने छन् । तथागत सम्यक सम्बुद्धले यति भन्नु भए पछि ब्रह्मा, विष्णु महेश्वर सहित त्यहाँ उपस्थित परिषद्ले भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे । असिना तर्काउने धारणी सूत्र समाप्त भयो । ऊँ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्चामृत स्वाहा ।

नोटः यो असिना बर्साउने र तर्काउने धारणी सूत्रको अभ्यास गर्न चाहनु हुने कुनै पनि साधकहरूले साधना गर्नु भन्दा, पहिले सूत्र र मन्त्रलाई राम्रोरी पढनु होला । सूत्र र मन्त्रको बिधान के छ भने शब्दको उच्चारण गर्दा, कुनै पनि शब्दको उच्चारण अशुद्ध हुन गयो भने, पूजापाठ र प्रतिष्ठाबाट कुनै पुण्य प्राप्त हुन सक्दैन । त्यसैले साधक वा बाचक जो कसैले पनि सूत्रमा उल्लेख गरिएको बिधि र बिधानहरूलाई पूर्णरुपमा पालन गर्दै, शुद्धसँग मन्त्रोचरण गर्न हुन प्रयत्न गर्नु होला । ऊँ बोधि मंगलम् ।

# ५३. (२०) आर्य शक्रदेव बिजय धारणी सूत्रः

ॐ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

बुद्ध, बोधिसत्वहरू, आर्य श्रावकहरू, प्रत्येक बुद्धहरू र त्रित्नमा बन्दना । दशौ दिशाका तथागत अहर्त सम्यक सम्बुद्ध नाम गरिएका अनन्त रुपमा व्याप्त अद्‌भूत बिशुद्ध हृदय हुनु भएकाहरूमा बन्दना । बोधिसत्व महासत्व आर्य अवलोकितेश्वर महाकरुणिक अभयदाता सम्पूर्ण दरिद्रताबाट रक्षा गर्ने सम्पूर्ण भयबाट मुक्त गर्ने । महामारी रोग सबै प्रकारका अपकारहरू नास गर्ने । प्रतिकूलता, बिबाद कलह, बिभेद सबैलाई शान्त गर्ने । सम्पूर्ण पापहरू नष्ट गर्ने । भूत, बेताल नराम्रो मरण, दुःस्वप्न तथा बिघ्नका बिनायक सबै नाश गर्ने । परसैन्य गणहरू, दूर्भिक्ष तथा सबै प्रकारका शोकको भयलाई निवारण गर्ने । सुर, असुर, मनुष्य, यक्ष, गन्दर्भ बिन्नर, नाग, गरुड, महोरग सबै आकर्षित गर्ने । विष, दादुरा, ठेउला, बिगार, कोखार्द नामक कुमन्त्र बेताल, अमंगलको भय सबै नाश गर्नेमा बन्दना । सम्पूर्ण बिगारलाई हटाउने, सम्पूर्ण पाप हरण गर्ने सम्पत्ति र अनाज बृद्धि गर्ने, मेरा पुत्रपौत्रहरू तथा सेवकहरूलाई यो प्रत्यंगिरा बताउँने छु ।

एक समय सुर र असुरको सँग्राम हुँदा, शक्रदेव इन्द्र असुर हरूबाट पराजित भए । त्यसपछि छिटोछिटो गरी लोकेन्द्रको सामु गए । पराजितका कारण मनमा अत्यन्तै डर लिएर यस्तो बिन्ति गरे ।

'हे लोकनाथ,' म असुरबाट पराजित भए । उप्रान्त मैले कसरी प्रयास गर्ने हो ? लोकनाथले मलाई दिव्य दृष्टिले नित्य हेर्नुहोस् । शक्रदेवको कुरा सुनेर लोकनाथले यस्तो आज्ञा भयो–

'हे देवेन्द्र,' मेरो कुरा सुन । मैले तिमीलाई सुरक्षा दिनेछु । अतीतमा लौकिक अवलोक्य लोकधातुमा तथागत अहर्त सम्यक सम्बुद्ध लोकेश्वरप्रभ मार्फत मेरो लागि कोटि तथागतहरूले बताउनु भएको चुडामणि नाम प्रत्यंगिरा ग्रहण गरेको थियो । जसले यो विद्यामन्त्र लेखेर आफ्नो शिरमा राख्छ, बाचन गर्छ, उनको सबै भय हट्नेछ । नित्य रक्षा गरी लुकाएर राख्न सके, युद्धमा जीत हुनेछ । दुःस्वप्न शान्त हुनेछ । पुण्य र मंगलको बृद्धि हुनेछ । ज जसले आफ्नो बिजय चाहन्छ, उसले यो मन्त्र लेखेर शिरमा धारणा गर्नु । मनमा स्मरण गर्नु । युद्ध गर्दा मात्रै नभएर, यसले पाप हरण गर्ने छ । स्त्रीले सन्तान जन्माउने छ । गर्भ धारणमा पूर्ण सुरक्षा दिनेछ । सबै सुसम्पन्न हुनेछ । पाप नष्ट हुनेछ । यसलाई प्रत्यंगिरा भनिन्छ । अंगहरूमा उतारिन्छ । असुरहरूलाई पराजित गर्ने छ ।

तद्याथ ऊँ जयकरी युद्धोत्तरणी बिचित्रमुखि सर्वमङ्गल धारणी जीमुते सहस्रभुजे सहस्रनेत्रे साहस्रशिरे नानालङ्कार बिभूषिते मणिकुण्डल संनाह सन्नधे बिचित्र मौलिधरे चन्द्रसूर्य अतिरिके आकाश गगने चरिणे मंगलशिरे जीमुते पवीत्रकृत मंगले भुरी मध्रिकरणे चुरुचुरु श्वेते पस्ते मुरुमुरु श्वेते अवनत्ते हुरुहुरु पवित्रमुखि कुरुकुरु चन्द्रमुखि आदित्य बशवर्तिनि जंभनि मंगल धारणी स्तम्भनि सर्वविद्याधरे माते मोहने अमोघपाश हस्ते सर्बभय बिमोचनि राजचौर अग्नि विष उदकभय प्रशमनि कोखोर्द निवारणी ऊँ हिरिहिरि जयकरी बलकरी धनकरी तेजस्करी बिवाद प्रशमनि युद्ध निवारणी परचक्र प्रशमनि परसैन्य बिनाशनि युद्धोत्तरणी प्रभूत बेल मणिमणि महामणि मणीन्धरी त्रिलोक आलोककरी त्रिपुरनगर बिध्वांसनि परसैन्य बिद्रवनि सर्वकृत्य कर्म निसुदनि सर्वव्याधीनं प्रशमनि ऊँ चिले मिले स्वाहा । मिलि मिलि स्वाहा । चिलि चिलि स्वाहा । चखिलि चखिलि स्वाहा । चन्द्र लिमिटिनि स्वाहा । ऊर्धकेशे पिङ्गले पिङ्गला क्षेदन्तेमुखि स्वाहा । ऊँ करकर चरचर सरसर सिरिसिरि सुरुसुरु मुञ्च मुञ्चापय प्रशमय युद्धोत्तरणी फट् । चित्त निर्मल करी फट् । असुर निर्घतनि फट् । जयकरी फट् । प्रितिकरी फट् । सहस्रशिरसे फट् । सहस्रभुजे फट् । सहस्रनेत्रे फट् । सर्व विद्याधर नमस्तुते फट् । सर्वशत्रु नाशनि फट् । सर्वभय बिमोक्षणी फट् । परचक्र निवरणी फट् । पर सैन्य बिद्रपणी फट् । सर्वकृत्य कर्म सुदनि फट् । सर्वव्याधी प्रशमनि

**फट्। सर्वग्रहोत सुदनि फट्। रक्षरक्ष मं सर्वबुद्ध बोधिसत्वानं समन्त बित्रानं सो वस्तयकानं सपरिवारनं तेजसं मं शरीरं सर्वभयोपद्रवेभ्यः सर्बयुद्धेभ्यः सर्बग्रहेभ्यः सर्वव्याधिभ्यः सर्बदुस्कृतेभ्यः सर्वकृत्यभ्यः सर्वकोखर्देभ्यः सर्बविषेभ्यः सर्बकाय वाक चित्त बिरोधेभ्यश्च रक्षरक्ष मं स्वाहा।**

यो चुडामणी नामक प्रत्यंगिराले कर्मावरण सबै शोधन गर्छ। रोगहरू शान्त गर्छ। पुण्य सञ्चय गर्छ। लेखेर, देशना वा धारण गर्नाले आफु र परिवारको रक्षा गर्ने छ। हवन गर्नाले महामारी रोग सबै बिपदहरू शान्त पार्ने छन्। यति आज्ञा भए पछि उपस्थित परिषदले भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे। आर्य शक्रदेव बिजय धारणी सूत्र समाप्त भयो। ऊँ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

# ५४. (२१) बालक सर्वग्रह शान्ति धारणी सूत्रः

ॐ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

*त्रिरत्न र सहस्र प्रमर्द्धनिमा बन्दना ।*

एक समय मैले यस्तो सुनैं– सर्वज्ञ शास्ता श्रावस्तिमा ध्यानमा बसिरहनु भएको थियो । बुद्ध, धर्म र संघमा बन्दना गरी महाब्रह्माले यसरी बिन्ति गरे– यो प्रमर्द्धनिको विद्यामन्त्रले बालकहरूलाई कल्याण गर्ने छ । यो विद्यामन्त्र सर्वप्रथम जम्बुद्वीपमा देशना गर्ने, धर्मराज बैरोचन बुद्धमा बन्दना । बुद्ध, प्रत्येकबुद्ध, श्रावकहरू, ऋषिहरू र लोकपाल लगायत देवताहरू जे जति छन् ती सवै मनुष्य लोकमा जन्मेका हुन् ।

'हे महामुनि,' गर्भ प्रवेश गर्दा, बिगार्ने तत्व, यक्ष र राक्षसलाई त्यहाँ गएका राजाहरूले समेत न त देख्न सक्छन् । न त देखाउन सक्छन् । जसमा सन्तान नहुनु, गर्भ नरहनु र पुरुष नारीको सम्बन्ध हुँदा, इन्द्रियहरूलाई उत्तेजित पारेर कलल र अर्बुदको अबस्थामा सन्तानको बिउ नष्ट पारेर गर्भ तुहइ दिनु । शाल ननिक्लेर हानी पुऱ्याउने, ती सबै घटना नहुनको लागि हानी कारक तत्वहरूको बारेमा लोकनाथले मेरो बिन्ति सुन्नुहोस् । मञ्जिका मृगराज, स्कन्ध, अपस्मार, मुस्टिक, मातृका, जमिका,

कामरागी, रेवत, पुतन अरतिकर, शकुनि, ग्रीवहस्त, मुखाभरण र चक्षुधर सबै ग्रहहरू पृथ्वीमा गमण गरी बालकहरूलाई नष्ट पार्ने छन् ।

यसले बालकहरूलाई कसरी आक्रमण गर्छ । त्यसको लक्षण र स्वरुप पनि बताउँछु । मञ्जिकाले सताउने गरेमा बालकको आँखा डोलाउने छ। मृगराजले सताएमा नरोकिनेगरी उल्टि गर्ने छ । स्कन्धले सताएमा आँखा फरफराउने छ । स्कन्धले बालकलाई काँप्न लगाउने छ। अपस्मारले सताएमा लडिबुडि गरी कराउने छ। मुखबाट फिंज र र्‍याल निकाल्ने छ। मुस्टिकाले सताएमा हातले मुठ्ठि बाँध्ने र खोल्ने छ। मातृकाले सताएमा हाँस्ने र कराउने गर्ने छ। जमिकाले सताएमा स्तनपान गर्न रुचाउने छैन। कामरागीले सताएमा सुत्ने बेलामा रुने छ। रेवतले सताएमा दाँतले जिब्रोलाई टोक्ने छ। पुतनले सताएमा कोलाहल गरी कराउने छन् । अरतीकरले सताएमा नानाधि प्रकारको रुप लिने छ। शकुनिले सताएमा दुर्गन्धको गन्ध आउने छ। ग्रीवहस्तले सताएमा घाँटिमा बाधा पुर्‍याउने छ। मुखाभरणले सताएमा जरो आएर झाडा बान्ता हुनेछ। चक्षुधरले सताएमा डकार आएर उत्तेजित हुनेछ।

अब बालकलाई कसरी तर्साउँछ, त्यसको स्वरुप पनि बताउँछु । मञ्जिकाले गोरुको रुप देखाउँछ । मृगराजले मृगको रुप देखाउँछ । स्कन्धले कुमारको रुप देखाउँछ । अपस्मारले फ्याउरोको रुप देखाउँछ। मुस्टिकाले कागको रुप देखाउँछ। मातृकाले पर्वतको रुप देखाउँछ। जमिकाले घोडाको

रुप देखाउँछ। कामरागीले बज्रको रुप देखाउँछ। रेवतले कुकुरको रुप देखाउँछ । पुतनले सुंगुरको रुप देखाउँछ । अरतिकरले बिरालोको रुप देखाउँछ । शकुनिले पंक्षिको रुप देखाउँछ । ग्रीवहस्तले बकुलाको रुप देखाउँछ । मुखाभरणले उल्लुको रुप देखाउँछ । चक्षुधरले चमेरोको रुप देखाएर बालकलाई तर्साउँछन् ।

यीनीहरू सन्तान हरण गर्ने दुष्ट भएर बालकहरूको नष्ट गर्छन् । बालकहरूलाई सूत्रको पाशले तानेर आकर्षित गर्छन् । महासेनापति यक्ष गन्धर्व चन्दन नामक असुरमुद्रा दिएर बेलुकीको प्रथम प्रहरमा ती पन्ध्र रौद्रग्रहहरूलाई आकर्षित गरी ल्याउ भनि दूत पठाउँछन् । ती दूतहरूले क्षणभरमै बाँधेर ल्याउँछन् ।

जुन स्त्रीको सन्तान हुँदैन, उनले अष्टमी र चतुर्दशिमा शीलव्रत लिएर सद्धर्ममा शरण गएर चैत्यमा राम्ररी पूजा गर । स्नान गरी गहना पहिरिएर भूमिमा सर्स्यूँ छर्की फूल र धूपले सजाउ । पञ्चरंगी धागोद्वारा चक्रवालको चैत्यको वरिपरि बेर । प्रातकाल चैत्यमा गएर शिरमा सर्स्यूँ राखी ब्रह्माद्वारा प्रतिस्ठित यो सूत्रपाठ गर । यसले बाह्र वर्षसम्म बालकहरूको कल्याण गर्ने छ । यो मन्त्रको जसले उल्लंघन गर्छ, उसको शिर फाट्ने छ ।

**स्यादयथेदन अंगेबंगेभंगे भवने इनन्दि बिनन्दि सुलुरी गिरीगिरी शवरी गरुनि शरुनि गिरी अवरी लोचने लसने अलभे अंगने अलभे तलभे बकर्षनी स्वाहा ।** बलक बालिका गर्भमा रहँदा सुखले रहोस् । इन्द्रियहरूको राम्ररी बिकाश होस् ।

समयानुकुल जन्म होस् । पञ्च रंगी धागो, नफुटेको सर्स्यूँको दानाले तीनीहरूको रक्षा हुनेछ भनी आज्ञा भयो । बालक दीर्घायु भएर बाँचोस् । त्यसपछि सर्वज्ञ शास्ताले यो विद्यामन्त्र आज्ञा भयो । **स्यादयथेदन बोधिबोधी महाबोधी बोध अनुमते फलिनि बहुफले शिक्षा सारवते सागले दुरासदे दुरागमे शुर प्राप्ते शुरपते भगेभगाभगे भगिनी निवारणी स्वाहा ।**

त्यसपछि पञ्च दशग्रह नित्य रक्तपान गर्नेहरूले लोकनाथमा अञ्जलिबद्ध भएर यसरी बिन्ति गरे । यो सूत्र जहाँ रहेको हुन्छ, त्यहाँ बालकहरूको मृत्यु हुने छैन । महामुनि तपाइँले बताए अनुसार अनुशरण गर्ने छौं । बुद्ध भगवानमा बन्दना । महाब्रह्मामा बन्दना । यो गुह्यमन्त्रपद सिद्ध भएर जावोस् । विद्यामन्त्रद्वारा बालक बालिक हरूको सर्वग्रह शान्ति होस् । महाब्रह्माले हामीलाई राम्ररी हेरुन् भनि त्यहाँ उपस्थित परिषदले भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे । बालकहरूलाई दुःख दिने तर्साउने पन्ध्रवटा बालक सर्वग्रह शान्ति धारणी सूत्र समाप्त भयो । ऊँ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

नोटः यो सूत्रलाई नेपाली कागजमा छापेर जन्त्र जस्तो चारपाटे बनाएर बालक सुत्ने झुलुङ्गो वा कोर्कोमा नदेखिने गरी लुकाएर राख्नु होस् । यसले बालकलाई अप्रत्यक्ष रुपमा सुरक्षा दिनेछ । यसलाई प्रत्येक पूर्णिमाको दिनमा धूपमा धुवाएर राख्नु । बालक वा बालिका दुबैको दुरात्मबाट सुरक्षा हुनेछ । ऊँ बोधि मंगलम् ।

# ५५. (२२) महाजन्त्र बिजय धारणी सूत्रः

ॐ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा। भगवान सर्वज्ञराजमा बन्दना।

एक समय मैले यस्तो सुनेँ– भगवान बैजयन्ति कुटागारमा आराम गरिरहनु भएको थियो। शक्रदेव आएर यस्तो बिन्ति गरे।

'हे भदन्त,' भगवान हजुर चाँहि सर्वज्ञहरूमा प्रमुख हुनुहुन्छ। असुरद्वारा बाँधिएको मेरो काय, वाक, चित्त तीनैलाई बन्धनबाट मुक्त गरिदिनु होस् शक्रदेवले बिन्ति गर्यो।

'हे शक्रदेव,' जसको काय, वाक, चित्त दबाइएको र बाँधिएको छ उसलाई कहिल्यै पनि आरामको अवसर नहुने हुनाले, यो विद्यामन्त्र शक्ति र समाधिको क्षमताबाट उत्पन्न भएकोले, ती सवै फलको परिहानी हुनेछ। परलोकको गुण, पुण्य र सुखको फल कहिल्यै पनि पैदा हुनदिने छैन। जसरी सूर्यको प्रकाश सुसम्पन्न भए पनि बादलले छेकिए सरह हो। तसर्थ काय, वाक चित्तलाई बन्धनबाट मुक्त गर्ने उपायमा प्रयत्न गर्नु पर्छ। यस्तो गरेमा बाँधिएको वा थिचिएकोबाट

मुक्त हुनेछ। बत्तिको प्रकाशले अन्धकार नाश पार्छ। राँकोको क्षमताले सम्पूर्ण जंगल राख पर्छ। सिंहको गर्जनले सम्पूर्ण जंगली जनावरहरूलाई थर्काए जस्तै यो विद्यामहामन्त्रको अधिष्ठानले सम्पूर्ण बन्धनबाट मुक्त गर्ने छ। यसको बिधि यस्तो छ। **ऊँ हृ बज्रज्वाल सर्वकर्म मेरो काय वाक चित्तलाई कसैले बिगार गर्न लगाएको, बाँध्न लगाएको दबाउन लगाएको जो हो, ती सबै शक्तिहरू फुकिएर जावोस्। ऊँ बज्रच्छिन्दय ह हे हुँ फट् स्वाहा।** अरुबाट गरिएको सबै दुष्प्रयोग माथि मेरो बिजय होस्। **ऊँ मं सर्वभिधभिध जयेजयेबे बिजये अजित अपराजिताये मं भिस्मप धर्मये मं हुँ फट् स्वाहा।** जो कोहिले म प्रति दुष्टभाव राखेको, उल्टो बिचार गरेको, दुस्वप्न भएको सवै यो अपराजिता विद्यामहामन्त्रले शान्त भएर जावोस्। **ऊँ शान्ति करिनिये मं बज्रज्ञान प्रयच्छ्यं मं भिधरय** हह **हेहे हिहि हुँहुँ प्रकरण सर्वचल सर्वबज्र रक्षरक्षः फट् स्वाहा।**

'हे शक्रदेव,' जसले यो मन्त्रको महाजन्त्र बनाएर जसले शरीरमा धारण गर्छ, उसको काय वाक, चित्त तीनै बन्धनबाट मुक्तभइ क्षमता र शक्तिले युक्त हुनेछ। यसको छाँयाले कसैलाई छोएमा वा त्यसको हावाले स्पर्श गरेमा, उसको पनि काय, वाक, चित्त तीनैवटा बन्धनबाट मुक्त हुनेछ। यो महाजन्त्र महानगरको मध्य भागमा ध्वाजको टुप्पोमा लगाएर अग्लो ठाउँमा फहराउदा, त्यसको छाँयाले छुनाले वा शीतल वायुले स्पर्श गर्ना मात्रले पनि उसको बन्धन काटिएर जाने छ। इनार वा पानीको मूल

वा पानी भएको धाप वा झरना वा पोखरी वा कुँवामा अक्षर वा महाजन्त्र पानीमा प्रतिबिम्बित गरे, त्यो पानी पिउनेहरू पनि सम्पूर्ण बन्धनबाट मुक्त भएर जाने छ। ढोकामा, छानामा, सिरानीमा राख्दा पनि बन्धनबाट मुक्त हुनेछ। भगवानबाट आज्ञा भएपछि त्यहाँ भेला भएका परिषदले भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे। महाजन्त्र बिजय धारणी सूत्र सम्पन्न भयो। ऊँ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

# ५६. (२३) बज्रडाकिनी सर्वग्रह शान्ति धारणी सूत्रः

ॐ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

*बुद्ध र बोधिसत्वहरूमा बन्दना।*

एक समय मैले यस्तो सुनेँ– भगवान बज्रशिखरको गृहमा भिक्षु महासंघ र विद्याधरहरू सहित बिराजमान हुनु भएकोथियो–

'हे विद्याधरहरू,' आर्य बज्ररतिरु नामक एकजना डाकिनी छिन्। उनी सुगत बुद्धको सुपुत्री हुन्। बोधिसत्वहरूको बहिनी हुन्। क्रोधिहरूको माता हुन्। डाकिनीहरूको प्रमुख हुन्। विद्याधरहरूको मित्र हुन्। शासनको रक्षा गर्ने अधिपति हुन्। त्रिरत्नको धर्मपालक हुन्। सबै बरदानको स्रोत हुन्। मार र तीर्थिक सबैलाई तारिदिने अधिकारी हुन्। जसले बज्रडाकिनीको धारणी मन्त्र जप र पाठ गर्छ, उनी पन्ध्रवटा सद्‌गुणले सम्पन्न हुने छन्। ती १५ वटा के के हुन भन्दा, जुनसकै स्थानमा जन्मे पनि धर्म पालक राजासँग भेट हुने छ। पाप गर्न नपर्ने देशमा जन्मने छ। सदा शुभ समय मिल्ने छ। भिक्षुको संगत पाउने

छ। इन्द्रिय ठिक हुनेछ। चार किसिमको आचरणमा बिनीत हुने छन् । प्रज्ञावान शीलवान र चरित्रवना हुने छन् । जिविकाको सामग्री अरुले हरण गर्ने छैन। अरु मान्छेले सेवा सत्कार गर्ने छन् । सम्पत्ति तथा उपभोग्य बस्तुले सम्पन्न हुने छन् । सबै मनोकामना सिद्ध हुने छ। धर्मपालहरूले सहायता र सुरक्षा दिने छन्। कल्याणमित्रसँग भेट हुने छ। धर्म सुनेर साधना गर्ने छ। संघको सेवा गर्ने सद्गुणले युक्त हुने छन्। प्रज्ञावान हुनेछ।

यस बाहेक अरु पनि पन्ध्र किमिसका नराम्रो मरण हुने छैन। ती १५ वटा के के हुन् भन्दा, अनिकाल लागेर मर्ने छैन। हतियार र अंकुश लागेर मर्ने छैन । युद्ध भूमिमा मर्ने छैन । बाघ तथा हिंस्रक जनावरले मार्ने छैन । पानीले बगाएर मर्ने छैन । आगोबाट डढेर मर्ने छैन । विष सेवन गरेर मर्ने छैन । भूतप्रेतले मार्ने छैन । मन भड्केर वा हृदयघातले मर्ने छैन । चट्टान र रुखबाट खसेर मर्ने छैन। अर्काले भेदन गरेको श्रापबाट मर्ने छैन। नराम्रो महामारी ज्वरोले मर्ने छैन। आत्महत्या गरी मर्ने छैन। उँधो मुख परेर मर्ने छैन। चट्याङ लागेर मर्ने छैन। बज्रडाकिनीले रक्षा गर्ने छ।

त्रिरत्नमा बन्दना। भगवान तथागत अहर्त सम्यक सम्बुद्ध शाक्यमुनिमा बन्दना। महासहस्र प्रमर्द्धनीमा बन्दना। महामायुरीमा बन्दना । महाप्रतिसरामा बन्दना । महासीतवतीमा बन्दना । मन्त्र अनुसरिणीमा बन्दना । बज्रडाकिनीमा बन्दना । मलाई

सबै किसिमको भयबाट मुक्त गर्नु । राजाको चोरको, आगोको, पानीको विषको, अस्त्रको, परसैन्यगणको अनिकालको शत्रुको, आत्महत्याको, अकालमृत्युको, भुइचालोको उल्कापातको, देवताको नागको, बिजुली चम्केको, गरुडको, हिंस्रक जनावरको र सम्पूर्ण भयबाट मेरो बिजय होस् । ती सबै भयहरूलाई यो विद्यामन्त्रले काटोस् । किलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

**नमो समन्त बुद्धनं कायवाकचित्त बज्रनं ऊँ घातये सर्वदुष्टं मारये मं सर्वभय फट् स्वाहा। ऊँ कीलिकीलय फट्। सर्वपापं हुँहुँ बज्रकीलि कीलय बज्रधरोद अज्ञापयति कायवाकचित्त बज्रकीलय फट् स्वाहा। ऊँ अक्रोधेक मुद्गर हुँ फट्। ऊँ बज्रक्रोध महाबल हन्हन् दहदह पचपच बिध्वमसय जटिलम्बोधरी उचुश्म क्रोध हुँ फट् स्वाहा।**

मलाई देवताको, नागको, असुरको, वायुदेवको, गरुडको गन्धर्वको किन्नरको, महोरागको, यक्षको, राक्षसको, प्रेतको पिशाचको, भूतको कुम्भाण्डको, पुतनको, कटपुतनको, स्कन्दको भूतप्रेतको, अपस्मारको उन्मादको, अस्तारकको, ओस्तारकको डाकिनीको, रेवतीको, यमान्तकको सकुनिको, मातृकाको, नन्दिको परिब्रजकको, कण्टकको सबै ग्रहहरू माथि मेरो बिजय होस् । हानी पुराउन सक्ने ग्रहहरूको सबै दुष्टचित्तहरू यो विद्यामन्त्रले काटोस् । किलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

मेरो तेज हरण गर्ने, गर्भ खाने, रगत पिउने, रगतको तर खाने मांस खाने, बोसो खाने, मासी खाने, गर्भ पतन खाने, प्राण हरण गर्ने, उल्टी खाने असुचि खाने, नालीबाट बगेको पिउने, जुठो खाने थुक पिउने, सिँगान खाने पिप खाने, बली खाने, माला खाने, गन्ध सुँघ्ने, धूप खाने, मनलाई हरण गर्ने, फुल खाने, फल खाने, अनाज खाने र हवन खाने ती सबै दुष्टचित्तहरू माथि मेरो बिजय होस् । सबै दुष्टचित्तहरूलाई यो विद्यामन्त्रले काटोस् । किलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

आजको यजमान श्री ............लाई कीलाले रोपेको, मात्रिकाले बिगार हानेको, यमले चक्र घुमाएको, तीर्थिकले मन्त्रले हानेको नागको बिगार लागेको, यक्षको कुमन्त्र लागेको, मारको उग्रमन्त्र लागेको सर्स्यूँ प्रयोग गरी हानेको, वाणको बिगार, क्षय नहुने महामारी रगतको बिगार, प्रहरको बिगार धर्मको बिगार, झाँक्रीको बिगार, नारीको श्राप, पुरुषको वाण आदि सबै यो विद्यामन्त्रले काटोस् । किलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

मलाई एकदिने महामारी ज्वरो, दुईदिने, तीनदिने, चारदिने पाँच दिने छदिने, सातदिने, पन्ध्रदिने, एकपलको, सदाको महामारी डरलाग्दो महामारी क्षय नहुने महामारी, विषम महामारी, भूतको महामारी, रगतबाट भएको वायुबाट भएको, पित्तबाट भएको

कफबाट भएको, सन्निपातबाट भएको सबै महामारीबाट भएको टाउको दुख्ने महामारी समेत सबै यो विद्यामन्त्रले काटोस् । कीलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

मेरो शरीर दुखेको, पक्षघात भएको, खाना रुचि नभएको, आँखा दुखेको नाक दुखेको, मुख दुखेको, घाँटी दुखेको, छाति दुखेको गलागांड दुखेको कान दुखेको, दाँत दुखेको, हृदय दुखेको, मगज दुखेको, कोखा दुखेको, पिठ्युँ दुखेको, पेट दुखेको, कम्मर दुखेको, मुत्र नलि दुखेको, तिघ्रा दुखेको, पिँडुला दुखेको, हात दुखेको, खुट्टा दुखेको अंगप्रत्यंग दुखेको सबै महामारीलाई यो विद्यामन्त्रले काटोस् । कीलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

मलाई स्थानीय बासिले शत्रु उठाएर, बाबु पट्टिकाले, आमा पट्टिकाले ज्वाइ पट्टिकाले, साथी पट्टिकाले, कुलकुटुम्ब पट्टिकाले, छोरा छोरीबाट छिमेकीले उठाएको सबै बाधाहरू यो विद्यामन्त्रले काटोस् । कीलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

मलाई राम्रो हुँदा खुशी नहुनेहरू, नराम्रो हुँदा खुशी हुनेहरू। मलाई भद्र हुँदा खुशी नहुनेहरू, अभद्र हुँदा खुशी हुनेहरू । मेरो उन्नति हुँदा, खुशी नहुनेहरू, दुर्गति हुँदा खुशी हुनेहरू । मेरो ख्याति हुँदा खुशी नहुनेहरू, ख्याति नहुँदा खुशी हुनेहरू । मेरो लाभ हदा खुशी नहुनेहरू, हानीमा खुशी हुनेहरू । मेरो प्रशंसा

हुँदा खुशी नहुनेहरू, प्रशंसा नहुँदा खुशी हुनेहरू । मसँग हुँदा खुशी नहुनेहरू, नहुँदा खुशी हुनेहरू । मेरो परिवार सुखी हुँदा खुशी नहुनेहरू, दुःखी हुँदा खुशी हुनेहरू । मलाई सत्कार गर्दा खुशी नहुनेहरू बिरोध गर्दा खुशी हुनेहरू । म शक्तिमा हुँदा खुशी नहुनेहरू शक्तिमा नहुँदा खुशी हुनेहरू । मलाई माया गर्नेहरू धेरै हुँदा खुशी नहुनेहरू, माया नगर्ने हुँदा खुशी हुनेहरू । म सेवकले सम्पन्न हुँदा खुशी नहुनेहरू, बिपन्न हुँदा खुशी हुनेहरू सबैलाई यो विद्यामन्त्रले काटोस् । कीलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

मैले नराम्रो सपना देख्दा, कुलक्षण हुँदा, कुदृष्टि पर्दा, आकासको मार चल्दा, पातालको बिगार जाग्दा, अन्तरिक्ष क्रोधित हुँदा, आयुलाई घात गर्दा श्रीसम्पत्ति सुटुक्क चोर्नेहरू आउँदा, चामल चोर्नेहरू आउँदा, परिवारलाई हानी पुऱ्याउदा, धन सम्पत्ति र पुण्यलाई घात गर्दा, यस्तो पीडा दिने सबैलाई यो विद्यामन्त्रले काटोस् । कीलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

मलाई नराम्रो मुख छाड्ने, चुगली गर्ने, कुलक्षण भन्ने, प्रगति गर्नेलाई बाधा दिने, बिकाश गर्नेलाई खुट्टा तान्ने, अयोग्य साबित गर्न खोज्ने साँघुरोमा कुरेर बस्ने, खेतमा घात पुऱ्याउने, अचल सम्पत्ति चोरि गर्ने, बस्तु भाउलाई चोट पुऱ्याउने, प्रिय सन्तानलाई हानी पुऱ्याउने, साथीलाई हानी पुऱ्याउने सबै

दुष्टलाई यो विद्यामन्त्रले काटोस् । कीलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

त्रिरत्नलाई निन्दा गर्ने, बुद्ध शासनलाई नष्ट गर्ने, भिक्षुलाई घात गर्ने धर्ममित्रहरू माथि घात गर्ने, अरुको कुलपितृलाई हेप्ने, कुकर्म गर्ने, दुर्बचन गर्ने, ब्यभिचार गर्ने, षड्यान्त्र रच्ने सबैलाई यो विद्यामन्त्रले काटोस् । कीलाले छेडोस् । घनले हानोस् । मुद्राले थिचोस् ।

यो धारणी मन्त्रको शक्ति अपार छ। माटोमा प्रहार गरेमा माटो फाट्ने छ। चट्टानमा प्रहार गरेमा चट्टान फुट्नेछ। रुखमा प्रहार गरेमा रुख सुक्ने छ। पानीमा प्रहार गरेमा पानी रोकिनेछ। आगोमा प्रहार गरेमा आगो निभ्ने छ। हावामा प्रहार गरेमा हावा रोकिनेछ। त्यसपछि भगवानले भन्नु भयो। म धेरै कल्प पहिले नारीको चोला लिएको बेला तथागत अहर्त सम्यक सम्बुद्ध बीरधीरराज आयुध युक्तसेन नामक तथागत लोकमा आउनु भएको बेला वहाँको सुनौलो हात मेरो शिरमा राखेर यसरी आज्ञा गर्नु भयो ।

'हे कुलुपुत्री,' तिमीले यो गुह्यमन्त्रको सार धारणीको रुपमा धारणा गरेर मनमा राख । त्यसो गरेमा भविष्यमा बज्ररतिरुको नाम लिएर सर्वप्राणीहरूको हित र सुख दिनेछौं । विद्याधरहरूका शक्ति र सारथीको बरदान दिनु हुनेछ।

'हे विद्याधरहरू,' यो धारणी मन्त्रलाई भेट्टाउनेहरूले उहिल्यै असंख्य बुद्धहरूलाई पूजा गरिसके । कुशल मूललाई विपुल रुपमा आर्जन गरिसके । प्रणिधान गरी कल्याणमित्रलाई पनि भेटिसके । त्यसैले यो धारणीलाई पाठ गर, सुखावती प्राप्त हुनेछ ।

यो धारणी मन्त्र दिनमा तीनपटक र रातमा तीनपटक पाठ गर्नु । पञ्चशीलको आचरण गर्नु । कल्याणमित्रलाई सत्कार गर्नु । यति भन्दै भगवानले बज्रडाकिनीलाई स्तुति गर्नु भयो । **ऊँ आर्य बज्ररतिरु आकाश समान सुखमा कृडा गर्ने क्रोधि रुपको ओज भएर क्रोधसँग समाहित हुनु भएकी आर्य डाकिनीमा बन्दना ।**

त्यसपछि डाकिनीले यस धारणीको सार बताउनु भयो । गुरु आचार्यलाई शिरोपर गरी अभिषेक गर । उपदेशलाई खुल्ला नगरी एकान्तमा साधना गर । जनमानसमा समयभंग भएकासँग संगत नगर । पूजा, बली, गणचक्र र लोकोत्तर पूजा चारै प्रहरमा गर । दृष्टिद्वारा निर्णय गरी साधनाको भावना प्रति श्रद्धा राख ।

आचरणलाई नत्यागेर समयले युक्त भएमा सिद्धि प्राप्त गर्ने छौं । स्वार्थ रहित उपदेश दिनु । त्यसपछि भगवानले बज्रडाकिनीलाई साधुवाद दिनुभयो । विद्याधरहरू त्यसरीनै श्रद्धा गर । भगवानले यति आज्ञा भए पछि भिक्षु महासंघ, आर्य बज्ररतिरु, विद्याधर महासंघ देव, असुर, मनुष्य, यक्ष गन्दर्भ,

किन्नर, नाग, गरुड, अष्टबर्ग सहित परिषद्‌ले भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे। **नमो समन्त बुद्धनं कायवाकचित्त बज्रनं ऊँ घातय सर्वदुष्टं मारये मं प्रति अतितको शत्रु जागेको पछिको शत्रुभाव राख्ने सर्वदुष्ट फट् स्वाहा। ऊँ बज्रकिलि किलय सर्वपापं हुँहुँ बज्रकिलि किलय बज्रधरोद अज्ञापयति कायवाकचित्त बज्रकिलि किलय हुँ फट् स्वाहा। ऊँ अक्रोधेक मुद्‌गर हुँ फट्। ऊँ बज्रक्रोध महाबल हन्‌हन् पचपच बिध्वासय जटिलम्बोधरी उचुश्म क्रोध हुँ फट् स्वाहा।** बज्रडाकिनी सर्वग्रह शान्ति धारणी सूत्र समाप्त भयो। ऊँ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्चामृत स्वाहा।

# ५७. (२४) आर्य तारा स्तोत्र धारणी सूत्रः

**ॐ भट्टारिका आर्यतारे तुत्तारे मातामा बन्दना । तद्याथ ॐ तारे समयस्थिते सर्वाभरण विभूषिते पद्मनिपद्म महापद्म आसनस्थिते त्रैलोक्यवरदे सर्वदेव दानव पूजिते ॐ भृकुटी तारे तुतारे फट् स्वाहा ।**

बन्दना गर्छु आर्यतारा, शक्तिवान नेत्र अशनि प्रभा गरेकी
तेजस्विनी मुखारबिन्द शतसहस्र कमलबाट उत्पन्न भएकी ।।१।।

बन्दना गर्छु आर्यतारा, सहस्र नक्षत्रगणले भरिएको आकाशमा
तेजिलो प्रकाशले प्रज्ज्वलित माता ताराको मुखारबिन्दमा ।।२।।

बन्दना गर्छु आर्यतारा, सुवर्ण सरोह कमल उत्पन्न गरेकी
दान बिर्य ध्यान तप शान्ति र पद्मले सर्वालंकृत भएकी ।।३।।

बन्दना गर्छु आर्यतारा, हृदयमा सम्यक सम्बुद्ध धारणा गरेकी
आनन्त चर्या बिजय प्राप्त गरी पारमिता लाभ गरेकी ।।४।।

बन्दना गर्छु आर्यतारा, ॐ तारे तुत्तारे हुँकारको शब्दले
सप्त लोकलाई थिचेकी काम रुप र अरुपको अर्थले ।।५।।

बन्दना गर्छु आर्यतारा, ब्रह्मा विष्णु महेशले पुजेकी
देव यक्ष गन्दर्भ किन्नर नाग गणले स्तुति गरेकी ।।६।।

बन्दना गर्छु आर्यतारा, मायाजाल बिनाश त्रट् फट् गरेकी
दायाँ पाउ खुम्च्याई बायाँले थिची अग्नि प्रज्वलित गरेकी ।।७।।

बन्दना गर्छु आर्यतारा, बिनाशक मारशक्ति धारणा गरेकी
राग द्वेष माया मोह तृष्णा सबै त्यागी भृकुटि युक्त भएकी ।।८।।

बन्दना गर्छु आर्यतारा, त्रिरत्न मुद्रा धारणा गरेकी
सम्पूर्ण विश्वचक्र र प्रकाशपुञ्जले आभूषित भएकी ।।९।।

बन्दना गर्छु आर्यतारा, प्रशन्न मुद्रामा देखिएकी
मारलोक बसमा पारी प्रकाशपुञ्ज बृद्धि गरेकी ।।१०।।

बन्दना गर्छु आर्यतारा, दश दिकपालगण सबैलाई
आफ्नै भृकुटी शक्तिले आकर्षित गरेकी सबैलाई ।।११।।

बन्दना गर्छु आर्यतारा, अर्ध चन्द्रले अलंकृत भएकी
अभितभ युक्त अलंकारले स्वयं प्रज्वलित भएकी ।।१२।।

बन्दना गर्छु आर्यतारा, कल्पान्तको भवसागरमा
प्रज्वलित श्रृंखलामा बसेकी आनन्दको धाममा ।।१३।।

बन्दना गर्छु आर्यतारा, भूमि स्पर्श मुद्रामा
हत्केलाले थिचेर पाउले दमन गरेकी सुरमा ॥१४॥

बन्दना गर्छु आर्यतारा, सुख, कल्याण र शान्तिको प्रतिकमा
निर्वाण र शान्तिका गोचर ज्ञान भएकी बिशुद्ध ऊँकारमा ॥१५॥

बन्दना गर्छु आर्यतारा, परमानन्दमा समन भएकी
दशाक्षरी मन्त्र मिलाएकी शत्रु गोत्र प्रमर्दन गरेकी ॥१६।

बन्दना गर्छु आर्यतारा, तपाइँको पाउ पड्काउनले
सुमेरु मान्दार विन्ध्याचल त्रिलोक प्रकम्पित गरेकीले ॥१७॥

बन्दना गर्छु आर्यतारा, देव र सागरको आकार भएकीले
विष शोधन गरी हरिणाङ्क चन्द्रांक हातमा धारण गरेकीले ॥१८॥

बन्दना गर्छु आर्यतारा, देव गणहरूकी राज्ञी भएकीले
देव मनुष्य यक्ष गन्दर्भ किन्नरादिले सेवा गरिएकीले ॥१९॥

बन्दना गर्छु आर्यतारा, सूर्य चन्द्रको उदय जस्तै गरी
हर र तु ताराको बचनले नेत्रको ज्योती प्रकाश भरी ॥२०॥

बन्दना गर्छु आर्यतारा, एक्काइस पटक स्तुति गरी
तारे तुत्तरे मन्त्रले पापशोधन होस् भवसागर तर्ने गरी ॥२१॥

## ५८. (२५) षडान्तराभव धारणी सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्च अमृत स्वाहा ।

अहो, ममा जन्म स्थान अन्तराभव उदाएको बेला यहाँ आयुको भरोसा छैन । अल्छिपना त्यागेर श्रुति, चिन्तन र भावनाबाट बिचलित नभई मार्गमा प्रवेश गर । प्रतिभासलाई चित्त हो भनी, मार्ग अपनाएर, त्रिकाय साक्षात गर्नु पर्छ । एक पल्ट पाएको मान्छेको चोला, यो अवसरमा पर्खेर बस्ने समय होइन ॥१॥

अहो, ममा सपना अन्तराभव उदाएको बेला यहाँ संमोहमा मुर्दा सरह निद्राको प्रमोद त्यागेर, स्मृति बिचलित नगरीकन स्वभाविक स्थितिमा रहनु पर्छ । सपनालाई पहिचान गरेर प्रभाश्वरको अभ्यास गर । पशु सरह नसुत । साक्षत निन्द्रासँग मिश्रण भएको अभ्यासलाई महत्त्व देउ ॥२॥

अहो, ममा ध्यान अन्तराभव उदाएको बेला यहाँ बिचलित भ्रान्तिहरू त्यागेर, बिचलन नभएको अग्रही अन्तमुक्त अवस्थाको स्वभावमा रही उत्पन्न र सम्पन्न क्रम दुवैमा स्थिरता प्राप्त गर। सांसारिक कार्य त्यागेर एक चित्तको भावना गरेको बेला यहाँ क्लेश र भ्रान्तिलाई बसमा राख ॥३॥

अहो, ममा मृत्यु अन्तराभव उदाएको बेला यहाँ सबैमा राग र द्वेष त्यागेर गुरुको उपदेशको स्पष्टताको अवस्थाबाट बिचलित नभई संवेदलाई अनुत्पाद रुपमा आकास धातुमा प्रक्षेपण गर। संस्कृत निर्मित रगत मासुको शरीर छुट्न लाग्दा अनित्य माया हो भनेर बुझ ॥४॥

अहो, ममा धर्मता अन्तराभव उदाएको बेला यहाँ सबैमा त्रास संत्रास भयको प्रतिभास त्यागेर जुन उदायो त्यो आफ्नो प्रतिभास हो। शून्यताको विधि हो। यो महत्त्वपूर्ण अवसरको बेला आफ्नै प्रतिभास भएको देवगणहरू देखि नडराउ ॥५॥

अहो, ममा भवको अन्तराभव उदाएको बेला यहाँ स्वच्छन्द रुपले एकाग्र चित्तलाई ग्रहण गरेर शुभ कर्मको निरन्तरतालाई तीक्ष्ण रुपले अझ बिस्तार गर । गर्भद्वार बन्द गरेर त्यहाँबाट फर्किनु पर्नेलाई सम्झ । त्यसबेला हृदयदेखिनै शुद्धाभास गर्ने बेला हो । इर्ष्या त्यागेर कल्याणमित्रको भावना गर ॥६॥

जीवनभर कर्म गरी खाली हात जानु पर्दा, ठुलो धोका हुनेछ। समयलाई पहिचान हुनु सद्धर्म हो। महासिद्धहरूको मुखार्विन्दबाट यसरी बताउनु भएको छ। गुरुको उपदेश चित्तमा नराखेमा आफैले आफुलाई झुक्याउने होइन र ? अन्तराभव शून्यता, श्रुति मुक्ति, मूलपद र भवशून्य नभएसम्म सिद्धिएर नजाओस् । ॐ बोधि मंगलम् । ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्चामृत स्वाहा ।

# ५९. (२६) बादबिवाद शान्त धारणी सूत्रः

ॐ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्चामृत स्वाहा ।

*बुद्ध र बोधिसत्वहरूमा बन्दना ।*

एक समय मैले यस्तो सुने– भगवान कोसल देशमा धेरै ठुलो परिषद्‌लाई धर्म देशना गर्दै हुनुहुन्थ्यो । त्यसबेला चारु नामक गृहपति सपरिवार त्यहाँ भेला भएका थिए । उनी आसनबाट उठी भगवानमा यस्तो बिन्ति गरे ।

'हे भगवान,' हामी यस देशमा रहेकाहरूलाई राजदण्ड । अन्य देशका मानिसलाई बादबिवाद सामान्यजनहरूको दोष देखाउने । शत्रुहरूको मुद्दा मामिलाको अनेक भय आउने गरेको छ । भगवानले ती भयहरूबाट रक्षा गर्नुहोस्, चारुले बिन्ति गर्यो ।

'हे गृहपति,' तिमी बादबिवाद र मुद्दा मामलाको भयबाट नडराउ । कृष्णतुण्ड प्रशमणि धारणी सूत्रको पाठ गरेमा

बादबिवाद र नराम्रो मुद्दा पनि शान्त हुनेछ । त्यो तिमीलाई बताउँछु, राम्रोरी सुन र मनमा राख ।

**त्रिरत्नमा बन्दना । भगवान पञ्चकुल देवतामा बन्दना । ऊँ नमो भगवते अहर्ते सम्यक संबुद्ध तद्याथ ऊँ मुनिमुनि महामुनि रक्ष सर्वपुष्टिं कुरु सर्वतथागत अधिष्ठाने अधिष्ठिते मं सर्वरक्ष रक्ष स्वाहा। ऊँ खदुं रक्ष ऊँ खछ्चु मारये त्रं रक्ष ऊँ निवरसनी रक्ष हरहर रक्ष रक्ष स्वाहा।**

'हे चारु गृहपति,' तिमीले यस धारणीलाई धारणा गर। पाठ गर। अरुलाई पनि बताउ। राजदण्ड, मुद्धा, झगडा, बादबिवाद युद्ध दोष देखाउने आदि दुष्कर्महरू सबै रोकिने छन्।

यो विद्यामन्त्रलाई पाठ गर । **तद्याथ ऊँ बज्रपाणि मं रक्षरक्ष ऊँ भ्योदोग खछ्यु मारये फट्। समय दुरक्ष हुँहुँ फट् स्वाहा।** म लगायत परिवार प्रति माथिबाट आइलाग्ने मारको खेल, बाबुपट्टिबाट आइलाग्ने दुरात्म शत्रु, कुटुम्बबाट आइलाग्ने पैंचो, नराम्रो वर्षको खड्गो, महिनाको खड्गो अमंगल, बादबिवाद, राजदण्ड, दोषारोपन मुद्दा, मामला, कुबिचार, कुदृष्टि सबै बिगार रोक्नु होस् । द्वेष, भाव राख्नेहरूलाई दमन गर्नु होस् । मुद्दा मामला, बिगार कुमन्त्रको प्रकोप महामारी कुदृष्टि सबै शान्ति होस् ।

‘हे कुलपुत्र र कुलपुत्रीहरू,’ यो प्रशमणि धारणा गर्नाले राजदण्ड, मुद्धा झगडा, बादबिवाद, युद्ध, दोष देखाउने आदि दुष्कर्महरू सबै रोकिने छन् । शान्त हुने छन् । यो धारणी तथागतले अधिष्ठान गर्नु भएको हो । मैले पनि त्यही बताउने छु । यसलाई राम्ररी ग्रहण गर । सदा पाठ गर । सबै भय हटेर जाने छन् ।

जसले यो धारणीको पाठ गर्छ, उनीहरूलाई तथागतले शरण दिने छ । कटु बचनलाई जित्ने छ । प्रतिवादीको पैरवीलाई जित्ने छ । आफ्नो बोलिलाई साँचो हुनेछ । भगवानले यस्तो आज्ञा गरेपछि सबैले भगवानको बचनलाई अनुमोदन गरी अभिनन्दन गरे । बादबिवाद शान्त गर्ने धारणी सूत्र समाप्त भयो । ऊँ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

# ६०. (२७) अन्तराभवको परित्राणः

ऊँ अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्व परिकार महापञ्चामृत स्वाहा ।

गुरुदेव डाकिनी गणलाई बन्दना गर्छु
महाकरुणाले मार्गमा डोर्‍याउनुहोस् ।।

म भ्रमले गर्दा संसारमा भौतारिएको बेला
श्रुत चिन्ता भावनाको निश्चल प्रकाश मार्गमा
परम्परागत गुरुहरूले मार्गमा डोर्‍याउनुहोस्
उत्तम माता डाकिनीगणले पछाडिबाट अड्याउनुहोस्
अन्तराभवको भयङ्कर साँघुरो ठाउँबाट बचाउनुहोस्
सम्यक सम्बुद्ध भूमिमा लैजानुहोस् ।।१।।

तिब्र मोहले गर्दा संसारमा भौतारिएको बेला
धर्मधातु ज्ञानको उज्यालो प्रकाश मार्गमा
भगवान बैरोचनले मार्गमा डोर्‍याउनुहोस्
उत्तम माता धात्वीश्वरीले पछाडिबाट अड्याउनुहोस्
अन्तराभवको भयङ्कर साँघुरो ठाउँबाट बचाउनुहोस्
सम्यक सम्बुद्ध भूमिमा लैजानुहोस् ।।२।।

तिब्र रीसले गर्दा संसारमा भौतारिएको बेला
आदर्श ज्ञानको उज्यालो प्रकाश मार्गमा
भगवान अक्षोभ्यले मार्गमा डोऱ्याउनुहोस्
उत्तम माता बुद्धलोचनीले पछाडिबाट अड्याउनुहोस्
अन्तराभवको भयङ्कर साँघुरो ठाउँबाट बचाउनुहोस्
सम्यक सम्बुद्ध भूमिमा लैजानुहोस् ॥३॥

तिब्र रागले गर्दा संसारमा भौतारिएको बेला
प्रत्यवेक्षण ज्ञानको उज्यालो प्रकाश मार्गमा
भगवान अमितभले मार्गमा डोऱ्याउनुहोस्
उत्तम माता पाण्डरवासिनीले पछाडिबाट अड्याउनुहोस्
अन्तराभवको भयङ्कर साँघुरो ठाउँबाट बचाउनुहोस्
सम्यक सम्बुद्ध भूमिमा लैजानुहोस् ॥४॥

तिब्र घमण्डले गर्दा संसारमा भौतारिएको बेला
समता ज्ञानको उज्यालो प्रकाश मार्गमा
भगवान रत्नसम्भवले मार्गमा डोऱ्याउनुहोस्
उत्तम माता मामकीले पछाडिबाट अड्याउनुहोस्
अन्तराभवको भयङ्कर साँघुरो ठाउँबाट बचाउनुहोस्
सम्यक सम्बुद्ध भूमिमा लैजानुहोस् ॥५॥

तिब्र इर्ष्याले गर्दा संसारमा भौतारिएको बेला
कृत्यानुष्ठान ज्ञानको उज्यालो प्रकाश मार्गमा
भगवान अमोघसिद्धिले मार्गमा डोऱ्याउनुहोस्

उत्तम माता समय ताराले पछाडिबाट अड्याउनुहोस्
अन्तराभवको भयङ्कर साँघुरो ठाउँबाट बचाउनुहोस्
सम्यक सम्बुद्ध भूमिमा लैजानुहोस् ।।६।।

तिब्र बासनाले गर्दा संसारमा भौतारिएको बेला
सहज ज्ञानको उज्यालो प्रकाश मार्गमा
बीर वीद्याधरगणले मार्गमा डोऱ्याउनुहोस्
उत्तम माता डाकिनीगणले पछाडिबाट अड्याउनुहोस्
अन्तराभवको भयङ्कर साँघुरो ठाउँबाट बचाउनुहोस्
सम्यक सम्बुद्ध भूमिमा लैजानुहोस् ।।७।।

तिब्र भ्रान्त दृश्यले गर्दा संसारमा भौतारिएको बेला
भयङ्कर त्रास त्यागिएको प्रकाश मार्गमा
भगवान शान्त क्रोधगणले मार्गमा डोऱ्याउनुहोस्
धत्विश्वरी क्रोधगणले पछाडिबाट अड्याउनुहोस्
अन्तराभवको भयङ्कर साँघुरो ठाउँबाट बचाउनुहोस्
सम्यक सम्बुद्ध भूमिमा लैजानुहोस् ।।८।।

आकाश धातुहरू शत्रुको रुपमा उठेको नभएर
नीलो बुद्धको शुद्धक्षेत्रको रुपमा देख्न सकुँ ।।

जल धातुहरू शत्रुको रुपमा उठेको नभएर
सेतो बुद्धको शुद्धक्षेत्रको रुपमा देख्न सकुँ ।।

पृथ्वी धातुहरू शत्रुको रुपमा उठेको नभएर
पहेलो बुद्धको शुद्धक्षेत्रको रुपमा देख्न सकुँ ॥

अग्नि धातुहरू शत्रुको रुपमा उठेको नभएर
रातो बुद्धको शुद्धक्षेत्रको रुपमा देख्न सकुँ ॥

वायु धातुहरू शत्रुको रुपमा उठेको नभएर
हरियो बुद्धको शुद्धक्षेत्रको रुपमा देख्न सकुँ ॥

इन्द्रेणी धातुहरू शत्रुको रुपमा उठेको नभएर
नाना बुद्धहरूको शुद्धक्षेत्रको रुपमा देख्न सकुँ ॥

ध्वनि प्रकाश र रश्मी शत्रुको रुपमा उठेको नभएर
अपार शान्त क्रोधदेवको शुद्धक्षेत्रको रुपमा देख्न सकुँ ॥

सबै ध्वनिहरू आफ्नै ध्वनिको रुपमा चिन्न सकुँ ।
सबै प्रकाशहरू आफ्नै प्रकाशको रुपमा चिन्न सकुँ ।
सबै रश्मीहरू आफ्नै रश्मीको रुपमा चिन्न सकुँ ।
अन्तराभवमा आफ्नो मुहार आफैले चिन्न सकुँ ।
त्रिकाय शुद्धक्षेत्र प्रत्यक्ष बनाउन सकुँ ॥

ॐ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

# ६१. (२८) शून्यताको परित्राणः

ॐ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । बुद्ध र बोधिसत्वहरूमा बन्दना । मृत्यु हुने बेलामा शून्यताबाट तर्नका लागि बोधिसत्वहरूसँग सहयताको लागि परित्राण गर्न सकिन्छ। बुद्ध र बोधिसत्वहरूले मृतक ....... फलनालाई सहयता गर्नुहोस्। त्रिरत्नमा श्रद्धाद्वारा सम्पन्न गरेको पूजा चढाउँछु। सुगन्धित धूप लिएर शुद्ध मनले प्रार्थना गर्छु।

दशै दिशामा बिराजमान हुनु भएका करुणावान, सर्वज्ञ करुणाले हेर्नु भएका, अनुकम्पाले युक्त हुनु भएका, जगत पालक हुनु भएका, बुद्ध र बोधिसत्वहरू करुणाको कारणले यहाँ पाल्नु होस् । श्रद्धाद्वारा सुसम्पन्न पूजा ग्रहण गर्नुहोस् । अनुकम्पा सहितको करुणाले कर्म गरी रक्षा गर्ने अचिन्तनय क्षमता र शक्ति भएको करुणावानहरू, मृतक .......को यो लोकबाट परलोक जाँदा, साथी हुने छैन। भाइ बन्धु हुने छैन। पीडा धेरै हुनेछ। अनाथ हुनेछ। शरणमा जाने स्थान हुने छैन। हृदय बिलाए हुनेछ। परलोकमा जानु पर्नेछ। अन्धकारमा पस्नु पर्नेछ। महाभीरमा खस्नु पर्नेछ। घना जंगलमा पस्नु पर्नेछ।

आफ्नै कर्मले लखेट्ने छ। एकान्त स्थानमा जानु पर्ने छ। महासागरले बगाउँने छ। कर्मको बतासले उडाउने छ। दुर्गम स्थानतिर जानु पर्नेछ। महायुद्धमा पर्ने छ। ग्रहद्वारा दुःख दिइने छ। यमदूतको भयले त्रसित हुनेछ। कर्मभव भएर फेरि पुनर्भवमा पस्नु पर्नेछ। आधार बिहिन हुनेछ। एक्लै जानु पर्नेछ।

करुणावान, यो शरण नभएको .......लाई शरण दिनु होस्। शून्यताको अन्धकारबाट रक्षा गर्नुहोस्। कर्मको रक्तमय महावायुलाई रोक्नु होस्। यमदूतको भयबाट बचाउनु होस्। शून्यताको आँध्येरोबाट तारिदिनु होस्।

करुणावान, तपाईंहरूले करुणा न्यून नगरी सहयता गर्नुहोस्। दुर्गतिमा नपठाउनु होस्। पहिलेको बाचाबाट बिचलित नभइ करुणाको बेगलाई छिट्टै प्रक्षेपण गर्नुहोस्। बुद्ध र बोधिसत्वहरूद्वारा मृतक .......लाई करुणा, उपाय र क्षमतामा कमी नगर्नु होस्। करुणाले ग्रहण गर्नु होस्। दुष्कर्मि प्राणीहरूले अधिनमा नपारुन्। त्रिरत्नले शून्यताको दुःखबाट रक्षा गर्नु होस्। यसरी शून्यताको परित्राण श्रद्धाकासाथ पाठ गर्न उत्तम हुनेछ।

ॐ अर्धम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

# ६२. दैनिक प्रार्थना पूजापाठ प्रणिधानः

बौद्धदर्शनमा थुप्रै यानहरू, सम्प्रदायहरू, पदहरू र मतहरू छन् । सबैका आ-आफ्नै मुल्य र मान्यताहरू छन् । जसमा महायान हिनयान, (थेरवाद) हिमाली बज्रयान र प्रत्येकयान परम्पराहरू रहेका छन् ।

यसरी समय समयमा बौद्धसंघायना हुँदै छुट्टिएका यान मत र सम्प्रदायहरू भित्र पनि आ-आफ्नै गुरुपरम्पराहरू रहेका छन् । जस्तै, तिब्बतीयन बुद्धिजममा निङ्म, कग्यु साक्य र गेलुक मतहरू छन् । प्रत्येक मतका मुल्य र मान्यताहरू पनि फरक फरक छन् । बौद्धदर्शन भित्र यसरी फरक फरक मत किन भयो ? भन्ने सवाल उठ्नु स्वभाविक हो । तर, बौद्धदर्शन भनेको ब्रह्माण्ड हो । अंग्रेजीमा यसलाई Cosmology भन्दछ ।

यसरी अलग अलग मत र सम्प्रदायहरू हुनु भनेको अपोदीपभव हो । अपोदीपभव भनेको मूल पाली भाषा हो । यसको मूल आसय भनेको आफ्नो दीपक आफै हुनु हो । आफै प्रकाशित हुनु हो । अरुको सहरा नलिइकनै सम्यक जिविका गर्नु हो । अर्थात बोधितत्व प्राप्त गर्न सक्ने क्षमता राख्नु हो । यसलाई जगाउनु पर्छ भन्ने चेतनाको बिकास भैसकेको अर्थमा

बुझ्नु पर्छ । जसले यो अर्थ बुझ्के उनले गुरुपरम्परा चलाए । अरु उनको पछि लागे । किनभने पछि लाग्नु सजिलो हुन्छ । आजसम्म यही भैरहेको छ। अब पनि यसरी नै चल्ने छ।

अब कुरा आउँछ, दैनिक प्रार्थना किन गर्ने ? प्रार्थना गरेर के हुन्छ ? कस्तो फल प्राप्त हुन्छ ? झट्ट पढ्दा प्रश्न साधरण जस्तै लाग्छ। तर यसको आसय बडो गम्भिर छ ? तितो सत्यमा भन्नु पर्दा, आफ्नो दीपक आफै बाल्न नसक्ने भगवानको अगाडि गरेको प्रार्थनाले के हुन्छ ? उनले फल दिन सक्छ र ? के यो प्रश्न सही हो ? सबैको मनमा बारम्बर यही प्रश्न उठ्ने गर्छ । तर बास्तवमा कारण, परिणाम र उपाय सूत्रको बारेमा राम्रोसँग बुझिसके पछि, बुद्ध हाम्रो मार्ग दर्शनको प्रतिक मात्र हो। दर्पण हो । जस्मा हामीले हाम्रो प्रतिबिम्ब देख्न सक्छ। बुद्ध भनेको दर्पण हो। दर्पण बिना प्रतिबिम्ब संभाव छैन। बौद्धमार्गीहरूमा यो कुरामा स्पष्ट हुनुपर्छ।

भन्न खोजेको कुरा के हो भने, भगवानको अगाडि शान्तसँग मनलाई एकाग्र बनाएर प्रार्थना, स्तुति, भजन किर्तन, ध्यान साधना र समाधिमा बस्न सकेमा मन स्थिर हुन्छ। स्थिर मनले गरेका कर्महरू अत्याधिक मात्रमा सही हुन सक्छ। उत्तम् हुन सक्छन्। कर्म सही भए पछि परिणाम पनि उत्कृष्टनै हुन्छ। उत्कृष्ट परिणाम भए पछि उन्नति, प्रगति र समृद्धिको शिखर चढ्न सकिन्छ । जीवनमा अमूल परिवर्तन हुन्छ । चाहेर वा

नचाहेर पनि सामाजिक मान, सम्मान र प्रतिष्ठा आफ्नै वरि परी घुमिरहेको आभास हुन्छ। तपाइँको बोलि बिक्छ। आत्म सम्मान बढ्छ । यही हो दैनिक प्रार्थनाको प्रभाव । यो मेरो ब्यक्तिगत अनुभव यहाँहरूलाई साझा गरको हुँ। मेरो बिचारमा शब्दहरू तल माथि भए पनि वा भाष्यान्तर भए पनि मूल भाव यही हो। यसलाई आधार बिन्दु बनाउदा उत्तमे हुनेछ।

१. **शक्तिपीठहरूको आह्वानः**

सर्वप्रथम आसन ग्रहण गर्ने । त्यसपछि मन, बचन र चित्त शुद गरी म ....... आजको यो ....... प्रार्थना सम्पन्न नभइन्जेसम्म आसनबाट उठ्ने छैन भनि संकल्प गर्ने।

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा। ॐ पितृदेव नमः ... मातृदेव नमः ..., कुलदेव नमः ..., इष्टदेव नमः ... सूर्यदेव नमः, सिद्धिदेव नमः आयुदेव नमः, रत्नसहदेव नमः, (त्यो ठाउँको पुरा ठेगाना भन्ने) ....... यसको आसपासमा रम्नेबस्ने सिल्दो नाल्दो साक्षी थानेमाने देवीदेउता देउराली भयारी नागनागिनी ल्हल्हु यक्ष गन्दर्भ किन्नर देवपित्र कुलकुटुम्ब इष्टमित्र साथीभाइ छरछिमेक सबैलाई नमोनमः। सम्पूर्ण बुद्ध र बोधिसत्वहरूलाई नमः।

यो ..... प्रार्थनाको प्रभावले, म/मेरो/आजको यजमान श्री ..........को सम्पूर्ण परिवारको आजको दिन मंगल रहोस् । सुखद रहोस् । धनधान्य प्राप्त होस् । श्रीबृद्धि होस् ।

कुलबृद्धि होस् । ऐश्वर्य प्राप्त होस् । दीर्घायु रहोस् । सुस्वास्थ रहोस् । सुख शान्ति रहोस् । मनोकमना प्राप्त होस् । सम्पूर्ण कुल कुटुम्बहरू इष्टमित्रहरू साथीभाइहरू र छरछिमेकी सबैको कल्याण होस् । सम्पूर्ण मानव र प्राणिहरूको पनि कल्याण होस् । रोग ब्याग र महामारी सबै हरण होस् । दुष्टात्महरूको बिनास होस् । अनिकाल भन्ने नामै नहोस् । सहकाल चीरस्थाइ रहोस् । ब्रम्हाण्डमा बातावरण सन्तुलन होस् । प्राकृतिक प्रकोप शान्त रहोस् । ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्चामृत स्वाहा ।

२. **त्रिरत्न शरण गमनः**

नमो तस्स भगवतो अहर्तो सम्मा सम्बुद्धस्स ।
बुद्धम् शरणम् गच्छामि ।
धर्मम् शरणम् गच्छामि ।
संघम शरणम् गच्छामि ।

इतिपिसो भगवा अरहम् विद्याचरणा सम्पन्नो सुगदो लोकबिदो अनुत्तरो पुरी सद्धामा सारथी शास्त देव मनुसानो बुद्ध भगवति । नमो तस्स भगवतो अहर्तो सम्मा सम्बुद्धस्स ।

ए च बुद्ध अतीत च, ए च बुद्ध अनागत
पचुपन्न च ए बुद्ध, अहं बन्दामी सब्बदा ॥
ए च धम्म अतीत च, ए च धम्म अनागत
पचुपन्न च ए धम्म, अहं बन्दामी सब्बदा ॥

ए च संघ अतीत च, ए च संघ अनागत
पचुपन्न च ए संघ, अहं बन्दामी सब्बदा ॥

ॐ नमो भगवते अपरिमिता आयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्वये तद्याथ ॐ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ॐ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये परिवारे स्वाहा ।

ॐ महमाया दशपारमी नमः । ॐ अहर्त कौन्ड्य नमः । ॐ अहर्त महाकाश्यप नमः । ॐ अहर्त सारिपुत्र नमः । ॐ अहर्त मौदगल्यान नमः । ॐ अहर्त आनन्द नमः । ॐ अहर्त राहुल नमः । ॐ अहर्त अनाथपिण्डक नमः । ॐ अहर्त यशोधरा नमः । ॐ अहर्त अम्रपाली नमः । ॐ अहर्त सुजाता नमः । ॐ अहर्त अहिंसक नमः । ॐ अहर्त उपाली नमः । ॐ सर्वबोधिसत्व नमः । ॐ सर्वमहासत्व नमः । सर्वमहागुरु नमः । ॐ सर्वकल्याणमित्र नमः । ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्व ...

३. **पञ्चशील ग्रहण गर्दाः**

म ............ आजदेखि हिंसा गर्दिन । झुट बोल्दिन । चोरी गर्दिन । ब्यभिचार गर्दिन । मादक पदार्थ सेवन गर्दिन भनेर संकल्प गर्छु । यस मध्येको अन्तिम शील सधै ग्रहण गर्ने प्रयाश गर्ने छु ।

४. **सर्वबुद्ध नमः**

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

१. आदिबुद्ध तन्हकर बुद्ध धर्म संघये नमः।
२. द्वितीयम् मेघन्कर बुद्ध धर्म संघये नमः।
३. तृतीयम् दिपंकर बुद्ध धर्म संघये नमः।
४. चतुर्थ बैरोचन बुद्ध धर्म संघये नमः। पबु१ (मध्य)
५. पन्चम् अक्षोभ्य बुद्ध धर्म संघये नमः। पबु२ (पूर्व)
६. षष्टम् अमितभ बुद्ध धर्म संघये नमः। पबु३ (पश्चिम)
७. सप्तम् रत्नसंभव बुद्ध धर्म संघये नमः। पबु४ (दक्षिण)
८. अष्टम् अमोघसिद्धि बुद्ध धर्म संघये नमः। पबु५(उत्तर)
९. नवम् सुमन बुद्ध धर्म संघये नमः।
१०. दशम् रेवत बुद्ध धर्म संघये नमः।
११. एघारम् सुभित बुद्ध धर्म संघये नमः।
१२. बाह्रम् अनोमदस्सि बुद्ध धर्म संघये नमः।
१३. तेह्रम् पद्म बुद्ध धर्म संघये नमः।
१४. चौधम् नारद बुद्ध धर्म संघये नमः।
१५. पन्ध्रम् सुमेध बुद्ध धर्म संघये नमः।
१६. सोह्रम् पियदस्सि बुद्ध धर्म संघये नमः।
१७. सत्रम् अतदस्सि बुद्ध धर्म संघये नमः।
१८. अठाह्रम् धम्मदस्सि बुद्ध धर्म संघये नमः।
१९. उन्नाइसम् सिद्धार्थ बुद्ध धर्म संघये नमः।

२०. बिसम् तिस्स बुद्ध धर्म संघये नमः ।
२१. एक्काइसम् फुस्स बुद्ध धर्म संघये नमः ।
२२. बाइसम् बिपस्सि बुद्ध धर्म संघये नमः ।
२३. तेइसम् सिखि बुद्ध धर्म संघये नमः ।
२४. चौबिसम् बेषम्भु बुद्ध धर्म संघये नमः ।
२५. पच्चिसम् ककुसन्ध बुद्ध धर्म संघये नमः ।
२६. छब्बिसम् कोनगमन बुद्ध धर्म संघये नमः ।
२७. सत्ताइसम् काश्याप बुद्ध धर्म संघये नमः ।
२८. अठ्ठाइसम् शाक्यमुनि बुद्ध धर्म संघये नमः ।
२९. उनन्तिसम् मैत्रि बुद्ध धर्म संघये नमः ।

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

कुनै पनि गुम्बमा प्रार्थना गर्दा, त्यस भित्र रहेका बुद्ध बोधिसत्वहरू, महागुरुहरू र धर्मपालहरूको पनि नाम उच्चारण गर्नु पर्छ । तपाईँलाई नाम थाहा भएना भने, ॐ सर्वबुद्वये नमः सर्वबोधिसत्वये नमः । सर्वधर्मपालये नमः । सर्वअहतये नमः भनेर एकै पटकमा भन्न सकिन्छ ।

बुद्धहरू, प्रत्येक बुद्धहरू, बोधिसत्वहरू धर्मपालहरू, अहर्तहरू र महागुरुहरूको नाम उच्चारण गर्नु भन्दा पहिले र अन्तमा ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । धूप, दीप र नैवेत तत्काल उपलब्ध हुन नसके पनि श्रद्धाले अभिनन्दन गर्नु पर्छ ।

**५. बुद्धलाई स्नान गराउँदाः**

ऊँ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

यो पवित्र पानीले बुद्धलाई स्नान गराउँछु
यो पवित्र बुद्ध स्नान चीरस्थायी रहुन्
सम्पूर्ण मानव जगत पवित्र बनुन्
सबै प्राणीहरूको मंगल गरुन्

ऊँ पानी देव स्वाहा ॥ ऊँ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

**६. बुद्धलाई खादा चढाउँदाः**

ऊँ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

यो पञ्चरंगी खादा बुद्धलाई चढाउँछु
जहाँ स्पर्ष भयो त्यही शुख अनुभव हुने
यो स्वर्ण बस्त्रले ब्रह्माण्ड ढाकोस्
सहिष्णुताको बस्त्रले अलंकृत गर्छु ऊँ स्वर्ण बस्त्रये
स्वाहा॥

ऊँ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

**७. बुद्धलाई पानी चढाउँदाः**

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

यो रत्न मणिले जडित कलशबाट
तथागत बुद्धलाई शुद्ध पानी चढाउँछु
यसको प्रभावले ब्रह्माण्ड शुद्ध होस्
सबै प्राणीहरूको मगंल होस्
ॐ शुद्ध पानी स्वाहा ॥

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

**८. बुद्धलाई धूप चढाउँदाः**

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

यो मीठो बास्ना भएको सुगन्धित धूप
तथागत भगवान बुद्धलाई चढाउँछु
यसको प्रभावले ब्रह्माण्ड सुगन्धित होस्
सबै प्राणीहरूको मगंल होस्
ॐ सुगन्धित धूप स्वाहा ॥

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा ।

**९. बुद्धलाई भोजन चढाउँदाः**

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

यो अमृत भोजन बुद्धलाई चढाउँछु
यसको प्रभावले बुद्ध चीरस्थायी रहुन्
यो भोजनमा अमृतको जरा उम्रिउन्
यो भोजनले सबैको कल्याण गरुन्
ॐ अमृत भोजन स्वाहा ॥

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

**१०. आफुले भोजन गर्दाः**

अन्न देवता धर्तिमाता भोजन चढाउँछु
अग्नि देवता सूर्यदेवता जल चढाउँछु
देवपित्र इष्टमित्र सबैलाई चढाउँछु
बुद्धलाई भोजन चढाउँछु
ॐ पञ्चामृत स्वाहा ॥

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा। आफुले भोजन गर्दा यो मन्त्र निरन्तर गर्न सकेमा उत्तम हुनेछ।

११. **बज्रअक्षोभ्यको मन्त्रः**

ॐ नमो भगवते बज्रअक्षोभ्य ॐ कंकनी कंकनी रोचनी रोचनी त्रोटनी त्रोटनी त्रासनी त्रासनी प्रतिहान प्रतिहान सर्वकर्म परम्परानि मे सर्वसत्वनाञ्च स्वाहा।

१२. **अभिषेकको मन्त्रः**

ॐ सर्वतथागत अभिषिञ्च काय शुद्धो अहम्। वाक शुद्धो अहम् । चित्त शुदो अहम् । स्वभाव शुद्धो अहम् । सर्वधर्म स्वभाव शुद्धो अहम्। ॐ शून्यता सर्वज्ञान स्वभावात्म अहम् स्वाहा।

१३. **ह्याङ्गीबको मन्त्रः**

ॐ ह्री पद्मान्तकृत बज्रक्रोघ ह्याङ्ग्रीब हुलु हुलु हुँ फट् स्वाहा।

१४. **कृष्ण यमन्तकको मन्त्रः**

ॐ ह्री ष्ट्री विकृतानन् हुँ हुँ फट् फट् शान्ति कुरु नमः स्वाहा।

१५. **बज्रगुरु पद्मसंभावको मन्त्रः**

ॐ बज्रगुरु पद्मसिद्धि हुँ फट्। ॐ बज्र समयाज सिद्धिफल हुँ फट्। ॐ मणि पद्मे हुँ।

१६. **बज्रकिलको मन्त्रः**

ॐ बज्रकिलि किलय सर्वबिध्नन् वन्ध हुँ फट्। ॐ सर्वबुद्ध डाकिनीये बज्रवर्णनीये बज्रबैरोचनीये हुँ हुँ फट् फट् स्वाहा।

**१७. कुलदेवताको मन्त्रः**

ॐ खोर्लोरिन्पोछे नोच्यन फैल्हु महाकाल हुँ हुँ फट् स्वाहा।

**१८. श्रीदेवीको मन्त्रः**

ॐ श्रीदेवी रेमती हुँ फट् स्वाहा।

**१९. बज्रगुरुको मन्त्रः**

ॐ बज्र रक्षरक्ष हुँ फट्।

**२०. बसुन्धराको मन्त्रः**

ॐ बँ बसुन्धरा रत्ननिधानक्षेत्रे स्वाहा।

**२१. प्रज्ञापारमिताको मन्त्रः**

ॐ नमः प्रज्ञापारमिताये धीः।

**२२. शताक्षरी बज्रसत्वको मन्त्रः**

ॐ बज्रसत्व समय मनुपालय बज्रसत्व त्वेनो पतिष्ठो मे भवः दृढो मे भवः सुतोष्यो मे भवः सुपोष्यो मे भवः अनुरक्तो मे भवः सर्वसिद्धि मे प्रयच्छः सर्वकर्मसु च मे चित्तं श्रेय कुरु हुँ ह ह ह ह हो हो भगवान सर्वतथागत पद्मसिद्धि बज्र म मे मुञ्च बज्रीभव महासमयसत्व अः हुँ फट स्वाहा।

**२३. धनदेव कुबेरको मन्त्रः**

ॐ अ जँ धनम् मे देही हुँ। ॐ धनदेव यक्षये वैश्रवणये धनधान्यधिपतये धनधान्य समृद्धि मे देहिदये स्वाहा।

२४. **बज्रडाकिनी ज्युबार गर्ने मन्त्रः**

नमो समन्त बुद्धनं कायवाकचित्त बज्रनं ऊँ घातय सर्वदुष्टं मारये मं प्रति अतितको शत्रु जागेको पछिको शत्रुभाव राख्ने सर्वदुष्ट फट् स्वाहा । ऊँ बज्रकिलि किलय सर्वपापं हुँहुँ बज्रकिलि किलय बज्रधरोद अज्ञापयति कायवाकचित्त बज्रकिलि किलय हुँ फट् स्वाहा । ऊँ अक्रोधेक मुद्गर हुँ फट् । ऊँ बज्रक्रोध महाबल हनूहन् पचपच बिध्वासय जटिलम्बोधरी उचुश्म क्रोध हुँ फट् स्वाहा ।

२५. **अभयमन्त्रः**

तद्याथ अण्डरे पण्डरे करेते कयुरे भूतंगमे भूतग्रहे भूतप्रक्षिते भूतय स्मरयनि प्रियावनि तेजवत्ति यशोवति गिरिणिनि शरीणिनि स्वाहा ।

२६. **अपारिमिताको मन्त्रः**

ऊँ नमो भगवते अपरिमिता आयुर्ज्ञान सुविनिश्चित तेजोरजये तथागतये अहर्ते सम्यक सम्बुद्ध तद्याथ ऊँ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्येज्ञान सम्भारो पचिते ऊँ सर्वसंस्कार परिशुद्ध धर्मते गगने समुद्गते स्वभाव बिशुद्धे महानये ... परिवारे स्वाहा ।

२७. **सर्वअर्थ सिद्धिमन्त्रः**

तद्याथ धारणी उत्तारणी संप्रतिष्ठिते विजयवर्न सत्यप्रतिज्ञ ज्ञानवति उद्देपादनि विनामनि अभिषेचनि अभिव्यहार शुभवति

अजिमतु एहिकुम्वलन वहहार क्लेशान धनपापं शोधय मार्गनं निरतिकं धर्मतं शुद्धलोकवि तिर्मिचस दुःख शमन् सर्वबुद्ध अवलोकनं अधिष्ठिते प्रज्ञाज्ञानवि स्वाहा ।

**२८. बालबालिका ग्रहशान्ति मन्त्रः**

स्यादयथेदन अंगेबंगेभंगे भवने इनन्दि बिनन्दि सुलुरी गिरीगिरी शवरी गरुनि शरुनि गिरी अवरी लोचने लसने अलभे अंगने अलभे तलभे बकर्षनी स्वाहा । स्यादयथेदन बोधिबोधी महाबोधी बोध अनुमते फलिनि बहुफले शिक्षा सारवते सागले दुर ासदे दुरागमे शुर प्राप्ते शुरपते भगेभगाभगे भगिनी बालबालिका निवारणी स्वाहा ।

**२९. आर्य अवलोकितेश्वरको मन्त्रः**

ॐ नमो रत्न त्रयाये । नमो आर्य ज्ञानसागर बैरोचन ब्यूहराजये तथागतये अहर्ते सम्यक सम्बुद्धये नमो सर्व तथागतेभ्यः अहर्तेभ्यः सम्यक सम्बुदेभ्यः नमो आर्यअवलोकितेश्वरये बोधिसत्वये महासत्वये महाकरुनिकाये तद्याथ ॐ धरधर धिरीधिरी धुरुधुरु इट्टेविट्टे चलेचले प्रचले कुशुमे कुशुमे इलिमिलि चिलि ज्वालंपनाए स्वाहा ।

**३०. आर्य ताराको मन्त्रः**

ॐ तारे तुत्तारे ताराये समयस्थिते सर्वाभरण विभूषिते पद्मनिपद्म महापद्म आसनस्थिते त्रैलोक्यवरदे सर्वदेव पूजिते भगवती महासत्व तुतारे अवलोकितेश्वर विचित्रभरणे ॐ भृकुटी तारे हुँ फट् स्वाहा ।

३१. **महामंगल सूत्र पाली:**

एवं मे सूत्त, एकं समयं भगवा सावस्थियं
विहरति जेतवने, अनाथपिण्डकस्स आरामे
आथ खो अञ्ञतरा, देवता अभिक्कन्ताय रत्तिया
अभिक्कन्तवण्णा, केवलकप्पं जेतवनं ओमासेत्वा
ऐन भगवा तेनपसङ कमि
उपसङ्कमित्वा, भगवन्तं अभिवादेत्वा
एकमन्तं अट्ठासि, एकमन्तं ठिलाखोसा
दलेवता भगवन्तं, गाथाय अज्भभासि

बहुदेवा मनुस्सा च, मङ्गलानि अचिन्तयं
आकडखामाना सोत्थानं, ब्रुहि मङ्गलमुत्तमं ।।१।।

असेवना च वालानं, पण्डितानञ्च सेवना
पूजा च पूजनीयानं, एतं मङ्गलमुत्तमं ।।२।।

पतिरुपदेसवासो च, पुब्बे च कत्तपुञ्ञता
अत्तसम्मापाणिधि च, एतं मङ्गलमुत्तमं ।।३।।

बहुसञ्चं च सिपञ्च, विनयो च सुसिक्खितो
सुमासिता च या वाचा, एतं मङ्गलमुत्तमं ।।४।।

माता पिता उपट्ठानं, पुत्तदारस्स सङ्गहो
अनाकुल च कम्मन्ता, एतं मङ्गलमुत्तमं ।।५।।

दानं च धम्मचरिया च, त्रातकानं च सङ्गहो
अनबज्जानि कम्मानि, एतं मङ्गलमुत्तमं ॥६॥

आरती विरती पापा, मज्जपान च संञ्ञमो
अप्पमादो च धम्मेसु, एतं मङ्गलमुत्तमं ॥७॥

गरबो च निवत्तो व, सन्तट्ठी च कतञ्ञुता
कालेन धम्मसवणं, एतं मङ्गलमुत्तमं ॥८॥

खन्ति च सोवचस्सता, समणानञ्च समणानञ्च दस्सनं
कालेन धम्मसवणं, एतं मङ्गलमुत्तमं ॥९॥

तपो च ब्रह्माचरियञ्च, अरियसच्च्यान दस्सनं
निब्बाण सच्चिकिरिया, च एतं मङ्गलमुत्तमं ॥१०॥

फुट्ठस्स लोकधम्मेहि, चित्तं यस्स न कम्पत्ति
अशोकं विरजं खेम, एतं मङ्गलमुत्तमं ॥११॥

एतादिसानि कत्वानं, सब्बत्थम पराजिता
सब्बत्थ सोत्थि गच्छान्ति, तंतेसं मङ्गलमुत्तमं ॥१२॥

ॐ अर्घम् पुष्पम् धुपम् द्वीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा।

# ६३. पाली-संस्कृत-नेपाली शब्दार्थः

अकाल– ना० समय प्रतिकुल, समय अनुकुल नहुनु समय बिपरित हुनु, काल बिपरित हुनु आदि ।

अर्घम्– ना० पानी, जल, तरल पदलार्थ आदि ।

अङ्गुलिमाला– ना० जेतवनको घना जंगलमा हत्या, हिंसा, धृणा र प्रतिशोधको भावनाबाट प्रेरित भइ ९९९ जनाको हत्या गरिसकको हत्यार । बुद्धको उपदेश सुने पछि उक्त मार्ग त्यागेर शान्ति र प्रेमको मार्ग अवलम्बन गरी अङ्गुलिमालाबाट अहिंसक बनि निर्वाण प्राप्त गर्ने प्रथम भिक्षु हुन् । उनी बौद्ध शासनको दशौं अहर्त एवं धर्मपाल हुन् ।

अजय– ना० पुरुष बाचक नाम अजय र अमर आदि ।

अजातशत्रु– ना० बुद्धकालिन मगध राज्यको राजा बिम्बिसाको पुत्र अजातशत्रु पितालाई नजरबन्द गरी शत्ता हत्याएको ।

अतिस– ना० इ.(९८२-१०५४) समयमा भारत वर्षको प्रख्यात विश्वविद्यालय बिक्रमशिलाको एक महाबोधिचार्य ।

अर्थदर्सी– ना० बुद्धबंश अनुसार अर्थदर्शी सत्रौं बुद्ध हुन् । उनीराजा शुसिनको अवतार थिए । उनको जन्म शोभन नगरमा भएको थियो । उनको पिता राजा सागर र माता सुर्दशना थिइन् । उनको अमरगिरी, सुगिरी र बाहन नामक तीनवटा प्रासादहरू थिए । उनको पत्निको नाम बिशाखा र पुत्रको नाम शैल थियो । उनले गृह त्याग गरी आठ महिनासम्म तपस्या गरी बोधि लाभ गरे । उनको शान्त र उपशान्त नामक अग्र श्रावकहरू थिए । अभय नामक उपस्थक, नकुल नरर्षभ, मकिला र सुनन्द नामक उपासक र उपासिका थिए ।

अद्वितीय– ना० जसको कुनै द्वितीय हुँदैन ।

अधिष्ठान– ना० संकल्प सति स्थापना गर्ने काम ।

आनापानसति– ना० बिपासना ध्यानको प्रथम अवस्था । आनापानसतिको अर्थ हो, प्राकृतिक रुपमा आइरहेको र गइरहेको श्वास प्रश्वासलाई शुद्ध रुपमा मनको आँखाले अवलोकन गर्नु । यस प्रकृयाबाट साधना गर्न सकेमा मनलाई एकाग्रता गर्न सकिन्छ ।

अनिरुद्र– ना० पुरुष बाचक नाम अनिरुद्र आदि ।

अनुमोदन– बि० कसैले गरेको प्रस्तावलाई समर्थन गर्ने, स्वीकार गर्ने, सहमति गर्ने वा कुनै पनि पूजापाठ गरे पछि समापन गर्ने समयमा पुण्य अनुमोदन गर्ने ।

अनोमदर्शी– ना० बुद्धबंश अनुसार अनोमादर्शी बाह्रौं बुद्ध हुन्। उनी राजा यक्षको अवतार थिए। उनको जन्म चन्द्रवती नगरमा भएको थियो। उनको पिताको नाम यशस्वि र माताको नाम यशोधरा थिइन्। उनको श्री, उपश्री र बृद्ध नामक तीन वटा प्रासादहरू थिए। उनको पत्निको नाम सिरिमा र पुत्रको नाम उपवाण थियो। उनले गृहत्याग गरी दश महिना तपस्या गरी बोधि लाभ गरे। उनको निसभ, अनोभ, सुन्दरी र सुमना नामक उपासक र उपासिकाहरू थिए।

अन्तराभव– बि० मानिसको मृत्यु भैसकेको तर, नयाँ ठाउँमा जन्म पनि भैनसकेको अवस्था। अन्तराभव वा संक्रमणकाल।

अपरिजित– ना० कहिलै पनि पराजित नहुने।

अर्पण– ना० शुद्ध मनले प्रदान गर्ने काम।

अभय– ना० अए नभएको मानिस, अभय।

अभिधर्म– ना० बुद्धले देशना गरेको धर्मलाई त्रिपिटक भन्दछ। त्यस मध्येको एउटा पिटक अभिधर्म पिटक।

अभिप्राय– ना० आसय, मतलब, तात्पर्य, सार, आदि।

अभिशेष– बि० बिधिवत मन्त्र बाचन गर्दै, शुद्ध पानीले स्नान गरी बिशेष स्थानमा आसन ग्रहण गर्ने काम।

अभिषिञ्च– ना० आयु अभिशेष गर्नु ।

अमर– ना० कहिल्यै पनि नमर्नु । देवताहरू अमृत पिएर अमर हुन्छन् । मानवहरू समाजका लागि अद्वितीय काम गरेर कीर्तिमान कायम गर्दछन् । त्यही कीर्ति सधै अमर रहन्छन् ।

अमात्य– ना० राजकाज चलाउन सहयोग गर्ने प्रमुख ब्यत्ति मन्त्री । नेवारी समुदायको एक थर ।

अमोघ– ना० कुनै नयाँ अपरिचित ब्यक्ति वा स्थान ।

अमितभ– ना० पञ्च बुद्धहरूमा चौथो बुद्ध । दिशा पश्चिम, वर्ण रातो, मुद्रा ध्यान, प्रतिक कमल, मुर्तरुप ज्योति, उग्ररुप अहितकार, वाहन मयूर, आध्यात्मिक पुत्र अवलोकितेश्वर पत्नि पाण्डरा, तत्व संज्ञ ।

अमोघासिद्धि– ना० पञ्च बुद्धहरूमा पाचौ बुद्ध । दिशा उत्तर, वर्ण हरियो, मुद्रा अभय, प्रतिक विश्वबज्र, मुर्तरुप निर्भयता, उग्ररुप वाहन गरुड, अध्यात्मिक पुत्र विश्वपाणी, पत्नि हरित तारा र तत्व संस्कार ।

अम्रपाली– ना० बैशाली राज्यको चर्चित नगरबधु नर्तकी अम्रपाली नामुद बेश्य, रुपकी रानी । जीवनको उत्राव चढावबाट बिरक्त भएर संघमा प्रवर्जित । आम्रपाली भवन भिक्षु संघलाई दान दिए । बौद्ध साहित्यमा उनको नाम आदरसाथ लिइन्छ ।

अमृत– ना० देवताहरूले पान गर्ने अमरत्वको पदार्थ ।

अमृता– ना० स्त्री बाचक नाम अमृता आदि ।

अलंकार– बि० कुनै पनि बिषयको आभूषण आदि ।

अवलोकितेश्वर– न० हरेक बिषय वा बस्तुलाई शुष्म रुपमा हेर्न र बुझ्न सक्ने महामुद्राको हजार बुद्ध मध्येको एक मुद्रा ।

अक्षोभ्य– ना० पञ्च बुद्धहरूमा दोश्रो बुद्ध । दिशा पूर्व, वर्ण निलो मुद्रा भूमिस्पर्ष, प्रतिक बज्र, मुर्तरुप परिपक्कता, उग्ररुप क्रोध वाहन हात्ति, आध्यात्मिक पुत्र बज्रपानी, पत्नि लोचना र तत्व बिज्ञान ।

अश्वघोष–ना० पुरुष बाचक नाम आदि ।

अष्टमार्ग– ना० बुद्ध दर्शनको मूल आधार अष्टमार्ग ।

असुर– ना० दैत्य, दानव, राक्षस, नीच, हिंस्नक, असुरी स्वभावको मनुष्य, नीच कर्म गर्ने नानिस आदि ।

अहर्त– बि० (अरहत) बुद्धदर्शन र बौद्ध धर्म अनुसार शील पालना गरी क्लेश मुक्त भएका श्रोतापन्न उपासक, उपासिका, भिक्षु, भिक्षुनी, लामा, आचार्य, कल्याणमित्र, साधक साधिका, जो निर्वाण मार्गको साधनामा लागेका हुन्छन् ।

अहिंसक– ना० हत्यारा अंगुलिमालाको पहिलेको नाम, अहिंसक । बुद्धको संगतमा आए पछि भिक्षु बने । उनी बुद्ध शासनको दशौं अहर्त एवं धर्मपाल ।

आकाशवाणी– ना० प्राचिन कालमा वायुको माध्यामद्वारा त्रिकालदर्शी ऋषि मुनिहरूले सुन्न सक्ने आवाज।

आचार्य– बि० बौद्धदर्शन अनुसार विश्वविद्यालयबाट उच्च शिक्षा हाँसिल गरी प्राप्त हुने बिशिष्ट उपाधि।

आचार्यपद– ना० आचार्यहरूको मार्ग आदि।

आनन्द– ना० तथागत बुद्धको भाइ। प्रवर्जित भएर बुद्धको सहचारीको रुपमा ३५ वर्ष निरन्तर सेवा। बुद्धको महापरिनिर्वाण पछि प्रथम संघायना हुँदा, उनकै उपदेश अनुसार त्रिपिटक लेखियो। उनलाई पिटक बुद्ध, छाँया बुद्ध र सहचारी बुद्ध। नाम र बिशेषण दुबै अवस्थामा प्रयोग गर्न सकिन्छ।

आभार– ना० गुन, कृतज्ञता, अनुगृहित, उपकार आदि।

आयुर्ज्ञान– ना० आयु सम्बन्धि बिशेष किसिमको ज्ञान।

आर्य– बि० बौद्ध साहित्यमा आदरणीय, मान्यवर, उत्तम्, उत्कृष्ट श्रेष्ठ, प्रधान, अब्बल, अग्रज आदि शब्दद्वारा सम्बोधन हुने।

आर्यदेव– ना० दास्रो सताब्दीको महायोगी बोधिचार्य, नागार्जुन को उत्कृष्ट शिष्य, शून्यवादको बिश्लेषक।

आर्यनगर–ना० आर्यहरूको बसोबास गर्ने नगर आदि।

आर्यसत्य–ना० प्रमुख सत्य आदि।

आर्यब्रत– ना० जम्बुद्वीपलाई आर्यब्रत पनि भन्छन् ।

आवरण– ना० पुस्तकको सौन्दर्य देखाउन प्रयोग गरिने बाहिरी भाग कभर वा खोल आदि ।

आस्तिक– बि० ईश्वर, देवता, भगवान, परलोक, आस्था, श्रद्धा पुनर्जन्म र धार्मिक आस्थालाई स्वीकार गर्ने मत, ब्यक्ति वा समुदाय आदि ।

आशिक– ना० त्रिकालदर्शी आशिक ऋषि शुद्धोधनको पिता सिंहहुनको कुलगुरु । यजमानीको परलोक भएपछि उनी हिमालय पर्वतमा ध्यान गर्न गए ।

आह्वान– बि० शास्त्रिय बिधान अनुसार कुनै पनि पूजापाठ अनुष्ठान, प्रणिधान, परित्राण आदि गर्दा, त्यस ठाउँको आसपासमारहने बस्ने सम्पूर्ण स्थानीय शक्ति पिठहरूलाई अनुष्ठानमा आमन्त्रण, प्रार्थना, अपील गर्ने वा बोलाउने कार्य आदि ।

इर्ष्या– बि० डह, जलन, नसहनु, आँखा लाउनु आदि ।

ईश्वर–ना० सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण गर्ने परमात्मा, सर्वप्रधान, भगवान, परमेश्वर अधिपति, स्वामी मालिक, ऐश्वर्यशाली काल्पनिक शक्ति आदि ।

उच्चासन– बि० उत्कृष्ट स्थान आदि ।

उद्भव– ना० उत्पन्न हुने भाव आदि ।

उत्कली– ना० महामाया देवीले बिबाहको समयमा दाइजोको रुपमा ल्याएकी दाशी उत्कली ।

उत्कृष्ट– बि० सबभन्दा राम्रो, श्रेष्ठ, असल, उत्तम् ।

उपाली– ना० कपिलबस्तुको शाक्य दरबारमा कपाल काटने नाई । बुद्ध शासनमा शुद्र जातिबाट प्रर्बजित प्रथम भिक्षु, बाह्रौं अहर्त एवं धर्मपाल ।

उपासक– बि० बुद्ध धर्मलाई उपासना गर्ने गृहस्ति ।

उपासना– बि० कुनै धार्मिक मतको उपासना गर्ने ।

उपासिका– बि० बुद्ध धर्मलाई उपासना गर्ने गृहस्तिनी ।

उरुबेल– ना० उरुबेल नामक नदी वा स्थान आदि ।

ऊँ– बि० अउम तीनवटा अक्षर मिलेर उच्चारण हुने दीर्घ ध्वनि । त्रिरत्न ध्वानि । मन्त्रमा पहिलो उच्चारण पवित्र ध्वानि हुने ।

ऋतु–ना० सूर्यको तापक्रम अनुसार प्राकृतिक अवस्थामा हुने परिवर्तन । जस्तैः बसन्त, ग्रीष्म, शरद् र शीत ऋतु आदि । कुनै पनि बोट बिरुवाहरूको फुल्ने उपयुक्त समय । स्त्रीहरूको महिनावारी हुने समय ।

ऋद्धिज्ञान– बि० अलौकिक शक्ति प्राप्त गर्ने ज्ञान ।

ऋषि–ना० साधक जविन बिताउने अध्यात्मिक र भौतिकतत्वहरूलाई साक्षत्कार गर्ने महायोगी ।

ककुसन्ध– ना० बुद्धबंश अनुसार क्रकुसन्ध, ककुछन्द, कुकुछन्द पच्चिसौं बुद्ध । उनी राजा खेमको अवतार थिए । उनकोजन्म क्षेमवती नगरमा भएको थियो । उनको पिताको नाम अग्निदत्त ब्राह्मण र माता को नाम बिशाखा थिइन् । उनको काम, बर्ग र कामशुद्धि नामक तीनवटा प्रासादहरू थिए । रानीको नाम रोचिनी थिइन् । उनले गृह त्याग गरी आठ महिनासम्म तपस्या गरी बोधि लाभ गरे । उनको बिधुर र सञ्जीब नामक अग्र श्रावकहरू थिए । उनको श्यमा, चम्पा कमली, अच्युत र सुमन उपासकहरू र उपासिकाहरू थिए ।

कग्युपा– ना० कग्यु सम्प्रदयको स्कुल । मार्पाचोकी लादरो । सन् १०१२-१०९९ कग्यु सम्प्रदयको संस्थापक ।

कमल– ना० पानीको पोखरी, हिलो र किचडमा फुल्ने बिभिन्न रंगको शुद्ध एवं पवित्र कमलको फूल ।

कमला–ना० कमलको स्त्री बाचक नाम कमला आदि ।

कमलासन– ना० बोधिसत्वहरू बस्ने कमलको आसन । बुद्धहरू बस्ने आसन तल र माथि फर्किएको डबल आसन हुन्छ । बुद्ध बाहेक अरुले एकल आसनमा बस्नु पर्छ ।

करनी–ना० बलत्कारको साथमा गरिएको सम्भोग ।

करुणा– बि० दया, माया, प्रेम गर्ने स्वभाव दयालु मानिस ।

कलश– ना० पूजापाठ गर्ने समयका मण्डलको ठीक बीचमा राखिने अंखुरा। जस्मा पवित्र जल, पुष्प आदि राखिन्छ । त्यही कलशमा सम्पूर्ण देवी दवताहरू र स्थानीय शक्तिपिठहरूलाई आह्वान गरी जागाइन्छ।

कल्याणमित्र– ना० बुद्ध दर्शनको आचार्य तहसम्म अध्ययन र अनुसन्धान गरी अनुमोदनका लागि दीक्षा लिएको भिक्षु आचार्य लामा, अनुवादक, प्राचार्य, अहर्त आदि जो बोधिसत्वको अभ्यासमा रहन्छ।

काल– ना० समय, बेला, घडि, गति, सूचक, बखत, अवधि अवसर, जन्म, मृत्यु, यम, ऋतु, मौसम। भूत, बर्तमान र भविष्य काल। कुनै काम गर्नका लागि उपयुक्त समय। प्रातकाल, सन्ध्यकाल, मध्यकाल, पूर्वकाल, कालकोठरी, कालकाटनी, कालगति, कालदण्ड, कालपाश, कालपुरुष कालजरो कालखण्ड, त्रिकाल, कालदेवता, कालकूट विष आदि।

काय– ना० भौतिक शरीर, देह, जीउ, ज्यान आदि।

काश्याप– ना० बुद्धबंश अनुसार काश्यप सत्ताइसौँ बुद्ध हुन् । उनी ज्योतिपालको अवतार थिए। उनको पिताको नाम ब्रह्मदत्त ब्राह्मण र धनवती माता। उनको जन्म बाराणसी नगरमा भएको थियो। उनको हंस, यश र श्रीनन्द नामक तीन प्रासादहरू थिए । उनको सुनन्दा नामक रानी र

बिजितसेन पुत्र थिए। उनले गृह त्याग गरी तपस्या गरी बोधि लाभ गरे। उनको बोधिबृक्ष नाम न्यग्रोध थियो। उनको तिष्य, भार द्धाज, उरुबेल, सर्वमित्र, मंगल, सुमंगल, भटिकार, गुप्सेन, चित्र सेन, सुभद्रा, रेशमी, चित्रसेना, कृतिका उपस्थकहरू थिए।

किन्नर– ना० धार्मिक बिश्वास अनुसार देवलोकमा गीत, सँगीत नृत्य गर्ने एक किसिमको किन्नर जाति।

कुबेर– ना० धनपति, अनाथपिण्डक, कुबेर, जम्भल।

कुसीनगर– ना० भगवान बुद्धले महापरिनिर्वाण प्राप्त गर्नु भएको पवित्र स्थान कुसीनगर।

कोनगमन– ना० बुद्धबंश अनुसार कोनगमन छब्बिसौं बुद्ध हुन्। उनी राजा पवद्धको अवतार थिए। उनको पिताको नाम यज्ञदत्त र माताको नाम उत्तरा थियो। उनको जन्म शोभवती नगरमा भएको थियो। उनको तुषित, सन्तुषित र सुन्तुष्ट नामक तीनवटा प्रासादहरू थिए। उनको रानीको नाम रुचिगात्रा र सर्ववह पुत्र थियो। उनले गृह त्याग गरी छ महिनासम्म तपस्या गरी बोधि लाभ गरे। उनको भुयस र स्वस्ती नामक अग्र श्रावकहरू थिए। उनको समुन्द्र, कायस्त, कमल, सोमदेव उत्तरा, शिवला, रसमा र श्यामा उपस्थकहरू थिए।

कोलिया– ना० कपिलबस्तु राज्यका कोलिया जातिहरू। उनीहरू गौतम बुद्धको मावली थिए।

कौण्ड्य– ना० बुद्ध शासनको प्रथम अहर्त । पञ्च बर्गिय भिक्षुहरू मध्येको वरिष्ट भिक्षु । गौतम बुद्धको आठौं गुरु । नामाकरणको समयको आठौं पण्डित ।

कौशल– ना० बुद्धकालिन मगध राज्यको छिमेकी ।

खड्कापानी– ना० यक्ष जातिको सेनापति । तथागत बुद्धको यक्षलोकको धर्मपाल ।

गच्छामि– क्रि० संस्कृत भाषाको जान्छु भन्ने क्रिया ।

गगने– ना० आकाश जस्तै निश्छल वा शुद्ध भएको ।

गन्दर्भ– ना० धार्मिक मान्यता अनुसार देवलोकमा मनोरञ्जनका लागि गीत, सँगीत र नृत्य गर्ने एक जाति ।

गया– ना० गौतम बुद्धले बुद्धत्व प्राप्त गरेको बुद्धभूमि । पछि गएर बुद्ध बिशेषण थपिए पछि बुद्धगया भनियो ।

गिद्धकुट– ना० गिद्धकुट पर्वत, जहाँबाट भिक्षु देवदत्तले ठुलो ढुंगा धकेलेर गौतम बुद्धलाई मार्न खोजेको । तर, त्यही ढुंगाको चेपुवामा परेर उनी सख्त घाइते भए । यही पिडाले उनको पनि मृत्यु भयो र अबिची नरमका पुग्यो ।

गेलुक्पा– ना० गेलुक्पा सम्प्रदयका स्कुल । जे श्रोङखापा १३५७-१४१९ गेलुक मतका संस्थापक । १४औं दलइ लामा गेलुक परम्पराबाट आएका प्रतिनिधि ।

गोमती– ना० स्त्री बचक नाम गोमती नदी आदि ।

गौतम– ना० शाक्यमुनि गौतम बुद्धको थर गौतम।

चक्षु– बि० मनको आँखाले देख्न सक्ने सम्पूर्ण संसार।

चार आर्यसत्य– ना० दुःख, दुःखको कारण, दुःखको समुदाय र दुःखबाट मुक्त हुन सक्ने उपाए, निर्वाण।

चित्त– ना० मन, हृदय, दिल आदि।

चिरञ्जिबी– ना० दीर्घ उमेर, लामो उमेर, अमर आदि।

चीबर– ना० भिक्षुहरूले लगाउने पहेलो वा मेरुन रंगको पोशक। माथिबाट तलसम्म बेरेर लाउने एक थान कपडा। नयाँ पोशकमा तल र माथीको दुई भागमा रहेको छ। माथिको लागि शाल वा शेन र तलको भागलाई जामा, जाम, माजा आदि भनिन्छ।

चेतना– बि० प्राणीमा रहने भित्री ज्ञान, चैतन्य आदि।

चैतन्य– बि० प्राणीमा रहने बिचार, बिवेक, चेतना।

छन्न– ना० सिद्धार्थ गौतमको युव अवस्थाको सारथी।

छ्योल्तेन– ना० बज्रयानी संस्कारको एक प्रकारको चैत्य।

छ्योलिङ– ना० गुरुकुल, पाठशाला, शिक्षालय, बौद्धगुम्बा धर्मशाला, आश्रमशाला, बिपासनालय आदि।

जम्बुद्वीप– ना० बुद्ध शासनको प्रत्यक्ष प्रभाव भएको भारत वर्षको गंगा उपत्यकाको क्षेत्र।

जातक–ना० जात जातिको कथा समेटिएको जातक। बोधिसत्वको हजार जातक मध्येको अन्तिम बेसन्तर जातक।

जीवक– ना० बुद्धकालिन बैद्य। भिक्षुनी अम्रपालीकी छोरा जीवक। उनी बुद्धको उपस्थक।

टप्चे– क्रि० हिमाली संस्कृति अनुसार कपाल काट्ने वा प्रबर्जित हुने बिधि वा परम्परा।

ठङी– ना० थरीलमहरूको आदिम स्थल, ठङी गाउँ।

डाकिनी– ना० पिशाचिनी, बोक्सी, डाइनी आदि।

तद्याथ– ना० तथापि, त्यसैले, त्यसबाट, त्यसपछि आदि।

तन्त्र–ना० प्राकृतिको गर्भमा रहेको उत्कृष्ट जडीबुडीको गुण र स्वभावलाई चिन्न सक्ने शास्त्रिय ज्ञान।

तन्त्रयान– ना० बुद्धदर्शनको सूत्र, मन्त्र र तन्त्रलाई साधना गर्ने मौलिक पद्धति तन्त्रयान।

तन्हकर– ना० बुद्धबंश अनुसार तन्हकर आदिबुद्ध हुन्।

तपोबन– ना० जप, तप, ध्यानर साधना गर्ने बन।

तपोभूमि– ना० जप, तप, ध्यान र साधना गर्ने भूमि।

तान्त्रिक– ना० तन्त्र र मन्त्रको साधना गर्ने मानिस।

तिस्य– ना० बुद्धबंश अनुसार तिस्य बिसौं बुद्ध हुन्। उनी राजा सुजातको अवतार थिए। उनको जन्म क्षेमक नगरमा

भएको थियो । उनको पिताको नाम जनसन्ध र माताको नाम पद्मा थिइन् । उनको नारिशय नर्षभ र गुहाशैल नामक तीनवटा प्रासाद । उनको पत्निको नाम सुभद्रा र पुत्रको नाम आनन्द । उनले आठ माहिनासम्म तपस्या गरी बोधि लाभ गरे । ब्रह्मादेव, उदय, शम्बल र सिरिया उपस्थाहरू थिए ।

तेजोरजय– ना० तिब्र गति हुने ब्यक्ति आदि ।

तोदभवरे–ना० तोदभरे आदि ।

दान– ना० आफ्नो हकमा रहेको कुनै पनि धनमाल अरुलाई दिने काम । अधिकार हस्तान्तरण गर्ने काम दिनदुःखि, गरिब, निमु खा, सहराबिहिन भएकालाई अन्न बस्त्र वा आवश्यक बस्तुहरू दान गर्ने काम । बौद्ध गुम्बा वा धामर्मिक संस्थालाई आफ्नो हकभोकमा भएको जमिनलाई शास्त्रिय बिधान अनुसार सम्यक संकल्प गरी धर्मदान, यज्ञदान, शेष पछिको बकस आदि । यस्तो दान समुदायको हितको लागि हुनेछ ।

दक्षिणा– ना० कुनै पनि पुण्य कार्य ब्रतबन्ध, जीवन संस्कारको लागि गरिने पूजापाठ, प्रणिधान, परित्राण, अनुष्ठान गरे वापत भिक्षु, लामा, आचार्य, कल्याणमित्र, उपासक र उपासिकाहरूलाई दिइने नगद वा जिन्सी परिश्रमलाई दक्षिणा भनिन्छ । दक्षिणा ब्यक्तिगत हुनेछ ।

दिपंकर– ना० बुद्धबंश अनुसार दिपंकर तेस्रो बुद्ध हुन् । उनको जन्म रम्यवती नगरमा भएको थियो । उनको पिताको नाम सुदेव र माताको नाम सुमेधा थियो । उनी क्षेत्रिय कुलको थियो । उनको हंस, क्रोञ्च र मयूर नामक तीनवटा बैभव शाली सम्पन्न प्रासादहरू थिए । उनले लामो समयसम्म गृहस्त धर्मको पालना गरे । उनको रानीको नाम पद्मा थियो । उनको बृषभस्कन्ध नामक पुत्र थिए । उनले पनि बृद्ध रोगी मृत र सन्यासीलाई देखे पछि बैराग्य जाग्यो । त्यसैको कारणले सन्यास लिएका हुन् । उनले दश महिनासम्म शिरीषको रुखमुनि तपस्या गरेर बुद्धत्व प्राप्त गरे । उनको तिष्य, नन्दसुमंगल र सुनन्द उपस्थाक थिए ।

दिब्यङ्गना– बि० सुन्दर रुप भएकी नारी, अप्सरा ।

दिब्यचक्षु– बि० अदृष्य बिषय बस्तुलाई ठम्याउन सक्ने मनको आँखा, ज्ञानदृष्टि, ज्ञानचक्षु, सम्यक दृष्टि आदि ।

दिब्यदृष्टि– बि० अदृष्य बिषय बस्तुलाई ठम्याउन सक्ने मनको आँखा, ज्ञानदृष्टि, ज्ञानचक्षु, सम्यकदृष्टि आदि ।

दिब्यात्मा– बि० पूर्वानुस्मृति भएको अलौकिक आत्मा ।

दिब्यपुरुष–बि० असाधारण गुण भएको मानिस ।

दिब्यरत्न– ना० मनको इच्छानुसार फल दिने एक किसिमको रत्न माणि आदि ।

दीपम्– ना० दिपक, दीप, बात्ति, उज्यालो आदि ।

दूति–बि० आयुका दूतिहरू, जस्ले आयु ल्याउने काममा मद्धत गर्दछन् ।

देवगक्ष– ना० देवताहरूको योग्यता र क्षमता आदि ।

देवदत्त– ना० बुद्धकालिन भिक्षु । जसले भिक्षुको ब्रत लिएर पनि बुद्धको शील बिपरित काम गरे । बुद्धको बिरोध गरे पनि समिपमै मृत्यु भएकोले, उनको करुणाबाट जातक प्राप्त गर्ने आचरणहिन भिक्षु ।

देवपुत्र– ना० देवताहरूको पुत्र आदि ।

देवरत्न– ना० देवताहरूले देवलोकमा प्रयोग गर्ने रत्न ।

देवरक्ष– ना० देवताहरूको रक्ष गर्ने बिशेष बुटी ।

देवासन– ना० देवताहरूले आराम गर्ने आसन ।

धम्मदर्शी– ना० बुद्धबंश अनुसार धम्मदर्शी अठाह्रौं बुद्ध । उनी इन्द्रको अवतार हुन् । उनको जन्म शरण नगरमा भएको थियो । उनको पिताको नाम राजा शरण र माताको नाम सुनन्द थिइन् । उनको अरज बिरज र सुर्दशन नामक तीन प्रासादहरू थिए । उनको पत्निको नाम बिचिकोली र पुत्रको नाम पुण्य वर्धन थिए । उनले गृह त्याग गरी सप्ताह तपस्या गरी बोधि लाभ गरे । उनको पद्म, पुण्यदेव, सुभद्र, कटिसह, क्षेमा र सत्य नामा नामक उपस्थकहरू थिए ।

धर्म– बि० कुनै व्यक्ति वा बस्तुमा रहने गुण, आचरण, विश्वास आस्था, सिद्धान्त, सम्प्रदाय आदि ।

धर्मते– ना० धर्म अनुरुप काम गर्नु ।

धर्मपाल– ना० धर्मको रक्षा गर्ने भिक्षु, अहर्त, अरहत आदि ।

धर्मरत्न– ना० क्लेश मुक्त भैसकेको अवस्थाबाट प्राप्त हुने रत्न । अहर्तत्व, बुद्धत्व, बुद्धचक्षु आदि ।

धर्मशाला– ना० निःशुल्क रुपमा बटुवाहरू बस्ने घर । निःस्वार्थ भावले मानविय सेवा गर्ने स्थान आदि ।

धारणी– ना० कुनै पनि बिचारलाई धारणा गर्नु ।

धूपम्– ना० भगवानलाई चढाउने सुगन्धित धूप आदि ।

नागार्जुन– ना० दास्रो शताब्दीको शून्यवादको प्रख्यात बौद्ध दार्शनिक आचार्य नागार्जुन ।

नारद– ना० बुद्धबंश अनुसार नारद चौधौँ बुद्ध हुन् । उनी तपस्वि धनराजको अवतार हुन् । उनको जन्म धन्यवती नगरमा भएको थियो । उनको पिताको नाम सुवेद र माताको नाम अनोमा थियो । उनको जित, बिजित र अभिराम नामक तीनवटा प्रसाप्रासादहरू थिए । पत्निको नाम बिजेतसेना र पुत्रको नाम नन्दोनन्दोत्तर थियो । उनले गृह त्याग गरी सप्ताह तपस्या गरे पछि बोधि लाभ गरे । उनको भद्रशाल, जितभित्र, उदरेन, बृषभ, इन्दवरी, वण्डी, उत्तरा र फाल्गुनी उपस्थकहरू थिए ।

नालन्द विश्वविद्यालय– ना० भारतको राजगृहको क्षेत्रमा अव स्थित नालन्द महाविहार। पछि नालन्द बौद्ध विश्व विद्यालयमा रुपान्तिरित। पाचौदेखि आठौं शताब्दीसम्म प्रख्यात । सातौँ शताब्दीको प्रथम दशकतिरबाट मुसलमानहरूको आक्रमणबाट आगलागी। छ महिनासम्म पुस्तकालयको आगो निभेको थिएन। यो विश्वविद्यालय तेह्रौं शताब्दीको मध्यसम्म अस्तित्वमा थियो । अहिले भग्नाशेष मात्र बाँकी रहेको।

नास्तिक– ना० ईश्वर, देवता, भगवानको अस्तित्वलाई स्वीकार नगर्ने। बिज्ञान सम्मत बाहेक परलोक र अन्धबिश्वासको मान्यतालाई स्वीकार नगर्ने यर्थातवादी वा सम्यकवादी दार्शनिकहरू आदि।

नास्तिकता– ना० नास्तिक हुनको भाव वा अवस्था।

नास्तिकत्व– ना० नास्तिकता वा नास्तिकवाद आदि।

नास्तिक दर्शन– ना० बिज्ञान सम्मत प्रयोगशालामा प्रयोग गरी हेर्न सकिने भौतिकवाद।

निङमपा– ना० तिब्बतको पुरानो स्कुल वा मत। इसवि ८५० मा महागुरु पद्मसंभावले स्थापना गरेको स्कुल।

निर्भय– बि० भय रहित अवस्था आदि।

निर्वाण– बि० जन्म र मरणबाट मुक्त हुने मार्ग। क्लेश र

अहंकारबाट मुक्त भैसकेको अहर्तले अभ्यास गर्ने समाधिको मार्ग। निर्वाण भनेको मृत्यु भैसकेको अवस्था होइन। मुक्त हुने अवस्थाको मार्ग हो।

निस्प्रन्च– ना० बिल्कुल खालि भएको अवस्था।

नेरञ्जना– ना० बुद्धगया नजिकैको नेरञ्जना नदी, जहाँ गौतम बुद्धको चेतना खुलेको थियो।

नेत्रधारी– ना० आँखाको ज्योति राम्रो भएको।

नैवेतम्– ना० भगवानलाई चढाउने प्रसाद आदि।

पचगिरिनी– ना० पचगिरिनी।

पचिते– ना० पूर्ण रुपमा हुने काम।

पञ्चकुल–ना० पाँच किसिमका कुल आदि।

पञ्चशील– ना० हिंसा नगर्ने, चोरी नगर्ने, झुट नबोल्ने, परस्त्री गमन नगर्ने र मादक पदार्थ सेवन नगर्ने बिषयमा सम्यकसंकल्प गरी शील प्राप्त गर्ने। यसले मानव जीवनलाई उन्नतिको शिखरमा पुऱ्याउँछ।

पद्म– ना० बुद्धबंश अनुसार पद्म तेह्रौं बुद्ध हुन। उनी सिँहको अवतार थियो। उनको पिताको नाम राजा असम र माताको नाम असमा थिइन्। उनको जन्म चम्पक नगरमा भएको थियो। उनको नन्द, वसु र यश नामक तीनवटा प्रासादहरू थिए। उनको पत्नीको नाम उत्तरा र पुत्रको

नाम रम्य थियो । उनले गृह त्याग गरी आठ महिनासम्म तपस्या गरी बोधि लाभ गरे । उनको शाल, उपशाल, बरुण, राधा र सुराधा नामक उपस्थ कहरू थिए ।

पद्मसंभाव– ना० उर्ग्यान, बज्रमहागुरु पद्मसंभाव । तिब्बतको पहिलो स्कुल ञिङम मतको संस्थापक । ऊँ मणि पद्मे हु । मन्त्रद्वारा सम्बोधन गरिने । त्रिकालदर्शी, महायोगी, महासिद्धिगुरु बोधिचार्य आदि ।

पद्मासन– ना० पद्मासन जहाँ बुद्ध, बोधिसत्व र धर्मपालहरूले आसन ग्रहण गर्दछन् ।

परित्राण– बि० शास्त्रिय ढंगले परित्राण पाठ गरी चारैतिरबाट सुरक्षित गरिएको अवस्था ।

परिणामना– बि० कसैले गरेको प्रस्तावलाई समर्थन गर्ने स्वीकार गर्ने, सहमति गर्ने वा कुनै पनि पूजापाठ गरे पछि समापन गर्ने समयमा पुण्य परिणामना गर्ने ।

परियति–ना० परियति भनेको पाली भाषाबाट बिकास भएको नैतिक शिक्षाको शब्द हो भन्ने अर्थमा बुझ्नु पर्छ ।

परिशुद्ध– बि० अत्यन्तै शुद्ध भएको अवस्था ।

पारमिता– बि० आस्था र निष्ठाबाट गरेको कामलाई अन्तिम बिन्दुसम्म पुऱ्याउने साधन पारमिता ।

पिटक– ना० दर्शनको संग्रह । सूत्र, अभिधम्म र विनय पिटक ।

बुद्ध दर्शनको मूल ग्रन्थ पवित्र त्रिपिटक। दीर्घ मज्झिम, संयुक्त अंगुत्तर र खुद्दक निकाय आदि।

पियदर्शी– ना० बुद्धबंश अनुसार पियदर्शी सोह्रौं बुद्ध हुन्। उनी ब्राह्मण काश्यापको अवतार हुन्। उनको जन्म सुधन्य नगरमा भएको थियो। उनको पिताको नाम सुदत्त र माताको नाम चन्द्रा थिइन। उनको कमल, बिमल र निर्मल नामक तीनवटा प्रासादहरू थिए। पत्निको नाम बिमला र पुत्रको नाम कञ्चनबेड थियो। उनले गृह त्याग गरी तपस्या गरी बोधि लाभ गरे। उनको पालित, करण, बरण, सुर्दशन, सवदर्शी शोभित, सुजाता, कृपा र धर्मदा नामक उपासकहरू थिए।

पुण्य– बि० असल कर्म गरे बापत प्राप्त हुने परिणाम।

पुष्पम्– ना० फूल भगवानलाई चढाउने फूल आदि।
पूर्वानुस्मृति– ना० पूर्वजुनिको स्मरण गर्न सकिने ज्ञान।

प्रजापति– ना० बुद्धको सानी आमा। बुद्ध शासनको प्रथम भिक्षुणी। महामाया देवीको सहोदार बहिनी प्रजापति गौतमी।

प्रज्वलित– बि० एकदम बलेको, दन्केको, ज्वाला आदि।

प्रणाम– बि० एक आपसमा मानसम्मान गरिने शब्द।

प्रणिधान– ना० कसैको नाउँमा प्रार्थना गर्ने प्रकृया।

प्रणिपात– ना० नमस्कार गर्ने काम आदि ।

प्रतित्यसमुत्पाद– ना० प्राकृतिमा आश्रित सिद्धान्त । यो 'प्रतित्य समुत्पाद' शब्द 'प्रतित्य+समुत्पाद' गरी दुईवटा शब्दहरूबाट सन्धि गरिएको छ । 'प्रतित्य' भन्नाले कारण र 'समुत्पाद' भन्नले त्यसबाट उत्पन्न हुने बिभिन्न खालका परिणामहरू भन्ने भावार्थलाई बुझ्नु पर्छ । 'प्रतित्यसमुत्पाद' को सिद्धान्त मूल आधार वा नाभि स्थान हो । यहीबाट बुद्धदर्शन आरम्भ हुन्छ ।

प्रत्येकयान– ना० बौद्धदर्शन बाचन गरी जातजातिहरूले आफ्नो मौलिक संस्कार अनुसार गरिने जीवन संस्कारको परम्परा प्रत्येकयान, प्रत्येकबुद्ध, हजारबुद्ध आदि ।

प्रज्ञा– बि० विद्वान भाव भएको ब्यक्ति ।

प्रज्ञापारमिता– ना० बुद्ध धर्मको पवित्र ग्रन्थ । बौद्ध धर्ममा ज्ञानको पूर्णताका लागि उपयुक्त हुने शब्द वा बौद्ध दर्शनको जननी वा प्रज्ञाको सार बुझिसकेका आचार्य कल्याणमित्र, अहर्त, बोधिचार्य वा बोधिसत्व आदि ।

प्रासाद– ना० देवताहरू तथा बुद्धहरूको निवास प्रासाद । राजा हरूको निवास दरबार । जमिन्दरहरूको निवास महल, भवन हवेली । नागरिकहरूको निवास घर ।

पाली–ना० बुद्धकालिन जम्बुद्वीपको स्थानीय पाली भाषामा प्रथम पटक त्रिपिटक सँग्रहित गरिएको थियो । पालीको

बारेमा बिद्धा नहरूको आ-आफ्नै मतहरू छन् । कसैले पाटलीपुत्रबाट पाली भनेको छन् । कसैले प्राकृतबाट पाली भनेका छन् । जम्बुद्वीपको पुरानो शिलाहरू र अशोक पिलरको लेखहरू सबै पाली भाषामा लेखिएका छन् । संस्कृत त्यसपछिका हुन् ।

पुण्यवान– ना० दान, धर्म, पुण्यको काम गर्ने मानिस ।

फुस्स– ना० बुद्धबंश अनुसार फुस्स एक्काइसौँ बुद्ध हुन् । उनी बिजतको अवतार थिए । उनको जन्म काशि नगरमा भएको थियो । उनको पिताको नाम राजा जयसेन र माताको नाम सिरिमा थिइन् । उनको गरुड पक्षहंस र सुवर्णभार नामक तीनवटा प्रासादहरू थिए । उनको रानीको नाम कुशा गौतमी र पुत्र अनुपम थियो । उनले गृह त्याग गरी छ महिनासम्म तपस्या गरी बोधि लाभ गर्नु भयो । उनको धर्मसेन, सुरक्षित सभिय, बिशाख, धनञ्जय र पद्मा नामक उपस्थकहरू थिए ।

फोबा– ना० फोबा भनेको संक्रान्ति हो । मृत्यु भैसकेको मानिसको नाउँमा तत्कालै गरिने बिशेष किसमिको तान्त्रिब बिधि द्वारा बुद्धक्षेत्र सुखवती स्तान्तरण गर्ने प्रकृया आदि ।

बचन– ना० एक बचन, दुई बचन, बहुबचनमा बोलिने शब्द भाषा, भाष्य बाणि वा आदि ।

बज्रअंकुश– ना० पूर्व दिशाबाट आयु ल्याउने देवी, काय वर्ण सेतो ज्योति उदाएकी ।

बज्रकिल– ना० कुनै स्थानमा स्थिर भएको अवस्था ।

बज्रधार– ना० कठिन मार्ग, प्रवाह गर्ने आदि ।

बज्रभूमि– ना० चारैतिर सुरक्षित बज्रभूमि ।

बज्रपानी– ना० यक्षको सेनापति । बुद्ध कालको यक्षलोकको लागि यक्ष धर्मपाल ।

बज्रयक्ष– ना० बज्र जस्तो स्थिर भएको यक्षपति ।

बज्रयान– ना० बुद्धदर्शनको सूत्र, मन्त्र र तन्त्रलाई प्राकृतिको उत्कृष्ट स्रोत र साधनको उपयोग गरी साधना गरिने परम्परागत बज्रयानको साधना बिधि ।

बज्रयोगी– ना० बज्रयानी मार्गको योगी ।

बज्रसत्व– ना० यक्षको सेनापति । बुद्धकालको यक्षलोकको लागि यक्ष धर्मपाल ।

बज्रसाधु– ना० बज्र जस्तो स्थिर साधु ।

बज्रासन– ना० बज्रको जस्तो कठोर आसन ।

बन्दना– ना० प्रार्थना गर्ने काम । नेपालीमा बन्दना । संस्कृतमा वन्दना । दुबैको अर्थ एउटै हो ।

बाचन– ना० बुद्धबचनलाई शुद्धसँग पढने गर्ने काम ।

बिख्यात – बि० कुनै पनि बिषयमा प्रख्यात भएका।

बिपस्सि– ना० बुद्धबंश अनुसार बिपस्सि बाइसौं बुद्ध हुन् । उनी राजा अतुलको अवतार थिए। उनको जन्म बन्धुमती नगरमा भएको थियो । उनको पिताको नाम बन्धुमान र माताको नाम बन्धुमतीदेवी थिइन्। उनको नन्द, सुनन्द र सिरिमा नामक तीनवटा प्रासादहरू थिए। उनको रानीको नाम सुर्दशना र समबृत्त स्कन्ध पुत्र थियो । उनले गृह त्याग गरी आठ महिना सम्म तपस्या गरी बोधि लाभ गरे । उनको खण्ड, अशोक करन, बरन, चित्र, चन्द्रा र चन्द्रमित्ता, पुनर्बमित्र, नाग, सिरिमा र उत्तरा सुप्रिया नामक उपस्थकहरू थिए।

बिम्बिसार– ना० मगधको राजा बिम्बिसार । बुद्ध, धर्म र संघलाई अम्रबाग बेनुबन दान दिने प्रथम राजा । बुद्ध शासनको प्रथम राजउपासक राजा हुन्।

बिभूषित– बि० शोभयमान, शुभोसित, अलंकृत सिँगारिएको सजाइएको आदि।

बिर्यवान– ना० बलवान, बलबीर र ऋद्धिवान आदि।

बिराजमान– बि० कुनै बिशिष्ट ब्यक्तिहरूको आगमान।

बिरुढग– ना० मगध राज्यको एक सेनापति।

बुद्ध– बि० राग, द्वेष, माया, मोहा, काम, वास्ना, तृष्णा र

अहंकार सबै त्यगेका वैरागी, सन्यासी वा भिक्षु । शिरमा दिब्यरेश्मी प्रकट हुन सक्ने । लोक परलोकको कुरा जान्न र बुझ्न सक्ने । मानिस र देवताहरूको पनि शास्त हुन सक्ने क्षमता भएको त्रिकालदर्शी । च्युत, व्युत, उत्पति र प्राकृतिका गुण र बिशेषताको पनि बिशेष जानकारी राख्ने । नीलको पत्थर जस्मा सबै रुपान्तिरत हुन सक्ने क्षमता राख्दछ ।

बुद्धत्व– बि० जम्बुद्वीपको गयामा ५८८ इसापूर्व बैसाख पूर्णिमाको रातको प्रथम प्रहारमा शाक्यमुनि सिद्धार्थ गौतमले प्राप्त गरेको पूर्वानुस्मृति, व्युत्पति, दिब्य चक्षु सहितको प्रतित्यसमुत्पाद र चक्षु सहितको त्रिकालदर्शी बुद्धत्वको बोधिज्ञान ।

बुद्धबचन– बि० बुद्धबचन भनेको सत्यबचन हो । सत्यबचन भनेको समय हो । यसमा बस्तुवाद र हेतुवाद गरी दुईवटा मार्ग छन् । बस्तुवाद भनेको जीवन पद्धति वा संस्कार हो । पद्धति भनेको केमेइस्ट्री हो । जसमा बस्तुहरूको मात्रालाई प्राथमिकता दिइन्छ । जस्तैः तरकारी पकाउनका लागि तरकारी केमेइस्ट्रीमा आवश्यक पर्ने नुन, तेल, मसला, अदुवा, ल्हसुन हरियो धनियाको पात आदिको मात्रा सही ढंगमा प्रयोग भएको छ भने, तरकारीको स्वाद उत्कृष्ट हुन्छ । उत्कृष्ट बस्तु अमृत समान हुन्छ । अमृत खाए पछि आनन्द हुन्छ । आनन्द भए पछि मनस्थिर

हुन्छ। स्थिर भए पछि बृत्तिबिकास हुन्छ। बृत्तिबिकास भए पछि चारैतिर कीर्ति फैलिन्छ । जीवनमा अमूल परिवर्तन भएको अनुभूति हुन्छ। उन्नति, प्रगति र समृद्धि आफ्नै वरिपरी घुमिरहेको आभास हुन्छ। दोश्रो हेतुवाद हो। हेतुवाद भनेको कार्यकारण सिद्धान्त हो। कारण र परिणाम प्रतित्यसमुत्पाद, आश्रित सिद्धान्त हो। यहीबाट बुद्ध दर्शन आरम्भ हुन्छ। जस्तैः एउटा दियोलाई लिउँ। एउटा कोठामा दीयो बलिरहेको छ। तर, दियो बाल्नका लागि एउटा दियो मात्र पर्यप्त हुँदैन । यसका लागि प्याला, तेल, बात्ति, बाल्नका लागि माचिस, दियो बल्न सक्ने उपयुक्त बातावरण, पर्यप्त अक्सिजन हावा नचल्ने र वर्ष नहुने आदि बातावरणमा दियो बाल्न सकिन्छ। अनि मात्र दियोबाट प्रकाश उत्पन्न हुन्छ। यो प्रकृयालाई हेर्दा, दियोलाई कारण र प्रकाशलाई कार्यको रुपमा लिन सकिन्छ। अर्थात एउटा बस्तुको जगमा अर्कोले अस्तित्व प्राप्त गर्दछन्।

बुद्धभूमि– ना० तथागत बुद्धको जन्मभूमि लुम्बिनी।

बुद्धमार्गी– क्रि० बुद्धको मार्गमा चल्ने मानिसहरू।

बेसम्भु– ना० बुद्धबंश अनुसार बेसम्भु/भेषम्भु/बिसम्भु चौबिसौं बुद्ध हुन् । उनी सद्धसन ब्राह्मणको अवतार थियो। उनको जन्म अनोम नगरमा भएको थियो। उनको पिताको नाम सुप्रतित र माताको नाम यशस्वी थिइन्।

उनको रुचि, सुरुचि र श्रीबर्चन नामक तीनवटा प्रासादहरू थिए। उनको रानीको नाम सुचित्र थिइन्। उनले गृह त्याग गरी छ महिनासम्म तपस्या गरी बोधि लाभ गरे। उनको श्रोण, उत्तर, रम्य, रमा सुरामा स्वास्तिक र सिरिमा नामक उपस्थकहरू थिए।

बैरोचन– ना० बुद्धबंश अनुसार बैरोचन चौथो बुद्ध हुन्। पञ्च बुद्धमा प्रथम, ध्यानी बुद्ध हुन्। उनको दिशा मध्यमा, वर्ण सेतो, मुद्रा धर्मचक्र, प्रतिक चक्र, मुर्तरुप सर्व भौमिकता उग्ररुप मुर्खता, वाहन माकुरा, अध्यात्मिक पुत्र मञ्जुश्री, पत्नि श्वेततारा र तत्व रुप हुन्।

बैशाली– ना० बुद्धकालिन मगध राज्यको छिमेकी।

बोधिचार्य– ना० बुद्ध धर्मको वरिष्ट आचार्य।

बोधिचित्त– बि० पूर्णरुपमा सचेत भैसकेको शुद्ध चित्त वा मन। राम्रो नराम्रो छुटाउन सक्ने मन। क्लेशबाट मुक्त भैसकेको चित्त वा मन। बोधिचित्तबाट मात्र श्रोतापन्न हुन सक्दछ। श्रोतापन्न भए पछि अहर्त हुन्छन्। अहर्तहरू साधनाको माध्या मद्वारा समाधिमा पुग्छन्। समाधि भनेको साधनाको अन्तिम सत्य हो। निर्वाण भनेकको त्यही हो।

बोधिपथ– ना० बुद्धले पछ्याएको मार्ग।

बोधिसत्व– ना० पारमिता पार गरी बुद्धत्व प्राप्त गर्न सक्ने योग्यता र क्षमता राख्ने अहर्त वा आचार्य।

ब्युत्पति– ना० प्राँणीहरूको उत्पतिको नियम।

भगवत– ना० भगवानको स्वभाव भएको ब्यक्ति।

भगवतिदास– ना० भगवतिदास।

भगवान– बि० भगवान भनेको पाली भाषाको सन्धि शब्द हो। भग+वान= भगवान । भग भनेको उत्कृष्ट, माथिल्लो तहको सुद्ध, निःस्वार्थ वा पबित्र भाव भएको । वान भनेको बाणी हो । बुद्ध दर्शनको भाव अनुसार राग, द्वेष, माया, मोहा, तृष्णा काम, वासना र अहंकारको भावनाबाट अलग भएर माथि उठ्न सक्ने भाव भएको महामानवलाई भगवान भन्दछ। त्यस्तो चरित्र श्रोतापन्न, अहर्त, कल्याणमित्र, बोधिसत्व, महासत्व, प्रत्येकबुद्ध र बुद्धहरूमा मात्र हुने देखिन्छ।

भद्रकल्प– ना० उत्तम समय, राम्रो समय आदि।

भक्ति–ना० आफुले मान्दै आएको देवी देवताहरू प्रतिको निष्ठा आस्था, बिश्वास, श्रद्धा, भक्ति, पूजापाठ आदि।

भन्ते– बि० बुद्ध शासनमा प्रबर्जित हुने श्रमनेरहरू, बौद्ध भिक्षुलाई सम्मान गर्ने मान सुचक आदि।

भवचक्र– ना० संसारिक नियमलाई चलाउने चक्र।

भवसागर– ना० जन्म र मृत्यको जीवनचक्र। प्रतित्यसमुत्पाद। बुद्धले चार आर्य सत्यको विषयमा भनिसक्नु भएको छ

कि यो भवसागर दुःखले भरिएको छ। दुःखको कारण र समुह छन् । दुःखबाट छुटकारा पाउने उपाय छ । दुःखबाट मुक्ति हुन सक्ने अवस्था र मार्ग छन् । अर्थात निर्वान प्राप्त गर्न सकिन्छ । यसलाई 'चार आर्यसत्य' भन्दछन् । चार आर्यसत्यको बास्तविक अवस्थालाई 'दुवादश निदान'को श्रंखलावद्ध तरिकालेउदाहरण दिनु भएको छ। जस्तैः जरामरण, जाती, भव, उपदान उपदान, तृष्णा वेदना, स्पर्ष, षडायतन, नामरुप, विज्ञान संस्कार र अविद्या । यी श्रृंखलाहरू एक पछि अर्को कारणमा आश्रित हुँदै अविद्यामा समाप्त हुन्छ।

भार्दो– ना० अन्तराभावको अवस्था।

भार्या– ना० बिबाहित स्त्री, श्रीमती, पत्नि, अर्धाङ्गिनी।

भावना– ना० अनुभाव वा स्मृतिबाट उत्पन्न हुने भाव, कल्पना बिचार, चिन्तन, मनन्, प्रेम, अनुराग, श्रद्धा, आस्था आदि।

भिक्षु– बि० बुद्ध शासनमा प्रबर्जित हुने श्रमनेरहरू।

भृकुटी– ना० राजकुमारी भृकुटी। राजा श्रोङ्चोन गम्पोको रानी हरित तारा। तिब्बतमा बौद्धधर्मकी प्रबर्द्धक बोधिसत्व।

भ्रान्ति– ना० भ्रम, कुनै कुरा सुन्दा वा देख्दा, त्यस्तै अर्को बस्तुको भान हुने अवस्था आदि।

मंगल – बि० राम्रो, शुभ, भलो, कुशल आदि।

मतिशोधन–ना० मतिको शोधन गर्नु आदि।

मत्स्य– ना० माछा, पानीमा बस्ने प्राणि आदि ।

मन्त्र– ना० बुद्ध दर्शन भित्र भएको अत्यन्तै गुड अर्थ ।

मन्जुश्री– ना० पारमिता पार गरिसकेको बोधिसत्व ।

मण्डल– ना० भवसागरको पर्यवची, बौद्धमार्गीहरूले पूजापाठ गर्दा सजाउने तीन खन्डे मण्डल आदि ।

मन्त्रयान– ना० बुद्धदर्शनको गुड मन्त्रलाई साधना गर्ने ।

महाकाल– ना० कालो चारहाते शक्तिशाली धर्मपाल ।

महाकाश्यप– ना० पूर्ण काश्यपबाट गया काश्यप, गयाबाट महाकाश्य हुनु भएको बुद्ध शासनको दोश्रो अहर्त एवं धर्मपाल त्रिकालदर्शी, महायोगी आदि ।

महापुण्य– ना० धेरै पुण्य कमाउने काम आदि ।

महामाया– ना० गौतम बुद्धलाई जन्म दिने माता ।

महायान– ना० बुद्धदर्शनको सबै मत अटाउने मार्ग ।

महायोगी– ना० सूत्र, तन्त्र र मन्त्रलाई उत्कृष्ट योगद्वारा साधना गरी प्राप्त गरेका सिद्धि महायोगी ।

महारत्न– ना० रत्नहरू मध्येमा अत्यँतै महङ्गो रत्न ।

महास्वयम्भू– ना० प्राचिन कालमा आफै उत्पति भएको बुद्ध । काठमाडौं महानगरको पश्चिमपट्टिको गोपुच्छ पर्वतको शिखरमा अवस्थित बौद्ध महाचैत्य ।

मुचलिन्दा– ना० मुचलिन्दा नाग जातिको धर्मपाल हुन् । उनी श्वेतकेतु बोधिसत्वले महामाया देवीको गर्भमा प्रवेश हुन साथ उनको सुरक्षा प्रमुखको रुपम खटिएका थिए। उनलाई अत्यन्तै हितौषिहरूले देख्न सक्दथे । यसरी देख्नेहरूमा महामाया प्रजापति, उत्कली, छन्न, आनन्द र सारिपुत्र, महकाश्यप थिए ।

मेघन्कर–ना० बुद्धबंश अनुसार मेघन्कर दितीय ध्यानी बुद्ध ।

मैत्रेय– बि० बुद्धबंश अनुसार भविष्यमा आउने उनन्तिसौँ बुद्धलाई मैत्रेय बुद्ध भनिनेछ। एकजना बुद्धको आयुलाई एक कल्प मानिएको हुन्छ। एक कल्प भनेको हजार वर्ष हुन्छ । तर शाक्यमुनि गौतम बुद्धको आयु पाँच कल्प भनेको छ। अर्थात ५,००० वर्ष हो। अहिले २,६४८ वर्ष भयो। अब २,३५२ वर्ष गौतम बुद्धको शासनकाल बाँकी रहेको छ । उनको शास नकाल समाप्त भए पछि मात्र मैत्रि बुद्धको अवतरण हुनेछ । बौद्धमार्गी मित्रहरूलाई के कुराको स्मरण गराउन चाहन्छु भने, २,३५२ (दुई हजार तिन सय बाउन्न) वर्ष पछि अवतरण हुने मैत्रि बुद्धको प्रतिमा अहिले बजारमा उपलब्ध भैरहेको देखिन्छ ? मैत्रिबुद्ध जन्मिएकै छैन ? यसको प्रतिमा कसरी बन्यो ? यस्तो कपोल कल्पित र भ्रमक कुराहरूमा सम्पूर्ण बौद्धमार्गीहरू सचेत रहनु पर्छ ।

मोक्ष– बि० जन्म मृत्युको चक्रबाट छुटकारा पाउने काम, मोक्ष मृक्ति, शून्यता, निर्वाण आदि ।

मौदगल्यान– ना० बुद्ध शासनको चौथो अहर्त, अहर्त, कल्याण मित्र, धर्मपाल, विनयमा श्रेष्ठ आदि ।

यमन्तका– ना० यमन्तेहरू ।

यशस्वी– बि० राम्रो यश, कीर्तिमान, प्रसिद्धि, गुणवान ।

यशोधरा– ना० बुद्धको धर्म पत्नि । बुद्ध शासनको दोश्रो भिक्षुनी । सातौँ अहर्त वा अरहत र धर्मपाल ।

यक्ष– ना० धार्मिक मान्यताको अनुसार देवलोकमा बिभिन्न काममा सहभागी हुने एउटा जाति ।

रत्नमण्डल–ना० रत्नहरूको मण्डल । बुद्ध, धर्म र संघको प्रतिक तीन तहमा तयार गरिने मण्डल ।

रत्नसंभव– ना० बुद्धबंश अनुसार रत्नसंभव सातौं बुद्ध हुन् । पञ्चबुद्धमा चौथो हुन् । उनी ध्यानी बुद्ध हुन् । उनको दिशा दक्षिण, वर्ण पहेलो, मुद्रा, प्रतिक रत्न मुर्तरुप करुणा, उग्ररुप इच्छा, वाहन सिँह, आध्यत्मिक पुत्र रत्नपाणी, पत्नि मामकी र तत्व वेदना हुन् ।

राजगृह– ना० बुद्धकालिन समृद्ध मगध राज्यको राजधानी राजगृहनगर ।

राजगीर– ना० राजगीर नगर ।

राहुल– ना० बुद्ध पुत्र । बुद्ध शासनको छैठौँ अहर्त वा अरहत धर्मपाल, बिर्यवान आदि ।

रेवत– ना० बुद्धबंश अनुसार रेवत दशौं बुद्ध हुन् । उनी वेद ब्राह्मणको अवतार थियो । उनको जन्म सुन्धानवती नगरमा भएको थियो । उनको पिताको नाम बिपुल क्षेत्रिय र माताको नाम बिपुली थियो । उनको सुदर्शन, रत्नार्ध र आवेड नामक तीनवटा प्रासादहरू थिए । उनको पत्नीको नाम सुर्दशना र बरुण नामक पुत्र थिए । उनले गृह त्याग गरी सात महिनासम्म कठोर तपस्या गरी बोधि लाभ गरे । उनको बरुण, ब्रह्मदेव भद्रा, सुभद्रा, पद्म, कञ्जर, सिरिमा र यशवती थिए ।

लम– ना० गुरुङ बुद्धिजममा प्रवर्जित भएको लम ।

लमखेगी– ना० गुरुङ बुद्धिजममा प्रबर्जित भएको पुरेत ।

लमचुँ– ना० थरीलमहरूको प्रथम अवस्थल ।

लमचिब– ना० गुरुङ बुद्धिजमको आचार्य तहको बरिष्ट लम धर्मगुरु वा गुम्बाको प्रमुख लम वा गुरु ।

लमचोग– ना० गुरुङ बुद्धिजमको भाव जान्ने प्राज्ञ ।

लमपैडी– ना० गुरुङ बुद्धिजमको भाव जान्ने पण्डित ।

लामा– ना० तिब्बती बुद्ध धर्ममा प्रवर्जित भएका धर्मगुरु, शिक्षक विद्वान, आचार्य, प्राचार्य आदि ।

लुम्बिनी–ना० बुद्धको जन्मभूमि पवित्र लुम्बिनी ।

वाक– ना० बचन, बोलि, शब्द, भाषा, लवज आदि ।

शरणम्– क्रि० शरणमा, बुद्धको शरणमा जान्छु ।

शहस्र– ना० हजार, एक हजार, सौ सौका दश आदि ।

शाक्यमुनि– ना० बुद्धबंश अनुसार शाक्यमुनि सिद्धार्थ गौतम अट्ठाइसौँ बुद्ध हुन् । श्वेतकेतु बोधिसत्वको अवतार ।

शुद्धोधन– बि० सिद्धार्थ गौतम बुद्धको पिता ।

शून्य– ना० केही पनि नभएको खोक्रो, खाली, रित्तो, सुनसान निर्जन, एकान्त, निराकार, आकार नभएको, अस्तित्व रहित शून्यज्ञान, निर्वाण आदि । माध्यमिक दर्शन ।

शून्यता– ना० शून्य भएको भाव वा अवस्था ।

शून्यवाद– ना० नास्तिक मत । सम्यक दृष्टि ।

शोभित– ना० बुद्धबंश अनुसार शोभित एघारौं बुद्ध हुन् । उनी रामवतिको अवतार थियो । जन्म सुधर्म नगरमा भएको थियो । उनको पिता सुधर्म क्षेत्रिय र माता सुधर्मा थिइन । उनको कुमुद, मालिन र पद्म नामक तीवटा प्रासाहरू थिए । पत्निको नाम मणिला र पुत्रको नाम सिँह थियो । उनले गृह त्याग गरी एक हप्तासम्म तपस्या गरी बोधि लाभ गर्नु भयो । उनको असभ, सुनेत्र, सुदत्त, अनोम, नकुला, सुजाता, चित्ता नामक उपस्थकहरू थिए ।

श्रद्धा– बि० आस्था र निष्ठाबाट उत्पन्न भएको आदरपूर्ण भावना, सदभाव, बिश्वास र भक्तिभाव आदि ।

श्रमनेर– ना० भरखरै प्रबर्जित भएको भिक्षु ।

श्रावक– ना० भरखरै प्रवर्जित भएको भिक्षु ।

श्रावकयान– ना० भरखरै प्रवर्जित भएको तर, शील, भावना र साधनामा पारंगत नभएका श्रमनेरहरूको समूह, श्रावकयान ।

श्राबस्ती– ना० तथागत बुद्धले बुद्धत्व प्राप्त गरे पछि ४५ वर्षसम्म धर्मदेशना गर्नु भयो । त्यस मध्ये आधा समय श्राबस्तीमा निवास गर्नु भयो । बुद्ध, धर्म र संघको लागि उपयुक्त उपयुक्त स्थान । श्राबस्ती कोसल जनपदको राजधानी थियो ।

श्रीदेवी– ना० पल्देन ल्हमु श्रीदेवी धर्मपाल ।

संकल्प– ना० निर्णय, फैसला, निधो, प्रतिज्ञ आदि ।

संघ– ना० बुद्धकालिन भिक्षु संघ । चैतन्य आचार्यहरूको समूह संघ, सत्मार्गीहरूको संघ आदि । विद्वानहरूको समुदाय संघ ।

संभारो– ना० सम्हलेर, साँचेर, संभार गरेर आदि ।

संभोगकाय– क्रि० संभोग गरिरहेको अवस्था ।

समाधि– ना० बौद्धदर्शन अनुसार गरिने योग साधनाको अन्तिम

अवस्था। क्लेश मुक्त भए पछि प्राप्त हुने वायोगीहरूले देह त्याग गर्ने अन्तिम अवस्था।

समयस्त्व–ना० समयस्त्व।

समुद्गते– ना० समानता, बराबर अवस्थामा आदि।

सम्भारो– ना० सम्भारो पचिते आदि।

सम्यक– ना० सुहाउदो, उचित, उत्तम, उपयुक्त आदि।

साक्यपा– ना० साक्य स्कुल। खोन खोन्चोक ग्येल्पो १०३४-११०१ साक्य मतको संस्थापक।

साधक– बि० सूत्र, तन्त्र र मन्त्रलाई साधना गर्ने योगी।

साधना– ना० सूत्र, तन्त्र र मन्त्रलाई शास्त्रिय बिधिबाट साधना गरी सिद्धि प्राप्त गर्ने साधना मार्ग।

साधु– बि० कसैले राम्रो काम गर्यो भने भिक्षुहरूले साधु, साधु, भनेर भन्छन्। धन्य हो भन्नु हो।

सारनाथ– ना० तथागत गौतम बुद्धले प्रथम पटक धर्मचक्र प्रबर्धन गरेको पवित्र स्थान सारनाथ।

सारिपुत्र– ना० बुद्धशासनको तेश्रो अहर्त, श्रोतापन्न, धर्मपाल, कल्याणमित्र, प्रज्ञापारमिता र धर्म सेनापति।

सालबाग– ना० पवित्र लुम्बिनीको सालको बगैँचाा।

सिखि– ना० बुद्धबंश अनुसार सिखि तोइसौँ बुद्ध हुन्। उनी अरिन्मोको अवतार हुन्। उनको जन्म अरुणवती नगरमा

भएको थियो । उनको पिताको नाम अरुण र माताको नाम प्रभावती थिइन् । उनको सुचन्द्रक, गिरी र बृषभ नामक तीनवटा प्रासादहरू थिए । उनको रानीको नाम सर्वकामा र पुत्रको नाम अतुल थियो । उनले गृह त्याग गरी आठ महिना सम्म तपस्या गरी बोधि लाभ गरे । उनको अभियु, स्वयम्भु श्रीबृद्ध, नन्द, आनन्द, पद्मा, सखिला, चित्रा र सुगुप्ता नामक उपस्थकहरू थिए ।

सिद्धार्थ– ना० बुद्धबंश अनुसार सिद्धार्थ उन्नाइसौं बुद्ध हुन् । उनी मंगलको अवतार थिए । उनको जन्म बैभर नगरमा भएको थियो । उनको पिताको नाम उदयन र माताको नाम सुस्पर्षा थियो । उनको कोकनद, कोक र सुत्पल नामक तीनवटा प्रासादहरू थिए । उनको पत्नीको नाम सौमनस्या र पुत्रको नाम अनुपम थियो । उनले गृह त्याग गरी दश महिनासम्म तपस्या गरी बोधि लाभ गरे । उनको सम्बल, सुमित्र, रेवत, शिवला सुरमा नामक उपस्थकहरू थिए ।

सुगति – ना० मृत्यु पछिको सुखद समय ।

सुखवती– ना० बौद्धदर्शन अनुसार मुत्य भए पछि प्राप्त हुने सुखवती धाम, बुद्धक्षेत्र, मोक्ष आदि ।

सुगन्धम्– ना० धूप्, दीप्, नैवेद् आदिबाट प्राप्त हुने उत्कृष्ट सुगन्ध आदि ।

सुजाता– ना० बुद्ध गयामा भिक्षु गौतमलाई खीर दान गरेपछि उनले बुद्धत्व प्राप्त गरेको हुन् । सुजाता बुद्ध शासनको एघारौँ अहर्त र धर्मपाल थिइन् ।

सुबिनिश्चित– ना० सबै कुरा निश्चित भएको अवस्था ।

सुमन–ना० बुद्धबंश अनुसार सुमन नवौं बुद्ध हुन् । उनी नाग राजाको अवतार थिए । उनको जन्म मेखलपुर नगरमा भएको थियो । उनको पिताको नाम सुद्धत्त क्षेत्रिय र माताको नाम सिरिमा थिइन । उनको चन्द्र सुचन्द्र र अवंतस नामक तीनवटा प्रासादहरू थिए । अवंतसिका नामक रानी र पुत्रको नाम अनुपम थियो । उनले पनि बृद्ध, रोगी, मृत शरीर आदि निमित्त कारणहरू देखेर प्रर्वजित भएका थिए । उनले दश महिनासम्म तपस्या गरेर बोधि लाभ गरेका थिए । उनको शरण, अमित उदय, सोणा नामक उपस्थक थिए ।

सुमेध–ना० बुद्धबंश अनुसार सुमेध पन्ध्रौँ बुद्ध हुन् । उनी उत्तरोको अवतार हुन् । उनको जन्म सुर्दशन नगरमा भएको थियो । उनको पिताको नाम सुद्धत्त र माताको नाम सुद्धता थियो । उनको सुचन्द्र, कञ्चन र श्रीबृद्धि नामक तीनवटा प्रासादहरू थिए । उनको पत्नीको नाम सुमना र पुत्रको नाम पुनर्बसु थियो । उनले गृह त्याग गरी पाँच महिना तपस्या गरी बोधि लाभ गरे । उनको शरण, सर्वकर्म, उरुवेल, यशस्वी, रामा सुरमा, यशोधरा र

सिरिमा नामक उपस्थकहरू थिए।

सूत्र– ना० माला, चाबि, बिधान, तरिका, प्रणली वा एकमुष्ट आदि। शाक्यमुनि गौतम बुद्धले बुद्धत्व प्राप्त गरे पछि ४५ वर्षसम्म जम्बुद्वीपमा धर्मदेशना गर्नु भयो। यसरी एउटै बिषयमा बिभिन्न समयमा देशना गरेको विषयलाई प्रसँग मिलाएर एउटै मालामा उनेको वा अध्याय, परिच्छेद वा खण्डमा मिलाएर राखेकोलाई सूत्र भन्दछ।

स्फरण– ना० स्फरण हुनु।

स्वाहा– ना० समर्पण भाव आदि। देवताहरूको लागि अग्निमा हवन गर्दा उच्चारण गरिने मन्त्र स्वाहा।

हरिततारा– ना० राजकुमारी भृकुटी तिब्बतको राजा श्रोनचङ गोम्पासँग बिबाह भए पछि उनलाई हरिततारा (डोल्मा) को नामबाट परिचित। तिब्बतमा बौद्ध धर्मको प्रबर्तक।

हिदम्–ना० बज्रयानी परम्परा अनुसार स्थापना गरिने इष्टदेव वा कुलदेव वा धर्मपाल आदि।

हिनयान– ना० बुद्धदर्शनको पुरानो मौलिक यान।

हिमवत– ना० हिमाली क्षेत्र।

हेतु– ना० कारण, परिणाम र उपाएको सिद्धान्त।

हेतुवाद– ना० बुद्ध दर्शनको मूल कडि। कारण, परिणाम र उपाए खोज्न सक्ने बिधि वा सिद्धान्त।

ह्याङ्ग्रिब– ना० घोडाको टाउको मान्छेको शरीर भएको यक्ष हरूको शक्तिशाली राजा ।

त्रिकालदर्शी– बि० भूत, बर्तमान र भविष्य तीनै कालको बिषयमा जानकारी राख्न सक्ने योगी, अहर्त, आचार्य, काल्याणमित्र बोधिसत्व, महासत्व, ऋद्धिवान आदि ।

त्रिपिटक– ना० बुद्धबचन त्रिपिटक । यसमा सूत्र पिटक, अभिधम्म पिटक र विनय पिटक गरी तीनवटा पिटकहरू छन् । यसलाई बुद्धबचन त्रिपिटक भन्दछन् ।

त्रिरत्न– बि० सूत्र पिटक, अभिधम्म पिटक र विनय पिटकलाई त्रिरत्न भन्दछन् ।

नोटः पाली-संस्कृत-नेपाली शब्दार्थको हकमा यो ग्रन्थमा प्रयोग भएका पाली र संस्कृत शब्दहरूको पहिचानको लागि नाम बिशेषण र क्रियाको चिन्ह प्रयोग गरिएको छ । नामको लागि ना०, विशेषणको लागि बि० र क्रियाको लागि क्रि० प्रयोग गरिएको छ । विद्वानहरूले यो चिन्ह अनुसार प्रयोग गर्न हुन अनुरोध छ । ॐ बोधि मंगलम् ।

बुद्धजीवनीको यात्रा अविराल रहने छ । क्रमश ...

बुद्धम् शरणम् गच्छामि ।
धर्मम् शरणम् गच्छामि ।
संघम् शरणम् गच्छामि ।

# Reference websites:

1. www.buddhismlibrary.org
2. www.dharmatalk.net
3. www.dharmma.digital
4. www.tsemrimpoche.com
5. www.beprimitive.com
6. www.buddhanet.net
7. www.grantify.10
8. www.vimuttisukh.com
9. www.pdfdrive.com
10. www.learningramp.com
11. www.84000.com
12. www.dsbcproject.org
13. www.lotsawahouse.org
14. www.library.bdrc.10
15. www.dhammawheel.com
16. www.alo.org
17. www.learnreligions.com
18. www.chat.openai.com
19. www.thangigumba.org
20. www.lamachunbipasana.org
21. www.gurungbuddhism.org
22. www.fwb.org
23. www.dharmodayasabha.org
24. www.pariyatinepal.org
25. www.buddhistelibrary.org many more..

# सन्दर्भ पुस्तकहरूः


१. दीर्घनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय, अंगुत्तरनिकाय खुद्दकनिकाय, खुद्दकपाठ, धम्मपद, उदान, इतिबृत्तक, सुत्तनिपात बिमानबत्थु, पेतबत्थु, थेरगाथा, थेरीगाथा, जातककथा महानिद्देस, चुल्लनिद्देस, पटिसम्मिदामग्ग, उपदान, बुद्धवंश चरियपिटक, पारजिकाकापाली, पचित्तियपाली, महाबग्गपाली चुल्लबग्गपाली, परिवारपाली, सुत्तबिभंग, खन्धक, धम्मसं गाणिपाली, बिभंगपाली, धातुकथापाली, पुग्गलपञ्चत्ति, कथाबत्थु पाली, यमकपाली र पठानपाली आदि ।

२. बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल), इन्कले डिजीटल प्रणालीद्वारा प्रकाशित गरेका ग्रन्थहरू अहिले पेपर बेसमा पनि उपलब्ध छन् । ती पुस्तकहरू–

१. बिडीएलग्रन्थ बुद्धजीवनी मूलग्रन्थः १

२. बिडीएलग्रन्थ धम्मपद मूलग्रन्थः २

३. बिडीएलग्रन्थ दैनिक पूजा प्रार्थना मूलग्रन्थः ३

४. बिडीएलग्रन्थ सूत्रसंग्रह मूलग्रन्थः ४

५. बिडीएलग्रन्थ प्रज्ञापारमिता मूलग्रन्थः ५

६. बिडीएलग्रन्थ गुरुङ बुद्धिजम मूलग्रन्थः ६

७. बिडीएलग्रन्थ पुनर्जन्म बौद्ध साहित्य मूलग्रन्थः ७

८. बिडीएलग्रन्थ जातकसंग्रह ग्रन्थः १

९. बिडीएलग्रन्थ जातकसंग्रह ग्रन्थः २

१०. बिडीएलग्रन्थ बौद्ध जातक संग्रह मूलग्रन्थः १०

११. बिडीएलग्रन्थ बिडीएल परिचय मूलग्रन्थः ११

१२. बिडीएलग्रन्थ पाली-संस्कृत-नेपाली शब्दकोषः १२